कार्यमूलक लेखापरीक्षण प्रतिवेदन
२०७९

(महालेखापरीक्षकको साठिऔँ वार्षिक
प्रतिवेदनसँग सम्बन्धित)



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

कार्यमूलक लेखापरीक्षण प्रतिवेदन, २०७९

(महालेखापरीक्षकको साठिऔं वार्षिक
प्रतिवेदनसँग सम्बन्धित)



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

प्राक्कथन



नेपालको संविधान र लेखापरीक्षण ऐन, २०७५ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सरकारी कार्यालय र पूर्ण स्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट अन्तिम लेखापरीक्षण हुने व्यवस्था छ । यस कार्यालयले सम्वत् २०३७ देखि कार्यमूलक लेखापरीक्षण, सम्वत् २०६८ देखि सूचना प्रविधिको लेखापरीक्षण र सम्वत् २०६९ देखि वातावरणीय लेखापरीक्षण समेत गर्दै आएको छ । कार्यमूलक लेखापरीक्षणबाट सार्वजनिक स्रोतको प्राप्तिदेखि प्रयोगसम्मका क्रियाकलापहरूको मूल्याङ्कन गरी लक्ष्य र उपलब्धीबीच विश्लेषणात्मक लेखाजोखा गरिन्छ । यसमा स्रोत साधनको प्राप्ति र उपयोगमा मितव्ययिता, कार्यदक्षता र आयोजना/कार्यक्रमको प्रभावकारिता विचार गरी प्रतिवेदन गरिन्छ । न्यूनतम लागत र समयमा तोकिएको गुणस्तरको वस्तु वा सेवा प्राप्त भएको, निश्चित स्रोत साधनको उपयोगबाट अधिकतम उपलब्धी हासिल भएको र निर्धारित उद्देश्य अनुसार कार्यसम्पादन भएको सुनिश्चित गर्ने कार्य पनि कार्यमूलक लेखापरीक्षणबाट गरिन्छ ।

यस पुस्तिकामा ६ विषयको कार्यमूलक, १ विषयको वातावरणीय, १ विषयको सूचना प्रविधि समेत समावेश गरेर लेखापरीक्षणको अन्तिम प्रतिवेदनहरू तयार गरिएको छ । सरकारको प्राथामिकता क्षेत्र,, विषयको गाम्भीर्यता, बजेटको आकार, सार्बजनिक सरोकार र जनचासोकोका विषय, सञ्चार माध्यममा आएका विषय, नेपाल सरकार र द्विपक्षीय/वहुपक्षीय साझेदारबीच भएका सम्झौता र सरोकारवालाले देखाएको चासोलाई महत्व दिई प्राथामिकताका आधारमा विषय छनौट गरी कार्यमूलक लेखापरीक्षण सम्पन्न गरिएको छ। यस वर्ष सार्वजनिक खर्च व्यवस्थापन, सार्वजनिक ऋण व्यवस्थापन, योजना छनौट, प्राथामिकीकरण र विनियोजन, निर्णय तहमा महिला सहभागिता, सरकारी सेवालाई अनलाइन मार्फत प्रवाह गर्ने कार्यक्रम, दूरसञ्चार पूर्वाधार व्यवस्थापन, बहुपक्षीय वातावरणी सम्झौता कार्यान्वयन, व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली विषयको सम्बन्धमा देखिएका ब्यहोराहरु उजागर गरी समाधानका लागि व्यवहारिक सुझाव समेत प्रस्तुत गरिएको छ । कार्यमूलक, वातावरणीय र सूचना प्रविधि लेखापरीक्षण प्रतिवेदनमा प्रस्तुत सुझाव कार्यान्वयनबाट स्रोत र साधनको कुशल व्यवस्थापन भई निकायहरूको कार्यसम्पादनमा प्रभावकारिता अभिवृद्धि हुनुका साथै सम्बन्धित क्षेत्रमा सकारात्मक प्रभाव पर्ने विश्वास लिएको छु ।

कार्यमूलक, वातावरणीय र सूचना प्रविधि लेखापरीक्षण गर्न प्राविधिक ज्ञान, विश्लेषणात्मक क्षमता, पर्याप्त समय तथा स्रोत साधनको आवश्यकता पर्दछ । यसका साथै लेखापरीक्षणमा तथ्याङ्कको विश्लेषण, प्रश्नावली, सर्वेक्षण, स्थलगत निरीक्षण, सरोकारवालासँग सामूहिक छलफल, अन्तरवार्ता जस्ता विधिको प्रयोग गरिएको छ । साथै दुई विषयमा नागरिक समाजका संस्थाहरुलाई समेत संलग्न गराइएको थियो । लेखापरीक्षण कार्यान्वयनमा सहयोग गर्नुहुने सम्बन्धित निकायका पदाधिकारीहरू, नागरिक समाजका प्रतिनिधिहरू, लेखापरीक्षण कार्यमा संलग्न हुने कार्यालयका कर्मचारी, विषयविज्ञ परामर्शदाता तथा सम्बद्ध सबैमा धन्यवाद व्यक्त गर्दछु ।

(टंकमणि शर्मा दंगाल)
महालेखापरीक्षक

विषय-सूची

क्र.स.	विषय	पेज नं.
	कार्यमूलक लेखापरीक्षणको उद्देश्य, क्षेत्र तथा विधि	I-VIII
	कार्यमूलक लेखापरीक्षण	
१.	सार्वजनिक ऋण व्यवस्थापन	
२.	सार्वजनिक खर्च व्यवस्थापन	
३.	आयोजना छनौट, प्राथमिकिकरण र विनियोजन	
४.	निर्णय तहमा महिला सहभागिता	
५.	सरकारी सेवालाई अनलाइन मार्फत प्रवाह गर्ने कार्यक्रम	
६.	दुरसञ्चार पूर्वाधार व्यवस्थापन	
	वातावरणीय लेखापरीक्षण	
७.	बहुपक्षीय वातावरणीय सम्झौताको कार्यान्वयन	
	सूचना प्रविधि लेखापरीक्षण	
८.	व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली	

कार्यमूलक लेखापरीक्षणको उद्देश्य, क्षेत्र तथा विधि

१. **कानूनी आधार** - नेपालको संविधानको धारा २४१ बमोजिम महालेखापरीक्षकले संघ, प्रदेश र स्थानीय तह तथा कानूनद्वारा तोकिएका अन्य संस्थाको नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेत बिचार गरी लेखापरीक्षण गर्ने र धारा २९४ बमोजिम राष्ट्रपतिसमक्ष वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । नेपालको संविधान, २०१९ को तेस्रो संशोधन २०३७ पश्चात महालेखापरीक्षकको कार्यालयबाट कार्यमूलक तथा बिशेष लेखापरीक्षण हुँदै आएको छ । कार्यमूलक लेखापरीक्षणको विधि तथा पद्धति अपनाई सम्वत् २०६८ देखि सूचना प्रविधि लेखापरीक्षण र सम्वत् २०६९ देखि वातावरणीय लेखापरीक्षण शुरु गरी निरन्तरता दिइएको छ ।

लेखापरीक्षण ऐन, २०७५ को दफा ५ मा समेत महालेखापरीक्षकले कार्यमूलक, वातावरणीय र सूचना प्रविधि विषयको लेखापरीक्षण गर्ने व्यवस्था उल्लेख छ । सोही ऐनमा महालेखापरीक्षकले लेखापरीक्षण गर्ने तरिका, क्षेत्र, परीक्षण गर्ने कुराहरू उल्लेख गरेको छ । उक्त व्यवस्था बमोजिम यो वर्ष ६ विषयको कार्यमूलक, १ विषयको वातावरणीय, १ विषयको सूचना प्रविधि लेखापरीक्षण प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पठाइएको छ । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरालाई महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । कार्यमूलक, वातावरणीय र सूचना प्रविधि लेखापरीक्षणका पूर्ण प्रतिवेदनहरूलाई समेटी यो सँगालो तयार गरिएको छ ।

२. **लेखापरीक्षणको उद्देश्य** - कार्यालयबाट सञ्चालन गरिने कार्यमूलक लेखापरीक्षण, वातावरणीय र सूचना प्रविधि लेखापरीक्षणको उद्देश्य देहायबमोजिम रहेको छः

कार्यमूलक	वातावरणीय	सूचना प्रबिधि
सार्वजनिक निकायहरु र सो बाट सञ्चालन गरिने योजना, कार्यक्रम र क्रियाकलापहरुमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता सम्बन्धमा स्वतन्त्र र बस्तुनिष्ठ परीक्षण गरी सुशासन, जवाफदेहिता र पारदर्शीता प्रबर्द्धनमा योगदान पुऱ्याउनु कार्यमूलक लेखापरीक्षणको उद्देश्य रहेको छ ।	नेपाल पक्ष भएका बहुपक्षीय वातावरणीय सम्झौताको अभिलेखीकरण, सिर्जित दायित्वलाई नीतिगत, कानूनी, संरचनागत र सञ्चालनगत व्यवस्थाहरु मार्फत कार्यान्वयन भए नभएको सम्बन्धमा मूल्याङ्कन गरी सुधारका क्षेत्रहरु समेटिएको लेखापरीक्षण प्रतिवेदन दिनु वातावरणीय लेखापरीक्षणको उद्देश्य रहेको छ ।	सार्वजनिक निकायको सूचना प्रविधिसम्बन्धी पूर्वाधार, सूचना प्रविधि नीति, सूचना प्रविधि प्रणाली र यसको सुरक्षा जोखिम, सफ्टवेयरको पर्याप्तता, नियन्त्रण व्यवस्था, सूचना तथा तथ्याङ्क व्यवस्थापन प्रक्रियामा प्रचलित कानूनको पालनाको परीक्षण एवं मूल्याङ्कन गर्नु सूचना प्रविधि लेखापरीक्षको उद्देश्य रहेको छ ।

३. **लेखापरीक्षणको क्षेत्र** - लेखापरीक्षणको लागि मूलतः ३ देखि ५ वर्षको विषयसँग सम्बन्धित सूचना एवं तथ्याङ्क बिश्लेषण गरिएको छ । लेखापरीक्षण गर्दा निकाय, आयोजना, कार्यक्रम र विषयसँग सम्बन्धित क्रियाकलापहरुको गहनता, कार्य प्रकृति, जोखिम र लेखापरीक्षणबाट योगदान पुर्‍याउन सकिने सम्भावनालाई दृष्टिगत गरी कार्यालयबाट गरिने कार्यमूलक, वातावरणीय र सूचना प्रविधि लेखापरीक्षणमा देहायका क्षेत्रहरू समेटिने गरेको छ :

कार्यमूलक	वातावरणीय	सूचना प्रविधि
• कार्यालय/निकायहरूको उद्देश्य र कार्यक्रम अनुसारको लक्ष्य र	• वातावरण सम्बन्धी नीति, ऐन, नियमको पालना,	• सूचना प्रणाली नीति, • सूचना प्रणालीको सञ्चालन

कार्यमूलक	वातावरणीय	सूचना प्रविधि
उपलब्धि, • कार्यालयको उद्देश्य, नीति र सो अनुरुपको कार्य, • कार्यालयको कार्य प्रकृति अनुसार सेवा प्रवाहको उपयुक्तता र प्रभावकारीता, • कार्यक्रम अनुसार निर्धारित समयभित्र प्रगति हासिलको अवस्था, • लागतको तुलनामा प्राप्त प्रतिफलको अवस्था • कार्यक्रम कार्यान्वयनमा लागत, लाभ स्थितिको प्रभावकारीता, • निर्धारित समयमा कार्यक्रम/आयोजना सम्पन्न भई प्रतिफल प्राप्तिको अवस्था, • भौतिक, वित्तीय, एवं जनशक्ति स्रोतको अधिकतम परिचालन, • स्रोतको प्राप्ति एवं उपयोगमा मितव्ययिता, • निकाय, कार्यक्रम तथा योजनाको दिगो सञ्चालन, • दिगो विकासका लक्ष्यहरु, • अनुगमन एवं मूल्याङ्कन प्रणाली, • अपेक्षित उपलब्धी र परिणाम ।	• वातावरण संरक्षण, सम्बर्धन सम्बन्धी कार्यक्रम, योजना, क्रियाकलापहरुको कार्यान्वयन, • सार्वजनिक निकायहरुले काम कारबाही, कार्यक्रम, क्रियाकलाप, योजनाहरु सञ्चालन गर्दा परेको वातावरणीय प्रभाव, • नकारात्मक प्रभाबलाई न्यून गर्ने उपायको अबलम्बन • अन्तराष्ट्रिय वातावरण संरक्षण सन्धी तथा सम्झौताहरुको कार्यान्वयन, • जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धि, • जैविक विविधता महासन्धि, • रामसार महासन्धि ।	व्यवस्था, • हार्डवेयर एवं तथ्याङ्क व्यबस्थापन, • सूचनाको विश्वसनियता, • सूचनाको प्रभावकारिता, • एप्लीकेशन प्रणालीको उपयुक्तता, • सफ्टवेयरको प्रभावकारीता, • सूचना प्रणालीको दक्षता र गोप्यता, • सूचनाको निष्पक्षता एंव निष्ठा, • नियमितता, • जनशक्तिको दक्षता, जागरुकता, • सूचना प्रविधि पूर्वाधारको स्थिति र निकायले प्रयोग गरेको सफ्टवेयरको उपयोगले सेवा प्रवाहमा परेको प्रभाव र सूचनाको सुरक्षा व्यवस्था ।

४. **लेखापरीक्षणको पद्धति** - कार्यमूलक, वातावरणीय र सूचना प्रविधि लेखापरीक्षण गर्दा विषयसँग सम्बन्धित रहेर प्रमुख रुपले प्रक्रियामूलक र नतिजामूलक पद्धति अवलम्बन गरिएको छ । कार्यालयहरुबाट सूचना सङ्कलन गर्न प्रश्नावली तयार तथा विवरण सङ्कलन गरिएको छ । नागरिक समाजसँगको संलग्नतामा अभिवृद्धि गर्ने कार्यलाई समेत प्राथमिकता दिइएको छ । लेखापरीक्षणको विषयगत उद्देश्य र क्षेत्र समेतलाई विचार गरी मूल्याङ्कनका लागि आवश्यक सूचना, निकायहरुबाट प्रकाशित विभिन्न प्रतिवेदन, विवरण आदिको माध्यमबाट जानकारी तथा तथ्याङ्क सङ्कलन गरी विश्लेषण गरिएको छ । प्राप्त सूचना, तथ्याङ्क, जानकारी र छलफलको आधारमा जोखिमको मूल्याङ्कन गर्ने र सोबाट तात्विक महत्वका विषयहरु पहिचान गरी त्यसको पर्याप्तता, सान्दर्भिकता, तात्विकता एवं विश्वसनीयताको परीक्षण गर्न अवलोकन, प्रश्नावली, सोधपुछ, सरोकारवालासंग छलफल, अन्तरवार्ता, विशेषज्ञको रायपरामर्श समेतको आधार लिईएको छ । निकायको कार्यसम्पादनमा देखिएका समस्या तथा चुनौतीको विश्लेषण एवं मूल्याङ्कन गरी सोही आधारमा सुधारका लागि सुझाव प्रस्तुत गरिएको छ। यसका लागि निम्नानुसारका प्रमाण सङ्कलनका विधि समेत प्रयोग गरिएको छ ।

- प्राथमिक तथा द्वितीय स्रोतबाट सूचना सङ्कलन र विश्लेषण,
- विद्यमान कानून र नीतिगत व्यवस्था, नियन्त्रण प्रणाली तथा कार्ययोजनाको विश्लेषण,
- प्रश्नावली सङ्कलन, अन्तरक्रिया, सरोकार समूह छलफल, अन्तरवार्ता, स्थलगत निरीक्षण, प्रतिवेदनहरुको अध्ययन, तथ्याङ्क, नीति तथा कार्य प्रगति विश्लेषण,
- साझेदार संस्था र निकायहरुसँग भएको सम्झौता र कार्यान्वयन,
- सरोकारवालासँगको छलफल र अन्तरक्रिया,

- स्थलगत अवलोकन र प्राविधिक विषयमा सम्बन्धित विशेषज्ञसँग परामर्श,
- छनौट भएका विषयमा विशेषज्ञबाट प्राप्त राय, सुझाव तथा प्रतिक्रिया,
- नागरिक समाजसँगको सहकार्य र पृष्ठपोषण,

५. **लेखापरीक्षणको प्रक्रिया** - कार्यालयले कार्यमूलक, वातावरणीय र सूचना प्रविधि लेखापरीक्षण गर्दा मुलभूत रूपमा लेखापरीक्षण योजना तयारी, लेखापरीक्षण कार्यान्वयन, प्रतिवेदन र अनुगमन समेतका चरणहरू सम्पन्न गर्ने गरिएको छ ।

कार्यालयले उपरोक्त चरणहरूमा कार्यहरू गर्दा छनौट गरिएका विषयसँग सम्बन्धित सूचनाहरू सङ्कलन, सूचनाहरूको अध्ययन, बिश्लेषण, जोखिम क्षेत्र पहिचान, लेखापरीक्षण योजना तयारी, प्रवेश बैठक, प्रश्नावली, अन्तरवार्ताबाट सूचना एवं सङ्कलित विवरणको अध्ययन बिश्लेषण, मस्यौदा प्रतिवेदन तयारी, मस्यौदा उपर बहिर्गमन बैठकमा दफावार छलफल, प्रतिवेदन जारी र प्रतिवेदनमा उल्लेख भएका सुझाव कार्यान्वयन गर्न प्राप्त प्रतिक्रिया समेतलाई विचार गरी आवश्यक कार्य गरिएको छ । कार्यमूलक लेखापरीक्षणको समग्र प्रक्रियालाई देहायको चित्रमा दर्शाइएको छ ।



५.१. **विषय छनौट** - कार्यालयले कार्यमूलक, वातावरणीय र सूचना प्रविधि लेखापरीक्षणको विषय छनौटका लागि सरकारको प्राथमिकता क्षेत्र, विषयको गाम्भीर्यता, बजेटको आकार, सार्वजनिक सरोकार वा जनचासो, सञ्चार माध्यममा आएका विषयका अतिरिक्त महालेखापरीक्षकको कार्ययोजना (२०७४-२०८०), नेपाल सरकार र विकास साझेदारबीच भएका सम्झौता, विकास साझेदारको अनुरोध, नागरिक समाजको सुझाव समेतलाई दृष्टिगत गरी उपयुक्त विषयहरुको सूची तयार गर्ने गरिएको छ । तयार गरिएका सूचीहरुलाई तात्विकता, विषयको महत्व, व्यवस्थापकीय कमजोरीहरु, लेखापरीक्षण कार्यान्वयनको सम्भाव्यता र प्रभाव आँकलन गरी अङ्क गणना गर्दा उच्च प्राथमिकता प्राप्त गर्ने विषयलाई स्रोत साधनको र आवश्यक हुनसक्ने स्वतन्त्र विज्ञ सेवाको उपलव्धता जस्ता तत्वहरुको वस्तुपरक मूल्याङ्कन गरी निकाय वा विषय छनौट गर्ने गरिएको छ ।

५.२. **जोखिम विश्लेषण तथा योजना तयारी** - कार्यमूलक, वातावरणीय र सूचना प्रविधि लेखापरीक्षणका लागि निकायको संगठन संरचना तथा कार्यप्रक्रिया सम्वन्धी जानकारी लिई अन्तर्निहित जोखिम पहिचान, नियन्त्रण वातावरण अध्ययन, कार्यविधिको जानकारी, सूचना सङ्कलन तथा बिश्लेषण, जोखिम क्षेत्र

पहिचान, सोको आधारमा लेखापरीक्षणको उद्देश्य र क्षेत्र निर्धारण त्यस अनुरूप लेखापरीक्षण प्रश्नावली तयार गरी प्रमाण सङ्कलनका विधि र पद्धति निर्धारण गरिएको छ। लेखापरीक्षण कार्यान्वयनलाई व्यवस्थित गर्न लेखापरीक्षण योजना र लेखापरीक्षण कार्यक्रम (अडिट डिजाईन म्याटिक्स) तयार गरिएको छ ।

५.३. **लेखापरीक्षण कार्यान्वयन -** लेखापरीक्षण कार्यान्वयनको सन्दर्भमा सम्बद्ध पक्षसँगको प्रवेश बैठक, सरोकारवालासँग छलफल, अन्तरवार्ता, स्थलगत अवलोकन र भौतिक परीक्षण गरी प्रमाण सङ्कलन गर्ने, प्रमाणको बिश्लेषण गरी कमीकमजोरी त्यसका कारण र परेको असर बिश्लेषण गरी यथार्थपरक र सान्दर्भिक सुझाव समेत तयार पारिएको मस्यौदा प्रतिवेदन उपर सम्बन्धित निकायका पदाधिकारीसँग बर्हिगमन बैठक गरी ब्यवस्थापनको सुझाव प्रतिक्रिया लिने कार्य गर्ने गरिएको छ।

५.४. **प्रतिवेदन -** कार्यमूलक, वातावरणीय र सूचना प्रविधि विषयको लेखापरीक्षण मस्यौदा प्रतिवेदन उपर सम्बन्धित निकायका पदाधिकारीसँग बर्हिगमन बैठक गरी ब्यवस्थापनको सुझाव तथा प्रतिक्रिया प्राप्त गरी त्यसको आधारमा लेखापरीक्षण प्रतिवेदन तयार गरिएको छ । प्रतिवेदनमा लेखापरीक्षणबाट देखिएको व्यहोरामा आधार (Criteria), अवस्था (Condition), कारण (Cause), प्रभाव (Consequence) र देखिएका कमी कमजोरीमा आगामी दिनमा सुधारका लागि व्यावहारिक सुझाव (Corrective Action) उल्लेख गरिएको छ।

५.५. **अनुगमन परीक्षण –** कार्यालयले कार्यमूलक लेखापरीक्षण प्रतिवेदन निकायलाई जारी गरे पश्चात निकायको कार्य प्रकृति र सुझावमा उल्लेखित विषयवस्तु समेतलाई दृष्टिगत गरी प्रतिवेदनले उठाएका विषयहरू र प्रतिवेदनका सुझावहरू कार्यान्वयनका लागि सम्बन्धित निकायबाट सुधार योजना माग गर्ने र सो उपर उपयुक्त समयमा अनुगमन गर्ने गरिएको छ ।

६. **मानदण्डको प्रयोग -** लेखापरीक्षणमा कार्यालयले जारी गरेको नेपाल सरकारी लेखापरीक्षणमान तथा कार्यमूलक, वातावरणीय लेखापरीक्षण मार्गदर्शनमा उल्लिखित बिधि र पद्धति अनुरुप कार्यमूलक लेखापरीक्षण निर्देशिका, २०६९ तथा वातावरणीय लेखापरीक्षण निर्देशिका प्रयोग गरिएको छ । साथै लेखापरीक्षणमा सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन इन्टोसाई (INTOSAI) ले जारी गरेको कार्यमूलक लेखापरीक्षणको सिद्धान्तहरु इसाई ३००, कार्यमूलक लेखापरीक्षण मानदण्ड इसाई ३०००, वातावरणीय लेखापरीक्षण र सूचना व्यवस्थासम्बन्धी इण्टोसाई मार्गदर्शनको परिपालना गर्ने प्रयास गरिएको छ । कार्यमूलक लेखापरीक्षण गर्दा सरोकारवालाहरूको संलग्नता (Stakeholder's Engagement) लाई निरन्तरता दिइएको छ ।

७. **लेखापरीक्षणको आधार -** कार्यमूलक लेखापरीक्षणको सन्दर्भमा सार्वजनिक निकायले योजना वा कार्यक्रम वा क्रियाकलाप सञ्चालनमा मितव्ययीता, कार्यदक्षता, प्रभावकारिताको सिद्धान्तको पालनाको मूल्याङ्कन, सूचना प्रविधि लेखापरीक्षणको सन्दर्भमा सार्वजनिक निकायको सूचना प्रविधिसम्बन्धी पूर्वाधार तथा सूचना प्रविधि प्रणाली र यसको सुरक्षा जोखिम, सूचना प्रविधिसम्बन्धी सम्पत्तिको सुरक्षा, नियन्त्रण व्यबस्थाको परीक्षण एवं मूल्याङ्कन र वातावरणीय लेखापरीक्षणको सन्दर्भमा सार्वजनिक निकायले अपनाउनु पर्ने वातावरणीय सुरक्षा व्यबस्था, वातावरणीय जोखिमहरुको व्यबस्थापन, वातावरणीय सुरक्षा व्यबस्थाको कार्यान्वयन, बातावरणमा परेको प्रभाव न्यूनीकरण गर्दा लिईने मापदण्डनै लेखापरीक्षणको आधार हो । लेखापरीक्षणको आधारको रुपमा लिईएका विषयहरु बारे लेखापरीक्षण प्रवेश बैठकमा सम्बन्धित पक्षसँग छलफल गरिएको छ । लेखापरीक्षणमा प्रमुख रुपले देहायका आधार लिईएको थियो ।

- विषयका सम्बन्धमा भएका कानूनी, संगठनात्मक, नीतिगत, सञ्चालनगत व्यवस्थाहरु र आवधिक योजना र वार्षिक नीति तथा कार्यक्रममा उल्लेख भएका विषयहरु,
- कार्यालयले विगतमा त्यस्तै लेखापरीक्षणमा प्रयोग गरेका आधार,
- विदेशी लेखापरीक्षण संस्थाबाट त्यस्तै लेखापरीक्षण गर्दा प्रयोग गरिएका आधार,
- लेखापरीक्षण गरिने निकायसँग मिल्दोजुल्दो प्रकृतिका क्रियाकलाप, कार्यक्रम सञ्चालन गर्ने स्थानीय एवं बैदेशिक संस्थाहरुले प्रयोगमा ल्याएका कार्यसम्पादन मापदण्ड,
- पेशागत निकायहरु र मापदण्ड निर्धारण गर्ने निकायहरुले प्रयोगमा ल्याएका कार्यसम्पादन मापदण्डहरु,
- सम्बन्धित कानून, निकायको कार्य सञ्चालन र कार्यविधि दिग्दर्शन र
- केन्द्रीय स्तरको निकायका नीति, मापदण्ड, आदेश र मार्गदर्शन ।

८. **कार्यालयबाट सञ्चालित लेखापरीक्षणको स्थिति -** लेखापरीक्षण ऐन, २०७५ को दफा ५ मा कार्यमूलक, वातावरण र सूचना प्रविधि विषयको लेखापरीक्षण गर्नसक्ने व्यवस्था अनुरूप यस वर्ष कार्यालयबाट कार्यमूलक ६, वातावरणीय १ र सूचना प्रविधि १ विषयको लेखापरीक्षण सञ्चालन गरिएको छ । यस वर्ष सञ्चालित लेखापरीक्षणको स्थिति देहायबमोजिम छ :

८.१. **कार्यमूलक** - यो वर्ष कार्यालयबाट अर्थ मन्त्रालयको कार्यक्षेत्र अन्तर्गत ३, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको कार्यक्षेत्र अन्तर्गत १ र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको कार्यक्षेत्र अन्तर्गतका २ विषयहरूको कार्यमूलक लेखापरीक्षण गरिएको छ । कार्यमूलक लेखापरीक्षण विवरण अनुसूची-१ मा संलग्न गरिएको छ ।

८.२. **वातावरणीय लेखापरीक्षण -** विगत वर्षहरुमा जस्तै यस वर्षपनि वातावरणीय लेखापरीक्षणलाई निरन्तरता दिइएको छ । यस वर्ष वन तथा वातावरण मन्त्रालय अन्तर्गतको बहुपक्षीय वातावरणीय सम्झौताको कार्यान्वयन विषयको वातावरणीय लेखापरीक्षण सम्पन्न गरिएको छ ।

८.३. **सूचना प्रविधि लेखापरीक्षण -** यस वर्ष गृह मन्त्रालय अन्तर्गत व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सूचना प्रणाली विषयमा सूचना प्रविधिको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

९. **लेखापरीक्षणमा नागरिक सहभागिता -** लेखापरीक्षणलाई पारदर्शी बनाउन र लेखापरीक्षणको प्रभावलाई बढाउन लेखापरीक्षणको विषय छनौटदेखि स्थलगत अवलोकन, लक्षित समूह छलफल, प्रमाण सङ्कलन कार्यहरूमा नागरीक संस्थाका प्रतिनिधिहरूलाई सहभागि गराउने कार्यलाई यो वर्ष पनि निरन्तरता दिइएको छ । यो वर्ष सरकारी सेवालाई अनलाइन मार्फत प्रवाह गर्ने कार्यक्रम, निर्णय तहमा महिला सहभागिता र आयोजना छनौट, प्राथामिकिकरण र विनियोजन विषयको लेखापरीक्षण कार्यान्वयनमा नागरिक समाजका प्रतिनिधीहरूलाई सहभागी गराइएको छ। कार्यमूलक लेखापरीक्षणमा नागरिक समाजको सहभागिता गराउन सहभागितात्मक लेखापरीक्षण कार्यविधि, २०७३ मा उल्लेखित प्रक्रिया अवलम्बन गरी सुशासन, वित्तीय अुनशासन, सशक्तिकरण अभियान लगायतका क्षेत्रमा कार्यरत नागरिक तथा संस्थाहरु छनौट गरिएको थियो । लेखापरीक्षणमा नागरिक सहभागिताले जाखिम क्षेत्र पहिचान गर्न तथा प्रतिवेदनको पैरवी तथा सोको कार्यान्वयनमा सहयोग पुगी लेखापरीक्षणको प्रभाव अभिवृद्धिमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

१०. **जनशक्ति परिचालन -** कार्यालयमा कार्यमूलक लेखापरीक्षण महानिर्देशनालय अन्तर्गत कार्यमूलक, वातावरणीय र सूचना प्रविधि लेखापरीक्षणको समन्वय एवं सञ्चालन गर्ने गरेको छ । यी लेखापरीक्षणहरूमा संलग्न हुने कर्मचारीमा सो कार्य उचित तबरबाट सम्पादन गर्न सक्ने उपयुक्त सीप

र सक्षमता हुनुपर्दछ । उपयुक्त प्राविधिक तालिम, अनुभव र प्रविणता प्राप्त एवं उपयुक्त स्तरको पेशागत सीप र दक्षता प्राप्त व्यक्तिहरुबाट उपरोक्त लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ । लेखापरीक्षण टोलीको गठन गर्दा उपलब्ध जनशक्तिको सीप, क्षमता, संख्या, कार्यबोझ र बिशेषज्ञता जस्ता विषयहरुका आधारमा निर्देशकको नेतृत्वमा रहने गरी लेखापरीक्षण अधिकारी, लेखापरीक्षण अधिक्षक कर्मचारीहरुको टोली बनाई खटाइएको थियो । कार्यमूलक लेखापरीक्षणमा संलग्न जनशक्तिको विवरण अनुसूची-२ मा संलग्न गरिएको छ ।

११. **लेखापरीक्षणको सीमा** - आवश्यक सूचना, अभिलेख, विवरणको लागि निकायसँगको निर्भरता, कतिपय विषयहरुको लागि समय पर्याप्त नहुनु, लेखापरीक्षणको लागि उपलव्ध समयसीमा, जनशक्ति, छोटो स्थलगत अवलोकन भ्रमण, सीमित स्रोत साधन समेतले लेखापरीक्षणको विषय छनौट देखि लेखापरीक्षणको विधि एवं पद्धति छनौटको दायरालाई सीमित गरेको छ ।

१२. **गुणस्तर नियन्त्रण र आश्वस्तता** - कार्यमूलक, वातावरणीय र सूचना प्रविधि लेखापरीक्षणको गुणस्तर कायम गर्न लेखापरीक्षणको प्रत्येक चरणहरु योजना तर्जुमा, योजना कार्यान्वयन र प्रतिवेदन तयारीको उच्च तहबाट सुपरीवेक्षण गरिएको छ । त्यसैगरी लेखापरीक्षण योजना र लेखापरीक्षणका प्रतिवेदन जारी गर्नुपूर्व सम्बन्धित मानदण्डको पालना सम्बन्धमा पुनराबलोकन गरिएको छ। लेखापरीक्षण प्रतिवेदन जारी भएपछि लेखापरीक्षण गुणस्तर आश्वस्तता निर्देशिका बमोजिम माननीय महालेखापरीक्षकबाट गठन गरिने स्वतन्त्र समितिबाट लेखापरीक्षण गुणस्तर आश्वस्तता मूल्याङ्कन गरिने व्यवस्था छ ।

१३. **सुझाउ कार्यान्वयनको अनुगमन** - अनुगमन लेखापरीक्षण लेखापरीक्षणको अभिन्न अङ्गको रुपमा रहेकोले विषयवस्तुको महत्व, गाम्भिर्यता र उपलब्ध साधन तथा स्रोतलाई विचार गरी अनुगमन लेखापरीक्षण समेत गर्ने गरिएको छ।

१४. **लेखापरीक्षणका समस्या** - कार्यमूलक, वातावरणीय र सूचना प्रविधि लेखापरीक्षण कार्यान्वयनमा देहायका विषयहरू समस्या एवं चुनौतीका रुपमा रहेका छन :

१४.१. कार्यमूलक, वातावरणीय र सूचना प्रविधि लेखापरीक्षण प्राविधिक प्रकृतिको भएकोले परीक्षणमा संलग्न हुने जनशक्तिको योग्यता, सीप, दक्षता, रचनात्मक प्रतिभाका साथै प्रविधिक ज्ञानको अभिवृद्धिका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिम, अध्ययन एवं क्षमता विकास कार्यक्रमको लागि स्रोतको कमी रहेको छ।

१४.२. कार्यमूलक लेखापरीक्षणका लागि अन्य लेखापरीक्षणभन्दा थप परिश्रम, अध्ययन, लगनशीलता आवश्यक पर्ने भएकोले पर्याप्त उत्प्रेरणासम्बन्धी व्यवस्था नहुँदा कर्मचारीहरु यस लेखापरीक्षणको लागि प्रेरित नहुने अवस्था देखिएको छ ।

१४.३. निकायहरूमा पुराना सूचना, अभिलेख तथा अद्यावधिक डेटावेस नहुँदा लेखापरीक्षणको लागि उपयुक्त, पर्याप्त र सम्बन्धित सूचना र सत्यतथ्य सहितको जानकारी प्राप्त नभएबाट तत्सम्बन्धी व्यहोराहरुको यथार्थ अवस्था चित्रण गर्न चुनौती रहेको छ ।

१४.४. निकायहरूमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता सम्बन्धी सूचकहरू नहुँदा स्रोतको प्राप्ति, उपयोग र उपलव्धिमा उपर्युक्त सिद्धान्तको पालना सम्बन्धमा मूल्याङ्कनमा कठिनाई भएको छ ।

१४.५. उपर्युक्त लेखापरीक्षण प्रतिवेदनहरू समग्रतामा संघीय एवं सम्बन्धित संसदमा छलफल गरी कार्यान्वयन गर्ने निकायलाई निर्देशन दिने अभ्यास नभएबाट लेखापरीक्षणको प्रभावकारिता अभिवृद्धिमा चुनौती रहेको छ ।

१४.६. उपर्युक्त लेखापरीक्षण प्रतिवेदनहरूका सुझावहरूको कार्यान्वयनमा शिथिलता रहेकोले लेखापरीक्षणको प्रभावकारीता अभिवृद्धिमा चुनौती रहेको छ ।

१४.७. लेखापरीक्षणलाई पारदर्शी बनाउन र लेखापरीक्षणको प्रभावलाई बढाउन लेखापरीक्षणको विषय छनौट देखि प्रतिवेदन तयारी सम्मका क्रियाकलापहरूमा नागरिक संस्थाका प्रतिनिधिहरूलाई सहभागि गराउदै लगिएको भए तापनि उत्प्रेरणासम्बन्धी व्यवस्था नहुँदा नागरिक संस्थाहरू लेखापरीक्षणमा सहभागिताका लागि प्रेरीत नहुने अवस्था छ ।

१५. **सुधारका कार्यदिशा -** विगत केही वर्षदेखि लेखापरीक्षण गरिने विषयको संख्याभन्दा पनि गुणात्मक पक्षलाई प्राथमिकता दिएको छ । यसको लागि लेखापरीक्षण कार्यमा बाह्य विशेषज्ञहरु समेतको सेवा लिईएको छ । कार्यमूलक लेखापरीक्षणका सन्दर्भमा देखिएको चुनौती, समस्या र जटिलताहरुलाई सहज रुपमा पार लगाउन अपनाउनु पर्ने कार्यदिशा देहायमा प्रस्तुत गरिएको छ :

१५.१. लेखापरीक्षणलाई स्रोत साधनयुक्त बनाई संलग्न लेखापरीक्षक र नागरिक संस्थाहरूलाई उत्प्रेरित गर्न कार्यमूलक, वातावरणीय र सूचना प्रविधि लेखापरीक्षण गरिने प्रत्येक विषयहरुको लागि छुटै बजेटको व्यवस्था गरी हरेक विषयलाई आयोजनाको अवधारणाको रुपमा सञ्चालन गर्नु पर्दछ ।

१५.२. लेखापरीक्षण प्रतिवदेनले सुधारका लागि सुझाव प्रस्तुत गरेको छ । सुझावहरुको कार्यान्वयन गर्ने दायित्व सम्बन्धित निकायको हो । ब्यवस्थापन पक्षसँगको छलफल, अन्तरक्रियाबाट तयार गरिएको सुझावहरुको कार्यान्वयनबाट कार्यसम्पादनमा सकारात्मक प्रभाव पर्ने भएकोले सम्बन्धित निकायहरूबाट प्रतिवदेनले औल्याएका सुझावहरू कार्यान्वयन गर्नुपर्दछ ।

१५.३. कार्यमूलक, वातावरणीय र सूचना प्रविधि लेखापरीक्षणका पूर्ण प्रतिवेदनहरू संघीय एवं सम्बन्धित संसदमा छलफल गरी सम्बन्धित निकायलाई लेखापरीक्षणका सुझावहरू कार्यान्वयनका लागि निर्देशन दिने व्यवस्था हुनु पर्दछ ।

१५.४. अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप गुणस्तरीय र विश्वसनीय लेखापरीक्षण सम्पन्न गर्न कार्यरत जनशक्तिको सीप, क्षमता, विकास गर्न सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (INTOSAI) र एशियाली संगठन (ASOSAI) का सदस्य राष्ट्रहरुबीच अनुभव आदान प्रदान गर्न, राष्ट्रिय, अन्तर्राष्ट्रिय तालिम तथा अवलोकनको व्यवस्थाका लागि नियमित रूपमा स्रोत व्यवस्था गर्नु पर्दछ ।

१५.५. निकायहरूले कार्यप्रकृति अनुरूप मितव्ययिता, कार्यदक्षता र प्रभावकारितासँग सम्बन्धित कार्यसम्पादन सूचकाङ्कको निर्धारण गरी कार्यान्वयन गर्नुपर्दछ ।

संघीय संसदको प्रतिनिधि सभा र प्रदेश सभाको सार्वजनिक लेखा समिति, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, प्रदेश सरकार र स्थानीय तह समेतको सहयोगमा माथि उल्लेखित कार्यदिशा कार्यान्वयन हुनसकेमा सार्वजनिक निकायहरूमा मितव्यिता, कार्यदक्षता र प्रभावकारिताको सिद्धान्तको पालना हो र सोबाट पारदर्शीता र जवाफदेहिता अभिवृद्धि भई सार्वजनिक निकायहरुबाट सेवा प्रवाह लगायतका विषय क्षेत्रगत दायित्व निर्वाह गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ ।

सार्वजनिक ऋण व्यवस्थापन

परिच्छेद - १

परिचय

१. **पृष्ठभूमि** – अर्थतन्त्रलाई गतिशील बनाउन, विकासका आवश्यकता पुरा गर्न तथा देशको सामाजिक र आर्थिक आवश्यकता परिपूर्ति गर्नवित्तीय स्रोतको रुपमा राजश्व, अनुदान र सार्वजनिक ऋणको उपयोग भएको हुन्छ । वित्तीय स्रोत परिचालन गर्ने क्रममा सानो आकारको कूल ग्राह्यस्थ उत्पादन र संकुचित कराधार भएको नेपालको परिवेशमा सार्वजनिक ऋण व्यवस्थापन कार्य महत्वपुर्ण जिम्मेवारीको विषयको रुपमा रहेको छ।नेपालमा बजेट प्रणालीको सूरुवात वि.सं. २००८ साल देखि भए तापनि सरकारले न्यून वित्तीय आवश्यकता पूरा गर्न वि.सं. २०१८।१९ देखि आन्तरिक तथा वाह्य स्रोतबाट ऋण लिएको पाइन्छ । नेपाल सरकारले आर्थिक वर्ष २०७४।७५ देखि २०७८।७९ सम्म तर्जुमा गरेकोबजेट संरचना निम्नानुसार रहेको छ ।

बजेट संरचना

(रकम रु.करोडमा)

आर्थिक वर्ष	बजेटरकम	बजेटको स्रोत					
		राजश्व र अनुदान		आन्तरिक ऋण		बाह्य ऋण	
		रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत
२०७४।७५	१२७८९९	९१९९६	७१.९३	१४५००	११.३४	२१४०४	१६.७४
२०७५।७६	१३१५१६	८९०१३	६९.६०	१७२००	१३.४५	२५३०३	१९.७८
२०७६।७७	१५३२९७	१०३९१४	८१.२५	१९५००	१५.२५	२९८८३	२३.३६
२०७७।७८	१४७४६५	९५०१४	७४.२९	२२५००	१७.५९	२९९५०	२३.४२
२०७८।७९	१६३२८२	१११०७४	८६.८५	२३९००	१८.६९	२८३०८	२२.१३

स्रोतः वार्षिक प्रतिवेदन, महालेखा नियन्त्रकको कार्यालय

पर्याप्त राजस्व परिचालन गर्न नसक्ने अल्प विकसित तथा विकासशील मुलुकहरुमा उच्च आर्थिक वृद्धि हाँसिल गर्न, भौतिक पूर्वाधार लगायत विकासका अन्यपूर्वाधारहरुको निर्माण गरी मुलुकमा आर्थिक समृद्धि हाँसिल गर्न सार्वजनिक ऋणकोउपयोग हुँदै आएको छ । सार्वजनिक ऋणको आवश्यकता विश्वका प्राय सवै आय स्तर भएका मुलुकहरुमा पर्ने गरेकोमा हाम्रो जस्तो अल्प विकसित मुलुकहरुका लागि यसको विशेष महत्व रहने गरेको छ । पर्याप्त राजस्व परिचालन गर्न नसक्ने अल्प विकसित तथा विकासशील मुलुकहरुमा उच्च आर्थिक वृद्धि हाँसिल गर्न, भौतिक पूर्वाधार लगायत विकासका अन्यपूर्वाधारहरुको निर्माण गरी मुलुकमा आर्थिक समृद्धि हाँसिल गर्न सार्वजनिक ऋणको उपयोग हुँदै गएको छ ।

२. **निकायगत व्यवस्था** - नेपालमा साविकमा ऋण व्यवस्थापन सम्बन्धी कार्य अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, राष्ट्रिययोजना आयोग र नेपाल राष्ट्रबैंकबाट सम्पादन हुदै आएकोमा एउटै निकायबाट सम्पादन हुनुपर्ने काम विभिन्न निकायबाट गर्नुपर्दा समन्वय गर्न समस्या भएको, कतिपय अवस्थामा निकायहरुसँग कार्यगत स्वार्थको द्वन्दको अवस्था पनि आउने गरेको, फरक फरक निकायबाट कार्यसम्पादन गरिदा लागत खर्च वढेको, कार्यसम्पादनमा ढिलाई हुने गरेको जस्ता कमि कमजोरी हटाई सार्वजनिक ऋणको व्यवस्थापनमा प्रभावकारिता ल्याउन वि.स. २०७५।३।२० मा सार्वजनिक ऋण

व्यवस्थापन कार्यालयको स्थापना गरिएको छ । तथापी सार्वजनिक ऋणसँग सम्बन्धित व्यवस्थापन र कार्यसम्पादनमा माथि उल्लिखित निकायहरुको समेत कुनै न कुनै रुपमा संलग्नता हुने गरेको छ ।

आन्तरिक तथा वाह्य ऋण व्यवस्थापनको लागि अर्थ मन्त्रालयमा आर्थिक तथा नीति विश्लेषण महाशाखा र महालेखा नियन्त्रक कार्यालयमा ऋण तथा लगानी शाखाको व्यवस्था गरिएको छ । त्यसका अतिरिक्त आन्तरिक ऋण व्यवस्थापन गर्न नेपाल राष्ट्रबैंकमा मौद्रिक व्यवस्थापन विभाग रहेको छ । आन्तरिक ऋण र बैदेशिक ऋणको अभिलेख, भुक्तानी र लेखांकन गर्ने कार्य र सोको तयारी सम्बन्धी कार्य गर्ने तथा सार्वजनिक ऋण तथा लगानीको अध्ययन, अनुसन्धान र प्रकाशन गर्ने, आन्तरिक तथा बैदेशिक ऋण भुक्तानीका लागि बजेट तर्जुमा गर्ने एवं एकीकृत रूपमा सार्वजनिक ऋण व्यवस्थापन गर्ने उद्देश्यले नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयअनुसार मिति २०७५।३।२० गते सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको स्थापना भएको हो । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको काम, कर्तव्य र अधिकार देहायबमोजिम छन् :

(क) आयव्ययको प्रक्षेपण, बैकिङ्ग क्षेत्रको तरलता र समष्टिगत आर्थिक अवस्थाको विश्लेषण गरी प्रत्येक आर्थिक वर्षको लागि आवश्यक पर्न सक्ने सार्वजनिक ऋणको प्रक्षेपण गर्ने,

(ख) प्रक्षेपण गरिएको सार्वजनिक ऋणको व्यवस्थापन सम्बन्धमा अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन नीति तर्जुमा गर्ने,

(ग) सार्वजनिक ऋणको परिचालन गर्ने क्षेत्र पहिचान गर्ने,सार्वजनिक ऋण भुक्तानीको लागि आवश्यक बजेट प्रक्षेपण गर्ने,

(घ) सार्वजनिक ऋण सम्बन्धमा आवश्यक सूचना तथा तथ्यांक सङ्कलन गर्ने, अध्ययन, अनुसन्धान तथा अनुगमन गरी सोको विवरण प्रकाशन गर्ने,

(ङ) राष्ट्रिय योजना आयोगले गरेको सिफारिसको सीमाभित्र रही नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले लिने आन्तरिक ऋणको व्यवस्थापन गर्ने,

(च) नेपाल राष्ट्रबैङ्कसँगको समन्वयमा आन्तरिक ऋण निष्कासन तथा बोलकबोल तालिका अर्थ मन्त्रालयबाट स्वीकृत गराई कार्यान्वयन गर्ने,

(छ) ऋणपत्रको कारोबार तथा सरकारी जमानतको अभिलेख व्यवस्थापन गर्ने, जमानत शुल्क असुल गर्ने र जमानत सम्बन्धी सम्झौता प्राप्त गरी सोको अभिलेख अद्यावधिक गर्ने,

(ज) आन्तरिक ऋण व्यवस्थापनका लागि सरकारी ऋणपत्रहरूको निष्कासन गर्ने,बोलकबोल गराउने, रकम प्राप्त गर्ने, प्राप्त रकम नेपाल सरकार तथा प्रदेश सरकारको आन्तरिक ऋण खातामा जम्मा गर्ने,

(झ) वैदेशिक ऋणको अभिलेख, भुक्तानी र लेखाङ्कन गर्ने तथा सहायक ऋण सम्झौता गर्ने,

(ञ) नेपाल सरकारको तर्फबाट वित्तीय जमानत प्रदान गर्दा हुने वित्तीय जोखिमको पहिचान तथा विष्लेषण गरी अर्थ मन्त्रालयमा सिफारिस गर्ने

३. **नीतिगत व्यवस्था -** सार्वजनिक ऋण व्यवस्थापनसंग सम्बन्धित नीतिगत व्यवस्थाहरु निम्नानुसार छन्:

३.१. समष्टिगत आर्थिक स्थायित्व कायम गदै राष्ट्रिय पूर्वाधार र उत्पादनशील क्षेत्रमा सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य तथा सार्वजनिक ऋणको प्रभावकारी व्यवस्थापन गरी रोजगारी सिर्जना, राष्ट्रिय पुँजी निर्माण र

आर्थिक वृद्धिमा योगदानपुर्‍याउने उद्देश्यका साथपन्ध्रौं योजना (२०७६।७७-२०८०।८१) ले सार्वजनिक ऋण सम्बन्धमा देहायका रणनीति तथा कार्यनीति तय गरेको छः-

रणनीति	कार्यनीति
१.१. उच्च प्रतिफलयुक्त क्षेत्रमा सार्वजनिक ऋण परिचालन गर्ने ।	१.१.१ समष्टिगत आर्थिक स्थायित्व कायम हुने गरी सार्वजनिक ऋणको परिचालन तथा उत्पादनशील र पूर्वाधार निर्माणका क्षेत्रमा उपयोग गरिने । १.१.२ सार्वजनिक ऋण परिचालनका जोखिम न्यूनीकरण हुनेगरी उपयुक्त स्रोत पहिचान तथा ब्यवस्थापन गरिने । १.१.३ आन्तरिक स्रोत परिचालन, आयात ब्यवस्थापन र निर्यात प्रबर्द्धनमा योगदान पुग्ने गरी सार्वजनिक ऋणको परिचालन गरिने । १.१.४ बृहत् पूर्वाधार निर्माण र नेपाल सरकारले तोकेको क्षेत्र बाहेकका क्षेत्रमा परिचालन हुने ऋणमा सरकारी जमानत नदिने र जमानत नबस्ने नीति अङ्गीकार गरिने ।
१.२. सार्वजनिक ऋण ब्यवस्थापन सम्बन्धी नीतिगत, कानूनी र संरचनागत सुधार गर्ने ।	१.२.१ सार्वजनिक ऋण ब्यवस्थापन सम्बन्धी मध्यकालीन तथा दीर्घकालीन रणनीति तर्जुमा गरिने। १.२.२ सङ्घीय संरचना अनुरुप सार्वजनिक ऋणको परिचालन गर्न ऐन नियममा संशोधन गरी कानूनी आधारमा स्पष्ट गरिने। १.२.३ सार्वजनिक ऋण ब्यवस्थापन कार्यालयलाई आधुनिकसूचना प्रविधिमैत्री र अनुसन्धानात्मक बनाईने। १.२.४ सार्वजनिक ऋण परिचालनसम्बन्धी आधारहरुलाई समयानुकूल पुनरावलोकन तथा परिमार्जन गरिने।
१.३ संघीय प्रणाली अनुरूप सार्वजनिक ऋण ब्यवस्थापन सम्बन्धी उपकरण तथा स्रोतको विविधीकरण गर्ने ।	१.३.१ सरकारी ऋणपत्रमा लगानीकर्ताको आकर्षण बढाउन वित्तीय साक्षरता प्रवर्धन,प्रोत्साहनको व्यवस्था, सरकारी ऋणपत्रको उपकरणमा विविधीकरण र स्वचालित कारोबार संयन्त्रको विकास गरी दोस्रो बजारलाई सक्रिय बनाइने। १.३.२ वैदेशिक ऋण सम्बन्धी नवीनतम अवधारणा, स्रोत तथा उपकरणको सान्दर्भिकता अध्ययन गरी आवश्यकताको आधारमा परिचालन गरिने। १.३.३ प्रदेश र स्थानीय तहको आर्थिक सम्भावना र वित्तीय क्षमता, अपेक्षित प्रतिफलको आधारमा उपयुक्त उपकरण मार्फत सार्वजनिक ऋण परिचलना हुने व्यवस्था गरिने।

पन्ध्रौ योजनाले वार्षिक सार्वजनिक ऋण कुल गार्हस्थ उत्पादनको ४.३ प्रतिशतभित्र रहेको हुने र राष्ट्रिय प्राथमिकता प्राप्त पूँजी निर्माण तथा उत्पादनशील क्षेत्रमा सार्वजनिक ऋणको परिचालन भई उच्च आर्थिक वृद्धिमा योगदान पुगेको हुने अपेक्षा लिएको छ ।

३.२. आर्थिक वर्ष २०७६।७७, २०७७।७८ र २०७८।७९ को बजेट वक्तव्यमा सार्वजनिक ऋण सम्बन्धमा उल्लेख भएका नीति तथा कार्यक्रमहरु देहायबमोजिम छनः

- आर्थिक वर्ष २०७६।७७ को बजेट वक्तव्यको बूँदा नं.२८० मा वैदेशिक सहायता र ऋण परिचालन सम्बन्धी कार्यविधि तयार गरी लागु गरिने उल्लेख छ ।
- आर्थिक वर्ष २०७७।७८ कोबजेट बक्तब्यको बूँदा २९९ मा आगामी आर्थिक वर्षमा उठाइने आन्तरिक ऋणको रकम विकास खर्चमा मात्र विनियोजन गरिने,सार्वजनिक ऋणको लेखाङ्कन विद्युतीय प्रणाली मार्फत गर्ने व्यवस्था मिलाइने,सार्वजनिक ऋण सम्बन्धी मध्यकालीन रणनीति तर्जुमा गरिने र बूँदा नं.३१६मा आगामी आर्थिक वर्षको राजस्व परिचालन र वैदेशिक अनुदान तथा ऋण सहायता परिचालन गर्दा पनि नपुग हुने खुद रु.२ खर्ब २५ अर्ब आन्तरिक ऋणबाट व्यहोरिने छ भन्ने व्यवस्था छ।
- आर्थिक वर्ष २०७८।७९ कोबजेट वक्तव्यको बूँदा नं.४४५ मा सार्वजनिक ऋणलाई वाञ्छित सीमाभित्र राखिने, आन्तरिक ऋण विकास खर्चमा मात्र परिचालन गरिने र ऋणको रकमलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्ने नीति लिइएको छ ।

४. **कानूनी व्यवस्था** - नेपालको संविधानमा राज्यका नीतिहरु अन्तर्गत धारा ५१(घ)(११) मा वैदेशिक सहायता लिदा राष्ट्रिय आवश्यकता र प्राथमिकतालाई आधार बनाउदै यसलाई पारदर्शी बनाउने र वैदेशिक सहायताबाट प्राप्त रकम राष्ट्रिय बजेटमा समाहित गर्ने र सोही धाराको (घ) (१२) मा गैरआवासीय नेपालीहरुको ज्ञान, सीप, प्रविधि र पुँजीलाई राष्ट्रिय विकासमा उपयोग गर्ने विषय उल्लेख छ । त्यसैगरी संविधानको धारा ५७ को उपधारा ६ मा वैदेशिक सहायता र ऋण लिने अधिकार नेपाल सरकारको हुने र त्यस्तो सहायता वा ऋण लिंदा देशको समष्टिगत आर्थिक स्थायित्व हुने गरी लिनुपर्ने भन्ने व्यवस्था छ।

नेपालको संविधान २०७२ को धारा ५९(६) मावैदेशिक सहायता र ऋण लिने अधिकार नेपाल सरकारको हुने र त्यस्तो सहायता र ऋण लिँदा देशको समष्टिगत आर्थिक स्थायित्व हुने गरी लिनुपर्ने उल्लेख छ । त्यस्तै धारा ११५(२) मा कानूनबमोजिम बाहेक सरकारले ऋण लिन नमिल्ने उल्लेख छ। सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ को दफा ५(२) मा वैदेशिक ऋणको सीमा अघिल्लो आर्थिक वर्षको कुल गार्हस्थ उत्पादनको प्रचलित मूल्यमा कायम गर्दा हुने रकमको एक तिहाईमा नबढ्ने गरी ऋण लिन सक्ने व्यवस्था गरेको छ । यस व्यवस्था अनुसार वैदेशिक ऋणको सीमा १४ खर्ब २५ अर्ब ७६ करोड हुन आउँछ । राष्ट्र ऋण उठाउने विधेयक, २०७८ ले आर्थिक वर्ष २०७८।७९ को लागि आन्तरिक ऋणको सीमा रु.२ खर्ब ५० अर्वसम्म हुने गरी तोकेको छ । सार्वजनिक ऋण व्यवस्थापन सम्बन्धमा भएका अन्य कानूनी व्यवस्था निम्नानुसार रहेका छन् :

- नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४
- ऋण तथा जमानत ऐन, २०२५
- नेपालराष्ट्रबैंक ऐन, २०५८
- राष्ट्रऋण ऐन, २०५९ र राष्ट्रऋण नियमावली, २०५९
- आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
- सार्वजनिक ऋण व्यवस्थापन ऐन,२०७९ (प्रमाणीकरण २०७९ असोज २३)
- राष्ट्रऋण नियमावली, २०५९ (दोस्रो संशोधन)
- नेपाल राष्ट्र बैंक राष्ट्र ऋण व्यवस्थापन मार्गदर्शन, २०७४

५. **संगठन संरचना र जनशक्ति -** सार्वजनिक ऋण व्यवस्थापनको लागिअर्थ मन्त्रालयमा अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा, महालेखा नियन्त्रक कार्यालयमा बजेट कार्यान्वयन तथा शोधभर्ना शाखा र नेपाल राष्ट्रबैंकमा मौद्रिक व्यवस्थापन विभाग रहेकोमा हाल एकीकृत रुपमा कार्य गर्न सार्वजनिक ऋण

व्यवस्थापन कार्यालय स्थापना भई ऋण व्यवस्थापन तथा निष्कासन शाखा, दोश्रो बजार कारोबार तथा हिसाब समायोजन शाखा र लगानी तथा ऋण नीति विश्लेषण शाखा गरी ३ शाखाबाट कार्य हुदै आएको छ। यस कार्यालयमा राजपत्राङ्कित प्रथम श्रेणीमा एक, राजपत्राङ्कित द्वितीय श्रेणीमा ५, राजपत्राङ्कित तृतीय श्रेणीमा ९, राजपत्रअनङ्कित प्रथम श्रेणीमा ९ र श्रेणी विहिन १० गरी ३३ जनाको दरबन्दी रहेकोछ । यसका अतिरिक्त आन्तरिक ऋण सम्बन्धी कार्य नेपाल राष्ट्र बैंकको मौद्रिक व्यवस्थापन विभाग मार्फत हुँदै आएको छ ।

६. सार्वजनिक ऋण दायित्व

६.१. गत ५ वर्षको आन्तरिक तथा बाह्य ऋण प्राप्तिको लक्ष्य र प्रगति स्थिति निम्नानुसार छ :

(रु. करोडमा)

आर्थिकवर्ष	आन्तरिक ऋण			वैदेशिक ऋण			कुल सार्वजनिक ऋण		
	लक्ष्य	प्राप्ति	प्राप्ति प्रतिशत	लक्ष्य	प्राप्ति	प्राप्ति प्रतिशत	लक्ष्य	प्राप्ति	प्राप्ति प्रतिशत
२०७४।७५	१४५००	१४४७५	९९.८३	२१४०४	९३४५	४३.६६	३५९०४	२३८२०	६६.३४
२०७५।७६	१७२००	९६३८	५६.०३	२५३०३	९४४०	३७.३१	४२५०३	१९०७८	४४.८९
२०७६।७७	१९५००	१९४९०	९९.९५	२९८८३	१६२६१	५४.४२	४९३८३	३५७५१	७२.४
२०७७।७८	२२५००	२२४०१	९९.५६	२९९५०	१३०८७	४३.७	५२४५०	३५४८८	६७.६६
२०७८।७९	२३९००	२३१८५	९७.०१	२८३०८	१३३०८	४७.०१	५२२०८	३६४९३	६९.९
औषत	**१९५२०**	**१७८३८**	**९०.४८**	**२६९७०**	**१२२८८**	**४५.२२**	**४६४९०**	**३०१२६**	**६४.२४**

स्रोतः वार्षिक प्रतिवेदन,सार्वजनिक ऋण व्यवस्थापन कार्यालय र बजेट वक्तव्य, अर्थ मन्त्रालय

६.२. नेपाल सरकारको विगत ५ वर्षको सार्वनजिक ऋण दायित्वको अवस्था देहायबमोजिम छः

(रु करोडमा)

आर्थिक वर्ष	आन्तरिक ऋण		वैदेशिक ऋण		जम्मा ऋण	
	ऋण रकम	बृध्दि प्रतिशत	ऋण रकम	बृध्दि प्रतिशत	प्राप्त ऋण रकम	बृध्दि प्रतिशत
२०७४।७५	३९११६	३७.८७	५२६१५	२७.०९	९१७३२	३१.४७
२०७५।७६	४५३२३	१५.८७	५९४९३	१३.०७	१०४८१६	१४.२६
२०७६।७७	६१३७४	३५.४१	८१९६७	३७.७८	१४३३४०	३६.७५
२०७७।७८	८०२९४	३०.८३	९३४७०	१४.०३	१७३७६४	२१.२३
२०७८।७९	९८७४५	२२.९८	१०२५८५	९.७५	२०१३३०	१५.८६

स्रोतःवार्षिक प्रतिवेदन, आ.ब. २०७८।७९, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

७. **वित्तीय व्यबस्था** - सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको विगत ५ वर्षको बजेट तथा खर्चको विवरण निम्नानुसार छ :

रकम रु. करोडमा

आर्थिकवर्ष	वित्तीयव्यवस्था		
	बजेट	खर्च	खर्च प्रतिशत
२०७४।७५	१४०२९	११७०५	८३.४४
२०७५।७६	१५५७२	१५२४८	९७.९२
२०७६।७७	१६७८६	११७९०	७०.२४
२०७७।७८	१७३८४	१२१६२	६९.९६
२०७८।७९	१९७८८	१३९४७	७०.४८

स्रोतः नेपाल सरकारको आय व्ययको वार्षिक विवरण,महालेखा नियन्त्रक कार्यालय

८. **विषय छनौटको औचित्य** - सरकारले बजेट पूर्तिको स्रोतको रुपमा आन्तरिक तथा वाह्य रुपमा लिएको ऋण दातृ निकाय/धारकलाई समयमा भुक्तानी गर्नुपर्दछ । समयमा ऋण तथा यसको ब्याज र अन्य शुल्क भुक्तानी गर्न सार्वजनिक ऋण सीमाभित्र रहनुपर्दछ । ऋण रकमको सीमा निर्धारण देशको कुल गार्हस्थ उत्पादन, बजेट तथा खर्च, देशको भैतिक पूर्वाधार स्थिति, अन्तर्राष्ट्रिय व्यापार, बजेट घाटा, वैदेशिक मुद्रा सञ्चिति अवस्था, ऋण रकमको ब्याज तथा अन्य शुल्क, बार्षिक भुक्तानी तालिका आदिमा निर्भर रहन्छ । आर्थिक वर्ष २०७४।७५ मा सार्वजनिक ऋण रु.९ खर्ब १७ अर्ब ३२ करोड रहेकोमा आर्थिक वर्ष २०७८।७९ मा ११९ प्रतिशत वृद्धि भई रु.२० खर्ब १३ अर्ब ३० करोड पुगेको छ । आर्थिक वर्ष २०७८।७९ को अन्तमा व्यापार घाटा रू.१७ खर्ब २० अर्ब ४१ करोड पुगेकोछ । विदेशी मुद्रा संचिति २०७८ आषाढ मसान्तमा रू.१३ खर्व ९९ अर्ब ३ करोड रहेकोमा २०७९ असार मसान्तमा १३.१ प्रतिशत कमी आई रु.१२ खर्व १५ अर्व ८० करोड र चालुखाता रू.६ खर्ब २३ अर्ब ३३ करोडले ऋणात्मक रहेको छ । कोभिड महामारीको कारण देशको राजस्व असुलीमा आएको कमी तथा खर्चमा भएको बढोत्तरी, वैदेशिक रोजगार तथा पर्यटनमा परेको प्रभाव, ईन्धन तथा अन्य उपभोग्य सामानमा भएको मूल्य वृद्धि, वैदेशिक मुद्रा संचितिको घट्दो अवस्थाको कारण राष्ट्रको आन्तरिक तथा वैदेशिक ऋण प्राप्ति तथा भुक्तानीको अवस्था सम्बन्धमा सवै क्षेत्रवाट चासो बढ्दै गएको छ । यस अवस्थामा दक्षता पूर्वक सार्वजनिक ऋणको आवश्यकता अनुमान, सो अनुरुप प्राप्ति तथा दक्षता पूर्वक उपयोग गरी लागत कम गर्नु तथा यथोचित प्रतिफल प्राप्त भए नभएको परीक्षण मूल्याङ्कन गर्न सार्वजनिक ऋण व्यवस्थापनको कार्यमूलक लेखापरीक्षण गर्न सान्दर्भिक देखिएकोले यो विषयको छनौट गरिएको छ ।

परिच्छेद - २
लेखापरीक्षणको उद्देश्य, क्षेत्र एवं पद्धति

९. **लेखापरीक्षणको उद्देश्य** - सार्वजनिक ऋण व्यवस्थापन सम्बन्धमा भएका कानूनी तथा नीतिगत व्यवस्था, संस्थागत व्यवस्था एवं कार्यगत विषय बारे देहायका विषयको परीक्षण तथा विश्लेषण गरी सुधारका पक्षका बारे सुझाव दिनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

- सार्वजनिक ऋण सम्बन्धी कानूनी, नीतिगत, संस्थागत तथा प्रतिवेदन प्रणाली व्यवस्था गरिएको छ र प्रभावकारी रुपमा कार्यान्वयन भएको छ ।
- सार्वजनिक ऋणको व्यवस्थापनका लागि अपनाएका उपायहरु एवं व्यवस्था जोखिम न्यूनीकरण गर्न पर्याप्त र लागत प्रभावकारी छन ।
- सार्वजनिक ऋणको अभिलेख तथा सूचना प्रणाली दुरुस्त, विश्वसनीय र भरपर्दो हने व्यवस्था गरिएको छ ।

१०. **लेखापरीक्षणको क्षेत्र** - सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, नेपाल राष्ट्र बैंक, महालेखा नियन्त्रक कार्यालय, अर्थ मन्त्रालय तथा अन्य सार्वजनिक ऋण व्यवस्थापनमा सहयोग गर्ने कार्यालयका नीति निर्देशन, कानून, क्रियाकलाप, लेखाङ्कन तथा प्रतिवेदन सम्बन्धी विषयवस्तु लेखापरीक्षणको क्षेत्र रहेको छ। लेखापरीक्षणमा आर्थिक वर्ष २०७४।७५ देखि २०७८।७९ सम्मको तथ्याङ्क र विवरण समावेश गरिएको छ ।

११. **लेखापरीक्षण पद्धति तथा आधार** - लेखापरीक्षण कार्यमा नेपाल सरकार लेखापरीक्षण मानदण्ड, २०७७ समिक्षा पत्र, लेखापरीक्षण योजना, महालेखापरीक्षक तथा कार्यालयको निर्देशन, कार्यमूलक लेखापरीक्षण

निर्देशिका २०६९, छलफल, प्रश्नावली, प्राथमिक तथा दोस्रो स्रोतको तथ्याङ्क विधिको आधारमा लेखापरीक्षण कार्यान्वयन, लेखापरीक्षण प्रतिवेदन र पृष्ठपोषणको चरण रहेको छ । लेखापरीक्षणको उद्देश्यका लागि पर्याप्त र उचित प्रमाण सङ्कलन गर्न नियन्त्रणको परीक्षण, विश्लेषणात्मक कार्यविधि र विस्तृत विवरणको परीक्षणविधि अवलम्बन गरिएको छ । सार्वजनिक ऋण व्यवस्थापनसँग सम्बन्धित काम कारबाही उपर व्यवस्थापनको दृढोक्तिमा आश्वस्त हुन पेश हुने कार्य सम्पादन समेटिएको वार्षिक प्रतिवेदन, प्रमाण कागजात, तथ्याङ्क, सूचनाको परीक्षण र भिडान, निरीक्षण गणना, सम्बन्धित पक्षसँग सोधपुछ र छलफल, विश्लेषण गरिएको छ।

लेखापरीक्षण कार्य पद्धतिमूलक प्रक्रिया तथा नतिजामूलक प्रक्रिया अपनाई गरिने छ । लेखापरीक्षण आधारको रुपमा नेपालको संविधान, प्रचलित ऐन, कानून, नीतिमा उल्लेख भएका विषयलाई अपनाइएको छ । साथै संयुक्त राष्ट्र संघीय व्यापार तथा विकास कन्फ्रेन्स (UNCTAD) बाट प्रतिपादित सिद्धान्त, विश्व बैंकको ऋण व्यवस्थापन कार्य सम्पादन एसेसमेन्ट (डेम्पा) सूचक र इन्टोसाई डेभलपमेन्ट इनिसियटिभवाट जारी सार्वजनिक ऋणको लेखापरीक्षक गाइड लगायत अन्य असल अभ्यासहरु समेतलाई लेखापरीक्षण आधारका रुपमा प्रयोग गरिएको छ । यसरी प्रयोग गरिने लेखापरीक्षण आधारहरुको सम्बन्धमा लेखापरीक्षण गरिने निकायका पदाधिकारीसँग आवश्यक छलफल गरिएको छ ।

१२. **लेखापरीक्षण सिमितता** - लेखापरीक्षणका लागि उपलव्ध स्रोत साधन र समयको सीमा, कारोबारको नियन्त्रण जोखिमको मात्रा तथा लागतको दृष्टिकोणबाट सम्पूर्ण क्रियाकलापलाई लेखापरीक्षणको दायरामा समेट्न नसकिने हुँदा लेखापरीक्षण योजना बमोजिम सारभूत विषयको छनौट गरी परीक्षण गरिएको छ । लेखापरीक्षण गरिने निकायबाट परीक्षणको लागि उपलव्ध भएका विवरण, तथ्याङ्क, सूचनाको आधारमा परीक्षण विश्लेषण गरी यो प्रतिवेदन तयार गरिएको छ ।

परिच्छेद - ३
लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

नेपालको सार्वजनिक ऋण व्यवस्थपानको कार्य अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, नेपाल राष्ट्र बैंक र सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट हुँदै आएको छ । सार्वजनिक ऋण प्राप्ति तथा भुक्तानीको लागि नीतिहरु तर्जुमा गर्नु, ऋणको सिमा कानूनबाट तोकिनु, सार्वजनिक ऋण तथा भुक्तानीको लागि ऐन तथा नियमावली तथा विभिन्न फाराम तर्जुमा गरी लेखा तथा अभिलेख राख्न बिद्युतिय प्रणाली लागु गर्नु तथा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको स्थापना गर्नु सार्वजनिक ऋण व्यवस्थापन सम्बन्धी कार्य कासकारात्मक पक्ष देखिएका छन् । तथापी सार्वजनिक ऋण व्यवस्थापन सम्बन्धमा सुधार गर्नुपर्ने देखिएका व्यहोरा देहाय वमोजिम छनः

१३. **नीतिगत व्यवस्था** – नेपालको संविधानमा समावेश राज्यको नीति अन्तर्गत धारा ५१(घ)(११) मा वैदेशिक सहायता लिंदा राष्ट्रिय आवश्यकता र प्राथमिकतालाई आधार बनाउँदै यसलाई पारदर्शी बनाउने र वैदेशिक सहायताबाट प्राप्त रकम राष्ट्रिय बजेटमा समाहित गर्ने तथा राज्यशक्तिको बाँडफाँड अन्तर्गत धारा ५७(६) मा वैदेशिक सहायता र ऋण लिने अधिकार नेपाल सरकारको हुने र त्यस्तो सहायता वा ऋण लिंदा देशको समष्टिगत आर्थिक स्थायित्व हुने गरी लिनुपर्ने उल्लेख छ । संविधानमा उल्लिखित नीतिको कार्यान्वयन गर्न अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६ तथा पन्ध्रौं योजना (२०७६।७७-२०८०।८१) कार्यान्वयन अवस्थामा छन ।

१३.१. समष्टिगत आर्थिक स्थायित्व कायम गर्दै राष्ट्रिय पूर्वाधार र उत्पादनशील क्षेत्रमा सार्वजनिक ऋणको परिचालन गर्ने लक्ष्य, सवल अर्थतन्त्र निर्माण गर्ने राष्ट्रिय सोच र वार्षिक सार्वजनिक ऋण कुल गार्हस्थ उत्पादनको ४.३ प्रतिशतभित्र रहेको हुने अपेक्षा सहित पन्धौं योजना (२०७६।७७-२०८०।८१) कार्यान्वयनमा रहेको छ । आर्थिक वर्ष २०७४।७५ देखि २०७८।७९ सम्म वर्षगत सार्वजनिक ऋण कुल गार्हस्थ उत्पादनको ४.९४ देखि ९.१९ प्रतिशत भई औषतमा ७.३७ प्रतिशत रहेको छ । आवधिक योजनाले अपेक्षा गरे अनुरुप सार्वजनिक ऋण कुल गार्हस्थ उत्पादनको ४.३ प्रतिशतको सीमाभित्र हुनुपर्दछ ।

(रकम रु. करोडमा)

आर्थिक वर्ष	कुल गार्हस्थ उत्पादन	वर्षगत सार्वजनिकऋण	सार्वजनिक ऋणप्रतिशत
२०७४।७५	३४५५९५	२३८२०	६.८९
२०७५।७६	३८५८९३	१९०७८	४.९४
२०७६।७७	३८८८७०	३५७५१	९.१९
२०७७।७८	४२७७३०	३५४८८	८.३०
२०७८।७९	४८५१६२	३६४९३	७.५२
औषत	**४०६६५०**	**३०१२६**	**७.३७**

स्रोतः वार्षिक प्रतिवेदन, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

१३.२. योजनाको पहिलो रणनीति उच्च प्रतिफलयुक्त क्षेत्रमा सार्वजनिक ऋण परिचालन गर्ने रहेको छ । यसका लागि समष्टिगत आर्थिक स्थायित्व कायम हुने गरी सार्वजनिक ऋणको परिचालन तथा उत्पादनशील र पूर्वाधार निर्माणका क्षेत्रमा उपयोग, जोखिम न्यूनीकरण हुनेगरी स्रोत पहिचान तथा व्यवस्थापन, आयात व्यवस्थापन र निर्यात प्रबर्द्धनमा योगदान पुग्ने गरी सार्वजनिक ऋणको परिचालन र पूर्वाधार निर्माण र नेपाल सरकारले तोकेको क्षेत्र बाहेकका क्षेत्रमा परिचालन हुने ऋणमा सरकारी जमानत नदिने र जमानत नबस्ने कार्यनीति अङ्गीकार गरेको छ । सार्वजनिक ऋण परिचालन गरी निर्माणको क्रममा रहेका र सम्पन्न भएका योजना तथा आयोजनाबाट प्राप्त उपलव्धीलाई प्रतिवेदन गरी अभिलेखिकरण तथा अध्ययन अनुसन्धान, मध्यम कालिन ऋण व्यवस्थापन रणनीति (MTDS) र Debt Sustainability Assessment (DSA) प्रयोग गरेको भएतापनि परियोजनागत रुपमा आन्तरिक तथा वैदेशिक ऋणको लागत अध्ययनभएको देखिदैन । ऋण परिचालनबाट सञ्चालित आयोजना समयमा सम्पन्न नहुँदा लागत वढोत्तरी हुने तथा प्राप्त हुने लाभबाट वञ्चित हुनु पर्ने अवस्था सृजना भएको छ । सार्वजनिक ऋण परिचालन प्रभावकारी वनाउन विद्यमान नीतिगत तथा कानूनी व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन हुनुपर्दछ ।

१३.३. योजनाको दोस्रो रणनीति सार्वजनिक ऋण व्यवस्थापन सम्बन्धी नीतिगत, कानूनी र संरचनागत सुधार गर्नेरहेको छ । रणनीति कार्यान्वयनको लागि मध्यकालीन तथा दीर्घकालीन रणनीति तर्जुमा, सङ्घीय संरचना अनुरुप कानूनको संसोधन गर्ने, सार्वजनिक ऋण व्यवस्थापन कार्यालयलाई आधुनिक सूचना प्रविधिमैत्री र अनुसन्धानात्मक बनाईने, सार्वजनिक ऋण परिचालनसम्बन्धी आधारहरुलाई समयानुकूल पुनरावलोकन तथा परिमार्जन गर्ने र पुँजी बजारको विकासमा सहयोग गर्न आवश्यक व्यवस्था गर्ने उल्लेख भएकोमा दीर्घकालीन ऋण व्यवस्थापन रणनीति तर्जुमा नभएको, सार्वजनिक ऋण व्यवस्थापन नियमावली तर्जुमा नभएको, सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले लागु गरेको ऋण व्यवस्थापनको सफ्टवेयर (डेब्ट अपरेटिङ्ग मेनेजमेन्ट सिष्टम (DOMS) पुर्ण रुपमा लागु नभएको तथा आन्तरिक ऋणका उपकरण दोस्रो वजारमा कारोबार नभएको अवस्था छ । उल्लिखित व्यवस्था सुधार गरी सार्वजनिक ऋण व्यवस्थापनमा प्रभावाकारीता वृद्धि गर्नु पर्दछ ।

१३.४. योजनाको तेस्रो रणनीति संघीय प्रणाली अनुरूप सार्वजनिक ऋण व्यवस्थापन सम्बन्धी उपकरण तथा स्रोतको विविधीकरण गर्ने रहेको छ । सोको कार्यान्वयनको लागि सरकारी ऋणपत्रमा लगानीकर्ताको आकर्षण बढाउन वित्तीय साक्षरता प्रबर्द्धन, प्रोत्साहनको व्यवस्था, विविधीकरण र स्वचालित कारोबार संयन्त्रको विकास गरी दोस्रो बजारलाई सक्रिय बनाउने, वैदेशिक ऋण सम्बन्धी नवीनतम अवधारणा, स्रोत तथा उपकरणको सान्दर्भिकता अध्ययन गरी आवश्यकताको आधारमा परिचालन गर्ने तथा प्रदेश र स्थानीय तहको लागि समेत परिचालन गर्ने उल्लेख छ । आन्तरिक ऋणका उपकरण पूँजीबजारमा उपलब्ध गराउन अध्ययन अनुशन्धान नभएको, विनिमय दरको जोखिम तथा वढ्दो आन्तरिक ऋणको ब्याजदरलाई समावेश गरी रणनीति पहिचान नभएको तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्रदेश र स्थानीय तहले उठाउन सक्ने सार्वजनिक ऋणको सीमा तोकेको भए तापनि आर्थिक वर्ष २०७८।७९ मा मात्र कानूनी व्यवस्था भएकोले ऋण परिचालन नभएको अवस्था छ । रणनीतिको पुर्ण कार्यान्वयन नहुँदा प्रदेश तथा स्थानीय तहवाट सार्वजनिक ऋण परिचालन गरी विकासात्मक आयोजना सञ्चालन हुन सकेको देखिदैन ।

आवधिक योजनमा उल्लिखित रणनीति कार्यान्वयनको लागि कार्य योजना वनाई कार्यान्वयन गर्नु पर्दछ ।

१४. **संरचनात्मक व्यवस्था** - सार्वजनिक ऋण व्यवस्थापनको मूख्य जिम्मेवारी सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको भए पनि यसमा राष्ट्रिय योजना आयोग, राष्ट्रीय प्राकृतिक स्रोत तथा वित्त आयोग, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक,महालेखा नियन्त्रक कार्यालय, सहायक सम्झौता अनुसार ऋण लिने सार्वजनिक संस्थान तथा अन्य निकाय र ऋण उपयोगमा संलग्न आयोजना तथा कार्यालयको समेत महत्वपूर्ण भूमिका रहेको देखिन्छ । सार्वजनिक ऋण व्यवस्थापनमा संलग्न विभिन्न निकायको भूमिका देहाय अनुसार रहेको छ ।

चित्र १ सार्वजनिक ऋण व्यवस्थापनमा संलग्न निकाय



- वार्षिक बजेटको सीमा निर्धारण गर्ने कार्य राष्ट्रिय योजना आयोगबाट रअन्तर सरकारी वित्त व्यवस्थापन ऐनको दफा १४ बमोजिम प्रदेश तथा संघलाई आन्तरिक ऋणको सीमा सिफारिस गर्ने दायित्वराष्ट्रिय प्रकृतिक स्रोत तथा वित्त आयोगमा रहेको छ।
- वैदेशिक ऋणको आवश्यकता पहिचान तथा सम्झौता गर्ने, सह सम्झौता बमोजिम लगानी गरिने ऋण स्वीकृत गर्ने दायित्व अर्थ मन्त्रालयमा रहेको र वैदेशिक ऋणको उपयोग तथा खर्च गर्ने

जिम्मेवारी ऋण प्राप्त गरी आयोजना कार्यान्वयन गर्न जिम्मेवारी तोकिएका सम्बन्धित निकाय तथा सहायक सम्झौताबमोजिम ऋण परिचालन गर्ने निकायमा रहेको छ।

- ऋण रकम प्राप्त गरी आयोजना कार्यान्वयन गर्ने निकायको बैक खाता व्यवस्थापन गर्ने, वैदेशिक ऋणको सोधभर्ना प्राप्त गरी अभिलेख तथा प्रतिवेदन गर्ने, र नेपाल सरकारको आय-व्ययको केन्द्रीय लेखा राख्ने तथा प्रतिवेदन गर्ने जिम्मेवारी महालेखा नियन्त्रक कार्यालयमा रहेको छ ।
- सार्वजनिक ऋण तथा लगानीको अभिलेख राख्ने, आन्तरिक तथा वैदेशिक ऋणको साँवा ब्याज भुक्तानी गर्ने, कानूनमा व्यवस्था भए बमोजिम विभिन्न औजार प्रयोग गरी आन्तरिक ऋण उठाउने, ऋण लगानीको सम्झौता गर्ने, सह सम्झौता बमोजिमका ऋणको साँवा तथा ब्याज प्राप्त गर्ने, सार्वजनिक ऋण सम्बन्धी विभिन्न अध्ययन तथा अनुसन्धान गर्ने लगायतका दायित्व सार्वजनिक ऋण व्यवस्थापन कार्यालयमा रहेको छ ।
- आन्तरिक ऋण प्राप्त गर्ने कार्य सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको भए पनि हाल उक्त कार्य नेपाल राष्ट्र बैंकले गरिआएको र सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ को दफा २६ बमोजिम उक्त कार्य हस्तान्तरणको अवधि २ वर्ष तोकिएकोले विभिन्न औजार प्रयोग गरी आन्तरिक ऋण उठाउने जिम्मेवार नेपाल राष्ट्र बैंकमा रहेको छ । यसका अतिरिक्त नगद व्यवस्थापन गर्ने, ऋण उपयोग गर्ने आयोजनाको खाता सञ्चालन गर्ने र सार्वजनिक ऋण र मौद्रीक नीति बिच सामान्जस्यता कायम गराउने जिम्मेवारी समेत नेपाल राष्ट्र बैंकमा रहेको छ ।
- सम्झौतामा तोकिएबमोजिम ऋण रकम प्रयोग गर्ने जिम्मेवारी सह सम्झौता बमोजिम ऋण रकम प्राप्त गरी उपयोग गर्ने र आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायहरुमा रहेको छ ।

सार्वजनिक ऋण व्यवस्थापनसँग प्रत्यक्ष वा अप्रत्यक्ष भूमिका रहेका निकायको जिम्मेवारी विभिन्न ऐन तथा कानूनमा व्यवस्था भए पनि यी निकायवीच एक अर्को प्रतिको दायित्व तथा जिम्मेवारी र समन्वय बारे कानूनमा स्पष्ट नहुँदा देहायबमोजिम विभिन्न प्रकारका सञ्चालनगत समस्या आउन सक्ने देखिन्छ :

- सहायक सम्झौताबमोजिम ऋण प्राप्त गर्ने संस्थान तथा अन्य निकायले ऋण रकमको साँवा तथा ब्याज बापतको रकम बैंकमा जम्मा गरिदिने तर सोको जानकारी सार्वजनिक ऋण व्यवस्थापन कार्यालयलाई नगराउङ्दा लेखा, अभिलेख तथा प्रतिवेदनमा समस्या देखिएको छ।
- वैदेशिक ऋण सहयोगमा सञ्चालन हुने आयोजनाले सम्झौता रकम, बैंक खातामा मौज्दात रकम भुक्तानी भएको रकमको विवरण सार्वजनिक ऋण व्यवस्थापन कार्यलयलाई दिने व्यवस्था नभएकोले खर्च नभएको ऋण रकममा भुक्तानी हुने ब्याज तथा प्रतिवद्धता शुल्क गणना गरी प्रतिवेदन हुन सकेको छैन ।
- ऋण परिचालन गर्ने निकायले सार्वजनिक ऋण व्यवस्थापन कार्यलयलाई परिचालन गरेको ऋण र प्राप्त उपलब्धी, समस्याहरु आदिको प्रतिवेदन दिने व्यवस्था नभएकोले ऋणको प्रभावकारीता सम्बन्धमा अध्ययन अनुसन्धान कार्य प्रभावकारी हुन सकेको छैन ।
- सरकारको आय व्यय र आर्थिक अवस्थाको विश्लेषण गरी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग र नेपाल राष्ट्र बैकको समन्वयमा प्रत्येक वर्ष उठाउन सकिने सार्वजनिक ऋणको आवश्यकता प्रक्षेपण गरी अर्थ मन्त्रालयलाई सुझाव पेश गर्ने कार्य हुन सकेको देखिएन ।

सार्वजनिक ऋण व्यवस्थापनमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न निकायले गर्नु पर्ने कार्य, राख्नु पर्ने अभिलेख, प्रतिवेदन, सूचना तथा विवरणको आदान प्रदान, एक अर्का प्रतिको दायित्व र समन्वय आदि सम्बन्धमा कानूनमा स्पष्ट व्यवस्था नभएकोले उल्लिखित समस्या देखिएका छन् । जसको कारण ऋण परिचालनको मितव्ययिता, कार्यदक्षता तथा प्रभावकारीतामा असर परेको छ। यसमा कानूनी स्पष्टता गरी कार्यगत समन्वय स्थापना गर्न आवश्यक सुधार हुनुपर्दछ ।

१५. **संगठन संरचना तथा दरबन्दी** – सार्वजनिक ऋण व्यवस्थापन सम्बन्धी कार्यहरु विभिन्न निकायबाट सम्पादन भइरहेकोमा यस सम्बन्धी सबै कार्यहरु एउटै निकायबाट सम्पादन गर्न मन्त्रिपरिषद्को २०७५ पौष ११ को निर्णय अनुसार सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको स्थापना भएको छ । कार्यालयको संगठन संरचना अनुसार राजपत्राङ्कित प्रथम श्रेणीको कार्यालय प्रमुख सहित ३३ जनाको दरबन्दी रहेको छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको संगठन संरचना सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छनः

१५.१. हाल संघीय सरकारले मात्र आन्तरिक तथा वैदेशिक ऋण लिने गरेकोमा सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ दफा ६(३) मा प्रदेश सरकार तथा स्थानीय तह लाई समेत आन्तरिक ऋण लिन पाउने अधिकार रहेको छ । केही प्रदेश सरकारले गत विगत वर्षहरुमा आन्तरिक ऋण लिने गरी बजेटमा व्यवस्था गरे पनि हाल सम्म लागु भएको छैन । प्रदेश सरकार तथा स्थानीय तहले लिने आन्तरिक ऋणको ब्यवस्थापन गर्ने दायित्व समेत ऐनले सार्वजनिक ऋण व्यवस्थापन कार्यालयलाई तोकेको छ ।

१५.२. मन्त्रिपरिषद्को निर्णय अनुसार यस कार्यालयको स्थापना भई ऋण व्यवस्थापन सम्बन्धी अधिकांश कार्यहरु यस कार्यालयबाट भए पनि आन्तरिक ऋणको निश्कासन सम्बन्धी कार्यहरु नेपाल राष्ट्र बैंकबाट हुँदै आएको छ । साविकको ऋण तथा जमानत ऐन, २०२५ र राष्ट्र ऋण ऐन,२०५९ लाई संशोधन तथा एकिकरण गरी बनेको ऐन, २०७९ को दफा २६ मा ऐन प्रारम्भ हुँदाका बखत सार्वजनिक ऋणको काम कारवाही गरिरहेका निकायले ऐन प्रारम्भ भएको मितिले बढीमा २ वर्ष सम्म त्यस्तो काम कारवाही गरिरहन बाधा नपर्ने उल्लेख छ । उक्त ऐन, २०७९ असोज २३ गते प्रमाणीकरण भएको र प्रमाणीकरण भएको मितिले एकतिसौं दिनदेखि प्रारम्भ हुने उल्लेख छ।

१५.३. संगठन संरचना अनुसार ऋण व्यवस्थापन तथा निश्काशन शाखा, दोस्रो बजार कारोबार तथा हिसाब समायोजन शाखा र लगानी तथा ऋण नीति विश्लेषण शाखा रहेको भए तापनि आन्तरिक ऋणको ऋण पत्र निश्काशनको कार्य राष्ट्र बैंकबाट हुँदै आएको छ । त्यस्तै दोस्रो बजार कारोबारको कार्य प्रारम्भ भएको छैन ।आन्तरिक तथा वैदेशिक ऋणको अभिलेख व्यवस्थापन, ऋणको साँवा तथा ब्याज भुक्तानी तथा यसको अभिलेखसम्बन्धी कार्यको जिम्मेवारी सम्बन्धमा संगठन संरचनामा स्पष्ट व्यवस्था भएको देखिएन ।

कार्यालयले गर्नुपर्ने थप कार्यको परिमाण र जटिलता अध्ययन गरी आवश्यकता अनुसार संगठन संरचना सुधार र कर्मचारी व्यवस्थापन गर्नुपर्दछ ।

सार्वजनिक ऋण प्राप्ति

१६. **ऋण प्राप्तिको लक्ष्य र खुद प्राप्ति** – नेपाल सरकारले हरेक आर्थिक वर्ष सार्वजनिक ऋणलाई घाटा बजेट पूर्तिको स्रोतको रुपमा राखी सार्वजनिक ऋण प्राप्तिको लक्ष्य तय गर्दछ । सोही अनुसार विभिन्न दातृ राष्ट्र तथा अन्तर्राष्ट्रिय विकास साझेदार संस्थाबाट वैदेशिक ऋण र विभिन्न उपकरण मार्फत आन्तरिक ऋण प्राप्त गर्दै आएको छ । बजेटमा उल्लेख भएबमोजिम विगत ५ वर्षको वैदेशिक र आन्तरिक ऋणको लक्ष्य तथा खुद प्राप्ति स्थिति देहायबमोजिम छः

सार्वजनिक ऋणको लक्ष्य र प्राप्तिको विवरण

(रकम रु. करोडमा)

आर्थिकवर्ष	आन्तरिकऋण			वैदेशिकऋण			कुल सार्वजनिकऋण		
	लक्ष्य	प्राप्ति	प्राप्ति प्रतिशत	लक्ष्य	प्राप्ति	प्राप्ति प्रतिशत	लक्ष्य	प्राप्ति	प्राप्ति प्रतिशत
२०७४।७५	१४५००	१४४७५	९९.८३	२१४०४	९३४५	४३.६६	३५९०४	२३८२०	६६.३४
२०७५।७६	१७२००	९६३८	५६.०३	२५३०३	९४४०	३७.३१	४२५०३	१९०७८	४४.८९
२०७६।७७	१९५००	१९४९०	९९.९५	२९८८३	१६२६१	५४.४२	४९३८३	३५७५१	७२.४०
२०७७।७८	२२५००	२२४०१	९९.५६	२९९५०	१३०८७	४३.७	५२४५०	३५४८८	६७.६६
२०७८।७९	२३९००	२३१८५	९७.०१	२८३०८	१३३०८	४७.०१	५२२०८	३६४९३	६९.९०
औषत	**१९५२०**	**१७८३८**	**९१.३८**	**२६९७०**	**१२२८८**	**४५.५६**	**४६४९०**	**३०१२६**	**६४.८०**

स्रोत:वार्षिक प्रतिवेदन, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय र महालेखा नियन्त्रक कार्यालय

१६.१. आर्थिक वर्ष २०७४।७५ देखि २०७८।७९ सम्म ५ वर्षमा आन्तरिक ऋण प्राप्ति बार्षिक अनुमानको तुलनामा क्रमशः ९९.८३, ५६.०३, ९९.९५, ९९.५६ र ९७.०१ प्रतिशत रहेको छ । उल्लिखितवर्षहरुमध्ये आर्थिक वर्ष २०७५।७६ मा सबैभन्दा कम ५६.०३ र सबैभन्दा बढी आर्थिक वर्ष २०७६।७७ मा ९९.९५ प्रतिशत ऋण प्राप्त भएको छ भने औषत प्राप्ति ९१.३८ प्रतिशत रहेको छ ।



१६.२. वैदेशिक ऋणतर्फ आर्थिक वर्ष २०७४।७५ देखि २०७८।७९ सम्म ५ वर्षमा बार्षिक अनुमानको तुलनामा क्रमशः ४३.६६, २७.३१, ५४.४२, ४३.७० र ४७·०१ प्रतिशत ऋण प्राप्त भएको छ। उल्लिखितवर्षहरुमध्ये आर्थिक वर्ष २०७५।७६ मा सबैभन्दा कम ३७.३१ र सबैभन्दा बढी आर्थिक वर्ष २०७६।७७ मा ५४.४१ ऋण प्राप्त भएको छ भने औषत प्राप्ति दर ४५.५६ प्रतिशत रहेको छ ।

१६.३. आन्तरिक र वैदेशिक समेत कुल सार्वजनिक ऋणको प्राप्ति प्रतिशत अनुमानको तुलनामा आर्थिक वर्ष २०७४।७५ देखि २०७८।७९ सम्म क्रमशः६६.३४ ४४.८९, ७२.४०, ६७.६६ र ६९.९० प्रतिशत रहेको छ । उल्लिखित वर्षहरुमध्ये आर्थिक वर्ष २०७५।७६ मा सबैभन्दा कम ४४.८९ र सबैभन्दा बढी आर्थिक वर्ष २०७६।७७ मा ७२.४० ऋण प्राप्त भएको छ भने औषत प्राप्ति दर ६४.८० प्रतिशत रहेको छ ।

आर्थिक वर्ष २०७४।७५ देखि २०७८।७९ सम्म लक्ष्यको तुलनामा आन्तरिक ऋणतर्फ वार्षिक औषत ९१.३८ प्रतिशत, वैदेशिक ऋणतर्फ वार्षिक औषत ४५.५६ प्रतिशत र कुल ऋण लक्ष्यको तुलनामा वार्षिक औषत ६४·८० प्रतिशत मात्र ऋण रकम परिचालन हुन सकेको छ । विगत ५ आर्थिक वर्षहरुमध्ये आर्थिक वर्ष २०७६।७७ मा मात्र वैदेशिक ऋण लक्ष्यको तुलनामा ५० प्रतिशतभन्दा बढी परिचालन हुन सकेको छ । ऋणबाट सञ्चालन हुने आयोजनाको भौतिक प्रगति लक्ष्य अनुसार नभएकोले ऋण रकम परिचालनमा असर परेको छ । सम्झौता अनुसारको ऋण रकम परिचालन नभए पनि प्रतिबद्धता शुल्क भुक्तानी गर्नुपर्ने, इम्प्रेस्ट, स्पेशल वा डेजिगनेटेट खातामा रकम निष्क्रिय रहने तथा नेपाली मुद्रासँगको वैदेशिक मुद्राको विनिमयदरमा वृद्धि भई विनिमय घाटा समेत हुने भएकोले सार्वजनिक ऋणका माध्यमबाट स्रोत जुटाएका आयोजनाहरुको कार्यको नियमित अनुगमन तथा प्रगति समिक्षाबाट तोकिएको अवधि भित्र आवश्यक स्रोत परचालन हुन सक्ने वातावरण तयार गरी संघीय संसदबाट पारित

बजेटमा उल्लेख भएको र दातृ निकायसँगको सम्झौता बमोजिमको ऋण परिचालन गरी लक्ष्य हासिल गर्नुपर्दछ।

१७. **लक्ष्य निर्धारणका आधारहरु** – सरकारलेबजेटमा प्रस्तुत गर्ने सार्वजनिक महत्वको लक्ष्यलाई स्पष्ट आधार र पारदर्शी रुपमा ठोस आधारमा मात्र प्रस्तुत गर्नुपर्दछ । शूरु बजेटमा प्रस्तुत लक्ष्य, अर्धवार्षिक मूल्याङ्कनवाट संशोधन, आगामी वर्षको बजेट प्रस्तुत गर्दा हुने संसोधन र यथार्थ प्राप्ति बीचको अन्तर देहाय बमोजिम रहेको देखिन्छ ।

(रकम रु. करोडमा)

आर्थिकवर्ष	बजेट वक्तव्य र अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन अनुसार								सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार प्राप्त	
	आन्तरिकऋण				वैदेशिक ऋण					
	शूरु बजेट	अर्धवार्षिक मुल्याङ्कन पछि कायम	आगामी वर्षको बजेट प्रस्तुत गर्दा संशोधन भई कायम	यथार्थ प्राप्ति	शूरु बजेट	अर्धवार्षिक मुल्याङ्कन पछि कायम	आगामी वर्षको बजेट प्रस्तुत गर्दासंशोधन भई कायम	यथार्थ प्राप्ति	आन्तरिक ऋण	वैदेशिक ऋण
२०७४।७५	१४५००	१४५००	१४५००	१४४००	२१४०४	७४९१	७४९२	९२२३	१४४७५	९३४५
२०७५।७६	१७२००	१७२००	१७२००	९६३८	२५३०३	१६३००	२१०२८	१२४३७	९६३८	९४४०
२०७६।७७	१९५००	१९५००	१९३५३	१९४९०	२९८८३	२०९९१	१२१००	११६६४	१९४९०	१६२६१
२०७७।७८	२२५००	२२३८५	२२३२७	२२४००	२९९५०	२३५००	१६५१०	१७२९५	२२४०१	१३०८७
२०७८।७९	२५०००	२३९००	२३१३०	–	२८३०८	२०६४६	१७२८८	–	२३१८५	१३३०८

स्रोतः बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन,अर्थ मन्त्रालय

अर्थतन्त्रको अवस्थामा आउने परिवर्तनलाई आत्मसाथ गर्न संशोधन आवश्यक हुने भए तापनि यसरी हुने संशोधनको अवधि र संशोधित अङ्कबीचको फरकले लक्ष्य निर्धारण र प्रक्षेपण गर्ने आधारहरु नै स्पष्ट र वैज्ञानिक नभएको तर्फ इंगित गर्दछ । साथै अर्धवार्षिक मूल्याङ्कनवाट गरिने संशोधनको प्रक्रियाको संसदीय निरीक्षण र स्वीकृति आवश्यक नपर्ने र सरोकारवालाको सहभागिता समेत नहुने भएकोले प्रक्षेपण तोक्ने र लक्ष्य निर्धारणलाई स्पष्ट प्रभाव र आधारमा मात्र गर्न सकेमा बजेटको विश्वसनीयतामा समेत वृद्धि हुने देखिन्छ ।

१८. **सार्वजनिक ऋण दायित्वको अवस्था** – नेपालको संविधान २०७२ को धारा ५९(६) मावैदेशिक सहायता र ऋण लिने अधिकार नेपाल सरकारको हुने र त्यस्तो सहायता र ऋण लिँदा देशको समष्टिगत आर्थिक स्थायित्व हुने गरी लिनुपर्ने उल्लेख छ । त्यस्तै धारा ११५ (२) मा कानूनबमोजिम बाहेक सरकारले ऋण लिन नमिल्ने उल्लेख छ । आर्थिक वर्ष २०७८।७९ को लागि ऋण तथा जमानत ऐन, २०२५ को दफा ३ मा नेपाल सरकारले स्वीकृत विकास योजनाको लागि कुनै विदेशी सरकार वा एजेन्सीबाट आवश्यकता अनुसार जम्मा ऋणको कूल अङ्क रु.१४ खर्ब नबढ्ने गरी त्यतीसम्म अङ्कको प्रचलित विनिमय दरले हुने विदेशी मुद्रा समय समयमा ऋण लिन सक्ने व्यहोरा उल्लेख छ । सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ को दफा ५(२) मा वैदेशिक ऋणको सीमा अघिल्लो आर्थिक वर्षको कुल गार्हस्थ उत्पादनको प्रचलित मूल्यमा कायम गर्दा हुने रकमको एक तिहाईमा नबढ्ने गरी ऋण लिन सक्ने व्यवस्था गरेको छ। यस व्यवस्था अनुसार वैदेशिक ऋणको सीमा रु.१४ खर्ब २५ अर्ब ७६ करोड हुन आँउछ । राष्ट्र ऋण उठाउने विधेयक, २०७८ ले आर्थिक वर्ष २०७८।७९ को लागि आन्तरिक ऋणको सीमा रु.२ खर्ब ५० अर्वसम्म हुने गरी तोकेको छ । उल्लिखित व्यवस्थाबमोजिम नेपाल सरकारले विभिन्न दातृ राष्ट्र तथा अन्तर्राष्ट्रिय विकास साझेदार संस्थाबाट वैदेशिक र नेपाली नागरिक तथा वित्तीय संस्थाबाट आन्तरिक

ऋण प्राप्त गर्दै आएको छ। विभिन्न वर्ष प्राप्त भएको विगत ५ वर्षको सार्वजनिक ऋण दायित्वको अवस्था देहायबमोजिम छः

सार्वजनिक ऋण दायित्वको विवरण

(रकम रु. करोडमा)

आर्थिक वर्ष	आन्तरिक ऋण		वैदेशिक ऋण		जम्मा ऋण	
	ऋण रकम	बृध्दि प्रतिशत	ऋण रकम	बृध्दि प्रतिशत	प्राप्त ऋण रकम	बृध्दि प्रतिशत
२०७४।७५	३९११६	३७.८७	५२६१५	२७.०९	९१७३२	३१.४७
२०७५।७६	४५३२३	१५.८७	५९४९३	१३.०७	१०४८१६	१४.२६
२०७६।७७	६१३७४	३५.४१	८१९६७	३७.७८	१४३३४०	३६.७५
२०७७।७८	८०२९४	३०.८३	९३४७०	१४.०३	१७३७६४	२१.२३
२०७८।७९	९८७४५	२२.९८	१०२५८५	९.७५	२०१३३०	१५.८६

स्रोतः नेपाल सरकारको ऋण दायित्वको वार्षिक प्रतिवेदन, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

१८.१. आर्थिक वर्ष २०७४।७५ मा आन्तरिकतर्फ रु.३ खर्व ९१ अर्ब १६ करोड ऋण दायित्व रहेकोमा आर्थिक वर्ष २०७८।७९ सम्ममा उक्त रकममा रु.५ खर्व ९६ अर्ब २९ करोड थप भई रु.९ खर्व ८७ अर्ब ४५ करोड पुगेको छ ।उक्त अवधिको बार्षिक वृद्धि दर क्रमशः३७.८७, १५.८७, ३५.४१, ३०.८३ र २२.९८ प्रतिशत रहेको छ । उक्त अवधिको आन्तरिक ऋणको वृद्धि दर १५२·४४ प्रतिशत रहेको छ ।

१८.२. वैदेशिक ऋणतर्फ आर्थिक वर्ष २०७४।७५ मा रु.५ खर्व २६ अर्ब १५ करोड दायित्व रहेकोमा आर्थिक वर्ष २०७८।७९ सम्ममा उक्त रकममा रु.४ खर्व ९९ अर्ब ७० करोड थप भई रु.१० खर्व २५ अर्ब ८५ करोड पुगेको छ । विगत ५ वर्षको बार्षिक वृद्धि दर क्रमशः २७.०९, १३.०७, ३७.७८, १४.०३ र ९.७५ प्रतिशत रहेको छ भने औषत वृद्धि दर २०.३४ प्रतिशत रहेको छ । विगत ५ वर्षको वैदेशिक ऋण रकमको समग्रमा ९४.९७ प्रतिशतवृद्धि भएको छ ।



१८.३. आर्थिक वर्ष २०७४।७५ मा कुल सार्वजनिक ऋण रु.९ खर्ब १७ अर्ब ३२ करोड रहेकोमा उक्त अवधिमा रु.१० खर्व ९५ अर्ब ९८ करोड थप भई आर्थिक वर्ष २०७८।७९ को अन्त्य सम्म रु·२० खर्ब १३ अर्ब ३० करोड पुगेको छ । विगत ५ वर्षमा आन्तरिक तथा बाह्य समेत कुल ऋण दायित्वको बार्षिक वृद्धि दर क्रमशः३१.४७, १४.२६, ३६.७५, २१.२३ र १५.८६ प्रतिशत रहेको छ । विगत ५ वर्षको वार्षिक औषत वृद्धि दर २३.९२ प्रतिशत र समग्र वृद्धि ११९.४८ प्रतिशत रहेको छ ।

विगत ५ वर्षमा आन्तरिकतर्फ १५२·४४ प्रतिशत र बाह्यतर्फ ९४.९७ र समग्रमा ११९·४७ प्रतिशत ऋण दायित्वमा वृद्धि भएको छ । आर्थिक वर्ष २०७४।७५ मा प्रतिनागरिक ऋण भार रु.३५ हजार रहेकोमा २०७९ आषाढ मसान्तमा प्रतिनागरिक ऋण भार ९७ प्रतिशतले वृद्धि भई रु.६९ हजार पुगेको छ । ऋण दायित्वमा वृद्धि हुँदा यसको साँवा, ब्याज, कमिशन, प्रतिवद्धता शुल्क लगायतका शुल्क

भुक्तान गर्न कठिनाई पर्ने हुनाले यसको उपयोग र उपलब्धी अपेक्षा अनुरुप छ, छैन भन्ने कुरामा विशेष निगरानी गर्नुपर्दछ ।

१८.४. लागत अनुमान (मूल्य अभिवृद्धि कर वाहेक) आरएमवि १ अर्ब ३६ करोड ३७ लाख (USD २१५.९६५ Million) भएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थल, कास्कीको निर्माणको लागि नेपाल सरकार र एक्सपोर्ट इम्पोर्ट बैंक चाईनासँग ब्याज रहित २५ प्रतिशत ३५.५९ करोड आर.एम.वि. र २ प्रतिशत ब्याजमा १ अर्ब २ करोड २८ लाख आर.एम.वि. समेत कुल १ अर्ब ३७ करोड ८७ लाख आर.एम.वि. वैदेशिक ऋण सम्झौता भएको थियो । विमान स्थल निर्माण गर्न नेपाल सरकार र नेपाल नागरिक उड्डयन प्राधिकरणबीच ५ प्रतिशत ब्याज दरमा सहायक ऋण सम्झौता भएकोमा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको वार्षिक प्रतिवेदनमा हालसम्म प्राप्त भएको र भुक्तानी भएको सावाँ ब्याज सम्बन्धमा वैदेशिक ऋण दायित्वमा समावेश भएको छैन । हाल नेपाली रकम रु.१९ अर्ब ३२ करोड ५३ लाख वैदेशिक ऋण एक्सपोर्ट इम्पोर्ट बैंक चाईनालाई भुक्तानी गर्न बाँकी रहेको र हालसम्म ब्याज, व्यवस्थापकिय लगायत विभिन्न खर्च गरी कुल रु.८१ करोड भुक्तानी भएको छ। एक्सपोर्ट इम्पोर्ट बैंक चाईनालाई भुक्तानी गर्नुपर्ने वैदेशिकऋण समावेश गर्दा नेपाल सरकारले भुक्तानी गर्नुपर्ने वैदेशिक ऋण दायित्व हाल देखिएको कूल वैदेशिक ऋण दायित्वमा रु.१९ अर्ब ३२ करोड थप भई रु.१० खर्व ४५ अर्ब १७ करोड हुन आउने देखिन्छ । यसरी सार्वजनिक ऋणको कुल दायित्वमा सवै ऋण रकम समावेश नहुँदा सरकारले गणना गर्ने विभिन्न आर्थिक सूचकहरुमा समेत असर गर्ने देखिन्छ । नेपाल सरकारले भुक्तानी गर्नुपर्ने सम्पूर्ण दायित्व समावेश गरी यथार्थपरक जानकारी प्रदान हुने गरी वार्षिक प्रतिवेदन तयारी गर्नुपर्दछ ।

१९. **बजेट खर्चमा सार्वजनिक ऋणको हिस्सा** – नेपाल सरकारले बार्षिक बजेटलाई चालु खर्च, पूँजीगत खर्च, वित्त व्यवस्थापन र वित्तीय हस्तान्तरणमा वर्गीकरण गरी खर्च गर्ने गरेको छ । कुल खर्चमा आन्तरिक तथा वैदेशिक ऋण समावेश हुने गरेको छ । वार्षिक बजेट खर्चमा सार्वजनिक ऋणको हिस्सा देहाय बमोजिम छः

बार्षिक बजेट खर्च र सार्वजनिक ऋणको विवरण

(रकम रु· करोडमा)

आर्थिक वर्ष	अनुमानित बार्षिक बजेट र प्रस्तावित ऋण रकम					बजेट खर्च		प्राप्त ऋण रकम			कुल खर्चमा ऋणको हिस्सा
	बजेट रकम	आन्तरिक ऋण	बाह्य ऋण	कुल ऋण	कुल बजेटमा सार्वजनिक ऋणको हिस्सा	रकम	प्रतिशत	आन्तरिक	बाह्य	जम्मा	
२०७४।७५	१२७८९९	१४५००	२१४०४	३५९०४	२८.०७	१०८४६८	८४.८१	१४४७५	९३४५	२३८२०	२१.९६
२०७५।७६	१३१५१६	१७२००	२५३०३	४२५०३	३२.३२	१११०४६	८४.४४	९६३८	९४४०	१९०७८	१७.१८
२०७६।७७	१५३२९७	१९५००	२९८८३	४९३८३	३२.२१	१०९११४	७१.१८	१९४९०	१६२६१	३५७५१	३२.७६
२०७७।७८	१४७४६५	२२५००	२९९५०	५२४५०	३५.५७	१११९६८	८१.१५	२२४०१	१३०८७	३५४८८	२९.६६
२०७८।७९	१६३२८२	२३९००	२८३०८	५२२०८	३१.९७	१३०९८७	८०.२२	२३१८५	१३३०८	३६४९३	२७.८६

स्रोतःवार्षिक प्रतिवेदन,सार्वजनिक ऋण व्यवस्थापन कार्यालय र बजेट वक्तव्य, अर्थ मन्त्रालय

१९.१. उल्लिखित विवरण अनुसार आर्थिक वर्ष २०७४।७५ देखि २०७८।७९ मा बजेट पेश गर्दा सार्वजनिक ऋणको हिस्सा क्रमशः २८.०७ प्रतिशत, ३२.३२ प्रतिशत, ३२.२१ प्रतिशत, ३५.५७ प्रतिशत र ३१.९६ प्रतिशत रहेकोमा वास्तविक खर्चको आधारमा ऋणको हिस्सा क्रमशः २१.९६ प्रतिशत, १७.१८ प्रतिशत, ३२.७६ प्रतिशत, २९.६६ प्रतिशत र २७.८६ प्रतिशत रहेको छ ।

१९.२. आर्थिक वर्ष २०७७।७८ मा सबैभन्दा बढी ३५.५७ प्रतिशत र आर्थिक वर्ष २०७४।७५ मा सबैभन्दा कम २८.०७ प्रतिशत ऋणबाट पूर्ति गर्ने गरी बजेट पेश गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा सबैभन्दा बढी ३२.७६ प्रतिशत र आर्थिक वर्ष २०७५।७६ मा सबैभन्दा कम १७.१८ प्रतिशत बजेट ऋणबाट व्यहोरिएको छ ।



१९.३. प्रस्तावित बजेटको तुलनामा बजेट खर्च कम हुँदा समेत आन्तरिक ऋण रकम सोहि अनुपातमा घटेको देखिएन । उदाहरणको लागि आर्थिक वर्ष २०७४।७५ देखि २०७८।७९ सम्ममा प्रस्तावित बजेटको तुलनामा क्रमशः ८४.८१ प्रतिशत, ८४.४४ प्रतिशत, ७१.१८ प्रतिशत, ८१.१५ प्रतिशत र ८०.२२ प्रतिशत मात्र बजेट खर्च भएकोमा आन्तरिक ऋण लक्ष्यको तुलनामा क्रमशः ९९.८३ प्रतिशत, ५६.०३ प्रतिशत, ९९.९५ प्रतिशत, ९९.५६ प्रतिशत र ९२.७४ प्रतिशत उठाइएको छ ।

सरकारले २८.०७ प्रतिशत देखि ३५.५७ प्रतिशतसम्म र औषतमा करिब ३२.६५ प्रतिशत घाटा बजेटको पूर्तिको स्रोतको रुपमा सार्वजनिक ऋणलाई बजेटमा समावेश गरेको छ । विगत ५ आर्थिक वर्षमा ७१.१८ प्रतिशत बजेट कार्यान्वयन हुँदा १७.१८ प्रतिशत देखि ३२.७६ प्रतिशत र औषतमा २५.८६ प्रतिशत सार्वजनिक ऋण परिचालन भएको छ । आन्तरिक ऋणको बार्षिक सिमा तथा वैदेशिक ऋणको कुल सिमा कानूनवाट रकमगत रुपमा तोकिएको र हालको ऐनमा वैदेशिकको हकमा कुल गार्हस्थ उत्पादनलाई आधार मानिएकोले र प्रस्तावित बजेटमा न्यून बजेटको रकम कति प्रतिशतसम्म हुन सक्ने भन्ने सम्बन्धमा कुनै स्पष्ट नीति नभएकोले बजेटको एक तिहाइभन्दा बढी रकम ऋणबाट पूर्ति गर्ने गरी बजेट प्रस्ताव गरेको देखियो । बजेटमा सन्तुलन नभएमा छोटो समयमा ऋण दायित्वको सीमा नाघ्न सक्ने भएकोले न्यून बजेटको सीमा तोक्ने सम्बन्धमा समेत स्पष्ट कानूनी तथा नीतिगत व्यवस्था गर्नु उपयूक्त हुने देखिन्छ । वैदेशिक सहयोगमा सञ्चालित आयोजनाको प्रगति लक्ष्यबमोजिम नहुँदा कम ब्याज दरको सहुलियतपूर्ण वैदेशिक ऋण प्राप्त नहुने र लक्ष्यबमोजिम राजस्व असुली नहुने अवस्थामा सोको पूर्ति आन्तरिक ऋणबाट गर्नुपर्ने र मौद्रिक बजारको अवस्था अनुसार अधिक ब्याज दरमा ऋण लिनुपर्ने अवस्था समेत सिर्जना हुनसक्ने भएकोले वैदेशिक ऋणबाट सञ्चालित आयोजनाको लक्ष्य बमोजिम बार्षिक प्रगति हासिल गर्ने र लक्ष्य अनुसार राजस्व सङ्कलन गरी सार्वजनिक ऋण माथिको निर्भरता कम गर्नुपर्दछ । साथै ऋण रकमलाई खर्चको शीर्षक र संकेतसंग आबद्ध गरी तोकिएको कार्यमा मात्र खर्च हुने गरी आवश्यक व्यवस्था गर्नुपर्दछ ।

२०. **सार्वजनिक ऋण भुक्तानी** – कुल गार्हस्थ उत्पादन,राजस्व प्राप्ति र सार्वजनिक ऋणको भुक्तानी अवस्था निम्नानुसार रहेको छः

राजस्वको वार्षिक वृद्धिदर र सार्वजनिक ऋणको वृद्धिदरको तुलनात्मक विवरण

(रकम रु. करोडमा)

आर्थिक वर्ष	राजश्व प्राप्ति		सार्वजनिक ऋण भुक्तानी						
	रकम	वृद्धि	साँवा	राजश्वको तुलनामा	ब्याज	राजश्वको	कुल	राजश्वको तुलनामा	प्रतिशत

		प्रतिशत		भुक्तानी प्रतिशत		तुलनामा भुक्तानी प्रतिशत		भुक्तानी प्रतिशत	परिवर्तन
२०७४।७५	७२६७२	१८.६२	५५६७	७.६६	१,६२४	२.२३	७१९१	९.९०	०.८८
२०७५।७६	७४२६३	२.१९	५४३५	७.३२	२,०७१	२.७९	७५०६	१०.११	४.३८
२०७६।७७	७५३०६	१.४	५७५४	७.६४	२,६०६	३.४६	८३६०	११.१०	११.३८
२०७७।७८	८६५३८	१४.९१	६०१७	६.९५	३,४६३	४.	९४८०	१०.९५	१३.४०
२०७८।७९	९८६००	१३.९३	७६७५	७.७८	४,५०३	४.५७	१२१७८	१२.३५	२८.४६
औषत	८१४७६	१०.२१	६०९०	७.४७	२८५३	३.४१	८९४३	१०.८८	११.७०

स्रोत:वार्षिक प्रतिवेदन, महालेखा नियन्त्रक कार्यालय

नेपाल सरकारको ऋण दायित्वको वार्षिक प्रतिवेदन, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय



उल्लिखित विवरण अनुसार आर्थिक वर्ष २०७४।७५ देखि २०७८।७९ को अवधिमा सर्वसञ्चित कोषमा दाखिला हुने राजस्वमा वार्षिक क्रमशः १८·६२, २·१९, १·४०, १४·९१ र १३·९३ प्रतिशतले वृद्धि भएको छ भने सोहि अवधिमा सार्वजनिक ऋण साँवा ब्याज भुक्तानी ०.८८ प्रतिशतदेखि २८.४६ प्रतिशतसम्म वृद्धि भई औषतमा ११.७० प्रतिशत वृद्धि भएको छ । आर्थिक वर्ष २०७४।७५ देखि २०७८।७९ सम्म औषतमा राजश्वको ७.४७ प्रतिशत साँवा र ३.४९ प्रतिशत ब्याज भुक्तानी भई कुल साँवा ब्याज भुक्तानी १०.८८ प्रतिशत रहेको छ ।

२१. **कुल गार्हस्थ उत्पादन र सार्वजनिक ऋण -** विगत ५ वर्षको ऋण दायित्व तथा कुल गार्हस्थ उत्पादनमा ऋण दायित्वको प्रतिशत देहायबमोजिम छ :

कुल गार्हस्थ उत्पादन र सार्वजनिक ऋणको विवरण

(रकम रु. करोडमा)

विवरण	आर्थिक वर्ष				
	२०७४।७५	२०७५।७६	२०७६।७७	२०७७।७८	२०७८।७९
आन्तरिक ऋण*	३९११६	४५३२३	६१३७४	८०२९४	९८७४५
वैदेशिक ऋण*	५२६१५	५९४९३	८१९६७	९३४६९.५२	१०२५८५
जम्मा ऋण दायित्व *	९१७३२	**१०४८१६**	**१४३३४०**	**१७३७६४**	२०१३३०
कुल गार्हस्थ उत्पादन(आम्दानी र वचत विधिको प्रचलित मूल्यमा रहेको उत्पादको मूल्यको आधारमा गणना गरिएको)#	३४५५९५	३८५८९३	३८८८७०	४२७७३०	४८५१६२
कुल गार्हस्थ उत्पादनको तुलनामा आन्तरिक ऋण प्रतिशत	**११.३२**	**११.७४**	**१५.७८**	**१८.७७**	**२०.३५**
कुल ग्रहस्थ उत्पादनको तुलनामा बाह्य ऋण प्रतिशत	**१५.२२**	**१५.४२**	**२१.०८**	**२१.८५**	**२१.१४**
कुल गार्हस्थ उत्पादनको तुलनमा ऋण दायित्व प्रतिशत	**२६.५४**	**२७.१६**	**३६.८६**	**४०.६२**	**४१.५०**
कुल गार्हस्थ उत्पादन वढोत्तरी	**१२.३१**	**११.६६**	**०.७७**	**९.९९**	**१३.४३**
ऋण दायित्व वढोत्तरी	**३१.४७**	**१४.२६**	**३६.७५**	**२१.२३**	**१५.८६**

स्रोतः * नेपाल सरकारको ऋण दायित्वको वार्षिक प्रतिवेदन २०७९।७९, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

आर्थिक सर्वेक्षण, २०७८।८९, अनुसूची १.८, अनुसूची पृष्ठ ८, अर्थ मन्त्रालय

२१.१. उल्लिखित तालिका अनुसार आर्थिक वर्ष २०७४।७५ मा आन्तरिक ऋण कुल गार्हस्थ उत्पादनको ११.३२ प्रतिशत र वैदेशिक ऋण १५.२२ समेत कुल ऋण दायित्व कुल गार्हस्थ उत्पादनको २६.५४ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८।७९ सम्ममा आन्तरिक ऋण २०.३५ प्रतिशत र वैदेशिक ऋण २१.१४ प्रतिशत समेत राष्ट्रको ऋण दायित्व कुल गार्हस्थ उत्पादनको ४१.५० प्रतिशत पुगेको छ ।



२१.२. आर्थिक वर्ष २०७४।७५ देखि २०७८।७९ सम्म कुल गार्हस्थ उत्पादन वृद्धि दर क्रमशः १२.३१ प्रतिशत, ११.६६ प्रतिशत, ०.७७ प्रतिशत, ९.९९ प्रतिशत र १३.४३ प्रतिशत रहेकोमा उक्त वर्षहरुमा ऋण दायित्वको वृद्धि प्रतिशत क्रमशः क्रमशः३१.४७ प्रतिशत, १४.२६ प्रतिशत, ३६.७५ प्रतिशत, २१.२३ प्रतिशत र १५.८६ प्रतिशत रहेको छ।



आर्थिक वर्ष २०७४।७५ देखि २०७८।७९ सम्म कुल गार्हस्थ उत्पादनको तुलनामा सार्वजनिक ऋण दायित्वको वृद्धि दर बढी रहेको देखिन्छ । कुल गार्हस्थ उत्पादनको वृद्धि दर र सार्वजनिक ऋण दायित्वको वृद्धिदरमा सामान्जस्यता नभएमा छोटो समयमै सार्वजनिक ऋणको अंश कुल गार्हस्थ उत्पादनको तुलनामा बढ्दै जाने र ऋणको सीमा नाघ्न सक्ने देखिएकोले न्यून बजेट पूर्ति गर्न सार्वजनिक ऋण प्राप्त गर्दा कुल गार्हस्थ उत्पादनको वृद्धि र ऋण रकमको वृद्धिदर समेत बिश्लेषण गर्नुपर्दछ ।

२२. **कुल गार्हस्थ उत्पादन र राजस्व वृद्धिदर -** राष्ट्र ऋणको सीमा निर्धारण गर्ने आधारहरुमध्ये कुल गार्हस्थ उत्पादन र राजस्व प्राप्ति हो । नेपालको विगत ५ आर्थिक वर्षको कुल कुल गार्हस्थ उत्पादन तथा यसको वृद्धि दर तथा राजस्व र यसको वृद्धि दरको अवस्था देहाय बमोजिम छ ।

कुल गार्हस्थ उत्पादनको वृद्धिदर र राजस्वको वृद्धिदरको तुलनात्मक विवरण

(रकम रु. करोडमा)

आर्थिक वर्ष	कुल गार्हस्थ उत्पादन (आम्दानी र वचत विधिको प्रचलित मूल्यमा रहेको उत्पादको मूल्यको आधारमा गणना गरिएको) #		राजस्व		सार्वजनिक ऋण	
	रकम	प्रतिशत परिवर्तन	रकम	वृद्धि प्रतिशत	रकम	वृद्धि
२०७४।७५	३४५५९५	१२.३१	७२६७२	१८.६२	९१७३२	३१.४७
२०७५।७६	३८५८९३	११.६६	७४२६३	२.१९	१०४८१६	१४.२६
२०७६।७७	३८८८७०	०.७७	७५३०६	१.४०	१४३३४०	३६.७५
२०७७।७८	४२७७३०	९.९९	८६५३८	१४.९१	१७३७६४	२१.२२
२०७८।७९	४८५१६२	१३.४३	९८६००	१३.९३	२०१३३०	१५.८६

स्रोतः नेपाल सरकारको ऋण दायित्वको वार्षिक प्रतिवेदन २०७९।७९, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय
नेपाल सरकारको आय व्ययको वार्षिक विवरण,महालेखा नियन्त्रक कार्यालय
आर्थिक सर्वेक्षण, २०७८।८९, अनुसूची १.८, अनुसूची पृष्ठ ८, अर्थ मन्त्रालय

उल्लिखित विवरण अनुसार आर्थिक वर्ष २०७४।७५ मा कुल गार्हस्थ उत्पादनको वृद्धि दर १२.३१ प्रतिशत रहेकोमा राजस्व वृद्धि दर १८.६२ प्रतिशत रहेकोले कुल गार्हस्थ उत्पादनको तुलनामा राजस्वको वृद्धि ६.३१ प्रतिशत बढी रहेको छ । त्यस्तै आर्थिक वर्ष २०७५।७६ मा कुल गार्हस्थ उत्पादनको तुलनामा राजस्वको वृद्धि ९.४७ प्रतिशतले घटेको र आर्थिक वर्ष २०७६।७७, २०७७।७८ र २०७८।७९ मा क्रमसः ०.६३, ४.९२ र ०.५० प्रतिशत बढी वृद्धि भएको छ । सार्वजनिक ऋणको सिमा निर्धारण गर्दा कुल गार्हस्थ उत्पादनलाई प्रमुख आधारको रुपमा लिने गरिएको छ । तर कुल गार्हस्थ उत्पादनको तुलनामा राजस्वमा वृद्धि नभएमा ऋण रकमको साँवा तथा ब्याज भुक्तानीमा असर पर्ने कुरालाई विचार गर्नुपर्ने देखिन्छ । साथै कुल गार्हस्थ उत्पादनको वृद्धि दर र राजस्वको वृद्धि दरमा सामान्जस्यता नहुने कारण समेत विश्लेषण हुनुपर्दछ ।



२३. **वैदेशिक ऋणको संरचनात्मक स्थितिः** वहुपक्षिय तथा द्विपक्षीय ऋण उपयोग सम्बन्धमा अन्तर्निहित जोखिम, लाभ तथा लागतका आधारमा उपयुक्त रणनीति अवलम्वन गर्नु पर्दछ । नेपाल सरकारको गत ५ वर्षको वैदेशिक ऋणको संरचना निम्नानुसार रहेको छः

२३.१. नेपालले भारत, चिन, जापान, दक्षिण कोरिया, फ्रान्स, लगायतबाट द्विपक्षीय तथा विश्व बैंक, एशियाली विकास बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, अन्तर्राष्ट्रिय कृषि विकास कोष लगायतबाट बहुपक्षीय ऋण प्राप्त गरेको छ । द्विपक्षीय तथा बहुपक्षीय ऋण दायित्वको अवस्था देहायबमोजिम छ :

वैदेशिक ऋण दायित्वको स्रोतगत संरचना

(रकम रु.करोडमा)

स्रोत	आर्थिक वर्ष

	२०७४।७५	२०७५।७६	२०७६।७७	२०७७।७८	२०७८।७९
द्विपक्षीय	५४१९	७०२३	९८३२	११२७०	१३१३८
बहुपक्षीय	४७१९७	५२४७०	७२१३५	८२२००	८९४४६
जम्माः	**५२६१६**	**५९४९३**	**८१९६७**	**९३४७०**	**१०२५८५**
द्विपक्षीय (प्रतिशतमा)	१०.३०	११.८०	१२.००	१२.०६	१२.८१
बहुपक्षीय (प्रतिशतमा)	८९.७०	८८.२०	८८.००	८७.९४	८७.१९

स्रोतः नेपाल सरकारको ऋण दायित्वको वार्षिक प्रतिवेदन, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

आर्थिक वर्ष २०७४।७५ मा द्विपक्षीय वैदेशिक ऋण रु.५४ अर्ब १९ करोड रहेकोमा आर्थिक वर्ष २०७८।७९ सम्ममा १४२·४४ प्रतिशत वृद्धि भई रु.१ खर्व ३१ अर्ब ३८ करोड पुगेको छ । त्यस्तै बहु पक्षीय ऋण रकम आर्थिक वर्ष २०७४।७५ मा रु.४ खर्ब ७१ अर्ब ९७ करोड रहेकोमा आर्थिक वर्ष २०७८।७९ सम्ममा ८९·५१ प्रतिशत वृद्धि भई रु.८ खर्ब ९४ अर्ब ४६ करोड पुगेको छ ।



आर्थिक वर्ष २०७४।७५ मा कुल वैदेशिक ऋणमा द्विपक्षीय ऋणको हिस्सा १०·३० प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८।७९ सम्ममा २.५१ प्रतिशत वृद्धि भई १२.८१ पुगेको छ । त्यस्तै बहुपक्षीय ऋणको हिस्सा आर्थिक वर्ष २०७४।७५ मा ८९.७० प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८।७९ सम्ममा २.५० प्रतिशतले घटी ८७.१९ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०७८।७९ मा कुल वैदेशिक ऋणमा द्विपक्षीय दातृ निकायको हिस्सा १२.८१ र बहुपक्षीय दातृ निकायको हिस्सा ८७.१९ प्रतिशत रहेको छ ।

२३.२. नेपालले भारत, चिन, जापान, दक्षिण कोरिया, फ्रान्स, लगायतबाट द्विपक्षीय तथा विश्व बैंक, एशियाली विकास बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, अन्तर्राष्ट्रिय कृषि विकास कोष लगायतबाट बहुपक्षीय ऋण प्राप्त गरेको छ।आर्थिक वर्ष २०७८।७९ मा द्विपक्षीय ऋणको १२.८१ प्रतिशतमध्ये सबैभन्दा बढी जापान सरकारको ४.७७ प्रतिशत त्यसपछि क्रमशः भारत सरकारको ३.५४ प्रतिशत, चिन सरकारको ३.४४ प्रतिशत, र दक्षिण कोरिया सरकारको ०.५८ प्रतिशत रहेको छ भने अन्य ४ देशको ०.४७ प्रतिशत रहेको छ । त्यस्तै बहुपक्षीय ऋण ८७.१९ प्रतिशतमध्ये विश्व बैंकको ४९.६९ प्रतिशत, एशियाली विकास बैंकको ३०.७१ प्रतिशत, अन्तर्राष्ट्रिय मुद्राकोषको ४.२६ प्रतिशत र अन्य संस्थाको २.५४ प्रतिशत रहेको छ । वैदेशिक ऋणको दातृ निकायगत स्थिति देहाय अनुसार छ ।

वैदेशिक ऋणको दातृ निकायगत विवरण

(रकम रु. करोडमा)

स्रोत	दातृ निकाय	आर्थिक बर्ष					प्रतिशत
		२०७४।७५	२०७५।७६	२०७६।७७	२०७७।७८	२०७८।७९	%
द्विपक्षिय	बेल्जियम	८५.४५	७५.८१	७६.५१	७८.५२	५७.३३	०.०६
	दक्षिण कोरिया	६०७.२९	५९०.९७	६३३.५१	६५७.५१	५९७.२७	०.५८
	भारत	९१७.९१	१,३५१.७९	२,५६३.४७	३,०७६.२५	३६३५.८७	३.५४
	जापान	२,२३०.३०	२,९७१.४१	३,७५६.१७	४,११५.३२	४८८९.२९	४.७७
	कुवेत	३१.०७	५८.७३	९५.३९	११८.७२	१४७.०७	०.१४
	फ्रान्स	४२.९८	३३.३८	३०.६०	३१.४०	१३.९४	०.०१
	साउदी फण्ड	१००.१३	९२.७३	६५.१९	६४.४८	२६७.९०	०.२६
	चिन	१,३९९.१७	१,८४६.८३	२,६१०.९९	३,१२७.५५	३५२९.७२	३.४४
	जम्मा	**५,४१८.८७**	**७,०२३.३६**	**९,८३१.८२**	**११,२६९.७५**	**१३१३८.३९**	**१२.८१**
बहुपक्षीय	ए.डी.वी.	१९,११२.६९	२०,८१६.०१	२७,३४८.४१	२९,३८३.८५	३१५०१.२२	३०.७१
	ई.ई.सी.	३०.६७	२६.८६	२६.६९	२४.६९	१९.६५	०.०२
	ई.आई.बी.	३६.४४	३६.६४	४०७.२१	४०२.७३	५५९.६३	०.५५
	ए.आई.आई.बी.				३.३६	३.६०	०
	आई.डी.ए.	२६,३७४.८४	२९,९१९.२१	३९,०८९.४६	४७,११७.३१	५०९७०.२९	४९.६९
	आई.एफ.ए.डी.	८३२.९७	८२३.७३	९८७.४७	९६४.९८	१०१८.४५	०.९९
	आई.एम.एफ.			३,२३८.५०	३,२८१.८२	४३६७.१९	४.२६
	एन.डी.एफ.	२२८.६३	२०९.९१	२२०.७८	२१४.३०	१८१.७४	०.१८
	ओपेक	५८०.३१	६३७.१४	८१६.३७	८०६.७३	८२४.५४	०.८
	जम्मा:	**४७,१९६.५५**	**५२,४६९.५१**	**७२,१३४.८८**	**८२,१९९.७७**	**८९४४६.३१**	**८७.१९**
	कुलजम्मा:	**५२,६१५.४२**	**५९,४९२.८७**	**८१,९६६.७१**	**९३,४६९.५२**	**१०२५८४.७०**	**१००**

स्रोतः नेपाल सरकारको ऋण दायित्वको वार्षिक प्रतिवेदन, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

सरकारले अपनाएको अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति अनुरुप हुने गरी ऋणका शर्त, ब्याज दर, मूद्रागत आधार र अन्य लागत समेत विचार गरी द्विपक्षीय र बहुपक्षीय ऋणको उचित संयोजन सम्बन्धी रणनीति तय गर्नुपर्ने देखिन्छ ।

२४. **स्रोत हस्तान्तरण -** आर्थिक वर्ष २०७४।७५ देखि २०७८।७९ सम्मवार्षिक रुपमा प्राप्त भएको वैदेशिक ऋणको ७२.३१ देखि ८२.२९ प्रतिशतसम्म र कुल वैदेशिक ऋणको ९.३८ देखि १६.३२ प्रतिशतसम्म स्रोत हस्तान्तरण भएको छ । वैदेशिक स्रोत हस्तान्तरण आर्थिक वर्ष २०७६।७७ सम्म वढ्दो अवस्थामा भएकोमा त्यस पछि आर्थिक वर्ष २०७८।७९ सम्म घट्दो अवस्थामा रहेको छ । वैदेशिक ऋण ५ वर्ष अवधिमा करिव १.९४ गुणा वृद्धि भएको अवस्थामा समेत वैदेशिक स्रोत हस्तान्तरण घट्दो अवस्थामा रहेको छ ।

वैदेशिक स्रोत हस्तान्तरण

(रकम रु. करोडमा)

आर्थिकवर्ष	कुल वैदेशिक ऋण	वैदेशिक ऋणको वार्षिकसावा ब्याज भुक्तानी	वार्षिक वैदेशिक ऋणप्राप्ति	स्रोत हस्तान्तरण	वार्षिक वैदेशिक ऋण र स्रोत हस्तान्तरण %	कुल वैदेशिक ऋण र स्रोत हस्तान्तरण %
२०७४।७५	५२६१५	२२४५	९३४५	७१००	७५.९८	१३.४९
२०७५।७६	५९४९३	२४५५	९४४०	६९८५	७३.९९	११.७४
२०७६।७७	८१९६७	२८८०	१६२६१	१३३८१	८२.२९	१६.३२
२०७७।७८	९३४७०	२९४४	१३०८७	१०१४३	७७.५०	१०.८५
२०७८।७९	१०२५८५	३६८५	१३३०८	९६२३	७२.३१	९.३८

स्रोतः नेपाल सरकारको ऋण दायित्वको वार्षिक प्रतिवेदन, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

दोहोरो अङ्कमा वृद्धि भएको वैदेशिक ऋणको ग्रेस अवधि समाप्त हुँदा वैदेशिक स्रोत हस्तान्तरण अझै घट्ने देखिन्छ । लागतका आधारमा साँवा ब्याज तथा वैदेशिक ऋण प्राप्तिको उपयुक्त रणनीति अवलम्बन गर्नुपर्दछ ।

२५. **वैदेशिक ऋण रव्यापार तथा विप्रेषण अवस्था -** आर्थिक वर्ष २०७४।७५ देखि २०७८।७९ सम्म नेपालको वैदेशिक ऋणको साँवा ब्याजको भुक्तानीमा वैदेशिक मुद्रा संचितिको २.०३ देखि ३.०३ प्रतिशतसम्म, निर्यात व्यापारको १८.४२ देखि २७.६१ प्रतिशत र विप्रेशणको ३.०६ देखि ३.६६ प्रतिशतसम्म प्रयोग भएको छ । वैदेशिक ऋण प्राप्ति, साँवा ब्याज भुक्तानी, वैदेशिक व्यापार तथा विप्रेषण अवस्था देहाय बमोजिम रहेको छ ।

वैदेशिक ऋण प्राप्ति, साँवा ब्याज भुक्तानी, वैदेशिक व्यापार तथा विप्रेषण अवस्था

(रकम रु. करोडमा)

आर्थिकवर्ष	नेपालको आयात व्यापार	नेपालको निर्यात व्यापार	वार्षिक वैदेशिक ऋण प्राप्ति	वैदेशिक ऋणको वार्षिकसाँवा ब्याज भुक्तानी	विप्रेशण	वैदेशिकमुद्रा सञ्चिती	वैदेशिक ऋण साँवा ब्याज भुक्तानी प्रतिशत तुलना		
							वैदेशिक मुद्रा संचिति	निर्यात व्यापार	विप्रेशण
२०७४।७५	१२४५१९	८१३२	९३४५	२२४५	७५५०६	११०२५९	२.०३	२७.६१	२.९७
२०७५।७६	१४१८५३	९७११	९४४०	२४५५	८७९२७	१०३८९२	२.३६	२५.२८	२.७९
२०७६।७७	११९६७९	९७७१	१६२६१	२८८०	८७५०३	१४०१८४	२.०५	२९.४७	३.२९
२०७७।७८	१५३९८३	१४११२	१३०८७	२९४४	९६१०५	१३९९०३	२.१०	२०.८६	३.०६
२०७८।७९	१९२०४४	२०००३	१३३०८	३६८५	१००७३१	१२१५८०	३.०३	१८.४२	३.६६

स्रोतः वार्षिक प्रतिवेदन, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, विभिन्न प्रतिवेदन, व्यापार तथा निर्यात प्रवर्धन केन्द्र

सार्वजनिक ऋणको साँवा तथा भुक्तानीको लागि आवश्यक पर्ने वैदेशिक मुद्राको स्रोत, यसको संचिति अवस्था सम्बन्धमा अध्ययन विश्लेषण गरी सोत व्यवस्थापन गर्नुपर्दछ ।

२६. **आन्तरिक ऋणको संरचना -** राष्ट्र ऋण ऐन, २०५९ को दफा ३ मा उल्लेख भए अनुसार सरकारले ट्रेजरी बिल, विकास ऋण पत्र, नागरिक बचत पत्र, राष्ट्रिय बचतपत्र लगायतका औजार प्रयोग गरी आन्तरिक ऋण उठाउन सक्ने व्यवस्था छ । आर्थिक वर्ष २०७८।७९ सम्म आन्तरिक ऋण दायित्व रु.९ खर्ब ८७ अर्ब ४४ करोड रहेकोछ । गत ५ वर्षको आन्तरिक ऋणको संरचनात्मक स्थिति देहाय बमोजिम छ ।

आन्तरिक ऋणको संरचनात्मक स्थिति

(रकम रु. करोडमा)

क्र.सं.	विवरण	आर्थिक वर्ष					प्रतिशत
		२०७४।७५	२०७५।७६	२०७६।७७	२०७७।७८	२०७८।७९	
१.	राष्ट्रिय बचतपत्र	९१	०	०	०	०	०.००
२.	नागरिक बचतपत्र	८७२	८३८	७६४	६६०	९१४	०.९३
३.	विकास ऋण पत्र	२३५९०	२९७३५	३८९९५	५१३९५	६२०४५	६२.८३
४.	वैदेशिक रोजगारपत्र	५३	४५	४१	१९	१९	०.०२
५.	ब्याजमा आधारितट्रेजरी बिल	१६०२	१६०२	१६०२	१३७९	१५१३	१.५३
६	बट्टा दरमा आधारितट्रेजरी	१२८८३	१३०७७	१९९२०	२६५८०	३४०७१	३४.५०
७	अन्तर्राष्ट्रिय मुद्राकोष मूल्य	२६	२६	५२	२६२	१८३	०.१९
	जःम्माः	**३९११७**	**४५३२३**	**६१३७४**	**८०२९५**	**९८७४५**	**१००.००**

स्रोतः नेपाल सरकारको ऋण दायित्वको वार्षिक प्रतिवेदन, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

२६.१. उल्लिखित विवरण अनुसार आन्तरिक ऋणमा सबैभन्दा बढी विकास ऋण पत्रको हिस्सा ६२.८३ प्रतिशत रहेको छ । त्यस्तै बट्टा दरमा आधारित ट्रेजरी बिलको हिस्सा ३४.७० प्रतिशत, ब्याज दरमा आधारित ट्रेजरी बिलको हिस्सा १.५३ प्रतिशत, नागरिक बचतपत्रको हिस्सा ०.९३ प्रतिशत र वैदेशिक रोजगारपत्रको हिस्सा ०.०२ प्रतिशत रहेको छ । एस डि आर मुद्राको विनिमयदरको समायोजन बापतको रकम समेत आन्तरिक ऋणमा समावेश गरिएको छ । उक्त मुद्रा समायोजन बापतको रकम आन्तरिक ऋणको ०.१८ प्रतिशत रहेको छ । कुल आन्तरिक ऋणमा विकास ऋण पत्र र ट्रेजरी बिलको हिस्सा ९९.०६ प्रतिशत रहेको देखियो ।

२६.२. वैदेशिक रोजगारीमा गएका नागरिकलाई लक्षित गरी १० देखि १२.५० प्रतिशत ब्याज दरमा वैदेशिक रोजगारमा गएका नागरिको लागि जारी गरिएको वैदेशिक रोजगारपत्र अपेक्षित रुपमा सफल भएको देखिएन । आर्थिक वर्ष २०७४।७५ मा उक्त ऋण दायित्व रु.५३ करोड रहेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु.१८ करोड रहेको छ ।

आन्तरिक ऋणको ३४.७० प्रतिशत हिस्सा ओगटेको ट्रेजरी विलको वट्टा दर अर्थतन्त्रको परिवेश अनुसार निर्धारण भई नविकरण हुने गरेको छ । आन्तरिक ऋणको दोस्रो प्रमुख उपकरणको ब्याजदर वार्षिक ५.३५ देखि ९.२३ प्रतिशत रहेको छ । ऋणको प्रभावकारी लागत अध्ययन गरी सोही अनुसार सार्वजनिक ऋण प्राप्त गर्ने रणनीति अवलम्वन गर्नु पर्दछ ।

२७. **सार्वजनिक ऋणको उपयोग** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६को दफा १४ मा राजश्व र व्ययको अनुमान पेश गर्ने तथा दफा १५ को उपदफा ३ मा प्रशासनिक खर्च व्यहोर्न घाटा बजेट पेश गर्न नसकिने उल्लेख छ । आर्थिक वर्ष २०७८।७९ मा आन्तरिक ऋणवाट रु.१ खर्व ८८ अर्व ५४ करोड ८९ लाख खर्च भएको छ । उल्लिखित खर्च मध्ये चालु खर्च अन्तर्गत पर्ने खर्च कोड नम्वर २११०० देखि २६४०० सम्म रु.८१ अर्व ५७ करोड ८३ लाख खर्च भएकोमा प्रदेश तथा स्थानीय तह अनुदान रु.४९ अर्व ४० करोड २२ लाख, सरकारी निकाय, समिति, बोर्ड तथा अन्य सँस्थालाई पूँजीगत अनुदान रु.११ अर्व ४७ करोड १६ लाख र वाँकी पारिश्रमिक, तलव, कार्यालय सञ्चालन लगायतको प्रशासनिक खर्च रु.२० अर्व ७० करोड ४५ लाख खर्च भएको छ । त्यस्तै वैदेशिक ऋणवाट खर्च कोड नम्वर २११०० देखि २६४०० सम्म रु.७ अर्व १७ करोड ८९ लाख र कोड नम्वर २७२११, २७२१२, २८१४२, २८१४३ र १८१४९ मा रु.९१ करोड २५ लाख समेत रु.८ अर्व ९ करोड १४ लाख प्रशासनिक कार्यमा खर्च भएको देखिन्छ । कानूनको व्यवस्था अनुसार प्रशासनिक खर्चलाई तोकिएको सिमामा राख्नु पर्दछ। पूँजी निर्माण हुने कार्यमा मात्र ऋण रकम उपयोग गर्ने र कानूनी व्यवस्था परिपालना गर्नुपर्ने देखिन्छ ।

२८. **सोधभर्ना हुन बाँकी ऋण** - दातृ निकायसंग ऋण सम्झौता पश्चात उक्त सम्झौता कार्यान्वयन गर्न दातृ निकायले आयोजनाको नाममा सम्झौता बमोजिमको मुद्रामा नेपाल राष्ट्र बैंकमा खाता खोली केही रकम खातामा जम्मा गर्ने र उक्त रकमबाट सम्बन्धित आयोजनाले भुक्तानी गर्नुपर्ने रकम भुक्तानी गर्ने, सोधभर्ना बापतको रकम सञ्चितकोषमा दाखिला गर्नुपर्ने व्यवस्था नेपाल राष्ट्र बैंकबाट जारी गरिएको सरकारी कारोबार निर्देशिका, २०७६ ले गरेको छ । ऋण सहायतामा सञ्चालित आयोजनाको लागि बार्षिक बजेटमा विनियोजन भएको रकम सम्बन्धित आयोजनाले कोष तथा लेखा नियन्त्रक कार्यालयको एकल कोष खाताबाट भुक्तानी गरी दातृ निकायसंग सोधभर्ना माग गर्ने र दातृ निकायले आयोजनाको खाताबाट

सञ्चित कोषमा दाखिला गर्ने व्यवस्था छ । विगत ५ वर्षको सोधभर्ना हुन बाँकी रकमको अवस्था देहाय बमोजिम छ :

सोधभर्ना हुन बाँकी ऋणको विवरण

(रकम रु. करोडमा)

विवरण	आर्थिक वर्ष				
	२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९
अघिल्लो वर्षकोबक्यौता	२२३७.८०	२७८३.६०	२६५९.०३	१२७३.४३	१२३६.९१
यस वर्ष खर्च	९७६२.९७	५८८१.९६	४७२३.६८	५२२५.६८	४८०१.२७
यस वर्ष सोधभर्ना प्राप्त	५०११.३६	६१९६.५१	६०५८.६९	५३८३.७२	५३२५.४७
यस वर्ष हिसाब मिलान	-२०५.८२	-१८७.८४	-२.२८	१२१.५१	१४६७.७८
सोधभर्ना हुन बाँकी रकम	२७८३.६०	२६५६.८८	१२४८.६१	१२३६.९१	२१८०.४९

स्रोतः वार्षिक प्रतिवेदन, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

आर्थिक वर्ष २०७४।७५ को अन्त्यमा रु.२७ अर्ब ८३ करोड ६० लाख वैदेशिक ऋण सोधभर्ना हुन बाँकी रहेकोमा २०७८।७९ मा रु.२१ अर्ब ८० करोड ४९ लाख सोधभर्ना हुन बाँकी रहेको छ । सोधभर्ना हुन बाँकी रहने ऋणको प्रबृतिमाकेही सुधार भएको देखिए पनि सोधभर्ना हुन बाँकी रकमको आयूगत वर्गिकरण गरी समयमै सोधभर्ना प्राप्त गर्न अपेक्षाकृत सुधार हुन सकेको देखिएन ।

२९. **सार्वजनिक ऋणको सीमा -** सार्वजनिक ऋणको सीमा सम्बन्धमा भएको व्यवस्था तथा यस सम्बन्धी देखिएका व्यहोराहरु देहायबमोजिम छनः

२९.१. ऋण तथा जमानत ऐन, २०२५ को दफा ३ अनुसार नेपाल सरकारले आर्थिक वर्ष २०७८।७९ का लागि रु. १४ खर्बमा नबढ्ने गरी त्यतिसम्मको अङ्कको प्रचलित विनिमय दरले हुने विदेशी मुद्रा समय समयमा ऋण लिन सक्ने व्यवस्था गरेकोमा २०७९ असोज २३ मा प्रमाणीकरण भएको सार्वजनिक ऋण सम्बन्धी कानूनलाई एकीकरण तथा संशोधन गर्न बनेको ऐन सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ को दफा ५(२) मा वैदेशिक ऋणको सीमा अघिल्लो आर्थिक वर्षको कुल गार्हस्थ उत्पादनको प्रचलित मूल्यमा कायम गर्दा हुने रकमको एक तिहाईमा नबढ्ने गरी ऋण लिन सक्ने व्यवस्था गरेको छ। उक्त नँया कानूनी व्यवस्था अनुसार आर्थिक वर्ष २०७८।७९ को लागि गत वर्षको कुल गार्हस्थ उत्पादन (प्रचलित मुल्यमा) रु.४२ खर्व ७७ अर्व ३० करोडको एक तिहाई रु.१४ खर्ब २५ अर्ब ७६ करोड वैदेशिक ऋणको सीमा हुन आँउछ । नेपाल सरकारको आर्थिक वर्ष २०७८।७९ सम्मको वैदेशिकतर्फको ऋण दायित्व रु.१० खर्ब २५ अर्ब ८४ करोड रहेकोले ऐनले तोकेको सीमाभित्र रहेको देखिन्छ । तर कुल गार्हस्थ उत्पादनको वृद्धिवाट सिर्जना हुने वैदेशिक ऋणको स्पेस (स्थान) र हाल उपलव्ध भएको स्पेश (स्थान) लाई मध्यनजर गरी वैदेशिक ऋण व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

२९.२. नेपालको संविधानको धारा २५१ को (१) को खण्ड (च) मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले समष्टिगत आर्थिक सूचकहरुको विश्लेषण गरी संघ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने व्यवस्था छ । आयोगले संघीय सरकारले लिन पाउने आन्तरिक ऋणको सीमा कुल गार्हस्थ उत्पादनको ५.५ प्रतिशत तोकेको छ । आर्थिक वर्ष २०७८।७९ को लागि कुल गार्हस्थ उत्पादन रु. ४२ अर्ब ७७ अर्ब ३० करोडको ५.५ प्रतिशत रु. २ खर्ब ३५ अर्ब २५ करोड आन्तरिक ऋणको सीमा हुनेमा सरकारले न्यून बजेट पूर्ति गर्न रु. २ खर्ब ५० अर्ब ऋणको प्रस्ताव पेश गरेको छ । सीमाभित्र रहने गरी लक्ष्य कायम गरी सोहि अनुसार ऋण लिनुपर्दछ।

२९.३. सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट तयार गरिएको मध्यमकालिन ऋण व्यवस्थापन रणनीतिमा सरकारी वित्त रणनीतिको रुपमा ४ विकल्प प्रस्तुत गरेको मध्ये बूँदा ६.३ अनुसार ऋण दोस्रो रणनीति (मध्यम तहको आन्तरिक ऋणको संयोजन सहित केही उच्च तहको वाह्य ऋण प्रयोग गरिने)ले नेपाल सरकारको ऋण आवश्यकता र अपेक्षित मध्यमकालीन पोर्टफोलियोलाई सम्वोधन गर्ने भएकोले उक्त विकल्प सवैभन्दा उपयूक्त भएको उल्लेख छ । उक्त विकल्प अवलम्वन गर्दा सार्वजनिक ऋण कुल गार्हस्थ उत्पादन (नोमिनल भ्यालुमा)को ४९.८ प्रतिशत (वर्तमान मुल्यमा ३७.६प्रतिशत)हुने र ब्याजको कुल भुक्तानी कुल गार्हस्थ उत्पादनको १.१ प्रतिशत हुने ,आसन्न ब्याजदर २.५ प्रतिशत रहने र एक वर्षभित्र परिपक्व हुने ऋण कुल ऋणको १०.९० प्रतिशत रहने व्यहोरा उल्लेख छ । आर्थिक वर्ष २०७८।७९ मा सार्वजनिक ऋण नोमिनल भ्यालुको ४९.८० प्रतिशतसम्म हुन सक्नेमा ४१.५० प्रतिशत रहेको देखियो ।

२९.४. सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ ले वैदेशिक ऋणको सीमा निर्धारण गरेको छ भने अन्तर सरकारी वित्त व्यवस्थापन ऐनले सरकारले बार्षिक रुपमा लिन सक्ने आन्तरिक ऋणको सीमा सिफारिस सम्बन्धमा मात्र उल्लेख गरेको छ । राष्ट्रले लिन सक्ने कुल ऋणको सीमा सम्बन्धमा कानूनमा स्पष्ट व्यवस्था हुनुपर्दछ ।

२९.५. सार्वजनिक ऋणको सीमा कायम गर्दा अन्तर्राष्ट्रिय असल अभ्यासलाई समेत अनुसरण गर्नुपर्दछ । उदाहरणको लागि युरोपेली देशको साझा संगठन युरोपियन युनियनले म्यास्ट्रिट सन्धी अन्तर्गत आफ्नो संगठनभित्र रहेका देशको लागि न्यून बजेटको सीमा कुल गार्हस्थ उत्पादनको ३ प्रतिशत र सार्वजनिक ऋणको सीमा कुल गार्हस्थ उत्पादनको ६० प्रतिशतसम्म हुने गरी तोकेको छ । त्यस्तै ब्राजिलमा संघीय सरकारले पूँजीगत खर्चभन्दा बढी सार्वजनिक ऋण लिन नपाउने संवैधानिक व्यवस्था गरेकोतथा सार्वजनिक ऋण खुद चालु आम्दानीको ६० प्रतिशतको सीमामा रहने उल्लेख छ । आर्थिक वर्ष २०७८।७९ सम्मको नेपालको सार्वजनिक ऋण दायित्व कुल गार्हस्थ उत्पादनको ४१.५० प्रतिशत रहेको छ । त्यस्तै २०७८।७९ मा घाटा बजेट रु.३ खर्व ६४ अर्व ९३ करोड सार्वजनिक ऋणवाट पूर्ति भएकोले घाटा बजेट अंश कुल गार्हस्थ उत्पादनको ७.५२ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०७४।७५ देखि २०७८।७९ सम्म औषतमा नेपालको पूँजीगत खर्च रु.२ खर्व २९ अर्व २६ करोड रहेकोमा औषत सार्वजनिक ऋण १.३१ गुणा रु.३ खर्व १ अर्व २६ करोड रहेको छ ।

कुल गार्हस्थ उत्पादन, पूँजीगत खर्च तथा सार्वजनिक ऋणको तुलना

(रकम रु. करोडमा)

आर्थिक वर्ष	कुल गार्हस्थ उत्पादन	पँजिगत खर्च	वार्षिक सार्वजनिक ऋण	कुल सार्वजनिक ऋण	वार्षिक सार्वजनिक ऋण र पूँजीगत खर्चको अनुपात	कुलगार्हस्थ उत्पादनको तुलनामा	
						वार्षिक सार्वजनिक ऋण प्रतिशत	कुल सार्वजनिक ऋण प्रतिशत
२०७४।७५	३४५५९५	२७०७१	२३८२०	९१७३२	०.८८	६.८९	२६.५४
२०७५।७६	३८५८९३	२४१५६	१९०७८	१०४८१६	०.७९	४.९४	२७.१६
२०७६।७७	३८८८७०	१८९०८	३५७५१	१४३३४०	१.८९	९.१९	३६.८६
२०७७।७८	४२७७३०	२२८८४	३५४८८	१७३७६४	१.५५	८.३०	४०.६२
२०७८।७९	४८५१६२	२१६०९	३६४९३	२०१३३०	१.६९	७.५२	४१.५०
औषत	४०६६५०	**२२९२६**	**३०१२६**	**१४२९९६**	**१.३६**	**७.३७**	**३४.५४**

स्रोतः नेपाल सरकारको ऋण दायित्वको वार्षिक प्रतिवेदन, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय,
नेपाल सरकारको आय व्ययको वार्षिक विवरण,महालेखा नियन्त्रक कार्यालय,

अन्तर्राष्ट्रिय असल अभ्यास तथा देशको अर्थतन्त्रमा आधारित भई सार्वजनिक ऋण व्यवस्थापन गर्नुपर्दछ ।

सार्वजनिक ऋणको साँवा तथा ब्याज भुक्तानी

३०. **दायित्व वृद्धि र भुक्तानी अवस्था –** नेपाल सरकारको विगत ५ वर्षको आन्तरिक तथा वैदेशिक ऋण दायित्वको अवस्था, ऋण दायित्वको बार्षिक वृद्धिदर, बार्षिक साँवा फिर्ता तथा ऋण दायित्वमा बार्षिक साँवा फिर्ताको प्रतिशत देहायबमोजिम छ :

सार्वजनिक ऋण दायित्वको बार्षिक वृद्धि र ऋण फिर्ताको विवरण

(रकम रु. करोडमा)

विवरण		आर्थिक वर्ष				
		२०७४।७५	२०७५।७६	२०७६।७७	२०७७।७८	२०७८।७९
आन्तरिक ऋण	ऋण दायित्व रु.	३९११६	४५३२३	६१३७३	८०२९४	९८७४५
	दायित्व वृद्धि प्रतिशत	३७.८७	१५.८६	३५.४१	३०.८२	२२.९८
	बार्षिक ऋण फिर्ता(साँवा) रु.	३७०८	३४३१	३३९८	३६९०	४७३३
	ऋण फिर्ताको प्रतिशत	९.४८	७.५७	५.५४	४.६	४.८०
वैदेशिक ऋण	ऋण दायित्व	५२६१५	५९४९३	८१९६६	९३४६९	१०२५८५
	दायित्व वृद्धि प्रतिशत	२७.०९	१३.०७	३७.७७	१४.०३	९.७५
	बार्षिक ऋण फिर्ता(साँवा) रु.	१८५९	२००४	२३५६	२३२७	२९४१
	ऋण फिर्ताको प्रतिशत	३.५३	३.३७	२.८७	२·४९	२·९८
कुल ऋण	ऋण दायित्व रु.	९१७३२	१०४८१६	१४३३४०	१७३७६४	२०१३३०
	दायित्व वृद्धि प्रतिशत	३१.४७	१४.२६	३६.७५	२१.२२	१५.८६
	बार्षिक ऋण फिर्ता(साँवा) रु.	५५६७	५४३५	५७५४	६०१७	७६७५
	ऋण फिर्ताको प्रतिशत	६.०७	५.१८	४.०१	३·४६	३·८१
	ऋण फिर्ताको बार्षिक वृद्धि प्रतिशत	९.१३	-२.३७	५.८७	४.५७	२७.५६

स्रोतः नेपाल सरकारको ऋण दायित्वको वार्षिक प्रतिवेदन, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

सार्वजनिक ऋण प्राप्ति र ऋणको साँवा फिर्ता हुने रकमको प्रवृत्ति अनुसार नगद प्रवाह व्यवस्थापन गर्ने र बजेट खर्चका लागि स्रोत परिचालन गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३१. **ब्याज भुक्तानीको अवस्था –** विगत ५ वर्षको आन्तरिक तथा वैदेशिक ऋणको ब्याज भुक्तानीको अवस्था देहायबमोजिम छ :

सार्वजनिक ऋणको वार्षिक साँवा र ब्याज भुक्तानी विवरण

(रकम रु. करोडमा)

ब्याज	आर्थिक वर्ष				
	२०७४।७५	२०७५।७६	२०७६।७७	२०७७।७८	२०७८।७९
आन्तरिक ऋणको ब्याज	१२३९	१६२१	२०८२	२८४६	३७५९
बार्षिक वृद्धि प्रतिशत	-	३०.८३	२८.४४	३६.७०	३२.०८
वैदेशिक ऋणको ब्याज	३८६	४५१	५२४	६१७	७४४
बार्षिक वृद्धि प्रतिशत	-	१६.८४	१६.१९	१७.७५	२०.५८
जम्मा ब्याज	१६२५	२०७२	२६०६	३४६३	४५०३
बार्षिक वृद्धि प्रतिशत	-	२७.५१	२५.७७	३२.८९	३०.०३
बजेट खर्च	१०८४६८	१११०४६	१०९११४	११९६६८	१३०९८७

बजेट खर्चमा ब्याजको प्रतिशत	१.५०	१.८७	२.३९	२.८९	३.४४
वार्षिक साँवा ब्याज भुक्तानी	७१९१	७५०७	८३६०	९४८०	१२१७८
बजेट खर्चको तुलनामा सावाँ ब्याज भुक्तानी प्रतिशत	**६.६३**	**६.७६**	**७.६६**	**७.९२**	**९.३०**

स्रोतः नेपाल सरकारको ऋण दायित्वको वार्षिक प्रतिवेदन, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, नेपाल सरकारको आय व्ययको वार्षिक विवरण,महालेखा नियन्त्रक कार्यालय

आर्थिक वर्ष २०७४।७५ देखि २०७८।७९ सम्म बजेट खर्चको ६.६३ देखि ९.३० प्रतिशतसम्म सार्वजनिक ऋणको वार्षिक साँवा र ब्याज भुक्तानी भएको छ ।

३२. **सार्वजनिक ऋणको ब्याज दर –** आन्तरिक ऋणको ब्याज दर बजारको तरलता स्थिति र माग र आपूर्तिमा निर्भर रहेको छ । नेपालले अल्प विकशित देशको हैसियतमा सहुलियत पूर्ण वैदेशिक ऋण प्राप्त गर्दै आएकोमा आन्तरिक तथा वैदेशिक ऋणको ब्याज दरको स्थिति देहायबमोजिम छ।

३२.१. आन्तरिकतर्फ सरकारलेट्रेजरी बिल, विकास ऋण पत्र, नागरिक बचत पत्र, राष्ट्रिय बचतपत्र लगायतका औजार प्रयोग गरी आन्तरिक ऋण उठाउने गरेको छ । आर्थिक वर्ष २०७८।७९ मा आन्तरिक ऋणको ब्याजदर देहायबमोजिम छ :

आन्तरिक ऋणको ब्याजदरको विवरण

(रकम रु. करोडमा)

क्र. सं.	**ऋणपत्रको किसिस**	**ऋण रकम**	**हिस्सा प्रतिशत**	**ब्याजदर (प्रतिशतमा)**	**अवधि**
१.	राष्ट्रिय बचतपत्र	-	-	-	-
२.	नागरिक बचतपत्र	९१४.००	०.९३	१०.६६	५ वर्षे
३.	विकास ऋण पत्र	६२०४४.७०	६२.८३	७.७४	५ देखि १५ वर्षे
४.	वैदेशिक रोजगारपत्र	१९.०२	०.०२	१२.५०	५ वर्षे
५.	ब्याजमा आधारितट्रेजरी बिल	१५१२.८३	१.५३		
६.	ट्रेजरी बिल(बट्टा दरमा आधारित)	१२८४८.४०	१३.०१	९.२३	३६४ दिन
७.	ट्रेजरी बिल(बट्टा दरमा आधारित)	१२५८७.५०	१२.७५	७.५८	१८२ दिन
८.	ट्रेजरी बिल(बट्टा दरमा आधारित)	७९३५.३२	८.०४	६.९३	९१ दिन
९.	ट्रेजरी बिल(बट्टा दरमा आधारित)	७००.००	०.७१	५.३५	२८ दिन
१०	अन्तर्राष्ट्रिय मुद्राकोष मूल्य समायोजन	१८३.१६	०.१९		
	जम्मा	**९८७४४.९३**	**१००.००**		

स्रोतः नेपाल सरकारको ऋण दायित्वको वार्षिक प्रतिवेदन, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

उल्लिखित विवरण अनुसार आर्थिक वर्ष २०७८।७९ मा आन्तरिक ऋणमा सबैभन्दा बढी ६२.८३ प्रतिशत हिस्सा ओगटको विकास ऋण पत्रको ब्याजदर ७.७४ प्रतिशत रहेको र यसको अवधि ५ देखि १५ वर्ष रहेको छ । त्यस्तै ३४.५० प्रतिशत हिस्सा रहेको अल्पअवधि २८ दिन देखि ३६४ दिनसम्मको बट्टा दरमा आधारित ट्रेजरी बिलको दर औषतमा ५.३५ देखि ९.२३ सम्म रहेको छ । वैदेशिक रोजगारमा जाने नागरिकलाई लक्षित गरी जारी गरिएको वेदेशिक रोजगारपत्रको ब्याजदर १२.५० प्रतिशत रहेको छ । पूँजी निर्माण र वचतलाई प्रोत्साहन गर्दै पूँजीको लागत समेत विचार गरी सार्वजनिक ऋण प्राप्त गर्ने उपकरणहरु वारे निर्णय गर्नुपर्ने देखिन्छ ।

३२.२. सरकारले विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, एशियाली विकास बैंक लगायतबाट बहुपक्षिय र जापान सरकार, भारत सरकार, चिन सरकार लगायतबाट द्विपक्षीय सहुलियत पूर्ण वैदेशिक ऋण प्राप्त गर्दै आएको छ । वैदेशिक ऋणको ब्याजदर स्थिति देहायअनुसार रहेको छ :

वैदेशिक ऋणको ब्याजदरको विवरण

(रकम रु. करोडमा)

आर्थिक वर्ष	२०७४।७५	२०७५।७६	२०७६।७७	२०७७।७८	२०७८।७९	ब्याजदर
कूलजम्मा	**५२६१५**	**५९४९३**	**८१९६७**	**९३४७०**	**१०२५८५**	**-**
बहुपक्षीयजम्मा	**४७१९७**	**५२४७०**	**७२१३५**	**८२२००**	**८९४४६**	**-**
एसियाली विकास बैंक	१९११३	२०८१६	२७३४८	२९३८४	३१५०१	१-१.५%
यूरोपियन ईकोनोमिक कम्यूनिटी	३१	२७	२७	२५	२०	०.७५%
यूरोपियन इन्भेष्टमेन्ट बैंक	३६	३७	४०७	४०३	५६०	१.५५-२.४७%
एसियन इन्फ्रास्ट्रक्चर इन्भेष्टमेन्ट बैंक	०	०	०	३	४	१.५०-२%
विश्व बैंक	२६३७५	२९९१९	३९०८९	४७११७	५०९७०	०-१%
इन्टरनेशनल फण्ड फर एग्रिकल्चरल डेभलोपमेन्ट	८३३	८२४	९८७	९६५	१०१८	०.७५-१%
अन्तर्राष्ट्रिय मुद्रा कोष	०	०	३२३८	३२८२	४३६७	०%
नर्डिक डेभलोपमेन्ट फण्ड	२२९	२१०	२२१	२१४	१८२	०७५%
ओपेकफण्ड फर इन्टरनेनल डेभलोपमेन्ट	५८०	६३७	८१६	८०७	८२५	२-२.५०%
द्विपक्षीयजम्मा	**५४१९**	**७०२३**	**९८३२**	**११२७०**	**१३१३८**	
अष्ट्रिया	५	२	०	०	०	
बेल्जियम	८५	७६	७७	७९	५७	०%
चीन	१३९९	१८४७	२६११	३१२८	३५३०	१.५०-२%
फ्रान्स	४३	३३	३१	३१	१४	अधिकतम३%
भारत	९१८	१३५२	२५६३	३०७६	३६३६	१-१.७५%
जापान	२२३०	२९७१	३७५६	४११५	४८८९	०.०१-१.२५%
द.कोरिया	६०७	५९१	६३४	६५८	५९७	१%
कुवेतीकोष	३१	५९	९५	११९	१४७	१.५-२.५%
रुस	०	०	०	०	०	-
साउदीकोष	१००	९३	६५	६४	२६८	१-२%

स्रोतः नेपाल सरकारको ऋण दायित्वको वार्षिक प्रतिवेदन, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

प्राप्त हुने ऋणको लागत र सोको उपयोग गरिने क्षेत्रबाट प्राप्त हुने प्रतिफलबीच कम लागत पर्ने गरी वैदेशिक ऋण परिचालन गर्नेतर्फ पहल गर्नुपर्ने देखिन्छ ।

३३. **प्रतिबद्धता र कमिशन शुल्क** - वैदेशिक ऋण सम्झौतामा सम्झौता भइसकेपछि उक्त ऋण उपयोग भए वा नभए पनि सम्झौता अनुसार प्रतिबद्धता शुल्क भुक्तानी गर्नुपर्दछ । आर्थिक वर्ष २०७८।७९ मा प्रतिबद्धता शुल्क रु.९ करोड र कमिशन रु.११ करोड भुक्तानी गरेको छ ।

३४. **विनिमय नोक्सानी** - सरकारले वैदेशिक ऋण प्राप्त गर्दा अमेरिकी डलर, युरो, जापनी यन, स्टरलिङ्ग पाउण्ड लगायतका विदेशी मुद्रामा प्राप्त गर्दछ र भुक्तानी गर्दा समेत सोही मुद्रामा भुक्तानी गर्नुपर्दछ। ऋण सम्झौता गर्दाको वर्ष र भुक्तानी गर्दाको अवधिमा उल्लिखित मुद्राको नेपाली मुद्रासंगको विनिमय दरमा हुने

परिवर्तनले विनिमय नाफा वा घाटा हुने अवस्था रहन्छ ।विनिमय दरको परिवर्तनको कारण हुने नाफा नोक्सानको अवस्था देहायबमोजिम छ :

विवरण	रकम रू (करोडमा)
वैदेशिक ऋणको शुरू मौज्दात २०७८ साउन १ (१६ जुलाई, २०२१)	९३,४६९.५२
थपः वैदेशिक ऋण प्राप्ति आ.व. २०७८।७९ (२०२१।२२)	१३,३०८.३४
घटः वैदेशिक ऋण फिर्ता भुक्तानी आ.व. २०७८।७९ (२०२१।२२)	२,९४१.५८
वैदेशिक ऋणको अन्तिम मौज्दात २०७९ असार ३२ (१६ जुलाई, २०२२)	**१०३,८३६.२८**
वैदेशिक ऋणको अन्तिम मौज्दात २०७९ असार ३२ (१६ जुलाई, २०२२) (अन्तिम दिनको विनिमय दरको आधारमा गणना गरिएको)	१०२,५८४.७१
विनिमय दरको नाफा (+)/घाटा(-)	**१,२५१.५७**

स्रोतः नेपाल सरकारको ऋण दायित्वको वार्षिक प्रतिवेदन, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

३५. **प्रदेश सरकारको आन्तरिक ऋण** – नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा संघ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानूनमा व्यवस्था भए बमोजिम हुने उल्लेख छ । त्यस्तै धारा २५१ को उपधारा १ को खण्ड (च) मा समष्टिगत आर्थिक सूचकहरुको विश्लेषण गरी संघ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सीफारिस गर्ने काम, कर्तव्य र अधिकार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको हुने उल्लेख छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगवाट सीमा निर्धारण गरेको र कतिपय प्रदेश सरकारले बजेटमा आन्तरिक ऋण समेत देखाई प्रस्तुत गरे तापनि आर्थिक वर्ष २०७८।७९ सम्म आन्तरिक ऋण प्राप्त गरेको देखिएको छैन ।

ऋण जमानत, ऋण तथा शेयर लगानी

३६. **ऋण जमानत** – ऋण तथा जमानत ऐन, २०२५ को दफा ४ मानेपाल सरकारलेस्वीकृत विकास योजनामा समावेश भएकाआयोजना वा नेपाल वायु सेवा निगमको लागिनयाँ हवाई जहाज खरिद गर्नको लागि कुनै संस्थालाई वा विदेशी सरकार वा एजेन्सी वा अर्को संस्थाबाट ऋण उपलब्ध गराउन र सो ऋण बापत जमानत दिन सक्ने व्यवस्था रहेको छ । नेपाल सरकारले नेपाल वायु सेवा निगमलाई जहाज खरिद गर्न कर्मचारी सञ्चय कोषलाई रु.२२ अर्ब र नागरिक लगानी कोषलाई रु.१२ अर्ब ऋण जमानत दिएकोमा भुक्तानी गर्नुपर्ने दायित्व आर्थिक वर्ष २०७८।७९ को अन्त्यसम्ममा कर्मचारी सञ्चय कोषलाई रु.२७ अर्ब ४४ करोड र नागरिक लगानी कोषलाई रु.१६ अर्ब ५८ करोड समेत रु.४४ अर्ब २ करोड रहेको छ । उल्लिखित दुबै संस्थालाई नेपाल सरकारले रु.३४ अर्बको जमानत दिएकोमा नेपाल बायु सेवा निगमले भुक्तानी गर्नुपर्ने दायित्व रु.४४ अर्ब २ करोड पुगेकोले जमानत दिएको रकमभन्दा भुक्तानी गर्नु पर्ने दायित्व रु.१० अर्ब २ करोड बढी रहेको छ।

ऋण लिएको संस्था नेपाल वायु सेवा निगमले ऋणबाट खरिद गरेका हवाई जहाजको सञ्चालन योजना अनुसार गर्न नसकेकोले बार्षिक ऋण रकमको बार्षिक ब्याज समेत भुक्तान गर्न नसकेको अवस्था देखियो । ऋण तथा जमानत ऐन,२०२५ को दफा ४(७) मा नेपाल सरकारको जमानत प्राप्त गर्ने संस्थाले ऋण दिने संस्थासंग सम्झौता बमोजिम साँवा वा ब्याज चुक्ता गर्न नसकेमा सो चुक्ता गर्न नसकेको साँवा तथा ब्याज बापतको संचित कोष वा अन्य कुनै कोष प्रति व्ययभार हुने उल्लेख भएकोले जमानत दिनुपर्ने संस्थाको व्यावसायिक तथा व्यवस्थापकिय क्षमताका आधारमा जमानत दिने र साँवा तथा ब्याज बापतको रकम भुक्तानी भए नभएको सम्बन्धमा अनुगमन गर्ने व्यवस्था हुनु पर्दछ ।

३७. **शेयर तथा ऋण लगानी** – नेपाल सरकारको आर्थिक वर्ष २०७८।७९ सम्ममा निम्नानुसार १३९ वटा संस्थान तथा निकायमध्ये ऋण लगानी ४९ प्रतिशत रु.३ खर्व ७३ अर्व ९२ करोड र शेयर लगानी ५१ प्रतिशत रु.३ खर्व ५७ अर्व ६४ करोड गरी कुल रु.७ अर्व ३१ अर्व ५६ करोड रहेको छ । आर्थिक वर्ष २०७८।७९ सम्मको शेयर तथा ऋण लगानीको विवरण देहाय वमोजिम छः

आर्थिक वर्ष २०७८।७९ को शेयर तथा ऋण लगानीको अवस्था

(रकम रु. करोडमा)

क्र सं	लगानीगरिएको सार्वजनिक संस्थानतथा निकायकोनाम	संख्या	चालुआ.व.२०७८।७९			२०७८।७९सम्म ऋण			२०७८।७९ सम्म कुल ऋण तथा शेयर लगानी
			सम्मको शेयर लगानी			लगानी विवरण			
			संस्थापक साधारण	अग्राधिकार	जम्मा	आन्तरिक स्रोत	वाह्य स्रोत	जम्मा	
१	औद्योगिक क्षेत्र	३३	४९८.११	३३५.३०	८३३.४१	१,११२.७२	२०८.६१	१,३२१.३३	२,१५४.७४
२	व्यापारिक क्षेत्र	१८	१३१४.४९	०.००	१३१४.४९	८३६.७७	०.५२	८३७.२९	२१५१.७७
३	सेवा क्षेत्र	२२	६९७४.४०	०.००	६९७४.४०	४२१.२०	२६११.३०	३०३२.५०	१०००६.९०
४	सामाजिक क्षेत्र	६	४२३.२३	०.००	४२३.२३	२७५.७२	०.००	२७५.७२	६९८.९५
५	जनोपयोगी क्षेत्र	११	१९०११.०९	०.००	१९०११.०९	१०९२९.४४	१८१२९.६०	२९०५९.०४	४८०७०.१२
६	वित्तीयक्षेत्र	१९	५१८४.९२	६४३.६८	५८२८.६०	१२१८.३६	७१७.७०	१९३६.०६	७७६४.६६
७	विकास समिति	११	२४७.८०	०.००	२४७.८०	२६३.३०	५४८.३३	८११.६३	१०५९.४३
८	स्थानीय तह, निकाय तथा अन्य	१३	०.००	०.००	०.००	३.३८	११५.२५	११८.६३	११८.६३
९	वैदेशिक संस्था तथा निकाय	६	११३०.८८	०.००	११३०.८८	०.००	०.००	०.००	११३०.८८
	कुल जम्मा	१३९	३४७८४.९१	९७८.९८	३५७६३.८९	१५०६०.८८	२२३३१.३२	३७३९२.२०	७३१५६.०८

स्रोतः नेपाल सरकारको सार्वजनिक संस्थामा भएको शेयर तथा ऋण लगानीको वार्षिक प्रतिवेदन, आर्थिक वर्ष २०७८।७९, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

३८. **ऋण लगानीको साँवा तथा ब्याज** – आर्थिक वर्ष २०७८।७९ सम्ममा सरकारको आन्तरिक स्रोतबाट रु.१ खर्व ५० अर्व ६० करोड (कुल ऋण लगानीको ४०.६९ प्रतिशत) तथा वैदेशिक स्रोतबाट भएको ऋण लगानी रु.२ खर्व २३ अर्ब ३२ करोड (करिब ५९.३० प्रतिशत) गरी जम्मा रु.३ खर्व ७३ अर्व ९२ करोड ऋण लगानी रहेको देखिन्छ । सरकारको ऋण लगानीबाट विगत ५ वर्षमा प्राप्त ब्याजको स्थिति देहायबमोजिम छ :

ऋण लगानीको साँवा फिर्ता तथा ब्याज प्राप्तिको अवस्था

(रकम रु. करोडमा)

विवरण	आर्थिक वर्ष				
	२०७४।७५	२०७५।७६	२०७६।७७	२०७७।७८	२०७८।७९
ऋण लगानी रकम (अल्या)	१९६७३.८९	२१५८६.२७	२५१९७.११	२९७१५.९१	३२८९१.६३
साँवा फिर्ता	३०५.३९	३०६.६१	१७५.८५	३२२.३५	२३४.०८
समायोजन	-७.०४	-२५.२४	-६९.०२	-३४.०५	-१.१३
थप लगानी	१६७४.७९	३९४२.६९	४७६३.६७	३५३२.१२	४७३०.०४
आ.ब.सम्म जम्मा लगानी	**२१०३६.२५**	**२५१९७.११**	**२९७१५.९१**	**३२८९१.६३**	**३७३८६.४६**
प्राप्त ब्याज	३५३.२३	१७१८.०१	५४१.९३	८४१.०२	६२३.६४
ब्याजको औषत प्रतिशत	१.६८	६.८२	१.८२	२.५६	१.६७
साँवा फिर्ताप्रतिशत	१.४५	१.२२	०.५९	०.९८	०.६३
थप लगानी प्रतिशत	७.९६	१५.६५	१६.०३	१०.७४	१२.६५
ऋण लगानी भएको संख्या	१९	१८	१७	१५	१५

ब्याज तिर्नेको संख्या	१६	१९	१५	१५	१३
भाखा नाघेको साँवा	४५७१.१७	४६६४.४४	५६७२.३८	५६७२.३७	६१७९.५०
भाखा नाघेको ब्याज	४७६५.८१	४३०४.५४	४१५६.३२	७१६०.८८	४६२२.९७
बक्यौता ब्याज रकम	४८१८.६०	३९७८.५१	४५१३.४३	४६१०.२१	५०४३.६१

स्रोतः नेपाल सरकारको सार्वजनिक संस्थामा भएको शेयर तथा ऋण लगानीको वार्षिक प्रतिवेदन, आर्थिक वर्ष २०७८।७९, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

उल्लिखित विवरण अनुसार आर्थिक वर्ष २०७४।७५ देखि २०७८।७९ सम्मको अवधिमा लगानी रकमको प्राप्त ब्याज क्रमशः १.६८ प्रतिशत, ६.८२ प्रतिशत, १.८२ प्रतिशत, २.५६ प्रतिशत, १.६७ र प्रतिशत, रहेको छ भने साँवा फिर्ता क्रमशः १.४५ प्रतिशत, १.२२ प्रतिशत, ०.५९ प्रतिशत, ०.९८ प्रतिशत, र ०.६३ प्रतिशत रहेको छ । उक्त अवधिमा क्रमशः ७.९६प्रतिशत, १५.६५ प्रतिशत, १६.०३ प्रतिशत, १०.७४ प्रतिशत र १२.६५ प्रतिशत थप लगानी भएको छ ।

उक्त अवधिमा सरकारबाट ऋण लगानी भएका सार्वजनिक संस्थान र संगठित संस्थाको संख्या औषतमा १७ रहेकोमा रहेकोमा ऋण लगानीको ब्याज तिर्नेको संख्या १७ रहेको छ भने साँवा फिर्ता गर्नेको संख्या औषतमा ११ रहेको छ ।

३८.१. **भाखा नाघेको ऋणको साँवा र ब्याज –** आर्थिक वर्ष २०७८।७९ सम्ममा नेपाल सरकारले ऋण लगानी गरेका ८० वटा संस्था तथा निकायको भाखा नाघेको साँवा र व्याज रु.१ खर्ब ८ अर्ब २ करोड रहेको छ । भाखा नाघेका मध्ये निजिकरण भै वा अन्य कारणले अस्तित्वमा नरहेका, अस्तित्वमा रहेपनि उद्देश्य अनुसार कार्यसञ्चालन नगरेका तथा उद्देश्य अनुसार कार्य सञ्चालन गरिरहरेका भएपनि ऋणको साँवा व्याज भुक्तानी नगरेका संस्थाको अध्ययन विश्लेषण गरेको देखिएन। भाखा नाघेको ऋणको साँवा र ब्याज बक्यौता अवस्था देहायबमोजिम छः

भाखा नाघेको ऋणको साँवा र ब्याज बक्यौता अवस्था

(रकम रु. करोडमा)

क्र.नं.	संस्थाको/निकायको		भाखा नाघेको सांवा			भाखा नाघेको ब्याज			कुल जम्मा
	नाम	संख्या	आन्तरिक स्रोत	वाह्य स्रोत	जम्मा	आन्तरिक स्रोत	वाह्य स्रोत	जम्मा	
१	औद्योगिक क्षेत्र	२३	७७३	२०९	९८२	७६६	२०१	९६७	१९४९
२	व्यापारिक क्षेत्र	१२	१०९	१	११०	२०	१	२१	१३१
३	सेवा क्षेत्र तर्फ	८	५४	३९	९३	७७	१०९	१८५	२७८
४	सामाजिक क्षेत्र	६	१८१	०	१८१	६०	०	६०	२४१
५	जनोपयोगी क्षेत्र	४	२०७७	२४२५	४५०२	६०१	२५७२	३१७३	७६७५
६	वित्तीय क्षेत्र तर्फ	३	२	४१	४३	०	७	७	५०
७	विकास समिति	११	१०९	४९	१५७	३४	१७	५१	२०८
८	स्थानीय तह/ निकाय/अन्य	१३	३	१०८	११२	५	१५३	१५८	२७०
	जम्मा	८०	**३३०८**	**२८७१**	**६१७९**	**१५६३**	**३०६०**	**४६२३**	**१०८०२**

स्रोतः नेपाल सरकारको सार्वजनिक संस्थामा भएको शेयर तथा ऋण लगानीको वार्षिक प्रतिवेदन, आर्थिक वर्ष २०७८।७९, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

अस्तित्वमा नरहेका र ऋण लगानी भएका संस्थाहरुको सञ्चालन अवस्था अध्ययन विश्लेषण गरी आवश्यक कारबाही गर्नुपर्दछ ।

३८.२. **आन्तरिक ऋण लगानीको अवस्था –** आर्थिक वर्ष २०७४।७५ देखि २०७८।७९ सम्म नेपाल सरकारले प्राप्त गरेको आन्तरिक ऋणको औसत १८ प्रतिशत र वर्षगत रुपमा ८ प्रतिशत ऋण रकम

विभिन्न सार्वजनिक संस्थान तथा विभिन्न निकायमा लगानी भएको छ । त्यस्तै वाह्य ऋण मध्ये औषतमा २२ प्रतिशत र वर्षगत प्राप्तिको १९ प्रतिशत संस्थान तथा विभिन्न निकायमा ऋण लगानी भएको छ ।

३८.३. **आन्तरिक ऋण प्राप्तिको तुलनामा लगानीको अवस्था** – आर्थिक वर्ष २०७४।७५ देखि २०७८।७९ सम्म प्राप्त भएको आन्तरिक ऋण मध्ये १५ देखि २५ प्रतिशतसम्म र वर्षगत रुपमा ६ देखि १० प्रतिशत लगानी विभिन्न सार्वजनिक संस्था तथा निकायमा ऋण लगानी भएको देखिन्छ । आन्तरिक ऋणको लागत आर्थिक वर्ष २०७४।७५ देखि २०७८।७९ सम्मक्रमशः २.१६, ४.०३, ५.५७, ४.९१ र ८.०६ प्रतिशत रहेको छ । आन्तरिक ऋणपत्रहरु मध्ये ट्रेजरी विलको औषत ब्याजदर करिव ५.२८ प्रतिशत र अन्य ऋण पत्रहरुको औषत ब्याजदर १०.३० प्रतिशत रहेको छ । नेपाल सरकारले विभिन्न सार्वजनिक संस्था तथा निकायहरुमा गरेको ऋण लगानीतर्फ १ देखि ५ प्रतिशत ब्याज प्राप्त गर्ने गरेकोमा पछिल्लो आर्थिक वर्षमा अल्पकालिन तथा मध्यकालिन रुपमा प्राप्त गर्ने आन्तरिक ऋणको लागत क्रमशः वढ्दो रहेको छ । आर्थिक वर्ष २०७८।७९ को असार मसान्तसम्म आन्तरिक ऋण रु.९ खर्व ८७ अर्व ४५ करोड रहेकोमा सो वर्ष ब्याज तथा कमिशन रु.३७ अर्व ६८ करोड भुक्तानी भएको छ । आर्थिक वर्ष २०७८।७९ सम्म आन्तरिक ऋण प्राप्तिको औषतमा करिव २० प्रतिशत आन्तरिक ऋण लगानी परिचालन भएकोले सोको ब्याज समेत करिव रु.७ अर्व ५३ करोड हुने देखिन्छ । सो आर्थिक वर्षमा आन्तरिक स्रोततर्फको ऋण लगानीवाट ब्याज रु.६ अर्व ३ करोड प्राप्त भएकोले करिव रु.१ अर्व ५० करोड ब्याज दायित्व भुक्तानी गर्न पुनः आन्तरिक ऋण परिचालन भएको देखिन्छ अथवा राजश्वबाट भुक्तानी भएको छ ।

नेपाल सरकारले प्राप्त गरेको आन्तरिक ऋण तथा सार्वजनिक संस्थान तथा संगठित सस्थामा आन्तरिक स्रोतवाट भएको ऋण लगानीको अवस्था

(रकम रु. करोडमा)

आर्थिक वर्ष	नेपाल सरकारले प्राप्त गरेको आन्तरिक ऋण		आन्तरिक स्रोतवाट संस्थान तथानिकायमा भएको ऋण लगानी		ऋण प्राप्तिको तुलनामा संस्थानतथा निकायमा भएको लगानी प्रतिशत	
	हालसम्मको	वर्ष गत रुपमा	हालसम्मको	वर्ष गत रुपमा	हालसम्मको	वर्ष गत रुपमा
२०७४।७५	३९११६	१४४७५	९५९०	६५५	२५	५
२०७५।७६	४५३२३	९६३८	१०२५६	८६०	२३	९
२०७६।७७	६१३७४	१९४९०	११८१५	१५०६	१९	८
२०७७।७८	८०२९४	२२४०१	१३२०२	१४०४	१६	६
२०७८।७९	९८७४५	२३१८५	१५०६१	२३४५	१५	१०
औषत	**६४९७०**	**१७८३८**	**११९८५**	**१३५४**	**२०**	**८**

स्रोतः नेपाल सरकारको सार्वजनिक संस्थामा भएको शेयर तथा ऋण लगानीको वार्षिक प्रतिवेदन, आर्थिक वर्ष २०७८।७९, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

३८.४. **वैदेशिक ऋण प्राप्तिको तुलनामा लगानीको अवस्था** – नेपाल सरकारले आर्थिक वर्ष २०७४।७५ देखि २०७८।७९ सम्मको वैदेशिक ऋणमध्ये २१ देखि २५ प्रतिशतसम्म र वर्षगत रुपमा प्राप्त गरेकोमध्ये ११ देखि ३३ प्रतिशत लगानी विभिन्न सार्वजनिक संस्था तथा निकायमा सहायक सम्झौता गरी ऋण लगानी गरेको देखिन्छ । वैदेशिक ऋणको लागत बढीमा ३ प्रतिशतसम्म रहेको छ । आर्थिक वर्ष २०७८।७९ सम्म वैदेशिक ऋण रु.१० खर्व २५ अर्व ८५ करोड रहेकोमा सोको औषत २२ प्रतिशत करिव रु.२ खर्व २३ अर्व २ करोड सार्वजनिक संस्थान तथा संगठित संस्थामा लगानी भएको छ । आर्थिक वर्ष २०७८।७९ सम्म सार्वजनिक संस्थान तथा संगठित संस्थामा भएको लगानीमध्ये भाखा नाघेको साँवा रु.२८ अर्व ७१ करोड, भाखा नाघेको ब्याज रु.३० अर्व ६० करोड र वक्यौता ब्याज

रु.३४ अर्ब ७५ करोड रहेको छ । नेपाल सरकारले वैदेशिक स्रोतवाट आर्थिक वर्ष २०७८।७९ सम्म भएको लगानी औषत २२ प्रतिशतको आधारमा सार्वजनिक संस्थान तथा संगठित संस्थामा गरेको लगानीको ब्याज करिव रु.१ अर्ब ६४ करोड भुक्तानी गरेकोमा लगानीको ब्याज प्राप्ति रु.१ अर्ब ४३ करोड भएकोले घटी रु.२१ करोड रहेको छ । साथै वैदेशिक स्रोतवाट भएको लगानीको ब्याज आर्थिक वर्ष २०७८।७९ मा रु.३ अर्ब ८१ करोड प्राप्त हुनुपर्नेमा रु.३ अर्ब ६० करोड घटी रु.२० करोड ८० लाख मात्र प्राप्त भएको छ । समयमा साँवा फिर्ता नहुने, वार्षिक रुपमा प्राप्त हुनुपर्ने ब्याज बक्यौता रहने जस्ता कारणले सावाँ तथा ब्याज भुक्तानी गर्न समेत आन्तरिक ऋण तथा राजश्व परिचालन हुने देखिन्छ।

वैदेशिक ऋण तथा वैदेशिक स्रोतवाट भएको ऋण लगानीको अवस्था

(रकम रु. करोडमा)

आर्थिक वर्ष	नेपाल सरकारले प्राप्त गरेको वैदेशिक ऋण		वैदेशिक स्रोतवाट संस्थान तथानिकायमा भएको ऋण लगानी		ऋण प्राप्तिको तुलनामा संस्थानतथा निकायमा भएको लगानी प्रतिशत	
	हालसम्मको	वर्ष गत रुपमा	हालसम्मको	वर्ष गत रुपमा	हालसम्मको	वर्ष गत रुपमा
२०७४।७५	५२६१५	९३४५	११४४६	१०२०	२२	११
२०७५।७६	५९४९३	९४४०	१४९४१	३०८२	२५	३३
२०७६।७७	८१९६७	१६२६१	१७९००	३२५७	२२	२०
२०७७।७८	९३४७०	१३०८७	१९६९०	२१२८	२१	१६
२०७८।७९	१०२५८५	१३३०८	२२३३१	२३८५	२२	१८
औषत	**७८०२६**	**१२२८८**	**१७२५६**	**२३७५**	**२२**	**२०**

स्रोतः वार्षिक प्रतिवेदन, आर्थिक वर्ष २०७८।७९, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

३८.५. सार्वजनिक संस्थान तथा संगठित सस्थामा ऋण लगानी गर्ने सरकारको स्पष्ट नीतिगत तथा कानूनी व्यवस्था भएको देखिएन । नीतिगत तथा कानूनी व्यवस्थाको अभावमा तत्कालिन आवश्यकता पूर्ति गर्ने गरी समेत लगानी हुने गरेको छ ।उदाहरणको लागि सञ्चालनमा नरहेका जिर्ण संस्थानहरुमा समेत तलब भत्ता भुक्तानीको लागि समेत ऋण तथा शेयर लगानी हुने गरेको स्थिति छ । यस्ता विषयहरुलाई व्यवस्थित गर्न लगानी सम्बन्धी स्पष्ट नीतिगत तथा कानूनी व्यवस्था हुनु पर्दछ ।

३९. **सम्भावित दायित्व अभिलेख** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २० अनुसार संघीय कानून, अदालतको निर्णय तथा आदेश र नेपाल सरकारले दातृपक्षसँग गरेको सन्धि तथा सम्झौता अनुसार सिर्जित सम्भावित दायित्व महालेखा नियन्त्रक कार्यालयले र सो वाहेक अन्य दायित्व र नेपाल सरकारको तर्फबाट दिएको जमानतको अभिलेख सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले राख्नु पर्ने उल्लेख छ । अन्तर्राष्ट्रिय असल अभ्यास अन्तर्गत सार्वजनिक ऋणको वार्षिक प्रतिवेदनमा सम्भावित दायित्व खुलासा गर्ने प्रचलन भएकोमा सम्भावित दायित्वको खुलासा गरेको देखिएन । अभिलेख तथा प्रतिवेदनको अभावमा पारदर्शीतामा असर गर्ने भएकोले जिम्मेवारी तोकिएका निकायविच समन्वय गरी सम्भावित दायित्वको अभिलेख राखी प्रतिवेदन गर्नु पर्दछ ।

४०. **सूचना प्रविधिको प्रयोग** – एसियाली विकास बैंङ्कको पूँजी बजार र पूर्वाधार क्षमता सहयोग कार्यक्रमअन्तर्गत १५ मार्च सन् २०१७ बाट सार्वजनिक ऋण सञ्चालन तथा व्यवस्थापन गर्नको लागि ऋण सञ्चालन र व्यवस्थापन सफ्टवेयर (Debt Operation & Management Software–DOMS) मिति २०७६।९।१५वाट सञ्चालनमा रहेको छ । सोसँग सम्बन्धित व्यहोरा देहायबमोजिम रहेका छन् ।

४०.१. कार्यालय र मोन्ट्रान कर्पोरेशन, अमेरिकाबीच भएको सम्झौता अनुसार विश्वका धेरै राष्ट्रहरुमा सञ्चालनमा रहेको सार्वजनिक ऋण व्यवस्थापन सम्बन्धी सफ्टवेयरलाई नेपाल सरकारको आवश्यकता बमोजिम

परिमार्जन गरी (Customize) सोको सोर्सकोड (Source Code) समेत नेपालको स्वामित्वमा रहने व्यवस्था गरिएको छ । अंग्रेजी भाषाको मात्रै प्रयोग गर्न सकिने प्रणाली सञ्चालनको लागि आवश्यक पर्ने Input/Output तथा User Management लगायतका मोड्युल (Features) प्रयोग गर्न सक्ने मुख्य प्रयोगकर्ता (Administrative User) कार्यालयसँग रहे तापनि प्रणालीको समग्र व्यवस्थापन तथा परिमार्जनको लागि सर्वाधिकार प्राप्त (Super User/System Administrator) प्रयोगकर्ता नभएको र ज्ञान तथा प्रविधि हस्तान्तरण (Knowledge and Technology Transfer) को लागि कुनै कार्य अगाडी नबढेकोले महत्वपूर्ण प्राविधिक विषयहरु (जस्तैः Database Access, Log Records, Audit Trails) तथा सानासाना मोड्युलहरु अद्यावधिक गर्न समेत आपूर्तिकर्तामा भर पर्नुपर्ने अवस्था छ । जसले गर्दा प्रणाली सञ्चालनको निरन्तरता, मितव्ययिता र तथ्याङ्क तथा प्रतिवेदनको गोपनियता कायम गर्ने विषयहरुमा जोखिम हुने देखिन्छ ।

४०.२. कार्यालय र आपूर्तकबीच सफ्टवेयरको सम्झौता मूल्य ९ लाख अमेरिकी डलर र दोस्रो र तेस्रो वर्ष मर्मत शुल्क ३ लाख अमेरिकी डलर रहेको थियो । सम्झौता अवधि पश्चात आर्थिक वर्ष २०७९।८० को लागि वार्षिक मर्मत खर्च बापत १ लाख ५० हजार अमेरिकी डलर आपूर्तिकर्ताबाट भुक्तानीको लागि माग भए अनुसार प्रकृयामा रहेको छ । थप सेवा उपलव्ध गराउनु पर्ने गरी सम्झौता नभएको र वार्षिक मर्मत बापत शुल्क वुझाउने प्रावधान रहेकोले सफ्टवेयरमा पहुँच प्राप्त गर्न आपूर्तिकर्तासँग पूर्णरुपमा निर्भर हुने अवस्था रहेको छ । जसले गर्दा सार्वजनिक ऋण व्यावस्थापनको लागि आवश्यक जानकारी अन्य (वैंक तथा वित्तीय सँस्था लगायत) प्रणालीमा आवद्ध गराउन सहज नभएको, पूर्ण पहुँच सहितको प्रविधि हस्तान्तरण हालसम्म नभएको, विश्वसनीय रुपमा आन्तरिक ऋणका सवै उपकरण सफ्टवेयरबाट जारी हुन नसकेकोले राष्ट्र वैंकबाट समेत सोही प्रकृतिको कार्य भइरहेको, साविकको तथ्याङ्क विश्वसनीय तवरबाट माइग्रेशन नभएको, नेपाली भाषामा नरहेको, सम्पन्न भएका तथा भुक्तानी भइसकेका ऋण आयोजना लगायत प्रतिवेदन प्रणाली सहज नभएको जस्ता समस्याहरु रहेका छन् ।

४०.३. प्रणाली सञ्चालनको लागि आवश्यक प्राईमरी सर्भर लगायतका उपकरण राष्ट्रिय सूचना प्रविधि केन्द्र, सिंहदरबारमा र फेलओभर सर्भर लगायतका उपकरणहरु महालेखा नियन्त्रक कार्यालयमा रहेको देखिन्छ। हाल सम्झौतामा उल्लिखित समयावधि सम्पन्न भएको अवस्थामा सर्भरको नविकरण गरी विश्वसनीय प्रणालीको सुनिश्चितता हुनुपर्दछ ।

४०.४. प्रणाली सञ्चालन तथा व्यवस्थापनको लागि कार्यालयलाई दक्ष तथा विषय विज्ञता भएको जनशक्ति हुनु पर्दछ । कार्यालयमा १ जना कम्प्युटर ईन्जिनियरको दरबन्दी रहेकोमा पुर्ति नभई खाली रहेको छ। प्रणाली सञ्चालन तथा व्यवस्थापनका लागि विज्ञ परामर्शदातृ निकाय नियुक्त गरिएको र स्थानीय सेवाप्रदायकको रुपमा श्री प्यासिफिक कमर्सियल प्रा.लि.बाट दुई जना सपोर्ट जनशक्ति कार्यरत रहको देखिन्छ। सपोर्ट जनशक्तिलाई पनि प्रणाली व्यवस्थापनसँग सम्बन्धित कुनै पनि किसिमको सफ्टवेयरको आन्तरिक प्रणालीसँग पहुचउपलब्ध छैन ।

सार्वजनिक ऋणको कुशल व्यवस्थापन हुने गरी पर्याप्त प्राविधिक जनशक्ति सहित विश्वसनीय, सुरक्षित र हस्तान्तरित प्रविधि सहितको सूचना प्रणाली प्रयोग हुनुपर्ने देखिन्छ ।

परिच्छेद - ४
निष्कर्ष तथा सुझाव

४१. **निष्कर्ष तथा सुझाव** – सार्वजनिक ऋण लिएसंगै यसबाट वित्तीय जोखिम पनि सिर्जना हुन जाने हुँदा यस्तो जोखिमको आँकलन, मूल्याङ्कन गरी यसको उचित व्यवस्थापन गर्नु राज्यका सामु चुनौतीपूर्ण कार्य बन्दै गएको छ । अर्थतन्त्रलाई गतिशील बनाउन घाटा बजेट पुर्तिको महत्वपुर्ण वित्तीय स्रोतको रुपमा सार्वजनिक ऋण रहेको छ । आर्थिक वर्ष २०७८।७९ को अन्त्यसम्म आन्तरिक ऋण रु.९ खर्ब ८७ अर्ब ४५ करोड र वाह्य ऋण रु.१० खर्ब २५ अर्ब ८५ करोड समेत कुल सार्वजनिक ऋण दायित्व रु.२० खर्ब १३ अर्ब ३० करोड रहेको छ । आर्थिक वर्ष २०७८।७९ को अन्त्यसम्म कुल गार्हस्थ उत्पादनको २०.३५ प्रतिशत आन्तरिक ऋण र २१.१४ प्रतिशत वैदेशिक ऋण गरी कुल सार्वजनिक ऋण दायित्वको ४१.४९ प्रतिशत रहेको छ।

हरेक अर्थतन्त्र मौलिक प्रकृतिको हुन्छ, उक्त तथ्यलाई मनन गर्दै, मुलुकको राजस्व क्षमता तथा आन्तरिक आयको प्रवृत्ति, नगद प्रवाहको स्थिति, अर्थतन्त्रको संरचना, कुल गार्हस्थ उत्पादन र सार्वजनिक ऋणको अनुपात, मुलुकको विकास आवश्यकता तथा नागरिकहरुको चाहना, विश्व अर्थतन्त्रको वित्तीय चक्र, दातृ निकायहरुको ऋण सम्बन्धी शर्तहरु, सहूलियत ऋण पाउन सक्ने अवस्था, सार्वजनिक ऋण सम्बन्धीकानूनी तथा नीतिगत व्यवस्था, अन्तर्राष्ट्रिय असल अभ्यास सार्वजनिक ऋण लगानीमा आधारित आयोजनाहरुको कार्यान्वयनवाट उत्पादनमा भएको वृद्धि र प्रभावकारीताको अध्ययन तथा विश्लेषण गरी सार्वजनिक ऋण सम्बन्धी रणनीति तयार गरी सोही आधारमा उपयुक्त स्रोतबाट सार्वजनिक ऋण लिने तथा सोको प्रभावकारी ढङ्गबाट परिचालन गर्नुपर्दछ ।

हाम्रो लेखापरीक्षणको आधारमा सार्वजनिक ऋण व्यवस्थापन सम्बन्धमा आगामी दिनमा गर्नुपर्ने सुधार देहायबमोजिम छन् ।

- आवधिक योजनाले तय गरेको सिमाभित्र रही बार्षिक सार्वजनिक ऋण परिचालन गर्नुपर्दछ । साथै दीर्घकालीन ऋण रणनीतिको तयारी, सार्वजनिक ऋण व्यवस्थापन नियमावली निर्माण, सूचना प्रविधिको पूर्ण कार्यान्वयन, पूँजि बजारको विकासमा सहयोग गर्न आवश्यक व्यवस्था, सार्वजनिक ऋणको उपयोग सम्बन्धमा अध्ययन अनुसन्धान लगायतका व्यहोरा कार्यान्वयन गर्नुपर्दछ ।
- सार्वजनिक ऋणको प्राप्ति, उपयोग र व्यवस्थापनमा संलग्न निकायको एक अर्को प्रतिको दायित्व तथा जिम्मेवारीलाई कानूनी स्पष्टता गरी अभिलेख तथा प्रतिवेदन र ऋण परिचानलको प्रभावकारीता वृद्धि गर्नुपर्दछ ।
- नेपाल राष्ट्र बैंकबाट हाल भैरहेको आन्तरिक ऋण सम्बन्धी कार्य र प्रदेश सरकारको ऋण व्यवस्थापन सम्बन्धी कार्यको जिम्मेवारी समेत सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको रहेकोले थप हुने कार्यको परिमाण र जटिलता समेत अध्ययन गरी कार्यालयको संगठन संरचना र कर्मचारी व्यवस्थापन गर्नुपर्दछ ।
- सार्वजनिक ऋणको लक्ष्य निर्धारणका आधारहरुलाई स्पष्ट र वैज्ञानिक बनाउनु पर्दछ । साथै सार्वजनिक ऋणको प्राप्ति र यसको भुक्तानी विचको अन्तर, वर्तमान तथा भविष्यमा ऋणको साँवा ब्याज भुक्तानी गर्न व्यवस्था गर्नुपर्ने सम्भावित स्रोतहरु आदिको विश्लेषण गरी सार्वजनिक ऋण दायित्वको सिमा निर्धारण गर्नुपर्दछ ।
- सार्वजनिक ऋणको बार्षिक वृद्धिदर र कुल गार्हस्थ उत्पादनको वृद्धिदर, राजस्वको बार्षिक वृद्धिदर र कुल गार्हस्थ उत्पादनको वृद्धिदरको अनुपात आदिको अध्ययन विश्लेषण गरी सार्वजनिक ऋण परिचालन गर्नुपर्दछ ।

- सार्वजनिक ऋण लगानीमा आधारित आयोजनाहरुको कार्यान्वयनबाट उत्पादनमा भएको वृद्धि र प्रभावकारीताको अध्ययन तथा विश्लेषण गर्नुपर्दछ ।
- सार्वजनिक ऋणको साँवा तथा भुक्तानीको लागि आवश्यक पर्ने वैदेशिक मुद्राको स्रोत, यसको संचिति अवस्था सम्बन्धमा अध्ययन विश्लेषण गरी सोत व्यवस्थापन गर्नुपर्दछ ।
- न्यून बजेट पूर्ति गर्न लिएको ऋण रकमबाट हुने प्रशासनिक खर्च, अनुदान तथा अनुत्पादक खर्च निरुत्साहित गर्न नियन्त्रणात्मक व्यवस्था गर्ने र ऋण परिचालनबाट उत्पादनमा भएको वृद्धि अध्ययन गरी उपयुक्त क्षेत्रमा ऋणमा परिचालन भएको सुनिश्चित गर्नुपर्दछ ।
- वैदेशिक ऋणबाट संचालित आयोजनाको खर्च भएको रकमको सोधभर्ना समयमै प्राप्त गर्नुपर्दछ ।
- आन्तरिक तथा वैदेशिक ऋणको सिमा सम्बन्धमा कानूनमा व्यवस्थापन भए पनि कुल ऋण दायित्वको सम्बन्धमा कानूनमा व्यवस्था नभएकोले कुल सार्वजनिक ऋण सम्बन्धमा समेत कानूनबाट सीमा निर्धारण गर्ने व्यवस्था गर्नुपर्दछ ।
- द्विपक्षीय तथा बहुपक्षीय वैदेशिक ऋणको ब्याजदर र आन्तरिक ऋणका विभिन्न औजारको ब्याजदर विश्लेषण गरी उपयुक्त औजार छनौट गर्नुपर्दछ ।
- आयोजनाको बैंक खातामा रहने प्रयोग बिहिन ऋणमा भुक्तानी हुने ब्याज र प्रतिबद्धता शुल्क न्यून गर्न बैंकमा रहनु पर्ने उपयुक्त मौज्दात अध्ययन गरी आवश्यक नीति तय गर्नुपर्दछ।
- ऋणको जमानत प्रदान गर्दा ऋण उपयोग गर्ने संस्थाले ऋण परिचालनबाट प्राप्त गर्ने आम्दानी, समयमै ऋणको साँवा तथा ब्याज भुक्तानी अवस्थाको अनुगमन गर्ने व्यवस्था गर्नुपर्दछ ।

सार्वजनिक खर्च ब्यवस्थापन
परिच्छेद - १
परिचय

१. **पृष्ठभूमि** - राज्यले समग्र शासन ब्यवस्थापन, विकास ब्यवस्थापन तथा नागरिकको सेवा सुविधाको लागि राज्यकोषबाट विभिन्न प्रकारका खर्च गर्ने गर्दछ । राज्यले आफ्नो संयन्त्र प्रयोग गरेर होस वा अन्य सार्वजनिक संस्थाको प्रयोग गरेर राष्ट्र र नागरिकको हितको लागि खर्च गर्ने कार्यलाई सार्वजनिक खर्च भनिन्छ र यसलाई मितव्ययी, पारदर्शी तथा प्रभावकारी परिचालन गर्ने कार्य सार्वजनिक खर्च ब्यवस्थापन हो । यस्तो खर्च मितव्ययी, प्रभावकारी तथा औचित्यपूर्ण हुनुपर्ने मान्यता रहिआएको छ । पन्ध्रौ योजना अनुसार सार्वजनिक खर्च विगत १० बर्षमा कूल गार्हस्थ उत्पादनको अनुपातमा ११ प्रतिशतबाट वढेर ३० प्रतिशत पुगेको छ । नेपालमा बजेट प्रारम्भ भएको करिव ७ दशक र योजनावद्ध विकास भएको करिव ६ दशक नाघिसकेको परिप्रेक्षमा सार्वजनिक खर्च ब्यवस्थापन कुशल र प्रभावकारी तरिकाले गर्ने विषयलाई महत्वका साथ हेरिएको छ।

आय वृद्धि, गुणस्तरीय मानव पुंजी निर्माण र आर्थिक जोखिम न्यूनिकरण गर्दै वि.सं. २०७९ सम्म अतिकम विकसित मुलुकबाट विकासशिल मुलूकमा स्तरोन्नति हुने तथा सन् २०३० सम्म दिगो विकासका लक्ष्यहरु हासिल गर्ने जस्ता दीर्घकालीन सोच नेपाल सरकारको रहि आएको छ । संविधानले सुनिश्चित गरेका मौलिक हकको कार्यान्वयन तथा राज्यका नीतिहरुको क्रमश: पालना गर्नुपर्ने भएकाले सार्वजनिक खर्चको कुशल ब्यवस्थापन गर्नुपर्ने दायित्व सरकारलाई थप भएको छ ।सार्वजनिक खर्चको व्यवस्थापकीय पक्षको मूल्याङ्कन गरी खर्चमा मितव्ययीता, दक्षतापूर्ण विनियोजन तथा खर्चको उत्पादकत्वको सम्बन्धमा अध्ययन गरिएको हो ।

सार्वजनिक कोषबाट हुने विविध प्रकृतिका खर्चलाई राज्य र जनताको वृहत हितको लागि प्रभावकारी ढंगले उपयोग गर्न सार्वजनिक कोषको विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र वित्तीय अनुशासन कायम गर्नु नै सार्वजनिक खर्च ब्यवस्थापनको मूल उद्देश्य रहेको हुन्छ । अतः सार्वजनिक स्रोतको उचित प्रयोग गर्ने, सोबाट उपलब्धि प्राप्त गर्ने तथा खर्चको उत्पादकत्व तथा प्रभाव जस्ता पक्षहरुको समग्र विषयको अध्ययन विश्लेषण यस लेखापरीक्षणले समेटेको छ ।

२. **नीतिगत व्यवस्था**

२.१. **नेपालको संविधान**

- संविधानको प्रस्तावनामा दिगो शान्ति, विकास, सुशासन र समृद्धिको आकांक्षा राखेको,
- धारा ५०(३) मा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र विकास मार्फत उपलब्ध स्रोत साधनको अधिकतम परिचालन गरी आर्थिक वृद्धि र विकास गर्ने,
- धारा ५१(घ) मा आर्थिक स्रोत साधनको न्यायोचित र सन्तुलित वितरण गर्ने,
- धारा ५१(ज) मा शिक्षा, स्वास्थ्य, खानेपानी लगायत अन्य अत्यावश्यक सेवामा नागरिकको समान पहुँच स्थापना गर्ने राज्यको नीति रहेको,

- धारा ५९ मा संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्रमा भएका विषयमा कानून बनाउने, योजना निर्माण गर्न तथा बजेट बनाउने अधिकार प्रदान गरेर वित्तीय संघियताको कार्यान्वयन गर्ने परिकल्पना गरेको,
- भाग १० मा संघीय आर्थिक कार्य प्रणाली, भाग १६ मा प्रदेशको आर्थिक प्रणाली तथा भाग १९ मा स्थानीय आर्थिक कार्य प्रणालीको व्यवस्था गरेको छ ।

२.२. **पन्ध्रौ योजना -** सार्वजनिक खर्चको कुशल र नतिजामुलक ब्यवस्थापनद्धारा समृद्ध अर्थतन्त्र निर्माण गर्ने सोच रहेको तथा सार्वजनिक खर्चको कुशल, समन्यायीक र नतिजामूलक ब्यवस्थापन गरी उच्च आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य रहेको र सार्वजनिक खर्चको विनियोजनमा दक्षता, कार्यान्वयनमा कुशलता र वित्तीय अनुशासन कायम गर्नु प्रमुख उद्देश्य रहेको छ । यस योजनाको खर्च सम्बन्धी प्रमूख रणनीति तथा कार्यनीति निम्नानुसार रहेका छन्:

रणनीति

- तीनै तहका खर्च प्रणाली सुदृढ बनाई दक्षता, पारदर्शीता तथा जवाफदेहिता कायम गरी नतिजामूलक बनाउने ।
- सार्वजनिक खर्चलाई आर्थिक तथा सामाजिक पूँजी निर्माणको क्षेत्रमा कुशल र प्रभावकारी विनियोजन गर्ने ।
- न्यायोचित र सन्तुलित अन्तर सरकारी वित्तीय ब्यवस्थापन गर्ने ।
- सार्वजनिक खर्च प्रणालीलाई आधुनिक सूचना प्रविधिमा आधारित बनाई थप पारदर्शी बनाउने ।

कार्यनीति

- संघ प्रदेश र स्थानीय तहको सार्वजनिक खर्च सम्बन्धी एकीकृत प्रणाली विकास गर्ने ।
- प्राथमिकता प्राप्त कार्यक्रम तथा क्षेत्रलाई स्रोतको सुनिश्चितता कायम गर्न मध्यमकालीन खर्च प्रणालीलाई तीनै तहमा संस्थागत गर्ने ।
- वित्तीय जोखिम न्यूनिकरण गर्न तीन तहको आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्ने ।
- चालु खर्चलाई पूँजीगत खर्चको उत्पादनशील क्षमता अभिवृद्धि गर्न आबद्ध गरिने ।
- राजस्वको आधार वृद्धि गर्ने एवम् उच्च प्रतिफल दिने र उत्पादन वृद्धिसँग सम्बन्धित पूर्वाधारका क्षेत्रमा सार्वजनिक स्रोतको विनियोजन गर्ने ।
- चालु खर्च ब्यवस्थापन सम्बन्धि मापदण्ड बनाइने र गैर बजेटरी खर्चलाई नियन्त्रण गर्ने ।
- अनुदानलाई उत्पादनशील र पारदर्शी बनाई एकद्वार प्रणाली मार्फत अनुदान वितरण गर्ने नीति लिइने।
- बजेट तर्जुमा कार्यान्वयन, लेखांकन र प्रतिवेदनमा तीन तहकै सरकारबीच एकरुपता कायम गर्न आधुनिक सूचना प्रविधिको अवलम्वन गरी एकीकृत सार्वजनिक वित्त ब्यवस्थापन सूचना प्रणाली विकास गरिने ।
- मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) लाई एकलकोष खातासँग आवद्ध गरी थप सुदृढ बनाउने।

उपर्युक्त रणनीति तथा कार्यनीतिको कार्यान्वयनबाट बजेट विनियोजनमा कुशलता, प्रभावकारी उपयोग तथा अपेक्षित नतिजा प्राप्त भएको हुने, पुँजिगत खर्चको हिस्सा उल्लेख्य मात्रामा बढेको हुने, बजेट

प्रणाली पारदर्शी वैज्ञानिक र सूचना प्रणालीमा आधारित भएको हुने र आयोजनाहरु तोकिएको समय, लागत, गुणस्तर तथा परिमाणमा सम्पन्न भएको हुने अपेक्षा लिइएको छ ।

३. **कानूनी व्यवस्था -** सार्वजनिक खर्च व्यवस्थापनसँग सम्बन्धित विभिन्न कानून तर्जुमा भई कार्यान्वयन हुँदै आएका छन् जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७
- सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४
- भ्रमण खर्च नियमावली, २०६४
- समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५
- विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५
- सार्वजनिक खर्चको मितव्ययिता सम्बन्धी मापदण्ड, २०७८ (प्रादेशिक स्तरमा समेत कार्यान्वयनमा रहेको)
- सार्वजनिक निकायको बैठक तथा कार्यक्रम सञ्चलन निर्देशिका, २०६९
- नेपाल सरकारका अति विशिष्ठ तथा विशिष्ठ श्रेणीका पदाधिकारीहरुको विदेश भ्रमण दिवा तथा रात्रीभोज एवम् उपहार सम्बन्धी निर्देशिका, २०७२
- सवारी साधन मर्मत तथा सञ्चालन सम्बन्धी निर्देशिका, २०७२
- वैदेशिक भ्रमण व्यवस्थापन निर्देशिका, २०७२
- आयोजनाहरुको बहुवर्षीय ठेक्का बन्दोबस्ती सम्बन्धी मापदण्ड, २०७६
- बजेट तर्जुमा दिग्दर्शन, २०७५

४. **संस्थागत व्यवस्था -** सार्वजनिक खर्च व्यवस्थापन गर्न स्थापना भएका विभिन्न संस्थाहरु देहायअनुसारको तालिकामा प्रस्तुत गरिएको छ :

संस्थाको नाम	कार्य तथा जिम्मेवारी
संसदको अर्थ र सार्वजनिक लेखा समिति	आर्थिक विषयमा छलफल तथा सरकारका जिम्मेवार निकायलाई निर्देशन प्रदान गर्ने तथा महालेखापरीक्षकको कार्यालयको वार्षिक प्रतिवेदन उपर छलफल गरी निर्देशन गर्ने ।
अर्थ मन्त्रालय	बार्षिक बजेट अनुमान तयार गरी अर्थ मन्त्रीद्धारा हरेक वर्ष जेठ १५ गते संसदमा पेश गर्ने र आवश्यक खर्च मापदण्ड निर्माण गरी लागुगर्ने गराउने ।
राष्ट्रिय योजना आयोग	मध्यमकालिन खर्च संरचना तयार गर्ने र आयोजना व्यवस्थापनको लागि आयोजना बैंक निर्माण गरी मापदण्ड पुगेका आयोजनाहरु प्रवृष्टि गर्ने ।
विषयगत संघीय तथा प्रादेशिक मन्त्रालयहरु	मन्त्रालयगत बजेट सूचना प्रणालीमा तथा प्रादेशिक बजेट सूचना प्रणालीमा बजेट प्रविष्टि गर्न र विनियोजन भएको बजेट आर्थिक ऐन नियम अनुसार कार्यान्वय गर्ने ।

प्रदेश सरकार	संघबाट प्राप्त विभिन्न अनुदान तथा आन्तरिक स्रोतबाट संकलित रकम बजेट मार्फत खर्च गर्ने ।
स्थानीय तहहरु	संघ तथा प्रदेशबाटप्राप्त विभिन्न अनुदान तथा आन्तरिक स्रोतबाट संकलित रकम बजेट मार्फत खर्च गर्ने ।
सार्वजनिक खरिद अनुगमन कार्यालय	सार्वजनिक खरिदको समग्र अनुगमन गर्ने तथा खरिद कार्यविधि निर्माण गरी खरिद कार्यलाई प्रतिस्पर्धी, जवाफदेही बनाउने

५. **सार्वजनिक खर्च व्यवस्थापन सम्बन्धी प्रकृयाहरु** - नेपालको संविधान को भाग.१० मा संघीय आर्थिक कार्यप्रणाली, भाग-१६ मा प्रदेश आर्थिक कार्यप्रणाली र भाग-१९ मा स्थानीय आर्थिक कार्यप्रणालीको व्यवस्था गरेको छ । संघ तथा प्रदेश सरकारको हकमा सम्बन्धित संसदमा पेश गर्नुपर्ने तथा स्थानीय तहको हकमा गाउँपालिका तथा नगरपालिकाको गाँउसभा तथा नगरसभामा पेश गरी अनुमोदन गर्नुपर्ने व्यवस्था रहेको छ । यस सम्बन्धि व्यवस्था आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६ देखि दफा ३५ सम्म व्यवस्था गरिएको छ । नेपालमा सार्वजनिक खर्च व्यवस्थापनको सम्बन्धमा निम्न प्रकृयाहरु चरणवद्ध रुपमा अवलम्बन गरिएको छ :

- राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा एक राष्ट्रिय स्रोत अनुमान समिति रहेको र सो समितिले समग्र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनाक्रमको विश्लेषण गरी विभिन्न मन्त्रालयसँगको समन्वयमा उपलब्ध हुने स्रोत तथा गर्न सकिने खर्चको सीमाको पूर्व अनुमान चालु आर्थिक वर्षको माघ पन्ध्र गतेभित्र पेश गर्ने ।
- स्रोतको अनुमान भएपछि चालु वर्षको मध्यमकालीन खर्च संरचना समेतलाई दृष्टिगत गरी खर्चको सीमा निर्धारण गर्ने ।
- योजना आयोगले आगामी तीन वर्षको बजेट तर्जुमाको लागि बजेट सीमा, मध्यमकालीन खर्च संरचनाको खाका समेत उल्लेख गरी बजेट तर्जुमा मार्गदर्शन तथा ढाँचा चालु वर्षको माघ मसान्तभित्र सम्बन्धित मन्त्रालय, विभाग, सचिवालय वा निकायमा पठाउने तथा तत् निकायले आफ्ना मातहतका कार्यालयमा बजेटको सीमा, मार्गदर्शन र ढाँचा .पठाउने ।
- लेखा उत्तरदायी अधिकृतले आफ्नो र मातहतको कार्यालय र निकायको बजेट प्रस्ताव तयार गरी योजना आयोग र अर्थ मन्त्रालय पठाउने ।
- सम्बन्धित मन्त्रालय तथा अर्थ मन्त्रालयवीच बजेट सीमाभित्र रहि छलफल गर्ने र अन्तिम बजेट अनुमान अर्थ मन्त्रालयले तयार गर्ने ।आगामी आर्थिक वर्षको लागि राजस्व र व्ययको अनुमानको विधेयक अर्थ मन्त्रीले प्रत्येक वर्षको जेठ महिनाको १५ गते संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा पेश गर्ने ।यस बीच सरकारको नीति तथा कार्यक्रम र बजेटको सिद्धान्त तथा प्राथमिकता संघीय संसदमा पेश गर्ने र संघीय संसदका सदस्यहरुबीच छलफल भई राय सुझाव पेश गर्नुपर्ने व्यवस्था रहेको ।
- विनियोजन ऐन प्रारम्भ भएपछि एल.एम.बी.आई.एस. मा प्रविष्टि भएका कार्यक्रमहरुलाई स्वतः अख्तियारी प्रदान भएको मानिने र सम्बन्धित विभाग तथा कार्यालयहरुले विनियोजित वा बाँडफाँट भएको रकम सो कार्यालयको भुक्तानी आदेशका आधारमा सङ्घीय संचित कोषबाट महालेखा नियन्त्रकले तोकेको प्रकृया अनुसार एकल खाता कोष प्रणाली वा तोकिएको अन्य प्रणालीबाट भुक्तानी निकासा गर्ने व्यवस्था रहेको ।

- सम्बन्धित मन्त्री तथा सचिवले कार्यक्रम र बजेट कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन त्रैमासिक र मासिक रुपमा गर्नु पर्ने ।
- सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी रुपमा खर्च गरिनुपर्ने व्यवस्था गरिएको छ ।
- विनियोजन, राजस्व, धरौटी तथा अन्य सरकारी कारोबारको लेखा महालेखापरीक्षकबाट स्वीकृत आर्थिक संकेत तथा वर्गीकरण तथा ढाँचामा आर्थिक विवरण तयार गरि राख्नुपर्ने ।
- कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखा परीक्षण तथा महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउने ।
- योजना छनौट गर्ने, मध्यमकालिन खर्च संरचना तयार गर्ने, बजेट प्रस्ताव गर्ने, सरकारी सम्पत्तिको संरक्षण, व्यवस्थापन गर्ने गराउने, बजेट समर्पण गर्ने गराउने तथा योजना तथा कार्यक्रमको अनुगमन गरी वित्तीय उत्तरदायित्व कायम गर्ने गराउने कर्तव्य संवैधानिक अङ्ग तथा निकायको हकमा सम्बन्धित संवैधानिक अङ्ग तथा निकायको प्रमुख, मन्त्रालय तथा केन्द्रीयस्तरको सचिवालय तथा आयोगको हकमा सम्बन्धित मन्त्रालयका विभागीय मन्त्री वा राज्यमन्त्रीको हुने ।
- लेखा तयार गर्ने जिम्मेवारी जिम्मेवार व्यक्तिको हुने तथा लेखा राख्ने, खर्च गर्ने तथा बेरुजू फस्यौट गर्ने गराउने लगायतका वित्तीय उत्तरदायित्व तथा आर्थिक प्रशासन सञ्चालन गर्ने गराउने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुने ।
- प्रदेश तथा स्थानीय तहको हकमा प्रदेश आर्थिक कार्यविधि ऐन जारी नभएसम्म संघीय आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले तोकेको प्रकृया पुरा गरी मध्यमकालिन खर्च संरचना तयार गरेर वर्षिक आय व्ययको अनुमान तयार पारी प्रदेश आर्थिक मामिला मन्त्रीले जेठ मसान्त भित्र तथा स्थानीय सरकार प्रमुखले असार १० गतेभित्र आ.आफ्नो सभामा पेश गरी पारित गराउनुपर्ने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था गरेको छ ।

परिच्छेद - २
लेखापरीक्षणको उद्देश्य, क्षेत्र एवं पद्धति

६. **लेखापरीक्षणको उद्देश्य** - सार्वजनिक खर्चको व्यवस्थापन सन्दर्भमा विनियोजन दक्षता, कार्यान्वयनमा कुशलता र खर्चमा मितव्ययिता एवं वित्तीय अनुशासनको पालना सम्बन्धमा मूल्याङ्कन गरी सुधारका लागि सुझाव सहितको प्रतिवेदन दिनु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ । उक्त उद्देश्यसँग सम्बन्धित देहायका अन्य उद्देश्य रहेको छन्ः

- बजेट बाँडफाँटका आधार एवं सूचकहरुको अध्ययन एवं विश्लेषण
- गैर बजेटरी खर्च नियन्त्रणको अवस्था विश्लेषण
- बजेट रकमान्तरको अवस्था विश्लेषण
- अबण्डा बजेटको स्थिति विश्लेषण
- कार्यसम्पादनलाई नतिजासँग आबद्ध गर्ने ऐन नियम एवं कार्यविधि तर्जुमा एवं कार्यान्वयन अवस्थाको विश्लेषण
- खर्चको मितव्ययिता, कार्यदक्षता तथा प्रभावकारिता अध्ययन
- विभिन्न समिति कोषमा रहेको रकम उपयोगको स्थिति अध्ययन

- एउटै प्रकृतिको कार्य गर्ने सार्वजनिक निकाय तथा आयोजनाको खर्च र उपलब्धिको तुलनात्मक अध्ययन
- दोहोरोपन भएका सार्वजनिक निकाय खारेज वा मर्ज गर्दा हुन सक्ने खर्च कटौतीको अध्ययन
- सार्वजनिक खर्चको उपादेयता वृद्धि गर्न आवश्यक सुझाव दिनु ।

७. **लेखापरीक्षणको क्षेत्र -** अध्ययनको क्रममा आर्थिक वर्ष २०७४।७५ देखि २०७८।७९ सम्मको संघीय सरकारको खर्च प्रणाली, खर्चको संरचना, बजेट व्यवस्थापन, कार्यक्रम कार्यान्वयन, आयोजना व्यवस्थापन, खर्च कटौति सम्बन्धमा भएका व्यवस्थाहरु र सार्वजनिक खर्च व्यवस्थापनका सम्बन्धमा हालसम्म भएका अध्ययन तथा बनेका नीति, कार्यविधि, मापदण्डलाई लेखापरीक्षणको क्षेत्रमा रहेको छन् ।

८. **लेखापरीक्षणको पद्धति -** लेखापरीक्षण कार्यमा लेखापरीक्षण समिक्षा पत्र, लेखापरीक्षण योजना, महालेखापरीक्षक तथा कार्यालयको निर्देशन, कार्यमूलक लेखापरीक्षण मार्गदर्शन २०५७, छलफल, प्रश्नावली, प्राथमिक तथा द्वितीय स्रोतको तथ्याङ्क विधिको आधारमा लेखापरीक्षण कार्यान्वयन, लेखापरीक्षण प्रतिवेदन गरिएको छ। लेखापरीक्षणको उद्देश्यका लागि पर्याप्त र उचित प्रमाण सङ्कलन गर्न नियन्त्रणको परीक्षण, विश्लेष्णात्मक कार्यविधि र विस्तृत विवरणको परीक्षणविधि अवलम्बन गरिएको छ । लेखापरीक्षणसंग सम्बन्धित कार्य सम्पादन समेटिएको वार्षिक प्रतिवेदन, प्रमाण कागजात, तथ्याङ्क, सूचनाको परीक्षण र भिडान, निरीक्षण गणना, सम्बन्धित पक्षसँग सोधपुछ र छलफल, विश्लेषण आदि गरिएको छ । लेखापरीक्षणमा प्रकृयामूलक र नतिजामूलक विधि अबलम्बन गरिएको छ । लेखापरीक्षण आधारको रुपमा विषयसँग सम्बन्धित नीतिगत तथा कानूनी व्यवस्था उल्लेख भएका विषयहरुलाई लिइएको छ। साथै उपलब्ध भएका विषयसँग सम्बन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय असल अभ्यासहरुलाई आवश्यकता अनुसार अपनाइएको छ । साथै लेखापरीक्षणका प्रकृया र आधार लेखापरीक्षणका उद्देश्य, क्षेत्र, पद्धति र आधार अर्थ मन्त्रालय तथा राष्ट्रिय योजना आयोगका पदाधिकारीसँग छलफल समेत गरिएको छ । लेखापरीक्षणको दौरानमा र लेखापरीक्षण सम्पन्न भएपश्चात व्यवस्थापनसँग देखिएको व्यहोरा उपर छलफल गरी प्राप्त प्रतिकृयालाई समेत समेटेर यो प्रतिवेदन तयार गरिएको छ ।

९. **लेखापरीक्षणको सीमा -** लेखापरीक्षण संघीय सरकारले अवलम्वन गरेको बजेट विनियोजन प्रणाली, संघीय सरकारहरुको समष्टिगत खर्च संरचनाको अवस्थामा रही अध्ययन विश्लेषण गर्ने विगत ५ आर्थिक वर्षको तथ्याङ्कलाई आधार लिइएको छ ।लेखापरीक्षण प्रश्नावली र द्वितीय स्रोतबाट सूचना सङ्कलन गरिएको छ । प्राप्त सूचनाको विश्वश्नियता, सूचना विश्लेषण क्षमता, समयसीमा, संलग्न जनशक्तिको संख्या तथा विषयगत ज्ञान, कार्यालयबाट उपलब्ध स्रोत साधन आदि लेखापरीक्षणका सीमा हुन ।

परिच्छेद - ३
लेखापरीक्षणबाट देखिएका व्यहोरा

१०. **सकारात्मक पक्षहरु -** राज्यकोषमा जम्मा भएको रकम नियमसंगत, मितव्ययी तथा प्रभावकारी रुपमा परिचालन गर्न विभिन्न प्रयासहरु भएका छन् । खरिद ऐन, २०६३ तथा नियमावली २०६४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली २०७७, अर्थ मन्त्रालयद्वारा जारी भएको सार्वजनिक खर्चको मितव्ययीता सम्बन्धी मापदण्ड २०७८, बजेट तर्जुमा दिग्दर्शन २०७५, अन्तर्राष्ट्रिय मापदण्ड अनुसार निर्माण भएको नगदमा आधारित नेपाल लेखाङ्कन प्रणाली, बजेट वक्तव्य सार्वजनिक खर्च कटौति गर्ने तथा विषयगत मन्त्रालयका खर्च कटौति योजना जस्ता नीतिगत तथा कानूनी व्यवस्था तथा राष्ट्रिय योजना आयोग तथा अर्थ मन्त्रालय, विभिन्न विषयगत मन्त्रालयहरु, विभिन्न प्रदेश तथा स्थानीय

तहहरुको व्यवस्था भएको छ । सार्वजनिक खर्च कटौती गर्नभन्दा पनि अनावश्यक तथा फजुल खर्च कम गर्ने दिशामा सरकार रहेको देखिन्छ। खर्चको मितव्ययी, प्रभावकारी तथा दक्षतापुर्ण उपयोग होस् भन्ने हेतुले सरकारले समय समयमा विभिन्न प्रयासहरु गर्दै आएको छ ।

११. पछिल्ला वर्षहरुमा सार्वजनिक खर्च प्रणालीलाई समावेशी, लैङ्गिक उत्तरदायी तथा गरिबी निवारण उन्मुख बनाउने र जलवायु परिवर्तनका असरहरुलाई समेत सम्बोधन गर्न सक्ने गरी आवधिक योजना तथा बार्षिक बजेटलाई सोही अनुसार बनाउन प्रयास गरिदै आएको पाइन्छ । सार्वजनिक खर्चलाई यसको स्वरुप तथा प्रवृत्तिको आधारमा जी.एफ.एस.एम. २०१४ को आधारमा नेपाल सरकार अर्थ मन्त्रालयले तयार पारेको एकीकृत आर्थिक संकेत वर्गिकरण तथा व्याख्या २०७४ को आधारमा समग्र खर्चलाई चालु, पूँजीगत तथा वित्तीय व्यवस्था गरी ३ वर्गमा विभाजन गरी लेखाङ्कन र प्रतिवेदन गर्ने कार्य गरेको छ । सार्वजनिक क्षेत्रमा गरिएको खर्चको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (प्याम्स), एकल खाता कोष प्रणाली (टिएसए), स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र), कम्प्युटरकृत सरकारी लेखाङ्कन प्रणाली (सीगास) जस्ता सूचना प्रविधिमा आधारित प्रणालीको प्रयोग गरी सार्वजनिक खर्चलाई व्यवस्थापन गरिदै आएको छ । सार्वजनिक खर्चलाई मितव्ययी, प्रभावकारी तथा दक्षतापूर्ण उपयोग बनाई भ्यालु फर मनीको मान्यतालाई अङ्गिकार गर्न वि.स.२०५५, २०५८ र २०७५ सालमा उच्चस्तरिय सार्वजनिक खर्च पुनरावलोकन आयोग गठन भएको र सो आयोगले दिएको सुझावहरु क्रमशः कार्यान्वयन गर्दै लगिएको छ।

सुधार गर्नुपर्ने व्यहोराहरुः लेखापरीक्षणको आधारमा सुधार गर्नु पर्ने देखिएका व्यहोराहरु देहाय अनुसार छः

१२. **बजेट विनियोजन र खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १०(३) मा बजेट विनियोजन गर्दा खर्च गर्न सक्ने क्षमता समेतको आधारमा गर्नुपर्ने उल्लेख छ । यस सम्बन्धमा देखिएको प्रमुख व्यहोरा देहायबमोजिम छनः

(रु.करोडमा)

आ व	बजेट विनियोजन	खर्च	खर्च प्रतिशत
२०७४।७५	१२७८९९	१०८४६८	८४.८०
२०७५।७६	१३१५१६	१११०४५	८४.४३
२०७६।७७	१५३२९६	१०९११३	७१.१८
२०७७।७८	१४७४६४	११९६६७	८१.१५
२०७८।७९	१६३२८२	१३०९८७	८०.२०

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार विगतका ५ आर्थिक वर्षमा बजेट विनियोजन अनुसार खर्च हुन सकेको छैन । आ.व २०७४।७५ देखि २०७८।७९ सम्म क्रमशः ८४.८, ८४.४३, ७१, ८१.१५ र ८०.२ प्रतिशत मात्र खर्च भएको छ । यसरी विनियोजित कूल बजेट र यथार्थ खर्चबीच १५ प्रतिशतभन्दा बढीको अन्तर रहनुले समग्र बजेट व्यवस्थापनको विश्वसनीयतामा प्रश्न उठ्ने अवस्था रहन्छ । विनियोजनअनुरुप खर्च नहुनुमा कोभिड-१९ को कारण समग्र आर्थिक, सामाजिक तथा प्रशासनिक क्षेत्रमा देखिएको सुस्तता लगायतका कारण रहेता पनि विनियोजनको लागि पर्याप्त गृहकार्यको अभाव, प्राविधिक अध्ययन र तयारी विना आयोजना छनौट तथा बजेट माग गर्ने, आयोजनाको लागि पर्याप्त बजेट नराखी रकमान्तर गरी थप गर्ने प्रचलन रहेको छ । योजनावद्ध रुपमा आर्थिक वर्ष शुरुदेखि ठेक्का बन्दोवस्त नगर्ने जस्ता कारणले पनि विनियोजन अनुरुप खर्च हुन नसकेको देखिन्छ । यसरी बजेट बमोजिम खर्च

गर्न नसक्नाले राज्य लिएको समृद्ध नेपाल सुखी नेपाली लगायत अन्य दीर्घकालीन लक्ष्य तथा दिगो विकास लक्ष्यका सूचकहरु पुरा गर्ने कार्य कठिन हुन जान्छ । तसर्थ बजेट विनियोजन गर्दा खर्च गर्न सक्ने क्षमता यकिन गरी पर्याप्त गृहकार्य गरी सम्पन्न हुन सक्ने आयोजनामा विनियोजन गर्नेतर्फ ध्यान पुर्‍याउनु पर्दछ । विनियोजन र खर्चको अवस्था अनुरुप संलग्न पदाधिकारी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको दफा ५० बमोजिम जवाफदेही हुनुपर्दछ ।

१३. **चालु खर्च** - आवधिक योजना तथा सरकारको वार्षिक बजेट तथा कार्यक्रमले निर्दिष्ट गरेको लक्ष्य उद्देश्य पुरा गर्ने चालु खर्चलाई निश्चित सीमामा राख्नुपर्ने उल्लेख गरिएको छ । सार्वजनिक खर्च पुनरावलोकन आयोग २०७५ को प्रतिवेदनले सार्वजनिक खर्चलाई निश्चित कार्ययोजना बनाई विनियोजनको अनुपातमा खर्च गर्दै लैजान सरकारलाई सुझाव दिएको छ ।विगत ५ वर्षमा चालु खर्चतर्फ विनियोजन भएको रकम र यथार्थ खर्च रकम बीचको सम्बन्ध देहाय अनुसार रहेको देखिन्छ ।

(रु. करोडमा)

खर्च शीर्षक	२०७४/७५			२०७५/७६			२०७६/७७			२०७७/७८			२०७८/७९		
	विनियोजन	चालु खर्च	प्रतिशत	विनियोजन	चालु खर्च	प्रतिशत	विनियोजन	चालु खर्च	प्रतिशत	विनियोजन	चालु खर्च	प्रतिशत	विनियोजन	चालु खर्च	प्रतिशत
चालु खर्च	८०३५३	६९६९१	८६.७	८४५४४	७१६४१	८४.७३	९५७१०	७८४१४	८१.९	९४७०६	८४६२१	८९	१०५९५७	९५४३१	९०.०७

स्रोतः महालेखा नियनत्रक कार्यालय

चालु खर्च अन्तर्गत विभिन्न खर्च शीर्षकमा विगत ५ वर्षमा भएको खर्च शीर्षकगत यथार्थ खर्च तथा सोको बृद्धिदर तलको तालिकामा प्रस्तुत गरिएको छ ।

(रु. करोडमा)

खर्च संकेत नम्बर	खर्च शीर्षक	२०७४/७५	२०७५/७६	वृद्धि प्रतिशत	२०७६/७७	वृद्धि प्रतिशत	२०७७/७८	वृद्धि प्रतिशत	२०७८/७९	वृद्धि प्रतिशत
२११००	पारिश्रमिक	१११९८	९९९३	-१०.३६	११६६७	१६.७५	१११९१२	२.०९९	१३६०६	१४.२२
२१२००	कर्मचारीको सामाजिक सुरक्षा खर्च	०	०	०	११५	०	१४६	२६.९	१७०	१६.४३
२२१००	सेवा महसुल	२२६	२३६	४.४२	२५०	५.९३	२६४	५.६	२८८	९.०९
२२२००	पूँजीगत सम्पत्तिको सञ्चालन तथा मर्मत खर्च	६९५	५९७	-१४.१०	५५४	-४.३१	५७०	२.८८	६७३	१८.०७
२२३००	कार्यालय सामान तथा सेवाहरु	३६४	३२४	-१०.९८	३२४	०	३४६	६.७९	३८६	११.५६
२२४००	सेवा तथा परामर्श खर्च	८५५	७९५	-७.०१	९८५	२३.८९	९००	-८.६	८२६	-८.२२
२२५००	कार्यक्रम सम्बन्धि खर्च	१९१७	९०३	-५२.८९	९८१	८.६३	११४९	१७.१२	२०८८	८१.७२
२२६००	अनुगमन तथा मुल्याङ्कन र भ्रमण खर्च	४९७	२७०	-४५.६७	२४६	-८.८	२१५	-१२.६	३५६	६५.५
२२७००	विविध खर्च	१०८३	१५८	-८५.४	१४९	-५.६	२४१	६१.७	१७३	-२८.२
२४१००	वैदेशिक ऋणको व्याज	३८६	४५०	१६.५	५२३	१६.२२	६२८	२०.०७	७५४	२०
२४२००	आन्तरिक ऋणको व्याज, सेवा शुल्क तथा बैक कमिसन	१२३८	१६२०	३०.८५	२०८२	२८.५१	२८४६	३६.६९	३७६८	३२.४०
२५१००	सार्वजनिक संस्थानलाई सहायता	८१।७५	८०।६	-१.४०	१०४	२९	११४	९.६१	१४०	२२.८
२५२००	व्यवसायहरुलाई सहायता	१९।९५	११	-४४.८६	२१	९०.९०	१०	-५२.३	१३	३०
२५३००	अन्य सहायता	०	०	०	१।६०	०	१।३३	-१६.८७	१.१६	-३७.६०
२६२००	अन्तराष्ट्रिय संस्थाहरुलाई सहायता	१७।५८	२३।३	०.३२	३७।५	६.९०	२८।८	-२३.२	२२	-२३.६
२६३००	अन्य तहका सरकारलाई अनुदान	२५००७	३३४९७	३३.९५	३५५४१	६.१०	३९७०९	११.७२	४०६०५	२.२५
२६४००	सामाजिक सेवा अनुदान	१५९१८	१०७९६	-३२.१७	९०५७	-१६.१०	९८०७	८.२८	८७१४	-११.१५
२७१००	सामाजिक सुरक्षा	४०९९	४४७९	९.२७	६९८२	५५.८८	७७९०	११.५७	११४५९	४७.०९
२७२००	सामाजिक सहायता	४२१	४१४	९.२७	५८०	४०.०९	९३७	६१.५५	२४१२	१५७.४१
२७३००	कर्मचारी सामाजिक लाभ सम्बन्धि खर्च	५६७६	६७७१	११.२९	७१६७	५.८४	६९२१	-३.४	८६६२	२५.१५
२८१००	सम्पत्ति सम्बन्धि खर्च	३०८	२००।८	-३५.०६	२०७	३.५	२१८	५.३१	२८६	३१.२०
२८२००	फिर्ता खर्च	२७।१५	११।८	-५६.५३	१९।६	६६.१०	८।७७	-५५.२५	१९	११६.६४
	कुल जम्मा	६९६९१	७१६४१	२.७९	७७६०२	८.३२	८४६२१	९.०४	९५४२३	१२.७६

स्रोतः महालेखा नियनत्रक कार्यालय

उपर्युक्त तालिका अनुसार चालु खर्च वर्षेनी वृद्धि भइरहेको देखिन्छ । यस सम्बन्धमा देखिएका अन्य व्यहोरा निम्न छन्

१३.१. चालु खर्चमध्ये सबैभन्दा धेरै रकम स्थानीय तहमा वितरण भएको विभिन्न प्रकारका अनुदान, सामाजिक सुरक्षामा भएको खर्च तथा कर्मचारी तथा पदाधिकारीलाई वितरण गरिएको पारिश्रमिक तथा अन्य सुविधा पर्दछन । सरकारको कार्यक्षेत्रमा व्यापक वृद्धि भएको, मुलुक संघीय संरचनामा गएकाले संघ, प्रदेश तथा

स्थानीय तह गरी तीन सरकार सञ्चालन भइरहेको अवस्थामा प्रदेश सरकार तथा स्थानीय तहलाई प्रदान गरिएको समानीकरण, सशर्त, समपूरक र विशेष अनुदानलाई संघीय सरकारले चालु खर्च शीर्षकमा राखिएको तथा नेपालको संविधानले परिकल्पना गरेको सुखी नेपाली सुमृद्ध नेपालको आकांक्षा साकार पार्न गरिएका विभिन्न लोककल्याणकारी कार्यक्रमहरु जस्तै निशुल्क शिक्षा, गुणस्तरीय तथा आधारभूत स्वास्थ्य सेवा, सार्वजनिक शान्ति सुरक्षामा गर्नु पर्ने प्रबन्ध, सामाजिक सुरक्षा तथा संरक्षणको क्षेत्रमा भएको खर्च वृद्धि तथा विपदजन्य कृयाकलापको कारण हुने क्षतिलाई न्यूनीकण गर्ने, उद्धार, राहत तथा पुनर्स्थापना गर्न गरिएको खर्चको कारण बर्षेनी चालु खर्च वढ्ने गरेको देखिन्छ । पूँजीगत खर्च भन्दा चालु खर्च अत्याधिक वृद्धि हुनु अर्थतन्त्रको राम्रो संकेत होईन । यसले सार्वजनिक प्रशासन सञ्चालन गर्ने अधिक श्रमशक्तिको प्रयोग भएको, स्रोत साधनको मितव्ययी उपयोग नभएको, लगानीको वातावरण कमजोर बन्दै गएको तथा देशमा उत्पादन उत्पादकत्वमा उत्साह कम हुँदै गएको र नागरिकले विकासको अनुभुति गर्न नसकेको जस्ता विविध पक्ष इङ्गित गर्दछ । विगत ५ वर्षको चालु खर्चको विश्लेषण गर्दा वढी खर्च हुने पाँच शीर्षकहरु निम्न छन् ।

१३.२. विगत पाँच वर्षमा सबैभन्दा वढी खर्च अनुदान शीर्षकमा त्यस लगतै सामाजिक सुरक्षा तथा कर्मचारी तथा पदाधिकारीको पारिश्रमिकमा खर्च भएको देखिन्छ । अनुदान खर्चतर्फ २०७७।७८ मा विगत वर्षको तुलनामा ११.७ प्रतिशतले वृद्धि भएकोमा २०७८।७९ मा २.२५ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी पारिश्रमिक खर्चतर्फ गतवर्षको तुलनामा २०७७।७८ मा २.०९ प्रतिशतले र २०७८।७९ मा १४.२२ प्रतिशतले वृद्धि भएको देखिन्छ ।

१३.३. सामाजिक सुरक्षामा २०७७।७८ मा ११.५ प्रतिशतले वृद्धि भएकोमा २०७८।७९ मा ४७.०९ प्रतिशतले वृद्धि भएको छ । सन् २०१० मा सामाजिक सुरक्षामा आवद्ध संख्या १५ लाख ६० हजार रहेकोमा १० वर्षको अन्तरालमा ३४ लाख ५० हजार पुगिसकेको अवस्था छ ।

१३.३.१. कुल राजस्व सङ्कलन २०७८।७९ मा रु.१० खर्व ६३ अर्व रहेकोमा सो बर्ष कर्मचारी तलव भत्ता, निवृतिभरण र सामाजिक सुरक्षा खर्च रु.३ खर्ब ६३ अर्ब रहेको छ । जुन राजस्वको ३४.१५ प्रतिशत हो। यसमा प्रदेश र स्थानीय तहका पदाधिकारीहरुको पारिश्रमिक समावेश छैन ।यसबाट राजस्वले चालु खर्चमध्ये पनि तलब भत्ता, निवृत्तिभरण र सामाजिक सुरक्षा खर्च व्यहोर्न पनि कठिनाई हुने स्थिति सृजना भईरहेको छ । एकातिर राजस्वको वृद्धिदर कम हुँदै गएको अवस्था छ भने अर्कोतिर स्थायी प्रकृतिका उपभोग खर्चको वृद्धिले राज्यको विकासतर्फको बजेटमा चाप परि आर्थिक वृद्धिको गतिमा शिथिलता आई आर्थिक मन्दी पनि हुन सक्ने देखिन्छ।

१३.४. अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा अनुदान रकम बजेटमा समावेश गरी सहि सदुपयोग गर्नुपर्ने व्यवस्था छ र राज्यको प्राथमिकता तथा आवश्यकताको आधारमा मात्र अनुदान रकम प्रयोग गर्नुपर्ने व्यवस्था छ । नेपाल सरकारले विगत ५ वर्षमा वितरण गरेको अनुदान अङ्क विश्लेषण गर्दा कूल चालु खर्चमा अनुदानको हिस्सा सबैभन्दा वढी रहेको छ । संघीय सरकारले प्रदेश सरकार र स्थानीय तहलाई विभिन्न प्रकारका अनुदान प्रदान गर्ने गरेको र सो रकममा पूँजीगत खर्चको अंश पनि रहने भए तापनि सम्पुर्ण रकमलाई संघको चालु खर्चमा लेखाङ्कन गर्ने गरेको पाइन्छ । विगत तीन वर्षको अनुदानको विवरण निम्न तालिकामा उल्लेख गरिएको छ :

(रु करोडमा)

खर्च शीर्षक	२०७४/०७५			२०७५/०७६			२०७६/२०७७			२०७७/२०७८			२०७८/२०७९		
	विनियोजन	यथार्थ	प्रतिशत	विनियोजन	यथार्थ	प्रतिशत	विनियोजन	यथार्थ	प्रतिशत	विनियोजन	यथार्थ	प्रतिशत	विनियोजन	यथार्थ	प्रतिशत
अनुदान	१८४७३	४०९४३	२२१।६३	४९९४०	४४३१७	८८.७	५११९१	४५४६३	८८.८	४९९९६	४९५४३	९९	५३२९६	४९३४२	९२.५८

स्रोतः महालेखा नियन्त्रक कार्यालय

माथिको तालिकामा विगत पाँच वर्षको अनुदान वितरणको तथ्याङ्क उल्लेख भएको छ । विगत तीन वर्षमा संघबाट वितरण हुने अनुदानको रकम वृद्धि हुँदै गएको र विनियोजनको तुलनामा खर्च औषतमा ९० प्रतिशतको हाराहारीमा रहेको देखिन्छ । संघीय अनुदान भएका खर्चको उत्पादन र उत्पादकत्वसंग नजोडिदा चालु खर्च अत्याधिक हुने गरेको छ । यसबाट खर्चमा मितव्ययीता र दक्षता नआउने तथा पूँजीगत खर्च कम भएतापनि गुणस्तरीय नभएकाले यसको प्रभावकारीतामा प्रश्न पनि उठ्ने गरेको पाइएको छ । प्रदेश तथा स्थानीय तहमा राजस्वको दायरा विस्तार नभएको अवस्था तथा सोको सम्भावना पनि कम भएको कारणले प्रशासनिक कार्यमा हुने खर्च समेत व्यहोर्नु पर्ने भएकाले चालु खर्च वढी हुने गरेको छ । अधिकांश स्थानीय तहहरुमा चालु खर्च गर्दा अपनाउनुपर्ने मापदण्ड, कार्यविधि निर्माण गरिएको छैन। कार्यपालिकाको निर्णयको आधारमा रकम वितरण, सहायता वितरण जस्ता कार्य हुँदै आएको पाइन्छ। योजना निर्माण गर्दा रकम स-साना कार्यक्रममा मात्र विनियोजन भएको हुनाले दीर्घकालीन लाभदायिक योजना निर्माण हुन सकेको छैन । प्रदेश तथा स्थानीय तहमा राजस्व बाँडफाँट भएको रकम तथा विभिन्न प्रकारका अनुदान रकमको सही सदुपयोगको लागि खर्च मितव्ययिता सम्बन्धी मापदण्ड निर्माण गरी लागू गरिनुपर्दछ । मापदण्ड निर्धारण गरी अनावश्यक तथा फजुल खर्च नियन्त्रण गर्ने कार्यालय प्रमुख तथा लेखा प्रमुखलाई अभिमुखीकरण तालिम तथा उपयुक्त प्रोत्साहन प्रदान गरिनुपर्दछ साथै कुनै पनि चालु खर्चको लागि बजेट प्रस्ताव गर्दा कार्यक्रममा आधारित बजेट प्रस्ताव गरिनु पर्दछ । स्थानीय तहमा गरिएको खर्चको अनुगमन तथा मूल्याङ्कनको लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणालीको विकास गरी लागू गर्नुपर्दछ ।

१३.५. **सामाजिक सुरक्षा -** संविधानको धारा ४३ मा सामाजिक सुरक्षालाई मौलिक हकको रुपमा व्यवस्था गरिएको छ जसमा आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुने व्यवस्था छ । पन्ध्रौ योजनामा सामाजिक सुरक्षा र संरक्षणलाई दिगो, सर्वव्यापी र पहुँचयोग्य बनाउने लक्ष्य रहेको तथा सबै नागरिकलाई अनिवार्य र सर्वव्यापी सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गर्नु, आर्थिक सामाजिक वंचितिकरण र जोखिममा परेका समुदायलाई सामाजिक संरक्षण प्रदान गर्नु तथा सामाजिक सुरक्षामार्फत नागरिकहरुको आर्थिक, सामाजिक, पर्यावरणीय र अन्य जोखिम न्यूनीकरण गर्नु उद्देश्य उल्लेख भएको । योजनाको अन्त्य सम्ममा कुल बजेटको ६० प्रतिशत हिस्सा आधारभूत सामाजिक सुरक्षामा आवद्ध हुने, औपचारिक क्षेत्रका सबै श्रमिक योगदानमा आधारित सामाजिक सुरक्षा जालोमा समावेश हुने तथा राष्ट्रिय बजेटमा सामाजिक सुरक्षा खर्च वृद्धि गरी १३.७ प्रतिशत पुर्याउने र सबैका लगि सामाजिक सुरक्षा प्रणालीको विकास गर्न लक्ष्य रहेको छ।

वार्षिक बजेटमा सामाजिक सुरक्षा विस्तार सहित लोककल्याणकारी राज्यव्यवस्था निर्माण गर्ने ठूलो रकम हरेक वर्ष विनियोजन हुँदै आएको पाइन्छ । विगत ५ वर्षमा सामाजिक सुरक्षा शीर्षक अन्तर्गत कुल बजेट रकम तथा खर्च रकमको विवरण देहाए अनुसार उल्लेख गरिएको छ :

(रु.करोडमा)

खर्चको विवरण	२०७४।७५	२०७५।७६	२०७६।७७	२०७७।७८	२०७८।७९
सामाजिक सुरक्षा खर्च	९५६०	११३०९	१४७३२	१८८७४	२२५३५
वार्षिक बजेट	१२७८९९	१३१५१६	१५३२९६	१४७४६४	१६३२८२
प्रतिशत	७.४७	८.५९	९.६१	१०.६१	१३.८०

स्रोतः महालेखा नियन्त्रक कार्यालय

माथि प्रस्तुत विवरणमा हरेक वर्ष सामाजिक सुरक्षामा विनियोजित रकम बजेटको अनुपातमा वृद्धि हुदै गइरहेको छ । आ.व. २०७४।७५ मा कुल बजेटको ७.४ प्रतिशत सामाजिक सुरक्षामा खर्च भएकोमा २०७८।७९ मा सो रकम ४३ प्रतिशतले वृद्धि भई वार्षिक बजेटको १३.८ प्रतिशत कायम भएको देखिन्छ जवकी वार्षिक बजेटको वृद्धि दर जम्मा ६.५२ प्रतिशत मात्र रहेको छ । यसरी हरेक वर्ष सामाजिक सुरक्षा अन्तर्गत भएको खर्च वृद्धिको कारण विश्लेषण गर्दा राज्यले अवलम्वन गरेको समाजबाद उन्मुख लोककल्याणकारी राज्यव्यवस्था सम्बन्धी नीति, मौलिक हकको व्यापक विस्तार, लामो समयसम्म उत्पिडन भोगेका वर्ग, क्षेत्र र समुदायको संरक्षण, सशक्तिकरण र विकासको लागि ठूलो रकम खर्च गर्नु परेकाले, योगदानमा आधारित सामाजिक सुरक्षा प्रणाली लागु गर्न नसक्नु तथा राज्यले अन्तर्राष्ट्रिय जगतमा जनाएको मानवअधिकार सम्बन्धी प्रतिवद्धता एवं नागरिकको वढ्दो आकाङ्क्षा जस्ता कारणले गर्दा सामाजिक सुरक्षामा राज्यको ध्यान र स्रोत वृद्धि हुँदै गइरहेको छ । यसबाट बच्न सरकारले सामाजिक सुरक्षा भत्ता पाउने आधारहरुको विषयमा समयमै निक्यौल गरी गरिवीको रेखाभित्र रहेका जोखिममा परेका र असहाय व्यक्तिको विवरण सङ्कलन गरी परिचयपत्र वितरण गर्नुपर्दछ । समाजमा राम्रो आर्थिक अवस्थामा भएकालाई सूचीमा समावेश गरिनु हुँदैन ।यसलाई सम्बन्धित प्रदेश सरकारले मापदण्ड निर्माण गरी स्थानीय तहलाई जिम्मेवार र जवाफदेही बनाइनु पर्दछ । दोहोरो सुविधा वितरण नहुने गरी कार्यविधि संशोधन गर्नु पर्दछ । स्वदेशी तथा विदेशी सरकारबाट प्राप्त सेवा सुविधाधारी वर्गलाई सामाजिक सुरक्षा वितरण कार्यक्रम विशेष गरी वृद्ध भत्तामा समावेश गरिनु हुँदैन । साथै सामाजिक सुरक्षा भत्तालाई समेत योगदानमा आधारित बनाई सामाजिक सुरक्षा कोषमार्फत बितरण गरी बजेटमा पर्ने भारलाई न्यून गर्नुपर्दछ।

१३.६. तेस्रो श्रमशक्ति सर्वेक्षण २०७५।७६ अनुसार १५ वर्ष माथिका उमेर समूहका २ करोड ७ लाख ४४ हजारमध्ये ७० लाख ८६ हजार जनसंख्या कुनै न कुनै रोजगारीका क्षेत्रमा रहेको पाइएको छ । सर्वेक्षणले १५।४ प्रतिशत मात्र औपचारिक रोजगारी रहेको र वाँकी ८४.६ प्रतिशत अनौपचारिक रोजगारी रहेको देखाएको छ । सामाजिक सुरक्षा कोषले २०७९।१०।२० गतेसम्म बेवसाइटमा रहेको विवरणका अनुसार १७ हजार ६ सय अठतीस सूचीकृत रोजगारदाता तथा ३ लाख ९१ हजार २ सय ३२ जना योगदानकर्ता उल्लेख भएको पाइएको छ । २०७५ मंसिर ११ गते देखि शुभारम्भ गरिएको नयाँ युगको नारा दिइएको सामाजिक सुरक्षा योजना ४ वर्ष वितिसक्दा पनि कुल रोजगारीमा रहेको जनसंख्याको जम्मा ५.५ प्रतिशतलाई मात्र समेट्न सकेको देखियो । यसले सामाजिक सुरक्षा योजनामा अति न्यून सहभागिता भएको इङ्गित गर्दछ । यसो हुनुको कारणमा परिवर्तनलाई सहजै आत्मासाथ नगर्ने प्रवृति, सरकार तथा सरोकारवालाले शुरुवाती समयमै सामाजिक सुरक्षाको आवश्यकता तथा औचित्यताको पुष्टि गरी नागरिकलाई सही सूचना दिन ढिलाई रहेको, वैक तथा वित्तीय संस्थामा कार्यरत कर्मचारीको गुनासो सुनुवाइमा ढिलाई गर्दा अन्य क्षेत्रका योगदानकर्तामा पनि नकारात्मक सोच उत्पन्न हुनु, नियमित पारिश्रमिकमा आधारित यस प्रणालीमा अधिकांश नेपाली अनौपचारिक क्षेत्रमा रहेको हुनाले नियमित रकम जम्मा गर्न नसक्ने अवस्था भएको जस्ता कारण जिम्मेवार देखिन्छ ।

श्रमिकको सामाजिक सुरक्षाको उचित प्रवन्ध नहुँदा वर्तमान र भविष्य समेत सुरक्षित नहुने भएकाले श्रम उत्पादकत्व कम हुने र औद्योगिक श्रम सम्बन्ध खराव भई लगानीमैत्री वातावरण निर्माण नहुने अवस्था सृजना भई दिगो विकासले लिएको लक्ष्य उद्देश्य पुरा नहुने अवस्था पनि आउन सक्ने हुन्छ। राज्यलाई सामाजिक सुरक्षामा अधिक ध्यान केन्द्रित गर्नुपर्ने भई विकासतर्फ लगानी अपुग हुन सक्ने देखिन्छ र दीर्घकालमा राज्यको चालु खर्चमा भार परी बैदेशिक ऋणको अशं पनि सामाजिक

सुरक्षामा खर्च गर्नुपर्ने हुन सक्ने देखिन्छ । सबै नागरिकलाई सामाजिक सुरक्षाको जालोमा ल्याउन सरकार लागायत सम्पुर्ण सरोकारवालाहरुको बुझाईमा एकरुपता आउनुपर्दछ । यसको लागि सर्वप्रथम लक्षित वर्गको स्पष्ट पहिचान, परिचयपत्र वितरण, रोजगारीको सुनिश्चितता र आयको निरन्तरता जस्ता विषयमा स्पस्ट नीति बनाउन अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैक, सामाजिक सुरक्षा कोषको विज्ञ समिति निर्माण गरी सामाजिक सुरक्षा रणनीति तर्जुमा गरी कार्यान्वयन गरिनुपर्दछ ।

१४. **राजस्व र चालु खर्चको अवस्थाः** संघीय सरकारले चालु खर्चलाई निश्चित सीमामा राख्ने गरी प्रत्येक बर्ष बजेट मार्फत प्रस्ताव गर्दै आएको छ । विगत ५ वर्षको राजस्व असुली र चालु खर्चको अवस्था देहायनुसार छ ।

(रु. करोडमा)

विवरण	२०७४।७५	२०७५।७६	२०७६।७७	२०७७।७८	२०७८।७९
राजस्व	७३२२२	८३९६७	८४१३१	९७८७५	१११६४२
चालु खर्च	६९६९२	७१६४२	७८४१५	८४६२२	९५४३२
बचतर९न्युन०	३५३०	१२३२५	५७१६	१३२५३	१६२१०

स्रोतः अर्थ मन्त्रालय

माथिको तालिकाबाट राजस्व सङ्कलनको अधिक हिस्सा चालु खर्चले ओगटेको देखिन्छ । राजस्व सङ्कलनको रकम चालु खर्च धान्न नै नपुग भएको अवस्थामा विकास निर्माण खर्च लगायत अन्य पूँजीगत खर्चका लागी वैदेशिक सहायता र आन्तरिक ऋणमा निर्भर रहनु परेको अवस्था छ । यसो हुनुमा साँघुरो करको दायरा, अनियन्त्रित चालु खर्च, अनावश्यक कर छुट सम्बन्धि व्यवस्था, बक्यौता राजस्व रकम उठाउने कार्य प्रभावकारी नहुनु, अनावश्यक संगठन संरचना खडा गर्ने प्रवृत्ति आदि कारण रहेका छन् । यसरी चालु खर्च अनियन्त्रित हुँदै जाने र राजस्वले विकास खर्च धान्न मुस्किल हुँदै जाँदा भविष्यमा अत्याधिक ऋण परिचालन गर्नु पर्ने बाध्यता सृजना भई मुलुक ऋणको पासोमा पर्न सक्ने अवस्था रहन्छ। तसर्थ चालु खर्च नियन्त्रण र करको दायरा विस्तार गरी कुल राजस्वमा चालु खर्चको अंश न्यून गर्नेतर्फ ध्यान पुर्याउनु पर्दछ ।

१५. **कार्यालय सञ्चालन, पत्रपत्रिका र छपाई खर्च** - नेपाल सरकार, मन्त्रिपरिषदबाट २०७८।६।२२ गते स्वीकृत अर्थ मन्त्रालयले जारी गरेको सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को बुँदा नं.६ मा सरकारी निकाय बीच पत्राचार गर्दा उपलब्ध भएसम्म सरकारी ईमेल तथा विद्युतीय माध्यममार्फत गर्ने गरी कागजको प्रयोगलाई कम गर्नु पर्ने तथा लेटर प्याड छपाई कम गरी कम्प्यूटरमा ढाँचा तयार गरी चिठ्ठि पत्र पत्राचार गर्नुपर्ने, सरकारी खर्चमा शुभकामना कार्ड छपाई गर्न तथा शुभकामना सन्देश प्रकाशन प्रशारण गर्न नपाइने, सूचना तथा प्रसारण विभाग बाहेक अन्य सरकारी निकायले क्यालेण्डर र डायरी छपाई गर्न नपाउने, सरकारी निकायको कामसँग सम्बन्धित पुस्तक तथा पत्रपत्रिका मात्र खरिद गर्नुपर्ने, बुलेटिन तथा विभिन्न प्रतिवेदन अभिलेख प्रयोजन बाहेक छपाई गर्न नहुने र वेवसाइट मार्फत प्रकाशन गर्नुपर्ने व्यवस्था गरेको छ ।सो कार्यमा संलग्न कर्मचारीहरुलाई कुनै प्रकारको अत्तिरिक्त भत्ता नदिइने व्यवस्था गरेको छ । अर्थ मन्त्रालयको यस मापदण्ड विपरित सार्वजनकि निकायहरुले क्यालेन्डर छपाइ गर्ने गरेको, इमेलबाट पत्राचार गर्नुपर्नेमा हार्डकपीको प्रयोग गरी इमेल गर्ने गरेको पाइएको छ । विगत ५ वर्षको खर्चको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ :

(रु लाखमा)

खर्च संकेत नं	खर्च	२०७४।७५	२०७५।७६	२०७६।७७	२०७७।७८	२०७८।७९	कैफियत
२२३१५	पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन	०	०	४१२५	६०६०	६३९२	

स्रोतः महालेखा नियन्त्रक कार्यालय

माथिको तालिकामा विगत ५ आर्थिक वर्षमा पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन शीर्षकमा खर्च वृद्धि हुँदै गएको देखिन्छ । आव २०७६।७७ मा रु.४१ करोड २५ लाख खर्च भएको एक वर्षको अन्तरालमा ४६ प्रतिशत वृद्धि भई रु.६० करोड ६० लाख पुगेको छ । त्यसैगरी २०७८।७९ मा अघिल्लो वर्षमा ५ प्रतिशत वृद्धि भई रु.६३ करोड ९२ लाख खर्च भएको देखिन्छ । यसरी हेर्दा यस प्रकृतिको खर्चको आकार हरेक वर्ष वृद्धि भएको देखिन्छ । खर्च मापदण्ड २०७८ जारी गरी खर्च नियन्त्रण गर्ने भनिएपनि खर्चको आकार २०७८।७९ मा वृद्धि भएको देखिन्छ । सबै सरकारी कर्मचारीलाई आधारभूत इमेल इन्टरनेट तालिम प्रदान गरी अनिवार्य इमेल एकाउट खोल्नपर्दछ । बेवसाइटमार्फत सार्वजनिक गरी समय तथा लागतको बचत गरिनुपर्दछ । यस्ता कृयाकलापबाट सार्वजनिक प्रशासनमा कार्यदक्षता आई चालु खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

१६. **परामर्श सेवा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ तथा नियमावलीको नियम ६९ मा सार्वजनिक निकायले निकायमा उपलब्ध भएका जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा तथा वैदेशिक सहायता स्रोतबाट व्यहोरिने गरी परामर्शदाताबाट सेवा प्राप्त गर्नुपर्ने तथा ५ लाख सम्मको परामर्श सेवा सोझै खरिद गर्न सक्ने व्यवस्था छ । त्यसैगरी नेपाल सरकार, मन्त्रिपरिषद् बाट मिति २०७८।६।२२ गते स्वीकृत अर्थ मन्त्रालयले जारी गरेको सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, ०७८ को बुँदा नं १४ मा विद्यमान जनशक्तिबाट सम्पादन हुने कामको लागि बाह्य सेवा परामर्शबाट काम गर्न गराउन नहुने ऐन, कानून तथा कार्यविधि बनाउने जस्ता काम सेवा परामर्शबाट नगराउने व्यवस्था रहेको छ। यद्यपी विद्यमान जनशक्तिबाट सम्पादन नहुने जटिल प्रकृतिका प्राविधिक र उच्च व्यावसायिक ज्ञान तथा सीप आवश्यक पर्ने भएमा अर्थ मन्त्रालयको सहमतिमा सेवा परामर्शबाट गराउन सकिने व्यवस्था छ ।विगत ५ वर्षको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

(रु करोडमा)

खर्च संकेत नं	खर्च	२०७४।७५	२०७५।७६	२०७६।७७	२०७७।७८	२०७८।७९	कैफियत
२२४१०	सेवा तथा परामर्श सेवा खर्च	८५५	७९५	९८५	९००	८२४	

स्रोतः महालेखा नियन्त्रक कार्यालय

माथिको तालिकामा सेवा तथा परामर्श खर्च, सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च, करार सेवा शुल्क र अन्य सेवा शुल्कको विवरण संलग्न गरिएको छ । जसमा सबैभन्दा वढी हिस्सा करार सेवा शुल्कले ओगटेको पाइएको छ । आ.व. २०७४।७५ मा रु.८ अर्व ५५ करोड परामर्श शीर्षकमा खर्च भएकोमा २०७७।७८ मा रु.९ अर्व र २०७८।७९ मा रु.८ अर्व २४ करोड पुगेको छ । यसरी हरेक वर्ष परामर्श सेवाको कार्य कार्यरत कर्मचारीवाट नगराई अन्य पक्षबाट गराउँदा राज्यलाई खर्चको व्ययभार वढेको देखिएको छ । मापदण्डको व्यवस्थाको पालना गरी परामर्श सेवा खरिदमा मितव्ययिता कायम गरिनुपर्दछ ।

१७. **ईन्धन खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले पनि सरकारी कामको सिलसिलामा ईन्धन प्रयोग गर्नुपर्ने र सरकारी जिन्सी सामग्रीको सुदुपयोग सम्बन्धमा कार्यालय प्रमुखले आफैले वा तोकिएको कर्मचारीले नियमित अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ । नेपाल सरकार, मन्त्रिपरिषद् बाट २०७८।६।२२ गते स्वीकृत अर्थ मन्त्रालयले जारी गरेको सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, ०७८ को बुँदा नं.१० मा सवारी साधनको सुविधा उपभोग गर्न पाउने पदाधिकारीले अर्थ मन्त्रालयले तोकेको मापदण्डमा न्यूनतम १० प्रतिशत कटौती गरी ईन्धन खपत गर्नुपर्ने, पुलमा रहेका सवारी साधनको हकमा अनिवार्य लकबुक भर्नुपर्ने, ईन्धन खर्च

शीर्षकमा थप निकासा वा रकमान्तर नगर्ने जस्ता मितव्ययी व्यवस्था रहेको छ । विगत ५ वर्षको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ :

(रु.करोडमा)

खर्च संकेत नं	खर्च	२०७४।७५	२०७५।७६	२०७६।७७	२०७७।७८	२०७८।७९	कैफियत
२२३१४, २२२११, २२२१२	ईन्धन खर्च	३०४	२५८	२४७	२६२	३००.६	

स्रोतः महालेखा नियन्त्रक कार्यालय

माथिको तालिकामा प्रस्तुत गरिएको ईन्धन खर्च शीर्षक अन्तर्गत कार्यालय प्रयोजन, पदाधिकारी तथा अन्य प्रयोजन गरी तीन वर्गमा विभाजित गरिएको छ । आ.व. २०७४।७५ मा इन्धन खर्च शीर्षकमा रु.३ अर्ब ४ करोड २०७६।७७ मा रु.२ अर्ब ४७ करोड, २०७७।७८ मा २ अर्ब ६२ करोड र २०७८।७९ मा ३ अर्ब पुगेको छ । यसरी हरेक आर्थिक वर्षमा ईन्धन खर्चमा वृद्धि देखिएको छ । अर्थ मन्त्रालयको खर्च मापदण्डले राखेको खर्च कटौतीको लक्ष्य पुरा भएको पाइएको छैन । यसो हुनुमा सवारी साधनको संख्या वृद्धि भएको, सुविधा उपयोग गर्ने पाउने पदाधिकारी कर्मचारीभन्दा अन्यले पनि सुविधा उपयोग गर्ने प्रवृति, नेपाली मुद्रा अमेरीकी डलरको तुलनामा कमजोर भएकाले डलरको कारण ईन्धनको मूल्यवृद्धि भएको, प्रशासनीक संरचनाको विस्तार सँगै सवारी साधन माग वृद्धि भएको, पुराना सवारी साधन भएकाले कम माइलेज दिने भएकाले, कुन तहको पदाधिकारीले कुन क्षमता भएको सवारी साधन प्रयोग गर्ने स्पष्ट मापदण्ड नभएको प्रमुख कारण रहेको छन् । अनियन्त्रित रुपमा गरिने इन्धन खर्चको उत्पादकत्व क्षमता समेत कमजोर हुने हुँदा उचित कार्यविधि बनाई ईन्धन खर्च नियन्त्रण गर्नुपर्दछ।

१८. **पूँजीगत खर्च -** चालु आवधिक योजनामा पूँजीगत खर्च वृद्धि गरी दिगो तथा समावेशी आर्थिक वृद्धि मार्फत देशलाई समृद्ध बनाउने तथा सन् २०३० सम्म दिगो विकास लक्ष्यको सूचक हासिल गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक खर्च व्यवस्थापनमा कुशलता अविवृद्धि गरी आर्थिक अनुशासन कायम गर्ने तथा पूँजीगत खर्चमा वृद्धि गर्ने नीति लिएको भए तापनि पूँजीगत खर्चमा विनियोजन भए अनुसार खर्च हुन सकेको देखिदैन । यसरी एकातर्फ विनियोजन भए अनुरुप पूँजीगत खर्च नभएको र अर्को तर्फ विनियोजनको आकार वढेसँगै पूँजीगत खर्च वृद्धि हुनुपर्नेमा नभई हरेक वर्ष स्थिर अनुपातमा वृद्धि भएको अवस्था छ । पूँजीगत खर्च भित्र सडक, सिँचाई, खानेपानी, शिक्षा तथा स्वास्थ्यमा गरिएको लगानी, फर्निचर तथा मेशिनरी, सवारीसाधन खरिद, जग्गा तथा भवन खरिद जस्ता दीर्घकालीन महत्वका विषयहरु पर्दछ । पूँजीगत खर्चले पूर्वाधार निर्माणमा सहयोग पुग्ने तथा नयाँ सम्भावनाको ढोका खोल्ने यस्ता खर्चलाई महत्वका साथ हेरिएको हुन्छ । विगत ५ वर्षमा भएका पूँजीगत खर्च तथा विनियोजित बजेटको विवरण विश्लेषण निम्नानुसार रहेको छ :

(रु. करोडमा)

खर्च शीर्षक	२०७४/७५			२०७५/७६			२०७६/७७			२०७७/७८			२०७८/७९		
	विनियोजन	यथार्थ पूँजीगत खर्च	प्रतिशत	विनियोजन	यथार्थ पूँजीगत खर्च	प्रतिशत	विनियोजन	यथार्थ पूँजीगत खर्च	प्रतिशत	विनियोजन	यथार्थ पूँजीगत खर्च	प्रतिशत	विनियोजन	यथार्थ पूँजीगत खर्च	प्रतिशत
पूँजीगत खर्च	३३५१७	२७०७१	८०.७६	३१३९९	२४१५६	७७	४०८००	१८९०८	४६.३४	३५३७४	२२८८३	६४.६	३७५३६	२१६०८	५७.५

स्रोतः महालेखा नियन्त्रक कार्यालय

१८.१. आ.व. २०७४।७५ मा रु.२ खर्व ७० अर्ब पूँजीगत खर्च भएकोमा सो खर्च २०७८।७९ आइपुग्दा रु.२ खर्व १६ अर्बमा खुम्चिन पुगेको देखिन्छ । विगत ५ वर्षमा बजेट रकममा वृद्धि देखिए तापनि

पूँजीगत खर्चमा वृद्धि भएको देखिएको छैन । बजेटको आकार २६.७७ प्रतिशतले बढेकोमा पूँजीगत खर्च २० प्रतिशतले घटेको छ।

(रु करोडमा)

खर्च संकेत नम्बर	खर्च शीर्षक	२०७४/७५	२०७५/७६	वृद्धि प्रतिशत	२०७६/७७	वृद्धि प्रतिशत	२०७७/७८	वृद्धि प्रतिशत	२०७८/७९	वृद्धि प्रतिशत
३१११०	भवन तथा संरचना	३७२१	४२८१	१५.०४	३६००	-१५.९०	४७१८	३१।०५	३७२७	-२१
३१११२०	सवारी साधन, मेशिनरी औजारतथा फर्निचर	१७६५	१९२४	९	१०९६	-४३.०३	१२५०	१४।०५	२१५८	७२.६
३१११३०	अन्य पूँजीगत खर्च	८७	५३	-३९	१५०	१८३	९४	-३७.३३	७४०।५	६९०।९५
३१११४०	सुरक्षा उपकरण	०	०	०	३२०	०	२०३	-३६।५६	१०८	-४६।७९
३१११५०	सार्वजनिक निर्माण	१७०७५	१४६७९	-१४.०३	११७१७	-२०.१७	१४५८४	२४.४६	१४१०५	-३.२८
३१११६०	निर्मित संरचनाको सुधार खर्च	०	७०	०	०।३	०	५०।३	१६६६६	७४।३२	४७.७५
३१११७०	पूँजीगत सुधार खर्च	१५२८	८६६	-४३.३२	९०१	४.०४	११०२	२२.३०	२६९	-७५.५८
३१४००	प्राकृतिक संम्पत्ति	२८९३	२२८१	-२१.१५	११२७	-५०.५	८८०	-२१।९१	१३८०	५६।८१
		२७०७१	२४१५६		१८९०८		२२८८३	२०.९८	२२५६३	-१।४०

स्रोतः महालेखा नियन्त्रक कार्यालय

१८.२. सार्वजनिक निर्माण शीर्षक अन्तर्गत २०७४।७५ मा रु.१ खर्व ७० अर्व खर्च भएकोमा त्यस पछिका वर्षहरुमा पूँजीगत खर्च घट्दो क्रममा रहेको छ । आ.व. २०७७।७८ मा रु.१ खर्व ४५ अर्व खर्च भएको र त्यस पछिको वर्षमा ३ प्रतिशतले कमी भई रु.१ खर्व ४१ अर्व खर्च भएको देखिएको छ ।

१८.३. सवारी साधन, मेशिनरी औजार तथा फर्निचर शीर्षक अन्तर्गत २०७४।७५ मा रु.१७ अर्व ६५ करोड खर्च भएकोमा त्यसपछिका वर्षहरुमा क्रमशः ९, १४ र ७२ प्रतिशत वृद्धि भएको देखिएको छ । पूँजीगततर्फ सवारीसाधन खरिदको लागि २०७५।७६ मा रु.१ अर्ब ४४ करोड २६ लाख विनियोजन भएकोमा रकमान्तरबाट थप गरी शुरु विनियोजनभन्दा ४०६ प्रतिशत बढी रु.५ अर्ब ८६ करोड ८२ लाख खर्च गरेको छ । उक्त रकम बाहेक मातहतका निकायबाट कन्टिन्जेन्सीका रकम विभागमा प्राप्त गरी एवं निर्माण ठेक्कामा समावेश गरेर समेत सवारी साधन खरिद हुने गरेको छ । स्थानीय तहले खरिद गरेको सवारी साधनको रकम समेत समावेश गर्दा सवारी साधनमा खर्च भएको रकममा अझ वृद्धि हुने देखिन्छ । यसप्रकारका अनुत्पादक खर्च नियन्त्रण गर्ने नीति रहेको भएपनि सवारी साधन खरिदमा नियन्त्रण भएको देखिएन ।

उपर्युक्त बमोजिम पूँजीगत खर्च वृद्धि नहुनुको प्रमुख कारणहरुमा कमजोर आयोजना व्यवस्थापन, खरिद कानूनको कमजोर परिपालना, पूर्व तयारी विनै परियोजना शुरुवात गर्दा वीचमा स्रोत सुनिश्चितता नहुने तथा आयोजना अलपत्र हुने,निर्माण व्यवसायीको ढीलासुस्ती, दक्ष जनशक्तिको अभाव, वैदेशिक सहायताका आयोजना कार्यान्वयन प्रभावकारी नहुनु, जग्गा विवाद, वन क्षेत्रको विवाद, स्थानीय तहलाई दिएको अनुदानलाई चालु अन्तर्गत गणना गर्नु, जस्ता कारण रहेका छन् । समयमै पूँजीगत खर्च नहुँदा स्रोत साधनको परिचालन नहुने र समष्टिगत रुपमा पूँजीको निर्माणमा संकुचन आउने गर्दछ । जसले गर्दा मानिसको जिवनयापनमा दीर्घकालीन प्रभाव पार्दछ । ठूला आयोजनाले हजारौ मानिसलाई रोजगारी दिने भएकाले गरिवी निवारण तथा आर्थिक सामाजिक रुपान्तरण हुने गर्दछ । पूँजीगत खर्च कम भएमा ठूला आयोजना निश्चित समय, लागत र परिमाणमा सम्पन्न हुन नसक्दा राज्यले तोकेको आर्थिक वृद्धि हासिल हुन सक्दैन । आगामी दिनमा पूँजीगत खर्च वृद्धि गर्न ठुला पूर्वाधारको विकास सँग सम्बन्धित बेग्लै कानून तर्जुमा गरिनुपर्दछ । आयोजना प्रमुखको सेवा सुविधालाई कार्य सम्पादन सूचकसँग तादाम्यता कायम गरिनुपर्छ । निर्माण व्यवसायीको नियमित अनुगमन र मुल्याङ्कन गरी ढीलासुस्ती गर्नेलाई सजाय र जरिवाना गरिनुपर्छ । खरिद कार्य पूर्ण रुपमा इ-विडिङ्गबाट गरिनुपर्दछ, खरिद कानूनमा समय सापेक्ष सुधार गरी विभिन्न समय सीमा घटाउनुपर्ने देखिन्छ यसबाट विकास निर्माण कार्यको लागत र समय घटाँउछ, आयोजना छनौटमा विशेष ध्यान दिनुपर्ने र पूर्व तयारी पुरा गरेका आयोजना तथा परियोजना

बैकमा प्रविष्टि भएका आयोजनालाई प्राथमिकता दिई बजेट सुनिश्चित गरिनुपर्दछ । तीनै तहका सरकारले पूँजीगत खर्च गर्ने क्षमताको साथै खर्चको गुणस्तरियता तथा प्रभावकारीतामा समेत अभिवृद्धि गर्नुपर्ने देखिन्छ ।

१८.४. **वित्तीय व्यवस्था खर्चः** बित्तीय व्यवस्था तर्फको बिगत ५ बर्षको शीर्षकगत विवरण निम्नानुसार रहेको छः

(रु. करोडमा)

खर्च संकेत नम्बर	खर्च शीर्षक	२०७४/७५	२०७५/७६	वृद्धि प्रतिशत	२०७६/७७	वृद्धि प्रतिशत	०७७/७८	वृद्धि प्रतिशत	०७८/७९	वृद्धि प्रतिशत
३२१४०	खुद ऋण लगानी- सार्वजनिक संस्थान	१९१९	३९४२	१०५.४	४७६३	२०.८२	३४४२	-२७.७३	४७३०	३७.४२
३२१५०	खुद शेयर लगानी संस्थान	४४६०	५८४५	३१.०५	१२४४	-७८.७	२६७७	११५.१९	१५२२	-४३.१४
३२२५०	खुद बैदेशिक शेयर लगानी	१६.८	२४	३०	२९	२०.८	१९।१७	-३३.८९	१९.५५	१.९८
३३१००	आन्तरिक दायित्व- ऋणपत्रको साँवा भुक्तानी	३७०८	३४३१	-७.४७	३३९७	-०.९९	३६९०	८.६२	४७३३.८	२८.२८
३३२००	वाह्य वित्तीय दायित्व	१८५८	२००३	७.८	२३५६	१७.६	२३३२	-१.०६	२९४१.५	२६.१३
	जम्माः	११९६४	१५२४७	२७.४४	११७९०	-२२.६३	१२१६२	३.१५	१३९४७	१४.६७

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उपरोक्त विवरण अनुसार आ.व.२०७४।७५ मा सार्वजनिक संस्थानमा रु.१९ अर्व १९ करोड ऋण लगानी गरिएकोमा ५ वर्षको अन्तरालमा सो रकम १४६ प्रतिशत वृद्धि भई रु.४७ अर्व ३० करोड पुगेको छ। राज्यले अत्यावश्यक सेवाका क्षेत्रमा आफ्नो उपस्थिति जनाउन तथा नागरिकलाई सहज तथा सुलभ ढङ्गले बस्तु तथा सेवा उपलब्ध गराउन सार्वजनिक संस्थानको भूमिका सान्दर्भिक देखिएतापनि अधिकाँश सस्थानहरुले लगानीको तुलनामा न्यून प्रतिफल दिँदै आएको देखिन्छ । यसले गर्दा संस्थानको संगठनात्मक सुधार गर्ने सरकारको योजना कमजोर हुँदै जाने हुन्छ र राज्यले दीर्घकालसम्म पनि संस्थानहरुको व्ययभार ब्यहोर्नु पर्ने अवस्था आउने देखिन्छ । सरकारले रणनीतिक योजना निर्माण गरी सार्वजनिक संस्थानमा गरिएको ऋण तथा सेयर लगानीलाई घटाउँदै संस्थानहरुलाई स्वायत र व्यवसायिक बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

१९. **सार्वजनिक ऋणको व्याज भुक्तानीः** सरकारले बजेट घाटा पुर्ति गर्न स्वदेशी व्यक्ति तथा संस्था तथा विदेशी राष्ट्र तथा संघ संस्थाबाट ऋण लिने गर्दछ । देशको खर्चको आवश्यकता पुरा गर्ने ऋण लिनुपर्ने अन्तराष्ट्रिय अभ्यास र प्रचलन पनि रहिआएको छ । संविधानको धारा ५१ मा ब्यवस्था भएको अर्थ, वाणिज्य नीतिमा राज्यको प्राथमिकता र आवश्यकताको आधारमा ऋण लिई बजेट प्रणालीमा समावेश गरी पारदर्शी तरिकाले खर्च गर्नुपर्ने उल्लेख छ । सार्वजनिक ऋण उत्पादनमुलक तथा दीर्घकालीन रुपमा लाभ दिने आयोजनामा खर्च गर्नुपर्ने तथा प्राथमिकताको क्षेत्रमा खर्च गर्नुपर्ने व्यवस्था छ । ऋणको सहि सदुपयोग हुन नसकेमा साँवा र व्याजको भार राज्यमा पर्ने र दीर्घकालीन दायित्व सिर्जना हुने हुनाले प्राथमिकता प्राप्त क्षेत्रमा मात्र ऋण हुनु पर्दछ ।

(रु. करोडमा)

खर्च शीर्षक	२०७४/७५			२०७५/७६			२०७६/७७			२०७७/७८			२०७८/७९		
	आन्तरिक ऋण	वाह्य ऋण	कुल व्याज	आन्तरिक ऋण	वाह्य ऋण	कुल व्याज	आन्तरिक ऋण	वाह्य ऋण	कुल व्याज	आन्तरिक ऋण	वाह्य ऋण	कुल व्याज	आन्तरिक ऋण	वाह्य ऋण	कुल व्याज
व्याज भुक्तानी	१२३८	३८६	१६२४	१६२०	४५०	२०७१	२०८२	५२३	२६०६	२८४६	६१७	३४६३	३७५८	७४४	४५०२

स्रोतः महालेखा नियन्त्रक कार्यालय

विगत ५ वर्षमा सरकारले आन्तरिक तथा वाह्य ऋणको व्याज खर्च रकम हरेक वर्ष वृद्धि भएको देखिन्छ । आ.व २०७४।७५ मा आन्तरिक ऋणको व्याज रु.१२ अर्व ३८ करोड, वाह्य ऋणको व्याज रु.३ अर्व ८६ करोड समेत जम्मा रु.१६ अर्व २४ करोड खर्च भएको छ । आ.व २०७८।७९ मा आन्तरिक र वाह्य ऋणको व्याज गरी कुल ४५ अर्व २ करोड खर्च भएको देखिएको छ जुन अघिल्लो वर्षको तुलनामा ३० प्रतिशतले बढी हो । सार्वजनिक ऋणको सही सदुपयोग गरी राष्ट्रिय आवश्यकता

तथा महत्वपुर्ण आयोजनामा लगानी गरी व्याज रकमको उत्पादकत्वमा वृद्धि गरिनुपर्दछ । आयोजनाको सम्पुर्ण पूर्व तयारीको कार्य सम्पन्न पश्चचात मात्र सार्वजनिक ऋण लिने र परिचालन गर्न सके ऋणको व्याजको रकममा कार्यदक्षता आउने देखिन्छ । सार्वजनिक ऋणको व्याजको विश्लेषण गर्दा आन्तरिक ऋणको व्याज तीन गुणासम्म महङ्गो भएको देखिन्छ । कुल ग्राहस्थ उत्पादनको हालको २० प्रतिशत बैदेशिक ऋण रहेको छ । सार्वजनिक ऋण व्यावस्थापन ऐन, २०७९ मा उल्लेख गरेबमोजिम कुल ग्राहस्थ उत्पादनको ३३ प्रतिशतसम्म लिन मिल्ने सिलिङ भएकाले सोही सिलिङभित्र वैदेशिक बहुपक्षीय ऋण लिएको खण्डमा आन्तरिक ऋणको व्याजलाई घटाउन सकिन्छ ।

१९.१. **खर्चको कार्यात्मक वर्गीकरण** - विगत पाँच वर्षको कार्यात्मक बर्गीकरण अनुसारको खर्च विवरण देहायबमोजिम प्रस्तुत गरिएको छ :

(रु. करोडमा)

क्रस	कार्यात्मक वर्गीकरण	२०७४/७५		२०७५/७६		२०७६/७७		२०७७/७८		२०७८/७९	
		रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत
०१	सामान्य सार्वजनिक सेवा	४०३६२	३७.२	४९४०३	४४.४९	५२२९४	४७.९३	५७०४७	५३.०६	५२१७६	४४.५८
०२	रक्षा	४८००	४.४	५००१	४.५	४९७९	४.५६	५१९१	४.८३	५३२९	४.५५
०३	सार्वजनिक शान्ति सुरक्षा	५३९२	५	४७९८	४.३२	५१८६	४.७५	५७०४	५.३१	७२३८	६.१८
०४	आर्थिक मामिला	३८८९२	३५.९	३४४६७	३१.०३	२६४४३	२४.२३	१८८१४	१७.५	१९१६४	१६.७
०५	वातावरण संरक्षण	१३५१	१.२	१४७३	१.३३	१३५९	१.२५	५३७	०.५	५४४	०.४७
०६	आवास तथा सामुदायिक सुविधा	५०९१	४.७	३८४३	३.४६	३५१८	३.२३	३६७१	३.४२	३५०५	३
०७	स्वास्थ्य	३५९२	३.३	३५९९	३.२४	४०१९	३.६८	४९५१	४.६१	७४९३	६.४
०८	मनोरन्जन, संस्कृति तथा धर्म	५२६	०.५	६०४२	०.५५	६८४	०.६३	४०६	०.३८	४६९	०.४
०९	शिक्षा	४५०१	४.२	३६२१	३.२६	३९४०	३.६१	३७१४	३.४६	४२६१	३.६४
१०	सामाजिक सुरक्षा	३९५६	३.६	४२३१	३.८१	६६८६	६.१३	७४६६	६.९५	१६८५५	१४.४
	जम्माः	१०८४६८	१००	१११०४५	१००	१०९११३	१००	१०७५०५	१००	११७०४०	१००

स्रोतः महालेखा नियन्त्रक कार्यालय

१९.२. कार्यात्मक वर्गीकरणको आधारमा विगतका पाँच आर्थिक वर्षको बिश्लेषण गर्दा सामान्य सार्वजनिक सेवा र सामाजिक सुरक्षा खर्चको हिस्सा वढ्दै गएको छ भने आर्थिक मामीला खर्चको हिस्सा घट्दै गएको छ । यसबाट उत्पादनमूलक खर्च घटेको तर उपभोग खर्च बढेको अवस्था उपयुक्त होईन ।यस सम्बन्धी थप व्यहोरा निम्न छन्

१९.३. आर्थिक वर्ष २०७८।७९ मा सामाजिक सुरक्षा शीर्षकमा अघिल्लोवर्षको तुलनामा १२५ प्रतिशत वृद्धि भएको पाइएको छ । आ.व. २०७७।७८ मा सो शीर्षकमा रु.७४ अर्व ६६ करोड खर्च भएकोमा २०७८।७९ मा रु.१ खर्व ६८ अर्व ५५ करोड खर्च भएको छ । यसको मुख्य कारणमा वृद्ध भत्ता पाउने उमेर ७० वर्षबाट घटाई ६८ वर्षलाई कायम गरिएको, नेपालीको औषत आयू वृद्धि भएको कारण सेवानिवृत कर्मचारी, प्रहरी तथा शिक्षकको निवृतिभरण दायित्वमा वृद्धि भएको, विगतमा रु ३ हजार प्रति महिना वितरण हुने वृद्ध भत्तालाई ३३ प्रतिशत वृद्धि गरी रु.४ हजार कायम गरिएको आदि जस्ता कारणहरु रहेका छन् । सामाजिक सुरक्षा खर्चलाई योगदानमा आधारित बनाउनु पर्दछ ।

१९.४. पन्ध्रौ योजनाले सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षाको सुनिश्चितता गर्ने र शिक्षा र स्वास्थ्य क्षेत्रलाई विकासको आधारशिलाको रुपमा लगानी गर्ने राष्ट्रिय रणनीति रहेको छ । विगत ५ वर्षको तथ्याङ्कलाई विश्लेषण गर्दा शिक्षा र स्वास्थ्यमा ४.४ प्रतिशतको हाराहारीमा खर्च हुँदै आएको देखिन्छ । कोभिड-१९ को कारण २०७८।७९ मा सबैभन्दा बढी ६.४ प्रतिशत स्वास्थ्य क्षेत्रमा खर्च भएको देखिन्छ । सरकारले सबै नागरिकलाई निःशुल्क र अनिवार्य आधारभूत शिक्षा र निःशुल्क माध्यमिक

शिक्षामा सुनिश्चितता साथै गुणस्तरिय शिक्षामा सर्वसुलभ पहुँच, प्रविधिमैत्री, रोजगारमूलक जीवनोपयोगी शिक्षाको विकास र विस्तारमा राज्य र सरकारको ध्यान जानुपर्ने देखिन्छ ।

१९.५. **सामान्य सार्वजनिक सेवा -** यस समूहमा सम्पूर्ण कार्यकारी र विधायिकाको सेवा तथा अन्तर सरकारी हस्तान्तरण पर्दछ । यस सेवामा २०७४।७५ मा रु.४ खर्व ३ अर्ब अर्थात कुल खर्चको ३७।२ प्रतिशत खर्च भएको थियो । त्यसको पाँच वर्ष पछि २०७८।७९ मा सो अनुपात ४४ प्रतिशत पुगेको छ । यसरी हेर्दा पाँच वर्षको अन्तरालमा सामान्य सार्वजनिक सेवामा शुरु वर्षको तुलनामा २९.२ प्रतिशत वृद्धि भएको छ । यसको मुख्य कारणमा विभिन्न तहका सरकारको कार्यक्षेत्रमा भएको बढोत्तरी, कर्मचारीको संख्यामा भएको विस्तार तथा संघीयताको शुरुवाती चरण भएकाले चालु प्रकृतिको खर्च वढ्न गएको देखिन्छ । यसरी खर्च बढ्दै जाँदा राजस्वमा समेत चाप पर्ने हुँदा खर्च नियन्त्रणमा विशेष ध्यान पुर्याउनु पर्दछ ।

२०. **दिगो विकास लक्ष्यको आधारमा खर्चको वर्गीकरण -** सामाजिक तथा मानवीय जटिलता, पर्यावरणीय असन्तुलन र सामाजिक, आर्थिक तथा वातावरणीय पक्षलाई ध्यानमा राखी विश्वका १९३ राष्ट्रहरुले सेप्टेम्बर २५, २०१५ का दिन देखि २०३० सम्ममा पुरा गर्नका लागि विभिन्न १७ वटा लक्ष्यहरुलाई आत्मसात गरेका छन् जसलाई दीगो विकासका लक्ष्य भनिएको छ । २०३० एजेन्डा आत्मसाथ गरिरहँदा संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरुले "कोहि पनि पछाडि छोडिने छैन" भन्ने कुराको सुनिश्चततताकासाथ दिगो विकास लक्ष्य प्राप्तिमा अघि बढ्ने प्रतिवद्धता व्यक्त गरेका छन् ।

सन २०१५ मा संयुक्त राष्ट्र संघको साधारण सभाबाट अनुमोदन गरिएका १७ वटा महत्वाकाक्षी दिगो विकास लक्ष्य १५ वर्षमा पुरा गर्न विश्वव्यापी रुपमा १६९ वटा परिमाणात्मक लक्ष्य निर्धारण गरी यसको प्रगति मूल्याङ्कन गर्न २३२ सूचकहरु पनि तयार गरिएका छन् । नेपालमा १७ वटा लक्ष्य पुर्तिका निम्ति ४७९ वटा सूचकहरु निर्धारित गरिएका छन् । यसरी निर्धारण गरिएका १७ वटा लक्ष्यहरु एक—आपसमा अन्तरसम्बन्धित छन् ।उक्त दिगो विकास लक्ष्य अनुरुप कायम भएका संकेत बमोजिमको विनियोजनको अवस्था देहाय अनुसार रहेको छ ।

(रु करोडमा)

क्र स	दिगो विकास लक्ष्य	०७४/०७५		०७५/०७६		०७६/०७७		०७७/०७८		०७८/०७९	
		विनियोजन	प्रतिशत	विनियोजन	प्रतिशत	विनियोजन	प्रतिशत	विनियोजन	प्रतिशत	विनियोजन	प्रतिशत
१	गरिवीको अन्त्य	१८९२	२.२४	२२३१	३.७६	१३९५	२.१८	१२४०	१७.९९	१७३६९	१५.५४
२	भोकमरीको अन्त्य	५५४६	६.५८	३५८५	६.०४	६०२८	९.४३	४४११	६.४०	७०७८	६.३३
३	स्वस्थ र समुन्नत समाज	२९७८	३.५३	२६३१	४.४३	८३१९	१३.०२	४७३२	६.८६	११०७८	९.९१
४	गुणस्तरीय शिक्षा	२९७१	३.५२	११३६	१.९१	१६६९	२.६१	३७३३	५.४१	५९४४	५.३२
५	लैङ्गिक समानता	१७८	०.२११	४४३	०.७४	४०१	०.६३	२५०	०.३६	४२०	०.३८
६	स्वच्छ पानी तथा सरसफाई	३२९०	३.९०	२४०६	४.०५	३५३४	५.५३	१८८५	२.७३	३५०८	३.१४
७	स्वच्छ उर्जामा पहुँच	६८१३	८.०८	८६४७	१४.५८	८२७०	१२.९४	२५०१	३.६३	६५२७	५.८४
८	समावेशी आर्थिक वृद्धि तथा मर्यादित काम	६९३	०.८२२	५९३	१	१०८५	१.७०	८२९	१.२०	२३३४	२.०९
९	उघोग पुर्वाधार र नवीन सिर्जना	१५३४२	१८.२०	१५४८२	२६.१०	२०५९५	३२.२२	१२२३५	१७.७४	२२३४५	१९.९९
१०	असमानता न्यूनीकरण	३४३	०.४०	२१६	०.३६	२२६	०.३५	४४	०.०६	१८३	०.१६
११	दिगो शहर र वस्ती	१८८५४	२२.३७	१७६९०	२९.८३	७३५७	११.५१	८६१४	१२.४९	१३५६०	१२.१३
१२	जिम्मेवारपुर्ण उत्पादन तथा उपभोग	०		२५५	०.४३०	२५७७	४.०३	६०८	०.८८	२५९०	२.३२
१३	जलवायु परिवर्तन	३०७	०.३६४	१०७१	१.८०	४९९	०.७८	३१६	०.४६	६१३	०.५५
१४	जलमुनिको जैविक विविधताको संरक्षण	नेपालको हकमा लगु नहुने-					-		-	-	-
१५	जमिनमाथिको जैविक विविधताको संरक्षण	८२२	०.९७	५६२	०.९४	७७३	१.२१	१०८३	१.५७	१२९८	१.१६
१६	शान्ति, न्याय र सशक्त निकाय	२४११४	२८.६१	२४१	०.४०	८४६	१.३२	१४५४५	२१.०९	१५८७९	१४.२१

१७	साझेदारी विकास	१३०	०.१५४	१००	०.१६८	३३५	०.५३	७६५	१.११	१०३९	०.९३
	जम्मा	**८४२७९**	**१००**	**५९२९८**	**१००**	**६३९०९**	**१००**	**६८९६७**	**१००**	**१११७७०**	**१००**

स्रोतः रा.यो.आ. विकास कार्यक्रम तथा बजेट

२०.१. आ.व. २०७७।७८ को तुलनामा २०७८।७९ मा गरिवी र भोकमारीको अन्त्य लगायत सात लक्ष्यमा न्यून बजेट विनियोजन भएको छ भने अन्य ९ लक्ष्यमा गत वर्षको तुलनामा बढी बजेट विनियोजन भएको अवस्था छ।

२०.२. आ.व.२०७४।७५ मा उद्योग पुर्वाधारमा १८ प्रतिशत तथा दिगो शहर र वस्तीमा २२ प्रतिशत रकम विनियोजन भएकोमा २०७८।७९ मा क्रमशः २० प्रतिशत र १२ प्रतिशत विनियोजन भएको छ । अतिकम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नती गर्ने लक्ष्यलाई आधार मान्दा समिक्षा अवधिको शुरुको वर्षमा गरिएको पूर्वाधार क्षेत्रमा विनियोजन अन्तिम वर्ष कम विनियोजन गरेबाट पूर्वाधार र दिगो शहर निर्माणमा कमी आउने देखिन्छ । पूर्वाधार विकास तथा दिगो शहर निर्माण गर्न पर्याप्त बजेट विनियोजन गर्नुपर्दछ । यसरी ७ लक्ष्यमा बजेट घट्नु र १० मा बढ्नुको कारण समेत स्पष्ट देखिएको छैन । बजेट निर्माणमा बजेटका सिद्धान्तहरुको पालना हुन नसक्नु, लक्ष्यको प्राथमिकीकरण यथार्थपरक हुन नसक्नुका कारण बजेट विनियोजन प्रकृया समेत यथार्थपरक हुन सकेको देखिँदैन । जसबाट समयमा दिगो विकास लक्ष्य प्राप्ति गर्नमा कठिनाई हुने हुँदा तथ्यपरक ढंगबाट लक्ष्यको प्राथमिकिकरण गरि बजेट विनियोजन गर्नु पर्दछ ।

२१. **संगठन संरचना र पदपूर्ति -** नेपाल सरकार, मन्त्रिपरिषदबाट २०७८।६।२२ गते स्वीकृत अर्थ मन्त्रालयले जारी गरेको सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को बुँदा नं.५ मा आर्थिक वर्ष २०७८।७९ मा स्वास्थ्य, वित्तीय व्यवस्थापन र विकास कार्यक्रम सञ्चालन गर्ने निकाय तथा नेपाल सरकारले अत्यावश्यक भनी निर्दिष्ट गरेको अवस्थामा बाहेक नयाँ सङ्गठन, संरचना र दरबन्दी सिर्जना नगरिने उल्लेख गरेको छ ।

२१.१. वि.सं.२०७५ सालमा समायोजन प्रयोजनका लागि संघीय निकायहरुमा कायम भएको कुल दरबन्दी संख्या ४८ हजार ४ सय ९ मा कर्मचारी समायोजन पश्चात दरबन्दी पुनरावलोकन हुँदा ४ हजार ९ सय ७३ नयाँ दरबन्दी थप भई लेखापरीक्षण गरिएको समयसम्म कुल दरबन्दी ५३ हजार ३ सय ८२ कायम गरिएको छ ।

२१.२. देश संघीयतामा गइसकेको अवस्थामा दरबन्दी पुनरावलोकन गरी भारी संख्यामा कर्मचारीको दरबन्दी सिर्जना गर्नु स्वभाविक भएतापनि त्यसपछि विगत तीन वर्षको अन्तरालमा संघमा मात्र ४ हजार ९ सय ७३ दरबन्दी थप भएको पाइएको छ । जसमध्ये नेपाल इन्जिनियरिङ्ग सेवामा १हजार ७ सय ६९ दरबन्दी तथा नेपाल प्रशासन सेवामा १ हजार ३ सय ८६ दरबन्दी सिर्जना भएको देखिएको छ । संघीय व्यवस्थामा विकास निर्माण तथा सेवा प्रवाहको जिम्मेवारी संविधान बमोजिम प्रदेश तथा स्थानीय तहमा गएको अवस्थामा संघमा प्राविधिक तथा सामान्य प्रशासन सेवाको दरबन्दी थप गर्नुको औचित्य पुष्टि हुँदैन। यसो नहुनुको मुख्य कारणमा आवश्यकता र प्राथमिकता यकिन नगरि नयाँ संरचना स्थापना गर्ने, कर्मचारीवर्गलाई छिटो पदोन्नती हुने इच्छा आकांक्षा तथा स्पष्ट मानव विकास रणनीतिको अभाव हुनु जस्ता कारणहरु देखिन्छन । आवश्यकता विश्लेषण विनै संगठन थप गर्दा राज्यको स्रोत साधन विनियोजनमा चाप पर्छ भने अर्कोतर्फ मानव स्रोत साधन अधिक भई सेवा सुविधामा असर पर्ने, कार्य संस्कृतिमा असर पर्ने भइ समग्र उत्पादकत्वमा नै प्रभाव पर्ने हुन्छ । आवश्यकता विश्लेषण गरी कार्य क्षेत्र र कार्य विवरणको विश्लेषणको आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेर मात्र नयाँ संरचना थप गरिनुपर्दछ तथा सोको तथ्यपरक कारण र आधार खुलाई अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गर्नुपर्दछ।

एकै प्रकृतिका कार्य गर्ने विद्यमान संरचना खारेज गर्ने वा गाभ्ने जस्ता कार्य गरी छिटो छरितो तथा चुस्त संगठन निर्माण गरिनु पर्दछ । कार्यान्वयन दक्षता हासिल गर्न संगठन संरचना चुस्त, दुरुस्त तथा सुचना प्रविधिमैत्री हुनुपर्दछ । अधिकांश सेवाहरु सूचना प्रविधिको प्रयोग गरी अनलाईन दिन थालिसकेको पृष्ठभूमिमा कार्य विश्लेषण गरी माग र आवश्यकताको आधारमा मात्र नयाँ संरचना तयार गरी दरबन्दी कटौति गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गर्नुपर्दछ ।

२१.३. **मन्त्रालयको संख्या -** सार्वजनिक खर्च पुनरावलोकन आयोग, २०७५ को प्रतिवेदन अनुसार संघमा १६ मन्त्रालय र ३५ विभाग कायम गर्न सुझाव दिइएको थियो । राष्ट्रिय सभाको संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन विशेष समितिले तयार पारेको प्रतिवेदन २०७९ मा संघमा १२ मन्त्रालय तथा प्रदेशमा ११ मन्त्रालय कायम गरिनुपर्ने भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई निर्देशन दिएको छ । त्यसै गरी २०७० सालमा गठित उच्चस्तरीय प्रशासन सुधार सुझाव समितिले तयार पारेको प्रतिवेदनमा पनि संघको मन्त्रालय संख्या १२ मा सिमित गर्नुपर्ने उल्लेख भएको छ । देश संघीयतामा गइसकेको अवस्थामा संघको कार्य ठूला आयोजना कार्यान्वयन तथा समन्वय अनुगमन तथा मूल्याङ्कनमा सिमित भएको अवस्थामा लेखापरीक्षण गरिएको समयसम्म संघमा २२ मन्त्रालय र ८१ विभाग अस्तित्वमा रहेको पाइएको छ । यसबाट चालु खर्चमा वृद्धि भएको छ । संघले समन्वयात्मक र सहजकर्ताको भूमिका निर्वाह गरी प्रशासनिक संघीयता कार्यान्वयनलाई प्रभावकारी बनाउनु पर्दछ । विभिन्न समयमा विज्ञहरुले दिएको प्रतिवेदनको आधारमा मन्त्रालय तथा विभागको संख्या कम गर्दै चुस्त र सक्षम प्रशासन सञ्चालन गरिनुपर्दछ ।

२२. **सार्वजनिक कोष -** नेपालको संविधानको धारा ११६ मा गुठी रकम बाहेक नेपाल सरकारलाई प्राप्त हुने सम्पूर्ण आम्दानी र रकम एक सरकारी कोषमा जम्मा हुने व्यवस्था गरेको छ । उक्त संचित कोष माथि व्ययभार हुने रकम बाहेक यस्तो कोषबाट विनियोजन ऐन बमोजिम खर्च गरिने व्यवस्था छ ।

आर्थिक वर्ष २०७९।८० को बजेट वक्तव्यको बुँदा नं.३७० ले नेपाल सरकारका मन्त्रालय र निकायहरु अन्तर्गत छरिएर रहेका कोषहरुलाई एकीकृत गर्नुका साथै आवश्यक नदेखिएको कोषहरु खारेज गरिनेछ भन्ने व्यवस्था रहेको छ । हालसम्म विभिन्न मन्त्रालय तथा निकाय अन्तर्गत रही विभिन्न कोषहरु बन्द नभएको अवस्था छ । महालेखा नियन्त्रक कार्यालयको विगतका वार्षिक प्रतिवेदनको अनुसार विभिन्न मन्त्रालय तथा निकायहरुले सञ्चालन गरेको कोषमा २०७८।७९ सम्म रु.४१ अर्ब १ करोड मौज्दात रहेको उल्लेख छ। यस्तो कोषहरु प्राय जस्तो पूर्वाधार विकाससंग सम्बन्धित मन्त्रालय बढी रहेको र ठूलो रकम बाँकी पनि रहने गरेको पाइएको छ । सञ्चित कोष बाहिर रहेका सरकारी कोषमा रहेका मौज्दात विवरण निम्नानुसार छन् :

(रु. करोडमा)

	२०७४।७५	२०७६।७७	२०७७।७८	२०७८।७९
शुरु मौज्दाद	११९९	८१२७	७३७८	४०८५
आम्दानी भएको	१५४८४	१५३८२	१९६९६	३०५०९
जम्मा	१६६८३	२३५१०	२७०७५	३४५९४
खर्च	१४००३	१६१७०	१८९५६	३०४७७
बाँकी रकम	६१५०	७३७८	८११८	४१०१

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उपर्युक्त तालिका अनुसार २०७४।७५ मा यस्ता कोषमा रु.६१ अर्ब ५० करोड मौज्दात रहेकोमा २०७८।७९ मा ४१ अर्ब १ करोड बाँकी रहेको छ । यस्ता कोषमा जम्मा हुने रकम हरेक बर्ष बृद्धि हुँदै गएको छ ।

कतिपय कोषहरु विनियोजन बजेटबाट अलग राखी निर्माणमा खर्च गर्ने गरेको पाइएको छ । कोष खडा गरी खर्च गर्दा रकम फ्रिज गर्नु नपर्ने र त्यस्तो रकम अर्को वर्ष खर्च गर्न सकिने, औपचारिक कार्यविधि पुरा नगरेपनि हुने, खर्चमा लचकता रहने, यस्तो कोषको रकम विनियोजन ऐनमा समावेश हुने तर एकमुष्ट रकम देखिने भएकाले संसदीय निगरानी नहुने र पछि कोषमा रकम निकासा भएपछि स्वतन्त्र र स्वायत्त तरिकाले खर्च गर्न पाइने कारणले गर्दा निकायहरुले विनियोजन ऐन अनुसार खर्च नगरी कोष खडा गरी त्यसैबाट खर्च गर्ने प्रवृति रहेको पाइएको छ । कोष लेखा प्रणाली लागु नहुँदा कोषको रकमको मितव्ययीता र प्रभावकारी रुपमा परिचालन भए नभएको विषयमा यकिन हुन नसक्ने अवस्था रहेको छ । यसले पारदर्शीता र जवाफदेहिताको अवस्था कमजोर रहेको संकेत गर्दछ । संसदमा कोषको प्रतिवेदन उपर छलफल नहुँदा कोषको उद्देश्य अनुरुप क्रियाकलाप भए नभएको यकिन हुने अवस्था देखिदैन । कतिपय कोष वर्षौंदेखि सञ्चालनमा नहुँदा वाँकी रहेको नगद मौज्दातको सहि सदुपयोग हुन नसकेको कारण एकातिर विभिन्न राष्ट्रिय महत्वका योजनामा रकम अभाव भएको छ भने अर्कातिर विनियोजनमा कुशलता आउन सकेको छैन । यसले राज्यले लिएको आर्थिक वृद्धिको लक्ष्य प्राप्ति गर्नेमा वाधा पुग्ने देखिन्छ । सार्वजनिक कोष सञ्चालनलाई व्यवस्थित बनाउन कोष स्थापनाको उद्देश्य र आवश्यकता पुरा भएपछि बन्द गर्ने परिपाटी स्थापना गरिनुपर्दछ । कोषको सम्पुर्ण कारोबार पारदर्शी र वस्तुगत बनाउनुपर्ने र समय समयमा प्रतिवेदन गर्ने व्यवस्था गरिनुपर्दछ । कोषको व्यवस्थित लेखाङ्कन र प्रतिवेदन गर्न कोष लेखा प्रणाली लागु गर्नुपर्दछ । हालसम्म निष्क्रिय भएका सरकारीकोषहरुको विवरण यथाशीघ्र पहिचान गरी अत्यावश्यक बाहेकका कोष रकम संघीय संचितकोषमा जम्मा गरी कोष खारेज गरिनुपर्दछ ।

२३. **रकमान्तर -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २० मा विनियोजन ऐनमा उल्लेख भएको कुनै एक अनुदान संकेतअन्तर्गतको बजेट उपशीर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको कुनै एक वा एकभन्दा वढी अनुदान संकेतअन्तर्गतको उपशीर्षकमा बचत हुने देखिएमा शुरु विनियोजित रकम मध्येबाट विनियोजन ऐनमा तोकिएको सीमा १० प्रतिशतभित्र रही अर्थ मन्त्रालयले रकमान्तर गर्न सक्ने व्यवस्था छ । साथै सार्वजनिक लेखा समितिले २०७६।१।९ को निर्णयबाट कानूनको परिधिभित्र रही रकमान्तर गर्ने निर्देशन पनि दिएको देखिन्छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा स्विकृत बजेटको रकम एक बजेट उपशीर्षक, सोत वा खर्च शीर्षकबाट अर्को उपशीर्षक, स्रोत वा खर्च शीर्षकमा रकमान्तर गर्न सकिने उल्लेख छ । शुरुमा बजेट व्यवस्था नगरी रकमान्तरबाट बजेट विनियोजन गर्ने नहुने व्यवस्था छ । जस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार प्रस्तुत गरिएको छ :

२३.१. **बजेट विनियोजन नगरी खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२ अनुसार ऐनको दफा २० को उपदफा २ बमोजिम बजेट विनियोजन नभएको खर्च शीर्षकमा रकमान्तर गर्न नपाइने उल्लेख छ । सो व्यवस्था विपरीत शुरु बजेट व्यवस्था नगरी २०७५।७६ मा विभिन्न अस्पतालहरु, एक नगरपालिका र विभिन्न ९ गाँउपालिकाको लागि बजेट व्यवस्थानै नभएको अवस्थामा पनि चालु खर्चतर्फका कार्यक्रममा रु.१ अर्व ८८ करोड ३९ लाख निकासा दिई खर्च गरेको देखिन्छ । त्यसैगरी २०७६।७७ मा शुरुमा बजेट व्यवस्था नगरी रकमान्तरबाट कृषि विकास रणनीति

अनुगमन तथा समन्वय कार्यक्रम र वी.पी. कोईराला मेमोरियल क्यान्सर अस्पताल लगायत ६ कार्यक्रममा रु.१२ करोड ८५ लाख खर्च गरेको छ । आ.व. २०७८।७९ मा रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम, सडक बोर्ड, कान्ति बाल अस्पताल, केन्द्रीय अस्पताल तथा प्रतिष्ठान, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पताल समेत, बीपी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, रासी स्वास्थ्य विज्ञान प्रतिष्ठान, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान लगायतका निकायमा शुरु बजेट व्यवस्था नगरी रु.२ अर्ब ९७ करोड ११ लाख रकमान्तर गरेको देखियो । यसरी रकमान्तर भएको रकममध्ये रु.७३ करोड ७१ लाख ३७ हजार खर्च भएको देखिदैन । शुरु बजेट विनियोजन नभएको कार्यक्रममा रकमान्तरबाट थप गरी खर्च गर्नु उल्लिखित नियमावली तथा बजेट सिद्धान्त अनुरुप देखिदैन । यसले बजेट अनुशासनको अवस्था राम्रो नभएको जनाउँछ । सार्वजनिक स्रोतको विनियोजनमा दक्षता नआई स्रोत साधनको मितव्ययी तथा प्रभावकारी परिचालन हुन सक्दैन । तसर्थ राष्ट्रिय योजना आयोगमा छलफल भएका परियोजना तथा बहुवर्षिय ठेक्का मापदण्ड पुरा गरी परियोजना बैंकमा प्रविष्टि भएका कार्यक्रमलाई मात्र बजेटमा सामावेश गर्ने र बजेटमा समावेश हुन नसक्ने कार्यक्रमको हकमा तयारी पुरा गरेर मात्र बजेटमा समावेश गर्नुपर्दछ ।

२३.२. **वर्षान्तमा रकमान्तर -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० मा विनियोजन ऐनले फ्रिज नहुने भनी तोकेको शीर्षकको रकम, नियम ३०९२० बमोजिम थप बजेट, खर्चको स्रोत परिवर्तन वा अति आवश्यक काम परी खर्च गर्नुपर्ने अवस्थामा बाहेक भुक्तानी दिनुपर्ने अन्य रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा ७ दिन अगावै निकासा वन्द गर्नुपर्ने व्यवस्था छ । सोही नियमावलीको नियम २८९६० बमोजिम बजेट तथा कार्यक्रम र अख्तियारीको आधारमा बजेट खर्च गर्ने कार्यतालिका पेश गर्नुपर्ने र सो अनुसार निकासा तथा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । नेपाल सरकारका विभिन्न कार्यालयहरुले कार्यक्रमअनुसार खर्च गर्ने तालिकाको अवधि नाघ्ने गरी तथा अति आवश्यक खर्च भनी पुष्टयाई नहुने गरी आषाढको अन्त्यमा ठुलो मात्रामा खर्च गर्ने गरेको देखिन्छ ।

२३.२.१.विगत ५ वर्षमा वर्षान्तमा गरेको खर्चको विवरण देहाएको तालिकामा प्रस्तुत गरिएको छ :

(रु.करोडमा)

	२०७४/७५			२०७५/७६			२०७६/७७			२०७७/७८			०७८/७९		
	बजेट	रकमान्तर	प्रतिशत	बजेट	रकमान्तर	प्रतिशत	बजेट	रकमान्तर	प्रतिशत	बजेट	रकमान्तर	प्रतिशत	बजेट	रकमान्तर	प्रतिशत
बजेट	१०४८००			१३१५१६	३५४८६	२६.९	१५३२९६	३३३९७	२१.७	१४७४६४	५९७२४	४०.५०	१६३२८२	१९६४१	१२.०३
आषाढ महिनाको रकमान्तर		७५५५			९७७६	२७.५		८५८३	२५.६		४२५५	७.१		८२८०	४२.१५
आषाढको २५ गते पछि		१८४२			३२५०	९.१५		३१३९	९.३		६११	१.०२		२६९९	१३.७४

स्रोतः म.ले.प. प्रतिवेदन

आ.व. २०७४।७५ मा रु.१० खर्व ४८ अर्ब कुल बजेट विनियोजन भएकोमा रु.७५ अर्ब ५५ करोड आषाढ महिनामा र रु.१८ अर्ब ४२ करोड आषाढ २५ गतेपछि रकमान्तर भएको पाइएको छ । त्यसैगरी २०७८।७९ मा रु.१६ खर्व ३२ अर्ब बजेट विनियोजन भएकोमा रु.१ खर्व ९६ खर्व रकमान्तर गरी विभिन्न उपशीर्षकमा खर्च गरेको पाइएको छ । त्यसमध्ये ४२ प्रतिशत आषाढ महिनामा र १३ प्रतिशत अषाढ महिनाको २५ गतेपछि रकमान्तर गरी खर्च गरेको देखिएको छ । यसरी हेर्दा रकमान्तरको प्रतिशत २०७७।७८ मा सबैभन्दा बढी बजेट विनियोजनको ४० प्रतिशतसम्म रकमान्तर हुने गरेको देखिएको छ तथा हरेक वर्ष बजेट विनियोजनको अनुपातमा औषत २० प्रतिशतको हाराहारीमा रहेको देखिन्छ । वार्षिक स्वीकृत कार्यक्रम तालिका बमोजिम सम्पन्न गर्नुपर्नेमा सो नगरी आर्थिक वर्षको

अन्त्यमा गर्ने प्रवृत्ति विगत पाँच वर्षमा देखिएको छ । विगत पाँच आर्थिक वर्षमा हरेक वर्षको आषाढ महिनामा विनियोजित बजेटको करिव ५ प्रतिशत रकम रकमान्तर गरी अन्यत्र खर्च गर्ने गरेको देखिएको छ । यसरी आर्थिक वर्षको अन्त्यमा रकमान्तर हुनुको मुख्य कारणमा बजेट विनियोजनमा दक्षताको कमी हुने, योजना आयोजनाको प्राथमिकीकरणमा पर्याप्त ध्यान नपुर्याइनु, प्रभावकारी अनुमान र प्रक्षेपण गर्नु नसक्नु, पूर्व तयारी विना कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्नु, ढिला गरी ठेक्का सम्झौता गरिनु, आर्थिक वर्षको अन्तिम समयमा रकमान्तर गरी खर्च गर्ने कार्यशैलीमा परिवर्तन नहुनु, रकमान्तरको कारण र औचित्यताप्रति जिम्मेवार व्यक्तिमा जावाफदेहीता तथा उत्तरदायित्वको कमी हुनु जस्ता प्रमुख कारण देखिन्छ ।

विनियोजित रकम तोकिएकै शीर्षक उपशीर्षकमा खर्च नगरी रकमान्तर गरी खर्च गर्दा वित्तीय अनुशासन कायम नहुने तथा योजना मुताविक बजेट परिचालन समेत नहुने अवस्था आउँछ ।जसले गर्दा सन्तुलित विकासको सपना पुरा हुन सक्दैन र बजेट प्रभाव र पहुँचवाला वर्गमा केन्द्रित हुने भएकाले दिर्घकालमा आर्थिक असमानता वढ्दै जाने देखिन्छ ।आर्थिक वर्षको अन्तमा रकमान्तर गरि खर्च गर्दा खर्चको गुणस्तर समेत कमजोर भई सार्वजनिक खर्चमा प्रभावकारीता नआउने हुन्छ । आगामी दिनमा राष्ट्रिय योजना आयोग र संघीय अर्थ मन्त्रालयले बजेट निर्माणको पूर्व तयारीमा पर्याप्त गृह कार्य गरी योजनासँग तादाम्यता कायम गरी बजेट तर्जुमा गर्ने र रकमान्तर गर्नु पर्ने अवस्था सृजना नहुने ब्यवस्था गर्नु पर्दछ । बजेट सन्तुलित तरिकाले बिनियोजन गरी तोकिएकै योजना आयोजनामा खर्च गर्ने वातावरण निर्माण गरिनुपर्दछ । यसको छुटै संयन्त्र निर्माण गरी नियमित अनुगमन तथा मुल्याङ्कन गरिनुपर्दछ र समयमै रकमान्तर गरी बजेट खर्च गरिनुपर्दछ । रकमान्तर माग गर्ने लेखा उत्तरदायी अधिकृतलाई सोको स्पष्ट कारण र आधार पेश गर्ने र औचित्यपूर्ण भएमा मात्र रकमान्तर गरि खर्च गरिनुपर्दछ ।

२३.३. **अर्थ विविधबाट रकमान्तर -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा विनियोजन ऐन बमोजिम सेवा तथा कार्यमा खर्च गर्ने विभिन्न शीर्षकमा स्वीकृत भएको सीमा भित्र रकमान्तर गर्न मिल्ने अर्थ विविधबाट जतिपनि रकम सार्न मिल्ने उल्लेख छ । विनियोजन ऐनले छुट्याएको रकम सोही प्रयोजनमा खर्च गर्नुपर्दछ । अर्थ मन्त्रालयले विगत ५ वर्षमा अर्थ विविध शीर्षकमा रकमान्तर गरी पछि मन्त्रालयगत निर्णय गरी विभिन्न निकायमा विनियोजन ऐनले तोकेको सीमाभन्दा वढी वा विनियोजन नगरेको वा कम रकम विनियोजन भएकोमा रकमान्तर गरी खर्च गर्ने गरेको पाइएको छ । यसले विनियोजनमा दक्षतामा कमी आई सार्वजनिक कोषको उच्चतम सदुपयोग भएको सम्बन्धमा आश्वस्त रहने आधार देखिँदैन ।

विगत ५ वर्षमा अर्थ विविध शीर्षकबट रकमान्तर भई अन्यत्रै विनियोजन भएको विवरण

खर्च शीर्षक	२०७४।७५			२०७६।७७			२०७७।७८			२०७८।७९		
	विनियोजन	थप घट	प्रतिशत	विनियोजन	थप घट	प्रतिशत	विनियोजन	थप घट	प्रतिशत	विनियोजन	थप घट	प्रतिशत
अर्थ विविधमा शुरु विनियोजन	६९३०	५५३२५	७९८	७७०५	३१२२	४०.५	५६१९	६२७२	१११	८८७०	१५७२	१७।५
अर्थ विविधमा घट		(६५९७)		-	(५६५९)	-	-	(११६१५)	(२०६)		(७९४६)	
अर्थ विवधबाट खर्च				-	८४	-	-	१५	-		१९२	
खर्च गर्न बाँकी		५५६५८		-	५५५५	-	-	२६१	-		२३०४	

स्रोतः म.ले.प. प्रतिवेदन

माथिको तालिकामा २०७४।७५ मा अर्थ विविध शीर्षकमा रु.६९ अर्व ३० करोड विनियोजन भएकोमा सो रकम खर्च नगरी पुनः रु.५ खर्व ५३ खर्व २५ करोड थप गरिएको छ भने रु.६५ अर्व ९७ करोड विभिन्न निकायलाई रकमान्तर गरिएको पाइएको छ । २०७५ असार मसान्तमा रु.५ खर्व ५६ अर्व ५८ करोड खर्च गर्न बाँकी छ । यो प्रवृति अन्य आर्थिक वर्षमा पनि निरन्तरता पाएको छ। त्यसैगरी २०७८।७९ मा अर्थ बजेट शीर्षक ६०२ मा एकमुष्ट रु.८८ अर्व ७० करोड विनियोजन भएकोमा विभिन्न बजेट उपशीर्षकबाट रु.१५ अर्व ७२ करोड अर्थात शुरु विनियोजनको १७.७ प्रतिशत रकमान्तर गरी थप गरेको देखियो, रु.७९ अर्व ४६ करोड विभिन्न मन्त्रालय तथा निकायमा रकमान्तर गरेको देखियो । २०७९ आषाढ अन्त्यमा रु.२३ अर्व ४ करोड बजेट बाँकी रहेको देखियो ।

यसरी अर्थ विविध शीर्षकमा रकम विनियोजन भएको र सो रकम पूर्ण खर्च नगरी अन्य अनुदान सङ्केतबाट रकमान्तर गरी विभिन्न संवैधानिक निकाय, मन्त्रालय तथा निकायमा रकमान्तर गरी बजेट विनियोजन गरेको पाइएको छ । यस अनुदान संकेतमा जति पनि रकम सार्न र यसबाट अन्यत्र लौजान सक्ने विनियोजन ऐनमा भएको व्यवस्थाको कारण यस शीर्षकमा रकमान्तर हुने गरेको देखिन्छ । रकमान्तर भएको रकम दायित्व सृजना भएको योजनाको भुक्तानी गर्ने, स्थानीय तहको समपुरक अनुदान र विशेष अनुदान प्रदान गर्न, पूर्वाधार निर्माणको लागि रकम थप गरेको देखिन्छ । अनुमान गर्न सकिने कृयाकलापमा पनि पछि रकमान्तर गरी खर्च गर्ने गरेको देखिएको छ । अर्थ विविध शीर्षकमा बजेट विनियोजन गरी तदर्थ निर्णयको आधारमा निकासा दिने तथा विनियोजन नगर्ने वा कम विनियोजन गरी पछी अर्थ विविध शीर्षकबाट खर्च गर्ने प्रवृति बजेट नियन्त्रणको सिद्धान्त अनुरुप रहेको मान्न सकिदैन ।

यस्तो अवस्थामा बजेटमा उल्लेख नभएको कार्यक्रम, योजना संसदलाई जानकारी नहुने, नियन्त्रण गर्न जटिल हुने, अनुगमन गर्न काठिनाई हुने, पारदर्शीता नहुने, बजेट रकम दुरुपयोग हुन सक्ने जस्ता अवस्था सृजना हुने भएकाले यसरी अर्थ विविध शीर्षकमा रकमान्तर गर्न मिल्ने व्यवस्थामा सीमागत व्यवस्था गर्नुपर्दछ ।

२४. **राष्ट्रिय गौरवको आयोजना -** नेपाल सरकारले २०६८।६९ देखि मुलुकको आर्थिक सामाजिक विकासमा महत्वपूर्ण योगदान पुर्याउने ठुला पूर्वाधार निर्माण र संस्कृति एवम् वातावरण संरक्षण सम्बन्धि रणनीतिक महत्वका २२ आयोजनालाई राष्ट्रिय गौरवका आयोजनाको रुपमा घोषित गरी कार्यान्वयनमा ल्याइएको छ। यी आयोजनालाई उच्च प्राथमिकतामा राखी स्रोत सुनिश्चितता र कार्यान्वयनमा सघन अनुगमन गर्ने व्यवस्था गरिएको छ । राष्ट्रिय गौरवका आयोजनाका रुपमा संचालित अधिकांश आयोजना पन्ध्रौ योजना अवधिभरमा सम्पन्न गर्ने गरी कार्यान्वयन चरणमा रहेका आयोजनाको कार्यान्वयनमा तीव्रता दिन केन्द्रीय स्तरमा प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय विकास समस्या समाधान समिति तथा मन्त्रालयस्तरमा मन्त्रालयको सचिवको संयोजकत्वमा मन्त्रालयगत विकास समस्या समाधान समितिको व्यवस्था छ । राष्ट्रिय गौरवका आयोजनाको लागि आव २०७६।७७, २०७७।७८ र २०७८।७९ को कुल विनियोजन बजेट रकम र यथार्थ खर्चको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

(रु. करोडमा)

खर्च शीर्षक	२०७६।७७			२०७७।७८			२०७८।७९		
	विनियोजन	यथार्थ	प्रतिशत	विनियोजन	यथार्थ	प्रतिशत	विनियोजन	यथार्थ	प्रतिशत
विभिन्न २२ वटा आयोजना	८२७१	४८४०	५८.५	८९७६	५५२५	३८.४४	७६६०	५१६३	६७.४

स्रोतः महालेखा नियन्त्रक कार्यालय

२४.१. विनियोजन र खर्चको मूल्याङ्कन गर्दा तीनै वर्षमा विनियोजित रकम खर्च हुन सकेको देखिदैन । आ.व. २०७६।७७ मा कुल विनियोजत रकमको ५८.५ प्रतिशत, २०७७।७८ मा ३८.४४ प्रतिशत र

२०७८।७९ मा ६७.४ प्रतिशत मात्र खर्च भएको अवस्था छ । यसको प्रमुख कारणहरुमा आयोजना पहिचान, लागत लाभ विश्लेषण तथा मूल्याङ्कन, वातावरणीय प्रभाव मूल्याङ्कन, विस्तृत आयोजना प्रतिवेदन तयारी लगाएतका पूर्व तयारीका कार्य पुरा नगरी आयोजना छनौट गर्नु, आयोजना स्थलमा स्थानीय लगायत विभिन्न पक्षहरुको विवाद समयमै समाधान नहुनु, आयोजना कार्यान्वयनको मोडालिटी स्पष्ट नहुनु, आयोजना प्रमुखको छिटो छिटो सरुवा हुनु, आयोजना प्रमुखको आयोजनालाई लक्ष्य प्रगति प्रति जिम्मेवारी जवाफदेहिताको कमी हुनु, पुराना आयोजना सम्पन्न नगरी नयाँ नयाँ आयोजना थप हुनु जस्ता मुख्य कारणहरु जिम्मेवार देखिन्छन । विनियोजित रकम खर्च नहुँदा आयोजनाको लागत र समय वृद्धि हुँदै जाने राज्यको स्रोतको कार्यान्वयनमा कुशलता नआउने देखिन्छ । यसबाट सार्वजनिक खर्च व्यवस्थापन कमजोर हुने देखिन्छ । आयोजना ढिलागरी निर्माण गर्दा राष्ट्रले अपेक्षा गरेको लाभ लिन नपाउने, नागरिकले सेवा सुविधा सर्वसुलभ तरिकाले उपयोग गर्न नपाउने, आर्थिक अनुशासनमा कमी आई नागरिकमा शासन प्रणाली तथा विकास प्रशासन प्रति नकारात्मक दृष्टिकोण उत्पन्न हुने जस्ता प्रभावहरु देखिन सक्छ ।आयोजना परियोजना वैकमा प्रविष्टि गरेर मात्र आयोजना छनौट गरिनुपर्ने, विनियोजित रकम सम्पुर्ण खर्च हुने वातावरण निर्माण गरिनुपर्ने र सोको लागि विषयगत मन्त्रालय, स्थानीय तह, जिल्ला प्रशासन कार्यालय तथा सम्वद्ध सरोकारवाला निकाय बीच प्रभावकारी समन्वय गरिनुपर्ने, आयोजना प्रमुख लगायत सम्पुर्ण कर्मचारीलाई प्रोत्साहन प्याकेजको व्यवस्था गरी कार्य प्रति जिम्मेवार र जवाफदेही बनाउनुपर्ने, राजनितिक दवाव र प्रभावको आधारमा आयोजना छनौट नगरि वस्तुगत मापदण्ड र चेकलिष्टको आधारमा सन्तुलित विकासलाई सहयोग पुग्ने गरी आयोजना छनौट गरिनुपर्दछ ।

२५. **सार्वजनिक संस्थान -** पन्ध्रौ योजनामा आवश्यकता र उपादेयताका आधारमा संघीय संरचना बमोजिम उपयुक्त ठहरिएका सार्वजनिक संस्था पुनर्संरचना र स्थापना तथा सान्दर्भिक नदेखिएका संस्थानको विनिवेश गर्ने उल्लेख छ । २०७७।७८ को बजेट वक्तव्यमा सार्वजनिक संस्थानको नियमन, सञ्चालन र व्यवस्थापनलाई प्रभावकारी बनाउन संस्थान सञ्चालन सम्बन्धी छाता ऐनको तर्जुमा गरिने र कारोबार बन्द भई सञ्चालनमा नरहेको संस्थानको स्वामित्वमा रहेको जग्गा, भौतिक संरचना, मेशिनरी उपकरण र अन्य सम्पत्तिको अभिलेख अद्यावधिक गरी उत्पादनशील उपयोग गर्ने व्यवस्था मिलाइने तथा सार्वजनिक संस्थानको संचालक समिति र प्रमुख प्रशासकीय अधिकृतलाई कार्यससम्पादन नतिजाप्रति जिम्मेवार र जवाफदेही बनाउने, व्यावसायिक सम्भावना नभएका र उद्देश्यअनुरुप कार्यसम्पादन गर्ने नसकी लगातार घाटामा सञ्चालन भएका सार्वजनिक संस्थानको अध्ययन गरी एक आपसमा गाभ्ने वा खारेज गर्ने नीति लिइने उल्लेख छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन ।

२५.१. संस्थान निरन्तर घाटामा रहेको अवस्थामा पनि ती संस्थानको अध्ययन विश्लेषण गरी गाभ्ने वा खारेज गर्ने कार्य तथा काममा दोहोरोपना भएका निकाय खारेज गर्नेतर्फ कारवाही अघि वढाएको देखिदैंन । सञ्चालनमा नरहेको संस्थानको स्वामित्वमा रहेको जग्गा, भौतिक संरचना, मेशिनरी उपकरण र अन्य सम्पत्तिको अभिलेख अद्यावधिक गरी उत्पादनशील उपयोग भएको छैन ।

२५.२. नेपालमा हालसम्म विनिवेश गरिएका ३० संस्थानमध्ये ११ संस्थान खारेज गर्ने निर्णय भइसकेको अवस्थामा लामो समयसम्म पनि कानूनी प्रकृया पुरा गरी खारेज नगर्नुको कुनै स्पष्ट कारण पेश हुन सकेन। कानूनी रुपमै खारेज गरी अस्तित्व समाप्त गरिनु पर्नेमा सो नगरी कर्मचारीको तलव भत्ता उपदान तथा वीमाको रकम वर्षेनी राज्यबाट ऋणको रुपमा प्रवाह गरी वितरण गर्ने गरिएको छ । निजीकरण ऐन, २०५० अनुसार निजीकरण भई हाल बन्द अवस्थामा रहेका ११ संस्थानमध्ये देहायबमोजिमको

संस्थानमा २०७८।७९ सम्म निम्नानुसार नेपाल सरकारलाई प्राप्त हुन बाँकी भाखा नाघेको साँवा र व्याज बक्यौता रहेको देखिन्छ ।

(रु.करोडमा)

क्र. स.	संस्थानको नाम	२०७८।७९ सम्मको साँवा	२०७८।७९ सम्मको व्याज	जम्मा साँवा र व्याज
१	हिमाल सिमेन्ट	३७.२१	३१.९७	६९
२	सुर्ती विकास कम्पनी	०.२१	०.७९	१.०१
३	कृषि औजार कारखाना	७।२३	५.९९	१३।२३
४	नेपाल जुट विकास तथा व्यापार कम्पनी	११।१३	०	११।१३
५	घरेलु सिल्पकला विक्रि भण्डार	४।७२	१०।९२	१५।६०
६	हेटौडा कपडा उद्योग	४२।६७	४४।५९	८७।२७
७	बीरगंज चिनी कारखाना	२५	३३।६७	५८।६७
८	नेपाल यातायात संस्थान	७।८५	१४।१६	२२।०१
		१३६।०५	१४२।१२	२७८।१७

स्रोतः अर्थ मन्त्रालय

खारेज भई बन्द अवस्थामा रहेका ११ संस्थानमध्ये माथिका ८ संस्थानमा ऋण लगानी रहेको रु.१ अर्व ३६ करोड ५ लाख तथा व्याज रु.१ अर्व ४२ करोड १२ लाख गरी जम्मा रु.२ अर्व ७८ करोड १७ लाख प्राप्त गर्न बाँकी रहेको देखिन्छ । उल्लिखित विवरणमा नेपाल जुट विकास तथा व्यापार कम्पनीलाई प्रदान गरेको २०७६।७७ सम्मको बाँकी ऋणको व्याज गणना गरेको छैन । उक्त साँवा तथा व्याज रकम प्राप्त गरी संचित कोषमा दाखिला गरिनुपर्दछ ।

२५.३. सार्वजनिक संस्थानले आर्थिक वर्ष सकिएपछि आफ्नो आर्थिक कारोबार तथा वित्तीय विवरणको लेखापरीक्षण कानूनबमोजिम गराउनु पर्दछ । लेखापरीक्षण ऐन, २०७५ ले पनि नेपाल सरकारको पूर्णस्वामित्व भएको संस्थानको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयले र ५० प्रतिशतभन्दा बढी सरकारी स्वामित्व भएका संस्थानको लेखापरीक्षक नियुक्ति गर्दा अनिवार्य महालेखापरीक्षकको परामर्श लिई लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । तोकिएको समयमै लेखापरीक्षण गर्न तालुक निकायबाट निर्देशन दिएपनि हालसम्म सबै सार्वजनिक संस्थानले लेखापरीक्षण गराएका छैनन् । लेखापरीक्षण नगराउने संस्थानको ब्यहोरा यस प्रकार छः

२५.४. दुग्ध विकास संस्थान, जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लि., नेपाल ओरिण्ड म्याग्नासाइट प्रा.लि., नेपाल वन निगम लि., औद्योगिक क्षेत्र ब्यवस्थापन प्रा.लि., नेपाल वन निगम लि., औद्योगिक क्षेत्र ब्यवस्थापन लि., नेपाल पारवहन तथा गोदाम व्यवस्था कं.लि., नेपाल वायुसेवा निगम, राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास कम्पनी लि., नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल रेल्वे कम्पनी लि, गोरखापत्र संस्थान, जनक शिक्षा सामग्री कम्पनी लि, नेपाल टेलिभिजन, नेपाल खानेपानी संस्थान, नेपाल विद्युत प्राधिकरण, राष्ट्रिय प्रशारण कम्पनी लि., नागरिक लगानी कोष, हेटौडा सिम्न्ट उद्योग लि, नेपाल औषधि लि, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि, राष्ट्रिय बीमा संस्थान जीवन, विशालबजार कम्पनी लि, राष्ट्रिय बीमा कम्पनी लि, जनकपुर कारखाना लि र राष्ट्रिय आवास कम्पनी लि. समेत गरी २६ वटा सर्वजनिक संस्थानले आर्थिक वर्ष २०७७।७८ को लेखापरीक्षण गराएका छैनन् ।

२५.५. खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले आर्थिक वर्ष २०७५।७६, २०७६।७७, २०७७।७८ गरी तीन वर्षको र विशालबजार कम्पनी लि.ले आर्थिक वर्ष २०७३।७४, २०७४।७५, २०७५।७६, २०७६।७७ र २०७७।७८ गरी ५ वर्षको लेखापरीक्षण गराएको देखिएको छैन । राष्ट्रिय बीमा संस्थानले आर्थिक वर्ष २०६९।७० देखि २०७७।७८ सम्म ९ वर्षको लेखापरीक्षण गराएको छैन भने राष्ट्रिय बीमा कम्पनीले २०७३।७४ देखि २०७७।७८ सम्म ५ वर्षको लेखापरीक्षण गराएको पाइएको

छैन । एक वर्ष ढिला गरी लेखापरीक्षण गर्ने सार्वजनिक संस्थान क्रमशः जनकपुर चुरोट कम्पनी लि र राष्ट्रिय आवास कम्पनी लि रहेका छन ।

सार्वजनिक संस्थानहरुले समयमै लेखापरीक्षण सम्पन्न गरी कानूनको परिपालना गर्नुपर्नेमा त्यसो गरेको पाइएन । यसरी लामो समयसम्म लेखापरीक्षण नगराई हर हिसाब परीक्षण नगराउँदा आर्थिक अनुशासन कमजोर हुने, सार्वजनिक स्रोत दुरुपयोग हुने तथा वित्तीय जवाफदेहिता कमजोर हुँदै जाने हुन्छ। तसर्थ प्रत्येक सार्वजनिक संस्थानका कार्यकारी प्रमुखलाई लेखापरीक्षणको लागि जिम्म्वारी बनाउने र यस विषयलाई निजको कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गरिनु पर्दछ ।

२५.६. सार्वजनिक संस्थानहरुले दीर्घकालमा तिर्नुपर्न दायित्व सिर्जना गर्ने तर कोषको व्यवस्था नगर्ने प्रवृतिमा वृद्धि हुँदै गएको देखिन्छ । दीर्घकालमा तिर्नुपर्ने दायित्वको व्यवस्था नगरेको रकमलाई कोषमा व्यवस्था नगरिएको दायित्वअन्तर्गत लेखाङ्कन गरिन्छ । २०७७।७८ सम्म आइपुग्दा दायित्व रु.५९ अर्ब ३९ करोड पुगिसकेको छ । नेपाल सरकारलाई व्ययभार पर्ने गरी यसरी दायित्व सृजना भएको रकम आफ्नै कोषमार्फत भुक्तानी दिनुपर्दछ । वर्षेनी नेपाल सरकारलाई व्यय भार पर्ने गरी भुक्तानी दिँदा संचित कोषमा भार पर्ने र राज्यको सीमित स्रोत साधन अन्यत्र उपयोग गर्न नमिल्ने र फलस्वरुप प्राथमिकताका कार्यक्रममा पर्याप्त रकम अपुग भई कार्यान्वयनमा कुशलता प्राप्त हुन सक्दैन । कुनै कर्मचारी अवकास हुँदा निजलाई भुक्तानी हुने उपदान, सावधिक बीमा बापतको रकम, औषधि उपचार बापतको रकम तथा अन्य शीर्षकको रकम सर्वजनिक संस्थानहरुले नेपाल सरकारसँग ऋण लिएर सिर्जित दायित्व पुरा गर्ने गरेको पाइएको छ । दीर्घकालमा तिर्नुपर्ने दायित्वको लागि एक छुटै कोष खडा गरी रकम योगदानमा आधारित विधिबाट भुक्तानी हुने व्यवस्था गर्नुपर्दछ।

२५.७. **संस्थानलाई अनुदान** - नेपालका सार्वजनिक संस्थान केही सेवामूलक तथा केही व्यापरिक प्रकारका छन । व्यापारिक उद्देश्य पुरा हुने गरी स्थापित संस्थानहरु व्यापार गरी सञ्चालन आयले चालु खर्च धान्न सक्षम हुनुपर्ने हुन्छ । कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्थान कम्पनी मोडलमा सञ्चालन हुनुपर्ने हुन्छ। नेपाल सरकारबाट विभिन्न सार्वजनिक संस्थानलाई २०७७।७८ मा प्रदान गरिएको अनुदानको विवरण देहाय अनुसारका छन् :

(रु लाखमा)

क.स.	सार्वजनिक संस्थान	अनुदान रकम
१	जनकपुर चुरोट कारखाना लि	१००
२	कृषि सामग्री कम्पनी लि	६६८८१
३	खाद्य व्यवस्था तथा व्यापार कम्पनी	७५२८
४	राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र	३०
५	सांस्कृतिक संस्थान	१८०
	जम्माः	७४६२१

स्रोतः अर्थ मन्त्रालय

माथि उल्लिखित तालिकामा जनकपुर चुरोट कारखाना, खाद्य व्यवस्था तथा व्यापार कम्पनी जस्तो व्यापारिक संस्थानलाई नेपाल सरकारले वर्षेनी अनुदान प्रदान गर्दै आएको पाइएको छ । नागरिकले तिरेको करको रकम व्यापारिक प्रकृतिका संस्थानलाई नगद अनुदान प्रदान गरिने विषय संस्थानको लक्ष्य उद्देश्य अनुरुप सान्दर्भिक देखिदैन । यसले विकास निर्माणमा खर्च हुने रकममा कमी आई दिगो विकास लक्ष्यले तोकेको उद्देश्य पुरा गर्न स्रोत व्यवस्थापन समेतमा समस्या पर्दछ । आगामी दिनमा संस्थानहरुले पनि स्पष्ट व्यापारिक योजना तयार पारी रणनीतिक रुपमाआफनो व्यवसाय विस्तार गर्दै आत्मनिर्भर

हुनपर्दछ । राज्यले दीर्घकालसम्म संस्थानलाई नगद अनुदान तथा ऋण लगानी गरी स्रोत व्यवस्थापन गर्ने कार्य नगरी संस्थानलाई स्वतन्त्र र स्वायत रुपमा सञ्चालन गर्ने वातावरण निर्माण गर्नुपर्ने देखिन्छ ।

२५.८. **निजीकृत संस्थानमा भुक्तानी** - सरकारले आर्थिक क्षेत्रमा खुला तथा उदार नीति लिएसँगै अत्यावश्यक क्षेत्र वाहेक अन्य आर्थिक क्षेत्रमा सरकारले लगानी नगर्न र निजी क्षेत्रलाई जिम्मा दिने नीति लिइएको पाइन्छ। यसको मुख्य उद्देश्य सरकारी खर्चमा कमी ल्याई प्रभावकारी सार्वजनिक संस्थान सञ्चालन र व्यवस्थापन गर्नु नै रहेको थियो तर निजीकरण ऐन, २०५० अनुसार विभिन्न तरिकाले निजीकरण गरिएको संस्थामा निजी क्षेत्रले लगानी गरी प्रतिफल निकाल्नुपर्नेमा सरकारले आजसम्म पनि दायित्वको भुक्तानी गर्दै आएको छ । विगतमा विनिवेश वा खारेज गरिएको सार्वजनिक संस्थानमा नेपाल सरकारबाट वि.सं. २०७८ आषाढ मसान्तसम्म रु.५ अर्व ५१ करोड ३७ लाख दायित्व भुक्तानी गर्न गरिएको खर्चको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ :

क्र.सं.	सार्वजनिक संस्थानको नाम	रकम (रु. लाखमा)
१	हिमाल सिमेन्ट कम्पनी	४३०२
२	भक्तपुर ईट्टा कारखाना	२०६२
३	वीरगंज चिनि कारखाना	१०८६३
४	कृषि औजार करखाना	२६०५
५	नेपाल रोजिन एण्ड टर्पोन्टाइल लि	१८०८
६	लुम्विनी चिनी कारखाना	५०९०
७	कृषि चुन अद्योग लि	८२६
८	नेपाल कोल लि	८४
९	नेपाल यातायात संस्थान	४९७८
१०	हेटौडा कपडा उद्योग	५३६०
११	घरेलु शिल्पकला विक्री भण्डार	८१०
१२	नेपाल चिया विकास निगम	११९२
१३	बुटवल धागो कारखाना लि	४७६५
१४	विराटनगर जुट मिल्स	१०३८६
१५	नेपाल विटुमिन एण्ड व्यारेल उद्योग लि	६
	कुल जम्माः	५५१३७

स्रोतः अर्थ मन्त्रालय

माथिको तालिकामा आजको मिति सम्म नेपाल सरकारले विभिन्न संस्थानमा विभिन्न मितिमा ठुलो मात्रामा रकम दायित्व भुक्तानी गर्न खर्च गरेको देखिन्छ । यसको मुख्य कारण संस्थानले आफ्नो उद्देश्य अनुरुप कार्य नगर्दा तथा बजारमा निजी क्षेत्रसँग प्रतिश्पर्धा गर्न नसकेर वन्द अवस्थामा रहनु देखिएको छ। चरम राजनीतिक हस्तक्षेप, आर्थिक अनुशासनमा कमी तथा कमजोर रणनीतिक योजनाका कारण संस्थान छोटो समयमै धरासायी हुन पुगेका छन । आजको दिनमा माथि उल्लेख भएका संस्थानको व्यवस्थापकीय कमजोरीको कारण बजारमा नगन्य उपस्थिति रहन पुगेको छ । यसले गर्दा संस्थान औपचारिक रुपमा बन्द नभए पनि व्यापार सञ्चालन खर्च पनि धान्न नसक्ने अवस्थामा पुगेका छन र अवकाश हुने कर्मचारीको व्यभार थोग्न नसक्ने अवस्थामा पुगी नेपाल सरकारको स्रोत परिचान गरी अवकास लगायत अन्य दायित्व भुक्तानी हुँदै आएको छ । यसले गर्दा नेपाल सरकारलाई स्रोत व्यवस्थापनमा दवाव पर्ने हुन्छ भने विनियोजनमा दक्षता नआउने देखिन्छ । निजीकरण गरिएका संस्थाहरु सम्झौता बमोजिम सम्बन्धितबाट सञ्चालन व्यवस्था मिलाई नेपाल सरकारको दायित्व कम गर्ने वा सञ्चालन हुन नसक्ने संस्थानहरु बन्द गर्ने निर्णय लिनुपर्दछ र बन्द गर्ने निर्णय भएमा तत्कालै कर्मचारीलाई अवकास दिई कानूनी रुपमै खारेज गरिनु पर्दछ ।

२६. **संगठन संरचनामा दोहोरोपना -** संगठनात्मक दोहोरोपना अन्त्य गर्दै संघीयताको मर्म अनुरुप उपयुक्त आकारमा पुनसंरचना गर्नुपर्दछ । यस सम्बन्धमा देखिएको व्यहोरा निम्न छन् ।

२६.१. सार्वजनिक सेवालाई छिटो छरितो गर्न तथा संगठनात्मक दोहोरोपना हटाउने र यसबाट सार्वजनिक खर्चमा मितव्ययीता ल्याउन सार्वजनिक खर्च पुनरोवलोकन आयोग, २०७५ ले यस प्रतिवेदनको अनुसूची १ मा उल्लेख भए बमोजिम गाभ्ने, खारेज गर्ने, हस्तान्तरण गर्ने, सहकारीकरण गर्ने तथा समायोजन गर्ने औँल्याएको विभिन्न समिति, परिषद, आयोग, बोर्ड र केन्द्रको नाम नामेसी सहितको विवरण दिएकोमा उक्त निकायहरु गाभ्ने, खारेज गर्ने, हस्तान्तरण गर्ने, सहकारीकरण गर्ने तथा समायोजन गर्ने वा संगठनात्मक संस्था अद्यावधिक गर्ने कार्य भएको पाइदैन यसरी खारेज हुने एवं गाभिने प्रकृया थालनी गर्न नसक्नुमा उचित रणनीति एवं ऐन, नियम कानून र प्रशासनिक तत्परताको अभाव रहेको देखिन्छ । आयोगले दिएको सुझावबमोजिम कामकारवाही अघि नबढाउँदा दीर्घकालमा सरकारको आर्थिक दायित्व वृद्धि हुन गई आर्थिक चाप पर्ने हुन्छ । तसर्थ आवश्यक ऐन, नियम,कानून एवं रणनीतिहरु तर्जुमा गरी निकायहरु खारेज गर्ने एवं गाभ्ने प्रकृया अघि बढाउनु पर्दछ ।

२६.२. एउटै प्रकारका कामहरु एकभन्दा बढी निकायहरुबाट सम्पादन भइरहेका छन् । जस्तै सडक निर्माण कार्य सडक विभाग, शहरी विकास विभाग, काठमान्डौ उपत्यका विकास प्राधिकरण, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत प्रदेश पूर्वाधार विकास कार्यालय र स्थानीयतहबाट, सीप विकास तालिमहरु श्रम तथा रोजगार मन्त्रालय, वाणिज्य तथा आपूर्ती मन्त्रालय, शिक्षा मन्त्रालयबाट र कर्मचारी तालिम सम्बन्धि कार्य नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र, न्याय सेवा तालिम केन्द्र लगायत विभिन्न मन्त्रालयहरुबाट सञ्चालन भएका कार्यहरुमा दोहोरोपना भएको देखिएको छ । यसबाट अनावश्यक खर्च भै मितव्ययिता कायम गर्न समस्या हुने देखिन्छ ।तसर्थ कार्यमा हुने दोहोरोपनालाई नियन्त्रण गरिनु पर्दछ ।

२६.३. संविधानको व्यवस्था अनुसार प्रदेश प्रशासन र शान्ति सुरक्षा प्रदेशको अधिकार अन्तर्गत रहेको सन्दर्भमा प्रदेश प्रहरी गठन गर्नुपर्ने हुन्छ । कतिपय प्रदेशले प्रदेश प्रहरी ऐन जारी गरिसकेको र कतिपयले जारी गर्ने क्रममा रहेका छन् । प्रदेश प्रहरी गठन भैसकेपश्चात संघमा प्रहरीको ठूलो संरचना आवश्यक नपर्ने भएकोले अध्ययन गरी उपयुक्त संरचना तय गरिनुपर्दछ । विगतमा द्धन्द्धकालमा नेपाली सेनाको संरचना विस्तार गर्दै लगिएकोमा द्वन्द्वको दिगो समाधान पश्चात सेनाको संरचना सोही रुपमा राख्न आवश्यक छ छैन अध्ययन गरी उपयुक्त आकारमा ल्याउनु खर्च कटौतिका दृष्टिले आवश्यक देखिएको छ ।

२६.४. संविधानको भाग.२७ मा राष्ट्रिय महिला, मुस्लिम आयोग लगायत विभिन्न सात संवैधानिक आयोगको व्यवस्था रहेको छ । संविधानमा आयोगको गठन तथा काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ। संविधानको व्यवस्था अध्ययन गर्दा सबैजसो आयोगको कार्य पिछडिएको वर्ग, क्षेत्र तथा समुदायको संरक्षण, सशक्तिकरण तथा विकास गर्ने र नेपालले अवलम्वन गरेको समावेशी नीतिको अध्ययन विश्लेषण गरी नेपाल सरकारलाई आवश्यक राय, परामर्श, सुझाव तथा निर्देशन दिने कानूनी व्यवस्था रहेको छ । राष्ट्रिय समावेशी आयोगले पछाडि परेको वर्ग, क्षेत्र तथा समुदायको हितको लागि कार्य गर्ने गरेको र अन्य विषयगत आयोगले समेत सोही प्रकृतिको कार्य गर्दै आएकोमा कार्यमा दोहोरोपना भएको देखिएको छ । आयोगको वार्षिक प्रशासनिक खर्च वृद्धि हुँदै गइरहेको अवस्थामा खर्चमा मितव्ययीता आउने तथा अन्य स्रोतसाधनको दक्षतापूर्ण उपयोग हुने कुरामा आश्वस्त हुने आधार समेत देखिदैन । भाग. २७ मा उल्लेख भएका आयोगहरुको कार्य विश्लेषण गरी एकै प्रकृतिका कार्य गर्ने आयोगलाई राष्ट्रिय समावेशी आयोगमा गाभी संगठनात्मक संरचनालाई छरितो बनाउनु पर्दछ।

२६.५. संविधानको अधिकार सूची बमोजिम शिक्षालाई स्थानीय तहमा हस्तान्तरण गरेको भएतापनि जिल्लामा संघ मातहतको जिल्ला शिक्षा तथा समन्वय ईकाई रहने गरेको, कृषि अन्तर्गत समेत स्थानीय, प्रदेश र संघबाट समेत एकै किसिमका कार्यक्रम सञ्चालन हुने र कृषकलाई अनुदान वितरण गर्ने कार्य हुने गरेको, सडक, खानेपानी, साना सिँचाई लगायत अन्य पूर्वाधार निर्माण सम्बन्धी एकै किसिमका कार्यक्रमहरु समेत तीनै तहले गर्ने गरेको पाइएको छ । तीनै तहमा पूर्वाधार निर्माणका कार्यालय वा आयोजनाहरु स्थापना गरिएको छन् । तीन तहबाट हुने कार्यक्रमको परिमाणमा ठूलो वा सानो भए तापनि प्रकृति लगभग उस्तै किसिमको रहने गरेको पाइएको छ । यसबाट एकै किसिमको काम गर्न भिन्दा भिन्दै कार्यालयहरु सञ्चालन भई आएकोमा राज्यकोषमाथि व्ययभार परेको देखिन्छ । साथै समन्वय समेतमा कठिनाई हुन जान्छ । तसर्थ उस्तै प्रकृतिका कार्यहरु गर्नका लागि संघ, प्रदेश र स्थानीयतहमा बेग्ला बेग्लै कार्यालय खडा गर्ने परिपाटी अन्त्य गरी नेपाल सरकारबाट तयार गरिएको कार्य विस्तृतिकरण ढाँचा अनुसार पुनर्संरचना गरिनु पर्दछ । संघले राष्ट्रिय नीति निर्माण, अन्तर प्रदेश समन्वय तथा अनुगमन मूल्याङ्कन गर्ने, प्रदेशले प्रदेश भित्रका आयोजना र स्थानीयतहले स्थानीय पूर्वाधार एवं सेवा प्रवाहका कार्य गर्नु पर्दछ । संविधानको मर्म अनुरुप प्रदेश र स्थानीय तहमा हस्तान्तरण हुनुपर्ने कार्यक्रम, आयोजना काम र संरचना हस्तान्तरण गरिनुपर्दछ ।

२६.६. संघीयता कार्यान्वयन पश्चात संघ, प्रदेश तथा स्थानीय तहले आफ्नो उपस्थिति देखाउन कार्यालय खोल्ले होड नै चलेको छ । प्रदेश सरकारले कृषि, पशु, सडक, खानेपानी, सिँचाई, वन, उद्योग, शिक्षा लगायतका कार्यालयहरु प्रत्येक जिल्लामा खोल्ने गरेको देखिन्छ । यसैगरी स्थानीय तहले समेत विषयगत शाखाहरु खोल्ने गरेको कारण काममा दोहोरोपना हुने तथा अनाबश्यक खर्च बढ्ने निश्चित छ । यसलाई निरुत्साहित गरी एकीकृत कार्यालयको अवधारणा अन्तर्गत सेवा प्रवाह एवं कार्यक्रम कार्यान्वयन गर्ने तथा सहकारितामा आधारित संघीयताको अवधारणा अनुरुप एक तहको सरकारको कार्यक्षेत्रमा पर्ने कार्य जिम्मेवारी सम्पादन गर्न अर्को तहको सरकारले सहयोग एवम् समन्वय गर्ने संस्कारको विकास गर्नुपर्दछ।

२७. **मध्यमकालिक खर्च संरचना -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ६ मा राष्ट्रिय योजना आयोगले आवधिक योजनाको आधारमा प्रत्येक आर्थिक वर्षमा तीन वर्ष अवधिको मध्यमकालिन खर्च संरचनाको खाका तयार गर्नुपर्ने तथा अन्य मन्त्रालयहरुले पनि क्षेत्रगत योजना र नीतिको आधारमा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मन्त्रालयगत मध्यमकालिन खर्च संरचना तयार गरी अर्थ मन्त्रालय र योजना आयोगमा पठाउनु पर्ने व्यवस्था छ । साथै प्रस्तावित आयोजना तथा कार्यक्रमको प्राथमिकीकरण गर्ने व्यवस्था छ । प्राथमिकीकरण गर्दा सम्भाव्यता अध्ययन तथा विस्तृत अध्ययन प्रतिवेदन भइसकेको, आयोजना बैंकमा प्रविष्ठि भएका आयोजना तथा लाभ लागत विश्लेषण गरी तयार गरिएको विवरणको आधारमा आयोजना छनौट गरिनुपर्ने व्यवस्था छ ।सरकारको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकताका साथै वार्षिक नीति तथा कार्यक्रम र दिगो विकास लक्ष्य सन् २०३० को मार्गचित्रलाई समेत आधार लिई मध्यकालिन खर्च संरचना तर्जुमा हुने गरेको छ । जस सम्बन्धमा निम्नानुसार देखिएको छः

२७.१. मध्यमकालीन खर्च संरचना (२०७५।७६.२०७७।७८) अनुसार आर्थिक वर्ष २०७७।७८ मा रु.१३ खर्ब १५ अर्ब १६ करोड बजेट अनुमान गरिएकोमा नेपाल सरकारले सोही बमोजिम बजेट प्रस्तुत गरेको पाईयो । त्यसैगरी २०७५।७६ को मध्यमकालीन खर्च संरचनामा आर्थिक बर्ष २०७६।७७ र २०७७।७८ मा क्रमशः रु.१५ खर्ब ७७ अर्ब ७० करोड र रु.१८ खर्ब ६४ अर्ब ६० करोड बजेट प्रक्षेपण गरिएकोमा नेपाल सरकारले २०७६।७७ र २०७७।७८ मा मध्यकालीन खर्च संरचना भन्दा

क्रमशः रु.४४ अर्ब ७३ करोड र रु.३ खर्ब ८९ अर्ब ९५ करोड घटीको व्यय अनुमान पेश गरेको पाइएको छ ।

(रु.करोडमा)

आर्थिक वर्ष	मध्यमकालीन खर्च संरचनाको प्रक्षेपण	नेपाल सरकारको व्यय अनुमान	फरक(ख-क)
०७६।७७	१५७७७०	१५३२९७	(४४७३)
०७७।७८	१८६४६०	१४७४६५	(३८९९५)

२७.२. मध्यमकालीन खर्च संरचना (२०७६।७७.२०७८।७९) अनुसार आर्थिक वर्ष २०७६।७७ मा रु.९ खर्ब ५७ अर्ब १० करोड बजेट अनुमान गरिएकोमा नेपाल सरकारले रु.१५ खर्ब ३२ अर्ब ९७ करोड बजेट प्रस्तुत गरेको पाईयो, जुन मध्यमकालीन खर्च संरचनाको अनुमानभन्दा रु.५ खर्ब ७५ अर्ब ८७ करोड बढी हो । त्यसैगरी आर्थिक बर्ष २०७७।७८ र २०७८।७९ मा क्रमशः रु.१० खर्ब १ अर्ब ३६ करोड र रु.१४ खर्ब ७४ अर्ब ६५ करोड बजेट प्रक्षेपण गरिएकोमा नेपाल सरकारले २०७७।७८ र २०७८।७९ मा मध्यमकालीन खर्च संरचनाले प्रक्षेपण गरेकोभन्दा क्रमशः रु.४ खर्ब ७३ अर्ब २९ करोड र रु.५ खर्ब ७० अर्ब ७७ करोड बढीको व्यय अनुमान पेश गरेको पाइएको छ ।

(रु.करोडमा)

आर्थिक वर्ष	मध्यमकालीन खर्च संरचनाको प्रक्षेपण	नेपाल सरकारको व्यय अनुमान	फरक(ख-क)
२०७६।७७	९५७१०	१५३२९७	५७५८७
२०७७।७८	१००१३६	१४७४६५	४७३२९
२०७८।७९	१०७६८१	१६४७५८	५७०७७

२७.३. मध्यमकालीन खर्च संरचना (२०७७।७८.२०७९।८०) अनुसार आर्थिक बर्ष २०७७।७८ मा रु.१४ खर्ब ७४ अर्ब ६५ करोड बजेट अनुमान गरिएकोमा नेपाल सरकारले सोही बमोजिम बजेट प्रस्तुत गरेको पाईयो । त्यसैगरी आर्थिक बर्ष २०७८।७९ र २०७९।८० मा क्रमशः रु.१६ खर्ब ९७ अर्ब ५७ करोड र रु.१९ खर्ब ५४ अर्ब ९९ करोड बजेट प्रक्षेपण गरिएकोमा नेपाल सरकारले २०७८।७९ र २०७९।८० मा मध्यकालीन खर्च संरचना भन्दा क्रमशः रु.४९ अर्ब ९९ करोड र रु.१ खर्ब ६१ अर्ब १५ करोड घटीको व्यय अनुमान पेश गरेको पाइएको छ ।

(रु करोडमा)

आर्थिक बर्ष	मध्यमकालीन खर्च संरचनाको प्रक्षेपण	नेपाल सरकारको व्यय अनुमान	फरक(ख-क)
२०७७।७८	१४७४६४	१४७४६५	-
२०७८।७९	१६९७५७	१६४७५८	(४९९९)
२०७९।८०	१९५४९९	१७९३८४	(१६११५)

२७.४. यसरी मध्यमकालीन खर्च संरचनाको प्रक्षेपण भन्दा नेपाल सरकारको व्यय अनुमान फरक पर्नुमा प्रक्षेपण गर्न प्रयोग गर्नु पर्ने विभिन्न अर्थशास्त्रीय एवं गणितिय र तथ्याङ्किय विधि एवं प्रक्रिया अवलम्बन नहुनु, सम्भावित जोखिमको पुर्वानुमान गर्न सक्ने उचित प्रणालीको विकास हुन नसक्नु, बजेट निर्माण प्रक्रियामा बजेट सिद्धान्तको पालना हुन नसक्नु जस्ता कारण रहेका छन् । यसरी मध्यमकालीन खर्च संरचना अनुसार बजेट निर्माण नहुँदा उक्त संरचना औपचारिकतामा मात्र सिमित भएको पाइउको छ ।यसबाट बस्तुनिष्ठ ढङ्गबाट बजेट प्रक्षेपण नहुने र सरकारको नगद व्यवस्थापनमा समेत प्रभाव पर्न गई बजेट सन्तुलन बिग्रन सक्ने र आवधिक योजना एवं दिगो विकास लक्ष्य समेत प्राप्त हुन नसक्ने अवस्था रहन

सक्दछ । तसर्थ मध्यमकालीन खर्च संरचना एवं बजेट अनुमान प्रक्रियालाई यथार्थपरक एवं बस्तुपरक ढङ्गबाट मुल्यांकन गरी बजेट निर्माण गर्ने पद्धतिको थालनी गर्नु पर्दछ । बजेट प्रक्षेपण गर्ने तौरतरिका एवं कार्यप्रणालीलाई व्यवस्थित एवं प्रभावकारी बनाउन स्रोतसाधन तथा क्षमता अभिवृद्धिको पर्याप्त व्यवस्था गर्नुपर्दछ ।

२८. **वित्तीय उत्तरदायित्वः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५० को उपदफा (१) मा योजना छनौट गर्ने, मध्यमकालीन खर्च संरचना तयार गर्ने, बजेट प्रस्ताव गर्ने, सरकारी सम्पत्तीको संरक्षणव्यवस्थापन गर्ने गराउने, बजेट समर्पण गर्ने गराउने तथा योजना तथा कार्यक्रमको अनुगमन गरी वित्तीय उत्तरदायित्व कायम गर्ने गराउने कर्तव्य संवैधानिक अङ्ग तथा निकायको प्रमुख, मन्त्रालय तथा केन्द्रीयस्तरको सचिवालय तथा आयोगको हकमा सम्बन्धित मन्त्रालयका विभागीय मन्त्री वा राज्यमन्त्रीको हुने उल्लेख छ ।त्यसैगरी उपदफा (२) मा लेखा राख्ने, खर्च गर्ने तथा बेरुजू फछ्यौंट गर्ने गराउने लगायतका वित्तीय उत्तरदायित्वबहन गर्ने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुने उल्लेख छ र उपदफा (३) मा बमोजिमका विभागीय मन्त्री वा राज्यमन्त्रीबाट वित्तीय उत्तरदायित्व बहन भए नभएको सम्बन्धमा प्रधानमन्त्रीबाट र लेखाउत्तरदायी अधिकृतबाट वित्तीय उत्तरदायित्व बहन भए नभएको सम्बन्धमा त्यस्तो निकायको प्रमुख र अन्य निकायको हकमा सम्बन्धित विभागीय मन्त्री वा राज्यमन्त्रीबाट निगरानी हुने व्यवस्था रहेको छ । प्राथमिकताका आधारहरु प्रयोग गरी योजना छनौट हुने नगरेको, मध्यमकालीन खर्च संरचनासँग तालमेलहुने गरी बजेट तयार एवं प्रस्ताव हुने नगरेको, सरकारी सम्पत्तीको संरक्षण एवं व्यवस्थापनको निमित्त उचित प्रयासहुने नगरेको, बजेट समर्पण गर्ने गराउने र सोको अभिलेख राख्ने कार्य सन्तोषजनक नरहेको र योजना कार्यक्रमको पर्याप्त अनुगमन गरी प्रगति हासिल गर्ने कार्यमा सघाउ पुगेको देखिएको छैन । फलस्वरुप सरकारको सार्वजनिक खर्च व्यवस्थापन प्रभावकारी हुन सकेको छैन ।

२८.१. वित्तीय उत्तरदायित्व कमजोर हुनुमा जवाफदेहिता सूचकलाई उत्तरदायी र जवाफदेही वनाउन एवं मापदण्डको अभाव, दण्ड एवं पुरस्कारको अभाव, उत्तरदायित्व बहन गर्ने सम्बन्धमा संरचनागत संरचना एवं कार्यविधिको अभाव, जिम्मेवारी पन्छाउने प्रवृत्ती आदीप्रमुख कारणको रुपमा देखिएका छन् । जवाफदेहिता कमजोर हुँदा आर्थिक अनुशासन कायम राख्रमा चुनौति पैदा भई खर्च व्यवस्थापन गर्न कठिन हुन पुग्दछ। तसर्थ ऐनमा व्यवस्था भए बमोजिमको वित्तीयउत्तरदायित्व बहन गर्न गराउनमा जिम्मेवार निकाय एवं पदाधिकारीले ध्यान पुर्याउनु पर्दछ ।

२९. सरकारले प्रदान गर्ने अनुदान रकमले उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नुपर्दछ । सरकारले कृषि क्षेत्रमा वितरण गर्ने अनुदान बर्षेनी बढ्दै गएको तर सोको तुलनामा उत्पादन कम भएको अवस्था देहायको विवरणबाट देखिन्छः

आर्थिक बर्ष	अनुदान रकम रु। करोडमा०	अनुदान वृद्धि प्रतिशत	खाद्यान्न उत्पादन मेट्रिक टन हजारमा०	खाद्यान्न उत्पादन वृद्धि प्रतिशत	तरकारी उत्पादन मेट्रिक टन हजारमा०	तरकारी उत्पादन वृद्धि प्रतिशत	फलफुल उत्पादन मेट्रिक टन हजारमा०	फलफुल उत्पादन वृद्धि प्रतिशत
२०७४।७५	८७६	.१८.७४	९६५७	३.३४	४०९९	.०.६३	१०१०	३.५९
२०७५।७६	१२२९	४०.३०	१०३२८	६.९५	४२७१	४.२०	११७८	१६.६३
२०७६।७७	१६८३	३६.९४	१०३६९	०.४०	४०८९	.४.२६	१०९६	.६.९६
२०७७।७८	१९६८	१६.९३	१०५५८	१.८२	४१९६	२.६२	१३६०	२४.०९
२०७८।७९	२१८३	१०.९२	१०७७२	२.०३	४१५३	.१.०२	१४१६	४.१२

स्रोतः कृषि मन्त्रालय

गत वर्षको तुलनामा यस वर्ष १०.९२ प्रतिशतले अनुदान रकममा वृद्धि भएकोमा खाद्यान्न उत्पादनमा २.०३ प्रतिशत, तरकारी उत्पादनमा १.०२ प्रतिशत र फलफुल उत्पादनमा ४.१२ प्रतिशत मात्र वृद्धि भएको अवस्था छ । त्यसै गरी आर्थिक वर्ष २०७४।७५ बाहेक २०७५।७६, २०७६।७७ र २०७७।७८ मा समेत अनुदान रकम वृद्धिको तुलनामा उत्पादन वृद्धि न्युन रहेको देखिन्छ । यसरी अनुदान रकम वृद्धिको तुलनामा उत्पादन वृद्धि न्युन रहनुमा उपयुक्त अनुदान नीतिको अभाव, कमजोर कार्यान्वयन संयन्त्र, फितलो अनुगमन तथा मुल्यांकन प्रणाली र उद्देश्य बमोजिम अनुदान रकम परिचालन हुन नसक्नु जस्ता कारणहरु रहेका छन् । यसरी अनुदान रकमको उत्पादकत्व क्षमतामा ह्रास आउँदा मुलुकको आर्थिक वृद्धीमा समेत प्रभाव पर्न सक्ने हुँदा उचित नीतिको माध्यमबाट अनुदान रकम परिचालन गरिनु पर्दछ । अनुदान रकम वितरणमा एकलद्धार प्रणाली लागू गर्नुपर्दछ ।

३०. **प्रदेश र स्थानीय तहको निष्क्रय रकमः** सरकारले प्राप्त गर्ने बैदेशिक तथा आन्तरिक ऋणको उच्चतम सदुपयोग हुनु पर्दछ । नेपाल सरकारले यस बर्ष रु. १ खर्ब २५ अर्ब बैदेशिक ऋण र २ खर्ब २८ अर्ब आन्तरिक ऋण समावेश गरी प्रदेश तथा स्थानीय तहमा रकम स्थानान्तरण गरेको छ । ती प्रदेश तथा स्थानीय तहमा यो आर्थिक बर्षमा २०७८।७९ मा खर्च हुन नसकी प्रदेशतर्फ रु.७६ अर्ब ३४ करोड र स्थानीय तहतर्फ रु.१ खर्ब २ अर्ब ३२ करोड गरी जम्मा रु.१ खर्ब ७८ अर्ब ६६ करोड रकम सञ्चित कोषमा मौज्दात रहेको छ । यसरी संघीय सरकारले स्रोत अभाव देखाई ऋण लिने तर प्रदेश एवं स्थानीय सरकारले सो रकम खर्च नगरी मौज्दात राखेकोले आन्तरिक ऋणको ८.०६ प्रतिशत औषत ब्याजदरले हिसाब गर्दा रु.१४ अर्ब ४० करोड औषत ब्याज थप व्ययभार परेको अवस्था देखिन्छ । यसरी रकम निष्कृय रहनुमा नगद प्रवाह व्यवस्थापन प्रभावकारी नहुनु, खरिद योजना बनाई सो बमोजिम खरिद गर्ने पद्धतिको विकास हुन नसक्नु, खरिद कार्यतालिका बमोजिम खरिद कार्य नगरिनु, आवश्यक भन्दा बढी बजेट माग गर्ने संस्कारको विकास हुनु, कार्यक्रम तथा बजेट निर्माण एवं कार्यान्वयन प्रणाली यथार्थपरक हुन नसक्नु आदि कारणहरु रहेका छन् । रकम निष्कृय रही खर्च हुन नसक्दा सोबाट सृजित व्ययभारले राजस्वमा समेत चाप पर्न जाने देखिन्छ । तसर्थ खर्च गर्न सक्ने सामर्थ्य एवं खर्चको आवश्यकताको यथार्थपरक एवं बस्तुनिष्ठ ढङ्गबाट विश्लेषण गरी स्रोतको परिचालन गर्ने पद्धतीको विकास गर्नु पर्दछ ।

३१. **विकास समिति खारेजी -** नेपाल सरकारको मिति २०७५।३।२० को निर्णयमा विकास समिति ऐन, २०१३ बमोजिम गठन भएका विकास समितहरु खारेज गर्ने व्यवस्था रहेको छ । सो निर्णयबमोजिम विकास समितिको खारेजी भए नभएको सम्बन्धमा यकिन तथ्याङ्क उपलब्ध हुन सकेन । यस विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का सम्बन्धित कर्मचारीसँग छलफल गर्दा सोको तथ्याङ्क सङ्कलन भई रहेको जानकारी प्राप्त भयो । तथ्याङ्क उपलब्ध नहुँदा विकास समितिले सृजना गर्ने आर्थिक दायित्वको विश्लेषण गर्न सकिएन ।

३२. **योजनामा दोहोरोपना -** कुनै एक कार्यालयबाट सम्पन्न हुन सक्ने एक योजना तथा कार्यक्रम भिन्दाभिन्दै कार्यालयबाट सञ्चालन गर्नुभन्दा एक निकायबाट सञ्चालन गर्दा कम लागत र किफायति हुने गर्दछ। तीन तहमा कार्यरत सरकारी निकायबाट कुनै एक कार्यालयबाट सम्पन्न हुन सक्ने योजना तथा कार्यक्रम भिन्दाभिन्दै तहमा अवस्थित कार्यालयबाट काम टुत्र्याएर गर्ने गरेको पाईयो । जस सम्बन्धी केही उदाहरण निम्नानुसार देखिएको छः

३२.१. घोराही उप-महानगरपालिकाले ठेक्का नं.०६,०७७।७८ मा सडक विभाग देखि धारापानी जाने सडक र जिल्ला प्रशासन कार्यालयदेखि नेपाल बैंकसम्म सडक निर्माणको लागि क्रमशः निर्माण व्यवसायी श्री

तिरुपाते निर्माण सेवासँग रु.१ करोड १९ लाख ७५ हजार र निर्माण व्यवसायी श्री वेष्टर्न डेभलपमेन्ट कन्सर्न प्रा.लि.सँग रु.१ करोड १५ लाख ३५ हजारमा सम्झौता भई कार्यसम्पन्न गर्ने शुरु म्याद २०७८।३।३२ रहेकोमा प्रथमपटक २०७८।१२।३० सम्म म्याद थप भएको देखियो । उक्त खण्डको नाली निर्माणको कार्य गर्न अन्य निकायबाट ठेक्का व्यवस्थापन भएको र सोको कार्यसम्पन्न नभएको कारणले यस कार्यालयबाट हुने कार्यमा समेत ढिलाई हुन गएको छ ।

३२.२. पूर्वाधार विकास कार्यालय जुम्लाले दाडसाङ चोत्रा काइगाउ डोल्पा सडक अन्तर्गत ०+००० देखि १४+५७० खण्डको सडक निर्माणका लागि वल्ड वाईड/सुनकोशी जे.भी.सँग रु.१७ करोड १२ लाख ५२ हजारमा सम्झौता गरि कार्य भैरहेको छ । सो सडकमा सडक डिभिजन कार्यालयले जुम्लाको खलंङ्गा बजारको चेनेज ०+००० - ५६+३०० सम्मको सडक निर्माणको विस्तृत अध्ययन गरि सो वाटोको ट्याक खोल्ने कार्य गरी स्तरोन्नति गर्दै गरेको देखिन्छ । उक्त सडकको केही भागमा पुर्वाधार विकास कार्यालयले ठेक्का लगाई सडक डिभिजन कार्यालयको ३+००० चेनेजलाई नयाँ चेनेज ०+००० कायम गरि ठेक्का लगाएको छ । उक्त सडकको चेनेज ०+०००-१०+००० सम्मको प्याकेज नं.१ को लागि सडक डिभिजनले ठेक्का सम्झौता गरेको देखिन्छ । दुवै कार्यालयको फरक चेनेज गणना गरेको जनाएको छ । सोही सडक डिभिजन कार्यालयको ३+००० देखि ५+००० विचमा पूर्वाधार विकास कार्यालयको चेनज ०+००० रहेको जनाएकोले एउटै सडक दुई निकायवाट छुट्टै चेनेज कायम गरी निर्माण कार्य गरेको उपयुक्त देखिएन ।

३२.३. शहरी विकास तथा भवन निर्माण कार्यालय, सिन्धुलीले पशुपति मा.वि. रामेछापको छात्रावास निर्माण (तला थप्ने कार्य) को लागि रू.४३,४६,४९५।७३ को लागत अनुमान स्वीकृत गरी विद्युतीय माध्यमबाट ठेक्का बन्दोवस्त भएकोमा न्यूनतम कबोल गर्ने नौलो सफल विहानी निर्माण सेवा प्रा.लि. सँग सम्झौता भई कार्यालयबाट रू.३५,४०,६४९।- (मू.अ.कर समेत) भुक्तानी भएकोमा कार्यालयले तला थप्ने कार्यको लागत अनुमान तयार गर्दा भुइँ तला यस कार्यालयबाट २०७७।७८ मा र पहिलो तलामा अन्य निकायबाट कार्यसम्पन्न भएको देखियो । यस कार्यालयले पुनः उक्त तलाको एकमुष्ट नापी किताब तथा विगतमा भएको कार्य परिमाणको सर्जमिन मुचुल्का तयार नगरी बाँकी कार्यको लागत अनुमान तयार गरी उक्त तला माथि अर्को तला थप गर्न लागत अनुमान तयार गरी निर्माण कार्य गरेकोमा वास्तविक कार्य परिमाण बारे यकिन गर्न सकिएन।

यस्तो प्रकृतिको अधुरो कार्यको प्रमाणित अभिलेख नराखी कार्य गराउँदा दोहोरोपना भए नभएको यकिन हुने अवस्था छैन । फरक फरक निकायबाट निर्माण कार्य गराउँदा उक्त भवनको भुइँ तला र दोश्रो तलाको फिनिसिङको कार्य भएको तर बीचको पहिलो तला अधुरो रहेको देखिन्छ । संघ, प्रदेश र स्थानीयतह मार्फत सञ्चालन हुने कार्यक्रम तथा आयोजना सम्बन्धि स्पष्ट मापदण्ड निर्धारण गरी कडाईका साथ पालना गर्नुपर्दछ । साथै अध्ययनका आधारमा आवश्यक नपर्ने आयोजना तथा कार्यक्रमहरु खारेज गर्नु वा गाभ्ने निर्णय गर्नुपर्दछ।

परिच्छेद - ४
निष्कर्ष तथा सुझाव

सार्वजनिक खर्च व्यवस्थापन सम्बन्धी संवैधानिक व्यवस्था, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी सम्बन्धी कानूनी एव नीतिगत व्यवस्थाहरु, खर्च व्यवस्थापनको निमित्त संलग्न कार्यालय, विभाग, मन्त्रालय तथा निकायहरु, खर्च व्यवस्थापन सञ्चालनार्थ प्रयोग भएका प्रविधिहरु आदि खर्च व्यवस्थापनका सबल पक्षको रुपमा

रहेका छन् भने ऐन नियम तथा कानूनको अक्षरस पालना हुन नसक्नु, पूर्वनिर्धारित लक्ष्य बमोजिम खर्च हुन नसक्नु, जवाफदेहिता प्रणाली कमजोर हुनु, खर्चलाई कर्मचारी एवं राजनैतिक नेतृत्वको कार्यसम्दनसँग तुलना गर्ने प्रणालीको विकास हुन नसक्नु, यथेष्ट मात्रामा प्रविधिको प्रयोग गर्न नसक्नु, आर्थिक अनुशासन कमजोर हुनु जस्ता कमजोरी विद्यमान रहेको देखिन्छ । त्यसैगरी खर्च व्यवस्थापनमा भएका नवप्रवर्तन, अनुसन्धान तथा विकास, प्रविधिमा भएको विकास, उपलब्ध शैक्षिक जनशक्ति, विज्ञ, दाता निकायबाट प्राप्त सहयोग, क्षेत्रीय एवं अन्तर्राष्ट्रियस्तरमा हुने सहयोग एवं समन्वय आदि अवसरहरुको उचित परिचालन गर्न सके समग्र अर्थतन्त्रमा देखिएको चुनौतिको सामना गर्न सकिने कुरामा आश्वस्त रहन सकिन्छ । सार्वजनिक खर्चमा मितव्ययीता ल्याउन स्वीकृत मापदण्डमा उल्लिखित फजुल खर्च नियन्त्रणका योजनालाई आत्मसाथ गरिनुका साथै अनावश्यक र खारेज गर्नुपर्ने भनी सिफारिस भएका निकायलाई खारेज गर्न वा मर्ज गरी संगठनात्मक संरचनामा सुधार ल्याउनु पर्दछ । छरिएर कार्यान्वयन गरिएको सामाजिक सुरक्षाका योजनालाई एकीकृत रुपमा कार्ययोजना बनाई लागू गरिनुपर्दछ । तीनै तहका सरकारबाट प्रदान हुने अनुदानलाई पारदर्शी तथा वस्तुनिष्ट बनाई उत्पादन र उत्पादकत्व वृद्धिमा ध्यान दिनुपर्दछ । विकास निर्माण कार्यलाई समयमै सम्पन्न गर्ने अन्तर निकायसमन्वयलाई प्रभावकारी बनाई उपयुक्त विधि पद्धति अवलम्वन गरी खरिद कार्यलाई गुणात्मक बनाउनु पर्दछ । माथि प्रस्तुत गरिएका सुझावहरुको उचित सम्बोधन गर्न सकेमा समग्र खर्च व्यवस्थापन प्रणालीमा सुधार भई खर्चमा मितव्ययीता, कार्यदक्षता तथा प्रभावकारीता प्रबर्द्धन हुने देखिन्छ ।

सार्वजनिक खर्च व्यवस्थापनमा दक्षता एवं प्रभावकारिता हासिल गर्नको निमित्त देहायबमोजिम सुझाव प्रस्तुत गरिएको छः

- बजेट विनियोजन प्रणालीलाई यथार्थपरक बनाउन विभिन्न गणितीय एवं अर्थशास्त्रीय मोडलहरुको प्रयोग गरी बजेट अनुमान गर्ने प्रणालीको विकास गर्नुपर्दछ । चालु खर्च नियन्त्रण एवं पूँजीगत खर्च वृद्धि गर्नको निमित्त आवश्यक प्रणालीगत एवं नीतिगत सुधारहरु गर्नुपर्दछ । मध्यमकालीन खर्च संरचनाको प्रक्षेपण र बार्षिक बजेटको अन्तरलाई कम गर्नुपर्दछ । संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरुमा दोहोरोपना हुन नदिन आवश्यक समन्वय गर्ने प्रणालीको विकास गर्नुपर्दछ । अनुदान वितरण कार्यलाई नियन्त्रण गर्ने र अनुदान वितरणमा एकद्धार प्रणाली लागू गर्नुपर्दछ।
- आर्थिक कार्यविधि ऐन तथा नियमावलीमा भएका वित्तीय जवाफदेहितासँग सम्बन्धित व्यवस्थाहरुको कडाईका साथ कार्यान्वयन गरी आर्थिक अनुशासन कायम गर्नु पर्दछ। नेपाल सरकारले खारेज गर्ने भनि पहिचान गरेका विकास समितिहरु यथाशिघ्र खारेज गर्नु पर्दछ। खारेज भई बन्द अवस्थामा रहेका, निजिकृत संस्थानहरुको प्रशासनिक खर्च व्यहोर्ने कार्य अविलम्ब बन्द गर्ने र संस्थानहरुमा गर्ने ऋण एवं अनुदान लगानी एवं जमानी सम्बन्धी व्यवस्थाको पुनरावलोकन गर्नु पर्दछ।
- सार्वजनिक खर्च पुनरावलोकन आयोग, २०७५ ले खारेज गर्ने, गाभ्ने, हस्तान्तरण गर्ने तथा समायोजन गर्ने भनि दिएको सुझावलाई कार्यान्वयन गर्नु पर्दछ। सार्वजनिक खर्चसँग सम्बन्धित प्रतिवेदन प्रणालीलाई चुस्त दुरुस्त बनाउन प्रविधिको प्रयोगमा जोड दिंदै जानु पर्दछ।
- खर्चको अनुगमन प्रणालीलाई प्रभावकारी बनाउन नियमन तथा मूल्याङ्कन गर्ने निकायको संस्थागत क्षमता अभिवृद्धि गर्न आवश्यक स्रोत, साधन उपलब्ध गराई वित्तीय एवं प्रशासनिक स्वतन्त्रता सुनिश्चित गरिनु पर्दछ।

अनुसूची - १

खारेज वा गाभ्नु पर्ने निकायहरुको विवरण
स्रोतः सार्वजनिक खर्च पुनरावलोकन आयोगको प्रतिवेदन, २०७५

क्र.सं.	समिति, परिषद, आयोग, बोर्ड र केन्द्रको नाम	सिफारिस	सिफारिसका आधार
१.	नीति अनुसन्धान परिषद	राष्ट्रिय योजना आयोगमा गाभ्ने	सरकारले अख्तियार गर्ने सबै प्रकारका नीतिसम्बन्धि अनुसन्धान एवं मार्गदर्शनको लागि गठन भएको तथा सरकारका विभिन्न तथ्य तथ्याङ्क केन्द्रिय तथ्याङ्क कार्यालय जुन राष्ट्रिय योजना आयोगको मातहतको निकाय भएकाले सोही निकायमा गाभ्नु पर्ने देखिन्छ ।
२.	प्रधानमन्त्री सहायता कोष	खारेज गरिनुपर्ने	नेपालको संविधानमा आकस्मिक कोषको ब्यवस्था रहेकाले अलग्गै कोष स्थापना र सञ्चालन गरिनु औचित्यपूर्ण देखिदैन ।अतः खारेज गरिनुपर्ने
३.	शान्ति कोष सचिवालय	खारेज गरिनुपर्ने	स्थापनाको उद्देश्य पुरा भएकाले
४.	सार्वजनिक संस्थान निर्देशन वोर्ड	खारेज गरिनुपर्ने	अर्थ मन्त्रालयमा संस्थान समन्वय महाशाखा भएकाले यस वोर्डलाई खारेज गरिनुपर्दछ ।
५.	व्यापार तथा निकासी प्रबर्द्धन केन्द्र	खारेज गरिनुपर्ने	नेपालको संविधानको अनुसूचीमा व्यापार तथा निकासी प्रदेश र स्थानीय तहमा निक्षेपण भएको अवस्थामा यस केन्द्रलाई खारेज गरी उघोग, विणिज्य तथा आपूर्ति मन्त्रालयको सम्बन्धित महाशाखालाई जिम्मेवार दिइनु पर्दछ ।
६.	नेपाल इन्टर मोडल विकास समिति	गाभ्नु पर्ने	क्लियरिङ्ग, फरवार्डिङ्ग तथा भण्डारण जस्ता कामहरु नेपाल पारवहन तथा गोदाम ब्यवस्थापन लिमिटेड सम्बन्धित देखिएकाले सो निकायमा गाभ्नु पर्ने ।
७.	घरेलु तथा साना उद्योग समिति	हस्तान्तरण गर्ने	स्थापनाकालको उद्देश्य पुरा भएकाले प्रदेश सरकार मातहत रहने गरी हस्तान्तरण गर्ने
८.	औद्योगिक व्यवसाय विकास प्रतिष्ठान	खारेज गर्ने	निजी क्षेत्र सक्षम भएकाले रणनीतिक साझेदारीको रुपमा पुनःसंरचना गर्ने
९.	भूबहाल कर तथा शिक्षा र तालिम	खारेज गर्ने	स्थानीय तहको कार्यक्षेत्रभित्र पर्ने भएकाले
१०.	नेपाल क्यापासिटी इन्हान्स फर ट्रेड प्रोजेक्ट	खारेज गर्ने	मन्त्रालय विभागबाट नै काम गर्न सक्ने भएकाले
११.	प्रविधि विकास कोष	खारेज गर्ने	मन्त्रालय विभागबाट नै काम गर्न सक्ने भएकाले मन्त्रालय
१२.	भूमिगत जलस्रोत विकास	खारेज गर्ने	जलस्रोत तथा सिँचाई विभागले कार्य गर्ने

	समिति		
१३.	केन्द्रिय कानून पुस्तकालय विकास समिति	गाभ्ने	राष्ट्रिय पुस्तकालयसँग कार्य प्रकृति मिल्ने भएकाले सोही निकायसँग गाभ्ने
१४.	कानून किताब व्यवस्था समिति	गाभ्ने	मुद्रण विभागसँग कार्य प्रकृति मिल्ने भएकाले सोही निकायमा गाभ्ने ।
१५.	न्याय सेवा तालिम केन्द्र	गाभ्ने	न्यायीक प्रतिष्ठानको कार्यसँग मिल्ने भएकाले गाभ्ने ।
१६.	मानवअधिकार पुरस्कार व्यवस्थापन समिति	समायोजन गर्ने	राष्ट्रिय मानव अधिकार आयोगले हर्ने गरी समायोजन गर्ने ।
१७.	कालीमाटी फलफूल तथा तरकारी व्यवस्था विकास समिति	सहकारीकरण गर्ने	सहकारी मोडलमा लैजाने
१८.	नेपाल उखु तथा चिनी विकास समिति	सहकारीकरण गर्ने	सहकरी मोडलमा लैजाने
१९.	कपास विकास समिति	खारेज गर्ने	असान्दर्भिक र अनावश्यक भएकाले
२०.	चन्द्रडाँगी वीउविजन तथा दुग्ध व कास समिति	सहकारीकरण गर्ने	
२१.	उष्ण प्रदेशीय वागवानी विकास केन्द्र	गाभ्ने	नेपाल कृषि अनुसन्धान परिषदमा गाभ्ने
२२.	राष्ट्रिय चिया तथा कफि विकास वोर्ड	हस्तान्तरण गर्ने	प्रदेश सरकारको कृषि विषय हेर्ने मन्त्रालयमा हस्तान्तरण गर्ने ।
२३.	राष्ट्रिय दुग्ध विकास वोर्ड	खारेज गर्ने	
२४.	पशु विकास फार्म पोखरा	हस्तान्तरण गर्ने	प्रदेश तहको कार्यक्षेत्र भएकाले गण्डकी प्रदेशमा हस्तान्तरण गर्ने
२५.	पशु विकास फार्म कार्य सञ्चालन कोष	खारेज गर्ने	संविधान विपरित भएकालर् खारेज गर्ने
२६.	राष्ट्रिय सहकारी विकास वोर्ड	खारेज गर्नुपर्ने	भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालयले कार्य गर्ने गरी खारेज गर्ने
२७.	राष्ट्रिय वीउ विजन कम्पनी लिमिटेड र कृषि सामग्री लिमिटेड	गाभ्ने	एकअर्का सँग गाभ्ने
२८.	ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति	खारेज गर्ने	संरचना खारेज गरी स्थानीय तहमा हस्तान्तरण गर्ने
२९.	केन्द्रिय बालकल्याण समिति र जिल्ला बालकल्याण समिति	खारेज गर्नुपर्ने	प्रदेश सरकार र स्थानीय तहमा हस्तान्तरण गर्नुपर्ने
३०.	नेपाल स्काउट	गाभ्ने	राष्ट्रिय खेलकुद परिषदबाटै सञ्चालन हुने गरी गाभ्ने

३१.	राष्ट्रिय युवा परिषद्	खारेज गर्ने	मन्त्रालयबाटै कार्य सञ्चालन गर्न पर्ने भएकाले खारेज गर्ने ।
३२.	वन पैदावर विकास समिति र द टिम्बर कर्पोरेसन अफ नेपाल लि	गाभ्ने	एकै प्रकृतिको कार्य गर्ने भएकाले दुवै संस्था गाभी वन पैदावार व्यवस्थापन केन्द्रको रुपमा विकास गर्न
३३.	जडिबुटी उत्पादन तथा प्रशोधन केन्द्र	गाभ्ने	एकै प्रकृतिका कार्य गर्ने भएकाले नेपाल औषधि लिमिटेडमा गाभ्ने ।
३४.	साझा प्रकाशन	सहकारीकरण	कार्य आवश्यकता रहेकाले पूर्ण सहकारी मोडेलमा सञ्चालन गर्ने गरी पुनःसंरचना गर्ने ।
३५.	मेडिकल कलेज पूर्वाधार विकास समिति गेटा	हस्तान्तरण गर्ने	सुदूरपश्चिम प्रदेश सरकारको कार्यक्षेत्रसँग सम्बन्धित देखिएकाले हस्तान्तण गर्ने ।
३६.	जनक शिक्षा सामग्री केन्द्र	गाभ्ने	मुद्रण कार्यसंग सम्बन्धित भएकाले मुद्रण विभागमा गाभ्ने ।
३७.	डिल्लीरमण रेग्मी-कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समिति	गाभ्ने	विकास समिति खारेज गरी राष्ट्रिय पुस्तकालयमा गाभ्ने ।
३८.	विद्यार्थी वित्तीय सहयोग विकास समिति	खारेज गर्ने	शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयले कार्य गर्ने गरी विकास समिति खारेज गर्ने ।
३९.	नेपाल व्यवसायिक तथा प्राविधिक परिषद	हस्तान्तरण गर्ने	प्रदेश सरकार सक्षम भएकाले प्रदेश सरकार मातहत लैजाने र परिषद खारेज गर्ने
४०.	सिप विकास परियोजना काठमान्डौ	हस्तान्तरण गर्ने	बाग्मती प्रदेश सरकारले हेर्ने गरी हस्तान्तरण गर्ने ।
४१.	जग्गा विकास चत्रकोष	खारेज गर्ने	यो कोष खारेज गरी सम्बन्धित निकायबाट गर्ने
४२.	दक्षिणकाली क्षेत्र प्रबन्ध विकास समिति	हस्तान्तरण गर्ने	स्थानीय तहमा हस्तान्तरण गर्न
४३.	काठमान्डौ उपत्यका विकास प्राधिकरण	हस्तान्तरण गर्ने	स्थानीय तहमा हस्तान्तरण गर्ने
४४.	राष्ट्रिय आवास कम्पनी लि	हस्तान्तरण गर्ने	प्रदेशतहबाट कार्य गर्ने भनी हस्तान्तरण गर्ने ।
४५.	तारागाँउ विकास समिति	खारेज गर्ने	यसको कार्य मन्त्रालय विभागबाट सम्पन्न गर्ने गरी खारेज गर्ने
४६.	नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान र पर्वतीय प्रशीक्षण विकास समिति	गाभ्ने	
४७.	भानु जन्मस्थल विकास समिति	हस्तान्तरण गर्ने	सम्बन्धित स्थानीय तहमा हस्तान्तरण गर्ने
४८.	बुढानिलकण्ठ क्षेत्र विकास समिति		सम्बन्धित स्थानीय तहमा हस्तान्तरण गर्ने
४९.	मनकामना क्षेत्र विकास		सम्बन्धित प्रदेश सरकारमा हस्तान्तरण गर्ने

	समिति		
५०.	पाथीभारा क्षेत्र विकास समिति		सम्बन्धित स्थानीय तहमा हस्तान्तरण गर्ने
५१.	हलेसी महादेव विकास समिति		सम्बन्धित स्थानीय तहमा हस्तान्तरण गर्ने
५२.	राष्ट्रिय ताल संरक्षण विकास समिति		सम्बन्धित स्थानीय तहमा हस्तान्तरण गर्ने
५३.	रुरु रेसुङ्गा क्षेत्र संरक्षण तथा पर्यटन विकास समिति		सम्बन्धित स्थानीय तहमा हस्तान्तरण गर्ने
५४.	खप्तड क्षेत्र पर्यटन विकास समिति		सम्बन्धित स्थानीय तहमा हस्तान्तरण गर्ने
५५.	विराट क्षेत्र पर्यटन प्रवद्धन विकास समिति		सम्बन्धित स्थानीय तहमा हस्तान्तरण गर्ने
५६.	सलहेश क्षेत्र पर्यटन प्रवद्धन विकास समिति		सम्बन्धित स्थानीय तहमा हस्तान्तरण गर्ने
५७.	विदेह मिथिला क्षेत्र पर्यटन विकास समिति		सम्बन्धित स्थानीय तहमा हस्तान्तरण गर्ने
५८.	सिस्रोन क्षेत्र पर्यटन प्रवद्धन विकास समिति		सम्बन्धित स्थानीय तहमा हस्तान्तरण गर्ने
५९.	चिसापानी क्षेत्र प्रवद्धन विकास समिति		प्रदेश सरकारबाट सञ्चालन हुने सक्ने देखिएकाले प्रदेश सरकारमा हस्तान्तरण गर्ने
६०.	लुम्विनि क्षेत्र पर्यटन प्रवद्धन विकास समिति		प्रदेश सरकारबाट सञ्चालन हुने सक्ने देखिएकाले प्रदेश सरकारमा हस्तान्तरण गर्ने
६१.	कणाली क्षेत्र पर्यटन प्रवद्धन विकास समिति		प्रदेश सरकारबाट सञ्चालन हुने सक्ने देखिएकाले प्रदेश सरकारमा हस्तान्तरण गर्ने
६२.	वृहत्तर बराह क्षेत्र विकास समिति		प्रदेश सरकारबाट सञ्चालन हुने सक्ने देखिएकाले प्रदेश सरकारमा हस्तान्तरण गर्ने
६३.	मेची पहाडी क्षेत्र पर्यटन प्रवद्धन विकास समिति		प्रदेश सरकारबाट सञ्चालन हुने सक्ने देखिएकाले प्रदेश सरकारमा हस्तान्तरण गर्ने
६४.	फोहोरमैला व्यवस्थापन प्राविधिक सहायता केन्द्र	हस्तान्तरण गर्ने	प्रदेश सरकारमातहत रहेने गरी हस्तान्तरण गर्ने
६५.	स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान	खारेज गर्ने	परिवर्तिन अवस्थामा कर लेखा खरिद तथा बजेट तर्जुमा सम्बन्धि कार्य गर्ने सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र भएकाले सोही निकायबाट कार्य गर्ने ।
६६.	आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान	खारेज गर्ने	आदीवासी जनजाती आयोग तथा समावेशी आयोग संवैधानिक आयोग अस्तित्वमा आइसकेकाले खारेज गर्ने ।
६७.		खारेज गर्ने	राष्ट्रिय दलित आयोग संवैधानिक आयोग

			अस्तित्वमा आइसकेकाले खारेज गर्ने ।
६८.	उपेक्षित, उत्पिडित र दलितवर्ग उत्थान विकास समिति		
६९.			
७०.	वादी समुदाय उत्थान विकास समिति	खारेज गर्ने	राष्ट्रिय दलित आयोग संवैधानिक आयोग अस्तित्वमा आइसकेकाले खारेज गर्ने ।
७१.	पिछडिएको समुदाय उत्थान विकास समिति		
७२.	दुर्गम क्षेत्र विकास समिति		
७३.	बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति	गाभ्ने	लुम्विनी विकास कोषमा गाभ्ने
७४.	नेपाल कोरिया मैत्री अस्पताल	हस्तान्तरण गर्ने	सम्वद्ध प्रदेशले सञ्चालन गर्न सक्ने हुँदा प्रदेश तहमा हस्तान्तरण गर्ने
७५.	सुरक्षण मुद्रण विकास समिति	गाभ्ने	मुद्रण तथा प्रकाशन विभागमा गाभ्ने
७६.	रेडियो प्रसार सेवा विकास समिति	गाभ्ने	रेडियो प्रसार सेवा विकास समिति, नेपाल टेलिभिजन, गोरखापत्र संस्थान गाभेर सञ्चालन प्राधिकरण बनाई चलाउने
७७.	नेपाल टेलिभिजन		
७८.	गोरखापत्र संस्थान		
७९.	प्रेस काउन्सिल नेपाल	खारेज गर्ने	मन्त्रालय विभागबाटै कार्य गर्ने सक्ने हुँदा खारेज गर्ने
८०.	न्यूनतम पारिश्रमिक निर्धारण समिति	खारेज गर्ने	सम्वद्ध मन्त्रालय विभागबाटै कार्य गर्न सक्ने हुँदा खारेज गर्ने
८१.	राष्ट्रिय सूचना आयोग विशेष कोष	खारेज गर्ने	छुट्टै कोष खारिरहन उपयुक्त नहुने तथा राष्ट्रिय सूचना आयोग कायम रहेकाले
८२.	सडक बोर्ड नेपाल	खारेज गर्ने	यसको कार्य मन्त्रालय विभागबाटै गर्ने गरी यसलाई खारेज गर्न ।
८३.	रेल्वे कम्पनी	खारेज गर्ने	रेल विभाग गठन भइसकेकाले
८४.	केन्द्रिय दैवी प्रकोप उद्धार समिति	गाभ्ने	प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको मातहतमा रहेको राष्ट्रिय विपद व्यवस्थापन प्राधिकरणमा गाभ्ने
८५.	केन्द्रिय हज कमिटि	खारेज गर्ने	राष्ट्रिय मुशलिम आयोग रहेको तथा गृह मन्त्रालयले गर्दै आएकाले यस कमिटि खारेज गर्ने
८६.	कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान विकास समिति	हस्तान्तरण गर्ने	विकास समिति खारेज गरी कर्णाली प्रदेश सरकारलाई हस्तान्तरण गर्ने

८७.	पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान विकास समिति		विकास समिति खारेज गरी गण्डकी प्रदेश सरकारलाई हस्तान्तरण गर्ने ।
८८.	रापि स्वास्थ्य विज्ञान प्रतिष्ठान विकास समिति		विकास समिति खारेज गरी लुम्विनी प्रदेश सरकरालाई हस्तान्तरण गर्ने ।
८९.	मध्यपश्चिम क्षेत्रीय अस्पताल विकास समिति		विकास समिति खारेज गरी लुम्विनी प्रदेश सरकरालाई हस्तान्तरण गर्ने ।
९०.	मध्यपश्चिम क्षेत्रीय आयुर्वेद चिकित्सालय विकास समिति		विकास समिति खारेज गरी कर्णाली प्रदेश सरकारलाई हस्तान्तरण गर्ने ।
९१.	धौलागिरी अंचल अस्पताल विकास समिति		विकास समिति खारेज गरी गण्डकी प्रदेश सकरकालाई हस्तान्तरण गर्ने
९२.	रापि अस्पताल विकास समिति		विकास समिति खारेज गरी लुम्विनी प्रदेश सरकारलाई हस्तान्तरण गर्ने
९३.	कोशी अंचल अस्पताल विकास समिति		विकास समिति खारेज गरी कोशी प्रदेश सरकारलाई हस्तान्तरण गर्ने
९४.	सगरमाथा अचल अस्पताल विकास समिति		विकास समिति खारेज गरी कोशी प्रदेश सरकारलाई हस्तान्तरण गर्ने
९५.	सगरमाथा अंचल अस्पताल विकास समिति		विकास समिति खारेज गरी कोशी प्रदेश सरकारलाई हस्तान्तरण गर्ने
९६.	जनकपुर अंचल अस्पताल विकास समिति		विकास समिति खारेज गरी मधेश प्रदेश सरकारलाई हस्तान्तरण गर्ने ।
९७.	लुम्विनी अंचल अस्पताल विकास समिति		विकास समिति खारेज गरी लुम्विनी प्रदेश सरकारलाई हस्तान्तरण गर्ने ।
९८.	सेती अंचल अस्पताल विकास समिति		विकास समिति खारेज गरी सुदूरपश्चिम प्रदेश सरकारलाई हस्तान्तरण गर्ने
९९.	महाकाली अंचल अस्पताल विकास समिति		विकास समिति खारेज गरी सुदूरपश्चिम प्रदेश सरकारलाई हस्तान्तरण गर्ने
१००.	नारायणी अंचल अस्पताल विकास समिति		विकास समिति खारेज गरी वागमती प्रदेश सरकारलाई हस्तान्तरण गर्ने

आयोजना छनौट, प्राथमिकीकरण र विनियोजन

परिच्छेद - १

परिचय

१. **पृष्ठभूमि -** सरकारको नीति, योजना, कार्यक्रमको सार्थकता प्रदान गर्ने सारभूत औजारको रुपमा आयोजनालाई लिइन्छ । संवैधानिक व्यवस्था तथा अन्तराष्ट्रिय प्रतिबद्धताको कार्यान्वयन, दीर्घकालीन सोच, दिगो विकास लक्ष्यको मार्गचित्र लगायतका आधारमा निर्धारित उद्देश्य प्राप्तिको लागि राज्यद्वारा सञ्चालन गरिने आयोजनाको प्रभावकारी व्यवस्थापन गरिनुपर्दछ । नेपालले वि.सं.२०१३ को पञ्चवर्षीय योजनाको सुरुवातदेखि नै आयोजना व्यवस्थापनमा संलग्न हुँदै आएकोमा मुलुकले संघीय शासन प्रणालीको अवलम्बन गरे संगै संघीय इकाईहरु आ-आफ्नो क्षेत्राधिकार अनुसार आयोजना व्यवस्थापनमा संलग्न हुँदै आएको छन ।

आयोजनाको प्राथमिकीकरण तथा छनौटको लागि आयोजना बैंकको सुरु भएको तथा आयोजनाको कार्यान्वयनमा स्रोत साधनको निरन्तरताको लागि मध्यमकालिन खर्च संरचना (MTEF) अभ्यास गरिदै आइएको छ । साथै आयोजनाहरुको प्रभावकारी व्यवस्थापन हुन नसक्दा राष्ट्रिय गौरवका आयोजना, रुपान्तरणकारी आयोजना लगायत राष्ट्रिय प्राथमिकिता प्राप्त आयोजनाहरु समयमै सम्पन्न हुन नसकी गुणस्तर, लागत, सेवाप्रवाह लगायत राष्ट्रिय खर्च क्षमतामै क्षयकीकरण हुँदै नागरिकले विकासको प्रतिफल प्राप्त गर्न नसक्ने अवस्था हुन्छ ।

२. **संगठनात्मक संरचना -** आयोजना छनौट तथा प्राथमिकीकरणमा मुख्य भूमिका राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा विभिन्न विषयगत मन्त्रालयहरु रहेको हुन्छ।संघीय प्रणाली अनुसार एकीकृत योजना प्रणालीको विकास दीर्घकालीन सोच, राष्ट्रिय लक्ष्य र उद्देश्य हासिल गर्ने गरी प्रदेश र स्थानीय तहको आवधिक योजना र कार्यान्वयनलाई मार्गनिर्देश गर्ने साथै रुपान्तरणकारी कार्यक्रम तथा आयोजना पहिचान नतिजामूलक योजना, अनुगमन तथा मूल्याङ्कन प्रणालीको संस्थागत विकास र सुदृढीकरण गर्ने राष्ट्रिय योजना आयोगको प्रमुख उद्देश्य हो । आयोजनाको स्रोत व्यवस्थापनमा अर्थ मन्त्रालय र कार्यान्वयन तथा सञ्चालनमा विभिन्न विषयगत मन्त्रालय तथा निकायहरुको भूमिका रहेको हुन्छ। संघमा मुख्यतः आयोजना व्यवस्थापनमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, शहरी विकास मन्त्रालय र खानेपानी तथा सरसफाई मन्त्रालयको भूमिका रहेको छ ।यस वाहेक क्षेत्रगत आयोजना सञ्चालनमा विभिन्न विषयगत मन्त्रालयहरु संलग्न रहेका हुन्छन ।

३. **आवधिक योजना, वार्षिक नीति, कार्यक्रम र बजेट**

३.१. **पन्ध्रौं योजना (२०७६।७७-२०८०।८१)**

पन्ध्रौं योजनाको परिच्छेद-११ मा उल्लेख भएबमोजिम योजना तर्जुमा सम्बन्धी सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं कार्यनीति देहायअनुसार छन् :

सोचः

- संघीय संरचना अनुरुप तथ्यपरक र नतिजामुखी योजना तर्जुमा प्रणालीको विकास ।

लक्ष्यः

- दीर्घकालीन सोच बमोजिम योजना तर्जुमा गरी विकास कार्यक्रम, आयोजनाबाट लक्षित उपलब्धि हासिल गर्ने ।

रणनीतिः

- दीर्घकालीन सोच र राष्ट्रिय प्राथमिकताका आधारमा योजना तर्जुमा गर्ने,
- योजना तर्जुमाको प्रक्रियागत पक्षमा सुधार गर्ने,
- संघीय संरचना अनुकूल हुनेगरी विद्यमान योजना प्रणालीको सुदृढीकरण तथा विकास गर्ने,
- योजना तर्जुमामा संलग्न सार्वजनिक निकाय एंव निजी, सहकारी, तथा सामुदायिक क्षेत्रको क्षमता विकास तथा सुदृढीकरण गरी ग्रहण क्षमता अभिवृद्धि गर्ने,
- योजना कार्यान्वयनको प्रक्रियागत पक्षमा सुधार गर्ने,
- संघीय सरंचना अनुकूल योजना कार्यान्वयनको लागि संस्थागत संरचनाको ब्यवस्थापन गर्ने,
- आयोजनाको ब्यवस्थापन र कार्यक्रम कार्यान्वयनमा सुधार गर्ने ।

कार्यनीतिः

- संविधानमा उल्लिखित राज्यको निर्देशक सिद्धान्त तथा नीति सापेक्ष कार्यक्रमहरु समावेश गरी योजना तर्जुमा गरिने,
- सबै तहमा आयोजना बैङ्क स्थापना गरी सोमा समावेश आयोजनाको प्राथमिकिकरण गरी कार्यान्वयन गरिने,
- आयोजनाको पहिचान, मूल्याकंन, छनौट तथा प्राथमिकिकरणका लागि मन्त्रालयगत रुपमा आयोजना विकास सम्बन्धी स्रोत सहितको संरचनाको व्यवस्था र सुदृढीकरण गरिने,
- योजनामा समावेश भएका कार्यक्रम,आयोजना कार्यान्वयनको तहगत तथा निकायगत जिम्मेवारी तोकेर कार्यान्वयनमा लगिने,
- आयोजना बैंकमा छनौट भएका प्राथमिकता प्राप्त आयोजना मात्र कार्यान्वयन गरिने ।

३.२. **राष्ट्रिय आयोजना बैंक -** सन्तुलित आर्थिक तथा सामाजिक विकासका लागि आवश्यक लगानीका अवसर पहिचान गरी परिचालन गर्न र परिपक्क रुपमा योजना पहिचान तथा छनौटका कार्य गर्न गराउन राष्ट्रिय आयोजना बैंकको स्थापना भएको छ । विकासका तोकिएका लक्ष्यहरु गुणस्तरयुक्त तथा निर्दिष्ट समयभित्र हासिल गर्न आयोजनाहरुको सही पहिचान र छनौट गर्ने प्रणालीको विकास गरी प्राथमिकताका आधारमा आयोजना कार्यान्वयन गर्नु गराउनु आजको आवश्यकता रहेको छ ।

उद्देश्य :

- तथ्यपरक र मापदण्डमा आधारित आयोजना पहिचान, छनौट तथा मूल्याङ्कन प्रक्रिया तथा प्राथमिकीकरण गर्ने प्रणालीको विकास र अभ्यास गर्नु,
- आयोजना बैकंका सिद्धान्त र मान्यता अनुरुप प्रदेश र स्थानीय तहहरुमा समेत त्यस्तो प्रणालीको स्थापना गर्न आवश्यक सहजीकरण गर्नु ।

रणनीतिः

- तथ्यपरक र मापदण्डमा आधारित आयोजना पहिचान, मूल्यांङ्कन, छनौट तथा प्राथमिकीकरण गरी राष्ट्रिय आयोजना बैंकको स्थापना गर्ने,
- प्रदेश तथा स्थानीय तहहरुमा आयोजना बैंक प्रणालीको स्थापना गर्ने तर्फ आवश्यक कार्यहरु गर्न गराउन सहजकर्ताको भूमिका निर्वाह गर्ने,

- कार्यान्वयनको लागि तयारी अवस्थामा रहेका आयोजनाहरुको पोर्टफोलियो तयार गरी स्वदेशी तथा विदेशी निजी क्षेत्रको लगानी र सहायता परिचालन गर्ने ।

कार्यनीतिः

- आयोजनाहरुको पहिचान, मूल्याङ्कन, छनौट तथा प्राथामिकरणको मापदण्ड बनाई लागु गर्नको लागि आवश्यक कानून तथा संस्थागत संरचना तयार गरिने,
- राष्ट्रिय आयोजना बैंकमा समावेश भएका आयोजनाहरुको व्यवस्थित अभिलेखीकरणका लागि राष्ट्रिय आयोजना बैंक ब्यवस्थापन सूचना प्रणाली ९लएद्यःक्क० मा आवद्ध गरी आयोजना छनौट प्रणालीको पूर्ण रुपमा विकास गरिने,
- राष्ट्रिय योजना आयोगमा राष्ट्रिय आयोजना बैंक पूर्ण रुपमा सञ्चालन गरिने ।

३.३. वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यः

आर्थिक वर्ष २०७८।७९ को बजेट बक्तव्यमा उल्लेख भएका प्रमुख व्यवस्थाहरुः-

- राष्ट्रिय आयोजना बैंकलाई मापदण्डमा आधारित बनाई नियमित रुपमा अद्यावधिक गरिने,
- सम्भाव्यता अध्ययन लगायत पूर्वतयारी र सम्पन्न भएका आयोजना मात्र कार्यान्वयनमा लगिने,
- कार्यसम्पादनमा आधारित पुरस्कार र दण्ड प्रणाली अवलम्बन गरी समयमै आयोजना सम्पन्न गर्न आयोजना प्रमुखलाई उत्तरदायी बनाईनेछ । कार्यसम्पादन सन्तोषजनक भएका आयोजना प्रमुख र मुख्य जिम्मेवार कर्मचारीलाई आयोजना अवधिसम्म सरुवा नगर्ने नीति लिईने,
- पूर्वाधार आयोजनाको गुणस्तर अभिवृद्धि गर्न राष्ट्रिय सतर्कता केन्द्र मार्फत प्राविधिक परीक्षणको दायरा बिस्तार गरिने,
- राष्ट्रिय गौरव र रुपान्तरणकारी आयोजनाहरुको कार्यान्वयनलाई तीव्रता दिन सडक, रेलमार्ग, शहरी पूर्वाधार, सिचाई,खानेपानी, अन्तराष्ट्रिय विमानस्थल र जलविद्युत क्षेत्रमा आयोजनाको जग्गा प्राप्ति, वातावरणीय प्रभाव मूल्याङ्कन, जनशक्ति ब्यवस्थापन र खरिद प्रक्रिया सम्बन्धी छुट्टै कानूनी व्यवस्था गरी अधिकार सम्पन्न उच्चस्तरीय संयन्त्र निर्माण गरिने,

आर्थिक वर्ष २०७७।७८ को बजेट बक्तव्यमा उल्लेख भएका प्रमुख व्यवस्थाहरुः-

- आयोजना बैंकलाई विद्युतीय माध्यमबाट सञ्चालन गरी संघीय स्तरमा सञ्चालन हुने आयोजनाको पहिचान, मूल्याङ्कन, छनौट तथा प्राथमिकिकरण गरिनेछ । राष्ट्रिय महत्वका ठूला आयोजनाहरु र रुपान्तरकारी आयोजनाको कार्यान्वयनलाई प्रभावकारी बनाउन छुट्टै कार्यान्वयन विधि अवलम्बन गर्न सक्ने गरी कानून तर्जुमा गरिने,
- राष्ट्रिय योजना आयोगलाई विकास नीति, कार्यक्रम र आयोजनाको मूल्याङ्कन एंव अनुसन्धान तथा विकास गर्ने सक्षम निकायको रुपमा सुदृढ तुल्याइने।

४. नीतिगत तथा कानूनी व्यवस्था

४.१. **संवैधानिक व्यवस्था -** संविधानको राज्यका निर्देशक सिद्धान्त अन्तरर्गत धारा ५१ राज्यका नीतिहरु मध्ये विकास सम्बन्धी नीतिमा क्षेत्रीय सन्तुलन सहितको समावेशी आर्थिक विकासको लागि क्षेत्रीय विकासको योजना अन्तरर्गत दिगो सामाजिक आर्थिक विकासका रणनीति र कार्यक्रम तर्जुमा गरी समन्वयात्मक तवरले कार्यान्वयन गर्ने,विकासका दृष्टिले पछाडी परेका क्षेत्रलाई प्राथामिकता दिदै सन्तुलित वातावरण अनुकूल गुणस्तरीय तथा दिगो रुपमा भौतिक पूर्वाधार विकास गर्ने व्यवस्था गरिएको छ ।

४.२. **कानूनी व्यवस्था -** आयोजना छनौट, प्राथमिकीकरण र विनियोजनका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली , २०७७ मा देहायका व्यवस्था गरिएको छ :

क) मध्यमकालीन खर्च संरचनाः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६को दफा ६ मा व्यवस्था भए बमोजिम योजना आयोगले आवधिक योजनाको आधारमा प्रत्येक आर्थिक वर्षमा तीन वर्षको अवधिको मध्यमकालिन खर्च संरचना खाका तयार गर्नुपर्ने तथा प्रत्येक मन्त्रालयले आवधिक योजना र क्षेत्रगत नीति तथा योजनाको आधारमा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मन्त्रालयगत मध्यमकालिन खर्च संरचना तयार गरी योजना आयोग र अर्थ मन्त्रालयमा पठाउनु पर्ने ।

राष्ट्रिय योजना आयोगले मध्यमकालिन खर्च संरचनामा आगामी तीन वर्षको समष्टीगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजा खाकाको साथै प्रस्तावित आयोजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, क्रियाकलापको अनुमानित प्रति इकाइ लागत, आयोजना वा कार्यक्रम सञ्चालनमा लाग्ने अनुमानित समय तथा सोबाट प्राप्त हुन सक्ने प्रतिफल समेत खुलाई प्रत्येक आयोजना वा कार्यक्रमको प्राथमिकीकरण गर्नुपर्ने ।

ख) बजेट प्रस्ताव र छलफल - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ मा व्यवस्था भए बमोजिम लेखा उत्तरदायी अधिकृतले बजेट सीमा र मार्गदर्शनको अधिनमा रही निर्धारित ढाँचामा आफू र मातहतका कार्यालय वा निकायको आगामी वर्षको नीति तथा कार्यक्रम सहित बजेट प्रस्ताब तयार गरी योजना आयोग र अर्थ मन्त्रालयमा पठाउनु पर्ने, यसरी बजेट प्रस्ताब पठाउँदा सम्बन्धित मन्त्रालयलाई तोकिएका कार्य, मौजुदा नीति कार्यक्रम र आवधिक योजनाले निर्दिष्ट गरेका उद्देश्य नीति तथा कार्यक्रमको आधारमा तयार गर्नुपर्ने,आवधिक योजनाको क्षेत्रगत लक्ष्य तथा उद्देश्य हासिल गर्न सहयोग पुग्ने कार्यक्रमको लाभ लागत विश्लेषण गरी आयोजना बैङ्कमा प्रविष्टि भएका आयोजनाको लागि रकमको प्रस्ताव गर्नुपर्ने व्यवस्था छ।

त्यसैगरी योजना आयोगले प्राप्त भएका प्रस्तावित बजेट तथा कार्यक्रमको क्षेत्रगत लक्ष्य तथा उपलब्धी, सम्भाव्यता अध्ययन प्रतिवेदन, वतावरणीय अध्ययन, नर्म्स ड्रइङ्ग तथा डिजाईन सहित आयोजना स्वीकृति सम्बन्धी कागजात, जग्गा प्राप्ति, आयोजना कार्यान्वयनको समय तालिका, खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना तथा आयोजनाको अपेक्षित प्रतिफलको विषयमा लेखाउत्तरदायी अधिकृत वा निजले तोकेको अधिकारीको उपस्थितिमा छलफलगरी सोको प्रतिवेदन अर्थमन्त्री समक्ष पेश गर्नुपर्ने।

४.३. **अन्य कानूनी व्यवस्था**

- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ र नियमावली,२०७६
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७६
- सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४
- राष्ट्रिय प्राथामिकता प्राप्त आयोजना निर्धारण गर्ने मापदण्ड, २०७५
- संघ प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा वाँडफाँड सम्बन्धी मापदण्ड, २०७६
- बजेट तर्जुमा दिग्दर्शन, २०७५
- आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०७७

परिच्छेद - २
लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

५. **लेखापरीक्षणको उद्देश्य -** आयोजना छनौट, प्राथमिकिकरण र बजेट विनियोजन सम्बन्धी कार्यहरु मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको सिद्धान्त अनुरुप भए नभएको विश्लेषणात्मक अध्ययन गरी सुझाब सहितको प्रतिवेदन पेश गर्नु लेखापरीक्षणको मुख्य उद्देश्य रहने छ । यसको साथै सहायक उद्देश्यहरु निम्नानुसार रहेका छन्

- आयोजना छनौट तथा छनौट पूर्वका तयारीको अवस्था विश्लेषण गर्ने,
- आयोजनाको प्राथामिकरणका आधारहरुको प्रयोग तथा पहिलो प्राथमिकता (पि१) र दोस्रो प्राथमिकता (पि२) परेका आयोजनाको संरचनात्मक विश्लेषण गर्ने,
- राष्ट्रिय प्राथामिकता प्राप्त आयोजना, राष्ट्रिय गौरबका आयोजना र रुपान्तरणकारी आयोजनाको अध्ययन विश्लेषण गर्ने,
- आयोजना छनौट प्रक्रिया अध्ययन गरी आयोजना बैंकको अवधारणा कार्यान्वयनको अवस्था विश्लेषण गर्ने,
- आयोजनाहरुको रणनीतिगत स्तम्भ र दिगो विकासका सूचकका आधारमा वर्गिकरण गरिएका आयोजनाको संख्या र बजेटको आधार विश्लेषण गर्ने,
- आयोजना छनौट तथा प्राथमिकीकरणको विश्लेषण गर्ने,
- आयोजना कार्यान्वयन दक्षतापूर्ण तवरले भए नभएको विश्लेषण गर्ने,
- आयोजना छनौट तथा प्राथमिकीकरण र विनियोजन सम्बन्धमा आवश्यक नीतिगत तथा कार्यगत सुझाव प्रस्तुत गर्नु ।

६. **लेखापरीक्षणको क्षेत्र -** आयोजना छनौट, प्राथमिकिकरण र बजेट विनियोजन सम्बन्धी व्यवस्था सम्बन्धमा सरकारद्धारा संचालित क्रियाकलापलाई समेटिनेछ । यसका लागि अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, छनौट भएका विषयगत मन्त्रालय तथा कार्यालय, अन्य सरोकारवाला व्यक्ति, समूह तथा निकायहरुलाई प्रश्नावली, विवरण तथा स्थलगत अध्ययनको माध्यमबाट लेखापरीक्षणको दायरामा समेटिने छ । यसरी आयोजना छनौटको लागि वार्षिक विकास कार्यक्रम,२०७८ मा उल्लेख भएका सबै मन्त्रालयका छब्बिस विषय क्षेत्रका ३३१ आयोजना मध्ये देहाय वमोजिमका क्षेत्रहरुबाट प्रतिनिधित्व हुने गरी एक एक संघीय मन्त्रालयहरु छनौट गरी उक्त मन्त्रालयहरुका कुल २५० आयोजना मध्ये २५ आयोजनाको नमूना छनौट गरिएको छ ।

क्रस	अध्ययनको क्षेत्र	सम्बन्धित मन्त्रालय	कुल आयोजना संख्या	छनौट गरिएको आयोजना
१	कृषि भूमि व्यवस्था सहकारी तथा वन क्षेत्र	कृषि तथा पशुपन्छी विकास मन्त्रालय	२६	३
२	आर्थिक क्षेत्र	संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	१४	२
३	सामाजिक क्षेत्र	• स्वास्थ्य तथा जनसख्या मन्त्रालय • खानेपानी मन्त्रालय	२९ २१	३ २

४	पूर्वाधार क्षेत्र	• भौतिक पूर्वाधार मन्त्रालय • उर्जा,जलस्रोत तथा सिंचाइ मन्त्रालय • शहरी विकास मन्त्रालय	६२ ६५ १७	६ ५ २
५	शासकीय व्यवस्था तथा अन्तरसम्बन्धित विषय क्षेत्र	संघीय मामला तथा सामन्य प्रशासन मन्त्रालय	१६	२
		जम्माः	२५०	२५

७. **लेखापरीक्षण पद्धति -** यस कार्यमूलक लेखापरीक्षणमा मुख्य रुपमा प्रक्रियामूलक तथा नतिजामूलक पद्धति अबलम्बन गरिएको छ । आयोजनाको छनौट तथा प्राथमिकीकरण गर्दा तोकिएका विधि र मापदण्डको पालना भए नभएको, पूर्व तयारीका कार्यहरुको पर्याप्तता र सोको अभिलेख व्यवस्थापन जस्ता विषयको सन्दर्भमा प्रक्रियामूलक पद्धतिको अबलम्बन गरिएको छ भने राष्ट्रिय गौरबका आयोजना र रुपान्तरणकारी आयोजनाको सन्दर्भमा नतिजामूलक पद्धतिको अबलम्बन गरिएको छ ।

लेखापरीक्षणको प्रमाण सङ्कलनको लागि छलफल, कागजात भिडान, प्रश्नावली आदि विधि प्रयोग गरीएको छ । विषयसँग सम्बन्धित जोखिम मूल्याँकन गरी पहिचान भएका विषयको परीक्षण गर्ने सन्दर्भमा सक्षम पर्याप्त र सान्दर्भिक प्रमाण सङ्कलन गर्न आवश्यकता अनुसार नियन्त्रणको परीक्षण, विश्लेषणात्मक कार्यविधि, विस्तृत विवरणको परीक्षण विधि समेत अबलम्बन गरिएको छ । समग्रमा प्रक्रियामूलक तथा नतिजामूलक विधि उपयोग गरी लेखापरीक्षण गरिनेछ।लेखापरीक्षणका आधारका रुपमा विषयसँग सम्बन्धित नीतिगत तथा कानूनी व्यवस्थाहरुमा उल्लेख भएका विषयहरुलाई लिइएको छ । साथै उपलब्ध भएका विषयहरुसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय असल अभ्यासलाई आवश्यकता अनुसार अपनाइएको छ । लेखापरीक्षणको क्रममा र लेखापरीक्षण सम्पन्न भएपश्चात व्यवस्थापनसँग देखिएका व्यहोरा उपर छलफल गरी सम्बन्धित निकायको प्रतिकृयाको आधारमा प्रतिवेदन तयार गरिएको छ ।

८. **लेखापरीक्षण सीमितता -** लेखापरीक्षण संघीय सरकारले छनौट तथा प्राथमिकीकरण गरेका आयोजनामा केन्द्रित रहेको छ । प्रदेश तथा स्थानीय तहले समेत आयोजना छनौट, प्राथमिकीकरण गरी बजेट विनियोजन गरेर उल्लेख्य रकम खर्च गरेका छन । ती क्षेत्रहरुबाट भएको कार्यसम्पादन समेट्न सकिएको छैन । लेखापरीक्षणमा प्रश्नावली र द्वितीय स्रोतबाट सूचना सङ्कलन गरिएको छ । प्राप्त सूचनाको विश्वसनीयता, सूचना विश्लेषण क्षमता, समयसीमा, संलग्न जनशक्तिको सँख्या तथा विषयगत ज्ञान, कार्यालयबाट लेखापरीक्षणमा उपलब्ध गरिएको स्रोत साधन आदि लेखापरीक्षणका सीमा हुन ।

परिच्छेद - ३

लेखापरीक्षणबाट देखिएका व्यहोरा

आयोजना छनौट, प्राथमिकीकरण र विनियोजन सम्बन्धमा भएका सकारात्मक प्रयासहरु देहाय अनुसार रहेका छन् :

- मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने, नीति तथा कार्यक्रम सहित बजेट प्रस्ताब अर्थ मन्त्रालय र योजना आयोगमा पठाउनुपर्ने, नयाँ आयोजना तथा कार्यक्रमको लागि बजेट प्रस्ताब गर्दा सम्भाव्यता अध्ययन प्रतिवेदनका आधारमा अगामी वर्ष खर्च हुन सक्ने रकमको प्राविधिक र आर्थिक पुष्टाँयाई सहित प्रस्ताब गर्नुपर्ने, आयोजना बैङ्कमा प्रविष्टि नभएको आयोजनालाई रकम

विनियोजन नगरिने लगायतका विषयहरु आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनमा व्यवस्था गरिएको छ ।

- बजेट तर्जुमा दिग्दर्शन, राष्ट्रिय प्राथामिकता प्राप्त आयोजना निर्धारण गर्ने मापदण्ड र आयोजनाको वहुवर्षिय ठेक्का सम्बन्धी मापदण्डमार्फत आयोजना छनौट, प्राथामिकरण तथा वर्गीकरणका आधारहरु प्रदान गरिएको,
- राष्ट्रिय गौरबका आयोजना र रुपान्तरणकारी आयोजनाको अनुगमन गरी प्रगति समिक्षा गर्ने गरिएको,
- राष्ट्रिय विकास समस्या समाधान समिति तथा मन्त्रालयगत विकास समस्या समाधान समिति मार्फत आयोजनामा देखिएका समस्याहरु समाधान गर्ने संरचनागत व्यवस्था रहेको,
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले विकास आयोजनाहरुको अनुगमन गर्ने गरी अनलाईन अनुगमन प्रणालीको व्यवस्था गरिएको,
- संघीय, प्रदेश र स्थानीय सरकारबाट कार्यान्वयन गरिने आयोजनाको मापदण्ड निर्धारण गरिएको।

उपरोक्त सुधारात्मक प्रयास भए तापनि आयोजना छनौट तथा प्राथामिकरण कार्य वस्तुनिष्ठ र मापदण्डमा आधारित नहुँदा आयोजनाहरु समयमै शुरु नहुने, शुरु भएका आयोजना समेत समयमै सम्पन्न नहुने, आयोजनाहरु सम्पन्न हुँदा समय र लागतमा उच्च वृद्धि हुँदा विकास आयोजनाहरुबाट अपेक्षाकृत प्रतिफल हासिल गर्न सकिएको छैन । तसर्थ आयोजना छनौट पूर्वका चरण, छनौट तथा प्राथामिकीकरण चरणका समस्यालाई मध्यनजर गरी कार्यमूलक लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको आधारमा सुधार गर्नुपर्ने देखिएका ब्यहोराहरु देहायबमोजिम उल्लेख गरिएको छ :

९. **आयोजना छनौटपूर्वको तयारी** - आयोजनाको बहुवर्षिय ठेक्का सम्बन्धी मापदण्ड, २०७७ को बुदाँ नं.६ मा सम्बन्धित मन्त्रालय वा कार्यान्वयन निकायबाट आयोजना छनौट पूर्वको तयारीमा आयोजनाको डेस्क अध्ययन, सम्भाव्यता अध्ययन, विस्तृत परियोजना अध्ययन प्रतिवेदन, वातावरणीय प्रभाव मूल्याङ्कन, प्रारम्भिक वातावरणीय परीक्षण, खरिद गुरुयोजना तयारी, भूमि अधिग्रहण लगायतको विषय स्वीकृत भई राष्ट्रिय आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीमा सम्पूर्ण विवरण रीतपूर्वक प्रविष्टि गरी प्रमाणित भएको हुनुपर्ने व्यवस्था गरिएको छ। आयोजना छनौट पूर्वका तयारी सम्बन्धमा देखिएका केही उल्लेख्य विषयहरु देहाय वमोजिम छन् :

९.१. **सम्भाव्यता अध्ययन/विस्तृत परियोजना अध्ययन प्रतिवेदन** —आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन २०७६ को ९ मा बजेट प्रस्ताब तथा छलफल गर्दा सम्भाव्यता आध्ययन प्रतिवेदन, विस्तृत अध्ययन लगायतका आयोजना स्वीकृति सम्बन्धी कागजात पेश गर्नुपर्ने व्यवस्था छ ।आयोजनाको मितव्ययी र दक्षतापूर्वक कार्यान्वयन गरी अपेक्षित उपलब्धि हासिल गर्न आर्थिक, सामाजिक, वातावरणीय पक्षको विज्ञबाट सम्भाव्यताको अध्ययन गर्ने र तत्पश्चात आयोजनाको माग वा आवश्यकता, प्राविधिक, वित्तीय, आर्थिक, सामाजिक र अन्य पर्यावरणीय पक्षको विस्तृत अध्ययन विश्लेषण गरी ड्रईङ्ग, डिजाईन, लागत अनुमान सहितको विस्तृत प्रतिवेदन तयार गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका उल्लेख्य ब्यहोरा देहायबमोजिम छन् :

९.१.१. राष्ट्रिय गौरबका आयोजनाको रुपमा संचालित आयोजनाहरुकोनै विस्तृत आयोजना प्रतिवेदनहरु पुर्ण रुपमा तयार गरिएको छैन । पुष्पलाल (मध्यपहाडी) लोकमार्ग, मदन भण्डारी लोकमार्ग र उत्तरदक्षिण

करिडोरहरुको खण्ड खण्ड प्रतिवेदन तयार हुँदा एलाइन्मेन्ट परिवर्तन हुने, जग्गा अधिग्रहणमा समस्या आउने गरेको छ । पूर्व पश्चिम रेलमार्गको खण्ड खण्ड डिपिआर तयार हुँदै आएको छ । सुनकोशी मरिन डाईभर्सनको टनेल र मरिन नदी नियन्त्रणको मात्र डिपिआर गरी काम शुरु गरिएकोमा अन्य कामको डिपिआर स्वीकृत भएको छैन।

९.१.२. काठमाडौ तराई/मधेश द्रुतमार्ग आयोजनाको ट्रयाक खुलेपछि २०७६ भाद्र मा मात्र विस्तृत परियोजना प्रतिवेदन स्वीकृत भएकोमा शुरु लम्बाई समेत घटेको अवस्था छ । विस्तृत आयोजना प्रतिवेदन स्वीकृत बेगर बजेट विनियोजन गरी रु.२९ अर्व ७ करोड खर्च भएको छ । नेपाल सरकारबाट स्वीकृत विस्तृत आयोजना प्रतिवेदन अनुसार निर्माण हुने सडकको लम्बाइ ७६.२ किलोमिटरबाट ७२.५ किलोमिटर कायम भएको छ । यसबाट विस्तृत आयोजना प्रतिवेदन स्वीकृत हुनुभन्दा अघि भएका खर्च एवं निर्माण भएका संरचना उपयोगको सुनिश्चितता देखिएन ।

९.१.३. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले सडक विभागलाई जलाशययुक्त आयोजनाको क्षेत्रमा पूर्वाधार निर्माण गर्दा दिगो उपयोग हुन सक्नेगरी समन्वय गरी आयोजना तर्जुमा गर्न २०७३।१।२७ मा निर्देशन दिएको थियो । पुष्पलाल (मध्यपहाडी) लोकमार्ग आयोजना कार्यालय धुलिखेलले सुनकोशी ३ जलविद्युत आयोजना हाइडड्यामको कारण डुभानमा पर्ने र वाटर लेभल ७५० मिटर भन्दा माथि पुग्ने भएकोले एलाइन्टमेन्ट माथि गर्नुपरेको व्यहोरा जनाई ठेक्का लागतमा १२.३७ प्रतिशतसम्म भेरिएशन गरेको छ । ठेक्का प्रक्रिया शुरु हुनु अगाडि नै जलाशययुक्त आयोजनाबाट पर्ने असरको यकिन नगरेकोले भेरिएसनको कारण रु.१७ करोड ८३ लाख लागत वृद्धि हुन गएको छ ।

९.१.४. पुष्पलाल (मध्यपहाडी) लोकमार्ग आयोजना कार्यालय पाँचथरले चतरा कोशी करिडोरको मुलघाँट देखि पाँचथरसम्म १४८ किमि सडक निर्माणको लागि ७ प्याकेज बनाई रु.६ अर्व १५ करोडमा खरिद सम्झौता गरेकोमा शुरुको एलाइनमेन्ट नमिलेको तमोर जलाशययुक्त जलविद्युतका कारण सडकको एलाइन्मेन्ट परिवर्तन गर्नु परेको लगायतका कारण देखाई सबै ठेक्का प्याकेजमा गरी रु.५६ करोड ७ लाख भेरिएसनबाट लागत वृद्धि गरिएको छ । भेरिएसनबाट सडकको लम्बाइ १५४ किलोमिटर कायम भएको छ । सडक रेखाङ्कन यकिन नगरी ठेक्का सम्झौता गरेको कारण लागत वृद्धि हुन गएको छ ।

९.१.५. सुनकोशी मरिन डाईभर्सन वहुउद्देश्यीय आयोजना निर्माणको कारण मदन भण्डारी राजमार्गको ८३२ र विपि राजमार्गको ९०० मिटर सडक परिवर्तन गर्नुपर्ने देखिएको छ । ठूला राजमार्ग तथा जलाशयहरु निर्माण गर्दा अन्तरनिकाय समन्वय नहुने, एकीकृत विस्तृत परियोजना अध्ययन नहुने कारणले निर्माण पछि रेखाँङ्कन परिवर्तन गर्नुपर्दा लागत वृद्धि हुने गरेको देखिन्छ ।

९.१.६. काठमाडौ उपत्यकाको वस्ति व्यवस्थापन गर्ने उद्देश्यले नेपाल सरकारले २०७५।१।२५ मा स्मार्ट सिटीको अवधारणा ल्याई तोकिएका क्षेत्रमा जग्गा वेचविखन रोक्का राखेको छ । बाहिरी चक्रपथको कार्यसम्पादन अवस्था यकिन भइनसकेकेको अवस्थामा सोही क्षेत्रको अधिकांश भूभाग समेट्ने गरी उपत्यकामा ४ स्मार्ट सिटी आयोजना अघि बढाउन सुरुवात गरेपनि यी आयोजनाको विस्तृत आयोजना प्रतिवेदन स्वीकृत गरेको छैन ।

९.१.७. नेपाली सेनाको विकास निर्माण निर्देशनालयबाट निर्माण कार्य भइरहेको कर्णाली करिडोर काली गण्डकी करिडोर र बेनीघाट आरुघाट लार्के भन्ज्याङ्ग सडक आयोजनाको कूल ८५४ किलोमिटरमध्ये नेपाली सेनालाई तोकिएको २९०.११ किलोमिटरको लागत अनुमान तथा ड्रइङ्ग डिजाइन निर्देशनालयलाई उपलब्ध गराएको छैन । नेपाली सेनाले आफूलाई तोकिएको खण्डको निर्माणका लागि खर्च गर्न

अख्तियारी प्राप्त रकम अनुसार प्राविधिक सर्वेक्षण मार्फत कामको विवरण यकिन गरे पनि आयोजनाको पूर्ण ड्रइङ्ग डिजाइन तथा लागत अनुमान स्वीकृत गरेको छैन ।

९.१.८. वहुवर्षीय ठेक्का स्वीकृतिको लागि आर्थिक वर्ष २०७८।७९ मा राष्ट्रिय योजना आयोगमा पेश भएका मध्ये कर्णाली करिडोरको हिल्सा सिमीकोट सडकको तुम्कोट-सिमीकोट खण्ड, डुम्रे वेशीशहर चामे सडक योजना, सालझन्डी ढोरपाटन सडक आयोजनाको पाल्पा-मैदान-अर्घाखाँची खण्ड, सल्ली चौरजहारी डोल्पा सडकको कैनडाँडा-चौरजहारी-डोल्पा खण्ड, सेती राजमार्गको ठुलीगाँड देखि सेतीगाँड खण्ड र सेलीगाँडदेखि साँफेबगर खण्डको स्वीकृत विस्तृत आयोजना प्रतिवेदन, वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन पेश नभएको अवस्था छ । पूर्व तयारीका कार्य पुरा नभई वहुवर्षीय ठेक्का स्वीकृतको लागि पेश गर्न पद्धतिले आयोजना तयारी चरणमा पर्याप्त ध्यान नदिने तर खरिद प्रक्रिया अगाडि बढाउने गलत अभ्यासलाई प्रोत्साहन पुग्न जाने देखिन्छ ।

९.१.९. योजना आयोगले कार्यान्वयनमा ल्याएको आयोजना बैंकको सूचना ब्यवस्थापन प्रणाली (NPBMIS) मा प्रविष्टि ७२१५ आयोजनामध्ये ४२२ आयोजनाको विस्तृत परियोजना अध्ययन प्रतिवेदन (DPR) तयार नगरी प्रविष्टि गरिएको छ । सोमध्ये २७० हाल कार्यान्वयन चरणमा रहेका छन । एनपिबी एमआईएस मा उपलब्ध सूचना अनुसार यस्ता आयोजनाहरुमा रातमाटे रसुवागढी केरुङ ४०० केभी ट्रान्समिशन लाइन आयोजना, कर्णाली करिडोर, ४०० केभी ट्रान्समिशन लाइन आयोजना, कमला.ढल्केबर पथलैया सडक, झापा भूमिगत सिंचाइ आयोजना, पालुङटार कुन्डुटार सिंचाइ आयोजना, सप्तरी भूमिगत सिंचाइ आयोजना, बारा पर्सा भूमिगत सिंचाइ, सिराहा सप्तरी भूमिगत सिंचाइ आयोजना, समृद्ध तराइ मधेश सिंचाइ विशेष कार्यक्रम, लम्की औद्यगिक क्षेत्र, शक्तिखोर औद्योगिक क्षेत्रलगायतका आयोजनाहरु छन।विस्तृत परियोजना प्रतिवेदन बेगर आयोजना कार्यान्वयन गर्ने, पूर्व तयारी बेगर वहुवर्षिय ठेक्का प्रकृया अगाडि बढाउने अभ्यासले कानूनको परिपालना एवं गलत अभ्यासलाई प्रोत्साहन पुग्ने देखिन्छ । तसर्थ आयोजनाको विस्तृत प्रतिवदेन तयार गरी पूर्व तयारी पश्चात कार्य योजना अनुसार आयोजना सञ्चालन गर्नुपर्दछ ।

९.२. **वातावरणीय अध्ययन प्रतिवेदन** - वातावरण संरक्षण ऐन, २०७६ को दफा ३(क) मा राष्ट्रिय प्राथामिकता प्राप्त विकास आयोजना, राष्ट्रिय गौरबका आयोजना नेपाल सरकारले तोकेको कुनै आयोजना सम्बन्धी प्रस्ताबको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन भए वन तथा वातावरण मन्त्रालय समक्ष पेश गर्नुपर्ने र तहाँबाट स्वीकृति गराउनु पर्ने उल्लेख छ । त्यसैगरी सोही ऐनको दफा ८ मा कसैले पनि यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई कुनै पनि प्रस्ताब कार्यान्वयन गर्न वा गराउन नहुने उल्लेख छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ।

९.२.१. आयोजना बैंकको सूचना ब्यवस्थापन प्रणाली (NPBMIS) मा आवद्ध ७२१५ आयोजनामध्ये ५०२ आयोजनाको वातावरणीय अध्ययन प्रतिवेदन भएको देखिदैन । जसमध्ये ३८२ आयोजना चालु अवस्थामा रहेका छन् । एनपिबी एमआईएसमा उपलब्ध सूचना अनुसार कालिगण्डकी कोरिडोर अन्तर्गत बेनी-जोमसोम-कोरोला सडक आयोजना, अरुण करिडोर, कान्ति लोकपथ, आँधिखोला जलविद्युत आयोजना, फुकोट-कर्णाली हाइड्रोपावर आयोजना, कालिगण्डकी तिनाउ डाइभर्सन, डुम्रे वेशीशहर-चामे सडक आयोजना, रुपन्देही-नवलपरासी-कपिलवस्तु भूमिगत सिंचाइ आयोजना, गल्छी-त्रिशुली-मेलुङ-स्याफ्रुबेशी-रसुवागढी सडक लगायतका आयोजनाको वातावरणीय अध्ययन प्रतिवेदन तयार नगरी आयोजना वैंकमा प्रविष्टि गरिएको छ ।

९.२.२. वातावरण संरक्षण नियमावलीको नियम ९ मा प्रारम्भिक वातावरणीय परीक्षण १५ दिनभित्र र वातावरणीय प्रभाव मूल्याङ्कन ३५ दिनभित्र स्वीकृत गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७६।७७ मा ६४, २०७७।७८ मा ६३ र २०७८।७९ मा ५१ आयोजनाको वन तथा वातावरण मन्त्रालयबाट वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनहरु स्वीकृत भएका छन । वातावरणीय प्रभाव अध्ययन प्रतिवेदनहरु तोकिएको अवधिभित्र मन्त्रालयबाट स्वीकृत हुने गरेको देखिएन । यस्ता प्रतिवेदनमध्ये जलविद्युत सिंचाइ र सडकतर्फका ८ प्रतिवेदनको पेश भएको मिति र स्वीकृत भएको मिति देहायबमोजिम छ :

सिन	आयोजनाको नाम	प्राप्त मिति	स्वीकृत मिति	स्वीकृतको लागि लागेको दिन
१	मध्य पहाडी सडक नेपालथोक-वाहुनपाटी	२०७६।०६।१०	२०७७।११।१९	५१९
२	उत्तरदक्षिण लोकमार्ग	२०७६।०७।१८	२०७७।०४।२१	२७३
३	नौमुरे वहुउद्देश्य आयोजना	२०७८।०९।२३	२०७९।३।१०	१६७
४	सेतीनदी ६ जलाशययुक्त आयोजना	२०७८।०९।१२	२०७९।०३।१०	१७८
५	तल्लो अरुण -(४७४।२५MW) जलविद्युत आयोजना	२०७७।०२।२०	२०७८।०९।२०	५७३
६	गोडहुवा बेतहनी नेपालगञ्ज मानखोला सडक	२०७७।११।२३	२०७८।०८।२२	२६९
७	कुमरोज कटहर भण्डारा पिप्ले सडक	२०७८।०१।०७	२०७९।०३।०३	४२१
८	मुगई खोला, बगई खोला, रियो खोलाका पुल	२०७८।०८।१२	२०७९।०३।०५	२०३

वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गर्ने प्रक्रियागत अवधिमा हुने ढिलाइले आयोजनाहरु कार्यान्वयनमा ढिलाइ हुन जाने, परामर्शदाता र निर्माण व्यवसायीको समय र मूल्य समायोजन बढदै जाने अवस्थाले लागत वढने हुन्छ । तसर्थ सरोकारवालासँग समन्वय गरी वातावरणीय प्रभाव मूल्याङ्कनको स्वीकृति कानूनले तोकेको म्यादभित्र दिने व्यवस्था मिलाउनु पर्दछ ।

९.३. **जग्गा अधिग्रहण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा निर्माण स्थलको ब्यवस्थापन नभई खरिद कार्य शुरु गर्न नहुने उल्लेख छ । छनौट भएका आयोजना कार्यान्वयन गर्नु पूर्व जग्गा अधिग्रहण गर्ने, आयोजना निर्माण स्थल संरचना हटाउने लगायतका कार्यहरु सम्पन्न गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका ब्यहोरा देहायबमोजिम छन् :

९.३.१. बुढी गण्डकी आयोजनाको ५८ हजार १५३ रोपनी जग्गा अधिग्रहण गर्नुपर्नेमा २०७७।७८ सम्म ४८ हजार ९९१ रोपनी जग्गाको मुआब्जा वितरण भएको छ भने बाँकी जग्गा अधिग्रहण गरी पुनर्वास तथा पुनर्स्थापनाको कार्य सम्पन्न नहुँदा आयोजना कार्यान्वयनमा ढिलाइ भएको छ । सुनकोशी मरिन डाइभर्सनको रामेछाप जिल्लाका डुबान क्षेत्रको जग्गा अधिग्रहण कार्यमा समस्या रहेको, काठमाडौ तराइ/मधेश द्रुतमार्गको ललितपुरको खोकना क्षेत्रमा विवादका कारण ४२७ रोपनी जग्गा प्राप्ति गर्न बाँकी

रहेको, निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको टाँगिया वस्ती व्यवस्थापनमा समस्या रहेको, पूर्व पश्चिम रेलमार्गको जग्गा अधिग्रहण र घर टहरा क्षतिपूर्ति प्रमुख समस्या रहेको देखिन्छ ।

९.३.२. विद्युत प्रशारण आयोजनाको रातमाटे सब स्टेशनका लागि जग्गा अधिग्रहण गर्ने क्रममा फिल्डबुकमा रहेको ४ वटा कित्ताको जग्गा अधिग्रहणको विषय अदालतमा विचाराधिन रहेको, ट्रान्समिसन लाइन रुटमा जग्गा अधिग्रहणको लगायतका काममा स्थानीयको अवरोध रहेको देखिन्छ ।

९.३.३. पूर्व पश्चिम विद्युतीय रेल्वे लाईन निमार्णमा झापादेखि इनरुवासम्म जग्गा प्राप्तिको लागि जिल्ला प्रशासन कार्यालयहरुलाई आर्थिक वर्ष २०७७।७८ मा रु.२ अर्ब ५ करोड पेश्की निकासा दिएकोमा जग्गा प्राप्तिको कार्य अगाडि नबढेकोले निर्माण कार्य शुरु भएको छैन् ।

९.३.४. बाहिरी चक्रपथ निर्माण गर्न २०६०।६१ को बजेट वक्तव्य अनुसार २०६० मा आयोजना कार्यालय स्थापना भई २०६५ मा निर्माण कार्यको विस्तृत परियोजना प्रतिवेदन तयार गरेपनि सोको कार्यान्वयन भएको छैन् । शहरी विकास मन्त्रालयले २०७४ मा स्वीकृत चोभार संतुगल खण्डको विस्तृत परियोजना प्रतिवेदन अनुसार जग्गा अधिग्रहण नभएकोले चक्रपथ निर्माण कार्य शुरु हुन सकेको छैन । उक्त सडकको ७१.९६ किलो मिटर लम्बाईको लागि अधिग्रहण गर्नुपर्ने जग्गाको तत्कालीन मूल्यमा रु.५६ अर्बको लागत अनुमान स्वीकृत भएकोमा हालको मूल्य अनुसार रु.२ खर्ब ८० अर्ब जग्गा अधिग्रहणमा मात्र खर्च हुने देखिन्छ । तर यस सम्बन्धी कुनै पनि कार्य अगाडि नबढेकोले आयोजना कार्यान्वयन हुन सकेको छैन ।

९.३.५. रानी जमरा कुलरिया सिंचाई आयोजना, कैलालीले अधिग्रहण गर्न निर्णय गरेको कित्ता, जग्गाको क्षेत्रफल र मुआब्जा वितरण हुने रकम यकिन गरेको देखिएन । कार्यालयले आर्थिक वर्ष २०७८।७९ मा जग्गा अधिग्रहण गरी रु.७ करोड ३८ लाख भुक्तानी गरेको छ । Master plan pj+ pocket command area निर्धारण नगरेकोले कति जग्गाको कति रकम भुक्तानी गर्नुपर्ने थियो, हालसम्म कति क्षेत्रफलको भुक्तानी भयो र कति बाँकी छ यकिन गरी विवरण अद्यावधिक गरिएको छैन।

९.३.६. आयोजना कार्यान्वयनमा जानु अगाडि जग्गा प्राप्ति र साइट क्लियरेन्स कार्य सम्पन्न गरेर मात्र ठेक्का प्रक्रियामा शुरु गर्ने, जग्गा मूल्याँङ्कन पद्धति वस्तुनिष्ठ र यर्थाथपरक बनाई मुआब्जा विवाद समाधानको लागि जग्गा अधिग्रहणमा नीतिगत एकरुपता कायम गर्नुपर्दछ ।

१०. **विकास आयोजना प्राथमिकीकरणका आधारहरु -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७, को दफा २६ मा योजना आयोगले मन्त्रालय तथा निकायगत रुपमा आयोजनाको वर्गीकरण, प्राथमिकीकरण वा पुनःप्राथमिकीकरण गरी प्राथमिकता निर्धारण गर्ने व्यवस्था छ। राष्ट्रिय मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ मा नेपाल सरकार संघीय मन्त्रालय र निकायहरु अन्तर्गतसंञ्चालन हुने विकास आयोजनाहरुलाई प्रथम प्राथामिकता प्राप्त (Priority 1- P1) □ द्वितिय प्राथामिकता प्राप्त (Priority 2- P2) वर्गीकरण गर्ने व्यवस्था गरेको छ । प्राथमिकीकरणका लागि सबै क्षेत्रमा लागु हुने गरी पाँचवटा सामान्य आधारहरु तय गरिएका छन् भने प्रत्येक क्षेत्रका लागि छुट्टाछुट्टै दुईवटा क्षेत्रगत आधारहरु तय गरिएको छ । प्रत्येक आधारको लागि अलग अलग अङ्क भार छुट्याइएको छ । यसरी प्राप्त अङ्कका आधारमा ७५ प्रतिशत वा सोभन्दा बढी अङ्क भएमा P1 र ७५ प्रतिशतभन्दा कम अङ्क भएमा P2 मा वर्गीकरण गरिन्छ ।

क्र.स.	सूचकांकको विवरण	भार
	सामान्य आधारहरु :	

१	चालु आवधिक योजनाको आर्थिक वृद्धिको लक्ष्य प्राप्तिमा योगदान पुग्ने	१५
२	दिगो विकासका लक्ष्य प्राप्तिमा योगदान पुग्ने	१५
३	सहभागिताको अवस्था	५
४	समावेशीकरणमा योगदान	१०
५	आयोजनाको पूर्व कार्यसम्पादन तथा सम्पन्न हुन लाग्ने समय	२०
	क्षेत्रगत आधारहरु :	
६	चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य, उद्देश्य र प्राथामिकता प्राप्तिमा योगदान	२०
७	दिगो विकासका अन्य लक्ष्य प्राप्तिमा योगदान	१५
	जम्मा :	१००

आयोजना प्राथामिकीकरणका सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

१०.१. आर्थिक वर्ष २०७६।७७ देखि २०७८।७९ सम्मको प्राथमिकता क्रमका आधारमा विकास कार्यक्रमको विनियोजित बजेट र आयोजना संख्याको अवस्था देहाय अनुसार रहेको देखिन्छ:

आर्थिक वर्ष	प्राथमिकता क्रम संकेत	आयोजना संख्या	आयोजना संख्या प्रतिशतमा
२०७६।७७	पहिलो p_1	२५७	७८.८३
	दोस्रो p_2	६९	२१.१७
	जम्माः	**३२६**	**१०० **
२०७७।७८	पहिलो p_1	२६०	८०.२५
	दोस्रो p_2	६४	१९.७५
	जम्माः	**३२४**	**१०० **
२०७८।७९	पहिलो p_1	२६८	८०.९६
	दोस्रो p_2	६३	१९.०३
	जम्माः	**३३१**	**१०० **

विगत तीन वर्षको वार्षिक विकास कार्यक्रममा समावेश भएका विकास आयोजनाहरुको प्राथमिकिकरण हेर्दा २०७६।७७ मा ७८.८३ प्रतिशत आयोजना P1 मा रहेकोमा २०७७।७८ मा ८०.२४ प्रतिशत र २०७८।७९मा ८०.९६ प्रतिशत आयोजनाहरु P1 मा समावेश भएका छन। राष्ट्रिय प्राथमिकता प्राप्त र रणनीतिक महत्वका आयोजनाहरुलाई उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्नेगरी आयोजना प्राथमिकिरण शुरु गरिएकोमा वस्तुगत तथ्यहरुलाई ध्यान नदिई सूचकहरुमा अङ्क प्रदान गर्दा पूर्व तयारी पुरा नगरेका आयोजनाले समेत उच्च अङ्क प्राप्त गर्ने हुँदा पहिलो प्राथमिकतामा आयोजनाको संख्या बढोत्तरी हुदै गएका छन्।

१०.२. १५ औं आवधिक योजनाको कार्यान्वयनसंगै २०७६।७७ देखि २०७८।७९ सम्म विभिन्न प्राथमिकिताका क्रमशः ३२६, ३२४ र ३३१ आयोजनाको कार्यान्वयन भएका छन् । उक्त पहिलो प्राथामिकता प्राप्त आयोजनाहरुको भौतिक प्रगतिको अवस्था देहायबमोजिम छ :

आर्थिक वर्ष	आयोजना संख्या	पहिलो प्राथमिकता आयोजना	८० प्रतिशत वा सोभन्दा माथि भौतिक प्रगति(संख्या)	५० प्रतिशत देखि ७९ प्रतिशत सम्म भौतिक प्रगति (संख्या)	५० प्रतिशतभन्दा कम भौतिक प्रगति(संख्या)	प्रगति नखुलेका आयोजनाको संख्या

२०७६।७७	३२६	२५७	८८	१००	५१	१८
२०७७।७८	३२४	२६०	१०४	७६	५३	२७
२०७८।७९	३३१	२६७	१११	६८	६०	२८

उल्लिखित तालिका अनुसार २०७६।७७, २०७७।७८ र २०७८।७९ मा क्रमशः १८, २७ र २८ आयोजनाको भौतिक प्रगति खुलेको छैन भने ५१, ५३ र ६० आयोजनाको भौतिकप्रगति ५० प्रतिशतभन्दा कम रहेको छ । पहिलो प्राथामिकतामा परेका आयोजनाहरुको प्रगति न्यून हुनुले आयोजना छनौट तथा प्राथमिकीकरणमा समेत सुधार गर्नुपर्ने देखिन्छ । आवश्यक पूर्व तयारी समेत सम्पन्न नभएका आयोजनाहरु बजेट सुनिश्चितताको लागि पहिलो प्राथामिकतामा राख्ने तर कार्यान्वयन चरणमा भने विस्तृत परियोजना प्रतिवेदन, वातावरणीय मूल्याङ्कन, जग्गा प्राप्ति र साइट क्लिरियन्स लगायतका पूर्व तयारीमा समय खर्चिनु पर्दा प्रगति न्यून हुने गरेको देखिन्छ ।

पूर्व तयारीका सबै चरण पूरा भएका र कार्यान्वयन योग्य आयोजनाहरुमध्ये राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाबाट वस्तुगत सूचकका आधारमा सीमित आयोजनाहरुलाई पहिलो प्राथमिकताका आयोजनामा सूचिकृत गरि कार्यान्यवय गर्नु उपयुक्त हुने देखिन्छ

१०.३. राष्ट्रिय आयोजना बैङ्क सूचना ब्यवस्थापन प्रणालीमा प्रविष्टि भएका केही आयोजनाहरुको नमूना छनौट गरी हेर्दा तपसिल बमोजिमका आयोजनामा सबै सूचकाङ्कमा पूर्ण अङ्क तीन प्रदान गरिएकोले कुल अङ्क शतप्रतिशत हासिल गरेको देखिन्छ । सूचकाङ्कमध्ये सहभागिताको अवस्था हेर्दा नागरिक समाज र निजी क्षेत्रको समेत सहभागिता हेर्नुपर्ने, समावेशीकरणमा दिने योगदानको अङ्क दिँदा मानव विकास सूचकाङ्कको पछाडि परेका (बटम २०) जिल्लालाई मात्र पूर्ण अङ्क दिन मिल्ने अवस्था रहने र दिगो विकासको लक्ष्य प्राप्तिमा योगदान गणना गर्दा लक्ष्य १ (सबै प्रकारका गरिबीको अन्त्य) र लक्ष्य ८ (पूर्ण र उत्पादनमूलक रोजगारी वृद्धि) मा उल्लेखनीय योगदान पुर्याउने आयोजनाले मात्र पूर्ण अङ्क प्राप्त गर्नसक्ने अवस्थामा समेत फरक फरक भूगोल र प्रकृतिका आयोजनाहरुको प्राथामिकीकरण अङ्क शतप्रतिशत रहेकोले अङ्क प्रदान कार्य विश्वसनीय देखिएन ।

प्राथामिकरणमा शतप्रतिशत अङ्क हासिल गरेका आयोजनाको नाम र कार्यक्षेत्र

क्र.स.	आयोजनाको नाम	कार्यक्षेत्र
१	सुर्य विनायक धुलिखेल सडक	भक्तपुर र काभ्रे
२	थानकोट चिल्लाङ सडक योजना	काठमाडौ
३	लोक संचार मार्ग जिलिङ केउरेनी धार्के	धार्दिङ
४	वेशी शहर चामे सडक	लमजुङ मनाङ तनहुँ
५	शहिद मार्ग रोड प्रोजेक्ट	दाङ रोल्पा
६	अरुण करिडोर	धनकुटा पाँचथर सुनसरी
७	पालुङटार कुन्डुटार सिंचाइ आयोजना	गोरखा
८	सुनसरी मोरङ सिंचाइ आयोजना तेस्रो	सुनसरी मोरङ
९	लुम्विनी प्रदेशस्तरीय क्षयरोग उपचार तथा प्रेषण केन्द्र	वाँके
१०	नेपाल भारत विद्युत्त प्रशारण आयोजना	मधेश प्रदेशका १० जिल्ला

१०.४. प्राथमिकीकरण गर्दा ७५ प्रतिशतभन्दा वढी अङ्क हासिल गर्ने आयोजना P1 मा राख्ने र सोभन्दा कम अङ्क प्राप्त गर्ने P2 मा पर्ने उल्लेख भएपनि NPBMIS मा प्रविष्टि गरी भेरीफाई भईसकेका आयोजनामध्ये केही आयोजनाको नमूना परीक्षण गर्दा सूचकमा आधारित प्राथमिकीकरण बापत दिएको अङ्क ७५

प्रतिशतभन्दा न्यून भएपनि P1 मा प्राथमिकीकरण गरी कार्यान्वयन गरिएको छ । यसरी P1 परेका आयोजनामा संघीय मन्त्री आवास निर्माण आयोजनाको ३३.३३ अङ्क, संघीय संसद भवन निर्माण आयोजनाको ४३.७५ अङ्क, ललितपुर गोदावरी ३००० क्षमताको सभाहल निर्माण आयोजनाको ५४.१६ अङ्क, प्रदेश प्रमुख र मुख्यमन्त्री आवास तथा सम्पर्क कार्यालय निर्माण आयोजनाको ५६.२५ अङ्क, धनगढी-खुटिया-दिपायल-चैनपुर-उरै भञ्ज्याङ्ग योजनाको ६६.६७ अङ्क मात्र भएपनि P1 मा प्राथमिकीकरण गरेको छ ।

१०.५. प्राथमिकिकरणको लागि अङ्क छुट्टयाइएको र सो अङ्क प्रदान गर्ने आधारहरु तय गरेको भएपनि आधारहरुमध्ये अधिकांश वस्तुपरक ढंगले अङ्क प्रदान हुने अवस्था छैन । कतिपय तोकिएका आधारमा अङ्क प्रदान गर्दा प्रत्यक्ष र उल्लेखनीय योगदान पुर्याउनेलाई अति उत्तम, अप्रत्यक्ष र उल्लेखनीय योगदान पुर्याउनेलाई उत्तम, कम वा सामान्य योगदान पुर्याउनेलाई समान्य र योगदान नपुर्याउनेलाई न्यून मानेर अङ्क प्रदान गर्ने उल्लेख छ । मापनयोग्य सूचकाङ्कको अभाब, सम्बन्धित तथ्याङ्क प्राप्तिमा कठिनाईका कारण मूल्याङ्कनकर्ताको स्वविवेकीय अधिकार बढि प्रयोग हुने र आफु अनुकूलका आयोजनालाई उल्लेखनीय एवं उच्च योगदान दिने ब्याख्या गरी प्राथमिकतामा राख्ने जोखिम देखिन्छ । उक्त प्राथमिकीकरणको आधारमा लागत लाभ विश्लेषणमा उच्च अङ्क प्राप्त गर्ने आयोजना छनौट गरी सो प्रयोजनको लागि अङ्क प्रदान गर्ने व्यवस्था रहेको देखिदैन।

१०.६. **आयोजना प्राथमिकीकरण सम्बन्धमा थप व्यहोरा देहायबमोजिम छन् :**

१०.६.१. भौतिक पूर्वाधार मन्त्रालय अन्तर्गत सर्वसुलभ आधुनिक पूर्वाधार र सघन अन्तरआवद्धता कायम गर्ने उद्देश्यले बैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम आर्थिक वर्ष २०७६।७७ मा शुरु भएकोमा समाप्त अवधि यकिन गरिएको छैन् ।तपसिलबमोजिम शुरु वर्षमा १७ आयोजना रहेको यस कार्यक्रममा साल वसाली प्रकृतिका आयोजनाहरु थप गर्दै २०७७।७८ मा ४२, २०७८।७९ मा ७८ र आर्थिक वर्ष २०७९।८० मा आउँदा ८०२ वटा आयोजना पुगेको देखिन्छ । आयोजना प्राथमिकीकरणका आधारहरु वस्तुपरक रुपमा प्रयोग नगर्दा पि१ का आयोजना संख्या थपिदै जाने र सीमित स्रोत धेरै आयोजनामा छरिदा प्रभावकारी अनुगमन नहुने, गुणस्तरीय काम नहुने र व्यवस्थापकीय खर्च समेत बढने देखिएकोले सीमित तथा उपयोगी आयोजनामा स्रोत केन्द्रित हुनुपर्दछ।

१०.६.२. सडक पूर्वाधार विकास कार्यक्रमतर्फ २०७६।७७ मा प्रति आयोजना रु.१ करोडका दरले ४४२ आयोजना, २०७७।७८ मा प्रति आयोजना रु.४० लाखको दरले ७९३ आयोजना र २०७८।७९ मा प्रति आयोजना रु.२४ लाखका दरले ७९३ आयोजनामा बजेट विनियोजन गरिएको छ । त्यसैगरी तराई मधेश सडक पूर्वाधार विशेष कार्यक्रममा २०७६।७७ मा प्रति आयोजना रु.१ करोडका दरले ४०४ आयोजना, आ.व. २०७७।७८ मा प्रतिआयोजना रु.४० लाखका दरले ४५८ आयोजना र २०७८।७९ मा रु.२४ लाखका दरले ६१७ आयोजनामा रकम विनियोजन गरिएको छ । कार्यक्रम शीर्षक पहिलो प्राथामिकता राख्ने तर सोभित्र सयौ स-साना आयोजना समावेश गर्दा प्राथमिकीकरणमा ध्यान नदिई स्रोत छरिएको अवस्था छ ।

१०.६.३. सुरुङ मार्ग विकास कार्यक्रमको लागि २०७६।७७ मा १२ आयोजनामा रु.५९ करोड बजेट विनियोजन गरीएको थियो भने २०७७।७८ मा १० वटा आयोजना मात्र प्रस्ताव गरी रु.३६ करोड विनियोजन गरिएकोमा रु.५० लाख मात्र खर्च भएको छ । आर्थिक वर्ष २०७८।७९ मा २३ वटा आयोजनामा संशोधित बजेट रु.९६ करोड १० लाख विनियोजन भएकोमा रु.१३ करोड ६० लाख खर्च भएको छ ।

आर्थिक वर्ष २०७६।७७ मा प्रस्ताब गरिएको कुलेखानी भिमफेदी सुरुङ मार्ग, पोखरा बाग्लुङ सुरुङ्ग मार्ग र बुटवल नारायणगढको दाउन्ने खण्ड गरी ३ वटा सुरुङ्ग मार्गलाई २०७७।७८ कुनै विनियोजन गरिएको छैन । धरान लेउती सुरुङ्ग मार्ग थप गरिएको छ। प्रस्तावित आयोजनामा रु.२० लाख देखि रु.१ करोडसम्म मात्र विनियोजन गरिएको छ । कोटेश्वर जडिबुटी खण्ड सुरुङ्ग मार्ग र नयाँ बानेश्वर अन्डरपासको लागि २०७७।७८ मा रु.१ करोड विनियोजन गरिएकोमा त्यसपछि दुई आर्थिक वर्षमा रु.१० लाख मात्र विनियोजन गरिएको छ । यस कार्यक्रम अन्तरगर्तका आयोजनामध्ये सिद्धबाबा सुरुङ्ग मार्गको इ.पि.सि. मोडेलमा ठेक्का सम्झौता भई डिजाईनको चरणमा रहेको छ भने अन्यको प्रारम्भिक अध्ययनका काम समेत टुङ्गो लागेको छैन् । सुरुङ्ग मार्ग जस्तो जटिल संरचना निमार्णको अध्ययन कार्यमा समेत अपर्याप्त हुने गरी बजेट विनियोजन गरिएको छ ।स्रोत उपलब्धताका आधारमा आयोजनाको प्राथमिकीकरण हुन नसक्दा खर्च परिणामूखी हुन सकेको छैन।

उपरोक्त कार्यक्रममा समावेश आयोजनाहरुको विस्तृत अध्ययन तथा लागत अनुमान तयार गरी सोही आधारमा स्रोत विनियोजन गर्नुपर्ने, सीमित आयोजनालाई नजिजामूलक कार्यान्वयनमा लैजानु पर्नेमा उपलब्ध बजेट सिलिङ्ग भित्र समाबेश हुने गरी धेरै आयोजना छनौट गर्ने, बजेट घटाएर भएपनि आयोजना समाबेश गर्ने होडले विनियोजन दक्षता कायम हुने गरी आयोजना प्राथमिकीकरण गरेको देखिएन ।

११. **राष्ट्रिय गौरवका आयोजना** - सरकारले आर्थिक वर्ष २०६८।६९ देखि मुलूकको आर्थिक सामाजिक विकासमा महत्वपूर्ण योगदान पुर्याउने ठूला पूर्वाधार निर्माण र संस्कृति एवं वातावरण संरक्षण सम्बन्धी रणनीतिक महत्वका आयोजनालाई राष्ट्रिय गौरवका आयोजनाको रुपमा कार्यान्वयनमा ल्याएको छ । राष्ट्रिय गौरवका आयोजनाको लागि आर्थिक वर्ष २०७९।८० मा रु.९८ अर्ब ८१ करोड ३९ लाख विनियोजन भएको तथा आर्थिक वर्ष २०८०।८१ मा रु.१ खर्ब ३५ अर्ब ९८ करोड ६१ लाख र आर्थिक वर्ष २०८१।८२ मा रु.१ खर्ब ४८ करोड ६२ लाख खर्च आवश्यक पर्ने प्रक्षेपण गरिएको छ। राष्ट्रिय गौरबका आयोजनामा बजेटको आकार बढदै गएपनि कार्यान्वयन अवस्था भने सन्तोषजनक देखिदैन। राष्ट्रिय गौरवका आयोजनाको प्रगति स्थिति लगायत अन्य व्यहोरा देहायबमोजिम छन्:

११.१. नेपाल सरकारले २०६८।६९ मा समृद्ध नेपालको सडक पूर्वाधार विकासको आधारशीला निर्माण गर्ने, सिँचाई सुविधामार्फत कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउने, जलविद्युत, विमानस्थल निर्माण, खानेपानी व्यवस्था, साँस्कृतिक सम्पदाको संरक्षण लगायतका क्षेत्रमा महत्वपूर्ण देखिएका १७ आयोजनाहरुलाई उच्च प्राथमिकता राखी कार्यान्वयन गर्न राष्ट्रिय गौरवका आयोजना घोषणा गरेकोमा पन्धौ योजनाले २४ आयोजनालाई राष्ट्रिय गौरबका आयोजनामा सूचीकृत देखिन्छ । राष्ट्रिय गौरवका आयोजनाहरुको २०७८।७९ सम्मको खर्च र प्रगति निम्नानुसार छ :

(रकम रु.करोडमा)

क्र स	आयोजनाको नाम	शुरु वर्ष	सम्पन्न हुने वर्ष	कुल लागत अनुमान	हाल सम्मको खर्च	भौतिक प्रगति
१	भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना	२०६८।६९	२०७९।८०	३६८०.७७	१५४३.०७	५७
२	सुनकोशी मरिन डाइभर्सन आयोजना	२०७३।७४	२०८०।८१	४६१९.३९	३४९.८२	७.६
३	बबई सिँचाई आयोजना	२०४५।४६	२०८२।८३	१८९६.३०	१११५.७	६२.२३
४	रानी जमरा कुलरिया सिँचाई आयोजना	२०६७।६८	२०८०।८१	२७७०	१६२०.७	५८.७०
५	महाकाली सिँचाई आयोजना	२०६३।६४	२०८७।८८	३५००	५३७.८८	१५.७३
६	सिक्टा सिँचाई आयोजना	२०६१।६२	२०८९।९०	२५०२	१९००.३५	६७.००
७	माथिल्लो तामाकोशी आयोजना	२०६७।६८	सम्पन्न	४९२९	५२९८	१००
८	बुढी गण्डकी जलविद्युत आयोजना	२०६९।७०	२०८३।८४	२६०००	४१४८.१२	२२

९	विद्युत प्रसारण आयोजना	२०७५।७६	२०८४।८५	६१२६	३०७	५.०१
१०	पश्चिम सेती जलविद्युत आयोजना	२०६७।६८	नखुलेको	२७३८५	०	०
११	गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल	२०७०।७१	२०७८।७९	३०९१	२६४१	१००
१२	पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल	२०७१।७२	२०७९।८०	२२००	१९०४	९८
१३	निजगढ अन्तर्राष्ट्रिय विमानस्थल	२०७१।७२	२०८५।८६	१६५००	९९.८८	नखुलेको
१४	रेल्वे तथा मेट्रो विकास आयोजना	२०६६।६७	२०८६।८७	९५५२२	२८४६	३८.५
१५	हुलाकी लोकमार्ग आयोजना	२०६६।६७	२०८०।८१	६५२०	५२७७	८०.९०
१६	पुष्पलाल मध्यपहाडी लोकमार्ग आयोजना	२०६४।६५	२०७९।८०	८४३३	५८८५	६४.१६
१७	उत्तर दक्षिण कोशी करिडोर लोकमार्ग	२०६५।६६	२०८७।८८	११९३	४२८	४१
१८	उत्तर दक्षिण कालिगण्डकी करिडोर	२०६६।६७	२०७९।८०	३२७२	१२६०	५१
१९	उत्तर दक्षिण कर्णाली करिडोर लोकमार्ग	२०६५।६६	२०८४।८५	११००	२८४	२६
२०	काठमाण्डौ तराई मधेश द्रुर्तमार्ग	२०६४।६५	२०८१।८२	२१३९५	३४२९.८२	२१.१८
२१	मेलम्ची खानेपानी आयोजना	२०५५।५६	२०७७।७८	३१३६	३०६५	९९.४४
२२	पशुपति क्षेत्र विकास कोष	२०५७।५८	२०७८।७९	२२७	१४१.०४	८५
२३	लुम्विनी क्षेत्र विकास कोष	२०६६।६७	२०८०।८१	१३२६	७०२	८७
२४	राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति	२०७०।७१	२०९३।९४	२४९७०	१२०८.६०	४.९९

स्रोतः राष्ट्रिय योजना आयोग

११.२. आवधिक योजनाले राष्ट्रिय गौरबका आयोजनाको रुपमा सूचीकृत आयोजनालाई उच्च प्राथामिकतामा राखी स्रोत सूनिश्चितता गर्ने र कार्यान्वयनको सघन अनुगमन गर्ने व्यवस्था मिलाइने उल्लेख गरे पनि उक्त आयोजनाहरुको प्रगति अवस्था हेर्दा सन्तोषजनक देखिएन । पश्चिम सेती जलविद्युत्त आयोजना, बुढी गण्डकी जलविद्युत आयोजना, निजगढ दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल आयोजनाको पूर्व तयारीका कार्य समेत पुरा नभएकोले कार्यान्वयनमा जान सकेका छैनन् । कार्यान्वयनको चरणमा रहेका २१ आयोजनामा ८ आयोजनाको भौतिक प्रगति ३० प्रतिशतभन्दा पनि न्यून रहेको देखिन्छ । यस सम्बन्धी अन्य व्यहोरा निम्न छन :

११.२.१. आर्थिक वर्ष २०७७।७८ मा तीनवटा राष्ट्रिय गौरबका आयोजना सम्पन्न हुनुपर्नेमा माथिल्लो तामाकोशी जलविद्युत आयोजना सम्पन्न भई सञ्चालनमा आएको छ । गौतम बुद्ध विमानस्थल २०७९ जेठ २ बाट सञ्चालनमा आएको छ । मेलम्ची खानेपानी आयोजना वाढीको कारण आयोजनाको हेडवक्समा क्षति पुग्न गई थप ढिलाइ हुन गएको छ । पशुपति क्षेत्र विकास कोष २०७८।७९ मा सम्पन्न हुने कार्यतालिका रहेको भएपनि सम्पन्न हुन सकेको छैन । त्यसै गरी २०७९।८० मा सम्पन्न हुने अनुमान गरिएका ४ आयोजनामध्ये पोखरा क्षेत्रीय विमानस्थल आयोजना बाहेक अन्य आयोजना सम्पन्न हुने स्थिति देखिदैन।

११.२.२. बाँके र बर्दिया जिल्लाको ५१ हजार हेक्टर कृषियोग्य भूमिमा सिँचाइ सुविधा उपलब्धता र विद्युत उत्पादन समेत गर्ने उद्देश्यले २०६८।६९ देखि भेरी बबई डाइभर्सन आयोजना शुरु भएको हो । शुरु लागत रु.१६ अर्व ४३ करोड रहेको यस आयोजनाको वाँध र विद्युत गृह निमार्ण समेतको संशोधित लागत रु.३३ अर्व ८० करोड कायम भएको छ । आर्थिक वर्ष २०७९।८० मा सम्पन्न गर्ने लक्ष्य लिएको यस आयोजनाको २०७८।७९ सम्मको भौतिक प्रगति ५७ प्रतिशत मात्र रहेको छ । समयमै स्रोत व्यवस्थापन नहुनु, जग्गा प्राप्तिमा स्थानीय अवरोध, निकुञ्ज क्षेत्रको निर्माणमा प्रकृयागत जटिलता लगायतका समस्या देखिएका छन्।

११.२.३. सुनकोशी नदीको पानी मरिन नदीमा स्थान्तरण गरी जल विद्युत्त उत्पादनको साथै मधेश प्रदेशका पाँच जिल्लामा वाह्र महिना सिंचाइ सेवा उपलब्ध गराउने उद्देश्यले २०७३।७४ देखि सुनकोशी मरिन डाइभर्सन आयोजना शुरु भएको हो । शुरु अनुमानित लागत रु.४६ अर्व १९ करोड रहेको यस

आयोजना २०८२।८३ मा सम्पन्न गर्ने संशोधित कार्यतालिका रहेकोमा आव २०७८।७९ को भौतिक प्रगति ७.६ प्रतिशत रहेको छ । सुरुङ्ग निर्माण कार्यको ठेक्का सम्झौता भए पनि सुरुङ्ग निर्माण वाहेकका संरचनाको स्रोत सुनिश्चितता भएको देखिदैन । विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन,खरिद गुरुयोजना तथा वातावरणीय प्रभाव अध्ययन प्रतिवेदन स्वीकृत भई मुआब्जा वितरणको लागि मूल्याङ्कन कार्य लगायत तयारी चरणका कार्य भइरहेकोले तोकिएको समयमा आयोजना सम्पन्न हुने देखिदैन ।

११.२.४. बर्दिया जिल्लाको ३६ हजार हेक्टर कृषियोग्य भूमिमा सिचाई सुविधा पुर्‍याउने उद्देश्यले २०४५।४६ मा शुरु भएको बबई सिचाई आयोजना २०८२।८३ मा सम्पन्न गर्ने संशोधित लक्ष्य रहेको छ । शुरु लागत अनुमान रु.२ अर्व ८७ करोड रहेकोमा संशोधित लागत अनुमान रु.१८ अर्व ९६ करोड रहेको छ। आर्थिक वर्ष २०७८।७९ सम्म भौतिक प्रगति ६२.२३ प्रतिशत रहेको यस आयोजनामा जग्गा प्राप्तिमा सामाजिक प्रक्रियागत जटिलता रहेको, नदीजन्य निर्माण सामग्रीको अभाव, वर्षामा ५ महिना पानी सञ्चालनको कारण कार्य प्रगति लक्ष्य अनुरुप हुन सकेको देखिएन ।

११.२.५. कैलाली जिल्लाको ३८ हजार ३ सय हेक्टर कृषि भूमिमा वर्षैभरी सिंचाइ सुविधा उपलब्ध हुने गरी सिचाई पूर्वाधार विकास र विस्तार गर्ने उद्देश्यले २०६७।६८ मा शुरु भएको रानी जमरा र कुलरिया सिंचाइ आयोजना २०८०।८१ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ । कूल अनुमानित लागत रु.२७ अर्व ७० करोड रहेको यस आयोजनाको २०७८।७९ सम्म भौतिक प्रगति ५८.७० प्रतिशत रहेको छ । ऐलानी जग्गाको राहत वितरण यथावत रहेको, राइट अफ वे मा जग्गा अतिक्रमणमा परेको लगायत समस्या देखिएका छन् ।

११.२.६. बाँके जिल्लाको करिव ४३ हजार हेक्टर कृषियोग्य भूमिमा सिंचाइ सुविधा उपलब्ध गराउने उद्देश्यले २०६१।६२ शुरु भएको सिक्टा सिंचाइ आयोजना शुरु भएको हो । पटक पटक संशोधित भएको तालिका अनुसार २०८९।९० मा सम्पन्न गर्ने लक्ष्य रहेको छ । संशोधित लागत रु.२५ अर्व २ करोड रहेको यस आयोजनाको २०७८।७९ सम्मको भौतिक प्रगति ६७.०० प्रतिशत रहेको छ । जग्गा अधिग्रहण निर्माण सामग्रीको अभाव, निरन्तर ठेक्का विवाद, व्यवस्थापकीय कमजोरी र आवश्यक पूर्वतयारी नगरी ठेक्का लगाउने लगायतका कारणबाट आयोजना समयमा सम्पन्न हुन सकेको छैन ।

११.२.७. कञ्चनपुर जिल्लाको पुरै र कैलाली जिल्लाको मालाखेती क्षेत्र समेत ३३ हजार ५२० हेक्टर क्षेत्रफलमा सिंचाई सुविधा पुर्याउने उद्देश्यले २०६३।६४ मा शुरु भएको महाकाली सिंचाई आयोजनालाई २०७८।८।३० मा निर्णय गरी राष्ट्रिय गौरबको आयोजनामा स्तरोन्नति गरिएको हो । संशोधित कार्य तालिका अनुसार आर्थिक वर्ष २०८७।८८ सम्म सम्पन्न गर्ने लक्ष्य लिएको यस आयोजनाको २०७८।८९ सम्मको भौतिक प्रगति १५.७३ प्रतिशत रहेको छ । १२०० हेक्टरमध्ये १८५ हेक्टर मात्र जग्गा अधिग्रहण भएको, १५२ कि.मि. मूल नहरमध्ये २६.२ कि.मि.मात्र सम्पन्न भएको देखिन्छ ।

११.२.८. गोरखा र धादिङ जिल्लाको सिमानामा १ हजार २०० मेघावाट क्षमताको विद्युत उत्पादन गर्न बुढी गण्डकी जलविद्युत आयोजना २०६९।७० मा शुरु भई २०८३।८४ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा तयारी चरण समेत पुरा हुन सकेको छैन् । पुनवार्स/पुनस्थापना सम्बन्धि नीतिगत निर्णय नहुँदा क्षतिपूर्ति वितरण कठिनाइ भएको, पुनर्वास र पुनःर्स्थापनामा स्थानीयको असन्तुष्टी रहेको कारण आयोजना कार्यान्वयन चरणमा प्रवेश गर्न सकेको छैन् ।

११.२.९. उर्जाको वितरण र आपूर्तिमा सुधार ल्याउने उद्देश्यले आन्तरिक तथा अन्तरदेशीय प्रशारण लाइन निर्माण गर्न २०७५।७६ बाट शुरु भएको विद्युत प्रसारण आयोजना सम्पन्न गर्न सेप्टेम्बर १४, २०१७ मा

मिलेनियम च्यालेञ्ज कर्पोरेशनसँग सम्झौता भएको छ । रु.६१ अर्ब २६ करोड अनुमानित लागत रहेको यस आयोजना २०८१।८२ सम्म सम्पन्न गर्ने लक्ष्य रहेकोमा २०८४।८५ मा सम्पन्न गर्ने गरी लक्ष्य संशोधन भएको छ । आर्थिक वर्ष २०७८।७९ सम्मको भौतिक प्रगति ५ प्रतिशत रहेको यस आयोजनाको वुटबल सबस्टेशन नजिकको रेखाङ्कन परिवर्तन गरिएको, प्रारम्भिक इन्जिनियरिङ्ग डिजाइनलाई अन्तिम रुप दिन बाँकी रहेको र जग्गा अधिग्रहण कार्य र ठेक्का प्रक्रिया लगायतका आयोजना तयारीका कार्य सम्पन्न नभएकोले थप गरिएको समयमा समेत आयोजना सम्पन्न नहुन सक्ने जोखिम देखिन्छ ।

११.२.१०. पश्चिम सेती जलविद्युत परियोजना सेती नदीमा १२ सय मेघावाट क्षमताको जलविद्युत आयोजना निर्माण गर्ने उद्देश्यले २०६७।६८ मा शुरु गरिएको यस आयोजनालाई राष्ट्रिय गौरबको आयोजनाको रुपमा समावेश गरिएपनि परियोजना विकास तथा लगानी खाका तय नहुँदा आयोजना कार्यान्वयन शुरु हुन सकेको छैन् ।

११.२.११. बाराको निजगढ बैकल्पिक अन्तर्राष्ट्रिय विमानस्थल बनाउने उद्देश्यले २०७१।७२ देखि आयोजना शुरु भएकोमा आयोजनाको अनुमानित लागत रु.१ खर्व ६५ अर्ब रहेको छ । आर्थिक वर्ष २०८०।८१ सम्म प्रथम चरणका कार्य सम्पन्न गर्ने लक्ष्य रहेपनि विमानस्थलको मास्टर प्लान अपडेट भईरहेको, टांगिया वस्ति व्यवस्थापन समस्या, रुख कटान समस्या र आयोजनाको कार्यान्वयन मोडालिटीबारे निर्णय नहुँदा यस आयोजनाको मुख्यकार्य शुरु हुन सकेको छैन ।

११.२.१२. पूर्व पश्चिम विद्युतीय रेलमार्ग विकास गरी सुरक्षित सुलभ भरपर्दो र पर्यावरण मैत्री रेल सेवा सञ्चालन गर्ने उद्देश्यले २०६६।६७ बाट शुरु भएको यस आयोजनाको कूल लागत रु.९ खर्ब ५५ अर्ब २२ करोड रहेको छ । पूर्व पश्चिम ९२५ कि.मि. रेल मार्ग र उत्तर दक्षिण ७९ किमि लिङ्क मार्ग निर्माण तथा सञ्चालन गर्ने लक्ष्य लिएकोमा २०७८।७९ सम्मको भौतिक तथा वित्तीय प्रगति ३८.५ प्रतिशत रहेको छ। क्षतिपूर्ति तथा मुआब्जा विवाद हुनु, युटिलिटी रिलोकेशनमा अन्तर निकाय समन्वय नहुनु, बन क्षेत्र तथा वस्ती क्षेत्रमा निर्माण कार्य अवरोध तथा विवाद हुनु, पर्याप्त स्रोत व्यवस्थान नहुनुले आयोजना छनौट तथा तयारी चरणमा पर्याप्त ध्यान नदिएको र पूर्व तयारीका कार्य प्रभावकारी रुपमा सम्पन्न हुनु सकेको छैन ।

११.२.१३. पूर्व झापाको भद्रपुरदेखि पश्चिम कञ्चनपुरसम्मका तराई मधेशका जिल्ला सदरमुकाम र घना वस्ती जोडदै यातायातको सहज पहुँच विस्तार गर्ने उद्देश्यले २०६६।६७ देखि शुरु भएको हुलाकी लोकमार्ग आयोजना संशोधित कार्यतालिका अनुसार २०८०।८१ मा सम्पन्न गर्ने लक्ष्य लिएको छ । आ.ब.२०७८।७९ सम्म ८०.९० प्रतिशत भौतिक प्रगति हासिल गरेको यस आयोजनाको दुम्किबास त्रिवेणी खण्ड र निकुञ्ज भित्रको सडक रेखाङ्कन विवादले गर्दा तोकिएको अवधिमा कार्य सम्पन्न नहुने जोखिम देखिन्छ।

११.२.१४. मध्यपहाडी भू-भागका जिल्लाहरुलाई यातायात सञ्जालमा आवद्ध गरी सो क्षेत्रको सामाजिक तथा आर्थिक विकासमा योगदान पुर्‍याउने लक्ष्यका साथ २०६४।६५ देखि शुरु भएकोमध्ये पहाडी लोकमार्ग आयोजना संशोधित कार्यतालिका अनुसार २०७९।८० मा सम्पन्न गर्ने लक्ष्य लिएको छ । संशोधित लागत अनुमान रु. ८४ अर्ब ३३ करोड रहेको यस आयोजनाको आर्थिक वर्ष २०७८।७९ सम्म रु.५८ अर्ब ८५ करोड खर्च गरी ६४.१६ प्रतिशत भौतिक प्रगति हासिल गरेको छ ।

११.२.१५. खाँदबारीदेखि किमाथाँकासम्म १६२ किमि सडक निमार्णको लक्ष्य लिएको यस उत्तर दक्षिण कोशी करिडोर लोकमार्ग २०६५।६६ मा शुरु भई २०८०।८१ मा सम्पन्न गर्ने लक्ष्य लिएकोमा संशोधित कार्यतालिका अनुसार २०८७।८८ सम्म पुगेको छ । शुरुमा लागत रु.१६ अर्ब २० करोड रहेको यस

आयोजनाको संशोधित लागत अनुमान रु.११ अर्ब ९३ करोड रहेको छ । आर्थिक वर्ष २०७८।७९ सम्म ४१ प्रतिशत भौतिक प्रगति हासिल गरेको यस आयोजनामा सडक सीमा यकिन नहुनु, जलाशययुक्त आयोजनाहरुको प्रभाव क्षेत्र यकिन नहुनु, मुआब्जा सम्बन्धी विवाद रहनु, युटिलिटी रिलोकेसन कार्य झन्झटिलो हुनु जस्ता आयोजना कार्यान्वयन पूर्व समाधान हुनुपर्ने समस्या यथावत रहेका छन् ।

११.२.१६. गैडाकोटदेखि कोरला नाकासम्मको ४४५ कि.मि. रहेको कालिगण्डकी करिडोरराष्ट्रिय तथा अन्तरदेशीय यातायात सञ्जाल विस्तार गर्ने उद्देश्यले आर्थिक वर्ष २०६६।६७ देखि शुरु भएको हो । कुल लागत रु.३२ अर्ब ७२ करोड रहेको यस आयोजनालाई २०७९।८० मा सम्पन्न गर्ने लक्ष्य लिएकोमा संशोधित कार्यतालिका अनुसार २०८०।८१ सम्म सम्पन्न गर्ने लक्ष्य लिएको छ । आर्थिक वर्ष २०७८।७९ सम्म रु.१२ अर्ब ६० करोड खर्च भई ५१ प्रतिशत भौतिक प्रगति हासिल भएको छ । यस आयोजनामा रुख कटान स्वीकृति, घर टहराको क्षतिपूर्ति र विद्युत पोल स्थानान्तरण लगायतका समस्या रहेका छन् ।

११.२.१७. खुलालुदेखि सिमिकोट हुँदै हिल्सासम्म जोडने २६८ कि.मि. लम्बाई रहेको कर्णाली करिडोर आयोजना २०६५।६६ मा शुरु भई २०८०।८१ मा सम्पन्न गर्ने लक्ष्य लिएकोमा संशोधित कार्यतालिका अनुसार २०८४।८५ सम्म पुगेको छ । संशोधित अनुमानित लागत रु.११ अर्ब रहेको यस आयोजनाको २०७८।७९ सम्म २६ प्रतिशत भौतिक प्रगति हासिल भएको छ । वर्षा, हिमपात र अत्याधिक चिसोका कारण ठेक्का समयमा सम्पन्न नहुने कारणले भौतिक प्रगति न्यून देखिएको छ ।

११.२.१८. संघीय राजधानी काठमाण्डौलाई तराई मधेशसँग ७६.२ किमि दुरीमा जोडने गरी एशियन हाइवे स्ट्राण्डर्डको दुत्तमार्ग निमार्ण गर्ने उद्देश्यले फास्टट्रयाक आयोजना २०६४।६५ देखि निर्माण शुरु भई २०८१।८२ मा सम्पन्न गर्ने लक्ष्य लिएको छ । आयोजनाको कुल लागत रु.२ खर्व १३ अर्ब ९५ करोड रहेकोमा २०७८।७९ सम्म २१.१८ प्रतिशत भौतिक प्रगति हासिल भएको छ। सन २००८ को सम्भाव्यता अध्ययन तथा प्रारम्भिक डिजाइनका आधारमा निर्माण कार्य प्रारम्भ भएकोमा २०७६।५।१ मा नेपाल सरकारबाट स्विकृत विस्तृत परियोजना प्रतिवेदन अनुसार सडकको लम्बाई ७६.२ कि.मि.बाट ७२.५ कि.मि. कायम भएको, सोमध्ये ६.४१५ किलो मिटरका ३ सुरुङ र १०.५७६ किलोमिटर लम्बाइका ८७ पुल निमार्ण हुने भई ५५.५० किलोमिटर मात्र सडक निर्माण हुने साथै केही स्थानको रेखाङ्कन समेत परिवर्तन भएको छ ।

११.२.१९. पशुपति क्षेत्रलाई हिन्दुहरुको अन्तर्राष्ट्रिय तिर्थस्थलको रुपमा स्थापित गरी प्रमुख पर्यटकीय गन्तब्यको रुपमा विकास गर्ने उद्देश्यले २०५७।५८ देखि शुरु भएको आयोजना २०७८।७९ मा सम्पन्न गर्ने लक्ष्य लिएको थियो । कुल संशोधित लागत रु.२ अर्ब २७ करोड रहेको २०७८।७९ सम्म भौतिक प्रगति ८५ प्रतिशत रहेको छ । सम्पदाहरु वहुस्वामित्वमा रहेको, सरोकारवालाहरुको समन्वयमा कमी र दक्ष प्राविधिक जनशक्ति अभावको कारण कार्य प्रक्रियामा ढिलाइ भएको उल्लेख छ ।

११.२.२०. लुम्विनी क्षेत्रलाई विश्वशान्तिको अन्तर्राष्ट्रिय केन्द्रको रुपमा स्थापित गरी प्रमुख पर्यटकीय गन्तब्यको रुपमा विकास गर्ने उद्देश्यले २०६६।६७ मा शुरु भएको आयोजना २०८०।८१ मा सम्पन्न गर्ने संशोधित लक्ष्य रहेको छ । कुल संशोधित बजेट रु.१३ अर्ब २६ करोड लाग्ने अनुमान रहेकोमा २०७८।७९ सम्म भौतिक प्रगति ८७ प्रतिशत रहेको छ ।

११.२.२१. चुरे भावर र दुन क्षेत्रका प्राकृतिक स्रोत तथा जलाधार संरक्षण र दिगो ब्यवस्थापन गरी मानव वस्ती व्यवस्थित गर्ने उद्देश्यले २०७०।७१ मा शुरु भएको यस आयोजना २०९३।९४ मा सम्पन्न गर्ने संशोधित लक्ष्य रहेको छ । कुल अनुमानित लागत रु.२ खर्व ४९ अर्ब ७० करोड रहेकोमा

२०७८।७९ सम्म भौतिक प्रगति ४.९९ प्रतिशत रहेको छ । चुरे तराई मधेश संरक्षण गुरुयोजना अनुरुपका कार्यक्रम सञ्चालन गर्न पर्याप्त स्रोत साधन व्यवस्थापन नभएकोले कार्य प्रगति न्यून देखिएको छ।

११.३. राष्ट्रिय गौरबका आयोजनाहरुको पूर्व तयारी छनौटदेखि कार्यान्वयन चरणसम्मका कार्य प्रभावकारी नहुँदा तोकिएको समय र लागतमा सम्पन्न हुने अवस्था देखिएन । कतिपय आयोजनाको शुरु लागत अनुमानमा शत प्रतिशतभन्दा बढी वृद्धि भैसकेको छ भने कुनै आयोजना तीन दशकभन्दा बढीदेखि कार्यान्वयन भइरहेका छन् । आयोजनाको शुरु डिपिआरमा क्षेत्र विस्तारको कारण लागत बढनु स्वभाविक भएपनि धेरै आयोजनाको तोकिएको समयमा काम सम्पन्न नहुँदा निर्माण सामग्रीको मूल्य वृद्धि र मुआब्जाको रकममा हुने वृद्धिले आयोजनाको लागतमा उच्च वृद्धि हुन पुगेको देखिन्छ । उदाहरणको रुपमा केही आयोजनाको आवस्था निम्नअनुसार छ :

(रु.करोडमा)

क्रस	आयोजनाको नाम	शुरु वर्ष	सम्पन्न हुनुपर्ने वर्ष	संशोधित सम्पन्न हुने वर्ष	शुरु लागत	संशोधित लागत	वृद्धि प्रतिशत
१	भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना	२०६८।६९	२०७९।८०	२०७९।८०	१६४३	३६८०	१२४
२	माथिल्लो तामकोशी जलविद्युत आयोजना	२०६७।६८	२०७२।७३	२०७६।७७	३५२९	४९२९	४०
३	बबई सिँचाई आयोजना	२०४५।४६	२०७१।७२	२०८२।८३	२८७	१८९६	५६१
४	रानी जमरा कुलरिया सिँचाई आयोजना	२०६७।६८	२०७४।७५	२०८०।८१	१२३७	२७५२	१२४
५	महाकाली सिँचाई आयोजना	२०६३।६४	२०८०।८१	२०८७।८८	२६७७	३५००	३१
६	सिक्टा सिँचाई आयोजना	२०६१।६२	२०७१।७२	२०८९।९०	१२८०	२५०२	९५
७	हुलाकी लोकमार्ग	२०६६।६७	२०७४।७५	२०८०।८१	४७२४	६५२०	३८
८	मध्यपहाडी लोकमार्ग	२०६४।६५	२०७४।७५	२०७९।८०	३३३६	८४३३	१५३
९	काठमाडौ तराइ मधेश दुत्तमार्ग	२०६४।६५	२०७७।७८	२०८१।८२	१११००	२१३९५	९३
१०	रेल तथा मेट्रोरेल विकास आयोजना	२०६६।६७	२०८६।८७	२०८६।८७	७०६२	९५५२२	१२५३
११	मेलम्ची जलविद्युत आयोजना	२०५५।५६	२०६४।६५	२०७७।७८	२४००	३०६५	२७.७०

उल्लिखित राष्ट्रिय गौरबका आयोजनाहरुमा दशकभन्दा बढी समयावधि थप भएको छ भने लागततर्फ पनि २७ प्रतिशतदेखि १२५३ प्रतिशतसम्म वृद्धि भएको देखिन्छ । यसरी तेह्रगुणा सम्म लागत वृद्धि हुँदा शुरुमा लागत लाभ विश्लेषण गर्दा प्रतिफलयुक्त देखिएका आयोजनाहरु पुनःमूल्याङ्कन गरेमा आयोजना मूल्याङ्कनका आधारहरु लागत.लाभ अनुपात, वित्तीय प्रतिफल दर, आर्थिक प्रतिफल दर, खुद वर्तमान मूल्य, लगानी फिर्ता अवधि आदि सूचकाङ्क नकारात्मक हुने अवस्था रहन्छ।त्यस्ता आयोजना कार्यान्वयन गर्नु फाइदाकारी छ छैन भनी मूल्याङ्कन, विश्लेषण गर्ने परिपाटी देखिएन । फलस्वरुप नेपालमा कार्यान्वित आयोजनाहरु लागत लाभ विश्लेषणका दृष्टिले उपयुक्त छन् भनेर यकिन गर्न सकिएन । किनकि लागत शत प्रतिशत वा सोभन्दा वढी वृद्धि हुँदा लागतको तुलनामा प्रतिफल दर सोही अनुपातले घटन जान्छ । त्यसलाई ध्यान दिएको देखिदैन ।

आयोजना शुरु गर्दा नै कार्यक्षेत्र, लागत स्रोत व्यहोर्ने स्रोत निश्चित गरी तोकिएको समयभित्र सम्पन्न हुने गरी समय तालिका सहितको कार्यान्वयन कार्ययोजना तयार गर्ने कार्यातालिका वमोजिम काम गर्न गराउन सम्बन्धित मन्त्रालय जिम्मेवार हुनुपर्दछ ।

११.४. राष्ट्रिय गौरवका आयोजनाको रुपमा विगत १० वर्षदेखि प्राथमिकताका साथ कार्य हुँदै आएकोमा माथिल्लो तामाकोशी आयोजना र हाल पोखरा र गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थल आयोजना बाहेक अन्य आयोजना सम्पन्न हुन सकेको देखिदैन । विस्तृत आयोजना प्रतिवदेन तयार नगरी निर्माण कार्य शुरु गर्नु, आयोजनाको कार्यान्वयन मोडालिटी स्पष्ट नहुनु, निकुञ्ज तथा राष्ट्रिय वन क्षेत्रमा पूर्वाधार निर्माणमा समन्वय नहुनु, युटिलिटी सर्भिसहरुको स्थान्तरणमा अन्तर निकाय समन्वय नहुनु, खरिद कार्य गर्नुपूर्वका कार्यहरु जग्गा प्राप्ति र क्षतिपूर्ति, वातावरणीय प्रभाव मूल्यांङ्कन प्रतिवेदन स्वीकृति, सीमाङ्कन, रेखाङ्कन लगायतका कार्य सम्पन्न नगरी निर्माणको तथा खरिद ठेक्का लगाउनु, अन्तर निकाय समन्वय अभाव, निर्माण क्षमताको अभाव, कमजोर अनुगमन मूल्याङ्कन लगायतका समस्याले गर्दा आयोजना निर्माणको समय र लागत दुवै वृद्धिसँगै आयोजनाको अपेक्षित प्रतिफल लगानी फिर्ता अवधि र प्रतिफल दरमा समेत असर पर्ने देखिन्छ । राष्ट्रिय गौरबका आयोजनाको रुपमा अगाडि बढाए पनि सबै आयोजना तोकिएको समय र कार्यतालिका बमोजिम सम्पन्न हुन सकेका छैनन् । यी आयोजनाहरुलाई स्रोत साधनको सुनिश्चितता गर्ने नीतिगत प्रतिवद्धता अनुरुप आवश्यक बजेट विनियोजन भएपनि समयमा खर्च हुन सकेको देखिदैन । आयोजनामा देखिएका समस्याहरुमध्ये धेरै आयोजना छनौट तथा कार्यान्वयन चरण पूर्वका समस्याहरु हुनु, विस्तृत परियोजना प्रतिवेदन तथा कार्यान्वयन मोडालिटी समेत यकिन नगरी आयोजना प्राथमिकीकरण गरी राष्ट्रिय गौरबका आयोजनामा सूचीकृत गरिनुबाट आयोजना छनौट तथा प्राथमिकीकरणमा पर्याप्त ध्यान नदिएको स्पष्ट हुन्छ ।



उपरोक्त समस्याहरु समाधानको लागि देहायबमोजिम गर्नुपर्दछ :

- राष्ट्रिय गौरबका आयोजनाको ब्याख्या एवं पहिचान, छनौटका आधार तथा प्राप्त हुने सहुलियत तथा विशेष अधिकारहरु, निर्माण सामग्रीको उत्खनन् जस्ता विषयको कानूनी आधार तय हुनुपर्ने,

- पूर्व तयारीका कार्यहरु पुरा नभएका, कार्यान्वयनमा अनुचित ढिलाइ भएका, स्थानीय सरोकारवालाको विशेष अवरोध देखापरेका तथा तुलनात्मक रुपमा लाभदायक नदेखिएका आयोजनालाई राष्ट्रिय गौरबको सूचीबाट हटाउन उपयुक्त हुने,
- मूआब्जा वितरण सम्बन्धी व्यवस्था द्रुर्तमार्गबाट गर्नुपर्ने, आयोजना शुरु हुनुपूर्व युटिलिटी सुविधाहरु रिलोकेशन गर्नेगरी सरोकारवाला निकायहरुसँग समन्वय गर्ने
- राष्ट्रिय निकुञ्जभित्र, घना जंगल तथा वस्तिभित्र आयोजना निर्माण गर्दा कार्यान्वयन चरणमा जानुपूर्व नै पर्याप्त आर्थिक सामाजिक तथा वातावरणीय अध्ययन, मुआब्जा वितरणमा मात्र केन्द्रित नभई प्रभावित वस्तिको पुर्नवास तथा पुनस्थापनाको प्रभावकारी नीति तथा कार्यक्रम तय गरेर आयोजनाको लागि आवश्यक रकम विनियोजन गरेर कार्य सम्पादनमा तिव्रता ल्याई प्रभावकारी नतिजामूलक अनुगमनको व्यवस्था गर्नुपर्दछ ।

१२. **रुपान्तरणकारी आयोजना -** कूल गार्हस्थ्य उत्पादनमा योगदान, विषयगत क्षेत्रगत उपलब्धिमा योगदान, रोजगारी सिर्जना, बृहत लाभान्वित जनसंख्या एंव विषय क्षेत्रगत र प्रादेशिक सन्तुलन कायम गर्ने आधारमा स्थानीय तहदेखि नै सबल अर्थतन्त्रको आधार सिर्जना गर्न र प्रादेशिक सन्तुलन कायम गर्दै उच्च आर्थिक वृद्धिदर हासिल गर्न बृहत प्रभावी र विशिष्ट प्रकृतिका आयोजनालाई रुपान्तरणकारी आयोजनाको रुपमा छनौट गरी पन्ध्रौ योजनामा उल्लेख गरिएको छ । रुपान्तरणकारी आयोजनाका लागि आर्थिक वर्ष २०७९।८० मा रु.८३ अर्ब ९१ करोड २० लाख विनियोजन भएको तथा आर्थिक वर्ष २०८०।८१ मा रु.९२ अर्ब २ करोड २३ लाख र आर्थिक वर्ष २०८१।८२ मा रु.८६ अर्ब ४१ करोड ४४ लाख प्रक्षेपण गरिएको छ ।

छनौट गरीएका रुपान्तरणकारी आयोजनाहरुबाट सम्पन्न भए पश्चात ५ वर्षको अवधिमा कुल ग्राहस्थ्य उत्पादनको कम्तिमा ०.५ प्रतिशत वार्षिक औसत बराबरको योगदान हुने, कार्यान्वयन चरणमा कम्तिमा २० हजार प्रत्यक्ष रोजगारी सिर्जना हुने, कार्यान्वयन चरणमा १० लाख र सम्पन्न पश्चात २० लाख जनसंख्या प्रत्यक्ष/अप्रत्यक्ष रुपमा लाभान्वित हुने र प्रादेशिक सन्तुलन कायम हुने लक्ष्य सहित कार्यान्वयन भएकोमा २०७९ मा भएको योजनाको मध्यावधि समिक्षामा यी परिणात्मक लक्ष्यहरु के कति हासिल भए भन्ने सम्बन्धमा विश्लेषण गरिएको छैन । आयोजनागत प्रगति विश्लेषणमा समेत भौतिक प्रगति देहायबमोजिम रहेको छ :

क्रस	आयोजनाको नाम	शुरु वर्ष	सम्पन्न हुनुपर्ने वर्ष	आयोजनाको कुल लक्ष्यको तुलनामा प्रगति प्रतिशत	
				भौतिक	वित्तीय
१	प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना	२०७३।७४	२०८२।८३	८३	७९.७७
२	समृद्धिका लागि बन	२०७७।७८	२०८०।८१	७०	६०.६१
३	जग्गा प्रशासन सुदृढीकरण तथा अनौपचारिक भू-सम्बन्ध कार्यक्रम	२०७७।७८	२०८०।८१	४०	४४.५
४	औद्योगिक पूर्वाधार विकास आयोजना	२०७६।७७	२०८५।८६	उल्लेख	नभएको
५	स्वाथ्य सस्था तथा स्वाथ्य सेवा विस्तार कार्यक्रम	२०७६।७७	२०८०।८१	उल्लेख	नभएको
६	सार्वजनिक विद्यालय सबलीकरण आयोजना	२०७७।७८	२०८०।८१	९७	५८
७	प्राविधिक तथा व्यवसायिक शिक्षा एवंम तालिम कार्यक्रम	२०७६।७७	२०८०।८१	८५	७०

८	राष्ट्रपति महिला सशक्तीकरण कार्यक्रम	२०७६।७७	२०८०।८१	९८	८३
९	माथिल्लो अरुण जलविद्युत आयोजना	२०६७।६८	२०८४।८५	०.९४	०.९४
१०	राष्ट्रिय तथा अन्तरदेशिय प्रशारण लाइन	२०७७।७८	२०८५।८६	उल्लेख	नभएको
११	पूर्व पश्चिम राजमार्ग स्तरोन्नति आयोजना	२०७५।७६	२०८३।८४	उल्लेख	नभएको
१२	गल्छी त्रिशुली मैलुङ स्याफ्रुबेशी रसुवागढी सडक आयोजना	२०७२।७३	२०७८।७९	५२.२	५२.२
१३	प्रादेशिक तथा स्थानीय सडक निमार्ण तथा सुधार कार्यक्रम	२०७६।७७	२०७९।८०	उल्लेख	नभएको
१४	नयाँ शहर विकास आयोजना	२०७२।७३	२०८०।८१	२४.६१	२५
१५	शहरी करिडोर आयोजना	२०७६।७७	२०८४।८५	उल्लेख	नभएको
१६	डिजिटल नेपाल	२०७६।७७	२०८१।८२	४०	४५
१७	राष्ट्रिय परिचय पत्र तथा घटनादर्ता कार्यक्रम	२०७५।७६	२०८१।८२	७७	७२

१२.१. उपरोक्त विवरण अनुसार औद्योगिकरण पूर्वाधार विकास कार्यक्रम, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम र प्रादेशिक तथा स्थानीय सडक आयोजना लगायत ६ आयोजनाले भौतिक तथा वित्तीय प्रगति सरकारको अनलाइन अनुगमन प्रणालीमा प्रविष्टि गरेका छैनन् । बाँकी आयोजनाहरुमा कुल लक्ष्यको तुलनामा ८० प्रतिशतभन्दा वढी प्रगति गर्ने आयोजनाको संख्या ४ रहेको छ भने ५० देखि ८० प्रतिशत प्रगति गर्ने आयोजना सँख्या ३ रहेको छ । पचास प्रतिशतभन्दा कम प्रगति गर्ने आयोजनाको सँख्या ४ रहेको छ । यस सम्बन्धमा देखिएका अन्य व्यहोरा देहायवमोजिम छन्:

१२.१.१. पूर्वाधार क्षेत्र तर्फको माथिल्लो अरुण जलविद्युत आयोजनाको आयोजना तयारी चरण भनी २०६७।६८ देखि २०७८।७९ को अवधि तोकिए पनि विस्तृत इन्जिनियरिङ्ग अध्ययन, आयोजनाको वातावरणीय तथा सामाजिक प्रभावको अध्ययन र जग्गा अधिग्रहण लगायतका आयोजना छनौट पूर्वका कार्यहरु समेत बाँकी रहेका छन् । आर्थिक वर्ष २०७९।८० देखि आयोजना कार्यान्वयन चरणमा जानुपर्नेमा तयारी चरण नै पुरा भएको छैन ।

१२.१.२. गाउँपालिका र नगरपालिका केन्द्र जोडने उद्देश्य रहेको यस योजनाको सातै प्रदेशमा प्रदेश अन्तर्गतका स्थानीय पूर्वाधार विकास कार्यालयबाट प्रादेशिक तथा स्थानीय सडक निमार्ण तथा सुधार कार्यक्रम कार्यान्वयन भइरहेको छ । स्रोत सुनिश्चितता नहुने, सालवसाली रुपमा कार्य सञ्चालन हुने, विस्तृत इन्जिनियरिङ अध्ययन, वातावरणीय परीक्षण गराई परियोजनाको रुपमा विकास गरी वहुवर्षिय ठेक्का लगाउनुपर्नेमा विनियोजित बजेटको आधारमा खण्ड खण्ड आयोजना मार्फत कार्यान्वयन भएको देखिन्छ । आर्थिक वर्ष २०७९।८० सम्म सम्पन्न हुने उल्लेख गरिए पनि सोबमोजिम कार्य प्रगति देखिएको छैन ।

१२.१.३. शहरी करिडोरको अवधारणा अनुरुप निर्धारित क्षेत्रमा शहरी पूर्वाधार विकास गर्ने उद्देश्यले राष्ट्रिय शहरी विकास रणनीति, २०१७ ले पहिचान गरेका कोशी प्रदेश, मधेश प्रदेश, लुम्विनी प्रदेश र सुदुरपश्चिम प्रदेशका ६ वटा करिडोरलाई आयोजनामा समावेश गरिएको छ । पूर्वतयारी विना शुरु गरिएको यस आयोजनामा बुटवल भैरहवा लुम्विनी कपिलवस्तुको डिपिआर तयार गर्न परामर्शदाता छनौटको कार्य भएको छ भने अन्य करिडोरहरुको सम्बन्धमा परामर्शदाता छनौट र लगानीका क्षेत्र पहिचानको लागि अध्ययन भइरहेको उल्लेख छ । रु.६ खर्व ७८ अर्वको अनुमानित लागत रहेको यस आयोजनाको ४ वर्षको अवधिमा कार्यान्वयन जानुपूर्वका चरण समेत पुरा भएका छैनन् ।

१२.१.४. मध्य पहाडी लोकमार्ग (पुष्पलाल लोकमार्ग) र यसका आसपासमा पर्ने प्रमुख १० स्थानहरूमा २०८६।८७ सम्म प्रतिशहर कम्तीमा १ लाख जनसंख्या बसोबास गर्न सक्ने अत्याधुनिक, सेवा सुविधा र

पूर्वाधारयुक्त शहरहरू निर्माण र विकास गर्ने उद्देश्यले २०६६।६७ बाट नयाँ शहर आयोजना सुरु भएकोमा यस आयोजनालाई पन्ध्रौ योजनाले रुपान्तरणकारी आयोजनाको रुपमा प्राथमिकीकरण गरेको छ । शुरुमा पाँचथरको फिदिमसहित १० स्थानहरू छनौट गरी कार्यक्रम शुरु गरिएकोमा २ स्थान थप भई १२ पुगेको छ। हुलाकी राजमार्ग र आसपासका १५ स्थान, स्मार्ट शहरको रुपमा विकास गर्ने विभिन्न १३ शहर र लुक्ला सहित उच्च हिमाली भागमा रहेका १० बस्तीहरूलाई ट्रान्स हिमालयन सीटीका रुपमा विकास गर्ने कार्यक्रम समेत नयाँ शहर आयोजनामा नै थप भएको छ । सुरुमा १० शहरबाट शुरु भएको कार्यक्रममा शहर र बस्तीहरू थप भई ५४ कायम भएको छ । शुरुमा मध्य पहाडी लोकमार्गको १० स्थानमा शुरु गरिएको यस आयोजना लाई पर्याप्त अध्ययन र तयारी बिना क्षेत्र विस्तार गरी हाल ४४ स्थानमा थप गरिएको छ । शुरु गरिएका आयोजनाको कार्य सम्पन्न नहुँदै नयाँ आयोजनाहरु थप गदै जाँदा स्रोत साधनको अभाव हुने, निर्माण कार्य अधुरो रहने तथा तोकिएको समयमा आयोजना सम्पन्न नहुने जोखिम देखिन्छ । आयोजनाको प्राथमिकीकरण गरी तोकिएका आयोजनाहरुको कार्य सम्पन्न पश्चात मात्र अन्य नयाँ आयोजना थप गर्नु उपयुक्त हुन्छ ।

- यस आयोजना अन्तर्गतका मौलापुर रौतहट र गौरीगञ्ज झापालाई नयाँ शहर अन्तर्गत र स्मार्ट सिटी अन्तर्गत वर्गीकरण गरी दोहोरो वर्गीकरण गरेको देखिन्छ। जसले गर्दा नयाँ शहर वा स्मार्ट सिटी कुन अन्तर्गत वर्गीकरण गरिएको हो सो नै अस्पष्टता रहेको देखिन्छ ।
- नयाँ शहर आयोजनाको पूँजीगततर्फ रु.८ अर्व १५ करोड बजेट विनियोजन भएकोमा रु.६ अर्व ३८ करोड खर्च भएकोमा आर्थिक वर्ष २०७८।७९ मा सञ्चालित ६५ वटा कार्यक्रममध्ये १९ वटाको शून्य वित्तीय प्रगति भएको, २ वटाको २० प्रतिशत प्रगति ४ वटाको ३० प्रतिशत २ वटाको ३३ प्रतिशत प्रगति २ वटाको ५० प्रतिशत प्रगति २ वटाको ६७ प्रतिशत प्रगति र ३४ वटाको शतप्रतिशत प्रगति भएको विवरणबाट देखिन्छ।रुपान्तरणकारी आयोजना भनी वर्गीकरण गरेपनि कार्यान्वयन प्रगति भने सन्तोषजनक देखिएन ।

१२.१.५. डिजिटल पूर्वाधार तथा प्रविधिको विकास एवंम विस्तार गरी अर्थतन्त्रमा संञ्चार तथा सूचना प्रविधिको योगदान बढाउने र सुशासन प्रबर्द्धन गर्ने लक्ष्यका साथ डिजिटल नेपाल रुपान्तरणकारी आयोजनाको रुपमा २०७६।७७ देखि कार्यान्वयनमा आएको छ । नेपालको आफ्नै भू.उपग्रह स्थापना हुने सूचना महामार्ग अन्तरर्गत ६९०० किमि अप्टिकल फाइबर नेटवर्क निर्माण भएको हुने र ५५ प्रकारका सार्वजनिक सेवा विद्युतीय प्रणालीबाट सञ्चालन भएको हुने लक्ष्य लिएको यस आयोजनामा अन्तरनिकाय समन्वय अभावको साथै कार्यान्वयनका लागि छुट्टै समर्पित निकाय नहुँदा तोकिएका लक्ष्यहरुको प्रभावकारी कार्यान्वयनमा समस्या देखिएको छ । डिजिटल नेपाल फ्रेमवर्क उल्लिखित ८० पहलहरुलाई सम्बन्धित विभिन्न निकायले प्राथामिकताका साथ वार्षिक कार्यक्रममा समावेश नगरेकोले डिजिटल नेपालका लक्ष्यहरु कार्यान्वयनमा ढिलाइ भएको छ।

१२.१.६. बहुउपयोगी र प्रविधियुक्त एकीकृत राष्ट्रिय परिचयपत्रको माध्यमबाट नागरिक पहिचान कायम गदै शान्ति सुब्यवस्था र सार्वजनिक सेवा प्रवाहमा प्रभावकारिता ल्याउनुका साथै व्यक्तिगत घटनादर्ता प्रणालीलाई राष्ट्रिय परिचय ब्यवस्थापन सूचना प्रणालीमा आवद्ध गर्ने उद्देश्य रहेको छ । राष्ट्रिय परिचय पत्र तथा घटना दर्ता कार्यक्रम २०७८।७९ सम्म सम्पन्न गर्ने लक्ष्य लिएकोमा २०७९ असारसम्म ८० लाख ७५ हजार ४६ नागरिकको वायोमेट्रिक विवरण सङ्कलन भएकोमा छपाइको कार्य ढिलाइ हुँदा १ लाख १७ हजार २५ नागरिकलाई मात्र राष्ट्रिय परिचय पत्र वितरण भएको छ । आयोजना छनौट चरणमै प्रणाली खरिद, कार्ड खरिद तथा छपाइ कार्यसँगै नहुँदा कार्ड छपाई र वितरण ढिला हुन पुगेको छ ।

१३. **आयोजनाको वर्गीकरण** – आयोजनाको वर्गीकरण स्पष्ट मापदण्डको आधारमा गरी आयोजनाको आकार, प्रकृति र अपेक्षित नतिजा समेत विचार गरी कार्यान्वयन संरचना र अनुगमन निरीक्षणको व्यवस्था गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका ब्यहोरा देहायबमोजिम छन् :

१३.१. पन्ध्रौ योजनाले रुपान्तरणकारी आयोजना नामाकरण गरी १८ वटा आयोजनालाई रुपान्तरणकारी आयोजनाको रुपमा उल्लेख गरेपनि उपरोक्त आयोजना कुन कुन सूचकांकको आधारमा रुपान्तरणकारी आयोजनामा वर्गीकरण गरिएको हो उल्लेख गरिएको छैन् । के कस्तो मापदण्ड पुरा भएमा रुपान्तरणकारी आयोजना हुने, रुपान्तरणकारी आयोजना, राष्ट्रिय गौरबका आयोजना र अन्य आयोजनामा के फरक हुने, कार्यान्वयन मोडालिटीमा के कस्तो भिन्नता हुने भन्ने विषय प्रष्ट छैन् । रुपान्तरणकारी आयोजनाको वर्गिकरण तथा प्राथमिकीकरणका वस्तुगत सूचक र कानूनी आधार तयार गरिएको छैन । समृद्धिका लागि वन, जग्गा प्रशासन सुदृढीकरण तथा अनौपचारिक भू-सम्बन्ध ब्यवस्थापन कार्यक्रम, प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम, सार्वजनिक विद्यालय सबलीकरण आयोजना, राष्ट्रपति महिला सशक्तिकरण परियोजना, डिजिटल नेपाल आयोजना लगायतका विभिन्न निकाय तथा तहबाट कार्यान्वयन हुने सालवसाली प्रकृतिका विगत देखि कुनै न कुनै रुपमा संचालित आयोजनाहरु समेत रुपान्तरणकारी आयोजनामा समाबेश रहेका छन् । रुपान्तरणकारी आयोजनाको प्राथमिकीकरण सम्बन्धी कानूनी आधार, वस्तुगत तथा मापनयोग्य सूचक तय हुनुपर्दछ ।

१३.२. रुपान्तरणकारी आयोजना प्राथमिकीकरण गर्दा पन्धौ योजनाले कुल ग्राहस्थ्य उत्पादनमा योगदान हुने, विषय क्षेत्रगत उपलब्धिमा योगदान हुने, रोजगारी सिर्जना हुने र प्रादेशिक सन्तुलन समेत कायम हुने आयोजनाहरु छनौट गरी सूचीकृत गरिएको उल्लेख छ भने आर्थिक सामाजिक विकासमा महत्वपूर्ण योगदान पुर्‍याउने बृहत्त पूर्वाधार निर्माण र संस्कृति तथा वातावरण संरक्षण सम्बन्धी रणनीतिक महत्वका आयोजनालाई राष्ट्रिय गौरबका आयोजनाका रुपमा छनौट गरिएको उल्लेख छ । आयोजनाहरुको प्रकृति हेर्दा राष्ट्रिय गौरबका आयोजनाहरु मुलतः भौतिक पूर्वाधार विकासमा केन्द्रित देखिन्छन भने रुपान्तरणकारी आयोजना विषय क्षेत्रगत आयोजनाका साथै स्वाथ्य, शिक्षा, प्रविधि लगायत सेवा क्षेत्रमा समेत केन्द्रित भएको देखिन्छ । राष्ट्रिय गौरबका आयोजना रुपान्तरणकारी आयोजना र राष्ट्रिय प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजना निर्धारण गर्ने सम्बन्धमा कानूनी आधार र मापदण्ड स्पष्ट छैन ।कतिपय आयोजना राष्ट्रिय गौरबको हुनुपर्ने वा रुपान्तरणकारी सोको स्पष्ट मापदण्ड नहुँदा प्राथमिकीकरणमा द्विविधा रहेको देखिन्छ । यस सम्बन्धमा केही उद्दाहरण निम्न छन् :

१३.२.१. सुनकोशी मरिन डाईभर्सन बहुउद्देश्यीय आयोजना पन्ध्रौं योजनामा रुपान्तरणकारी आयोजनाको रुपमा प्राथमिकीकरण गरिएकोमा पछि मन्त्रिपरिषदबाट २०७६।१०।६ मा राष्ट्रिय गौरबको आयोजनाको रुपमा प्राथमिकीकरण गरिएको छ।

१३.२.२. वुढी गण्डकी, पश्चिम सेती र माथिल्लो तामाकोशी जलविद्युत्त आयोजना राष्ट्रिय गौरबका आयोजनामा प्राथमिकीकरण गरिएको छ भने सोही प्रकृतिको माथिल्लो अरुण जलविद्युत आयोजना रुपान्तरणकारी आयोजनाको रुपमा सूचीकृत छ ।

१३.२.३. विद्युत प्रशारण आयोजना (मिलेनियम च्यालेन्ज एकाउण्ट नेपाल) राष्ट्रिय गौरबको आयोजनामा सूचीकृत हुँदा सोही एम.सि.सि. फन्डबाट स्रोत परिचालन भई सञ्चालन हुने आयोजना सहित अन्य आयोजना समाबेश भएको राष्ट्रिय तथा अन्तरदेशीय प्रशासरण लाइन कार्यक्रमहरु रुपान्तरणकारी आयोजनाको रुपमा सूचीकृत छन ।

१३.२.४. पूर्वाधारतर्फका उत्तर-दक्षिण जोडने कोशी, कालिगण्डकी र कर्णाली कोरीडोर, पूर्व-पश्चिम जोडने मध्यपहाडी, मदन भण्डारी तथा हुलाकी लोकमार्ग लगायतका ठूला सडक पूर्वाधार राष्ट्रिय गौरबका आयोजनाको रुपमा प्राथमिकीकरण गरिएको छ भने पूर्व-पश्चिम राजमार्ग स्तरोन्नति आयोजना, गल्छी–त्रिशुली-मैलुङ-स्याफ्रुबेशी.रसुवागढी सडकआयोजना र प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम रुपान्तरणकारी आयोजनाको रुपमा प्राथमिकीकरण गरिएको छ ।

आयोजनाको वर्गीकरण र प्राथमिकीकरण गर्दा स्पष्ट वस्तुगत सूचक तयार गरी रुपान्तरणकारी आयोजनामा र राष्ट्रिय गौरबका आयोजनाको वीचका मौलिक भिन्नताहरु के हुने स्पष्ट मापदण्ड निर्धारण हुनुपर्दछ। कूल ग्रार्हस्थ्य उत्पादनमा योगदान दिने, रोजगारी सिर्जना गर्ने र प्रादेशिक सन्तुलन कायम गर्दै ठूलो जनसँख्या लाभान्वित हुने गौरबका आयोजनाहरु समेत रुपान्तरणकारी आयोजनामा सूचीकृत गर्न सकिन्छ भने सीमित भूगोल र जनसँख्या लाभान्वित हुने, आयोजना स्वरुपमा सञ्चालन गर्न नसकिने र साल वसाली प्रकृतिका कार्यक्रमलाई रुपान्तरणकारी आयोजना नभई राष्ट्रिय प्राथामिकता प्राप्त आयोजनामा मात्र सीमित गर्नुपर्दछ । छनौट पूर्वका तयारी पुरा गरेका, स्रोत सुनिश्चितता भएका, कार्यान्वयनमा शीघ्रता, प्रभावकारी अनुगमन तथा मूल्याङ्कनबाट समयमै सम्पन्न गरी राष्ट्रिय गौरब र रुपान्तरणकारी आयोजनाको औचित्यता पुष्टी गर्नतर्फ ध्यान दिनुपर्दछ ।

१४. **कार्यान्वयन संरचना -** आयोजनाको रुपमा सञ्चालित कार्यक्रमको स्पष्ट कार्यदिशा, कार्यान्वयन संयन्त्र, छुट्टै कार्यक्रम तथा बजेट हुनुपर्नेमा मन्त्रालय अन्तर्गतका तहगत संरचना, प्रदेश अन्तरर्गतका संरचना र स्थानीय तह मार्फत छरिएर बजेट खर्च हुने गरेकोले घोषित लक्ष्य र उद्देश्य बमोजिमको नतिजा प्राप्ति एवं सोको एकीकृत अभिलेखन नहुने, प्रभावकारी अनुगमन तथा मूल्याङ्कन नहुने समस्या देखिएका छन् । रुपान्तरणकारी आयोजना मध्येका समृद्धिका लागि विभिन्न डिभिजन वन कार्यालय तथा जलाधार व्यवस्थापन केन्द्र मार्फत, जग्गा प्रशासन सुदृढीकरण भूमि व्यवस्था विभाग, नापी विभाग र सो अन्तर्गतका कार्यालय मार्फत स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा विस्तार कार्यक्रम संघ प्रदेश तथा स्थानीय तह अन्तर्गतका अस्पताल तथा स्वास्थ्य कार्यालय मार्फत, सार्वजनिक विद्यालय सबलीकरण आयोजना शिक्षा समन्वय इकाई तथा स्थानीय सरकार मार्फत कार्यान्वयनमा गएको छ । तसर्थ रुपान्तरणकारी आयोजना भनिए पनि छुट्टै कार्यक्रम बजेट तथा कार्यान्वयन सयन्त्र नहुँदा अन्य कार्यक्रमभन्दा भिन्न र प्रभावकारी हुन सकेका छैनन् । निश्चित सूचक र कार्यान्वयन गर्ने संयन्त्र तोकेर यस्ता आयोजना सञ्चालन गर्नुपर्दछ।

१५. **आयोजनाहरुको वार्षिक माइलस्टोन -** आर्थिक वर्ष २०७८।७९ मा राष्ट्रिय गौरवका २४, रुपान्तरणकारी १८ र अन्य राष्ट्रिय महत्वका २१ गरी कूल ६३ आयोजनाहरुलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको एकीकृत अनलाईन प्रणालीमा प्रविष्टि गरिएको देखिन्छ । प्राप्त विवरणको आधारमा ६३ मध्ये ३ आयोजनाको (माथिल्लो तामाकोशी, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा क्षेत्रीय अन्तराष्ट्रिय विमानस्थल) सम्पूर्ण कार्यहरु भइसकेको र बाँकी ५८ आयोजनाहरुले २०७८।७९ मा सम्पन्न गर्नुपर्ने ८७१ माइलस्टोनमध्ये ३४१ अर्थात ३९.१५ प्रतिशत माइलस्टोन सम्पन्न भएका छन् । बाँकी माइलस्टोनमध्ये ३५९ मा काम भइरहेको र १७१ वटा माइल स्टोन सोही आर्थिक वर्षमा सम्पन्न हुनुपर्नेमा सुरु नै नभएको उल्लेख छ ।

माइल स्टोन शुरु हुन नसक्न का कारणहरु			
कारण	सख्या	कारण	सख्या
स्रोत सुनिश्चिता नभएको	११	वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत नभएको	१
सुचना प्रकासनमा ढिलाई	५	जनशक्ति अभाव	४

सम्झौता हुन नसकेको	७	जग्गा प्राप्तिमा समस्या	४
खरिद प्रकियामा ढिलाई	१९	अध्ययन/सर्वेक्षण पूरा नभएको	१६
पूर्व तयारी पूरा नभएको	८	ठेक्का सम्झता बाँकी	३
राय/सहमति प्राप्त नभएको	४	समन्वय अभाव	३
स्थानीय निर्वाचन	१	निर्णय हुन बाँकी	३
नीति निर्माण भइनसकेको	४	स्थानीय अवरोध	१
कारण नखुलेको	७७		
माइलस्टोन कुल संख्या	१७१		

माइलस्टोन काम शुरु हुन नसक्नु तथा आयोजनाहरु समयमै सम्पन्न हुन नसक्नुको कारण हेर्दा कार्यान्वयन चरणमा भन्दा पनि पूर्व तयारी सँग सम्बन्धित कार्यहरु पुरा नहुनु प्रमुख कारणको रुपमा देखिएको छ । आर्थिक वर्षको प्रारम्भमै गर्नुपर्ने कार्यहरु सम्भाव्यता अध्ययन सर्वेक्षण गर्ने, वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने, स्रोत सुनिश्चितता प्राप्त गर्ने, वार्षिक खरिद योजना बनाउने, बोलपत्र सम्बन्धी कागजात तयार गर्ने, जग्गा प्राप्ति गर्ने जस्ता पूर्व तयारीका कार्यहरु हुन नसकेकोले कार्यक्रमहरु समयमै सम्पन्न हुन सकेको देखिएन । पूर्व तयारीका काम समेत सम्पन्न नगरी आयोजना छनौट गर्ने र राष्ट्रिय प्राथामिकता प्राप्त आयोजना, राष्ट्रिय गौरबका आयोजना र रुपान्तरणकारी आयोजना भनी प्राथमिकीकरण गर्ने अभ्यासले गर्दा आयोजनाको कार्यान्वयन प्रक्रियामा अनावश्यक ढिलाई हुने गरेको देखिन्छ ।

विस्तृत अध्ययन सर्वेक्षण, लागत लाभ विश्लेषण, जग्गा प्राप्ति, स्रोत सुनिश्चितता, ईआइए, आईईलगायत पूर्व तयारीका कार्य सम्पन्न भएका र आयोजना बैङ्कमा सूचीकृत आयोजना मात्र छनौट गरी कार्यान्वयनमा लैजानु पर्दछ ।

१६. **आयोजना बैङ्क -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १७ मा आयोजना वर्गीकरण तथा आयोजना बैंक सम्बन्धी व्यवस्था गरिएको छ । संघ, प्रदेश तथा स्थानीय तहमा नेपाल सरकारले सञ्चालन गर्ने आयोजनाको वर्गीकरण योजना आयोगको सिफारिसमा नेपाल सरकारले गर्ने, राष्ट्रिय योजना आयोगमा राष्ट्रियस्तरको एक आयोजना बैङ्क रहने, उक्त बैङ्कमा योजना आयोगले तोकेको मापादण्डका आधारमा रही सम्बन्धित मन्त्रालयले आयोजना प्रविष्टि गराउनु पर्ने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २४ मा आयोजना वर्गीकरण गर्ने आधार तथा मापदण्ड योजना आयोगको सिफारिसमा नेपाल सरकारबाट स्वीकृत भएवमोजिम हुने, नियम १७ मा आयोजनाको विवरण राष्ट्रिय आयोजना बैंकमा समावेश गर्न योजना आयोग र अर्थ मन्त्रालयमा पठाउनुपर्ने,नियम २६ मा राष्ट्रिय योजना आयोगले आयोजना बैङ्क सम्बन्धी मापदण्ड बमोजिम आयोजनाको प्राथमिकीकरण वा पुनः प्राथामिकीकरण गरी मन्त्रालयगत प्राथामिकता सूचीको आधारमा राष्ट्रिय आयोजना बैंकमा आयोजना प्रविष्टि गर्ने, राष्ट्रिय आयोजना बैंकमा समावेश नभएको आयोजनाको लागि बजेट विनियोजन गर्न नपाइने व्यवस्था छ ।

१६.१. उल्लिखित व्यवस्था अनुसार आयोजना कार्यान्वयनको लागि निर्धारित मापदण्डको आधारमा आयोजना प्रविष्टिका लागि आयोगले राष्ट्रिय आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली तयार गरी २०७९।११।७ सम्ममा विभिन्न ३४ संघीय मन्त्रालय तथा निकायका कुल ७ हजार २ सय १५ आयोजना उक्त प्रणालीमा सूचीकृत भएकोमा ५८१४ आयोजना कार्यान्वयन चरण, ९७७ आयोजना पहिचान चरण र ४२४ आयोजना मूल्याङ्कन, छनौट तथा प्राथमिकीकरण चरणमा रहेको देखिन्छ ।

१६.२. कूल आयोजना ७२१५ मध्ये प्राथामिकता १ का आयोजना ३९७२ प्राथामिकता २ का आयोजना ६६७ रुपान्तरणकारी आयोजना ४३ र राष्ट्रिय गौरबका आयोजना ४१ र अन्य २२ रहेका छन् । रुपान्तरणकारी र राष्ट्रिय गौरबतर्फका मूल आयोजनाका उपआयोजनाहरु समेत अलग्गै प्रविष्टि गरिएको कारण आयोजना संख्या बढेका छन् ।

१६.३. क्षेत्रगत रुपमा हेर्दा सबैभन्दा बढी पूर्वाधार क्षेत्रमा ४७६८ वटा आयोजना छन् भने सबैभन्दा कम आर्थिक क्षेत्रमा १२५ आयोजना रहेका छन् । मन्त्रालयगत रुपमा हेर्दा सबैभन्दा वढी भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गतका ३९५४ आयोजना, शहरी विकास मन्त्रालय अन्तर्गत १९९३ आयोजना, खानेपानी मन्त्रालय अन्तरर्गत ५१२ आयोजना र उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय अन्तर्गत ४७४ आयोजना रहेका छन् । आयोजना बैङ्कमा प्रविष्टी गरेका २३ मन्त्रालयमध्ये शीर्ष चार मन्त्रालयका मात्र कुल ६८३३ अर्थात ९५.३९ प्रतिशत आयोजना रहेका छन् ।

१६.४. आयोजनाको पहिचान, छनौट र प्राथमिकीकरणको मापदण्ड विकास गरी विधि सहितको राष्ट्रिय आयोजना बैंक राष्ट्रिय योजना आयोगमा रहने व्यवस्था भए अनुसार संस्थागत संरचना स्थापना गरिएकोले कार्यान्वयनमा रहेका र नयाँ आयोजनाहरूको विवरण राष्ट्रिय योजना बैंक व्यवस्थापनसूचना प्रणाली (National Project Bank Management Information System) प्रविष्टि गरे पश्चात मात्र बजेट विनियोजन गर्नुपर्नेमा सो को प्रभावकारी र पूर्ण पालना हुन सकेको छैन् । प्रणालीमा प्रविष्टि गरिएका आयोजनाहरुको ९१ प्रतिशतभन्दा वढी आयोजनाको ड्राफ्ट स्थितमा देखिएकोले मूल्याङ्कन र स्वीकृतिको कार्य प्रभावकारी रुपमा अगाडि बढन सकेको देखिएन।

१६.५. आयोजना बैङ्कमा प्रविष्टि भएका आयोजनाको विवरण अपुरो मात्र हैन आधिकारीक दस्ताबेज संलग्न नगरी राखिएकोले अपुष्ट समेत रहेका छन् । धेरै आयोजनाको पूर्व तयारीका चरणको बारेमा कुनै उल्लेख नगरिएको, प्राथमिकीकरणको लागि अङ्क तालिकामा अङ्क प्रविष्टि गर्नुपर्नेमा प्रविष्टि नभएको, धेरै आयोजनाहरुको आर्थिक, वित्तीय र सामाजिक सूचाङ्कहरु प्रविष्टि नभएको, आयोजना छनौटका आधार र त्यसलाई समर्थन गर्ने कागजातहरु नभएकोले उक्त आयोजना बैङ्कबाट आयोजनाको पूर्ण विवरण हासिल गर्न सकिने अवस्था देखिएन ।

१७. **आयोजनाको वितरण** - वर्तमान संविधानको राज्यको नीति अन्तर्गतधारा ५१(च)(१) को विकास सम्बन्धी नीतिले मुलुकको क्षेत्रीय सन्तुलन सहितको समावेशी आर्थिक विकासको लागि प्राथमिकताको आधारमा भौतिक पूर्वाधारको विकास गर्नेमा जोड दिनुपर्ने उल्लेख छ । सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ७(ज) मा मुलुकको सार्वजनिक प्रशासन सञ्चालन गर्दा नेपाल सरकारले अख्तियार गर्ने नीतिहरु अन्तर्गत दुर्गम क्षेत्रको विकास तथा सन्तुलित क्षेत्रीय विकासलाई आधार लिईने उल्लेख छ । राष्ट्रिय मध्यककालीन खर्च संरचना तर्जुमा दिग्दर्शन २०७८ ले क्षेत्रीय समाबेशीकरणलाई आयोजना प्राथामिकीकरणको आधारमा समावेश गरी अङ्क प्रदान गर्ने व्यवस्था समेत गरेको छ । यस सन्दर्भमा मिति २०७९।११।७ सम्म राष्ट्रिय आयोजना बैङ्क व्यवस्थापन प्रणालीमा प्रविष्टि भएका आयोजनाहरुको क्षेत्रगत विश्लेषणबाट देखिएका व्यहोराहरु देहायबमोजिम छन :

१७.१. देशव्यापी योजना वितरणको विवरणलाई विश्लेषण गर्दा प्रदेशगत रुपमा सबैभन्दा बढी बागमती प्रदेशमा १६८१ र सबैभन्दा कम कर्णाली प्रदेशमा ७०८ आयोजना रहेको देखिन्छ । जिल्लागत रुपमा बढी काठमाण्डौ जिल्लामा सबैभन्दा बढी ४१७ योजना रहेको देखिन्छ भने सबैभन्दा कम सल्यान जिल्लामा

२६ योजना रहेको देखिन्छ । उक्त प्रणाली अनुसार धनुषा, नवलपरासी पूर्व, नवलपरासी पश्चिम, रुकुमपूर्व, रुकुम पश्चिम र दाङ्ग समेत ६ जिल्लाका कुनै पनि आयोजना प्रविष्टि भएको देखिएन ।

जिल्लागत रुपमा सबैभन्दा बढी र कम योजना भएका १० जिल्लाको विवरण

बढी योजना भएको १० जिल्लागत विवरण		प्रदेशगत प्रतिशत	सबै योजनाको प्रतिशत	कम योजना भएको १० जिल्लागत विवरण		प्रदेशगत प्रतिशत	सबै योजनाको प्रतिशत
काठमाण्डौ	४१७	२४.८६	५.२५	सल्यान	२६	३.६८	०.३३
झापा	२३७	१५.२७	२.९९	मनाङ्ग	२७	२.९९	०.३४
मोरङ्ग	२२१	१४.२४	२.७९	मुस्ताङ्ग	३२	३.५४	०.४०
चितवन	२०५	१२.२५	२.५९	म्याग्दी	३२	३.५४	०.४०
रौतहत	१८२	१५.३१	२.२९८	डोल्पा	३६	३.२६	०.४५
कास्की	१७३	१९.०५	२.१७	रसुवा	३६	२.१५	०.४५
सुर्खेत	१७२	२४.२२	२.१५९	रोल्पा	३८	३.४४	०.४८
रुपन्देही	१६७	१५.१३	२.१०	बाजुरा	४१	५.१८	०.५१
कैलाली	१६४	२०.७३	२.०७	मुगु	४१	५.८	०.५१
सर्लाही	१५६	१३.१२	१.९७	कालिकोट	४४	६.२३	०.५६

स्रोत विश्लेषण : राष्ट्रिय योजना आयोग (NPBMIS)

मुलुकको सन्तुलित क्षेत्रीय विकास हुने तवरले आयोजनाको छनौट एवं वितरण गर्नेतर्फ सम्बन्धित निकायको ध्यान केन्द्रित हुनुपर्दछ ।

१८. **खर्चको घनत्व** - संघीय सरकारको ट्रेजरी एकल खाताबाट प्राप्त खर्चको विवरण अनुसार २०७८।७९ मा भएको कूल खर्च रु.१३ खर्बमध्ये संघीय राजधानी काठमाडौं बाहेक सबैभन्दा बढी खर्च हुने १० जिल्लाको विवरण देहाय अनुसार देखिन्छ :

तपसिल

जिल्ला	खर्चको विवरण (रु. लाखमा)
मोरङ्ग	४०१९७४
रुपन्देही	३५६८७२
धनुषा	३४३४१२
कैलाली	३३७६६२
सुर्खेत	३०४८६९
भक्तपुर	३०४०६७
मकवानपुर	२९२५२६
कास्की	२८३१२२
ललितपुर	२२७६२०
झापा	२२०७८८

संघीय राजधानी समेत रहेको र सबै मन्त्रालय तथा सो अन्तरर्गतका विभागहरुको खर्च समेत काठमाण्डौ अन्तरर्गतका कोष तथा लेखा नियन्त्रक कार्यालय तथा भुक्तानी केन्द्रहरुबाट निकासा हुने हुँदा काठमाडौ जिल्लाको कूल खर्च रु.४ खर्व ७२ अर्व ८३ करोड ४९ लाख अर्थात कुल खर्चको ३६ प्रतिशत हुन आउछ । त्यसैगरी उपत्यका वाहिर सबैभन्दा वढी बजेट खर्च हुने जिल्लामा मोरङको रु.४० अर्व १९ करोड ७४ लाख अर्थात ३.०६ प्रतिशत रुपन्देहीको रु.३५ अर्व ६८ करोड ७२ लाख अर्थात

२.७२ प्रतिशत, धनुषा जिल्लाको रु.३४ अर्ब ३४ करोड १२ लाख अर्थात २.६२ प्रतिशत, कैलाली जिल्लाको रु.३३ अर्ब ७६ करोड ६१ लाख अर्थात २.५७ प्रतिशत र सुर्खेत जिल्लाको रु.३० अर्ब ४८ करोड ६९ लाख अर्थात २.३२ प्रतिशत रहेको छ । जिल्लागत खर्चको विस्तृत विवरण अनुसूची-१ मा संलग्न गरिएको छ ।

१८.१. २०७८।७९ मा संघीय सरकारबाट भएको पूँजीगत खर्च रु.२ खर्ब १६ अर्ब २१ करोड मध्ये सबैभन्दा बढी र सबैभन्दा कम पूँजीगत खर्च भएका १० जिल्लाको विवरण देहाय बमोजिम रहेको देखिन्छ ।

तपसिल

बढी पूंजीगत खर्च भएका १० जिल्ला	खर्चको विवरण (रु. लाखमा)	कम पूंजीगत खर्च भएका १० जिल्ला	खर्चको विवरण (रु. लाखमा)
ललितपुर	८७९४५	रुकुम पूर्व	६७८
झापा	७६७३३	डोल्पा	७५१
गोरखा	७३५४०	मनाङ्ग	८०२
बाँके	६५४४७	रसुवा	१२५७
पर्सा	६५०२७	डडेलधुरा	१६५९
कैलाली	६०१२८	सोलुखम्बु	१६९५
धनुषा	५७५९७	कालिकोट	१६९५
मोरङ्ग	५५०००	भोजपुर	१७७८
सुनसरी	५२३३२	सल्यान	१७८२
चितवन	५०२४७	मुगु	१८०८

संघीय सरकारबाट भएको पूँजीगत खर्चमध्ये उपरोक्त तालिकमा समावेश नभएको संघीय राजधानी काठमाडौंको पूँजीगत खर्च रु.६० अर्ब २७ करोड ९५ लाख अर्थात कूल पूँजीगत खर्चको २७.८७ प्रतिशत रहेको छ भने काठमाडौ बाहेक अन्य जिल्लामध्ये सबैभन्दा वढी पूँजीगत खर्च ललितपुरको रु.८ अर्ब ७९ करोड ४५ लाख अर्थात ४.०६ प्रतिशत, झापाको रु.७ अर्ब ६७ करोड ३३ लाख अर्थात ३.५४ प्रतिशत, गोरखाको रु.७ अर्ब ३५ करोड ४० लाख अर्थात ३.४० प्रतिशत, वाँकेको रु.६ अर्ब ५४ करोड ४७ लाख अर्थात ३.०२ प्रतिशत र पर्साको रु.६ अर्ब ५० करोड २७ लाख अर्थात ३ प्रतिशत रहेको छ ।

१८.२. संघीय सरकारबाट सबैभन्दा न्यून पूँजीगत खर्च रहेको जिल्लामध्ये रुकुम पूर्वको रु.६ करोड ७८ लाख अर्थात ०.०३१ प्रतिशत, डोल्पाको रु.७ करोड ५१ लाख अर्थात ०.०३४ प्रतिशत, मनाङको रु.८ करोड २ लाख अर्थात ०.०३७ प्रतिशत, रसुवाको रु.१२ करोड ५७ लाख अर्थात ०.०५८ प्रतिशत र डडेलधुराको रु.१६ करोड ५९ लाख अर्थात ०.०७८ प्रतिशत रहेको छ । यस सम्बन्धी विस्तृत विवरण अनुसूची-२ मा संलग्न गरिएको छ । आयोजना छनौट तथा बजेट विनियोजन गर्दा क्षेत्रीय सन्तुलन तथा समावेशीकरणलाई समेत ध्यान दिनुपर्दछ ।

१९. **बजेट प्रस्ताव तथा विनियोजन** - आर्थिक वर्ष २०७६।७७ देखि २०७८।७९ सम्मको पन्धौ योजनाले तय गरेका रणनीतिक स्तम्भका आधारमा विकास कार्यक्रमको विनियोजित बजेट देहायबमोजिम रहेको छ :

(रकम रु. लाखमा)

रणनीतक स्तम्भ	रणनीति	(२०७६।७७)			(२०७७।७)			(२०७८।७९)		
		आयोजना संख्या	बजेट	प्रतिशत	संख्या	बजेट	प्रतिशत	संख्या	बजेट	प्रतिशत
१	तीव्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धि	२९	२५१५४२५	३७.७	३४	९३०४५६	१६.१	३४	१०६३६०५	१६.६
२	सुलभ तथा गुणस्तरीय स्वास्थय सेवा र शिक्षा	५७	६९२०७६	१०.४	६८	९८९७४१	१७.१	६९	१४०९८२८	२२.१
३	आन्तरिक तथा अन्तरदेशीय अन्तरआबद्धता एंव दिगो शहर	८७	२२६६१९८	३३.९	८२	२१११११२०	३६.५	८६	२१३६५१२	३३.४
४	उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि	७३	५८३१३९	८.७	६८	५३३२०५	९.२	६९	६९४३१६	१०.९
५	पूर्ण, दिगो र उत्पादनशील सामाजिक सुरक्षा तथा संरक्षण	६	१२२८९०	१.८	५	१५६८३८	२.७	५	१३१३४१	२.१
६	गरिबी निवारण र आर्थिक सामाजिक समानता सहितको न्यायपूर्ण समाज निर्माण	१६	५०४०८	०.८	१५	३०९३७	०.५	१४	३२१०८	०.५
७	प्राकृतिक स्रोतको संरक्षण र परिचालन तथा उत्थानशीलताको विकास	२८	२५०८३४	३.८	२८	८४१४३५	१४.५	२९	७११७७७	११.१
८	संघीय शासन प्रणालीको सुदृढीकरण र सार्वजनिक सेवाको प्रभावकारिता अभिवृद्धि	२९	१९९२७७	३.०	२४	१९७२५२	३.४	२५	२१२३९०	३.३
	जम्मा:	३२६	६८८०२४७	१००	३२४	५७९०९८४	१००	३३१	६३९१८७७	१००

१९.१. उपरोक्त रणनीति स्तम्भका आधारमा आर्थिक वर्ष २०७८।७९ मा सबैभन्दा बढी बजेट आन्तरिक तथा अन्तरदेशीय अन्तरआबद्धता एवं दिगो शहर रणनीतिमा ३३.४ प्रतिशत विनियोजन भएको छ भने सबैभन्दा कम बजेट गरिबी निवारण र आर्थिक सामाजिक समानता सहितको न्यायपूर्ण समाज निर्माण स्तम्भमा ०.५ प्रतिशत मात्र विनियोजन भएको छ । आयोजनाको संख्यात्मक रुपमा हेर्दा सबैभन्दा बढी ८६ आयोजना आन्तरिक तथा अन्तरदेशीय अन्तरआबद्धता एवं दिगो शहर रणनीतिमा छन् भने सबै भन्दा कम ५ आयोजना सामाजिक सुरक्षा तथा संरक्षणमा रहेका छन् । तीन वर्षको अवधिमा समेत रणनीतिक स्तम्भ ३ मा सबैभन्दा वढी बजेट विनियोजन गरिएको छ।

१९.२. पन्ध्रौ योजनाको मध्यवाधि समिक्षा प्रतिवेदन अनुसार निरपेक्ष गरिबीको रेखामुनी रहेको जनसंख्या ९.५ प्रतिशत पुर्‍याउने लक्ष्य रहेकोमा १८.७ प्रतिशत कायम रहेको, साक्षरता दर ९५ प्रतिशत पुर्‍याउने लक्ष्य रहेकोमा ६२.२ प्रतिशत मात्र पुगेको, रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा ५० प्रतिशत पुर्‍याउने लक्ष्य रहेकोमा समिक्षा अवधिमा ४३ प्रतिशत पुगेको, सिंचाइ योग्य भूमीमध्ये वर्षभरी सिंचाई सुविधा पुगेको भूमी ५० प्रतिशत पुर्‍याउने लक्ष्य रहेकोमा समीक्षा अवधिमा ३५ प्रतिशत पुगेको देखिन्छ । राष्ट्रिय र प्रादेशिक राजमार्ग दुई लेन सम्मको ७७९४ किमि। बाट २०८०।८१ सम्ममा २०२०० पुर्‍याउने लक्ष्य रहेपनि मध्यावधि समीक्षा २०७८।७९ सम्म ८ हजार १ सय कि.मि. मात्र पुगेको छ भने दुई लेन माथीको राष्ट्रिय राजमार्ग ११७४ कि.मि. पुर्‍याउने लक्ष्य रहेकोमा ३४५ कि.मि. मात्र पुगेको छ । आवधिक योजना भौतिक निमार्ण तथा ठूला पूर्वाधारमा केन्द्रित हुँदा शिक्षा, स्वाथ्य, रोजगारी र समाजिक सुरक्षा जस्ता आधारभूत विषयमा गुणात्मक परिवर्तन हुन सकेको छैन्। फलस्वरुप समृद्ध अर्थतन्त्र समाजिक न्याय तथा परिष्कृत जीवन सहितको समाजबाद उन्मुख लोककल्याणकारी

राज्यको रुपमा रुपान्तरण गर्न राष्ट्रिय लक्ष्य पुरागर्ने आधारहरु कमजोर देखिन्छन । आवधिक योजनाका रणनीतिहरुलाई सन्तुलित रुपमा सम्बोधन गर्न सक्ने आयोजनाहरु प्राथामिकीकरण गरी वार्षिक बजेट तथा कार्यक्रममा समाबेश गर्नुपर्दछ ।

१९.३. दिगो विकास लक्ष्य संकेतका आधारमा तीन आर्थिक वर्षको विनियोजित बजेट देहायबमोजिम रहेको छ :

(रकम रु.लाखमा)

संकेत नं.	दिगो विकास लक्ष्य संकेत	२०७६।०७७			२०७७।०७८			२०७८।०७९		
		आयोजना संख्या	बजेट	प्रतिशत	आयोजना संख्या	बजेट	प्रतिशत	आयोजना संख्या	बजेट	प्रतिशत
१	गरिबीको अन्तय	२४	१०६०९०	१.५९	१९	११६६९४	२.०२	१९	१३९५६२	२.१८
२	शून्य भोकमरी	६०	५३८७०८	८.०६	५५	५६३६३४	९.७३	५५	६०२८१०	९.४३
३	स्वस्थ जीवन	३६	३५९७२३	५.३८	३२	५३००६०	९.१५	३२	८३१९७४	१३.०२
४	गुणस्तरीय शिक्षा	७	८९१८४	१.३४	८	१४९२६३	२.५८	८	१६६९६१	२.६१
५	लैङ्गक समानता	४	३०८१	०.०५	५	४५३३५	७८	४	४०१६४	०.६३
६	स्वच्छ पानी तथा सरसफाइ	१९	३५१३१३	५.२६	१९	३२३९९१	५.५९	२२	३५३४३२	५.५३
७	आधुनिक उर्जामा पहुँच	३४	७६८९७७	११.५१	३५	६६९३८४	११.५६	३३	८२७०६६	१२.९४
८	समावेशी आर्थिक वृद्धि तथा मर्यादित काम	११	२१७९९६	३.२६	८	११७२८०	२.०३	१०	१०८५३९	१.७०
९	उद्योग, नवीन खोज र पूर्वाधार	६७	२०६३५०७	३०.८९	७२	१८८३१६२	३२.५२	७५	२०५९५४४	३२.२२
१०	असमानता नयूनीकरण	-	-	-	५	१०७६६	०.१९	५	२२६७०	०.३५
११	दिगो शहर र बस्ती	३०	१९०९१९५	२८.५८	२७	९४९१३५	१६.३९	२८	७३५७९४	११.५१
१२	दिगो उपभोग र उत्पादन	-	-	-	३	२२४६००	३.८८	२	२५७७६०	४.०३
१३	जलवायु परिवर्तन अनुकूलन	८	६७५२८	१.०१	१०	२५६८८	०.६२	१२	४९९६९	०.७८
१४	सामुन्द्रिक स्रोतको उपयोग	-	-	-	-	-	-	-	-	-
१५	भु-सतह स्रोतको उपयोग	१२	१०२१७८	१.५३	११	६८११७	१.१८	१०	७७३८०	१.२१
१६	शान्ति, न्याय र सबल संस्था	११	९११६२	१.३६	१०	७५८१७	१.३१	१०	८४६६४	१.३२
१७	दिगो विकासका लागि साझेदारी	२	११६०५	०.१७	५	७५८१७	०.४८	६	३३५८८	०.५३
	जम्मा:	३२६	६८८०२४७	१००	३२४	५७९०९८४	१००	३३१	६३९१८७७	१००

१९.४. दिगो विकासका १७ वटा लक्ष्यहरुमध्ये लक्ष्य १४ सामुन्द्रिक स्रोतको उपयोग नेपालको सन्दर्भमा लागू नहुने भएकोले कुनै बजेट विनियोजन गरिएको छैन भने बाँकी १६ वटा लक्ष्यमध्ये बढी बजेट लक्ष्य ९ उद्योग, नविन खोज र पुर्वाधारमा ३२.२२ प्रतिशत, सबैभन्दा कम बजेट लक्ष्य १० असमानता न्यूनीकरणमा ०.३५ प्रतिशत विनियोजन भएको छ । आयोजनाको सँख्यात्मक रुपमा हेर्दा सबैभन्दा बढी ७५ आयोजना लक्ष्य ९ उद्योग, नविन खोज र पूर्वाधारमा छन् भने सबैभन्दा कम आयोजना लक्ष्य १२ दिगो उपभोग र उत्पादनमा रहेका छन्। त्यसैगरी लक्ष्य १ गरिवीको अन्त्य, लक्ष्य ४ गुणस्तरीय शिक्षा, लक्ष्य ५ समानता, लक्ष्य ८ समाबेशी आर्थिक वृद्धि र मार्यादित काम, लक्ष्य १३ जलवायु परिवर्तन अनुकूलन लगायत ८ वटा लक्ष्यहरुमा शीर्षकगत रुपमा कूल बजेटको अनुपातमा ३ प्रतिशतभन्दा कम विनियोजन गरिएको छ । कुन कार्यक्रम वा आयोजनाले कसरी कुन दिगो विकास लक्ष्यमा योगदान पुर्याउँछ भन्ने मापन गर्ने वस्तुगत आधार निर्धारण गरिएको छैन । फलस्वरुप बजेट प्रस्ताब र विनियोजन गरी विषयगत तबरले लक्ष्यगत वर्गीकरण गरिएको छ।एक आयोजना कार्यक्रमले विभिन्न लक्ष्यहरुलाई क्रस कटीङ रुपमा प्रभाब पार्ने हुँदा उपयुक्त बमोजिम गरिएको लक्ष्यगत बजेट विनियोजनको आँकडा सही मान्न सकिदैन ।

दिगो विकास लक्ष्यहरु बीच तालमेल हुनेगरी वस्तुगत मापदण्डको आधारमा लक्ष्यगत सूचक हासिल हुने गरी आयोजना छनौट, प्राथमिकीकरण गरी बजेट विनियोजन गर्ने र विनियोजित बजेट अपेक्षित रुपमा परिचालन हुनुपर्दछ ।

२०. **आयोजना छनौटमा जनसहभागिता** - योजना छनौट र प्राथामिकीकरणमा नागरिक सहभागिताले आयोजना प्रति नागरिकको चासो राख्ने र अपनत्व ग्रहण गर्ने अवस्था रहन्छ । नागरिक सहभागिता बिनाको योजना छनौट मागमा आधारित नहुन सक्दछ । आयोजना छनौटमा जनसहभागिताले आयोजना छनौट र प्राथमिकीकरणमा सुझबुझपूर्ण निर्णय लिन, बजेट विनियोजन र लगानीलाई थप औचित्यपूर्ण बनाउन, लक्षित क्षेत्रमा लगानी बढाउन र लक्षित वर्गमा अपनत्व अनुभव गर्ने भएकोले सम्बन्धित निकायलाई कार्यान्वयनमा सघाउ पुग्दछ । आयोजना छनौट प्रक्रियामा हुने जनसहभागिताले बजेटको कार्यकुशलता र जवाफदेहिता बढाउन तथा वित्तीय अनुशासन कायम गर्न मद्दत गर्छ । बजेट तर्जुमा गर्दा आयोजना छनौट र प्राथामिकरणमा जनसहभागिता सम्बन्धमा देखिएका अन्य व्यहोरा देहायबमोजिम छन् :

२०.१. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनमा बजेट प्रस्ताव तयार गर्ने तथा विनियोजनको कार्यकारी निर्णयअघि सम्बन्धित खर्च एकाइका बिचमा छलफल गर्ने व्यवस्था रहे पनि नागरिक स्तरमा त्यस्तो छलफलको प्रवन्ध नहुँदा बजेट तर्जुमा प्रक्रियामा नागरिक सहभागिताको अवसर सीमित हुने अवस्था छ । ऐनको दफा ११ अनुसार संसदमा बजेटका सिद्धान्त र प्राथमिकता बजेट पेस हुनुभन्दा १५ दिन अघि मात्र पेस गर्ने व्यवस्था रहनु र पेस भएको ७ दिनभित्र सोमाथि छलफल गरी सुझाव भएमा दिइसक्नु पर्ने ब्यवस्था प्रभावकारी देखिएको छैन । त्यसैगरी ऐनमा भएको आयोजना वर्गीकरण र आयोजना बैंक निर्माण गर्नुपर्ने प्रावधानले महत्वपूर्ण सम्भाव्य आयोजनाको पूर्व जानकारी नागरिकले पाउन सक्ने अवस्था रहेपनि आयोजना वर्गीकरण र प्राथामिकरण तथा आयोजना बैंक प्रविष्टी अगाडी नागरिक सहभागिता हुनुपर्ने व्यवस्था ऐनमा नहुँदा यो विषय सरकार वा सम्बन्धित निकायको स्वेच्छामा निर्भर हुने अवस्था रहन्छ । आयोजना स्तरको सम्पूर्ण सूचना सार्वजनिक गर्ने व्यवस्था रहेको देखिदैन।

२०.२. बजेट तर्जुमा दिग्दर्शन, २०७५ नेपाल सरकार अर्थ मन्त्रालयले जारी गरेको बजेट तर्जुमा दिग्दर्शनले बजेट निर्माणको सवै प्रक्रियाका बारेमा आम नागरिकले जानकारी पाउन सक्ने गरी बजेट निर्माणका सवै

चरणको व्याख्या गर्नुका साथै प्रक्रियामा संलग्न हुने निकायको जिम्मेवारीको व्याख्या गरेको छ । तथापि सङ्घीय स्तरको बजेट तर्जुमा प्रक्रियामा नागरिकको प्रत्यक्ष सहभागिता र संलग्नताको विषय दिग्दर्शनमा उल्लेख छैन ।

२०.३. विनियोजन ऐन अनुसार बजेटका रकमको रकमान्तरको केही अधिकार सम्बन्धित निकाय र रकमान्तर तथा स्रोतान्तरको अन्य अधिकार अर्थमन्त्रालयमा रहने व्यवस्था रहेको भएपनि त्यस्तो रकमान्तरको पूर्व जानकारी वा रकमान्तर गरिसकेपछि त्यसको समयवद्ध जानकारी नागरिकलाई गराउने सम्बन्धमा ऐनमा स्पष्ट व्यवस्था छैन। ऐनमा बजेट कार्यान्वयनको अर्धवार्षिक मूल्याङ्कनको व्यवस्था वमोजिम अर्थ मन्त्रीले सोको मूल्याङ्कन प्रतिवेदन सार्वजनिक गर्ने समयावाधि निर्धारित भएकोले बजेट कार्यान्वयनको जानकारीमा पहुँचको अवस्था सकारात्मक रहे पनि व्यवस्थापिका संसदका दुवै सदनबाट पारित नीति तथा कार्यक्रमहरु मध्यावधि समिक्षा मार्फत कार्यकारी निर्णयबाट थपघट गर्ने प्रक्रियाले बजेट माथी संसदीय नियन्त्रण कमजोर बनाएको देखिन्छ ।

२०.४. नेपालमा सार्वजनिक बजेट तर्जुमा तथा आयोजना छनौट प्रक्रियाका विभिन्न चरणमा नागरिक सहभागी गराउने सम्बन्धमा सुशासन (ब्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ तथासूचनाको हक सम्बन्धी ऐन, २०६४ लगायतका केही कानूनी प्रावधान रहेता पनि ती प्रावधान बजेट प्रक्रियामा संलग्न निकायले प्रयोग गर्नेछाता कानूनमा नहुँदा तिनको कार्यान्वयन योग्यता सीमित रहेको देखिन्छ । बजेट सूचना सार्वजनिक गर्नेअभ्यास रहेको भए पनि बजेट सूचनाको पर्याप्तता र पहुँच सीमित रहेको र सबै तहमा एकरुपता नभएको देखिन्छ । बजेट प्रक्रियामा संलग्न निकायको कमजोर संस्थागत क्षमता र अग्रसरताको कमीले पनि नागरिक सहभागिताले पर्याप्त प्राथमिकता पाउन नसकेको अवस्था छ।

२०.५. विगतमा १४ तहको बजेट तर्जुमा अभ्यास कार्यान्वयनमा रहेकोले समुदायको आकाङ्क्षा तथा चाहनालाई समेटेर योजना तथा कार्यक्रम प्रस्तावका रुपमा केन्द्रीय सरकारसम्म पठाउने पद्धति रहेको थियो । हाल राज्यको पुनसंरचनासँगै सबै तहमा निर्वाचित जनप्रतिनिधिमार्फत शासन व्यवस्था सञ्चालनको प्रक्रिया प्रारम्भ भएपछि बजेट तर्जुमा प्रक्रियामा समुदाय र सरकार बिचको संस्थागत सम्बन्ध टुटेको अवस्था छ भने स्थानीय तहमा समेत कार्यक्रम तथा बजेट निर्माणमा जनप्रतिनिधिको प्रभाव हुने अवस्था छ । त्यसैले विगतका असल अभ्यासलाई पुनर्जीवित गर्नु वा नागरिक संलग्नताको नयाँ विधि निर्माण गर्नु आवश्यक देखिन्छ ।

२०.६. संघ, प्रदेश र स्थानीय तहमा नागरिक सहभागिता गराउन सकिने परियोजना र क्षेत्र पहिचान गरी सहभागिताका विधि निर्धारण गरिनुपर्छ । सङ्घीय आर्थिक कार्यविधि कानूनमा सबै तहले परियोजना बैंक बनाउनुपर्ने प्रावधान समेटिएको छ । यसको व्यावहारिक कार्यान्वयन गरी सबै तहले आयोजना बैंक निर्माण गर्ने र त्यस्तो दस्ताबेज सार्वजनिक गर्ने अभ्यासले नागरिक सहभागिता मात्र नभई विकास ब्यवस्थापनमा नै सुधार आउँछ । बजेट पारदर्शीता र सहभागिताको पक्षलाई सवल बनाउनका लागि आवश्यक नीतिगत तथा कानूनी व्यवस्था गरी योजना निर्माणदेखि बजेट निगरानी सम्मको चरणमा पारदर्शीता, सहभागिता, जवाफदेहिताको पक्षलाई स्पष्ट रुपमा परिभाषित गरिनुपर्छ । सुशासन (ब्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा आवश्यकता अनुसार संशोधन गरी बजेट प्रक्रियामा नागरिक सहभागिता बढाउन आवश्यक पहल गर्नुपर्ने देखिन्छ।

परिच्छेद - ४

निष्कर्ष तथा सुझाव

राज्यसँग रहेको सीमित स्रोतसाधनको उच्चतम उपयोग गरी स्तरयुक्त वस्तु तथा सेवा उत्पादन गर्न गुणस्तरीय आयोजनाहरु छनौट तथा प्राथमिकीकरण गरी कार्यान्वयन गर्नुपर्दछ । आयोजना प्रणालीको अभ्यास शुरु गरेको छ दशकभन्दा वढी अवधि भएपनि आयोजनाहरुबाट अपेक्षाकृत लाभ पाउन सकिएको छैन । आयोजना छनौट तथा प्राथमिकीकरण कार्य वस्तुनिष्ठ र मापदण्डमा आधारित नहुँदा आयोजनाको संख्यात्मक वृद्धिहुने, बजेट प्रस्ताब गर्दा विनियोजन दक्षता कायम गर्न नसकिने, अनुत्पादनशिल क्षेत्रमा स्रोत खर्च हुने र वित्तीय अनुशासन कमजोर हुने स्थिति रहन्छ । आयोजना पूर्वका तयारी कार्यहरु सम्पन्न नगरी बजेट तथा कार्यक्रममा आयोजना समावेश गर्दा समयमा सम्पन्न नहुने, लागत वढ्दै जाने, न्यून प्रतिफल हासिल हुने र कतिपय आयोजनाहरु असफल हुने लगायतका कमजोरी देखिएका छन्। सरकारले उच्च प्राथामिकता दिई कार्यान्वयन गरेका आयोजनाहरु समेत समयमा सम्पन्न भएको देखिएन। आयोजना ब्यवस्थापनमा देखिएका कमजोरीहरु विश्लेषण गर्दा मूलतः छनौट पूर्वका तयारी कार्यहरु विस्तृत परियोजना प्रतिवेदन तयारी, वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृति, जग्गा अधिग्रहण, युटिलीटी रिलोकेशन, स्रोत सुनिश्चितता लगायतका कार्यहरु पुरा नगरेको देखिन्छ ।

राष्ट्रिय योजना आयोगले राष्ट्रिय गौरबका आयोजना लगायत प्राथमिकता प्राप्त आयोजनाको कार्यान्वयन अवस्था, प्रगति हुन नसकेका कृयाकलापको कारण जस्ता विषयमा अनुगमन मूल्याङ्कन गरी सुझाब दिने गरेपनि सो अनुसार कार्यान्वयन प्रक्रियामा सुधार हुन सकेको छैन। न्यून प्रगति भएका आयोजनाहरुको सफल कार्यान्वयनका लागि जवाफदेहीपनको समिक्षा गरी तालुक निकायबाट सहजिकरण जस्ता विषयमा विषयगत मन्त्रालयहरुलाई जिम्मेवार बनाउन सकिएको छैन् । विषयगत मन्त्रालयहरुले आयोजना छनौट तथा बजेट प्रस्ताब गर्दा पूर्व तयारीमा ध्यान नदिने, आयोजना प्राथामिकरण र वर्गीकरणका मापदण्डको वस्तुगत प्रयोग नगर्ने जस्ता कमजोरी देखिएका छन्। यस किसिमका कमजोरीले गर्दा कमसल तथा अनुत्पादक आयोजनाको संख्या वढदै जाने, आयोजना समयमै सम्पन्न नहुने र लाभग्राही वर्ग न्युनत्तम सुबिधाबाट बञ्चितहुने अवस्था देखिन्छ ।

आयोजनाको प्रभावकारी ब्यवस्थापनको लागि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावली, मध्यमकालिन खर्च संरचना, बजेट तर्जुमा दिग्दर्शन, वहुवर्षिय ठेक्का सम्बन्धी मापदण्ड मार्फत आयोजना छनौट, प्राथिमिकीकरण तथा वर्गीकरणको लागि आधारहरु प्रदान गरिए पनि सोको प्रभावकारी पालना भएका छैन। केन्द्रिय स्तरमा राष्ट्रिय योजना आयोगले आयोजना बैङ्क ब्यवस्थापन सूचना प्रणाली कार्यान्वयन शुरु गरेपनि विषयगत मन्त्रालयले गंभिरतापूर्वक कार्यान्वयनमा ध्यान नदिदा सबै आयोजना प्रणालीमा प्रविष्टि नहुने तथा प्रविष्टि भएका आयोजनाको विवरण पनि अपुष्ट र अधुरो रहेको देखिन्छ । मन्त्रालय, विभाग तथा कार्यालयहरुले आयोजना छनौट तथा बजेट विनियोजन गर्दा भौगलिक तथा प्रादेशिक सन्तुलन, दिगो विकासका लक्ष्य र योजनाका रणनीतिगत प्राथामिकतामा सन्तुलन र अन्तरसम्बन्ध कायम हुने गरी बजेट वाँडफाँड गरेको देखिएन ।

आयोजना छनौट प्राथामिकीकरण र विनियोजनका सम्बन्धमा आगामि दिनमा गर्नुपर्ने सुधार देहायवमोजिम छन् :

- आयोजना छनौट पूर्वका तयारी कार्य प्रभावकारी रुपमा सम्पन्न भएका, सम्भाव्यता अध्ययन, विस्तृत परियोजना अध्ययन, वातावरणीय अध्ययन प्रतिवेदन तयार गरिएका, जग्गा प्राप्ति र स्रोत सुनिश्चितता भएका आयोजनाहरु छनौट हुनेगरी प्राथामिकताका सूचक र मापण्डहरु तयार हुनुपर्दछ।

- आयोजनाको P_1 र P_2 प्राथमिकीकरणको लागि अङ्क प्रदान गर्दा तोकिएका सूचकहरुलाई वस्तुपरक बनाई तथ्य तथ्याङ्कमा आधारित रही वस्तुनिष्ठ अङ्क दिने प्रणालीको विकास गर्नुपर्दछ । अङ्कभार दिदा आयोजनाको लाभ लागत विश्लेक्षणका आधारमा समेत अङ्क दिने गरी सूचकहरु अध्यावधिक हुनुपर्दछ ।
- प्राथमिकता प्राप्त आयोजना, राष्ट्रिय गौरबका आयोजना र रुपान्तरणकारी आयोजनाको वर्गीकरण तथा प्राथमिकीकरण गर्न स्पष्ट मापदण्ड र सो को कानूनी आधार तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।आयोजना वर्गीकरणको मापदण्ड पूर्णरुपमा कार्यान्वयन हुनुपर्दछ ।
- बिभिन्न तहका सरकार र निकायबाट सञ्चालित रुपान्तरणकारी आयोजनाहरुको कार्यान्वयन सयन्त्र निर्धारण, एकीकृत तथ्याङ्क सङ्कलन तथा प्रतिवेदन र लक्ष्य प्रगतिको अनुगमन तथा मूल्याँकन प्रक्रियालाई व्यवस्थित गर्नुपर्दछ ।
- आयोजना बैंक सञ्चालन सम्बन्धी कार्यविधि तथा मापदण्डहरु अविलम्ब स्वीकृत गरी आयोजना बैङ्कमा समाबेश भएका आयोजना मात्र बजेट तथा कार्यक्रममा समावेश हुने प्रणाली स्थापित हुनुपर्दछ ।
- आयोजना बैङ्कमा प्रविष्टि सूचनाको पूर्णता, विश्वसनीयता र व्यापकतामा ध्यान दिदै प्रविष्टि भएका आयोजनाहरुको एकै प्रणालीबाट सबै सूचना हासिल हुने गरी ब्यवस्थापन गर्नुपर्दछ ।
- मन्त्रालयहरुले आयोजना छनौट तथा बजेट विनियोजन गर्दा प्रादेशिक/भौगलिक सन्तुलन कायम हुने गरी वाँडफाँड गर्ने, वार्षिक बजेट तथा कार्यक्रमहरु सन्तुलित र समावेशी भए नभएको सम्बन्धमा योजना आयोगले रिभ्युगरी सोको प्रतिवेदन दिने व्यवस्था हुनुपर्दछ ।
- आयोजनाको संख्या बढाउनेभन्दा पनि चालु आयोजना सम्पन्न हुने गरी स्रोतको दिगो र दक्षता पूर्ण उपयोग सुनिश्चित गर्न ध्यान दिनुपर्दछ । स्रोतको उपलब्धता र कार्यान्वयन क्षमतामा ध्यान दिई सीमित तर दूरगामी प्रभाव पार्ने आयोजनामा लगानी केन्द्रित गर्नुपर्दछ ।
- आयोजनाहरु छनौट, प्राथमिकीकरण तथा बजेट प्रस्ताब गर्दा आवधिक योजना, मध्यकालिन खर्च संरचना, सरकारको नीति तथा कार्यक्रम र बजेटसँग अन्तरसम्बन्धित भएर तयार गरिएको छ छैन योजना आयोगले प्रत्येक वर्ष विश्लेषण गर्ने र सोको प्रतिवेदन तयार गरी प्रकाशन गर्ने व्यवस्था गर्नुपर्दछ ।
- आयोजना छनौट तथा प्राथमिकीकरण गर्दा दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गरी वस्तुगत मापदण्डको आधारमा लक्ष्यहरुबीच सन्तुलिन र समन्वय हुने गरी बजेट बिनियोजन गर्नुपर्दछ ।

  संघीय आयोजना छनौट तथा प्राथमिकीकरणमा नागरिक सहभागिता कायम हुने गरी नीति कानून तथा कार्यविधिहरु परिमार्जन गरी आयोजना छनौट तथा बजेट निर्माण प्रक्रियामा नागरिकको सार्थक सहभागिता सूनिश्चित गर्नुपर्दछ । सहभागितामूलक योजना तर्जुमा विधिबाट आएका आयोजनाहरुको बजेट विनियोजनमा प्राथामिकता प्रदान गर्नुपर्दछ ।

अनुसूची-१

कुल बजेट तथा खर्च

क्र.स.	जिल्ला	विनियोजित बजेट	खर्च	प्रतिशत
१	काठमाण्डौ	६७३०७६८३४८८१।००	४७२८३४८७८५९८।४७	३६.०९४२
२	मोरङ्ग	४२५९४९३१४५४.००	४०१९७४०१६७२.५७	३.०६८५
३	रूपन्देही	४३३६२८९७४९९.००	३५६८७२१६२८७.११	२.७२४२
४	धनुषा	३६०७४८५७०५२.००	३४३४११९८५७८.३४	२.६२१५
५	कैलाली	३९३२७२२९७२९.००	३३७६६१५०६३३.९५	२.५७७६
६	सुर्खेत	३७१००४६४३७४.००	३०४८६८६८७५९.९९	२.३२७२
७	भक्तपुर	३४७४०९७७८४६.००	३०४०६७३८९४५.६८	२.३२११
८	मकवानपुर	३०८३१८९०४६७.००	२९२५२६३२३८६.४४	२.२३३०
९	कास्की	३५०५९४६९२३०.००	२८३१२२१३७४२.०३	२.१६१२
१०	ललितपुर	३४४९७७६८२४९.००	२२७६१९६४७८६.५७	१.७३७६
११	झापा	२६३८२९६९५८१.००	२२०७८७६२३१२.३८	१.६८५४
१२	सुनसरी	२२३६२८९३५८३.००	१९९१६८७०८५०.५२	१.५२०४
१३	बाँके	२००६२३०९५१५.००	१७१५१५२०४९३.८५	१.३०९३
१४	चितवन	२२७०४८७४५८८.००	१७११३५९७६४०.०८	१.३०६४
१५	पर्सा	१९२३६७०४९९८.००	१७००३९५१४३६.८८	१.२९८०
१६	सर्लाही	१७९४२६३५६९१.००	१६५३६४५९४२७.९७	१.२६२३
१७	गोरखा	१६०८६३५०५७५.००	१५१५२८४४५९०.६५	१.१५६७
१८	सप्तरी	१६५४३९५३१७६.००	१५१२०५११७४२.४१	१.१५४२
१९	सिराहा	१५९०७७८४६५१.००	१३९६८५५१८२४.४२	१.०६६३
२०	महोत्तरी	१५३१८८५६५९३.००	१३५९१८७९९६२.८५	१.०३७५
२१	दाङ्ग	१५१२१४१२४३४.००	१२६४६७२९०५८.२२	०.९६५४
२२	रौतहट	१३०१९१७४७२०.००	१२४१७३४८०२८.४५	०.९४७९
२३	बारा	१३५८६३१८९४३.००	१२३०४८२८५६१.३७	०.९३९३
२४	कंचनपुर	१३६२६३०३८२६.००	११८२०२३५७४८.९१	०.९०२३
२५	कपिलवस्तु	१२१२२७४१६८०.००	११६३७३२०१९०.१२	०.८८८३
२६	काभ्रेपलान्चोक	१२१८०१९०३१९.००	१०७०६८३९६०५.७०	०.८१७३
२७	तनहुँ	१२६७६२८६४८६.००	९८९२६४७९३२.४५	०.७५५२
२८	नुवाकोट	१०४३२३४८६०५.००	९७००४९६४५४.२७	०.७४०५
२९	पाल्पा	१२०५४६९०३२३.००	९५०७२४५०८०.७५	०.७२५७
३०	सिन्धुली	१०२३८५१४५७७.००	९२१६५५८३२६.७३	०.७०३६
३१	बर्दिया	९६४०२१७३६४.००	९१७१४६०९७०.२४	०.७००१

३२	धादिङ्ग	११२५०३९२१९५.००	९११३६०१४००.३०	०.६९५७
३३	इलाम	११५३९७८३६२६.००	९०५६६००५६०.९९	०.६९१३
३४	उदयपुर	९७४०६२४२२४.००	८९२०६५५५९३.५१	०.६८१०
३५	दैलेख	८९०३५५७९७१.००	८५६७४५८२६८.१०	०.६५४०
३६	सिन्धुपाल्चोक	८६३६९४३००७.००	८३७०२८३६४३.४३	०.६३९०
३७	गुल्मी	८४१३०१८५४०.००	८१५६५९२०२९.२८	०.६२२६
३८	बाग्लुङ्ग	८९३०३७७४०७.००	७८४४५३९२५२.५१	०.५९८८
३९	रामेछाप	९७०५१२३११८.००	७८३६०५६३०९.८७	०.५९८२
४०	स्याङ्गजा	८२७९०६३०९१.००	७७६७०१७८११.९९	०.५९२९
४१	डोटी	८५४६६३१९२१.००	७५५४९२९८५९.२४	०.५७६७
४२	दोलखा	८८७७२८९१०१.००	७३११९१२५१३.३३	०.५५८२
४३	नवलपरासी (बर्दघाट सुस्ता पूर्व)	८६३७७०८४७१.००	७०८२१४८९९९.७४	०.५४०६
४४	खोटाङ्ग	७०९६४९४०७७.००	६७२८४१३५१३.३९	०५१३६
४५	दार्चुला	७००१४८१५२३.००	६७१४५२७१६५.४२	०.५१२६
४६	पाँचथर	७४५४६२१७६०.००	६७०४६१९१३८.६४	०.५११८
४७	आछाम	७४५११४४४०२.००	६७०१५२४९३०.०४	०.५११६
४८	नवलपरासी	८६९४७४०४१६.००	६५४०४८७०६२.२२	०.४९९३
४९	बैतडी	७१०१७७०१०७.००	६५०४५३४३१४.६८	०.४९६५
५०	जुम्ला	७५५२७९७०५६.००	६४३९७४४७७३.२२	०.४९१६
५१	लम्जुङ्ग	७४६२८९७११९.००	६४२०९२६७५५.३१	०.४९०१
५२	ओखलढुङ्गा	६९२२५२५८८१.००	६१२८१७७२६६.३४	०.४६७८
५३	बझाङ्ग	६४७२३१२९२२.००	६०९८८३१८९७.६७	०.४६५६
५४	धनकुटा	७११०८३५६५५.००	६०३४०६१००४.४१	०.४६०६
५५	संखुवासभा	६८०८२७५२००.००	५९२२१८२८४७.९६	०.४५२१
५६	रोल्पा	६५९८१३३११०.००	५९२०८७१८५९.४७	०.४५२०
५७	पर्वत	६५८६०२५१९७.००	५८०६७५३८९९.८२	०.४४३३
५८	जाजरकोट	६६६१७९००६५.००	५७७५६३४५५०.८७	०.४४०९
५९	अर्घाखाँची	६०३६६०५४४२.००	५७४१२९७१६०.६६	०.४३८३
६०	सल्यान	५८५१००५८५०.००	५६३२५२४७०३.५५	०.४३००
६१	भोजपुर	५५६०८०५३८०.००	५२९५३७९४३४.५१	०.४०४२
६२	प्यूठान	५७९४४०२७७५.००	५२३९८०२४३३.६१	०.४०००
६३	रूकुम	५९६२८८९५७३.००	५१९८५२६३९६.४९	०.३९६८
६४	ताप्लेजुङ्ग	५५१३७४९९४१.००	४७३२०२२१२७.९४	०.३६१२
६५	बाजुरा	४८५८४२९२७४.००	४६१८८३३३६९.९१	०.३५२६
६६	कालिकोट	४८४२०७७५८१.००	४५५९१७९४२१.७९	०.३४८०

६७	डडेलधुरा	५१०९७५९६४८.००	४५१०५७७८२२.५८	०.३४४३
६८	सोलुखम्बु	४१५८९९०४८१.००	३८६१६२५६२९.९७	०.२९४८
६९	तेह्रथुम	३५७०८५३३२३.००	३४१६४११९११.१८	०.२६०८
७०	हुम्ला	३७७६०९५८५३.००	३३२५७५१६६१.५७	०.२५३९
७१	म्याग्दी	३८८९७९४३६२.००	३३१८८६९४३०.१६	०.२५३३
७२	डोल्पा	३१८७६७६९६५.००	२९५५७६४००३.१२	०.२२५६
७३	मुस्ताङ्ग	३५५९५८९९८०.००	२९४१५२९३०३.९४	०.२२४५
७४	मुगु	२८२६४२९६७९.००	२४८०२२५६७८.२०	०.१८९३
७५	रसुवा	२६५२८४९०४५.००	२४३०४८३८१४.१२	०.१८५५
७६	रूकुम पूर्व	१९३३८६३३२१.००	१८०२५६४८९२.२९	०.१३७६
७७	मनाङ्ग	१३८४५७९३५६.००	१२१२४३६५४१.२८	०.०९२६
	जम्माः	१६३२८२१६५८०००.००	१३१०००००८१७५८८.९९	

अनुसूची—२

संघीय पूँजीगत खर्च

क्र.स.	जिल्ला	खर्च	प्रतिशत
१	काठमाण्डौ	६०२७९५४३०६०	२७.८८
२	ललितपुर	८७९४४७००२८	४.०६८
३	झापा	७६७३३३००७९	३.५४९
४	गोरखा	७३५३९८८२४१	३.४०१
५	बाँके	६५४४७०२१४२	३.०२७
६	पर्सा	६५०२७४११४६	३.००८
७	कैलाली	६०१२७९०१९८	२.७८१
८	धनुषा	५७५९६६६३४६	२.६६४
९	मोरङ्ग	५५०००००३५४०	२.५४४
१०	सुनसरी	५२३३२१६२६५	२.४२
११	चितवन	५०२४६७११४४	२.३२४
१२	कास्की	४५४०८७१५९२	२.१
१३	सर्लाही	४२७६७९७५८८	१.९७८
१४	रूपन्देही	४२६४४०८१२९	१.९७२
१५	सुर्खेत	३९७७९०६८२८	१.८४
१६	कंचनपुर	३६०२६१५९७५	१.६६६
१७	दाङ्ग	३४४५८४३७९१	१.५९४
१८	भक्तपुर	३११४२१५८९१	१.४४
१९	पाल्पा	३०७१३३९३१३	१.४२१
२०	सप्तरी	२९३१३४४३३९	१.३५६

२१	दैलेख	२६४६६१४९८५	१.२२४
२२	उदयपुर	२५९२९४५४६५	१.१९९
२३	मकवानपुर	२५३९३२८५४६	१.१७४
२४	महोत्तरी	२४०५३५५९१८	१.११२
२५	सिराहा	२३८४३१५२१६	१.१०३
२६	सिन्धुली	२३७५२७९१६६	१.०९९
२७	नुवाकोट	२३४५०६६३९२	१.०८५
२८	कपिलवस्तु	२०४१६१०७८३	०.९४४
२९	इलाम	२०३७५३१११०	०.९४२
३०	बर्दिया	१९८९०३२५०४	०.९२
३१	रामेछाप	१९००४३६६५९	०.८७९
३२	पाँचथर	१८७४६३०२६१	०.८६७
३३	दोलखा	१५०९५३२०२८	०.६९८
३४	दार्चुला	१४३६८९७३६४	०.६६५
३५	तनहुँ	१३८५१३१६०३	०.६४१
३६	नवलपरासी (बर्दघाट सुस्ता पूर्व)	१३४३२१२३८३	०.६२१
३७	लम्जुङ्ग	१२८९०१४६८७	०.५९६
३८	जुम्ला	१२७६१२१६७५	०.५९
३९	पर्वत	१२६४२५००२२	०.५८५
४०	धादिङ्ग	११९७१७८५१७	०.५५४
४१	ओखलढुङ्गा	११९५२१९८९५	०.५५३
४२	डोटी	११९३५८२४४५	०.५५२
४३	जाजरकोट	११५०५८३४८३	०.५३२
४४	धनकुटा	१०८१४९०१३१	०.५
४५	संखुवासभा	१०६१७३७०४१	०.४९१
४६	मुस्ताङ्ग	९९४८८००४१.३	०.४६
४७	गुल्मी	९५०४६७३०२.९	०.४४
४८	बारा	९३९६४७४६९.५	०.४३५
४९	काभ्रेपलान्चोक	९१७३५४९३६.८	०.४२४
५०	रौतहट	९१४१०४३१७.५	०.४२३
५१	अर्घाखाँची	९०५६७९०८६.७	०.४१९
५२	बाग्लुङ्ग	८९८५५८४०४.२	०.४१६
५३	रोल्पा	८५२१८४८०२.५	०.३९४
५४	नवलपरासी	८३४५९५४०२.८	०.३८६
५५	रूकुम	६९२९७३५५२.१	०.३२१
५६	खोटाङ्ग	६७६४३७१९६.१	०.३१३
५७	बैतडी	५८२५८८९७५.५	०.२६९
५८	आछाम	५७४३६०१९८.५	०.२६६

५९	ताप्लेजुङ्ग	४९६१८५३४६.७	०.२२९
६०	स्याङ्गजा	३८३९९२८६०.५	०.१७८
६१	प्यूठान	३६४५७३५६६.७	०.१६९
६२	बझाङ्ग	३४११४९७७५.१	०.१५८
६३	हुम्ला	२५९६४९८१७.५	०.१२
६४	म्याग्दी	२४५५२६०८९.६	०.११४
६५	तेह्रथुम	२१०९०६८६२.९	०.०९८
६६	सिन्धुपाल्चोक	१८३२३८०८२.२	०.०८५
६७	बाजुरा	१८३१४९५७६.७	०.०८५
६८	मुगु	१८०७६६८०६.७	०.०८४
६९	सल्यान	१७८१७०५३८.१	०.०८२
७०	भोजपुर	१७७७६०३५६.२	०.०८२
७१	कालिकोट	१६९४८४३६८	०.०७८
७२	सोलुखम्बु	१६९४५७५११.९	०.०७८
७३	डडेलधुरा	१६५८६९६४६.१	०.०७७
७४	रसुवा	१२५६७९८५०.७	०.०५८
७५	मनाङ्ग	८०२०१९६४.४९	०.०३७
७६	डोल्पा	७५१०१३३८.३८	०.०३५
७७	रूकुम पूर्व	६७८२२३३	०.०३१
	जम्माः	२१६,२१३,०८२,१९३.८३	

निर्णय तहमा महिला सहभागिता

परिच्छेद - १

परिचय

१. **पृष्ठभूमि :** विश्वका बिभिन्न १९३ राष्ट्रका सरकार प्रमुखहरुबाट २०१५ सेप्टेम्बर २५ मा संयुक्त राष्ट्रसंघको महासभाबाट दिगो विकास सम्बन्धी एजेण्डा २०३० पारित गरि यसका १७ वटा मुख्य लक्ष्य सन् २०३० सम्म हाँसिल गर्नेगरी अनुमोदन भएको छ । नेपालले पनि सन् २०२२ सम्ममा अति कम बिकसित मुलूकबाट स्तरोन्नति गर्ने एवं सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य हासिल गरी मध्यम आय भएको मुलुकमा स्तरोन्नति हुने प्रतिवद्धता जनाएको छ । यसै अनुरुपनेपाल सरकारले घोषणा गरेको दिगो विकास लक्ष्य अन्तर्गत निर्णायक तहमा महिला सहभागिता र समान अवसर सम्बन्धी लक्ष्य समेत हासिल गर्नुपर्ने नीति लिएको छ । नेपालमा कूल जनसंख्याको ५१.५ प्रतिशत जनसंख्या महिलाको रहेको छ। यद्यपि, आर्थिक, सामाजिक, राजनैतिक, प्रशासनिक र अन्य क्षेत्रको निर्णायक तहमा महिलाहरुको उपस्थिति र अवस्था तुलनात्मक रूपमा कमजोर रहेको अवस्था बिभिन्न अध्ययनले देखाएको छ । दिगो विकासको लक्ष्य कार्यान्वयनका लागि राष्ट्रिय योजना आयोगले आवधिक योजना तर्जुमा तथा कार्यान्वयन गरी सोको अनुगमन तथा मूल्याङ्कन गर्दै आएको छ ।

नेपालले महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धी, १९७९ (CEDAW-1979) मा हस्ताक्षर गरेको छ । यसले महिला अधिकारलाई व्यवहारमा रूपान्तरण गर्न छुट्टै नीति, संस्थागत संरचना र बजेट विनियोजन हुनुपर्ने उल्लेख छ । बेइजिङ्ग घोषणापत्रले अधिकार प्राप्त स्वतन्त्र संस्थाबाट महिलाको हित र उन्नतिको प्रयास गर्नुपर्ने दायित्व सरकारको हुनेव्यवस्था गरेको छ । मुलुक संघीय लोकतान्त्रिकगणतान्त्रिक शासन प्रणालीमा रुपान्तरित भई संविधानमै महिला सहभागिता र समावेशीकरणको व्यवस्थागरी सकारात्मक विभेदको आधारमा विशेष अवसर प्रत्याभूत गरेको छ । संविधान एवं प्रचलित कानूनमा उल्लिखित दायित्व निर्वाहका लागि सरकारले नीतिगत, संस्थागत तथा कार्यक्रमगत व्यवस्था गरेको छ ।

२. **नीतिगत व्यवस्था :** पन्ध्रौ आवधिक योजना, नेपाल सरकारको बार्षिक नीति तथा कार्यक्रमहरु र अन्य नीतिहरुमा समेत निर्णय तहमा महिलाको सहभागिता सुनिश्चित गर्न गरेका व्यवस्थाहरु देहाय बमोजिम रहेका छन्;

२.१. महिलाको अर्थपूर्ण सहभागिता सहित सारभूत समानता कायम गर्ने लक्ष्य तथा आर्थिक सम्बृद्धि र दिगो विकासका लागि महिलाको समान अग्रसरता र नेतृत्वदायी भूमिका स्थापित गर्दै स्रोत साधन र अवसरमा महिलाको समान पहुँच सुनिश्चित गर्ने उद्देश्य पुरा गर्न पन्ध्रौ योजनाले देहाय बमोजिम रणनीति तयार गरेको छ;

(१) राज्यका सबै तह र क्षेत्रले लैङ्गिक समानता सम्बन्धी क्षेत्रगत नीति कानून तथा कार्यक्रम तर्जुमा गर्ने ।

(२) लैङ्गिक समानता तथा सशक्तिकरण मापन गर्ने तथ्यांक प्रणालीको विकास गर्ने ।

(३) राज्यका सबै तहको सरकारमा लैङ्गिक उत्तरदायी बजेट बिनियोजन पद्धतिलाइ संस्थागत गर्ने।

२.२. राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७

२.३. निर्वाचन व्यवस्थापन लैंङ्गिक तथा समावेशी नीति, २०७७

२.४. आर्थिक वर्ष २०७८।७९ बजेट वक्तव्य तथा नीतिले लैङ्गिक समानताको लागि देहायका विषयहरुमा जोड दिएको छ;

- बुँदा नं ७५ मा श्रम अडिटको व्यवस्थालाइ प्रभावकारी रुपमा कार्यन्वयन गरिने व्यवस्था रहेको।
- बुँदा नं ८३ मा नेपाल सरकारबाट अनुदान प्राप्त गरी सञ्चालन हुने निकायको कार्यकारी तहमा न्यूनतम ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गरिने व्यवस्था रहेको ।
- सबै स्थानीय तहमा महिला उद्दमशीलता सहजीकरण केन्द्र स्थापना गरिने ।
- महिलाहरुको क्षमता विकास तथा सशक्तिकरण कार्यक्रम सञ्चालन गरिने ।

२.५. दिगो विकास लक्ष्य २०१६-३०, मादिगो विकासको १७ लक्ष्यहरुमध्ये पाचौं लक्ष्य, लैंङ्गिक समानताको उपलक्ष्य ५।५ मा राजनीतिक, आर्थिक र सार्वजनिक जीवनका सबै निर्णायक तहमा महिलाहरुको पूर्ण र प्रभावकारी नेतृत्व, सहभागिता तथा समान अवसर सुनिश्चित गर्ने रहेको छ । यस लक्ष्य प्राप्तिका सूचकहरु देहायबमोजिम रहेका छन्:

सूचकहरु		२०१५	२०१९	२०२२	२०२५	२०३०
५.५.१ संघीय संसद, प्रदेश सभा र स्थानीय सरकारमा महिलाको समानुपातिक सहभागिता						
(क)	संघीय संसद (%)	२९.५	३३	३४.४	३६.५	४०
(ख)	प्रदेश सभा(%)	-	३३	३४.४	३६.५	४०
(ग)	स्थानीय तह (%)	-	४०.५	४१	४१.५	४२
५.५.१ नियकायको व्यवस्थापन तथा कार्यकारी तहमा महिला सहभागिता						
(क)	निजी क्षेत्रका निकायहरुमा (%)	२५	३०.३	३४.३	३८.३	४५
(ख)	सहकारी क्षेत्रका निकायहरुमा (%)	५०	५०	५०	५०	५०
(ग)	सरकारी निकायहरुमा (%)	११	१७	२१.३	२५.७	३३
(घ)	प्राविधिक क्षेत्रमा (Technical workers ratio men to women)(%)	२४	२८	३१	३५	४०

२.६. राष्ट्रिय महिला आयोगले तेश्रो रणनीतिक योजना (२०७८।७९-२०८२।८३) जारी गरेको छ । सामाजिक, आर्थिकर राजनीतिक लगायतका सबै क्षेत्रमा सशक्तिकरण गर्दै समानुपातिक र अर्थपूर्ण सहभागितालाई सुनिश्चित गरी महिलाको अवस्था र स्तरमा गुणात्मक सुधार ल्याउने लक्ष्य लिएको यस योजनाले राज्यका सबै तह र संरचनामा समानुपातिक सहभागिता सुनिश्चित गर्न आवश्यक नीति तथा कार्यक्रम तयार गरी कार्यन्वयनका लागि पैरवी र सिफारिस गर्ने उल्लेख छ ।

३. **कानूनी तथा अन्य व्यवस्था:**

३.१. **नेपालको संविधानमा महिला सहभागिता सम्बन्धी देहायबमोजिम व्यवस्था गरिएको छ;**

(क) नेपालको संविधानको धारा ३८ को उपधारा ४ मा राज्यका सबै निकायमा महिलालाइ समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हकको व्यवस्था गरेको ।

(ख) धारा ३८ को उपधारा ५ मा महिलालाई शिक्षा स्वास्थ्य रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक बिभेदका आधारमा बिशेष अवसर प्राप्त हुने हक ।

(ग) धारा ८४ को उपधारा ८ मा संघीय संसदमा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचितकूल सदस्य संख्याको कम्तिमा एक तिहाइ सदस्य महिला हुनुपर्ने ।

(घ) धारा ८६ को उपधारा २ मा राष्ट्रिय सभाको गठन गर्दा प्रत्येक प्रदेशबाट कम्तिमा ३ जना महिला र राष्ट्रपतिबाट मनोनित कम्तिमा १ जना महिला हुनुपर्ने व्यवस्था ।

(ङ) धारा १८ को उपधारा ३ मा सामाजिक दृष्टीले पिछडिएका महिलाको संरक्षण सशक्तीकरण र विकासका लागि कानूनबमोजिम विशेष व्यवस्था गर्न सकिने ।

(च) नेपालको संविधानको धारा ५१(ञ) मा सामाजिक न्याय तथा समावेशीकरण सम्बन्धी नीतिको व्यवस्था ।

(छ) धारा २७६ को उपधारा ३ मा नेपाली सेनामा महिलाको प्रबेशका लागि संघीय कानूनबमोजिम सुनिश्चित गरिने ।

(ज) धारा २६९ को उपधारा ४(ग) मा बिभिन्न दलको कार्यकारिणी समितिमा समावेशी प्रतिनिधित्वको व्यवस्था गर्नुपर्ने व्यवस्था ।

(झ) धारा २८२ को उपधारा ६ राष्ट्रपतिले समावेशी सिद्धान्तका आधारमा नेपाली राजदुत र कुनै खास प्रयोजनका लागि बिषेश प्रतिनिधि नियुक्त गर्न सक्ने व्यवस्था ।

(ञ) धारा २८३ को उपधारा १ मा संबैधानिक अंग तथा निकायका पदमा नियुक्ति गर्दा समावेशी सिद्धान्त बमोजिम गरिने व्यवस्था ।

(ट) धारा २८५ को उपधारा २ मा संघीय निजामती सेवा लगायत सबै संघीय सरकारी सेवामा प्रतियोगितात्मक परिक्षाद्धारा पदपूर्ति गर्दा संघीय कानूनबमोजिम खुला र समानुपातिक समावेशी सिद्धान्तका आधारमा हुने ।

(ठ) नेपालको संविधानको धारा ७० मा राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिङ्ग वा समुदायको हुने व्यवस्था ।

३.२. निजामती सेवा ऐन, २०४९ को दफा २८ को उपदफा ७ मा निजामती सेवालाइ समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैंचालीस प्रतिशत पद छुट्याइ सोलाई शतप्रतिशत मानी महिलाका लागि ३३ प्रतिशत आरक्षणको व्यवस्थागरिएकोछ।

३.३. देहायका कानूनहरु समेतले सम्बन्धित संस्था निकायहरुको निर्णय तहमा वा सेवामा महिला सहभागिताको व्यवस्था गरेको छ ।

- त्रिभुवन बिश्वबिद्यालय शिक्षक नियुक्तिको सिफारिस सम्बन्धी बिनियम, २०७५
- त्रिभुवन बिश्वबिद्यालय शिक्षक कर्मचारी सेवा सम्बन्धी नियम, २०५०

- नेपाल संस्कृत विश्वविद्यालय शिक्षक तथा कर्मचारी सेवा शर्त सम्बन्धी नियम, २०६७
- राजनैतिक दल सम्बन्धी ऐन, २०७३ को दफा १५ मा सबै तहको समितिमा एक तिहाइ महिला सदस्य हुने व्यवस्था ।
- सहकारी ऐन, २०७४ को दफा ४१ मा सञ्चालक समितिमा महिला प्रतिनिधित्व हुने व्यवस्था
- प्रतिनिधि सभा सदस्य निर्वाचन नियमावली, २०७४
- स्थानीय तह निर्वाचन ऐन, २०७३ र नियमावली, २०७३
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- प्रतितनिधी सभा सदस्य निर्वाचन ऐन, २०७४
- प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ र नियमावली, २०७४

३.४. महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धी १९७९ नेपालले अनुमोदन गरेको छ ।

४. **कार्य प्रकृया बिश्लेषण :** दिगो विकास लक्ष्य २०३० को एजेन्डा कार्यान्वयन सरकारको मुख्य कार्यहरू मध्ये एक हो । राष्ट्रिय योजना आयोगले आवधिक योजना, कार्यक्रम र अनुगमन तथा समीक्षाको मुख्य जिम्मेवारी बहन गर्दै आएको छ । संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह र अन्तर्गतका निकायहरु दिगो विकासको एजेण्डा कार्यान्वयनका जिम्मेवार तहहरु हुन । प्रधानमन्त्रीले उच्चस्तरीय समितिको अध्यक्षता गर्ने, उपाध्यक्षलेसमन्वय तथा कार्यान्वयन समितिको अध्यक्षता गर्ने र सदस्यहरूले कार्यान्वयन र अनुगमन विषयगत समितिको अध्यक्षा गर्ने व्यवस्था छ । साथै सरकारी, गैरसरकारी, सहकारी र निजीक्षेत्र यसको कार्यन्वयनमा सक्रीय रुपमा संलग्न रहेको पाइन्छ । दिगो विकास लक्ष्य अन्तर्गत निर्णय तहमा महिला सहभागिता र अवसर सम्बन्धी एजेन्डा कार्यान्वयनमा संलग्न संस्थाहरू निम्नानुसार छन्:

- संघीयसरकार, प्रदेश सरकार र स्थानीथ तह र अन्तर्गतका निकायहरु
- संबैधानिक निकायहरु
- राष्ट्रिय योजना आयोगका दिगो विकास लक्ष्य कार्यान्वयका विषयगत समितिहरू
- विकास साझेदारहरू
- बिश्वबिद्यालयहरु
- नागरिक समाज संस्थाहरु
- सहकारी क्षेत्र
- निजीक्षेत्र

५. **बजेट व्यवस्था :** राष्ट्रिय योजना आयोगबाट तयार गरेको दिगो विकास लक्ष्यको आवश्यकता मूल्याङ्कन, लागत तथा लगानी रणनीति प्रतिबेदन (Need Assessment, Costing and Financing Strategy) ले लैङ्गिक समानता (लक्ष्य ५.५) कार्यन्वयनका लागि सन् २०२० देखि २०३० सम्म प्रतिबर्ष रु.१५.६ अर्ब लगानी आवश्यक पर्ने उल्लेख गरेको छ ।

(रकम रु.अर्बमा)

हस्तक्षेपहरु	सन् २०१६-१९	सन् २०२०-२२	सन् २०२३-२५	सन् २०२६-३०	सन् २०१६-३० को औषत

यौन तथा प्रजनन स्वास्थ्यका मुद्दाहरूबारे सचेतना	०.९	१.५	२.०	२.७	१.८
बालिकाहरूलाई कामको सङ्क्रमण समयमा मद्दत	२.७	४.२	५.५	७.४	५.२
राजनीतिक सहभागिताको लागि प्रोत्साहान	०.२	०.२	०.२	०.३	०.३
राष्ट्रपति महिला सशक्तीकरण कार्यक्रम	०.३	०.४	०.५	०.८	०.५
महिला विरुद्ध हुने हिंसाको अन्त्य	०.९	२.२	३.४	५.४	३.१
प्रणालीगत मुद्दाहरू	१.५	२.१	२.७	३.८	२.६
साधारण प्रशासनिक खर्च	०.९	१.६	२.१	२.९	१.९
लैङ्गिकसम्बन्धी कार्यक्रमहरूको जम्मा	७.४	१२.२	१६.४	२३.४	१५.६

६. **लेखापरीक्षणको औचित्य :** कूल जनसंख्याको ५१ प्रतिशत भार ओगटेको महिलालाई राष्ट्र विकासको मूल प्रबाहमा समाबेश गर्न निर्णायक तहमा महिलाहरुको समानुपातिक सहभागिताको सुनिश्चितता जरुरी हुन्छ । यसका लागि नेपाल अन्तराष्ट्रिय मञ्चहरुमा प्रतिबद्धता जनाएको छ । दिगो विकास लक्ष्यलाई राष्ट्रले प्राथमिकता दिएको र तोकिएको अवधिभित्र राजनीतिक, आर्थिक तथा सार्वजनिक जीवनको नेतृत्वतहमा महिलाको प्रभावकारी सहभागिता र समान अवसरहरूको सुनिश्चितता भए नभएको सम्बन्धमा सम्बद्ध आन्तरिक तथा बाह्य सबै पक्षको चासो बढ्दै गएको साथै अन्तर्राष्ट्रिय समुदाय तथा इन्टोसाई डेभलपमण्ट इनिसियटिभले समेत दिगो विकास लक्ष्यकार्यन्वयनको तयारी (Preparedness) तथा सोको बर्तमान अवस्था (Current Status) समेतलाई महत्व दिएको छ । नेपालको संविधानले समेत महिलाहरुको समान अधिकार सुनिश्चित गरेको छ । राजनीतिक, आर्थिक र सार्वजनिक जीवनको निर्णय–निर्माणका सबै तहहरूको नेतृत्वमा महिलाहरूको पूर्ण तथा प्रभावकारी सहभागिता र समान अवसरहरूको सुनिश्चितता, नेपाल सरकारको प्रतिबद्धता कार्यान्वयन र लैङ्गिक समानताका लागि संविधान, कानून, नीतिगत व्यवस्था कार्यान्वयनको अवस्था मूल्याङ्कन गर्न आवश्यक देखिएकोले यो लेखापरीक्षण गरिएको छ ।

परिच्छेद - २

लेखापरीक्षणको उद्धेश्य, क्षेत्र, पद्धति

७. **लेखापरीक्षणको उद्धेश्य :** दिगो विकासको लैङ्गिक समानता लक्ष्य प्राप्तिका लागिराजनीतिक, आर्थिक र सार्वजनिक जीवनको निर्णायक तहको नेतृत्वमा महिलाहरूको पूर्ण तथा प्रभावकारी सहभागिता र समान अवसरहरूको सुनिश्चितता गर्ने सूचक कार्यान्वयन र यससँग सम्बन्धित नीतिगत, कानूनी व्यवस्था र तीनको कार्यान्वयन अवस्था अध्ययन बिश्लेषण गरी देखिएकाव्यहोराहरु सुधार गर्न उपयुक्त सुझाब सहितको प्रतिवेदन तयार गर्नु लेखापरीक्षणको मुख्य उद्देश्य रहेको छ । लेखापरीक्षण उद्देश्य अनुरुप परीक्षण गर्न लेखापरीक्षण प्रश्न देहाय बमोजिम निर्धारण गरिएका थिए;

- दिगो विकास लक्ष्य ५.५ प्राप्त गर्न सम्बन्धित सबै तहका सरकारबाट गरिएका नीतिगत कानूनी, स्रोत व्यवस्था र कार्यक्रमहरु प्रयाप्त एवं उपयुक्त भए नभएको,
- लक्ष्य प्राप्तिका लागि व्यवस्था गरिएका नीति कानून र कार्यक्रम दक्षतापूर्वक पूर्ण र प्रभावकारी रुपमा कार्यान्वयन भए नभएको,
- लक्ष्य प्राप्तिका लागि गरिएका व्यवस्थाहरु कार्यान्वयन संयन्त्रहरु र अनुगमन व्यवस्था प्रभावकारी भए नभएको।

८. **लेखापरीक्षणको क्षेत्र :** संघीय संसद, संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, महिला वालवालिका तथा जेष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय योजना आयोग, निर्वाचन आयोग, निजीक्षेत्र (छनौट गरिएका बैंक तथा वित्तीय संस्था, सहकारी संस्था) लाई लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ । लेखापरीक्षणका लागि मूलभूतरुपमा २०७४ देखि २०७९ सम्मका तथ्य तथ्याङ्कहरु सङ्कलन गरिएको छ । लेखापरीक्षणको उद्देश्य प्राप्तिका लागि आबश्यकता अनुसार अन्य सम्बन्धित नियकायबाट समेत आवश्यक सूचना एवं जानकारी सङ्कलन गरिएको छ ।

९. **लेखापरीक्षण पद्धति :** नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७,कार्यमूलक लेखापरीक्षणका सिद्धान्त (ईसाई ३००) रलेखापरीक्षणका मानदण्ड (ईसाई ३०००) बमोजिम लेखापरीक्षण गरिएको छ। लेखापरीक्षण कार्यमा लेखापरीक्षण समिक्षा पत्र, लेखापरीक्षण योजनार लेखापरीक्षणका मानदण्ड (इसाई ३०००), कार्यमूलक लेखापरीक्षण निर्देशिका, २०६९, छलफल, प्रश्नावली, प्राथमिक तथा दोश्रो स्रोतको तथ्याङ्क विधिको आधारमा लेखापरीक्षण कार्यान्वयन गरी लेखापरीक्षण प्रतिवेदन तयार गरिएको छ । लेखापरीक्षणको उद्देश्यका लागि पर्याप्त र उचित प्रमाण सङ्कलन गर्न नियन्त्रणको परीक्षण, विश्लेषणात्मक कार्यविधि र विस्तृत विवरणको परीक्षणविधि अवलम्बन गरिएको छ । लेखापरीक्षणसँग सम्बन्धित कार्य सम्पादनको वार्षिक प्रतिवेदन, प्रमाण कागजात, तथ्याङ्क, सूचनाको परीक्षण र भिडान, निरीक्षण गणना, सम्बन्धित पक्षसँग सोधपुछ र छलफल, विश्लेषण आदि गरिएको छ ।

समग्रमा प्रक्रियामूलक र नतिजामूलक विधि उपयोग गरी लेखापरीक्षण गरिएको छ । लेखापरीक्षण आधारको रुपमा विषयसँग सम्बन्धित नीतिगत तथा कानूनी ब्यवस्थामा उल्लेख भएका विषयहरुलाई लिईएको छ । लेखापरीक्षणको दौरानमा र लेखापरीक्षण सम्पन्न भएपश्चात ब्यवस्थापनसँग देखिएका ब्यहोरा उपर छलफल गरी वहाँहरुको टिप्पणीलाई विचारगरी यो प्रतिवेदन तयार गरिएको छ । लेखापरीक्षणका बिभिन्न चरणमा आवश्यकतानुसार नागरिक समाज तथा संस्थाको संलग्नता गराइएको छ।

१०. **लेखापरीक्षण सीमितता :** लेखापरीक्षणका लागि उपलव्ध स्रोत साधन र समयको सीमा, नियन्त्रण जोखिमको मात्रातथालागत लाभको दृष्टिकोणबाट सम्पूर्ण क्षेत्रलाई लेखापरीक्षणको दायरामा समेट्न नसकिने र व्यवहारिक पनि नहुने हुँदा लेखापरीक्षण योजना मुताबिक सारभूत विषयको छनौट गरी लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणका लागि छनौट गरिएका निकायबाट लेखापरीक्षणार्थ उपलव्ध भएका विवरण, तथ्याङ्क, सूचनाको आधारमा विश्लेषण गरी लेखापरीक्षण निष्कर्ष निकालिएको छ ।

परिच्छेद - ३

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

नेपालको संविधानले महिलाको हकलाई मौलिक हकको रूपमा प्रत्याभूत गर्नु, समावेशीताको सिद्धान्त अवलम्वन गर्नुपर्ने संबैधानिक व्यवस्था गर्नु, लैङ्गिक बजेट तथा महिला सशक्तिकरणका कार्यक्रमले महिलाको क्षमता विकासजस्ता सकारात्मक पहलका कारण सबै क्षेत्रको नेतृत्व तहमा, सार्वजनिक तथा राजनीतिक जिम्मेवारीका साथै निजीत्रको व्यवस्थापकीय पदमा महिलाको संख्यात्मक उपस्थिति बढ्दै गएको छ । यसबाट लैङ्गिक समानता सम्बन्धी दिगो विकासको लक्ष्य प्राप्तिमा केही हदसम्म प्रगति गरेको देखिन्छ । तथापि सबै क्षेत्रको निर्णय तहमा पूर्ण र प्रभावकारी महिला सहभागिताका लागि थप सुधार गर्नुपर्ने देखिएका व्यहोराहरु देहायबमोजिम रहेका छन्;

११. **नीति कार्यान्वयन :** नेपालको संविधानले महिलाको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ। यसै सन्दर्भमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । दिगो विकास लक्ष्य प्राप्तिलाई समेत नीतिको आवश्यकताको रुपमा औंल्याएको पाइयो । नीतिको कार्यान्वयनका लागि महिलाहरुको क्षमता अभिबृद्धि, सकारात्मक बिभेद, नेतृत्व तहमा महिलाको प्रतिनिधित्व अभिवृद्धि गर्न समानुपातिक सहभागिता, कुप्रथाको अन्त्य, चेतनामूलक कार्यक्रम सञ्चालन, लैङ्गिक हिंसा बिरुद्ध शून्य सहनशीलता, लैङ्गिक उत्तरदायी बजेट, सार्वजनिक क्षेत्रमा हुने नियुक्तिमा लैङ्गिक समानता, निजी क्षेत्रका सेवा प्रबाहलाई महिलामैत्री बनाउने, सम्पत्तिमाथि महिलाको पहुँच बढाउने, महिला उद्यमशीलता प्रबर्द्धन गर्ने आदि कार्यनीति पहिचान गरेको पाइयो । नेतृत्व तहमा महिलाको प्रतिनिधित्व अभिवृद्धि गर्न समानुपातिक सहभागिताका लागि नीतिगत र कानूनी व्यवस्था गर्ने उल्लेख भए तापनि बिशेष गरी निजी क्षेत्रको निर्णायक तह र व्यावसायिक एवं प्राबिधिक कामदारमा महिलाको सहभागिता बढाउने सम्बन्धमा कार्यनीतिमा स्पष्ट उल्लेख भएको पाइएन ।

राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ जारी भए पश्चात सोको कार्यान्वयनका लागि आवश्यक पर्ने कानूनी एवं कार्यविधीगत व्यवस्था गरी सोही अनुरुपको कार्यन्वयन कार्ययोजना तयार गरेको पाइएन । नीति कार्यान्वयनमा रहेको अवस्थामा पनि सार्वजनिक एवं निजी क्षेत्रका नीति निर्माण र व्यवस्थापकीय पदमा महिलाको उपस्थिति कमै रहेको पाइयो । नीतिले यसको कार्यन्वयनका लागि संघ, प्रदेश र स्थानीय तहको संयुक्त भूमिकाको अपेक्षा गरेको देखिन्छ । नीतिको अपेक्षा अनुरुपका उद्देश्य हाँसिल गर्न एवं यसको सफल कार्यान्वयन लागि तीन वटै तहका सरकारबीच समन्वय कायम गरी लजिकल फ्रेमवर्क सहितको कार्य योजना तयार गरी तत्काल लागू गर्नुपर्दछ । राष्ट्रिय लैङ्गिक समानता नीति कार्यान्वयन कार्ययोजना पारित हुने अन्तिम चरणमा रहेको मन्त्रालयले जनाएको छ ।

१२. **संघीय संसदको प्रतिनिधि सभामा महिलासहभागिता :** नेपालको संविधान, २०७२ को धारा ८४ को उपधारा (१) मा प्रत्येक निर्वाचन क्षेत्रबाट एक जना रहने गरी पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली (प्रत्यक्षतर्फ) बमोजिम निर्वाचित हुने १६५ र समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने ११० सहित प्रतिनिधि सभामा २७५ सदस्य रहने र उपधारा (८) मा प्रत्येक राजनीतिक दलबाट निर्वाचित कूल सदस्य संख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनुपर्ने व्यवस्था छ । साथै दिगो विकास लक्ष्य ५.५ अनुसार सन् २०१९, २०२२, २०२५ र २०३० मा संसदमा महिलाको सहभागिता क्रमशः ३३ प्रतिशत, ३४.४ प्रतिशत, ३६.५ प्रतिशत र ४० प्रतिशत पुर्याउने लक्ष्य रहेको छ । निर्वाचन आयोग नेपालबाट प्राप्त विवरण अनुसार २०७४ र २०७९ मा सम्पन्न आमनिर्वाचनबाट प्रत्यक्षतर्फ प्रतिनिधि सभा सदस्यमा निर्वाचित महिला सांसदको संख्या देहायबमोजिम रहेको छः

प्रत्यक्ष निर्वाचनतर्फ २०७४						प्रत्यक्ष निर्वाचनतर्फ २०७९					
उम्मेदवारको संख्या			निर्वाचित संख्या			उम्मेदवारको संख्या			निर्वाचित संख्या		
महिला	पुरुष	महिला%	महिला	पुरुष	महिला%	महिला	पुरुष	महिला%	महिला	पुरुष	महिला%
१४६	१७९८	७.५१	६	१५९	३.६३	२२५	२१८६	९.३३	९	१५६	५.४५

माथिको तालिका अनुसार २०७४ मा सम्पन्न आमनिर्वाचनको प्रत्यक्षतर्फ कूल १९४४ उमेदवारमध्ये महिला उमेदवारको संख्या १४६ अर्थात ७.५१ प्रतिशत मात्र रहेको पाइयो । प्रतिनिधि सभाका कूल सदस्य संख्या २७५ मध्ये प्रत्यक्ष निर्वाचित महिला सदस्य संख्या ६ जना अर्थात २.१८ प्रतिशत मात्र भई बाँकी ३०.८१ प्रतिशत समानुपातिकतर्फबाट परिपूर्ति गरेको पाइयो। त्यसैगरी २०७९ मा सम्पन्ननिर्वाचनको प्रत्यक्षतर्फ कूल २४११ उम्मेदवारमध्ये महिला उम्मेदवारको संख्या २२५ अर्थात

९.३३ प्रतिशत मात्र रहेको पाइयो । प्रतिनिधि सभाका कूल सांसद संख्या २७५ मध्ये ९ जना महिला सदस्य अर्थात ३.२७ प्रतिशत मात्र प्रत्यक्ष निर्वाचित भएकोमा नपुग २९.७३ प्रतिशत समानुपातिकबाट परिपूर्ति गरेको पाइयो । प्रत्यक्षतर्फ न्यून संख्यामा महिला उम्मेदवार उठाइएको र निर्वाचित पनि कम भएको देखीयो । प्रत्यक्ष निर्वाचनमा न्यून संख्यामा महिलालाई उमेदवार बनाइनु र दलभित्र महिला उम्मेदवार प्रतिको विश्वास कमरहेको पाइयो । महिला सशक्तीकरण एबं चेतनामूलक कार्यक्रमहरुको कमी, राजनीतिक दलहरुमा महिला सदस्यहरु निर्णायक तहमा कम हुनु, राजनीतिक दलमा महिला सहभागिता समानुपातिक रुपमा नहुनु, महिलाका लागि आरक्षित संसदीय क्षेत्र नहुनु आदि कारणले संघीय संसदमा प्रत्यक्षतर्फ महिला उम्मेदवार संख्या समानुपातिक रुपमा कम रहेको देखियो । समानुपातिक समावेशीकरणलाई दिगो र प्रभावकारी बनाउन निर्वाचन आयोग, सम्बन्धित मन्त्रालय र निकाय, राजनीतिक दल लगायतका सरोकारवाला पक्षहरुको ध्यान जानुपर्दछ । साथै प्रत्यक्ष निर्वाचनमा समेत महिला उमेदवारका बीचमा मात्रै प्रतिस्पर्धा हुने कानूनी व्यवस्था गर्ने र सशक्तिकरण तथा निरन्तर प्रशिक्षणको माध्यमबाट दलभित्र आन्तरिक प्रतिस्पार्धाको वातावरण तयार गर्नुपर्ने देखिन्छ ।

१३. **प्रतिनिधि सभा विषयगत समितिमा महिला नेतृत्वको स्थिति :** प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७० मा सरकारलाई प्रतिनिधि सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा रायसल्लाह दिन संविधानको धारा ९७ बमोजिम बिभिन्न विषयगत समिति गठन गर्ने व्यवस्था छ । साथै नियम १७३ (२) मा कुनै सदस्यको प्रस्ताव तथा समर्थनका आधारमा समिति सभापति चयन हुने व्यवस्था छ । संविधान सभा निर्वाचन २०७० र आमनिर्वाचन २०७४ पछि गठन भएका समितिहरुमा महिला सांसदहरु (सभापतिहरु) को नेतृत्व स्थिति देहाय अनुसार रहेको पाइयो :

समिति संख्या	संविधान सभा २०७०			प्रतिनिधि सभा २०७४			
	महिला सभापति	पुरुष सभापति	महिला प्रतिशत	समिति संख्या	महिला सभापति	पुरुष सभापति	महिला प्रतिशत
१४	२	१२	१४	१६	९	७	५६

संविधान सभा निर्वाचन २०७० पश्चात गठन भएको सभामा १४ र २०७४ को आमनिर्वाचन पछि प्रतिनिधि सभामा १६ वटा विषयगत समिति गठन भएकोमा क्रमश: २ र ९ वटा समितिको सभापतिमा महिला सांसद रहेको पाइयो । संविधान सभा निर्वाचन २०७० को तुलनामा २०७४ मा ४२ प्रतिशतले महिला सभापतिको संख्या बढेको पाइयो । बि. सं.२०७० को संसदको तुलनामा २०७४ को संसदमा विषयगत समितिहरुको नेतृत्वमा महिला सांसदहरुको उपस्थिति उत्साहजनक भएतापनि यसलाई निरन्तरता दिन आवश्यक कानूनी तथा नीतिगत व्यवस्था नभएकोले यो अभ्यास भविष्यमा संस्थागत हुने सुनिश्चितता छैन ।यसलाइ दिगो र प्रभावकारी बनाउनकानूनी तथा नीतिगत व्यवस्था गरीसमाबेशी सिद्धान्त बमोजिम समितिको सभापतिमा महिलाको सुनिश्चितता हुने व्यवस्था गर्नेतर्फ सम्बन्धित निकायको ध्यान जानु पर्दछ ।

१४. **प्रदेशसभामा प्रत्यक्षतर्फ महिला सांसदको उपस्थिति :** नेपालको संविधान २०७२ को धारा १७६ को उपधारा (१) मा सम्बन्धित प्रदेशबाट प्रतिनिधि सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली (प्रत्यक्षतर्फ) बमोजिम निर्वाचित सदस्य संख्याको दोब्बर संख्यामा हुन आउने सदस्य संख्या अर्थात ३३० सदस्यलाई ६० प्रतिशत मानी बाँकी ४० प्रतिशत समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने र उपधारा (९) मा प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कूल सदस्य

संख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनुपर्ने व्यवस्था छ । साथै दिगो विकास लक्ष्य ५.५ अनुसार सन् २०१९, २०२२, २०२५ र २०३० मा प्रादेशिक संसदमा महिलाको सहभागिता क्रमशः ३३ प्रतिशत, ३४.४ प्रतिशत, ३६.५ प्रतिशत र ४० प्रतिशत पुर्याउने लक्ष्य रहेको छ । निर्वाचन आयोग नेपालबाट प्राप्त विवरण अनुसार २०७४ र २०७९ मा सम्पन्न आमनिर्वाचनमा प्रत्यक्ष र समानुपातिक प्रणालीबाट निर्वाचित सदस्य संख्या देहायबमोजिम रहेको छः

प्रत्यक्ष निर्वाचनतर्फ २०७४						प्रत्यक्ष निर्वाचनतर्फ २०७९					
उम्मेदवारको संख्या			निर्वाचित संख्या			उम्मेदवारको संख्या			निर्वाचित संख्या		
महिला	पुरुष	महिला %	महिला	पुरुष	महिला %	महिला	पुरुष	महिला %	महिला	पुरुष	महिला %
२४०	२९९८	७.४१	१७	३१३	३.०९	२८०	२९४४	८.६८	१४	३१६	२.५४

माथिको तालिका अनुसार २०७४ मा सम्पन्न प्रदेश सभा निर्वाचनको प्रत्यक्षतर्फ कूल ३२३८ उमेदवारमध्ये महिला उमेदवारको संख्या २४० अर्थात ७.४१ प्रतिशत मात्र रहेको पाइयो । प्रदेश सभाको कूल सदस्य संख्या ५५० मध्ये प्रत्यक्ष निर्वाचनबाट १७ जना अर्थात ३.०९ प्रतिशत मात्र निर्वाचित भई बाँकी २९.९१ प्रतिशत समानुपातिकबाट परिपूर्ति गरेको पाइयो ।त्यसैगरी २०७९ मा सम्पन्न निर्वाचनको प्रत्यक्षतर्फ कूल ३२२४ उम्मेदवार मध्ये महिला उम्मेदवारको संख्या २८० अर्थात ८.६८ प्रतिशत मात्र रहेको पाइयो । प्रदेश सभाका कूल सदस्य संख्या ५५० मध्ये प्रत्यक्ष निर्वाचित महिला सदस्य १४ जना अर्थात २.५४ प्रतितशत मात्र भई बाँकी ३०.४६ प्रतिशत समानुपातिकबाट पूर्ति गरेको पाइयो । प्रदेश सभा निर्वाचन २०७४ को तुलनामा २०७९ मा प्रत्यक्ष निर्वाचित महिला सांसदको संख्या ३ ले घटेको छ । बि.सं.२०७९ को निर्वाचनमा सुदूरपश्चिम र कर्णाली प्रदेशमा क्रमशः१३ र ३ जना महिला उम्मेदवार भएकोमा विजयी हुन सकेनन् ।निर्वाचनमा दलहरुले पुरुषको तुलनामा न्यून संख्यामा महिलालाई उम्मेदवारी दिएको पाइयो । यसले दलहरुमा महिला सशक्तिकरणको अवस्था कमजोर रहेको बुझिन्छ । प्रत्यक्ष निर्वाचनमा न्यून संख्यामा महिलालाई उमेदवार बनाइनु, दलभित्र महिला उम्मेदवार प्रतिको विश्वास कमहुनु, राजनीतिक दलहरुमा महिला सदस्यहरु निर्णायक तहमा कम हुनु, राजनीतिक दलमा महिला सहभागिता समानुपातिक रुपमा नहुनु, महिलाका लागि आरक्षित संसदीय क्षेत्र नहुनु आदि कारणले प्रत्यक्षतर्फनिर्वाचित महिला सांसदको संख्या कम रहेको पाईयो । समानुपातिक समावेशीकरणलाई दिगो र प्रभावकारी बनाउन सशक्तिकरण तथा निरन्तर प्रशिक्षणको माध्यमबाट दलभित्र समेत आन्तरिक प्रतिस्पर्धाको वातावरण तयार गर्नुपर्दछ । साथै प्रत्यक्ष निर्वाचनमा महिला उमेदवारका बिचमा मात्रै प्रतिस्पर्धा हुने कानूनी व्यवस्था हुनुपर्ने देखिन्छ ।

१५. **संघीय मन्त्रिपरिषदमा महिला प्रतिनिधित्व :** नेपालको संविधानको धारा ७६ को उपधारा ९ मा प्रधानमन्त्रीको सिफारिसमा संघीय संसदका सदस्यमध्यबाट समावेशी सिद्धान्तका आधारमा प्रधानमन्त्री सहित बढीमा २५ संदस्यीय मन्त्रपरिषद् गठन गर्ने व्यवस्था छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त प्रतिनिधि सभा सदस्य निर्वाचन २०७४ पश्चात गठन तथा पुनर्गठन भएका सरकारमा महिला सदस्यको संख्यात्मक स्थिति देहायबमोजिम रहेको पाइयो :

मन्त्रिपरिषद् गठन तथा बिस्तार भएको मिति	प्रधानमन्त्री सहित मन्त्रीको संख्या	महिला मन्त्रीको संख्या		महिलाको प्रतिशत
		मन्त्री	राज्यमन्त्री	
२०७४ फाल्गुण २ गते मन्त्रिपरिषद् गठन	३	१	०	३३.३३
२०७४ फाल्गुण १४ गते मन्त्रिपरिषद् बिस्तार	७	१	०	१४.२९

२०७४ चैत्र २ गते मन्त्रिपरिषद् हेरफेर	२२	२	२	१८.१८
२०७५ ज्येष्ठ १८ गते मन्त्रिपरिषद् हेरफेर	२४	२	२	१६.६७
२०७५ श्रावण १८ गते मन्त्रिपरिषद् हेरफेर	२५	३	१	१६
२०७५ फाल्गुण १६ गते मन्त्रिपरिषद् हेरफेर	२४	३	१	१६.६७
२०७६ श्रावण १५ गते मन्त्रिपरिषद् हेरफेर	२५	३	१	१६
२०७६ मंसिर ४ गते मन्त्रिपरिषद् हेरफेर	२५	२	०	८
२०७६ पौष ८ गते मन्त्रिपरिषद् हेरफेर	२३	२	०	८.७०
२०७६ पौष २५ गते मन्त्रिपरिषद् हेरफेर	२३	२	०	८.७०
२०७६ फाल्गुण ५ गते मन्त्रिपरिषद् हेरफेर	२४	३	०	१२.५०
२०७६ फाल्गुण ८ गते मन्त्रिपरिषद् हेरफेर	२२	२	०	९.५०
२०७६ फाल्गुण २० गते मन्त्रिपरिषद् हेरफेर	२१	२	०	९.५२
२०७७ भदौ १९ गते मन्त्रिपरिषद् हेरफेर	२१	२	०	९.५२
२०७७ असोज २८ गते मन्त्रिपरिषद् हेरफेर	२५	३	०	१२
२०७७ पौष १० गते मन्त्रिपरिषद् हेरफेर	२५	३	१	१६
२०७८ जेष्ठ ७ गते मन्त्रिपरिषद् हेरफेर	१८	३	१	२२.२२
२०७८ जेष्ठ २१ गते मन्त्रिपरिषद् हेरफेर	१७	१	१	५.८८
२०७८ जेष्ठ २७ गते मन्त्रिपरिषद् हेरफेर	२५	३	२	२०
२०७८ आषाढ १० गते मन्त्रिपरिषद हेरफेर	५	०	०	०
२०७८ आषाढ २९ गते मन्त्रिपरिषद् हेरफेर	५	१	०	२०
२०७८ श्रावण १० गते मन्त्रिपरिषद् हेरफेर	६	१	०	१६.६७
२०७८ असोज ८ गते मन्त्रिपरिषद् हेरफेर	७	१	०	१४.२८
२०७८ असोज २२ गते मन्त्रिपरिषद् हेरफेर	२५	५	१	२४
२०७८ असोज २४ गते मन्त्रिपरिषद् हेरफेर	२४	५	१	२५
२०७९ अषाढ २० गते मन्त्रिपरिषद् हेरफेर	२४	३	१	१६.६७

२०७४ फाल्गुण देखि २०७९ आषाढसम्म बिभिन्न समयमा मन्त्रिपरिषद् गठन तथा विस्तार भएको पाइयो । २०७८ आषाढ १० गते मन्त्रिपरिषद् हेरफेर हुँदा महिला सदस्यको संख्या शून्य रहेको र बाँकी २५ पटक गठन तथा बिस्तार हुँदा ८ प्रतिशत देखि ३३.३३ प्रतिशतसम्म महिला सदस्य रहेको पाइयो । समग्रमा पुरुषको तुलनामा महिलाको सहभागिता न्यून नै रहेको देखिन्छ । नेपालको संविधानले राज्यका सबै निकायमा महिलाहरुको समानुपातिक प्रतिनिधित्व गर्नुपर्ने व्यवस्था अनुरुप बाध्यकारी कानूनी व्यवस्थान गर्दा मन्त्रिपरिषदमा महिलाहरुको प्रतिनिधित्व न्यून हुने गरेको पाइयो । कानूनी व्यवस्था गरी संविधानको व्यवस्था अनुरुप समानुपातिक समाबेशी सिद्धान्तका आधारमा मन्त्रिपरिषद् गठन तथा बिस्तार गर्नेतर्फ सम्बद्ध पक्षको ध्यान जानुपर्दछ ।

१६. **प्रदेश मन्त्रिपरिषदमा महिला सहभागिता :** नेपालको संविधानको धारा १६८ को उपधारा (९) प्रदेश प्रमुखले मुख्यमन्त्रीको सिफारिसमा प्रदेश सभाका सदस्य मध्येबाट समावेशी सिद्धान्तबमोजिम मुख्यमन्त्री सहित प्रदेश सभाका कूल सदस्य संख्याको बीस प्रतिशतभन्दा बढी नहुने गरी प्रदेश मन्त्रिपरिषद् गठन गर्ने

व्यवस्था छ । प्रदेश सभा सदस्य निर्वाचन २०७४ पश्चात गठन तथा पुनर्गठन भएका सरकारमा महिला सदस्यको संख्यात्मक स्थिति देहायबमोजिम रहेको पाइयोः

प्रदेश नं./नाम	मन्त्रिपरिषद् गठन तथा पुनर्गठन भएको संख्या	महिला सहभागिता
प्रदेश नं. १	८ पटक	तीन पटक भएको मन्त्रिपरिषद् गठन तथा बिस्तारमा मा महिला सदस्यको संख्या शून्य रहेको र बाँकी ५ पटक गठन तथा बिस्तार हुँदा ११.११ प्रतिशत देखि २२.२२ प्रतिशतसम्म महिला सदस्य रहेको पाइयो । उक्त समयमा महिला मन्त्रीको कूल संख्या ७ रहेकोमा ५ जना राज्यमन्त्री रहेको पाइयो ।
मधेश प्रदेश	बिभिन्न समयमा	बिभिन्न समयमा मंन्त्रिपरिषद गठन तथा पुनर्गठन भइ २१.४३ प्रतिशत महिला सदस्य रहेकोमा सबैजना राज्यमन्त्रीको भूमिकामा रहेको पाइयो ।
वाग्मती प्रदेश	१० पटक	तीन पटक मन्त्रिपरिषद् गठन तथा बिस्तार हुँदा महिला सदस्यको संख्या शून्य रहेको र बाँकी ७ पटक गठन तथा बिस्तार हुँदा १२.५० प्रतिशत देखि ३३.३३ प्रतिशत सम्म महिला सदस्य रहेको पाइयो ।
गण्डकी प्रदेश	११ पटक	एक पटक भएको मन्त्रिपरिषद् गठन तथा बिस्तारमा महिला सदस्यको संख्या शून्य रहेको र बाँकी १० पटक गठन तथा बिस्तार हुँदा ८.३३ प्रतिशत देखि २५ प्रतिशत सम्म महिला सदस्य रहेको पाइयो ।
लुम्विनी प्रदेश	८ पटक	दुई पटक मन्त्रिपरिषद् गठन तथा बिस्तारमा हुँदा महिला सदस्यको संख्या शून्य रहेको र बाँकी ६ पटक गठन तथा बिस्तार हुँदा ११ प्रतिशत देखि ३३ प्रतिशत सम्म महिला सदस्य रहेको पाइयो ।
कर्णाली प्रदेश	४ पटक	एक पटकको मन्त्रिपरिषद् गठन तथा बिस्तारमा महिला सदस्यको संख्या शून्य रहेको र बाँकी ३ पटक गठन तथा बिस्तार हुँदा १२.५० प्रतिशत देखि १४.२८ प्रतिशत सम्म महिला सदस्य रहेको पाइयो ।
सुदूरपश्चिम प्रदेश	५ पटक	पाँच पटक मंन्त्रिपरिषद् गठन तथा पुनर्गठन भएकोमा ९.०९ प्रतिशत देखि ४५.४५ प्रतिशतसम्म महिला सदस्य रहेको पाइयो ।महिला मन्त्री मध्ये २७.२७ प्रतिशत राज्यमन्त्री रहेको पाइयो ।

उल्लेखित विवरणको बिश्लेषण गर्दा मन्त्रिपरिषद् गठन तथा बिस्तारमा महिलाको संख्या न्यून रहेको र केही प्रदेशमा संख्यात्मक उपस्थिति देखिएता पनि तुलनात्मक रुपमा महिलाहरु राज्यमन्त्रीको भूमिकामा रहेको देखिन्छ । नेपालको संविधानले राज्यका सबै निकायमा महिलाहरुको समानुपातिक प्रतिनिधित्व गर्नुपर्ने व्यवस्था अनुरुपको कानूनी व्यवस्था नगर्दा प्रदेश मन्त्रिपरिषदमा महिलाहरुको प्रतिनिधित्व न्यून हुने गरेको पाइयो । कानूनी व्यवस्था गरी संविधानको व्यवस्था अनुरुप समानुपातिक समाबेशी सिद्धान्तका आधारमा प्रदेश मन्त्रिपरिषद् गठन तथा बिस्तार गर्नेतर्फ सम्बन्धित प्रदेश सरकारको ध्यान जानुपर्दछ ।

१७. **स्थानीय तहमा महिला सहभागिताको स्थिति** : स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा १७ को उपदफा ४ मा मनोनयनपत्र पेश गर्दा दलले अध्यक्ष र उपाध्यक्ष, प्रमुख र उपप्रमुख तथा जिल्ला समन्वय समितिको प्रमुख र उपप्रमुखमध्ये पचास प्रतिशत महिला उम्मेदवार रहने गरी मनोनयनपत्र पेश गर्नुपर्ने व्यवस्था छ । गाउँपालिका र नगरपालिका अध्यक्ष/प्रमुख, उपाध्यक्ष/उपप्रमुख, वडाध्यक्ष र वडा सदस्य लगायतका पदाधिकारीहरु प्रत्यक्ष निर्वाचनबाट अर्थात पहिलो हुने निर्वाचित हुने व्यवस्था छ । देशमा

संघीय शासन प्राणाली लागू भएपछि २०७४ र २०७९ मा सम्पन्न भएको स्थानीय तहको निर्वाचनमा पालिकाको निर्णायक पदहरुमा महिलाको उपस्थिति देहाय अनुसार रहेको पाइयो:

निर्णायक पदहरु	स्थानीय तहको निर्वाचन २०७४						स्थानीय तहको निर्वाचन २०७९					
	दलले उठाएको उम्मेदवार संख्या			निर्वाचित			दलले उठाएको उम्मेदवार संख्या			निर्वाचित		
	पुरुष	महिला	महिला प्रतिशत	पुरुष	महिला	महिलाको प्रतिशत	पुरुष	महिला	महिला प्रतिशत	पुरुष	महिला	महिलाको प्रतिशत
जि.स.स. प्रमुख	-	-	-	७५	२	२.५९	-	-	-	७३	४	५.१९
जि.स.स. उपप्रमुख	-	-	-	३१	४६	५९.७४	-	-	-	४५	३२	४१.५६
पालिका अध्यक्ष/ प्रमुख	५४६८	३६८	६.३०%	७३५	१८	२.३९%	५९४६	३८४	६.००%	७२८	२५	३.३२ %
पालिका उपाध्यक्ष/ उपप्रमुख	७७१	३५९३	८२.३३	५३	७००	९२.९६%	१०४९	३०७८	७४.५८	१८४	५६९	७५.३ %
वडा अध्यक्ष	३१२१०	१०५६	३.२७	६६८१	६१	०.९०%	३१५५०	९४५	२.९०%	६६७५	६८	१.००%

बि.सं.२०७४ को स्थानीय निर्वाचनमा जिल्ला समन्वय समिति प्रमुखको निर्वाचनमा ७७ मध्ये ७५ जना अर्थात ९७.४१ प्रतिशत पुरुष र २ जना अर्थात २.५९ प्रतिशत मात्र महिला निर्वाचित भएकोमा उप प्रमुखमा ४६ जना अर्थात ५९.७४ प्रतिशत महिला निर्वाचित भएको पाइयो । त्यसैगरी २०७९ को निर्वाचनमा ७३ जना अर्थात ९४.८० प्रतिशत पुरुष र ४ जना अर्थात ५.२० प्रतिशत मात्र महिला निर्वाचित भएकोमा उप प्रमुखमा ३२ जना अर्थात ४१.५५ प्रतिशत महिला निर्वाचित भएको पाइयो । जिल्ला समन्वय समितिको निर्वाचन २०७४ को तुलनामा २०७९ मा प्रमुख पदमा महिलाको संख्या २.६० प्रतिशतले बढेको भएतापनि उप प्रमुखमा भने १८.१८ प्रतिशतले घटेको पाइयो ।

स्थानीय तहको निर्वाचन २०७४ मा राजनीतिक दलहरुले पालिका प्रमुख पदका लागि कूल ५८३६ जनालाई मनोनयन गरेको पाइयो । सोमध्ये ५४६८ अर्थात ९३.७० प्रतिशत पुरुष र ३६८ जना अर्थात ६.३० प्रतिशत महिलालाई उम्मेदवार बनाएको पाइयो । कूल ७५३ पदमध्ये ७३५ पुरुष र १८ जना अर्थात २.३९ मात्रै महिला निर्वाचित भएको पाइयो । त्यसैगरी पालिका उपाध्यक्ष/उपप्रमुख पदका लागि कूल ४३६४ जनालाई उम्मेदवार बनाएकोमा ७७१ अर्थात १७.६७ प्रतिशत पुरुष र ३५९३ अर्थात ८२.३३ प्रतिशत महिला रहेको पाइयो । कूल ७५३ पदमध्ये क्रमश: ५३ जना अर्थात ७ प्रतिशत पुरुष र ७०० जना अर्थात ९३ प्रतिशत महिला निर्वाचित भएको पाइयो । वडा अध्यक्षका जम्मा उमेदवार ३२२६६ मध्ये पुरुष ३१२१० अर्थात ९६.७३ प्रतिशत र महिला १०५६ अर्थात ३.२७ प्रतिशत रहेकोमा कूल ६७४२ निर्वाचित वडा अध्यक्षमध्ये पुरुष ६६८१ अर्थात ९९ प्रतिशत र महिला ६१ जना अर्थात १ प्रतिशत मात्रै रहेको पाइयो ।

त्यसैगरी २०७९ मा सम्पन्न स्थानीय तहको निर्वाचनमा राजनीतिक दलले पालिका प्रमुख पदका लागि कूल ६३३० जनालाइ उम्मेदवार बनाएको पाइयो । सोमध्ये ५९४६ अर्थात ९४ प्रतिशत पुरुष र

३८४ जना अर्थात ६ प्रतिशत महिला उम्मेदवार रहेको पाइयो । कूल ७५३ पदमध्ये ७२८ पुरुष र २५ जना अर्थात ३.३२ प्रतिशत महिला निर्वाचित भएको पाइयो । त्यसैगरी पालिका उपाध्यक्ष/उपप्रमुख पदका लागि कूल ४१२७ जनालाइ उम्मेदवार बनाएकोमा १०४९ अर्थात २५.४२ प्रतिशत पुरुष र ३०७८ अर्थात ७४.५८ प्रतिशत महिला रहेको पाइयो । कूल ७५३ उपाध्यक्ष/उपप्रमुख पदमध्ये १८४ जना अर्थात २४.४३ प्रतिशत पुरुष र ५६९ जना अर्थात ७५.५६ प्रतिशत महिला निर्वाचित भएको पाइयो। पालिकाको उपप्रमुख/उपाध्यक्ष पदमा २०७४ को निर्वाचनमा उत्साहजनक सहभागीता ९२.९६ प्रतिशत देखिएकोमा यो हिस्सा २०७९ मा आएर घटेको देखिन्छ । वडा अध्यक्षका जम्मा उमेदवार ३२४९५ मध्ये पुरुष ३१५५० अर्थात ९७ प्रतिशत र महिला ९४५ अर्थात ३ प्रतिशत रहेको छ । कूल ६७४३ निर्वाचित वडा अध्यक्षमध्ये पुरुष ६६७५ अर्थात ९९ प्रतिशत र महिला ६८ जना अर्थात १ प्रतिशत मात्रै रहेको पाइयो । स्थानीय तहका दुबै निर्वाचनमा राजनीतिक दलले अध्यक्ष/प्रमुख र वडा अध्यक्ष पदका लागि महिलाभन्दा पुरुषलाई बढी प्राथमिकता दिएको पाइयो भने उपाध्यक्ष/उपप्रमुख पदका लागि महिलालाई उमेदवार बनाएको पाइयो । तीनवटै पदमा २०७४ को निर्वाचनभन्दा २०७९ को निर्वाचनमा पुरुष उमेदवारको संख्या बृद्धि भएको छ । स्थानीय तहको निर्वाचन २०७४ मा अध्यक्ष/प्रमुख, उपाध्यक्ष/उपप्रमुख र वडा अध्यक्ष पदमा कूल उमेदवारमध्ये क्रमश:६.३०, ८२.३३र ३.२७ प्रतिशत महिला रहेकोमा २०७९ को निर्वाचनमा यो संख्या क्रमश:६, ७४.५८र २.९० प्रतिशत रहि घटेको पाइयो।

निर्वाचन सम्बन्धी प्रचलित ऐनमा दुई या दुईभन्दा बढी राजनीतिक दलहरुले गठबन्धन गर्दा फरक—फरक पार्टीबाट प्रमुख र उपप्रमुखमा उम्मेदवारी दिँदा फरक लिङ्गको हुनुपर्ने अनिवार्य व्यवस्था नभएका कारण स्थानीय तहको जिम्मेवार पदहरुमा महिलाको संख्यात्मक उपस्थिति घटेको देखिन्छ। यसले महिला नेतृत्व विकासर सशक्तिकरणलाई समेतअसर गर्ने भएकोले आगामी निर्वाचनहरूमा लैंगिक तथा सामाजिक समावेशीकरणलाई प्रोत्साहन गर्ने नीतिगत/कानूनीव्यवस्था गर्नेतर्फ ध्यान जानुपर्दछ । स्थानीय तहको निर्णायक मानिने पदहरु अध्यक्ष/प्रमुख, उपाध्यक्ष/उप प्रमुखर वडा अध्यक्ष जस्ता प्रमुख पदहरुमा महिलाको सहभागितालाइ थप सुनिश्चित गर्न निर्वाचन सम्बन्धी बिद्यमान कानूनी व्यवस्थामा सुधार गरि महिला सहभागिता सुनिश्चित गर्नेतर्फ समेत ध्यान दिनु पर्दछ । दलहरू भित्र पनि सकारात्मक विभेदको अभ्यास राज्यका अन्य निकाय सरह अवलम्बन हुन सकेमा महिलाको राजनीतिक सशक्तिकरण अर्थपूर्ण हुने देखिन्छ ।

१७.१. स्थानीय तहका निर्णायक पदहरुमा महिला सहभागिताको सुनिश्चतता र प्रभावकारीताका लागि भक्तपुरको भक्तपुर नगरपालिका र काठमाण्डौंको नागार्जुन नगरपालिकाका उप प्रमुख सहित ८ जना निर्वाचित पदाधिकारीसँग २०७९।११।८ मा छलफल गर्दा प्रत्येक पालिका निश्चित वडाहरु छुट्याइ उक्त वडाहरुमा महिला उमेदवारबीच मात्रै चुनावी प्रतिस्पर्धा गराउनु पर्ने, राजनीतिक दलका जिम्मेवार तहमा महिलाको उपस्थिति बढाउनु पर्ने, स्थानीय तहको निर्वाचन सम्बन्धी प्रचलित कानूनी व्यवस्थाको कडाइका साथ कार्यन्वयन हुनुपर्ने, महिला सशक्तिकरणमा बिशेष जोड दिनुपर्ने, निर्वाचित भए पश्चात सम्बन्धित पदको कार्य विवरणसँग मेल खाने विषयबस्तु राखि व्यवहारिक तालीम दिनुपर्ने, तालीम तथा क्षमता विकासको स्पष्ट नीतिगत तथा संस्थागत व्यवस्था हुनुपर्ने, न्यायीक समितिकानिर्णय प्रभावकारी रुपमा कार्यन्वयन गर्न वडा स्तर सम्म मेलमिलाप केन्द्र स्थापना गरिनुपर्ने जस्ता सुझावहरु प्राप्त भएको छ । सम्बद्ध निकायले यसतर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

१८. **निजी, सहकारी र व्यावसायिक तथा प्राबिधिक क्षेत्रमा महिला सहभागिता** : दिगो विकास लक्ष्य ५.५.२ को क्र.सं.१ मा निजी क्षेत्रको व्यवस्थापकीय पदमा महिलाको सहभागिता, क्र.सं.२ मा सहकारी क्षेत्रको व्यवस्थापकीय पदमा सहभागिता र क्र.सं. ४ मा व्यावसायिक र प्राबिधिक कामदारहरुमा महिलाको अनुपात बढउदै लैजाने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न अनुसार छन्:

१८.१. **निजीक्षेत्रका व्यवस्थापकीय पदमा महिलाको सुनिश्चितता सम्बन्धी व्यवस्था** : दिगो विकास लक्ष्य बर्तमान अवस्था र भावी मार्गचित्र, २०१६.३० कोलक्ष्य नं.५.५.२(१) मानिजी क्षेत्रको निर्णायक तहमा सन् २०१५ सम्म २५, २०१९ सम्म ३०.३, २०२२ सम्म ३४.३ प्रतिशत र सन् २०३० सम्म ४५ प्रतिशत महिला सहभागिता गराउने लक्ष्य रहेको छ । नेपाल सरकारको राष्ट्रिय लैङ्गिक समानता नीति २०७७ को बुँदा नं.११(च) मा सबै क्षेत्रको नेतृत्व तहमा महिलाको समानुपातिक सहभागिताका लागि नीतिगत र कानूनी व्यवस्था गरिने उल्लेख गरेको छ। सरकारी तथा सार्वजनिक क्षेत्रका पदहरुमा महिलाको सुनिश्चितता गर्ने सम्बन्धमा कानूनी व्यवस्था भए तापनि संगठित निजीक्षेत्र (जस्तै: बैङ्किङ क्षेत्र, बीमा क्षेत्र, शिक्षण संस्था) का व्यवस्थापकीय पदहरुलाई समाबेशी बनाउन महिलाको सेवाप्रबेश तथा दिगोपनालाई सुनिश्चित गर्ने कानूनी व्यवस्था भएको पाइएन । व्यवस्थापकीय पदमा महिलाको सहभागिता बढाउने सम्बन्धमा विषय क्षेत्रगत नियामक निकायहरु सहकारी बिभाग, बीमा प्राधिकरण र नेपाल राष्ट्र बैंकबाट प्राप्त सूचना एबं जानकारी अनुसार उक्त क्षेत्रको निर्णायक तथा व्यवस्थापकीय तहमा महिलाको सहभागिता सुनिश्चित गर्ने पर्याप्त नीतिगत तथा कानूनी व्यवस्था भएको पाइएन ।

१८.२. **बीमा कम्पनीहरुको व्यवस्थापकीय पदमा महिलाको उपस्थिति** : बीमा कम्पनीहरुको नियामक निकाय नेपाल बीमा प्राधिकरणबाट प्राप्त विवरण अनुसार हाल सञ्चालनमा रहेका बीमा कम्पनीको व्यवस्थापकीय तथा निर्णायक तहमा कार्यरत महिला कर्मचारीको संख्या देहाय अनुसार रहेको पाइयो:

सि.नं.	बीमाकम्पनीको प्रकार	कूल व्यवस्थापकीय पद संख्या	महिलाको संख्या	महिला प्रतिशत
१	जीवन बीमाकम्पनी	२६२	३८	१४.५
२	निर्जीबनबीमा कम्पनी	६६५	१४५	२१.८
३	पुनर्बीमाकम्पनी	२५	५	२०.००
	जम्माः	**९५२**	**१८८**	**१९.७४**

नेपाल बीमा प्राधिकरणबाट इजाजत प्राप्त जीवन बीमा कम्पनी, निर्जिवन बीमा कम्पनीहरु र पुनर्बीमा कम्पनीमध्ये क्रमश: १५, १८ र २ कम्पनीबाट प्राप्त कर्मचारी सम्बन्धी विवरण अनुसार जीवन बीमा कम्पनीतर्फ बिभिन्न १५ वटा कम्पनीमा प्रबन्धक वा सोभन्दा माथिल्ला पदमा २६२ जना कर्मचारी कार्यरत रहेकोमा महिला कर्मचारीको संख्या ३८ अर्थात १४.५० प्रतिशत, निर्जीवन बीमा कम्पनीतर्फ बिभिन्न १८ वटा कम्पनीमा प्रबन्धक वा सोभन्दा माथिल्ला पदमा ६६५ जना कर्मचारी कार्यरत रहेकोमा महिला कर्मचारीको संख्या १४५ अर्थात २१.८० प्रतिशत र २ वटा पूनर्वीमा कम्पनीतर्फ प्रबन्धकभन्दा माथिल्ला पदमा २५ जना कार्यरत रहेकोमा ५ जना अर्थात २० प्रतिशत मात्रै महिला कार्यरत रहेको पाइयो ।

१८.३. **बैङ्किङ तथा वित्तीय संस्थाको व्यवस्थापकीय तहमा महिलाको उपस्थिति** : बैक तथा वित्तीय संस्थाको नियामक निकाय नेपाल राष्ट्र बैंकबाट प्राप्त विवरण अनुसार बैंक तथा वित्तीय संस्थाको प्रबन्धक वा सोभन्दा माथिल्ला व्यवस्थापकीय पदमा कार्यरत कर्मचारीमध्ये महिलाकर्मचारीको संख्या देहायअनुसार रहेको पाइयो:

सि.नं.	बैंक तथा वित्तीय	निर्णायक पदमा	निर्णायक पदमा कार्यरत मध्ये

	संस्थको प्रकार	कार्यरत संख्या	पुरुषकर्मचारीको संख्या	महिला कर्मचारीको संख्या	महिलाको प्रतिशत
१	वाणिज्य बैंक	३०४९	२४६९	५८०	१९.००%
२	विकास बैंक	२७७	२५५	२२	७.९४%
३	फाइनान्स कम्पनी	१३५	११७	१८	१३.३३%
४	लघुबित्त संस्था	६६०	६०१	५९	८.९३%
	जम्मा	**४१२१**	**३४४२**	**६७९**	**१६.४७%**

नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त वाणिज्य बैंक, विकास बैक, बित्त कम्पनी र लघुबित्त संस्थाहरुको निर्णायक तह अर्थात प्रबन्धक वा सोभन्दा माथिल्ला पदमा कार्यरत जम्मा ४१२१ कर्मचारीमध्ये ६७९ जनाअर्थात १६.४७ प्रतिशत मात्रै महिला कार्यरत रहेको विवरण प्राप्त भएको छ। वाणिज्य बैक, विकास बैंक, फाइनान्स कम्पनी र लघुबित्त संस्थाहरुमा २०७९ पौष मसान्तसम्म प्रबन्धक वा सोभन्दा माथिल्लो तहमा क्रमश: २४६९, २५५, ११७ र ६०१ जना कर्मचारी कार्यरत रहेकोमा वाणिज्य बैकमा ५८० अर्थात १९ प्रतिशत, विकास बैंकमा २२ अर्थात ७.९४ प्रतिशत, वित्त कम्पनीमा १८ अर्थात १३. ३३ प्रतिशत र लघुबित्त संस्थातर्फ ५९ अर्थात ८.९३ प्रतिशत मात्रै महिला कर्मचारी कार्यरत रहेको पाइयो । कूल व्यवस्थापकीय पदको १६.४७ प्रतिशत महिला कर्मचारी रहेको पाइयो । बाणिज्य बैंकहरुमा प्रमुख कार्यकारी अधिकृत १७, बरिष्ठ उप-प्रमुख कार्यकारी अधिकृत ४, सहायक प्रमुख कार्यकारी अधिकृत १३, बरिष्ठ उप-महाप्रबन्धक २ र कार्यकारी प्रबन्धक २ जना कार्यरत रहेकोमा महिलाको उपस्थिति नरहेको पाइयो । त्यसैगरी विकास बैंकतर्फ प्रमुख ८ पदमा ४२ जना कार्यरत रहेकोमा महिला कर्मचारीको उपस्थिति देखिएन । बित्त कम्पनी र लघुबित्त संस्थाको क्रमश: ७ र ६ वटा व्यवस्थापकीय पदमा महिला कर्मचारी कार्यरत रहेको पाइएन । दिगो विकास लक्ष्यले निर्धारण गरेको माइलस्टोन अनुसार सन् २०२२ सम्ममा महिला कर्मचारीको संख्या ३४.३ प्रतिशत पुर्याउने लक्ष्य राखेकोमा १६.४७ प्रतिशत मात्र हाँसिल भई १७.८३ प्रतिशत पुराहुन बाँकी रहेको पाइयो।

१८.४. बैंकिङ्ग तथा बीमा क्षेत्र जस्ता संस्थागत र तुलनात्मक रुपमा राम्रो नियमनकारी व्यवस्था भएका क्षेत्रमा समेत महिला उपस्थिति न्यून रहेको छ । निजि क्षेत्रहरुमा रहेका फर्म, कम्पनी आदिमा महिलाको उपस्थिति बारे तथ्यांक राख्ने, विश्लेषण गर्ने र उपयुक्त कानूनी वा नीतिगत व्यवस्था मार्फत सम्बोधन गर्ने प्रणाली रहेको देखिदैन ।

१८.५. दिगो विकास लक्ष्य ५.५.२ को क्र.सं.४ बमोजिम व्यावसायिक तथा प्राविधक कामदारहरुमा महिला पुरुषको अनुपात सन् २०१९, २०२२, २०२५ र २०३० मा क्रमश २८, ३१, ३५ र ४० प्रतिशत पुर्याउने लक्ष्य रहेको छ । राष्ट्रिय तथ्याङ्क कार्यालबाट प्राप्त विवरण अनुसार नेपाल स्तरीय औद्योगिक बर्गीकरण अनुसार त्यस क्षेत्रमा कार्यरत व्यक्तिलाइ व्यावसायिक कामदार र पेशागत बर्गिकरण अनुसारका क्षेत्रमा संलग्न व्यक्तिलारइ व्यावसायिक कामदार भनी परिभाषित गरेको पाइयो। उक्त विवरण अनुसार आर्थिक बर्ष २०७४।७५ मा सञ्चालित आर्थिक गणना अनुसार व्यावसायिक क्षेत्रमा संलग्न कूल कामदार ३२ लाख २८ हजार ४७५ मध्ये १२ लाख १६ हजार २२० अर्थात ३७.७० प्रतिशत महिला र २० लाख १२ हजार २३७ अर्थात ६२.३० प्रतिशत पुरुष कामदार संलग्न रहेको पाइयो । प्राबिधिक क्षेत्रमा कार्यरत कामदारको विवरण प्राप्त हुन आएन । यस क्षेत्रमा महिलाको सहभागिता दर्शाउने महिला सम्बन्धी सम्पूर्ण तथ्याङ्क, सूचना तथा जानकारी अद्यावधिक गर्ने गरी लैंगिक तथ्याङ्क प्रणालीमार्फत नियमित अनुगमन तथा मूल्याङ्कन गर्नेतर्फ निकायले ध्यान दिनुपर्दछ ।

निजी क्षेत्रको निर्णायक तहमा महिला सहभागितालाई सुनिश्चित गर्न नीतिगत एवं कानूनी व्यवस्था गरी सोको पूर्ण र प्रभावकारी कार्यान्वयनका नियामक निकायबाट निरन्तर अनुगमन हुनुपर्दछ । साथै निजीक्षेत्रमा कार्यरत महिलाको स्थिति दर्शाउने सम्पूर्ण तथ्याङ्क, सूचना एवं जानकारी अद्यावधिक गर्न लैंगिक तथ्यांक प्रणालीमार्फत नियमित अनुगमन तथा मूल्याङ्कन गर्नेतर्फ समेत निकायले ध्यान दिनुपर्दछ।

१९. **सहकारी क्षेत्रको व्यवस्थापकीय तहमा महिला सहभागिता** : राष्ट्रिय योजना आयोगको दिगो विकास लक्ष्यको वर्तमान अवस्था र भावी मार्गचित्र २०१६.३० मा सन् २०१५ देखि २०३० सम्म सहकारी क्षेत्रको व्यवस्थापकीय पदहरुमा महिलाहरुको उपस्थिति ५० प्रतिशत पुर्याउने लक्ष्य रहेको छ । यस सम्बन्धमा थप अध्ययन विश्लेषणका लागि सहकारी बिभागलाइ आवश्यक विवरण उपलव्ध गराउन दिन पत्राचार गरिएकोमा देशमा संघीय शासन प्रणाली लागू भएपश्चात बिभाग मातहत कुनै पनि कार्यालय सञ्चालनमा नरहेको, नियमित रुपमा सूचना एवं विवरणहरु प्राप्त नभएको हुँदा माग भएका विवरण उपलव्ध गगराउन नसकिएको जानकारी प्राप्त भएको छ । सूचना एवं तथ्याङ्कको अभावमा सहकारी क्षेत्रको व्यवस्थापकीय तहमा महिलाको स्थिति अध्ययन विश्लेषण गर्न सकिएन । विभागले सहकारी संस्थाहरुको प्रबर्द्धन, तालिम तथा प्रभावकारी नियमनका प्रयोजनका लागि आधारभूत तथ्याङ्कहरु स्थानीय स्तर देखि राष्ट्रिय स्तरसम्म ईन्टरनेटमा आधारित सहकारी तथा गरिवी व्यवस्था सूचना प्रणाली (COPOMIS) सञ्चालनमा ल्याएकोमा उक्त प्रणालीमा हालसम्म १४४७० सहकारी संस्था आबद्ध भएको पाइयो । सहकारी संस्थाको संचालक समिति, विषयगत समिति, व्यवस्थापकीय तहमा महिलाको स्थिति लगायतका विवरण सहितको एकीकृत राष्ट्रिय तथ्यांक अद्यावधिक गर्नेतर्फ सम्बद्ध निकायले ध्यान दिनुपर्दछ ।

२०. **सार्वजनिक क्षेत्रको नीति निर्माण पदमा महिला सहभागिता** : नेपालको संविधानको धारा २८५ को उपधारा २ मासंघीय निजामती सेवा लगायत सबै संघीय सरकारी सेवामा प्रतियोगितात्मक परिक्षाद्वारा पदपूर्ति गर्दा संघीय कानूनबमोजिम खुला र समानुपातिक समाबेशी सिद्धान्तका आधारमा हुने व्यवस्था छ । दिगो विकास लक्ष्यको ५.५ को ५.५.२ अन्तर्गत सार्वजनिक सेवाका नीति निर्माणका पदहरुमा महिलाको उपस्थिति क्रमशः बढाउदै लैजाने उल्लेख गरेको छ □ समावेशीताको सिद्धान्त अवलम्बन गरेका सार्वजनिक क्षेत्रमा नीति निर्माण तहमा महिला सहभागिता सहभागिता सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छनः

२०.१. **निजामती सेवामा महिला सहभागिताको सुनश्चितता सम्बन्धी व्यवस्था** : निजामती सेवा ऐन, २०४९ को दफा ७(१) मा निजामती सेवाको पदपूर्ति गर्दा राजपत्रांकित प्रथम श्रेणी, सह सचिव वा सो सरह पदको रिक्त पद संख्यामध्ये १० प्रतिशत खुला प्रतियोगिताका माध्यमबाट पूर्ति गर्ने व्यवस्था छ । साथै सोही दफाको उपदफा ७ मा निजामती सेवालाई समाबेशी बनाउन खुल्ला प्रतियोगिता पूर्ति हुने पदमध्ये ४५ प्रतिशत छुट्टयारइ सोलाई शतप्रतिशत मानी महिलालाई ३३ प्रतिशत आरक्षण गर्ने व्यवस्था छ । त्यसैगरी उपदफा १० मा समाबेशी तर्फका पदमा उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा त्यस्तो पद अर्को वर्ष हुने विज्ञापनमा समावेश गरिने र त्यसरी विज्ञापन गर्दा पनि उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा त्यस्तो पद सोही वर्ष खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गर्नुपर्ने व्यवस्था छ । साथै दिगो विकास लक्ष्य बर्तमान अवस्था र भाबि मार्गचित्र २०१६.३० को ५.५.२.३ मा सन् २०१९, २०२२, २०२५ र २०३० सम्म सार्वजनिक सेवाको नीति निर्माणका पदमा महिलाको संख्या क्रमशः १७ प्रतिशत, २१.३ प्रतिशत, २५.७ प्रतिशतर ३३ प्रतिशत पुर्याउने लक्ष्य लिएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त २०७८।७९ सम्मको पदपूर्ति विवरण अनुसार मुख्य सचिब १, सचिव ७२, सहसचिव ७८३, उपसचिव ४१३८ पदपूर्ति भएकोमा क्रमशः मुख्य सचिवमा महिला नभएको,

सचिवमा ७ जना अर्थात ९.७२ प्रतिशत, सहसचिवमा ८३ जना अर्थात १०.६० प्रतिशत र उपसचिवमा ६३० जना अर्थात १५.२२ प्रतिशत भई समग्रमा १४.४१ प्रतिशत मात्रै महिला सहभागिता रहेको पाइयो ।

२०.२. स्थानीय निकाय अन्तर्गत ६ वटा महानगरपालिका, ११ वटा उप-महानगरपालिका, २७६ वटा नगरपालिका र ४६० वटा गाँउपालिकामा कूल ७५३ जना प्रमुख प्रशासकीय अधिकृत कार्यरत रहेकोमा महिलाको संख्या ९ जना अर्थात १.१९ प्रतिशत मात्र रहेको पाइयो । महानगरपालिका र उप-महानगरपलिकामा प्रमुख प्रशासकीय अधिकृत पदमा महिला कार्यरत रहेको पाइएन । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार जिल्लामा समग्र समन्वय कायम गर्ने, गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासका लागि संघ तथा प्रदेशसँग सम्पर्क गर्ने, स्थानीय तहका बिवाद समाधान गर्ने जस्ता महत्वपूर्ण जिम्मेवारी रहेको जिल्ला समन्वय समितिको ७७ वटा जिल्ला समन्वय अधिकारीमध्ये ४१ वटा पदपूर्ति भएको पाइयो। सोमध्ये २ जना अर्थात ४.८७ प्रतिशत मात्र महिला कार्यरत रहेको पाइयो । समग्रमा निजामती सेवामा महिला कर्मचारीको संख्या बढ्दै गएतापनि निर्णायक तहमा भने महिलाको उपस्थिति पुरुषको तुलनामा न्यून नै रहेको छ।

यसले निजामती सेवामा महिलाको संख्यामा वृद्धि भए पनिनिर्णायक तहमा न्यून उपस्थिति रहेको पाइयो । प्रवेशका पदहरुमा महिला संख्या बढेको भए तापनि उच्च तहमा महिलालाई अवसरको सुनिश्चतता, महिला कर्मचारी लक्षित नेतृत्वक्षमता विकास (leadership capacity development) कार्यक्रम,कर्मचारी पदस्थापन तथा सरुवा प्रणाली अनुमानयोग्य नहुँदा महत्वपूर्ण जिम्मेवारी बोकेका निर्णायक पदहरुमा महिला कर्मचारीको संख्या तुलनात्मक रुपमा कम रहेको छ।

सार्वजनिक सेवामा महिलाको आकर्षण बढाउने, अभिमूखीकरण, सचेतनामूलक तथा क्षमता विकास कार्यक्रम निरन्तर सञ्चालन गरिनु पर्दछ । उच्च ओहदा, नेतृत्वतह, नीति निर्माणमा रहेका महिलालाई नमूनाको रूपमा लिदै आगामी पुस्ताका महिलालाई समेत सार्वजनिक सेवामा उत्प्रेरित गर्ने नीति अवलम्बन गर्नुपर्दछ ।

२०.३. **त्रिभुवन बिश्वबिद्यालयमा महिला सहभागिता** : त्रिभुवन बिश्वबिद्यालय शिक्षक तथा कर्मचारी सेवा सम्बन्धी नियम, २०५० को नियम ६ उपनियम ३(५) मा विश्वविद्यालयलाई समावेशी बनाउन खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये ४५ प्रतिशत छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी महिलालाई ३३ छुट्याउने गरेको भए तापनि सेवा प्रबेशको शुरुका पदहरुमा (शिक्षणतर्फ उप-प्राध्यापक वा सो सरह र प्रशासनतर्फ शाखा अधिकृत वा सो सरह) बाहेक खुला प्रतियोगिताका माध्यमबाट पदपूर्ति हुने माथिल्ला पदमा आरक्षणको व्यवस्था गरेको पाइएन । साथै उपनियम ३(५) बमोजिम छुट्ट्याइएको पदमा उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा सोही वर्ष खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गर्नुपर्ने व्यवस्था गरेको पाइयो । बिश्वबिद्यालयको शिक्षक नियुक्तिको सिफारिस सम्बन्धी विनियम, २०७५ को नियम ८ मा सह प्राध्यापक र प्राध्यापक जस्ता माथिल्ला पदमा २० प्रतिशत खुल्ला प्रतियोगिताका आधारमा पदपूर्ति गर्ने व्यवस्था छ । सेवा प्रबेशको शुरुका पदहरु बाहेक खुला प्रतियोगिताबाट पूर्ति हुने सह .प्राध्यापक, प्राध्यापक जस्ता माथिल्ला पदमा समाबेशीताको व्यवस्था गरेको पाइएन । नेपालको संविधानको धारा २८५ को उपधारा २ मा संघीय निजामती सेवा लगायत सबै संघीय सरकारी सेवामा प्रतियोगितात्मक परिक्षाद्वारा पदपूर्ति गर्दा संघीय कानूनबमोजिम खुला र समानुपातिक समाबेशी सिद्धान्तका आधारमा गर्नुपर्ने भएकोले उक्त व्यवस्था बमोजिम गर्नुपर्ने देखिन्छ। त्रिभुवन विश्वविद्यालय, रजिष्ट्रार

कार्यालयबाट प्राप्त विवरण अनुसार त्रिभुवन बिश्वबिद्यालय र मातहतका निकायको निर्णायक तहमा महिलाको सहभागिता देहाय अनुसार रहेको पाइयो :

निकायको नाम	निकायको संख्या	कूल निर्णायक पदहरु/ दरबन्दी						कूल निर्णायक पद मध्ये महिला कर्मचारीको संख्या					
		शिक्षण तर्फ			प्रशासन तर्फ			शिक्षण तर्फ			प्रशासन तर्फ		
		प्राध्यापक	सह.प्रा.	उप.प्रा.	प्रमुख	सचिव सरह	सह सचिव	प्राध्यापक	सह.प्रा.	उप.प्रा.	प्रमुख	सचिव सरह	सह सचिव
त्रि बि सेवा आयोग	१	९२९	२२०२	४१२४	१	१५	७५	५२	१३८	४७५	१	०	०
उप कूलपतिको कार्यालय	१				१						०		
रजिष्ट्रारको कार्यालय	१				१						०		
रेक्टरको कार्यालय	१				१						०		
डिनको कार्यालय	४				४						१		
केन्द्रीय बिभाग	४०				४०						७		
अध्ययन संस्थान	५				५						१		
आङ्गिक क्याम्पसहरु	६२				६२						५		
प नि का	१				१						०		
क्षेत्रीय केन्द्रहरु (Regional Centers)	४				४						०		
जम्मा	**१२०**	**९२९**	**२२०२**	**४१२४**	**१२०**	**१५**	**७५**	**५२**	**१३८**	**४७५**	**१५**	**०**	**०**

माथि तालिकामा प्रस्तुत गरिएको विवरणको विश्लेषण गर्दा त्रिभुवन विश्वबिद्यालय र अन्तर्गतका १२० वटा निकायमा शिक्षण सेवातर्फ प्राध्यापक ९२९, सह प्राध्यापक २२०२ र उप-प्राध्यापक ४१२४ कार्यरत रहेकोमा महिला क्रमश: ५२ जना अर्थात ५.५९ प्रतिशत, १३८ जना अर्थात ६.६२ प्रतिशत र ४७५ जना अर्थात ११.५२ प्रतिशतमात्र कार्यरत रहि शिक्षण सेवातर्फ समग्रमा महिला सहभागिता ९.१६ प्रतिशत रहेको पाइयो । त्यसैगरी १२० निकायका प्रमुखमध्ये महिलाको संख्या १५ जना मात्रै अर्थात १२.५० प्रतिशत, प्रशासनतर्फका सचिव सरहका पद १५ र सह-सचिव सरहका ९० पदरहेकोमा महिलाको उपस्थिति शून्य रहेको पाइयो । त्रिभुवन बिश्वबिद्यालय अन्तर्गतका ६२ वटा आंगिक क्याम्पसमध्ये महिला क्याम्पस प्रमुखको संख्या ५ जना अर्थात ८.०६ प्रतिशतमात्र रहेको पाइयो । यसबाट दिगो विकास लक्ष्यले अपेक्षा गरेको माइलस्टोन अनुसारको लक्ष्य हाँसिल गर्न कठिन हुने देखिन्छ। निर्णायक तहमा महिलाको उपस्थितिलाई सुनिश्चित गर्ने नीतिगत व्यवस्था नहुनु, कर्मचारी भर्ना गर्दा शुरुका सेवा प्रबेशका पदमा मात्रै महिला कोटा छुट्याइनु जस्ता कारण रहेको देखिएको छ । नीतिगत व्यवस्था, नियमित पदपूर्ति तथा भर्ना, बिद्यमान कानूनमा सुधार गरी खुला प्रतियोगिताका माध्यमबाट हुने सबै पदपूर्ति गर्दा संबैधानिक मर्म बमोजिम समाबेशिताको सिद्धान्तको पालना गरी महिला सहभागिताको सुनिश्चितता गर्ने व्यवस्था र समय सापेक्षक्षमता विकास कार्यक्रम सञ्चालन, नियमित अनुगमन तथा मूल्याङ्कनका माध्यमबाट निर्णायक तहमा महिला सुनिश्चितताको व्यवस्था हुनुपर्दछ ।

२०.४. **नेपाल संस्कृत विश्वविद्यालयमा महिला सहभागिता :** नेपाल संस्कृत विश्वविद्यालय शिक्षक तथा कर्मचारी सेवा शर्त सम्बन्धी नियम, २०६७ को नियम ६(२) मा विश्वविद्यालय सेवाका शिक्षण तथा प्रशासनिक सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये ५० प्रतिशत छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी शिक्षणतर्फ उपप्राध्यापक वा सोभन्दा मुनिका पद र कर्मचारीतर्फ सहायक प्रशासक वा सो पददेखि मुनिका श्रेणी विहीन पदवाहेकका पदको प्रवेश विन्दुमा वर्गीकृत उम्मेदवारबीच छुट्टाछुट्टै प्रतिष्पर्धा गरारइ पदपूर्ति गरिने व्यवस्था छ । तर उपनियम ५ मा समाबेशीतर्फ छुट्याइएका पदको

विज्ञापन पछि लिखित वा अन्तर्वाताबाट उपयुक्त उम्मेदवार सिफारिस हुन सक्ने अवस्था नरहेमा त्यस्तो पद खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गरी पदपूर्ति गरिने व्यवस्था रहेको पाइयो । यसबाट निर्णायक तहमा महिला सहभागिताको सुनिश्चितता दिगो र उपक्षाकृत हुने देखिएन । महिलाहरुको उपस्थिति सुनिश्चित हुने गरी नीतिगत तथा कानूनी व्यवस्था हुनुपर्दछ ।

२०.५. नेपाल सरकारको निजामती सेवा, सार्वजनिक संस्थान तर्फको सेवा, स्वायत्त निकाय लगायतमा खुला प्रतियोगिताका माध्यमबाट पदपूर्ति गर्दा एकरुपता कायम नगरी बिबिधता रहेको पाइयो । संविधानको व्यवस्थाबमोजिम प्रतियोगितात्मक परिक्षाद्धारा पदपूर्ति गर्दा खुला र समानुपातिक समाबेशी सिद्धान्तका आधारमा हुने गरी समाबेशीताका सम्बन्धमा एकरुपता कायम गर्नेतर्फ सम्बद्ध निकायको ध्यान जानुपर्दछ।

२०.६. **नेपालको न्यायपालिकामा महिलाको उपस्थिति :** नेपालको संविधान २०७२ को धारा १२९ अनुसार सर्वोच्च अदालतमा प्रधान न्यायाधीशका अतिरिक्त बढीमा २० जना न्यायधीश रहने र संवैधानिक परिषदको सिफारिसमा प्रधान न्यायाधीश र न्याय परिषदको सिफारिसमा अन्य न्यायाधीशहरुको सिफारिस तथा नियुक्ति हुने व्यवस्था छ । न्याय परिषद् ऐन, २०७३ को दफा ५(१) मा न्याय परिषद्ले



संविधानको अधीनमा रही समानुपातिक समावेशी सिद्धान्तबमोजिम सोही दफाको (क) (ख) (ग) र (घ) को आधारमा नेपाली नागरिकलाई न्यायाधीश पदको नियुक्तिको लागि सिफारिस गर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार २०७८।७९ को पौष मसान्तसम्म दरबन्दी तथा पदपूर्तिको निम्नानुसार रहेको पाइयो:

सर्वोच्च अदालतबाट प्राप्त विवरण अनुसार २०७८।७९ को पौष मसान्तसम्म सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतमा कूल दरबन्दी क्रमश: २१, १६० र २७२ रहेकोमा क्रमश:१६, १२० र २५५ पदपूर्ति भएको पाइयो । पदपूर्तिमध्ये सर्वोच्च अदालतमा २, उच्च अदालतमा १९ र जिल्ला अदालतमा १६ जनामात्र महिला न्यायाधिस कार्यरत रहेको पाइयो । तीनै तहका अदालतमा कूल दरबन्दी ४५३ रहेकोमा ३९१ पदपूर्ति भई ६३ पद रिक्त रहेको पाइयो । कूल पदपूर्तिमध्ये ३७ जना अर्थात ९.४६ प्रतिशत मात्र महिला न्यायाधीश कार्यरत रहेको पाइयो । दिगो विकास लक्ष्य अनुसार सन्

२०२२ सम्म सार्वजनिक सेवाका नीति निर्माण पदमा रहेका महिलाको संख्या २१.३ प्रतिशत पुर्याउने लक्ष्य रहेकोले सो लक्ष्य पुरा भएको पाइएन । दिगो हासिल गर्नेतर्फ सम्बद्ध निकायको ध्यान जानुपर्दछ।

२१. **शिक्षा, क्षमता विकास, र अवसर :** राज्य तथा शासन व्यवस्था सञ्चालनको निर्णय तहमा महिलाको पूर्ण र प्रभावकारी सहभागिता सूनिश्चित गर्नको लागि निश्चित आधार, प्राविधिक तथा व्यवहारिक शिक्षा, सकरात्मक मानसिकता लगायत क्षमता विकासका कार्यक्रमहरु शुरु तथा उत्तर वाल्यअवस्था देखिनै गर्नुपर्ने हुन्छ । नेपालको सार्वजनिक प्रशासन तथा राजनीतिक क्षेत्रका निर्णय पकृयामा विना आधार तथा प्रावधान महिलाको सहभागिता र अवसर खोजिएको देखीयो । नेपालको सबै विद्यालय स्तरको शिक्षा सैद्धान्तिक प्रणालीमा आधारित रहेको अवस्थामा पूर्ण र प्रभावकारी सहभागिताको लागि आवश्यक पर्ने प्राज्ञिक, व्यवहारिक लगायतको शिक्षामा महिलाको अवसर र स्थान सुरक्षित गर्नुपर्नेमा निर्णय तहमा मात्र महिलाको सहभागिता अनिवार्य गरिएको देखीयो । परम्परागत रुपमा पैतृक सत्तात्मक समाजमा दृष्टिकोण तथा मानसिकतामा परिवर्तन विना समाजका सबै क्षेत्रमा पहुँच कायम गर्न असम्भव प्रायः हुन्छ तर ती क्षेत्रमा राज्यको ध्यान पुगेको देखिएन । राज्यका विभिन्न निकायहरुमा नीतिगत तथा कानूनले महिलाको सहभागिता निश्चित गरेको भए तापनि राज्यवाट हुने क्षमता विकास लगायतका कार्यक्रममा महिलाको सहभागिता स्वेच्छिक भएको देखियो । यसबाट महिलाहरुमा स्वयम शक्तिको विकास गर्न नसकेको अवस्था रहेको छ । यसको लागि राज्यले नीतिगत तथा निर्णय तहमा महिलाको प्रभावकारी सहभागिता सुनिश्चित गर्नको लागि निश्चित आधार तथा कानूनको निर्माण गरी विद्यालय शिक्षामा महिलाको सहभागिता अनिवार्य गर्दै व्यवसायिक र प्राविधिक शिक्षामा जोड दिनुपर्ने देखिन्छ । त्यस्तै मनोसामाजिक दृष्टिकोणमा परिवर्तन गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै महिलामैत्री पकेट कार्यक्रम, कृषि उद्योगका समितिमा महिलाको अनिवार्य सहभागिता तथा सम्पतिको अनिवार्य हस्तातरण लगायता कार्य गर्नतर्फ ध्यान दिनुपर्दछ।

२२. **महिला सशक्तिकरण :** महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले तर्जुमा गरेको राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ को रणनीति ३ मा कानूनी प्रबन्ध, संस्थागत सुधार तथा क्षमता विकासका माध्यमबाट तीनवटै तहमा लैङ्गिक उत्तरदायी शासन प्रणालीको विकास गर्ने रणनीति रहने व्यवस्था गरेको छ । साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६(क) बमोजिम अध्यक्ष/प्रमुखले स्थानीय सरकारको नेतृत्व गर्ने, कार्यपालिकाको दैनिक कार्यको सामान्य रेखदेख, निर्देशन र नियन्त्रण गर्ने, लगायतका विभिन्न १३ प्रकारका काम, स्थानीय तहको कार्यसम्पादन नियमावली, स्थानीय तहको कार्यविभाजन नियमावली, स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ तथा स्थानीय तहको सभा र कार्यपालिकाले तोकिएबमोजिमका अन्य कार्यहरु सम्पादन गर्नुपर्ने हुन्छ । उपाध्यक्ष/उपप्रमुखले न्यायीक समितिको संयोजक, अध्यक्ष/प्रमुखको अनुपस्थितिमा निजको कार्यभार सम्हाल्ने, पालिकाभित्र गैरसरकारी सङ्घ संस्थाको समन्वय सम्बन्धी कार्य, उपभोक्ता हित संरक्षण सम्बन्धी कार्यको समन्वय गर्ने, योजना तथा कार्यक्रमहरुको अनुगमन तथा सुपरीवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेश गर्ने सम्बन्धी कार्य, स्थानीय राजश्व परामर्श समितिको संयोजक, बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजक, सभा र कार्यपालिकाबाट गठन हुने विभिन्न समितिहरुको काममा सहजीकरण र समन्वय सम्बन्धी कार्य, सभामा बजेट, नीति तथा कर्यक्रम प्रस्तुत गर्ने, सभा तथा कार्यपालिका र अध्यक्ष/प्रमुखले प्रत्यायोजन गरेका अन्य कार्यहरु गर्ने व्यवस्था छ ।

यस्ता कार्यहरु उच्च मनोवलका साथ त्रुटी रहित ढङ्गबाट सम्पादन गरी जनसन्तुष्टी स्तर अभिवृद्धि गर्न, सुशासन कायम गर्न र सेवा प्रवाहलाई प्रभावकारी बनाउन स्थानीय तहका नवनिर्वाचित

पदाधिकारीहरुलाई नीतिगत, कानूनी, व्यवस्थापकीय, न्यायीक, सूचना प्रविधि, अनुगमन, मूल्याङ्कन, प्रशासनिक तथा प्रकृयागत ज्ञान, सीपको आवश्यकता पर्दछ । नवनिर्वाचित पदाधिकारीहरुलाई निर्वाचित भएपश्चात र आवश्यकता अनुसार नियमित रुपमा तालिम प्रदान गरी निजहरुको कार्यसम्पादनमा सहजीकरण गर्ने स्पष्ट व्यवस्था सहितको एकीकृत नीतिगत व्यवस्था भएको पाइएन। केन्द्रमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत प्रदेश तथा स्थानीय तह शासन सहयोग कार्यक्रम (PLGSP) र प्रदेश तथा स्थानीय तहमा प्रदेश सुशासन केन्द्रले स्थानीय तहका पदाधिकारीका लागि तालिम सञ्चालन गर्ने गरेको भए तापनि सोको प्रभावकारीता अध्ययन तथा बिश्लेषण गरेको पाइएन । यसबाट हाल सञ्चालित तालिम तथा क्षमता विकास सम्बन्धी कार्यक्रम प्रभावकारी भएको यकिन गर्न सकिएन । सञ्चालित तालिम कार्यक्रमको प्रभाव मूल्याङ्कन गर्नुपर्दछ ।

जनताको सबैभन्दा नजिकको सरकार मानिने स्थानीय तहमा आवधीक निर्वाचनका माध्यमबाट आउने अध्यक्ष/प्रमुख, उपाध्यक्ष तथा उपप्रमुख र वडा अध्यक्ष लगायतका नवनिर्वाचित पदाधिकारीको ज्ञान, सीप, नेतृत्वदायी क्षमता विकास गरि, स्थानीय तहबाट प्रदान गरिने सार्वजनिक सेवाको गुणस्तर तथा प्रभावकारीता अभिबृद्धि गर्न नियमित रुपमा तालीम तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्न नीतिगत व्यवस्था हुनु पर्दछ । स्थानीय तहदेखि नै महिलाको नेतृत्व विकास र नेतृत्वको अवसर सिर्जना गर्न महिला तथा समावेशी समूहको क्षमता विकास केन्द्रित प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नुपर्छ । महिलाको शिक्षा, तथा क्षमता विकासमा सङ्घ, प्रदेश र स्थानीय तहसम्म लैङ्गिक उत्तरदायी बजेट खर्चको उपलब्धि नियमित रुपमा अनुगमन एवं मूल्याङ्कन गरिनुपर्दछ । सार्वजनिक क्षेत्रमा महिला सहभागिता दर्शाउने खण्डगत तथ्याङ्क, सूचना तथा जानकारी अध्यावधिक गरी लैङ्गिक तथ्याङ्कसूचना प्रणालीमार्फत अनुगमन मूल्याङ्कन र नियमित प्रकाशन तथा प्रसारण गर्नुपर्छ ।

२३. **अनुगमनसम्बन्धी व्यवस्था :** दिगो विकास लक्ष्य रणनीति अनुसार समग्र लक्ष्य कार्यन्वयन अवस्थाको अनुगमन तथा मूल्याङ्कन गर्ने प्रमुख जिम्मेवारी राष्ट्रिय योजना आयोगको रहेको देखिन्छ । सरकारले निजी क्षेत्र र नागरिक समाजका सङ्गठनहरूको सहभागितामा एक संयुक्त अनुगमन संयन्त्र स्थापना गरि प्राप्त प्रगतिको वार्षिक समीक्षा गर्ने व्यवस्था छ । दिगो विकास लक्ष्य ५.५ राजनीतिक, आर्थिक र सार्वजनिक जीवनको सबै निर्णय तहहरूको नेतृत्वमा महिलाहरूको पूर्ण र प्रभावकारी सहभागिता र समान अवसरहरूको सुनिश्चितता गर्ने कार्यक्रमको जिम्मेवार निकायको रुपमा निर्वाचन आयोग, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, महिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय आदि रहेको पाइयो । राष्ट्रिय योजना आयोगलेसन् २०२० मा दिगो विकास लक्ष्यको पुनरावलोकन (National Review of Sustainable Development Goal) गरी लक्ष्य कार्यान्वयनको बिद्यमान स्थिति तयार गरेको पाइयो । जिम्मेवार निकायहरुले दिगो विकास लक्ष्य कार्यान्वयनको नियमित अनुगमन तथा मूल्याङ्कन गरी दिगो विकास लक्ष्यका सूचकहरुको बिद्यमान स्थिति, कार्यान्वयनमा रहेका समस्या र समाधानका उपाय सहितको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन तयार गरेको पाइएन । दिगो विकास लक्ष्यको अनुगमन तथा मूल्याङ्कनमा सरकार, नागरिक समाज सङ्गठनहरू र विकास साझेदारहरूको सामुहिक प्रयासको अपेक्षा गरिएको भए तापनि तत् तत् संस्थाहरुको भूमिका एवं जिम्मेवारी स्पष्ट उल्लेख गरेको पाइएन । दिगो विकास लक्ष्यको कार्यान्वयनको बिद्यमान स्थिति, कार्यान्वयनमा रहेका समस्या रतिनको समाधानका लागि अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाइनु पर्दछ ।

परिच्छेद - ४
निष्कर्ष तथा सुझाव

नेपालको संविधानले राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा महिलाहरुको सहभागितालाई सुनिश्चित गर्ने व्यवस्था गरेको छ । संवैधानिक व्यवस्था र महिला सहभागिताका सम्बन्धमा अन्तराष्ट्रिय स्तरमा गरेका प्रतिबद्धता कार्यान्वयनका लागि नीतिगत, कानूनी एवं संस्थागत व्यवस्था समेत भएको देखिन्छ । फलस्वरुप संघीय संसद, प्रदेश सभा, मन्त्रिपरिषद्, स्थानीय तहमा महिलाको संख्यात्मक उपस्थिति बढ्दै गएको छ । यसैगरी सार्वजनिक सेवाका क्षेत्रमा समेत महिला सहभागिता बढेको देखिन्छ । यद्यपी निर्वाचनमा न्यून संख्यामा महिला उम्मेदवार उठाइनु, महिला सशक्तिकरण कार्यक्रमहरुको कमी, राजनीतिक दलहरुमा महिलाहरु निर्णायक तहमा कम हुनु र महिला सहभागिता समानुपातिक रुपमा नहुनु, महिलाका लागि आरक्षित संसदीय क्षेत्र नहुनु आदि कारणले संसदमा प्रत्यक्षतर्फ निर्वाचित महिला सांसदको संख्या कमै रहेको पाइयो । साथै स्थानीय तहहरुको प्रमुखको तुलनामा उपप्रमुख र सदस्यहरुमा महिलाको सहभागिता बढी देखिन्छ । सार्वजनिक सेवाका क्षेत्रमा महिलाको संख्यात्मक उपस्थिति बढ्दै गएतापनि निर्णायक पदहरुमा उपस्थिति कम रहेको पाइयो । निजी क्षेत्रको निर्णायक तहमा महिला सहभागिताको सुनिश्चितता सम्बन्धी बाध्यात्मक कानूनी व्यवस्था नहुँदा निजी क्षेत्रको निर्णायक तहमा महिलाको संख्या न्यून रहेको छ ।

महिला सहभागिता सुनिश्चित गर्ने कानूनी एवं नीतिगत व्यवस्थाको अनिवार्य परिपालना, महिला सशक्तीकरण एवं क्षमता विकासका कार्यक्रम सञ्चालन, अन्तरनीति, अन्तरमन्त्रालय तथा निकाय बीच उचित समन्वय, नीति कार्यन्वयनका लागि सूचक सहितको कार्ययोजना, नियमित अनुगमन तथा मूल्याङ्कनको व्यवस्था गरी राज्यका सबै निकाय र क्षेत्रको निर्णायक तहमा महिलाको सहभागितालाई सुनिश्चित, दिगो र प्रभावकारी बनाइनु पर्दछ । यस्ता व्यवस्थालाई व्यवहारमा अनुभूति हुने गरी कार्यान्वयन गर्न उचित स्रोत साधन सहित समयबद्ध कार्ययोजना अनिवार्य लागू गर्नुपर्छ । महिलाको शिक्षा, स्वास्थ्यको स्तर अभिवृद्धि गरी सशक्तिकरणको सूचक वृद्धि गर्न सकेमा सबै तह र क्षेत्रमा सहभागिता क्रमिक रूपमा सुधार र अर्थपूर्ण हुने देखिन्छ ।

महिलाको सहभागितालाई सुनिश्चित, दिगो र प्रभावकारी बनाउन देहायका सुझावहरु प्रस्तुत गरिएको छ;

- महिला शिक्षा र सशक्तिकरणका कार्यक्रमहरु निरन्तर सञ्चालन गर्ने,
- निजी क्षेत्रको निर्णायक तहमा महिलाहरुको सहभागिता सुनिश्चित गर्न कानूनी व्यवस्था गर्ने,
- सबै सार्वजनिक क्षेत्रको निर्णायक तहमा महिला सहभागिताको सुनिश्चितताका लागि बिद्यमान कानूनमा एकरुपता कायम गर्ने,
- सूचनामा महिलाको पहुँच बढाई सरकारी तथा सार्वजनिक सेवामा महिलालाइ आकर्षित गर्न अभिमूखीकरण, सचेतनामूलक तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने,
- अन्तराष्ट्रिय प्रतिबद्धता, संवैधानिक एवं बिद्यामान कानूनी व्यवस्थाको परिपालना गर्ने/गराउनेतर्फ सम्बद्ध निकायले जोड दिनुपर्ने,
- पहिलो हुने निर्वाचित हुने प्रणालीमा महिला उमेदवारका बीचमा मात्रै प्रतिस्पर्धा हुने कानूनी व्यवस्था गर्ने,
- आगामी पुस्ताका महिलाहरुलाई सार्वजनिक क्षेत्रको नेतृत्व लिन र नीति निर्माणमा उत्प्रेरित गराउन सार्वजनिक क्षेत्र, सार्वजनिक नीति निर्माण र नेतृत्वमा रहेका महिलाहरुलाई 'रोल मोडेल' का रुपमा प्रस्तुत गर्ने,
- स्थानीय तहदेखि नै महिलाको नेतृत्व विकास र अवसर सिर्जना गर्ने,
- निरन्तर प्रशिक्षणको माध्यमबाट दलभित्र आन्तरिक प्रतिस्पार्धाको वातावरण तयार गर्ने,

- सार्वजनिक एवं निजी क्षेत्रमा महिलाको सहभागिता सम्बन्धी सम्पूर्ण तथ्याङ्क, सूचना तथा जानकारी अद्यावधिक गर्ने गरी लैंगिक तथ्याङ्क प्रणालीमार्फत नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने,

सरकारी सेवालाई अनलाईन मार्फत प्रवाह गर्ने कार्यक्रम

परिच्छेद - १

परिचय

१. **पृष्ठभूमि :** सरकारले आफ्नो दायित्व स्वरुप नागरिकहरुलाई विभिन्न माध्यमहरुको प्रयोग गरी प्रवाह गर्ने सबै प्रकारका सेवाहरु सार्वजनिक सेवा हुन् । सरकारले देशको सबै स्थानमा आफै उपस्थित भएर सेवा प्रवाह गर्न सक्दैन जसले गर्दा विभिन्न गैरसरकारी, निजी संघ संस्था तथा सेवा करारको माध्यमबाट समेत नागरिकलाई सेवा प्रवाह गर्ने गर्दछ । सरकार आफैले प्रवाह गर्ने सेवाहरु मध्ये भौतिक उपस्थितिमा मात्र प्रवाह गर्नुपर्ने बाहेकका सेवाहरुलाई विद्युतीय सरकारको अवधारणा बमोजिम सञ्चार तथा सूचना प्रविधिको उपयोग गरी विद्युतीय माध्यमबाट प्रवाह गर्ने गर्दछ । विद्युतीय शासनले कम्प्युटरमा आधारित सूचना व्यवस्थापन प्रणालीलाई सञ्चालीकरणको माध्यमबाट सेवा प्रवाह गरी कागजरहित सरकारको स्थापना तथा सञ्चालनमा महत्वपूर्ण सहयोग पुऱ्याउँदछ । विद्युतीय माध्यमबाट निम्न तीन अवधारणा अन्तरगत सेवा प्रवाह हुने गर्दछ ।

(क) **सरकारले नागरिकलाई प्रदान गर्ने सेवाहरू (Government to Citizens, G to C) :** यसले सरकार र नागरिकहरू बीचको सम्बन्ध स्थापित गर्दछ । नागरिकहरूलाई सरकारी सेवा सुविधाहरु बारे जानकारी र त्यस्ता सेवा सुविधाहरू सूचना प्रविधिको प्रयोग मार्फत कुनै पनि समयमा, सहज रूपमा, जुनसुकै ठाउँबाट तुरुन्तै प्राप्त गर्न सकिन्छ । नागरिकहरुको जनजीवनलाई सहज, छिटो, छरितो तथा सुखमय बनाउन नागरिकमा पुऱ्याउनु पर्ने आवश्यक सेवाहरु जस्तैः यातायात क्षेत्रका सेवाहरुः अनुमति पत्र, आवेदन, रजिष्ट्रेसन, शुल्क, (राजस्व तथा करको भुक्तानी), नागरिकता, मालपोत, नापी, सुरक्षा, स्वास्थ्य, खाद्यान्न, खानेपानी, विजुली, शिक्षा, यातायात, सूचना तथा सञ्चार, रोजगारी लगायतका सेवाहरु उपलब्ध गराउने गर्दछ । साथै सरकारी निकायहरुको वेवसाईटमार्फत सर्वसाधारणको लागि सूचना तथा जानकारी प्रवाह गर्ने, अत्यावश्यक फारम, सरकारका विभिन्न नीति, नियम, कानून, कार्यविधिहरु डाउनलोड गर्नसकिने, सल्लाह सुझाव, गुनासो र इमेल पठाउन सकिने, पृष्ठपोषण दिन सकिने, नागरिक वडापत्र तथा अन्य निर्णय सार्वजनिक गर्ने जस्ता सेवाहरु प्रदान गर्न सकिन्छ ।

(ख) **सरकारबाट व्यवसायीको लागि प्रदान गरिने सेवाहरू (Government to Business, G to B):** यस सेवा अन्तर्गत सरकारकोतर्फबाट उद्योग, व्यापार, व्यवसाय तथा सामाजिक क्षेत्रलाई उन्नत, समृद्ध तथा उपलव्धिमूलक बनाउन आवश्यक पर्ने सेवा, सूचनाहरु जस्तैः इजाजत पत्र वा अनुमति पत्र (Permit/License) तथा सुविधा अवगत गराउने सूचनाहरु, कर भुक्तानी सम्बन्धी सरलीकृत विधिहरु, उद्योग व्यवसायका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजार सम्बन्धी नवीनतम् जानकारी, प्रविधि तथा सम्भावनाहरू, विदेशी राष्ट्रहरुसँग भएका व्यापार तथा वाणिज्य सम्बन्धी सन्धि सम्झौताहरू, सामाजिक संगठन सम्बन्धी सरकारी नीति, कानून तथा सुरक्षाका विषयहरू जस्ता सेवाहरु सरकारद्वारा प्रदान गरिन्छ ।

(ग) **सरकारबाट सरकारलाई प्रदान गर्ने सेवाहरू (Government to Government, G to G):** यस अन्तर्गतका सेवाहरुलाई दुई प्रकारमा विभाजन गर्न सकिन्छ ।

- **अन्तर निकाय सेवा (Government to Government G to G):** यसमा सञ्चार तथा सूचना प्रविधिलाई सरकारी निकायको कार्यसँग सम्बन्धित सरकारी प्रक्रियालाई पुनः संगठित गर्नुका साथै विभिन्न निकायहरू बीच सूचना तथा सेवा प्रवाहमा बृद्धि गर्न प्रयोग गरिन्छ । यस सेवा अन्तर्गत एक सरकारी निकायबाट अर्को सरकारी निकायलाई सूचना तथा तथ्यांकहरूको आदानप्रदान गर्ने, सञ्चार तथा सूचना प्रविधि सम्बन्धी प्रणालीलाई अन्तर सम्बन्धित गरी प्रशासनिक कार्यमा समन्वय गर्ने, प्रशासकीय कार्यविधि तथा अभिलेख व्यवस्थापनलाई कम्प्युटरीकृत गरी विद्युतीय पद्धतिद्वारा पुनर्स्थापित गर्ने जस्ता सेवाहरु प्रदान गरिन्छ ।

- **सरकारले मातहतका कर्मचारीलाई प्रदान गर्ने सेवा (Government to Employee G to E):** यसले सरकार र आफ्नो मातहतका कर्मचारीहरू बीचको सम्बन्धलाई देखाउँछ । यस सेवा अन्तर्गत सरकारले आफ्ना कर्मचारीहरुको सेवा सुविधा र शर्त सम्बन्धी अभिलेख, बिदाकालागि अनलाइन आवेदन गर्ने, सञ्चित बिदाको जाँच गर्ने, तलब भुक्तानी अभिलेख, क्षमता विकास, अनुशासन, मनोबल, उत्प्रेरणा तथा सीप वृद्धि गर्ने प्रशिक्षण सम्बन्धी सेवाहरु प्रदान गरिन्छ। सञ्चार सूचना प्रविधिको प्रयोगले सरकार र कर्मचारीबीचको अन्तर्क्रियालाई छिटो, छरितो र प्रभावकारी बनाउनुको साथ साथै कर्मचारीहरुको सन्तुष्टिको स्तर बढाउन मद्दत गर्दछ।

वि.स. २०२८ सालको जनगणनाको तथ्याङ्क प्रशोधनमा कम्प्युटर प्रणालीको प्रयोगबाट नेपालको सरकारी क्षेत्रमा सूचना प्रविधिको उपयोगको थालनी भएकोमा यसको प्रयोग र पहुँचमा वृद्धि भई २०७८।७९ सम्ममा (१५ औँ योजनाको मध्यावधि समीक्षा बमोजिम) ७३ प्रतिशत जनसंख्यामा इन्टरनेट पुगेको छ । त्यस्तै १५ औँ आवधिक योजना (२०७६।७७-२०८०।८१) को अन्तसम्ममा ८० प्रतिशत जनसंख्यामा र वि.सं.२१०० सम्ममा शतप्रतिशत जनसंख्यामा इन्टरनेट सेवा पुऱ्याउने लक्ष्य लिएको छ । त्यसैगरी ४२ प्रकारका सरकारी सेवा अनलाईन मार्फत प्रवाह भइरहेको आर्थिक सर्वेक्षण २०७९ ले उल्लेख गरेको छ । नेपालमा सूचना प्रविधिको बढोत्तरीसँगै यसको प्रयोगबाट सार्वजनिक सेवा प्रवाह गर्ने एवं सेवा प्रवाहमा डिजिटलाइज कायम गर्ने प्रवृति बढ्दो छ । विद्युतीय तथ्याङ्क सङ्कलन, प्रशोधन, भण्डारण तथा विश्लेषणमा यसको बढी प्रयोग हुने गरेको छ। कागजी माध्यमबाट हुने गरेका दैनिक प्रशासनिक क्रियाकलापहरु समेत डिजिटलाइज माध्यमबाट हुने गरेका छन् ।

२. **नीतिगत तथा कानूनी व्यवस्थाः**

(क) नीतिगत व्यवस्थाः सरकारी सेवालाई अनलाइन मार्फत प्रवाह गर्ने सम्बन्धमा भएका नीतिगत व्यवस्थाहरु देहायबमोजिम रहेका छन् :

१. नेपालको संविधानको धारा १९ मा सबै नागरिकलाई सञ्चारको हक तथा धारा २७ मा सूचनाको हकको प्रत्याभूति गरेको ।

२. नेपालको संविधानको धारा ५१ (ख४) मा सार्वजनिक प्रशासनलाई स्वच्छ, निश्पक्ष, पारदर्शी भ्रष्टाचारमुक्त, जनउत्तरदायी र समावेशी बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासन प्रबर्द्धन गर्नु राज्यको नीति रहेको ।

(ख) **कानूनी व्यवस्थाः** सरकारी सेवालाई अनलाइन मार्फत प्रवाह गर्ने सम्बन्धमा भएका कानूनी व्यवस्थाहरु देहाय बमोजिम रहेका छन् ।

१. आवश्यक सेवा सञ्चालन ऐन, २०१३,
२. छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८ नियमावली, २०४९
३. दुरसञ्चार ऐन, २०५३ तथा नियमावली, २०५४
४. विद्युतीय कारोबार ऐन, २०६३,
५. सूचनाको हक सम्बन्धी ऐन, २०६४ नियमावली, २०६५
६. सुशासन ब्यवस्थापन तथा सञ्चालन ऐन, २०६४ तथा नियमावली, २०६५
७. सूचना तथा सञ्चार प्रविधि नीति, २०७२
८. डिजिटल नेपाल फ्रेमवर्क, २०७६
९. भू-उपग्रह नीति, २०७७
१०. सूचना तथा सञ्चार क्षेत्रको दीर्घकालीन नीति, २०५९
११. सूचना तथा सञ्चार मन्त्रालय वा अन्तर्गतका निकायहरुबाट सम्पादन गरिने कार्यहरुको प्रभावकारीता एवं कार्य सरलीकरण निर्देशिका, २०६६
१२. सूचना प्रविधि आकस्मिक सहायता समूह सञ्चालन तथा ब्यवस्थापन निर्देशिका, २०७५
१३. सरकारी निकायमा विद्युतीय पत्राचार (इमेल) ब्यवस्थापन सम्बन्धी निर्देशिका, २०७५
१४. सरकारी कार्यालयका वेभसाइट निर्माण र ब्यवस्थापन सम्बन्धी निर्देशिका, २०७८
१५. नागरिक एप (सञ्चालन तथा ब्यवस्थापन) निर्देशिका, २०७८
१६. सरकारी निकाय सम्बन्धी एकीकृत विद्युतीय प्रणाली निर्देशिका, २०७८

(ग) **बजेट २०७८।७९ को व्यवस्थाः** सरकारी सेवाहरुलाई अनलाईन मार्फत प्रवाह गर्ने सम्बन्धमा नेपाल सरकारको बजेट २०७६।७७, २०७७।७८ तथा २०७८।७९ को अन्त्यसम्ममा क्रमशः १३, ३५ र ४२ प्रकारका सेवाहरु अनलाईनमार्फत प्रदान गर्ने लक्ष्य रहेको छ ।

(घ) **१५ औं आवधिक योजना (२०७६।७७-२०८०।८१) को व्यवस्थाः** सरकारी सेवाहरुलाई अनलाईन मार्फत प्रवाह गर्ने सम्बन्धमा १५ औं आवधिक योजना (२०७६।७७-२०८०।८१) को अन्त्यमा विभिन्न ३० प्रकारको सेवाहरु अनलाईन मार्फत प्रदान गर्ने लक्ष्य लिएको छ ।

३. **संस्थागत उद्देश्य तथा लक्ष्यः** सूचना तथा सञ्चार प्रविधिको सञ्चालन तथा ब्यवस्थापन गर्ने र विद्युतीय सेवा प्रवाह प्रणालीको अनुगमन र नियन्त्रण गर्ने दायित्व सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको हो । सञ्चार तथा सूचना प्रविधिको क्षेत्रमा विकसित नविन प्रविधिहरुको अधिकतम उपयोग गर्दै आर्थिक समृद्धि हासिल गर्न यो मन्त्रालय स्थापना भएको हो । प्रदान गर्ने सार्वजनिक सेवाको प्रकृति बमोजिमको प्रणालीको विकास, सञ्चालन तथा ब्यवस्थापन गर्ने जिम्मेबारी सम्बन्धित विषय तथा क्षेत्रगत मन्त्रालयको हुन्छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको २०७८।७९ को वार्षिक प्रतिवेदनमा उल्लेख भएबमोजिम अनलाईन सेवा प्रदान गर्न थालनी गरिएका ४५ प्रकारका सेवाहरु मध्ये लेखापरीक्षणको क्रममा छनौट गरिएका १० वटा सेवाहरु ८ वटा विषयगत मन्त्रालयसँग सम्बन्धित रहेका छन् ।

४. **लक्ष्य र प्रगतिः** अनलाईनबाट सेवा प्रवाह गर्ने सम्बन्धमा नेपाल सरकारले वार्षिक बजेटमा व्यवस्था गरी सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई केन्द्रीय निकायको रुपमा स्थापना गरी राष्ट्रिय सूचना प्रविधि केन्द्रको स्थापना गरेको छ । यस कार्यक्रमको सम्बन्धमा विगत वर्षहरुको बजेटको लक्ष्य तथा प्रगति देहायबमोजिम रहेको छ :

क्र.स.	आर्थिक वर्ष	इकाई	लक्ष्य	प्रगति	प्रगति प्रतिशत
१	२०७८।७९	निकाय	४२	४५	१०७
२	२०७७।७८	निकाय	३५	२२	६३
३	२०७६।७७	निकाय	१३	२२	१६९

श्रोतः सम्बन्धित आर्थिक वर्षको वार्षिक बजेट र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको तीन आर्थिक वर्षको वार्षिक प्रगति प्रतिवेदन

५. **लेखापरीक्षणको औचित्यः** सार्वजनिक सेवामा सबैको समान पहुँच हुनुपर्ने, बिद्युतीय माध्यमबाट प्रबाह गरिने सेवाका सम्बन्धमा सेवाग्राहीको गुनासो, सञ्चार माध्यममा समेत यस सम्बन्धमा समाचार प्रकाशन भई रहने र सार्वजनिक सरोकारको विषय समेतलाई मध्यनजर गरी यस विषयलाई कार्यमूलक लेखापरीक्षणका लागि छनौट गर्न उपयुक्त देखिन्छ । साथै अन्तर्राष्ट्रिय समुदाय तथा इन्टोसाई डेभलपमण्ट इनिसियटिभले समेत सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोगलाई महत्वका साथ लिएको लगायतका कारणले यो विषयमा कार्यमूलक लेखापरीक्षण गर्ने निर्णय गरिएको छ।

६. **लेखापरीक्षण सीमितताः** निकायहरुबाट प्राप्त सूचना, अभिलेख, विवरण, सरोकारवालासँगको छलफल, लेखापरीक्षण प्रश्नावली तथा तथ्याङ्क, वार्षिक प्रगति प्रतिबेदनका आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ। प्राप्त सूचनाको विश्वसनीयता, विवरणको विश्लेषण क्षमता, समयसीमा, संलग्न जनशक्तिको संख्या तथा विषयगत ज्ञान, कार्यालयबाट लेखापरीक्षणमा उपलव्ध भएका स्रोत साधन आदि यसका सीमा रहेका छन्।

७. **खण्डगत सञ्चालन ढाँचा:** कार्यक्रमसँग सम्बन्धित योजना तर्जुमा, व्यवस्थापन, सञ्चालन, अनुगमन मूल्याङ्कनका सन्दर्भमा आन्तरिक तथा बाह्य वातावरणीय पक्ष, क्रियाकलाप सञ्चालन प्रक्रिया, स्रोत व्यवस्थापन, उपलब्धि, सेवा प्रवाह तथा लाभग्राही उल्लेख गरी खण्डगत सञ्चालन ढाँचा अध्ययन गरी विश्लेषण गरिएको छ । जुन देहाय बमोजिम रहेको छ :

बाह्य चुनौतिहरु

पूर्वाधारको सुनिश्चितता, क्षमता विकास, सूचना प्रविधि साक्षरता, परिवर्तन व्यवस्थापन, लागत प्रभावी एवं दक्ष सूचना प्रविधि प्रणालीको विकास

क्षेत्रगत निकायहरु

- अर्थमन्त्रालय ,
- सञ्चारतथासूचनाप्रविधिमन्त्रालय ,
- सूचना प्रविधि विभाग
- राष्ट्रिय सूचना प्रविधि केन्द्र ,
- नेपाल सरकारका सबै मन्त्रालय विभाग तथा कार्यालय ,
- संवैधानिक निकायहरु
- पालिकाहरु, वडा कार्यालयहरु
- सरकारी संस्थानहरु
- दूरसञ्चार प्राधिकरण

आवधिक योजना

- अनलाईन मार्फत प्रवाह गर्ने सेवाको संख्या ३० प्रकारको हुने ।
- डिजिटल नेपाल फ्रेमवर्क कार्यान्वयन गरिने ।

रणनैतिक योजना

- दूरसञ्चार एवम् ब्रोडब्याण्ड सेवाको पहुँच देशभर पर्याउने
- डिजिटाइजेसनमार्फत् सामाजिक, आर्थिक र शासकीय व्यवस्थामा सुधार गर्ने

वार्षिक योजना

- आर्थिक वर्ष २०७४।७५ देखि २०७८।७९ सम्म सबै प्रकारका सेवाहरु अनलाईन मार्फत प्रवाह गरिने ।

रणनीतिक व्यवस्थापन प्रक्रिया

उद्देश्यहरु:-

- सबै नागरिकमा सञ्चार तथा सूचना प्रविधिको सहज पहुँच तथा उपयोग विस्तार गर्ने
- सञ्चार तथा सूचना प्रविधिको सेवालाई सर्वसुलभ, भरपर्दो र गुणस्तरीय बनाउने
- सञ्चार तथा सूचना प्रविधिमा आधारित उद्योगको विकास गरी रोजगारी वृद्धि गर्ने
- डिजिटाइजेसन मार्फत् सामाजिक, आर्थिक र शासकीय व्यवस्थामा सुधार गर्ने
- डिजिटल नेपाल फ्रेमवर्कको पूर्ण कार्यान्वयन गर्ने ।

लक्ष्य: आमसञ्चार, दूरसञ्चार तथा सूचना प्रविधिको माध्यमबाट सार्वजनिक सेवामा सबै नागरिकको पहुँच तथा उच्चतम उपयोग सुनिश्चित गरी आमनागरिकको जीवनस्तरमा गुणात्मक परिवर्तन ल्याउने

लाभग्राही

१. शैक्षिक संस्था तथा स्वास्थ्य संस्था
२. सरकारी तथा गैर सरकारी संस्थाहरु
३. स्वदेशी तथा विदेशि पर्यटक
४. धार्मिक संस्था
५. आम नेपाली जनता
६. व्यवसायि
७. सेवा लिने निकायहरु

संचालन प्रक्रिया

स्रोत व्यवस्थापन

१. वित्तियः
आ .व.२०७६/७७ रु .३९०३००००
आ .व.२०७७/७८ .रु :४३३१७०००
आ .व.२०७८/७९ .रु :४४५५००००
२. जनशक्तिः मन्त्रालयमा तथा सुचना प्रविधि केन्द्रमा विभिन्न प्राविधिक तथा अप्राविधिक दरबन्दी रहेको ।
३ व्यवस्थापन सूचना प्रणाली .
व्यवस्थापन सूचना प्रणाली **(MIS)**

संञ्चालित क्रियाकलाप

- डिजिटल नेपाल फ्रेमवर्क(
- विभिन्न ४५ प्रकारका सेवाहरु अनलाईन माध्यमबाट प्रवाह भैरहेको ।

बस्तु तथा सेवा

- विभिन्न निकायहरुले अनलाईन सेवा प्रवाहको लागि भौतिक स्रोत तथा साधनको व्यवस्था गरेको ।

सहयोगि निकाय तथा संस्थाहरु

सूचना प्रविधि पूर्वाधार निर्माण गर्ने संस्था, सेवा प्रदायक संस्था, सफ्टवेयर विकासकर्ता सञ्चार माध्यम, नागरिक समाज र आम नागरिक

परिच्छेद - २

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

८. **लेखापरीक्षणको उद्देश्यः** नेपाल सरकारले अनलाईनबाट प्रवाह गरेका सेवाहरुको सञ्चालन तथा व्यवस्थापन दक्षतापूर्वक भए नभएको एवं ती सेवाहरुको अवस्था र प्रभावकारिता सम्बन्धमा परीक्षण एवं मूल्याङ्कन गरी सुझाव सहितको प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उदेश्य रहेको छ । सो उद्देश्य प्राप्तिको लागि देहायका विषय सुनिश्चित गर्नु लेखापरीक्षणको सहायक उद्देश्यहरु रहेका छन् ।

(क) अनलाईन माध्यमबाट सेवा प्रवाह गर्ने सम्बन्धमा भएका नीतिगत तथा कानूनी व्यवस्थाको पर्याप्तता विश्लेषण गर्नु,

(ख) नेपाल सरकारले अनलाईनबाट प्रदान गर्ने भनिएका सेवाहरुको पहुँच एवं उपयोगको अवस्था विश्लेषण गर्नु,

(ग) अनलाईन सेवा प्रवाहको लागि व्यवस्था गरेको पूर्वाधारको पर्याप्तता र प्रभावकारीता परिक्षण गर्नु,

(घ) अनलाईन माध्यमबाट प्रवाह भएका सेवाहरुले नागरिकको सेवाको, लागत एवं समयमा पारेको प्रभावको विश्लेषण गर्नु तथा सुधारको सुझावहरु प्रदान गर्नु,

९. **लेखापरीक्षणको क्षेत्रः** लेखापरीक्षणको उद्देश्य प्राप्तिका लागिसञ्चार तथा सूचना प्रविधि मन्त्रालय तथा अन्तर्गतका विभाग तथा निकाय एवं अनलाईन माध्यमबाट सार्वजनिक सेवा प्रवाह गर्ने मन्त्रालय, विभाग, कार्यालय, स्थानीय तह, संवैधानिक निकाय लगायतलाई लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ । लेखापरीक्षणका क्रममा विगतमा महालेखा परीक्षकको कार्यालयले यस विषयसँग सम्बन्धित रहेर औंल्याएका विषयहरु, आम सञ्चार माध्यम तथा पत्रपत्रिका उल्लेखित विषयहरुको अवस्थाको परीक्षण गरिएको छ । विगत ३ वर्षमा सञ्चालित क्रियाकलापहरु तथा तथ्याङ्कलाई लेखापरीक्षणको क्रममा परीक्षण मूल्याङ्कन गरिएको छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र नेपाल सरकारले आर्थिक वर्ष २०७८।७९ को बजेटको अनुसूची-१४ मा ४२ प्रकारका सेवाहरु अनलाईन माध्यमबाट प्रदान गर्ने भनि उल्लेख गरेकोमा नमूना छनौटको आधारमा देहायका १० प्रकारका सेवा प्रवाह गर्ने निकायहरुलाई मात्र लेखापरीक्षणको विषयमा समावेश गरिएको छ । नेपाल सरकारले अनलाइन मार्फत प्रवाह गर्ने गरेका ४५ प्रकारका सेवाहरु अनुसूची-१ मा समावेश गरिएको छ ।

क्र.स.	निकाय/मन्त्रालय/विभाग/कार्यालय	प्रदान गरिरहेको सेवा
१	सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र अन्तर्गतका विभागहरु	समग्र अनलाईन माध्यमबाट प्रदान गरिने सेवाहरुको नियामक निकायको रुपमा
२	राहदानी विभाग	विद्युतीय राहदानी
३	आन्तरिक राजस्व विभाग	एकीकृत कर प्रणाली (करदाता सेवा सँग सम्बन्धित)
४	भूमि व्यवस्थापन तथा अभिलेखन विभाग	भू-अभिलेख सूचना व्यवस्थापन प्रणाली (Land Record Information Management System मात्र)
५	वैदेशिक रोजगार विभाग	अनलाईन श्रम स्वीकृति (Foreign Employment Information Management System मात्र)
६	यातायात व्यवस्था विभाग	सवारी चालक अनुमति पत्र नयाँ तथा नविकरण
७	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय	शैक्षिक चारित्रिक प्रमाणपत्र (No objection letter)

८	राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग	राष्ट्रिय परिचयपत्र
९	स्वाथ्य बीमा वोर्ड	स्वाथ्य बीमा कार्यक्रम(Open Emis)
१०	प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालय	हेलो सरकार (Hello Sarkar)
११	नेपाल प्रहरी केन्द्रीय कार्यालय	प्रहरी चारित्रिक प्रमाणपत्र

सो प्रयोजनको लागि देहायका क्षेत्रलाई लेखापरीक्षणमा समेटिएको छ;

- सूचना प्रविधि प्रणालीको आवश्यकता पहिचान,
- अत्यावश्यक विषयहरु अनलाईन प्रणालीमा समावेश भए नभएको अवस्था,
- अनलाईन सेवा प्रवाहको कार्यदक्षता तथा प्रभावकारीता विश्लेषण
- जनशक्ति व्यवस्थापन,
- अनलाईन माध्यमबाट सेवा प्रवाह गर्न निकाय तथा विभागहरुले सञ्चालन गरेका सूचना प्रविधि प्रणालीको उपयुक्तता, प्रविधिको प्रयोग, सूचनाको गोपनियता, सूचना प्रविधि पूर्वाधार र यसको उपयोग, विद्युतीय तथ्याङ्कको सुरक्षा

१०. **लेखापरीक्षण पद्धतिः** लेखापरीक्षणको उद्देश्यका लागि पर्याप्त र उचित प्रमाण सङ्कलन गर्न नियन्त्रणको परीक्षण, विश्लेष्णात्मक कार्यविधि र विस्तृत विवरणको परीक्षण विधि अवलम्बन गरिएको छ । लेखापरीक्षणसँग सम्बन्धित कार्य सम्पादन समेटिएको वार्षिक प्रतिवेदन, प्रमाण कागजात, तथ्याङ्क, सूचनाको परीक्षण र भिडान, निरीक्षण गणना, सम्बन्धित पक्षसँग सोधपुछ र छलफल, विश्लेषण आदिलाई लेखापरीक्षण औजारको रुपमा लिइएको छ ।

समग्रमा प्रक्रियामूलक र नतिजामूलक विधि उपयोग गरी लेखापरीक्षण गरिएको छ । लेखापरीक्षण आधारको रुपमा विषयसँग सम्बन्धित नीतिगत तथा कानूनी व्यवस्थामा उल्लेख भएका विषयहरुलाई लिइएको छ । साथै उपलब्ध भएका विषयसँग सम्बन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय असल अभ्यासहरुलाई आवश्यकता अनुसार अपनाइएको छ । लेखापरीक्षणको क्रममा सूचना तथा सञ्चार प्रविधि मन्त्रालय, राष्ट्रिय सूचना प्रविधि केन्द्र लगायत बुँदा १० मा छनौट गरिएका निकाय तथा कार्यालयहरुका पदाधिकारीसँग छलफल समेत गरिएको छ । लेखापरीक्षणको दौरानमा र लेखापरीक्षण सम्पन्न भएपश्चात व्यवस्थापनसँग देखिएका व्यहोराहरु उपर छलफल गरी प्राप्त टिप्पणी समेतका आधारमा यो प्रतिवेदन तयार गरिएको छ । लेखापरीक्षणका विभिन्न चरणमा आवश्यकतानुसार नागरिक समाज तथा संस्थाको संलग्नता गराइएको छ ।

परिच्छेद - ३

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

नागरिकलाई प्रदान गर्ने सार्वजनिक सेवाहरु सरल, सहज र छिटो, छरितो रुपमा प्रदान गर्न सरकारले विभिन्न ४५ प्रकारका सार्वजनिक सेवामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरि अनलाईनबाट सहजै प्राप्त गर्न सक्ने गरी नागरिक एप सञ्चालन भएको, नेपाल प्रहरी प्रधान कार्यालयबाट जारी हुने प्रहरी चारित्रिक प्रमाणपत्र तथा वैदेशिक रोजगार विभागबाट प्रदान गरिने श्रम स्वीकृतिलाई पूर्ण अनलाईन बनाई कागजरहित प्रणालीको स्थापना गरेको, आन्तरिक राजस्व विभागबाट प्रदान हुने सबै किसिमका सेवाहरु

एकीकृत गरी एकीकृत कर प्रणालीबाट प्राप्त गर्न सकिने गरि एकद्वार प्रणालीको विकास गरेको छ । साथै नेपाल सरकारबाट प्रदान गरिने सार्वजनिक सेवाहरु पूर्ण अनलाईन र सार्वजनिक प्रशासनलाई पूर्ण विद्युतीय बनाउन डिजिटल नेपाल फ्रेमवर्क २०७६ बनाई कार्यान्वयनमा ल्याइएको छ। जसले कागजरहित सार्वजनिक प्रशासनको विकास गर्ने रणनीति लिएको छ । तथापी सरकारले नागरिकलाई प्रदान गर्ने सार्वजनिक सेवाहरुमध्ये अनलाईन माध्यमबाट प्रदान गर्ने सेवाहरुमा नागरिकको सूचना प्रविधिको प्रयोगमा अभ्यस्त बनाउने, प्रविधिमैत्री शिक्षामा विकास र पूर्वाधारको सबै क्षेत्रमा पहुँच पुऱ्याई नागरिकले प्राप्त गर्ने सेवालाई अझ सरल, सुविधाजनक र प्रभावकारी बनाउन आवश्यक सुधार गर्नुपर्ने विषयहरु देहायबमोजिम रहेका छनः

११. **नीतिगत तथा कानूनी व्यवस्थाः** नेपाल सरकारले "नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४" बमोजिमका कार्यहरु गर्ने गरी विभिन्न मन्त्रालय र सो अन्तर्गतका विभाग एवं कार्यालयलाई जिम्मेवार तोकेको छ । सो बमोजिमका कार्यालयहरुले अत्यावश्यक सेवा सञ्चालन ऐन, २०१३ तथा विभिन्न विषयगत ऐन एवं नियमावलीहरु बमोजिम सेवा प्रवाह गरिरहेको अवस्था छ । वर्तमान समयमा सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको बढ्दो प्रयोग भईरहेको अवस्था छ । अनलाईन प्रणालीबाट सेवा प्रवाह गर्ने सम्बन्धमा विद्युतीय कारोबार ऐन, २०६३ कार्यान्वयनमा रहेको छ ।विभिन्न क्षेत्रगत ऐन तथा नीतिहरुले विषयगत सेवा सञ्चालनको विषयलाई मात्र समावेश गरेको देखियो । अनलाईन सेवालाई एकीकृत एवं मार्गदर्शन गर्ने एकीकृत कानूनी व्यवस्थाको अभावले नेपाल सरकार तथा अन्तर्गतका निकायबाट सेवा प्रवाहको लागि अनलाईन प्रणालीको विकासमा विविधता रहेको देखियो। अनलाईन सेवा प्रवाहको न्यूनतम मापदण्ड, व्याकअप नीति, प्रणाली संरचनाको न्यूनतम मापदण्ड आदिमा एकरुपता नहुँदा निकाय पिच्छे फरक. फरक प्रणालीको विकास भई निकट भविष्यमा सेवा प्रवाह गर्ने प्रणालीहरु विचमा समन्वय कायम गर्न तथा अन्तर.आवद्धता गर्न नसकिने अवस्था आउन सक्ने देखिन्छ ।

तसर्थ मन्त्रालयले अनलाईन सेवा प्रवाहलाई मार्गदर्शित गर्ने उपयुक्त एकीकृत कानूनी तथा नीतिगत व्यवस्था गर्नुपर्ने देखिन्छ ।

१२. **सूचना प्रविधि साक्षरता** (Digital Literacy)**:** २०७९ असार मसान्तसम्ममा नेपालमा इन्टरनेट सेवामा पहुँचप्राप्त भएको जनसंख्या ७३ प्रतिशत रहेको छ । नेपालका ७५३ स्थानीय तहका ६९४३ वडा कार्यालयहरुमध्ये ७३८ स्थानीय तहका ६१९० वडा कार्यालयमा (२०७९ फाल्गुणमसान्त सम्म) मात्र ब्रोडव्याण्ड इन्टरनेट पुगेको छ । नेपालका सबै सार्वजनिक निकायहरुले अनलाइन माध्यमबाट सार्वजनिक सेवा प्रवाह गर्ने गरी सम्पूर्ण प्रक्रियालाई अनलाइनमा लगिसकेको अवस्थामा अझै पनि एकतिहाई जनसंख्या इन्टरनेट पहुँच बाहिर रहेको छ भने १५ स्थानीय तहका ७५३ वटा कार्यालयमा ब्रोडव्याण्ड इन्टरनेट सेवा पुगेको छैन् । १५ स्थानीय तहको केन्द्रमा इन्टरनेट सेवा नपुगेको एवं एकतिहाई नागरिकहरु इन्टरनेटको पहुँच बाहिर हुँदा स्थानीय तहबाट प्रवाह हुनुपर्ने व्यक्तिगत घटना दर्ता, राहदानी आवेदन, राष्ट्रिय परिचयपत्र आवेदन लगायतका सेवाहरुसमेत प्रवाह गर्न नसक्ने एवं पहुँच नहुने अवस्था रहेको छ । सूचना प्रविधिमा नागरिकको पहुँच रहे तापनि सेवा प्राप्त गर्न आवश्यक ज्ञान सीप भएको नागरिकको संख्या के-कति रहेको छ? भन्ने सम्बन्धमा अध्ययान भएको पाइएन । सूचना प्रविधिमा पहुँच भएपनि सोको सञ्चालन वा उपयोग गर्न नसक्दा मध्यस्थ मार्फत सेवा लिनुपर्ने स्थिति छ । एकीकृत कर प्रणालीको सञ्चालन व्यवसायीबाट भन्दा लेखापरीक्षकहरुबाट हुने गरेको र भूमि व्यवस्था सूचना प्रणाली एवं सवारी लाइसेन्स अनुमति तथा नविकरण प्रणालीको सञ्चालनमा वास्तविक सेवाग्राही भन्दा

एजेन्टहरुको भूमिका बढि हुने गरेकोबाट पुष्टि हुन्छ । यसबाट सेवा लागत बढ्ने एवं सेवा प्रवाह पकृया समेत अविश्वसनीय स्थिति समेत रहेको छ । सूचना प्रविधिको पूर्वाधार विकास एवं विस्तार गरी सबै स्थानीय तह र जनसंख्यामा इन्टरनेट सेवा पुऱ्याई डिजिटल साक्षरता कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरी सार्वजनिक सेवाको प्रभावकारिता वृद्धि गर्नुपर्दछ ।

१३. **विद्युतीय हस्ताक्षरको प्रयोगः** विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४१ मा सरकारी निकाय, सार्वजनिक संस्था तथा नेपाल राज्य भित्रका वैक तथा वित्तीय संस्थाहरुबाट जारी गरिने वा स्वीकार गरिने कागजात, अभिलेख वा प्रमाणपत्रमा सम्बन्धित व्यक्तिको हस्ताक्षर हुनुपर्ने भनि उल्लेख गरेकोमा सोको सट्टा विद्युतीय हस्ताक्षरको प्रयोग गर्न सक्ने व्यवस्था गरेको छ । सार्वजनिक सेवा प्रवाह प्रकृयालाई सहजिकरण गर्नको लागि सेवा प्रवाह प्रणाली स्थापना गरेकामध्ये लेखापरीक्षण गरेका निकायहरुले सेवा प्रवाहको लागि छुट्टाछुट्टै प्रणालीको विकास गरेका छन् । प्रत्येक प्रणालीबाट सेवाको प्रकृति बमोजिमको कुनै न कुनै विद्युतीय प्रमाणपत्र तथा कागजात स्वाचालित रुपमा प्राप्त गर्न सकिने व्यवस्था समेत रहेको छ । जस्तैः अनलाइन कर चुक्ता प्रमाणपत्र, अनलाइन प्रहरी चारित्रिक प्रमाणपत्र, शैक्षिक चारित्रिक प्रमाणपत्र, जग्गा धनी पूर्जा लगायतका प्रमाणपत्रहरु अनलाइनबाट प्राप्त हुने व्यवस्था रहेको छ । मन्त्रालयले सरकारी, सार्वजनिक तथा निजी गरी करिव ८००० को संख्यामा विद्युतिय हस्ताक्षर वितरण गरेको भएतापनि लेखापरीक्षण गरिएका निकायहरुबाट प्रिन्ट हुने त्यस्ता प्रमाणपत्रहरु हस्ताक्षर विनानै पिन्ट हुने र सोको आधिकारिताको लागि पुनः कार्यालयमानै सेवाग्राही उपस्थित भई अधिकारीबाट हस्ताक्षर गराउनुपर्ने व्यवस्था रहेको देखियो । सेवा प्रवाहलाई डिजिटलाइज गरेका निकायहरुले विकास गरेका प्रणालीमा उक्त व्यवस्था नगरी हस्ताक्षर म्यानुअल रुपमा मात्र हुने व्यवस्था गर्दा सेवाग्राहीको भिड बढ्ने तथा सेवा प्रवाहको समय बढी लाग्ने हुन्छ। तसर्थः अनलाइन माध्यमबाट सेवा प्रवाह गर्ने गरी प्रणालीको विकास गरेका निकायहरुले सो प्रणालीबाट प्राप्त गर्न सकिने प्रमाणपत्रहरुमा विद्युतीय हस्ताक्षरको प्रयोग गरी सेवा प्रवाह प्रणालीलाई सरल छिटो र प्रभावकारी बनाउनतर्फ ध्यान दिनुपर्दछ ।

१४. **सूचना प्रणाली सञ्चालन नीतिः** अनलाईन सेवा प्रदायक निकायहरुबाट सेवा प्रवाहको लागि सञ्चालनमा ल्याइएको सफ्टवेयर सुरक्षा सम्बन्धमा सूचना प्रविधि नीति, सुरक्षा नीति, व्यवसाय निरन्तरता नीति, डिजास्टर रिकभरी नीति, हार्डवेयर नीति, सफ्टवेयर नीति, तथ्याङ्कहरुको गोपनियता नीति, ब्याकअप नीति, ग्रामीण पहुँचनीति, परिवर्तन व्यवस्थापन नीति, सूचना प्रविधि तालिम व्यवस्थापन नीति, तेश्रो पक्ष उपयोग नीति तयार गरेको हुनु पर्दछ । महत्वपूर्ण सूचना प्रशोधन तथा सञ्चालन सम्बन्धी सफ्टवेयर तथा सो सफ्टवेयर सम्बन्धित सर्भर, सूचना सञ्जाल तथा आन्तरिक तथा बाह्य सूचना प्रविधिका पक्षहरु सही रुपमा सञ्चालन तथा व्यवस्थापनको लागि अधिकांश निकायहरुले स्पष्ट नीति तयार गरेको पाइएन । सूचना प्रविधि सम्बन्धी नीति नहुँदा कार्यालयका कर्मचारीको व्यक्तिगत दक्षता एवं अनुभव तथा विषयगत सेवा सञ्चालन सम्बन्धी व्यवस्थाको आधारमा सम्पादन गर्ने गरेको पाइयो। सूचना प्रविधि प्रणाली सञ्चालनमा संलग्न कर्मचारीहरु सरुवा, बढुवा भइरहने प्रकृतिको कार्यालयमा नीतिगत व्यवस्थाविना आवश्यकता अनुरुप व्यक्तिगत दक्षता एवं अनुभवका आधारमा सम्पादन गर्दा भविष्यमा विभिन्न कठिनाई तथा बाधा व्यवधानहरु आउन सक्ने देखिन्छ । जसले सेवा प्रवाह प्रभावित भई प्रणालीनै सञ्चालन गर्न नसक्ने अवस्था आइपर्न सक्दछ ।

तालिका नं. १

निकायहरुमा सूचना प्रणाली सञ्चालन नीति सम्बन्धी अवस्था

क्र.स.	निकायको नाम	सञ्चालनमा ल्याएको प्रणाली	प्रणालीसञ्चालन नीतिको अवस्था
१	नेपाल प्रहरी केन्द्रीय कार्यालय	अनलाइन प्रहरी चारित्रिक प्रमाणपत्र दर्ता प्रणाली (OPCRS)	नीति नरहेको/प्रहरी कार्ययोजनाको आधारमा सञ्चालन हुने गरेको ।
२	राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग	राष्ट्रिय परिचयपत्र(NID)	नीति नरहेको । विषयगत नीतिको आधारमा सञ्चालन हुने गरेको ।
३	राहदानी विभाग	विद्युतीय राहदानी	नीति नरहेको । विषयगत नीतिको आधारमा सञ्चालन हुने गरेको ।
४	भूमी व्यवस्थापन तथा अभिलेख विभाग	भू-अभिलेख सूचना व्यवस्थापन प्रणाली (LRIMS)	नीति नरहेको/भूमि सम्बन्धी नीति बमोजिम सञ्चालन गरिएको ।
५	यातायत व्यवस्था विभाग	अनलाइन सवारी चालक अनुमतिपत्र आवेदन प्रणाली	नीति नरहेको ।
६	वैदेशिक रोजगार विभाग	अनलाइन श्रम स्वीकृती (FEMIS)	नीति नरहेको ।
७	आन्तरिक राजस्व विभाग	एकीकृत कर प्रणाली (ITS)	नीति नरहेको ।
८	स्वाथ्य बीमा वोर्ड	स्वाथ्य बीमा कार्यक्रम (OpenEmis)	नीति नरहेको ।
९	शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय	शैक्षिक चारित्रिक प्रमाणपत्र (No Objection Letter)	निति नरहेको ।

तसर्थः विद्युतीय माध्यमबाट सार्वजनिक सेवा प्रवाह गर्ने प्रत्येक निकायहरुले सञ्चालनमा ल्याएको सूचना प्रविधि प्रणालीको सञ्चालन र व्यवस्थापनलाई प्रभावकारी बनाउन प्रणाली सञ्चालन नीति बनाई कार्यान्वयन गर्नुपर्दछ ।

१५. **सूचना प्रविधि सुशासन तथा जोखिम व्यवस्थापनः** सूचना प्रविधि सुशासनको प्रभावकारी अवलम्बनले मात्र अपेक्षित विद्युतीय सेवा प्रवाहको सुनिश्चतता प्रदान गर्ने भएकाले अनलाइन माध्यमबाट सेवा प्रवाह गर्ने निकायहरुमा सूचना प्रविधि सुशासनको व्यवस्था गरिनु पर्दछ । सुशासन परिपालना भए/नभएको सम्बन्धमा अनुगमन गर्न सूचना प्रविधि निर्देशक समिति समेत गठन गर्नुपर्दछ। अनलाइन माध्यमबाट सेवा प्रवाह गर्ने निकायहरुमध्ये लेखापरीक्षण गरिएका निकायहरुमा सूचना प्रविधि सुशासन सम्बन्धी संरचना निर्माण गरेको पाइएन । सुशासन संरचना बिना गरेका कामहरु निकायको दीर्घकालीन उद्देश्य तथा लक्ष्य अनुरुप छन् भनी सुनिश्चित गर्ने आधार हुदैन । निकायको सूचना प्रविधि व्यवस्थापन प्रकृया सूचना प्रविधि सुशासनको एक महत्वपूर्ण अङ्ग भएकोले सम्पूर्ण योजना तथा कार्य प्रकृया सुशासन संरचनासँग मेल खाने गरी तयार गरिनु पर्दछ।

निकायहरुले सूचना प्रविधि प्रणालीमा हुनसक्ने जोखिम न्यूनीकरणका लागि सूचना प्रविधि सम्बन्धी जोखिम आङ्कलन तथा त्यस अनुरुपको जोखिम व्यवस्थापन नीति, निर्देशिका, कार्य योजना तयार गरी लागु गर्नुपर्दछ । साथै सो सम्बन्धमा अनुगमन एवं समन्वयको लागि सूचना प्रविधि निर्देशक समिति समेतको उपयुक्त संयन्त्र बन्नु पर्दछ।

१६. **एप्लिकेसन प्रोग्रामिङ्ग इन्टरफेश (ए.पि.आई) इन्ट्रिग्रेशनः** नेपाल सरकार राष्ट्रिय योजना आयोगको वार्षिक विकास कार्यक्रम, २०७९ को बुँदा नं ७.३ मा डिजिटलाइजेशन मार्फत सामाजिक, आर्थिक र शासकीय क्षेत्रमा सुधार ल्याउने रणनीति रहेको छ । साथै राष्ट्रिय सूचना प्रविधि नीति, २०७२ ले

सम्पूर्ण सरकारी सेवाहरुलाई एकीकृत प्रणालीबाट सञ्चालन गर्ने, तथा डिजिटलाइज नेपाल फ्रेमवर्क, २०७६ ले एकीकृत पहिचानको रुपमा राष्ट्रिय परिचयपत्रलाई विकास गर्ने रणनीति राखेको छ। यसको लागि नेपाल सरकारले एकीकृत रुपमा सेवा प्रवाहको लागि विभिन्न मन्त्रालय एवं निकायमा सञ्चालित प्रणालीमा सहजरुपमा सूचना आदान-प्रदान गर्न विभिन्न बाह्य प्रणालीसँग अन्तर-आबद्धता कायम गरिएको हुनुपर्दछ। सोको लागि नेपाल सरकारद्वारा सञ्चालित विभिन्न अनलाइन वा अफलाइन सूचना प्रविधिमा आधारित प्रणाली, एप्लिकेशन, सफ्टवेयर, मोबाइल एप्स् आदिको बीच एक आपसमा सम्बन्ध कायम गर्न इन्टरफेशको आवश्यक पर्दछ। उक्त इन्टरफेस सुरक्षित र गुणस्तरीय हुनु जरुरी छ। जसबाट नेपाल सरकारका विभिन्न निकायहरुमा एउटै प्रकृतिको तथ्याङ्क सङ्कलन तथा त्यसको भण्डारणमा प्रत्येक निकायबाट प्रणाली खरिदमा हुने खर्च कटौति भई न्यूनतम लागतमै अनलाईन सेवा प्रवाह गर्न सकिन्छ। त्यस्तै सेवा प्रवाहको चरणहरुमा समेत लागत कटौती भई सेवा प्रवाहको प्रभावकारिता वृद्धि हुनुका साथै सेवाग्राहीको चाप व्यवस्थापन पनि हुन जान्छ । विभिन्न निकायहरुबाट एउटै किसिमको तथ्याङ्क सङ्कलन र भण्डारण गर्ने गरिएकोमा सोको केही विवरण देहाय बमोजिम रहेको छ ।

तालिका नं. २

सेवा प्रवाहको लागि एउटै किसिमको विवरण विभिन्न निकायबाट सङ्कलन र भण्डारण गरेका केही विवरणहरु

क्र.स.	निकाय	सेवा तथा प्रयोजन	सङ्कलन गरेको तथ्याङ्क तथा विवरण
१	राहादानी विभाग	विद्युतीय राहदानी	सेवाग्राहीको वायोमेट्रिक लगायत सम्पूर्ण व्यक्तिगत विवरण
२	राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग	राष्ट्रिय परिचयपत्र	सेवाग्राहीको वायोमेट्रिक लगायत सम्पूर्ण व्यक्तिगत विवरण
३	आन्तरिक राजस्व विभाग	व्यवसायिक स्थायी लेखा नम्बर	करदाताको वायोमेट्रिक लगायत सम्पूर्ण व्यक्तिगत विवरण
४	यातायात व्यवस्था विभाग	सवारी चालक अनुमतिपत्र	सेवाग्राहीको वायोमेट्रिक लगायत सम्पूर्ण व्यक्तिगत विवरण

उपर्युक्त बमोजिम वायोमेट्रिक लगायतका व्यक्तिगत विवरणहरु सरकारी निकायका सबै प्रणालीहरुमा सङ्कलन गरिने अवस्था छ । एक प्रणालीमा सङ्कलन भएको सूचना इन्टरफेश मार्फत आदान-प्रदान हुने व्यवस्था देखिएन । राष्ट्रिय परिचयपत्र प्रणालीको विद्युतीय राहदानी, सवारी चालक अनुमतिपत्र प्रणाली, भूमि व्यवस्थापन अभिलेख प्रणाली तथा निर्वाचन आयोगको परिचयपत्र प्रणालीसँग इन्टरफेश छैन। एकीकृत कर प्रणालीको कम्पनी रजिष्ट्रारको कार्यालयको प्रणाली तथा स्थानीय तहबाट सङ्कलन गरिने राजस्व तथा कम्प्युटराइड सरकारी लेखा प्रणाली एवं स्थानीय सञ्चितकोष नियमन प्रणाली (सुत्र) सँग इन्टरफेश छैन् । त्यसैगरी भूमि व्यवस्थापन अभिलेख प्रणाली, एकीकृत कर प्रणाली र राजस्व व्यवस्थापन सूचना प्रणालीविच समेत अन्तरआवद्धता भएको देखिएन । फलस्वरुपः एउटै प्रकारका विवरणहरु सेवाग्राहीले पटक पटक उपलब्ध गराउनुपर्ने तथा एउटै सूचना एवं तथ्याङ्क निकाय र विभाग पिच्छे फरक-फरक रुपमा प्राप्त हुने अवस्था छ ।

तसर्थः नेपाल सरकारका विभिन्न निकायहरुमा सेवा प्रवाहको लागि आवश्यक पर्ने एउटै प्रकृतिको तथ्याङ्क सङ्कलन एवं भण्डारणको लागि एकीकृत प्रणाली विकास गरी सोबाट अन्य प्रणालीहरुमा ए.पि.आई.को माध्यमबाट तथ्याङ्क आदानप्रदान गर्ने व्यवस्था गर्नुपर्दछ ।

१७. **जनशक्ति व्यवस्थापनः** राष्ट्रिय सूचना प्रविधि नीति, २०७२ को बुँदा नं १२.१७.४ मा सार्वजनिक सेवा प्रवाहमा नविनतम सूचना तथा सञ्चार प्रविधिको विकास र उपयोग गर्न सक्षम, दक्ष र प्रविधिमैत्री कर्मचारी विकास गर्ने नीति रहेको छ । सोको लागि अनलाईन सेवा प्रवाह गर्ने विभाग/कार्यालयहरुमा प्रयोग भएको सफ्टवेयर सञ्चालन तथा ब्यवस्थापनको लागि सूचना प्रविधि शाखामा सूचना प्रविधि सम्बन्धी विज्ञको दरबन्दी रहेको हुनुपर्दछ । सो बमोजिम दरबन्दी नहुँदा वा दरबन्दी बमोजिम पदपूर्ति नहुँदा कार्यालयको दैनिक कार्य सञ्चालनमा समेत असर पर्ने देखिन्छ । साथै सूचना प्रविधि शाखामा कार्यरत जनशक्तिको लागि व्यक्तिगत रुपमा कार्यविवरण प्रदान गर्नुपर्दछ । लेखापरीक्षण गरिएका निकायहरुमध्ये सबैजसो निकायहरुमा कर्मचारीगत भन्दा पनि शाखागत कार्य विवरण प्रदान गरिएको देखियो । ती निकायहरुमा प्रणाली सञ्चालनको लागि निकायमै जनशक्ति विकास गर्नुको सट्टा प्रणाली विकासकर्ताकै तर्फबाट सञ्चालन, मर्मत एवं ब्यवस्थापनको लागि जनशक्ति करार वा परामर्शदाताकै रुपमा लिने वा सूचना प्रविधि विकास सम्झौता गर्दा नै सञ्चालन ब्यवस्थापनको लागि समेत जनशक्ति सहित रकम कबोल गरेको देखिन्छ । यसले गर्दा मुख्य कामहरु जस्तैः प्रणाली सञ्चालन, डेटावेश सञ्चालन तथा नेटवर्क सञ्चालन आदि कार्यहरु गर्न अधिकांश कार्यालयले बाह्य निकाय मार्फत करार तथा परामर्शमा गराएकोले बाह्य पक्षप्रति बढी निर्भर रहेको देखियो । दरबन्दी अनुसार पदपूर्ति नभएका कारण सफ्टवेयर, डाटावेश र सेक्यूरिटि लगायतका अति सम्वेदनशील, गोप्य र सुरक्षाको दृष्टिकोणले जोखिमयुक्त काममा समेत बाह्यपक्षसँग निर्भर रहनुपर्ने अवस्था सिर्जना भएको छ ।

तालिका नं. ३

निकायहरुको सूचना प्रविधि शाखामा रहेको दरबन्दी र पदपूर्ति एवं प्रणाली सञ्चालनको लागि सम्झौता गरिएको सेवा प्रदायकको विवरणः

क्र. सं.	निकाय	प्रणाली	सूचना प्रविधि शाखाको जम्मा दरबन्दी	पदपूर्ति भएको संख्या	प्रणाली सञ्चालनको लागि लिइएका सेवा र सेवा प्रदायक	औषत वार्षिक रकम भुक्तानी (रु)
१	नेपाल प्रहरी केन्द्रीय कार्यालय	अनलाइन प्रहरी चारित्रिक प्रमाणपत्र दर्ता प्रणाली (OPCRS)	४३	८	Oracle (Support Service)	१२ लाख ७० हजार
२	भूमी ब्यवस्थापन तथा अभिलेख विभाग	भू-अभिलेख सूचना ब्यवस्थापन प्रणाली (LRIMS)	१५	१५(२जना करारमा सु.प्र.वि.)	Developer सँग Maintenance and Support को लागि वार्षिक रकम भुक्तानी गर्ने गरेको	नखुलेको ।
३	यातायात व्यवस्था विभाग	अनलाइन सवारी चालक अनुमतिपत्र आवेदन प्रणाली	४	४	विभिन्न सेवा प्रदायक संस्थाहरुलाई वार्षिक मर्मत सम्भार	नखुलेको ।
४	वैदेशिक रोजगार विभाग	अनलाइन श्रम स्वीकृती (FEMIS)	३	३		नखुलेको ।
५	आन्तरिक राजस्व विभाग	एकीकृत कर प्रणाली (ITS)	१८	१८	नखुलेको ।	
६	राहदानी विभाग	विद्युतीय राहदानी	स्वीकृत दरबन्दी नरहेको करारमा १ जना कम्प्युटर इन्जिनियर कार्यरत			

			रहेको ।		
७	राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग	राष्ट्रिय परिचयपत्र (NID)	२२	१८	१९ जना कम्प्युटर इन्जिनियर तथा टेक्निसियन करारमा राखिएको ।
८	स्वास्थ्य बीमा बोर्ड	स्वास्थ्य बीमा कार्यक्रम (Open Emis)	२ जना रिक्त रहेको ।		

निकायहरुमा सूचना प्रविधिको दरबन्दी न्यून रहेको, दरबन्दी भए तापनि वृत्ति विकासको अवसर कम भएकोले सो दरबन्दीमा कार्यरत कर्मचारी सेवा छाडेर तथा सरुवा भई जाने गरेको पाइयो जसले गर्दा सेवा प्रवाहको प्रणाली विकास र सञ्चालनमा समस्या उत्पन्न हुने गरेको देखियो । कार्य जिम्मेवारी र कार्य प्रकृति बमोजिमको पर्याप्त र क्षमतावान तथा वृत्ति पथसहितको सूचना प्रविधि प्रणाली व्यवस्थापनमा कर्मचारी दरबन्दी व्यवस्था गरी आन्तरिक रुपमै दक्ष जनशक्तिको परिचालन गरेर महत्वपूर्ण जिम्मेबारीमा बाह्य पक्षसँगको परनिर्भरतालाई कम गर्नको लागि मन्त्रालयले उचित पहल गर्नुपर्ने देखिन्छ ।

१८. **कर्मचारी तालिम तथा प्रयोगकर्ता विधिः** अनलाईन माध्यमबाट सार्वजनिक सेवा प्रवाह गर्ने गरी सूचना प्रविधि प्रणाली सञ्चालन गरेका सार्वजनिक निकायहरुले सूचना प्रविधिको तालिम सम्बन्धी योजना तयार गरी निकायले सञ्चालन गरेको प्रणाली सञ्चालन गर्ने कर्मचारी तथा आवद्ध प्रयोगकर्ताहरुलाई सुरक्षा प्रणाली सञ्चालन सम्बन्धी तालिम सञ्चालन गरी प्रयोग गर्न सक्षम तुल्याउनु पर्दछ । यस सम्बन्धी म्यानुअल तथा भिडियो तयार गरी सार्वजनिक गर्नुपर्दछ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले डिजिटल साक्षरता कार्यक्रममा महत्वपूर्ण सेवा/सूचनाको प्रयोग समेतलाई समावेश गरी कार्यक्रम गर्ने कार्य गरेको भएतापनि लेखापरीक्षणको क्रममाः छनौट गरिएका १० वटा कार्यालयसँग सम्बन्धित सूचना प्रणालीसँग सम्बन्धित तालिम सञ्चालन गर्ने समय तालिका एवं सूचना प्रविधि सम्बन्धमा छुट्टै तालिम योजना रहेको पाइएन । यस सम्बन्धमा कार्यालयहरुले वार्षिक बजेटबाट नै तदर्थ माध्यमबाट आवश्यक समस्या सामाधान तथा परिचयात्मक तालिम मात्र सञ्चालन गर्ने गरेको देखियो ।यसरी निकायहरुले सञ्चालन गरेका अनलाइन प्रणाली सञ्चालन तथा प्रयोगको तालिम सम्बन्धमा तालिम योजना नहुँदा प्रणालीमा थप भएका नयाँ विशेषताहरु, नियमित सुधार भएका कार्यप्रक्रिया सम्बन्धमा कर्मचारीहरुलाई ज्ञानको अभाव हुन्छ । साथै लेखापरीक्षण गरिएका निकायहरुले प्रयोगकर्ता मैत्री भिडियो तयार नगरेको तथा केहि निकायहरुले मात्र प्रयोगकर्ता म्यानुअल बनाई सार्वजनिक गरेको देखियो । त्यसरी सार्वजनिक गरेकोमा पनि प्रणालीमा सुधार तथा परिमार्जन भएपश्चात सोको अद्यावधिक भएको देखिएन । यसले गर्दा सेवाग्राहीलाई समेत सो प्रणाली प्रयोग गर्न समस्या आउने देखिन्छ ।

तसर्थ अनलाईन माध्यमबाट सार्वजनिक सेवा प्रवाह गर्ने निकायहरुले सञ्चालन गरेका प्रणालीहरु सम्बन्धमा थप भएका नयाँ विशेषताहरु एवं परिवर्तनप्रति कर्मचारीहरुलाई अभ्यस्त बनाउनको लागि वार्षिक तालिम योजना बनाई कार्यान्वयनमा ल्याउनु पर्दछ एवं सेवाग्राहीलाई सो प्रणालीको बारेमा जानकारी दिनको लागि प्रयोगकर्ता म्यानुअल एवं भिडियो तयार गरी सार्वजनिक गर्नुपर्दछ ।

१९. **तेश्रोपक्ष आश्वस्तता वा सूचना प्रविधिप्रणालीको लेखापरीक्षणः** अनलाईन सेवा प्रवाह गर्ने निकायहरुले प्रयोग गरेको सूचना प्रविधि प्रणाली लगायत समग्र सूचना प्रविधिको सञ्चालन प्रक्रिया, उपयोग, व्यवस्थापन तथा अनुगमनको स्वतन्त्र एवं निष्पक्ष सूचना प्रविधि विशेषज्ञबाट आश्वस्तता परीक्षण गराएको हुनुपर्दछ । साथै सूचना प्रविधि विभाग तथा स्वतन्त्र तेस्रो पक्षबाट सूचना प्रविधि लेखापरीक्षण समेत गराउनु पर्दछ । निकायहरुले प्रयोगमा ल्याएको अनलाईन प्रणाली सम्बन्धमा सूचना प्रविधि विभाग तथा स्वतन्त्र तेस्रो

पक्षबाट सूचना प्रविधि लेखापरीक्षण गराएको छैन । केहि प्रणालीको Vulnerability Assessment and Penetration Testing (VAPT) मात्र परीक्षण भएको पाइयो ।

तालिका नं. ४

निकायहरुले सञ्चालन गरेको सूचना प्रविधि प्रणालीको तेस्रोपक्ष आश्वस्तता सम्बन्धी अवस्था

क्र.स.	निकायको नाम	सञ्चालनमा ल्याएको प्रणाली	तेस्रोपक्ष आश्वस्तताको अवस्था
१	नेपाल प्रहरी केन्द्रीय कार्यालय	अनलाइन प्रहरी चारित्रिक प्रमाणपत्र दर्ता प्रणाली (OPCRS)	VAPT समेत अन्य कुनै परीक्षण नभएको ।
२	भूमी व्यवस्थापन तथा अभिलेख विभाग	भू-अभिलेख सूचना व्यवस्थापन प्रणाली (LRIMS)	VAPT मात्र तेस्रोपक्ष बाट परीक्षण गरिएको ।
३	यातायात व्यवस्था विभाग	अनलाइन सवारी चालक अनुमतिपत्र आवेदन प्रणाली	VAPT मात्र तेस्रोपक्ष बाट परीक्षण गरिएको । महालेखापरीक्षकको कार्यालयबाट सूचना प्रविधि लेखापरीक्षण समेत भएको ।
४	वैदेशिक रोजगार विभाग	अनलाइन श्रम स्वीकृती (FEMIS)	VAPT समेत परीक्षण नभएको ।
५	आन्तरिक राजस्व विभाग	एकीकृत कर प्रणाली (ITS)	GEA Audit, तथा Eminence PVT बाट Security Audit भएको ।
६	स्वास्थ्य बीमा बोर्ड	स्वास्थ्य बीमा कार्यक्रम (Open Emis)	कुनै परीक्षण नभएको ।
७	शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय	शैक्षिक चारित्रिक प्रमाणपत्र (No Objection Letter)	कुनै परीक्षण नभएको ।
८	राहदानी विभाग	विद्युतीय राहदानी	कुनै परीक्षण नभएको ।
९	राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग	राष्ट्रिय परिचयपत्र (NID)	कुनै परीक्षण नभएको ।

यसबाट समग्र सूचना प्रविधि प्रणालीमा भएमा जोखिमहरु सम्बन्धित निकायहरुलाई पूर्व जानकारी नभई भविष्यमा सो समस्याको समाधानका लागि निकायहरुलाई आवश्यक कदम पहल गर्न कठिन हुने, सूचनाको गोपनियता कायम नहुने र सुरक्षा जोखिम हुने देखिन्छ । जसको समाधानको लागि ठूलो खर्च गर्नुपर्ने हुन सक्दछ साथै प्रणाली नै प्रयोगविहिन बन्न सक्दछ ।

निकायहरुले प्रयोगमा ल्याएको सूचना प्रविधि प्रणालीको सूचना प्रविधि विभाग तथा तेश्रोपक्ष मार्फत सूचना प्रविधि लेखापरीक्षण गराउनुपर्दछ । यसको लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले समेत अनलाईन माध्यमबाट सेवा प्रवाह गर्ने निकायहरुको सुरक्षा परीक्षण गर्ने प्रणालीको व्यवस्था गर्नुपर्दछ।

२०. **हेल्पडेस्क तथा गुनासो व्यवस्थापन :** अनलाइन सेवा प्रवाहको लागि सूचना प्रविधि प्रणाली सञ्चालन गरेका निकाय तथा कार्यालयहरुले प्रयोगकर्ताहरुलाई सूचना प्रविधि प्रणाली प्रयोगमा परेका समस्याहरु तत्काल र पर्याप्त रुपमा विश्लेषण गरी सुचना प्रविधि सहायक मार्फत सुल्झाउन हेल्पडेस्क सेवाको व्यवस्था एवं प्रणालीमा पहुँचकायम गर्न नसक्ने सेवाग्राहीलाई सो प्रणालीमा पहुँच कायम गर्न सहायता कक्ष सञ्चालन गरेको हुनुपर्दछ । उजुरी, गुनासो तथा सहयोग अनलाईन मार्फत प्राप्त गर्ने व्यवस्था मिलाइएको हुनुपर्दछ। साथै आवश्यकता अनुसार कृत्रिम बौद्धिकताको प्रयोग गरी च्याट बोर्डको प्रयोग मार्फत प्रयोगकर्तालाई गुनासो संवोधन एवं सहयोग उपलब्ध गराउने व्यवस्था गर्नुपर्दछ ।

साथै सेवाग्राहीले उक्त सेवाको सम्बन्धमा कुनै उजुरी तथा गुनासो भएमा सोहि प्रणालीमा उजुरी तथा गुनासो दर्ता गर्न सक्ने र सोको लग रहनुपर्ने सुशासन ब्यवस्थापन तथा सञ्चालन ऐन, २०६४ को दफा ३१ र दफा ३७ तथा नियमावली २०६५ को नियम २० र २५ मा समेत व्यवस्था रहेको छ। लेखापरीक्षणको क्रममा अनलाइन माध्यमबाट सेवा प्रवाह गर्न स्थापना गरेका अधिकांश निकायहरुको सूचना प्रणालीहरुमा हेल्प डेक्सको व्यवस्था छैन । कतिपय निकायमा प्रयोगकर्ताहरुले प्रणालीमा कुनै समस्या भएमा वेवसाइटमा राखिएको मोवाइल नम्बरमा फोन सम्पर्क वा इमेल मार्फत समस्या समाधान गर्नुपर्ने वाध्यता रहेको देखियो । त्यस्तै आन्तरिक राजस्व विभाग वाहेकका निकायहरुमा प्रणालीमा पहुँचनभएका सेवाग्राहीलाई प्रणालीमा पहुँचकायम गर्न सहायता कक्ष समेतको व्यवस्था भएको पाइएन । जसले गर्दा समयमै समस्याहरुको समाधान नभई प्रणाली सञ्चालनमा समस्या उत्पन्न हुने र प्रणालीमा पहुँच प्राप्त गर्नबाट सेवाग्राही वञ्चित हुने देखिन्छ ।

त्यस्तै अधिकांश प्रणालीमा गुनासो दर्ता गर्ने व्यवस्था भएपनि त्यसपछिको चरण तथा अवस्थाको सम्बन्धमा कुनै विवरण अद्यावधिक भएको देखिएन ।सोको अद्यावधिक गर्ने व्यवस्था समेत प्रणालीमा रहेको छैन । त्यस्तै लेखापरीक्षण गरिएका प्रणालीहरुले अनलाईन उजुरी समाधान एवं सहयोग गर्ने तथा सो प्रयोजनको लागि कृत्रिम बौद्धिकता सहितको च्याट बोर्डबाट यस्तै अन्य फिचरहरु प्रयोग गर्ने गरेको समेत देखिएन । सार्वजनिक प्रशासनमा पारदर्शीता र सुशासन कायम गर्नको लागि ऐन तथा नियमावलीमा स्पष्ट भएका व्यवस्थाहरुको समेत पालना भएको देखिएन । यसबाट कार्यालयमा प्राप्त गुनासो तथा उजुरी फछ्यौटको अवस्थाको यथार्थ विवरण पत्ता लगाउन सकिदैन ।

तालिका नं. ५

निकायहरुले सञ्चालन गरेको सूचना प्रविधि प्रणालीमा विगत आर्थिक वर्षमा दर्ता भएमा गुनासो र उजुरी तथा फछ्यौटको अवस्था

क्र.स.	निकायको नाम	सञ्चालनमा ल्याएको प्रणाली	उजुरी संख्या	कैफियत
१	नेपाल प्रहरी केन्द्रीय कार्यालय	अनलाइन प्रहरी चारित्रिक प्रमाणपत्र दर्ता प्रणाली (OPCRS)	संख्यात्मक विवरण सम्बन्धी लग नरहेको ।	निवेदन रुजु नभएको अवस्थामा तथा नाम जुधेको अवस्थामा सम्बन्धित व्यक्तिलाई फोन सम्पर्क गरी समाधान गर्ने गरेको ।
२	भूमी ब्यवस्थापन तथा अभिलेख विभाग	भू-अभिलेख सूचना ब्यवस्थापन प्रणाली (LRIMS)	प्रणालीमा यस सम्बन्धमा रेकर्ड नरहेकोले विवरण प्राप्त हुन सकेन।	
३	यातायात व्यवस्था विभाग	अनलाइन सवारी चालक अनुमतिपत्र आवेदन प्रणाली	४४७०२ (हालसम्मको)	प्रणाली निर्माणकै चरणमा रहेको तथा यस भन्दा अघिको प्रणालीको समेत गुनासो तथा उजुरी यसै प्रणालीमा समावेश भएको । धेरै ऊजुरी समान प्रकृतिको भएको एवं सोको समाधान भइसकेको भन्ने जवाफ प्राप्त भएको तर प्रणालीमा समाधान भए नभएको रेकर्ड नरहेको ।
४	वैदेशिक रोजगार विभाग	अनलाइन श्रम स्वीकृती (FEMIS)	१७४२	प्रणालीमा उजुरी दर्ता गर्ने सम्मको मात्र संयन्त्र भएको तर सोको समाधान लगायतको अन्य चरणहरु भौतिक रुपमा हुने गरेको । प्रणालीबाट प्राप्त उजुरीकै आधारमा

				विगत आर्थिक वर्षमा क्षतिपूर्ति भराउने, जरिवाना लगाउने तथा विगो दावि गर्ने कार्य हुने गरेको ।
५	आन्तरिक राजस्व विभाग	एकीकृत कर प्रणाली (ITS)	प्रणालीमा यस सम्बन्धमा रेकर्ड नरहेकोले प्राप्त भएन।	
६	स्वास्थ्य बीमा बोर्ड	स्वास्थ्य बीमा कार्यक्रम (Open Emis)	१४०	प्रणालीमा उजुरी दर्ता गर्ने सम्मको मात्र संयन्त्र भएको तर सोको समाधान लगायतको अन्य चरणहरु भौतिक रुपमा हुने गरेको । केही उजुरी नीतिगत किसिमको भएकोले समाधान नभएको । तर प्रणालीमा कुनै रेकर्ड नरहेको।
७	राहदानी विभाग	विद्युतीय राहदानी	१६५	उजुरीहरु प्रणालीमा दर्ता गर्ने व्यवस्था नभएको । हेलो सरकार मार्फत उजुरी तथा गुनासो आउने गरेको ।
८	राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग	राष्ट्रिय परिचयपत्र (NID)	४९	उजुरीहरु प्रणालीमा दर्ता गर्ने व्यवस्था नभएको । हेलो सरकार मार्फत उजुरी तथा गुनासो आउने गरेको ।
९	शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय	शैक्षिक चारित्रिक प्रमाणपत्र (No Objection Letter)	प्रणालीमा यस सम्बन्धमा रेकर्ड नरहेकोले प्राप्त भएन ।	

प्रणालीमा देखिएका समस्याहरुको जानकारी सम्बन्धित सूचना प्रविधि शाखालाई गराउनको लागि हेल्पडेस्क, सेवाग्राहीको लागि सहायता कक्ष तथा उजुरी फछ्र्यौटको अवस्था देखिने गरी प्रणालीको विकास गर्नुपर्दछ । निकायहरुले कृत्रिम बौद्धिकता समेतको प्रयोग गरी उजुरी गुनासो लिने, समाधान गर्ने एवं सहयोग गर्ने व्यवस्था मिलाउनु पर्दछ । साथै सुशासन ब्यवस्थापन तथा सञ्चालन ऐन, २०६४ र नियमावली २०६५ ले सार्वजनिक प्रशासनमा सुशासन र पारदर्शीता कायम गर्नको लागि गरेको सेवाग्राहीको गुनासो ब्यवस्थापन तथा सोमा विद्युतिय प्रणालीको प्रयोग सम्बन्धी व्यवस्थाको सबै निकायहरुले कार्यन्वयन गर्नुपर्दछ ।

२१. **कोटा प्रणाली:** नेपालको संविधानको धारा ५१(ख)४ मा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भष्ट्राचारमुक्त र जनउत्तरदायी र सहभागितामूलक बनाउदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासन प्रबर्द्धन गर्ने राज्यको नीति रहेको छ। त्यस्तै धारा ५२ मा राज्यको नीतिको कार्यान्वयन गर्ने राज्यको दायित्व हुने उल्लेख छ ।

सूचना प्रविधि नीति, २०७२ को उद्देश्य नं.९ मा सूचना सञ्चार प्रविधिको प्रयोगबाट सुशासन प्रबर्द्धन गर्ने उद्देश्य रहेको छ । राज्यको सोही दायित्व पुरा गर्न नागरिकको लागि राहदानी, राष्ट्रिय परिचयपत्र, सवारी चालक अनुमति पत्र, शैक्षिक चारित्रिक प्रमाणपत्र लगायतका सेवाहरुलाई छिटो, सहज र सुविधायुक्त बनाउन सूचना प्रविधिको प्रयोग सहित अनलाईन माध्यमबाट प्रदान गर्ने गरी अनलाईन सेवा प्रवाह प्रणालीको विकास भएको छ । उक्त अनलाईन प्रणालीबाट माग बमोजिमको सेवा प्रवाह हुने, भिड ब्यवस्थापन हुने, लागत कम हुने, प्रकृयामा सरलीकरण हुने लगायतको अपेक्षा गरिएको हुन्छ । तर यसरी

अनलाईन प्रणालीबाट प्रदान गरिने सेवाहरुमा निश्चित संख्यामा कोटा निर्धारण गर्दा राज्यबाट तत्काल सेवा आवश्यक पर्ने नागरिकले सेवा प्राप्त गर्न नसक्ने, सूचना प्रविधिमा सक्षम तथा न्यून आवश्यकता भएको सेवाग्राहीले उक्त कोटा पुरा भई सेवाको आवश्यकता एवं शिघ्रता भएको सेवाग्राहीको सार्वजनिक सेवामा पहुँचकायम नरहने हुन्छ । यसले गर्दा राज्य प्रति नागरिकको विश्वास गुम्ने, नागरिकको उक्त सेवा प्राप्त गर्न ढिला हुँदा अवसर गुम्ने, लागत बढ्ने लगायतको जोखिम रहन्छ ।

तालिका नं. ६

लेखापरीक्षण गरिएका निकायहरुमध्ये कोटा प्रणाली लागु भएका निकाय तथा सेवाको विवरण

क्र.स.	निकायको नाम	प्रदान गर्ने सेवा	कैफियत
१	राहदानी विभाग	विद्युतीय राहदानी	विभागमा आवेदन गर्नको लागि दैनिक ३०० आवेदन फारम मात्र दिउसो ३ बजे पछि(एक दिन पछिको लागि) खुल्ने साथै अन्य जिल्ला प्रशासन कार्यालयमा कार्यालय बमोजिम फरक फरक संख्यामा खुल्ने।हाल यो संख्यालाई बढाएर २५०० मा पुर्याइएको जवाफ प्राप्त भएको छ ।
२	यातायात व्यवस्था विभाग	अनलाइन सवारी चालक अनुमतिपत्र आवेदन प्रणाली	नयाँ सवारी चालक अनुमति पत्रको लागि सम्बन्धित यातायत कार्यालय आफैले कोटा निर्धारण गरी फर्म लिने व्यवस्था रहेको । कार्यालयहरुले दैनिक क्षमता अनुसार ३०० देखी ५०० सम्म कोटा निर्धारण गर्ने गरेको देखियो ।
३	बैदेशिक रोजगार विभाग	अनलाइन श्रम स्वीकृती (FEMIS)	बैदेशिक रोजगार कार्यालय तथा जिल्लाका श्रम कार्यालयहरुले १ हप्ताको लागि एकपटक प्रणालीमा कोटा प्रविष्टि गर्ने ।
४	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय	शैक्षिक चारित्रिक प्रमाणपत्र (No Objection Letter)	प्रणालीमा निवेदन पेश गर्न सकिने तर कार्यालयले तोकेको कोटा पुरा भएपश्चात स्वत निवेदन अर्को दिनमा सरेर जाने
५	राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग	राष्ट्रिय परिचयपत्र (NID)	टाइम कार्ड सहितको कोटा प्रणाली लागु गरिएको । विभाग तथा देशभरका जिल्ला प्रशासन कार्यालयबाट दैनिक १५००० आवेदन लिने गरेको तर कार्ड प्रिन्ट निकै सिमित संख्यामा मात्र हुने गरेको ।

उपर्युक्त बमोजिम अनलाईनबाट सेवा प्रवाह हुने निकायहरु मध्ये राहदानी विभाग, यातायत व्यवस्था विभाग, राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग (जिल्ला प्रशासन कार्यालय), यातायत व्यवस्था कार्यालयहरु, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय (शैक्षिक चारित्रिक प्रमाणपत्र शाखा), वैदेशिक रोजगार विभाग र कार्यालयहरुमा सेवाग्राहीको लामो लाइन हुने र सो व्यवस्थापन गर्न नसकिरहेको अवस्था छ । राष्ट्रिय परिचयपत्र वितरणको लागि हालसम्म १०९४१७५० ले अनलाइन फारम भरेपनि १२५४८६७ (११.४% मात्र) प्रिन्ट भएका छन् भने अहिलेपनि ९६८६८८३ (८८.६%) कार्ड प्रिन्ट गर्न बाकी रहेको छ। त्यस्तै ८ लाख हालसम्म सवारी चालक अनुमतिपत्र पिन्ट गर्न बाकी रहेको अवस्था छ ।यसबाट अनलाइन सेवा प्रवाह दक्ष एवं प्रभावकारी भएको भन्न सकिने स्थिति देखिदैन् ।

त्यसैले राज्यले अनलाईन बाट प्रदान गर्ने सेवाहरुमा दैनिक अनुमानित माग बमोजिमको सेवा व्यवस्थापन गर्न सक्ने गरि सूचना प्रविधि पूर्वाधार, वित्तीय पूर्वाधार तथा मानवीय पूर्वाधारको व्यवस्था गरी विना कुनै कोटा वा अवरोध विनानै माग बमोजिमको सेवा प्रदान गर्न व्यवस्था गर्नुपर्दछ ।

२२. **भौतिक उपस्थिति वेगर सेवा प्रवाहः** नेपालको संविधानको धारा ५१ मा सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग गर्ने राज्यको नीति रहेको छ । त्यस्तै धारा ५२ मा राज्यको नीतिको कार्यान्वयन गर्ने राज्यको दायित्व हुने उल्लेख छ ।

डिजिटल नेपाल फ्रेमवर्क, २०७६ को अनुसुची मा सार्वजनिक सेवा लाई कागजरहित सेवा प्रवाह प्रणालीको विकास गर्ने रणनीति रहेको छ । सोको लागि राज्यले प्रवाह गर्ने सार्वजनिक सेवा प्रवाहको सम्पूर्ण चरणहरुलाई अनलाईन प्रणालीमा समावेश गरी सेवाग्राहीको भौतिक उपस्थिति आवश्यक नपर्ने र कागज रहित कार्य हुनेगरी व्यवस्था गर्नुपर्दछ । सार्वजनिक सेवा प्रवाह चक्र (Service Cycle) को केही चरण अनलाईन प्रणालीबाट तथा केहि चरणहरु सेवाग्राहीको भौतिक उपस्थिति चाहिने वा कागजको प्रयोग गर्दा सेवाको लागत बढ्ने, सरकारी कार्यालय तथा निकायमा सेवाग्राहीको चाप बढ्ने, सेवा प्रवाहमा अनावश्यक झन्झट थपिने (अनलाइनले सृजना गरेका प्रकृयाहरु) र सेवा प्रवाह प्रभावकारी नहुने हुन्छ ।

तालिका नं. ७

लेखापरीक्षण गरिएका निकायहरुमध्ये सेवा प्रवाहको चक्र (Service Cycle) मध्ये अनलाईनमा समावेश र सेवाग्राहीको भौतिक उपस्थितिमा प्रवाह गर्ने चरणहरुको विवरण

क्र. स.	निकायको नाम	प्रदान गर्ने सेवा	अनलाईनमा रहेको सेवा प्रवाहको चरण	सेवाग्राहीको भौतिक उपस्थिति आवश्यक पर्ने चरणहरु	कैफियत
१	भूमी व्यवस्थापन तथा अभिलेख विभाग	भू-अभिलेख सूचना व्यवस्थापन प्रणाली (LRIMS)	जग्गा धनि पूर्जा नयाँ, नामसारी तथा कित्ताकाटको लागि आवेदन गर्ने र पूर्जा प्रिन्ट गर्ने ।	हार्डकपि निवेदन, नागरिकता तथा राजिनामा पास तथा राजस्व भुक्तानीको लागि भौतिक उपस्थितिमा लाइनमा बस्नुपर्ने।	अनलाइनमा आवेदन पेश गरेपश्चात पनि सोहि व्यहोराको निवेदन बोकेर लाइनमा बस्नुपर्ने ।
२	यातायात व्यवस्था विभाग	अनलाइन सवारी चालक अनुमतिपत्र आवेदन प्रणाली	अनलाइन प्रणालीमा व्यक्तिगत विवरण सहित आवेदन मात्र गर्नुपर्ने व्यवस्था रहेको ।	स्वास्थ्य परीक्षण गर्न, राजस्व भुक्तानी गर्न, लिखित परीक्षा दिन, सवारी चालक अनुमति पत्र लिन भौतिक उपस्थित हुनुपर्ने ।	कम्प्युटराइड प्रणालीमात्र
३	आन्तरिक राजस्व विभाग	एकीकृत कर प्रणाली (ITS)	पूर्व निर्धारित कर तथा विवरण (D01) तथा कारोबारमा आधारित कर (D02) को कर चुक्ता प्रमाणपत्र, व्यक्तिगत स्थायी लेखा नम्बर, व्यवसाय दर्ता को आवेदन, राजस्व भुक्तानी अनलाइनबाटै गर्न सकिने ।	आयविवरण (D03) को कर चुक्ता प्रमाणपत्रतथा व्यवसायिक स्थायी लेखा नम्बर दर्ता र प्रमाणपत्र प्राप्त गर्न भौतिक उपस्थित हुनुपर्ने ।	

४	स्वास्थ्य बीमा बोर्ड	स्वास्थ्य बीमा कार्यक्रम (Open Emis)	विमा बापतको रकम भुक्तानी	सेवाग्राही दर्ताको लागि स्वयम सेवाग्राहीको प्रणालीमा पहुँचनभएको । स्थानीय स्तरमा रहेका सहजकर्ताले हार्डकपि निवेदन सङ्कलन गरेर विवरण प्रविष्टि गर्नुपर्ने ।
५	शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय	शैक्षिक चारित्रिक प्रमाणपत्र(No Objection Letter)	आवेदन पेश गर्ने तथा प्रमाणपत्र प्रिन्ट गर्ने ।	सेवाग्राहीले आवेदन मात्र अनलाइनमा पेश गर्न सक्ने तत् पश्चातको प्रमाणपत्र रुजू, राजस्व दाखिला लगायतका सम्पूर्ण कामको लागि अन्य प्रणाली तथा म्यानुअल गर्नुपर्ने।
६	राहदानी विभाग	विद्युतीय राहदानी	आवेदन पेश गर्ने, कागजात अपलोड गर्ने ।	सेवाग्राहीले राहदानीको लागि आवेदन र राहदानी प्रिन्ट अनलाइनबाट हुने गरेको । आवेदन फारम सहित प्रमाणपत्र बोकेर आवेदन भर्न, बायोमेट्रिक गर्न तथा कार्ड लिन लाइन बस्नुपर्ने ।
७	राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग	राष्ट्रिय परिचयपत्र (NID)	आवेदन पेश गर्ने, कागजात अपलोड गर्ने ।	सेवाग्राहीले परिचयपत्रको लागि आवेदन र कार्ड प्रिन्ट अनलाइनबाट हुने गरेको । आवेदन फारम सहित प्रमाणपत्र बोकेर आवेदन भर्न, बायोमेट्रिक गर्न तथा कार्ड लिन लाइन बस्नुपर्ने ।

यसबाट प्रत्येक सेवामा अनलाईनको अतिरिक्त सेवा लिन भौतिक रुपमा उपस्थित हुनुपर्ने अवस्थाले अनलाईन सेवा प्रवाह दक्ष एवं प्रभावकारी हुन सकेको छैन् । अझै भूमि ब्यवस्थापन अभिलेख सूचना प्रणाली १३५ मालपोत कार्यालयहरु मध्ये १२६ मालपोत कार्यालय लागु भएकोले ९ मालपोत कार्यालयहरुमा म्यानुअल नै सेवा प्रवाह गर्नुपर्ने अवस्था छ ।

तसर्थः अनलाईन माध्यमबाट सेवा प्रवाह गर्ने गरी प्रणालीलाई डिजिटलाइज गरेका निकाय तथा कार्यालयहरुले थप आवश्यक पूर्वाधारको विकास गरी सम्पूर्ण चरणहरुलाई सोहि प्रणालीमा समावेश गरेर सेवा प्रवाहमा सहजता, प्रकृयामा कटौती तथा दोहोरोपनाको अन्त्य गरी सेवाग्राहीको भौतिक उपस्थिति नचाहिने (Face Less) व्यवस्थाएवं कागज विहिनताको अवस्था सृजना गर्नुपर्दछ।

२३. **भौतिक पूर्वाधारः** अनलाईन सेवाको लागि नागरिकको साथमा स्मार्टफोन वा कम्प्युटरको उपलब्धता, दुरसञ्चार पूर्वाधार तथा इन्टरनेट सेवा र सरकारी डाटा सेन्टर लगायत सोसँग सम्बन्धित भौतिक पूर्वाधारको आवश्यकता पर्दछ । अनलाईन माध्यमबाट सेवा प्रवाह तथा प्राप्त गर्न आवश्यक भौतिक पूर्वाधारलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ ।

क. **सेवाग्राहीमा उपलब्ध पूर्वाधारः** नेपालको सन्दर्भमा उच्च क्षमताको ५जी इन्टरनेट उपलब्ध हुन सकेको छैन भने कतिपय ठाउँमा ४जी मोवाइल इन्टरनेट पनि उपलब्ध हुन सकेको छैन् । जसले गर्दा अनलाइन सेवामा नागरिकको पहुँचकायम गर्नको लागि सबै नागरिकहरुसँग गुणस्तरीय इन्टरनेट सेवा उपलब्ध भएको देखिदैन । यस्तो अवस्थामा सरकारी सेवा प्रवाहलाई अनलाईन माध्यमबाट प्राप्त गर्नको लागि सेवाग्राहीले इन्टरनेट उपलब्ध हुने सेन्टरमा सम्पर्क गरी सेवा प्रवाहको अतिरिक्त लागत बहन गर्नुपर्दछ ।

ख. **डाटा सेन्टरको पर्याप्तता एवं गुणस्तरीयताः** कुनै निकायहरुले सञ्चालन गरेको डाटा सेन्टर तोकिएको मापदण्ड बमोजिम प्रणालीमा पर्ने चाप धान्न सक्ने किसिमको छ वा छैन भन्ने निश्चित

एवं विश्वस्त हुनको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता प्राप्त स्वातन्त्र निकायबाट परीक्षण गराएर प्रमाणपत्र प्राप्त गरेको हुनुपर्दछ । प्रमाणपत्र प्रदान गर्ने निकायको मापदण्ड तथा मार्गदर्शन बमोजिम नियमित रुपमा आन्तरिक तथा बाह्य परीक्षण समेत गराउनुपर्दछ । विश्वव्यापि मान्यता र असल अभ्यास अनुसार डाटा सेन्टर सञ्चालन गर्न ISO (Quality Management System 9001:2015, ITService Management 20000, Information Security Management 2001) अनुसार मान्यता प्राप्त गरेको हुनुपर्दछ । यसबाट उक्त प्रणाली सञ्चालन गर्न कस्तो, कति क्षमताको डाटा सेन्टर आवश्यक पर्ने हो यसको न्यूनतम मापदण्ड कस्तो हुने भन्ने कुराको निर्धारण हुन्छ । अनलाइन माध्यमबाट सेवा प्रदायक निकायहरुले सञ्चालन गरेका प्रणालीहरु मध्ये अधिकांश प्रणालीको डाटा केन्द्र एकीकृत डाटा सेन्टर सिंहदरबारमा तथा केही निकायहरुले आफैले समेत सञ्चालन गरेका छन् । सरकारी एकीकृत डाटा सेन्टर[1] तथा निकायहरुले सञ्चालन गरेका डाटा सेन्टरहरुले मान्यता प्राप्त स्वतन्त्र निकायहरुबाट गुणस्तर परीक्षण गराई प्रमाणपत्र प्राप्त गरेका छैनन् । यसरी हालसम्म बाह्य निकायबाट प्राविधिक परीक्षण नगराएको हुनाले सञ्चालित डाटा सेन्टर पूर्वाधार, वातावरण सुरक्षा, पहुँचनियन्त्रण, प्रकोप व्यवस्थापन आदी दृष्टिकोणबाट तोकिएको मापदण्ड अनुसारको र प्राविधिक रुपमा सुरक्षित छन् भन्ने आधार रहेन । साथै अधिकांश निकायहरुले सञ्चालन गरेको प्रणालीको डाटा सेन्टर सरकारी एकीकृत डाटा सेन्टरमा रहेको छ तर सो सेन्टमा स्थायी सेवाका कर्मचारी नभई करारबाट कर्मचारी व्यवस्थापन गरिएको छ। फलस्वरुपः डाटा सेन्टर सञ्चालनमा समस्या आउन सक्ने स्थिति रहेको छ । साथै हेटौडामा रहेको डिजास्टर रिकभरी सेन्टरमा डाटा रियलटाइम व्याकअप नभै प्रत्येक घण्टाको अन्तरालमा हुने गरेको छ । जसबाट सञ्चालित एकीकृत डाटा सेन्टर तथा डाटा सेन्टरमा रहेका सरकारी सूचना दिगोरुपमा र सुरक्षित तरिकाले भण्डारण भएको छ भनि विश्वस्त हुने अवस्था रहेन । निकायहरुको यस सम्बन्धी कुनै योजना रहेको समेत देखिएन । यसबाट सरकारी सेवा प्रदायहरुको तथ्याङ्क तथा अभिलेख व्यवस्थापन भरपर्दो नभई निकट भविष्यमा तथ्याङ्क तथा सूचना प्राप्त हुन नसक्ने जोखिम रहन्छ ।

तालिका नं. ८

लेखापरीक्षण गरिएका निकायहरुले सञ्चालन गरेका प्रणालीहरुको डाटा सेन्टर सम्बन्धी विवरण

क्र.सं.	निकाय	सञ्चालित प्रणाली	डाटा सेन्टर रहेको स्थान
१	नेपाल प्रहरी केन्द्रीय कार्यालय	अनलाइन प्रहरी चारित्रिक प्रमाणपत्र दर्ता प्रणाली (OPCRS)	सरकारी एकीकृत डाटा सेन्टर सिंहदरबार र डिजाष्टर रिकभरी केन्द्र हेटौडा ।
२	वैदेशिक रोजगार विभाग	अनलाइन श्रम स्वीकृती (FEMIS)	सरकारी एकीकृत डाटा सेन्टर सिंहदरबार र डिजाष्टर रिकभरी केन्द्र हेटौडा/ विभागको डाटा रिकभरीमा व्याकअपको व्यवस्था ।
३	यातायात व्यवस्था विभाग	अनलाइन सवारी चालक अनुमतिपत्र आवेदन प्रणाली	सरकारी एकीकृत डाटा सेन्टर सिहंदरबार ।
४	भूमि व्यवस्थापन तथा	भू-अभिलेख सूचना व्यवस्थापन	सरकारी एकीकृत डाटा सेन्टर सिंहदरबार/

[1]महालेखा परीक्षकको वार्षिक प्रतिवेदन २०७७, एकिकृत डाटा सेन्टर सिहंदबारको सूचना प्रविधि लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएको व्यहोरा साभार गरिएको ।

	अभिलेखन विभाग	प्रणाली (LRIMS)	विभागको डाटा रिकभरीमा व्याकअपको व्यवस्था ।
५	आन्तरिक राजस्व विभाग	एकीकृत कर प्रणाली (ITS)	विभागको भवनमा डाटा सेन्टर।
६	स्वास्थ्य बीमा बोर्ड	स्वास्थ्य बीमा कार्यक्रम (Open Emis)	सरकारी एकीकृत डाटा सेन्टर सिंहदरबार ।
७	राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग	राष्ट्रिय परिचयपत्र (NID)	सरकारी एकीकृत डाटा सेन्टर सिंहदरबार, कार्यालयमा Incremental Data Backup हुने गरेको मात्र ।
८	राहदानी विभाग	विद्युतीय राहदानी	सरकारी एकीकृत डाटा सेन्टर सिंहदरबार तथा आफ्नै भवनमा रहेको ।

सरकारी एकीकृत डाटा सेन्टर र निकायहरुले सञ्चालन गरेका डाटा सेन्टरको मान्यता प्राप्त निकायहरुबाट गुणस्तर परीक्षण गराई सम्रग अवस्था तोकिएको मानदण्ड अनुसारको छ भनि प्रमाणपत्र लिएर र त्यस्ता निकायहरुमा मापदण्ड तथा मान्यताहरुको पालना गरी नियमित रुपमा आन्तरिक तथा बाह्य परीक्षण गराई सेवा प्रवाहको सम्बन्धमा आश्वस्तता प्रदान गर्नुपर्दछ । साथै डाटा सेन्टरको स्तर निर्धारण गर्नुपर्दछ ।

ग. **डाटा सेन्टर सञ्चालन मर्मतः** डाटा सेन्टरमा प्रयोग भएका विभिन्न यन्त्र उपकरण जस्ता सम्पतिहरुको अभिलेख, खरिद गरिएका सफ्टवेयर र यसको नियमितरुपमा अद्यावधिक गर्नुपर्ने अवधि, हार्डवेयर प्रयोग गर्न मिल्ने आयु. लाइसेन्स अवधि र अवधी बाँकी रहेको लाइसेन्स, इमेल अवधि, विद्युत आपूर्तिको वैकल्पिक स्रोतकोरुपमा प्रयोग भएका व्याट्रिमा पानि फेर्ने अवधि, अग्नी निवारक यन्त्रको ग्यॉस फेर्ने समय तथा सेवा प्रवाहको क्रममा आवश्यक पर्ने सेवाग्राहीको विवरणसँग सम्बन्धित तथ्याङ्कहरु पर्दछन् । सर्भर च्याकमा रहेको सर्भरहरुको एकमुष्ट विवरणका साथै डाटा सेन्टरमा जडान भएको इन्टरनेट लाइनमा कुनै समस्या भएका सम्पर्क गर्ने व्यक्तिको व्यक्तिगत विवरण कुनै पनि कार्यालयले राखेको देखिएन । यस्ता सूचनाहरु सम्बन्धित कार्यालय भन्दा पनि सरकारी एकीकृत डाटा सेन्टरका कर्मचारीहरुलाई मात्र थाहा हुने र कार्यालयहरुसँग उचित समन्वय नहुँदा कार्यालयको सेवा प्रवाह अवरुद्ध हुने देखियो । साथै सेवा प्रदायक निकायसँग सम्बन्धित विवरणको व्यवस्थित अभिलेख एवं भण्डारण गर्ने कुनै नीति भएको देखिएन। यसले गर्दा भविष्यमा लामो समयसम्म सुरक्षित राख्नुपर्ने तथ्याङ्क सुरक्षित नरहने तर अनावश्यक तथ्याङ्क सुरक्षित हुने जोखिम रहन्छ ।

तसर्थः कार्यालयहरुले कुनै कर्मचारीलाई जिम्मेवारी तोकेर नै सेवा सञ्चालन सम्बन्धी सम्पूर्ण दस्तावेज, प्रमाण, कागजात, सम्झौता तथ्याङ्क एवं एकीकृत डाटा सेन्टरमा रहेका कार्यालयको भौतिक सम्पति आदिको सुरक्षित अभिलेख राख्ने तथा डाटा सेन्टर सञ्चालन र मर्मत सम्बन्धमा उपयुक्त र प्रभावकारी व्यवस्था मिलाउनुपर्दछ ।

२४. **उचित प्रविधिको छनौट, विकास एवं सञ्चालनः** अनलाईन सेवा प्रवाह गर्ने सेवा प्रदायकहरुले सूचना प्रविधि प्रणाली प्रयोगमा ल्याउँदा नागरिक सुविधा तथा जनताको बृहत्तर हितलाई केन्द्रमा राखेर प्रणालीको विकास तथा सञ्चालन गर्नुपर्दछ । हालसालै जापानले माई कार्ड प्रयोगमा ल्याएको छ । जसले जनताको बसोवास, कर तथा अन्य प्रमाणपत्र प्राप्त गर्नको लागि नगरपालिका तथा वडा कार्यालय जानु पर्दैन । नजिकको कन्भिनियन्स स्टोर वा सार्वजनिक ठाउँमा राखिएका मेसिनमा कार्ड प्रयोग गरेर प्राप्त गर्न सकिन्छ । सुरुमा आवेदन तथा निवेदन पेश गरेको बढीमा १ हप्ता वा तुरुन्तै प्राप्त गर्न सकिने सवारी

चालक अनुमतिपत्र, मेशिन रिडेवल पासपोर्ट लगायतको प्रमाणपत्रमा सूचना प्रविधिमा आधारित गराएपश्चात १५ दिनदेखि २ वर्षसम्म प्राप्त गर्न नसकेको अवस्था विद्यमान छ । त्यस्तै वायोमेट्रिक प्रणाली सहितको राष्ट्रिय परिचयपत्र अनिवार्य जस्तै बनाइएको छ । जसले पूर्ण रुपमा कार्यान्वयनमा आइनसकेको परिचयपत्र तथा पूर्वाधारमा अनावश्यक खर्च भएको अवस्था छ भने निकाय एवं विभाग पिच्छे प्रयोगबिहिन कार्डहरु छपाइमा राज्यको अर्बौं रकम खर्च भइरहेको छ। यसरी निकाय र विभाग पिच्छेका कार्ड तथा प्रणाली भन्दा एकीकृत र एउटै किसिमका प्रणालीहरुको पहिचान, विकास र प्रयोग गरि सेवा प्रवाहमा सहजता तथा सार्वजनिक खर्चमा मितव्ययता कायम गर्नुपर्दछ ।

२५. **समन्वयकारी नीति तथा नियमनको व्यवस्थाः** अनलाईन माध्यमबाट सेवा प्रवाह गर्ने निकायहरुले सञ्चालन गरेका प्रणाली तथा सफ्टवेयरहरु सम्बन्धित नियामक निकायबाट नियमन गर्नुपर्दछ । नेपालमा सञ्चालित सूचना प्रविधि प्रणाली तथा सफ्टवेयरहरु नियमन गर्ने निकायहरु एउटै निकाय वा कार्यालयबाट हुनुपर्ने वा ती निकायहरुबीच समन्वय गरी एकद्वार प्रणालीबाट नियमन गर्नुपर्दछ । नेपालमा इन्टरनेट तथा दूरसञ्चार/टेलिफोन सेवा, ब्रोडकास्टिक तथा प्रेस मिडिया सेवा, साइबर सेवा, साइबर सुरक्षा आदि सेवा नेपाल दुरसञ्चार प्राधिकरण, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट नियमन हुने गरेका छन् । यसरी नियमनको जिम्मेवारी एकीकृत नभई छरिएर रहँदा समान मापदण्ड प्रयोग नहुने र कार्यमा दोहोरोपना कायम हुने हुन्छ । तसर्थः मन्त्रालयले एकद्वार प्रणाली मार्फत नियमन गर्नु उपयुक्त हुन्छ।

२६. **बाह्य पक्षको सेवाः** अनलाईन माध्यमबाट सेवा प्रदान गर्ने प्रायः सबै निकायहरुमा अनलाइन माध्यमबाट भरेको फारमलाई प्रिन्ट गरी लाइनमा बसेर हार्डकपि बुझाउनु पर्ने व्यवस्था रहेको देखियो। आम सेवाग्राहीमा कम्प्युटर तथा एन्ड्रोइड फोनको पहुँच नपुगेको, सबै जनता डिजिटल साक्षर नभएको एवं सबै सेवा प्रदायक निकायहरुले कार्यालयमै अनलाईन माध्यमबाट आवेदन निशुल्क भर्न सकिने गरी सहायता कक्षको व्यवस्था गरेको देखिएन । जसले गर्दा सेवाग्राहीले अनलाईन सेवा प्राप्त गर्न साइबर, क्याफे लगायतका बाह्य पक्षको सेवा लिई शुल्क तिर्नुपर्ने अवस्था रहेको छ । यसरी बाह्य पक्षको सेवा लिनुपर्दा त्यस्तो पक्षको कम्प्युटरमा सेवाग्राहीको व्यक्तिगत विवरणहरु एवं नागरिकताको प्रतिलिपि भण्डारण गर्न दिनुपर्ने हुन्छ । जसले गर्दा सेवा प्रदायक सरकारी निकायमा आवश्यक पर्ने व्यक्तिगत विवरण एवं कागजातहरु उक्त सहजकर्ता/बाह्य पक्षसँग समेत रहने हुँदा कुनै समयमा यसको दूरुपयोग भई व्यक्तिगत क्षति व्यहोर्नुपर्ने अवस्था सृजना हुन सक्दछ । यस सम्बन्धमा त्यसरी सेवाग्राहीलाई सेवा उपलब्ध गराउने बाह्य पक्षको संलग्नता नियमन र सो पक्षको जिम्मेवारी सम्बन्धमा विद्यमान अनलाईन सेवा प्रदान गर्ने ऐन, कानून तथा कार्यविधिमा कुनै व्यवस्था भएको देखिएन । तसर्थः अनलाईन माध्यमबाट सेवा प्रदान गर्ने निकायहरुले सेवाग्राहीको व्यक्तिगत गोप्यता एवं सबै नागरिकको सार्वजनिक सेवामा पहुँच कायम हुने गरी सेवा प्रवाह प्रणालीको व्यवस्था गर्नुपर्दछ ।

२७. **आयतित प्रविधिः** सरकारी सेवालाई अनलाइन मार्फत सञ्चालन गर्नको लागि नेपाल सरकार तथा अन्तर्गतका निकायहरुले सफ्टवेयर तथा सूचना प्रविधि प्रणालीको विकास गरी सञ्चालन गरेका छन् । यसरी विकास गरेको सूचना प्रविधि तोकिएको सूरक्षा जाँच, प्राविधिक परीक्षण तथा प्रयोगमा सहज हुनुपर्दछ। यस्तो प्रणालीको सञ्चालन तथा व्यवस्थापनको सम्पूर्ण जिम्मा निकायमै रहनु आवश्यक हुन्छ । अनलाइन सेवा प्रदायक निकायहरुले विकास तथा सञ्चालन गरेका प्रणालीहरु अधिकांश विदेशी निर्माता एवं सोको हार्डवेयर समेत आयातित रहेको छ । कतिपय निकायहरुमा प्रणाली सञ्चालन भइरहेको लामो

समयसम्म समेत निर्माता कम्पनीकै पूर्ण नियन्त्रणमा रहेको देखियो। उदाहरणको लागि प्रणाली सञ्चालन भएको लामो समय भइसक्दा समेत राहदानी विभागले विद्युतीय राहदानी सेवाको लागि स्थापना गरेको प्रणालीको सम्पूर्ण नियन्त्रण IDEMIA नामक विदेशी सेवा प्रदायक कम्पनिले नै गर्ने गरेको छ । साथै कार्यालयले मर्मत तथा सञ्चालन गर्ने प्रणालीमा समेत परामर्श तथा करार सेवाबाट गर्ने गरेको देखियो । त्यसैगरी राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको राष्ट्रिय परिचयपत्र प्रणाली पनि IDEMIA नामक विदेशी कम्पनीले विकास गरेको, यातायात व्यवस्था विभागको अनलाइन सवारी चालक अनुमतिपत्र सम्बन्धी प्रणाली पनि मद्रास सेक्युरिटि प्रिन्टर्स नामक भारतीय निर्माताबाट तयार गरिएको र सञ्चालन मर्मत समेतको लागि सोही कम्पनीहरुमा नै निर्भर रहेको अवस्था छ । जसले गर्दा उक्त प्रणालीमा भण्डारण हुने महत्वपूर्ण सूचनाहरुमा बाह्य पक्षहरुले पहुँच स्थापित भई गोप्य राख्रुपर्ने सरकारी तथा व्यक्तिगत तथ्याङ्कको दूरुपयोग हुने सम्भावना रहन्छ भने प्रणालीमा सामान्य समस्या देखा पर्दा समेत निर्माता कम्पनिको भर पर्नुपर्ने हुँदा समस्या समाधानमा विलम्व भई सेवा अवरुद्ध हुने सम्भावना रहन्छ ।

तालिका नं. ९

बाह्य पक्षबाट निर्माण भएका प्रणाली तथा मर्मत तथा सञ्चालनमा पहुँचको अवस्थाको केही उदाहरणहरु

क्र.स.	निकायको नाम	सञ्चालन गरेको प्रणाली	विस्तृत विवरण	कैफियत
१	नेपाल प्रहरी केन्द्रीय कार्यालय	अनलाइन प्रहरी चारित्रिक प्रमाणपत्र दर्ता प्रणाली (OPCRS)	उक्त प्रणाली सञ्चालन Source Code नेपाल प्रहरी को सूचना प्रविधि निर्देशानलयसँग रहेको । यसको वार्षिक मर्मत, अपग्रेड तथा सुधारको लागि बाह्य परामर्शदाताको सूचना प्रणालीमा पहुँचरहेको(Source Code) रहेको । कार्यालयले सञ्चालन मात्र गर्ने गरेको ।	सामान्य किसिमको समस्या मात्र कार्यालयले समाधान गर्न सक्ने ।
२	यातायात व्यवस्था विभाग	अनलाइन सवारी चालक अनुमतिपत्र आवेदन प्रणाली	Electronic Driving License र Electronic Vehicle Registration System सम्बन्धी प्रणाली निर्माण पश्चात यसको Source Code कार्यालयलाई हस्तान्तरण गरेको भएतापनि परामर्शदाता कम्पनिले नै यसको वार्षिक मर्मत एवं सुधार र परिमार्जन गर्ने गरेको । प्रणालीको सम्पूर्ण तथ्याङ्क एवं सूचनामा अहिले पनि परामर्शदाता कम्पनिको पहुँचरहेको ।	प्रणालीमा आएको सामान्य समस्या समेत निर्माता कम्पनिबाटनै सामाधान गर्नुपर्ने बाध्यता रहेको ।
३	राहदानी विभाग	विद्युतीय राहदानी	विद्युतीय राहदानीको प्रणाली IDEMIA सँगको करार सम्झौतामा सञ्चालन नियन्त्रण हुने गरेको । विभागले सञ्चचालन मात्र गरेको । अन्य सम्पूर्ण प्रकृया, समस्या समाधान, पुनः परिमार्जन लगायतको सम्पूर्ण काम उक्त कम्पनिले मात्र गर्ने गरेको ।	
४	राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग	राष्ट्रिय परिचयपत्र (NID)	प्रणालीको Test, Upgrade, र Application सञ्चालन मात्र विभागले गर्ने गरेको । अन्य कार्य निर्माता कम्पनिबाट गर्नुपर्ने बाध्यता रहेको ।	

तसर्थः अनलाईन माध्यमबाट सेवा प्रदान गर्ने निकायहरुले विकास तथा सञ्चालन गरेको प्रणालीलाई सञ्चालन गर्न सक्ने आवश्यक दरबन्दी अनुसार पदपूर्तिको व्यवस्था गरेर सूचना प्रविधि प्रणाली व्यवस्थापनमा आन्तरिक रुपमै दक्ष जनशक्तिको परिचालन गरी महत्वपूर्ण जिम्मेबारीमा बाह्य पक्षसँगको

परनिर्भरतालाई कम गर्दै जानु पर्दछ । साथै दरबन्दी अनुसारको रिक्त पदमा करार वा परामर्श सेवाको कर्मचारीलाई स्थान दिने परिपाटीको अन्त्य गरी समयमै रिक्त पद अनुसारको पदपूर्ति गर्नुपर्दछ ।

२८. **विद्युतीय कागजातको मान्यताः** विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४, ५ तथा ६ बमोजिम विद्युतीय माध्यमबाट जारी सरकारी कागजात तथा विवरणहरु आधिकारिक र सरकारी लिखत सरहको मान्यता प्राप्त गर्ने व्यवस्था रहेको छ । सोही व्यवस्था बमोजिम अनलाईन सेवा प्रवाह गर्ने निकायहरुले सेवाग्राहीलाई प्रदान गरेको सेवा सँग सम्बन्धित कागजात तथा विवरणहरु प्रणालीमा स्वचालित एवं विद्युतीय माध्यमबाट सृजना हुने व्यवस्था गरेका छन । जस्तै एकीकृत कर प्रणालीबाट प्राप्त हुने करचुक्ता प्रमाणपत्र, व्यक्तिगत स्थायी लेखा नम्बर, प्रहरी चारित्रिक प्रमाणपत्र, लगायतका सरकारी कागजातको विद्युतिय प्रतिलिपिनै आधिकारीक हुने व्यवस्था गरेको छ । तर नागरिक एपमा सृजित कागजातलाई ट्राफिक प्रहरी लगायतका निकायले मान्यता दिने गरेको छैन। साथै सेवाग्राहीमा सूचना प्रणाली प्रविधि प्रतिको धारणा र कतिपय क्षेत्रले विद्युतीय प्रतिलिपिलाई मान्यता नदिएको कारण ती निकायहरुमा सेवाग्राहीको चाप बढी पर्ने गरेको देखियो । यसको लागि मन्त्रालयले यसरी विद्युतीय रुपमा जारी प्रमाणपत्रनै सरकारी आधिकारिक कागजातको मान्यता प्राप्त गर्ने गरी अन्तर निकाय समन्वय गर्ने एवं नागरिककमा विद्युतीय साक्षरता वृद्धि गरी सेवा प्रवाहमा सहजता ल्याउनु पर्दछ । यस सम्बन्धी थप व्यहोराहरु निम्न छन् ।

क. **विद्युतीय कर चुक्ता प्रमाणपत्रः** आन्तरिक राजस्व विभागले पूर्व निर्धारित कर विवरण (D01)तथा कारोबारमा आधारित कर विवरण (D02)का करदाताहरुलाई करचुक्ता प्रमाणपत्र विद्युतीय प्रतिलिपिको रुपमा प्राप्त गर्न सक्ने एवं त्यस्तो कर तथा विवरण कार्यालयमा उपस्थित नभईकन बुझाउन सक्ने गरी एकीकृत कर प्रणालीमा व्यवस्था गरेको छ ।आयकर नियमावली, २०५९ को नियम २६ मा करदाताले करचुक्ताको लागि आवश्यक विवरण सहित विभागमा निवेदन दिनुपर्ने र सोको आधारमा आवश्यक विवरण रुजु गरी विभागले कर चुक्ता प्रमाणपत्र जारी गर्नुपर्ने व्यवस्था रहेको छ । यस व्यवस्थाले विद्युतीय माध्यमबाट निवेदन दिनुपर्ने तथा विद्युतीय माध्यमबाट जारी प्रमाणपत्रलाई आधिकारिक प्रमाणपत्र स्वीकार गरेको देखिदैन् । यसले गर्दा करदाताले विद्युतिय माध्यमवाट जारी प्रमाणपत्रलाई विश्वास नगर्ने एवं अदालती एवं कानूनी हिसाबमा विद्युतीय माध्यमबाट जारी(हस्ताक्षर नभएको) प्रमाणपत्रले आधिकारिता प्राप्त गर्न नसक्ने देखिन्छ । तसर्थ विभागले विद्युतिय माध्यमवाट करचुक्ता जारी गर्दा सोको कानूनी आधार समेतलाई परिमार्जन गरी सूचना प्रविधि प्रयोगलाई वैधानिकता दिनुपर्दछ।

ख. **कर निर्धारण पछिको बक्यौता प्रविष्टिः** आयकर ऐन, २०५८, मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा अन्तःशुल्क ऐन, २०५८ बमोजिम संशोधित कर निर्धारण गरिसके पश्चात तिर्नु पर्ने कर बक्यौताको रुपमा सोहि प्रणालीमा प्रविष्टि गरेपश्चात स्वाचालित रुपमा व्याज तथा जरिवाना गणना गर्ने व्यवस्था समेत रहेको छ । यसरी बक्यौता प्रविष्टि गर्दा उल्लिखित करहरु अन्तिम कर निर्धारणको लागि निर्णय भएको मितिलाईनै आधार मानेर एकीकृत कर प्रणालीमा प्रविष्टि गर्ने व्यवस्था रहेको पाइयो। आयकर ऐन, २०५८ को दफा १०२ मा कर निर्धारण पश्चात करदाताले सूचना प्राप्त गरेको मितिलाई आधार मानी व्याज तथा शुल्क हिसाब गर्नुपर्ने, मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ३० मा करदाताले सूचना प्राप्त गरिसकेपश्चात उक्त कर रकम दाखिला गर्ने र त्यसरी सूचना प्राप्त भएको मितिले तोकिएको समयमा दाखिला नगरेमा मात्र व्याज तथा थप दस्तुर लाग्ने व्यवस्था रहेको देखियो। यसरी कर निर्धारण भएको मितिमा

नै एकीकृत कर प्रणालीमा अन्तिम कर निर्धारण आदेश प्रविष्टि हुने र सो मितिबाट तोकिएको समय गणना हुने तर करदाताले कुनै कारणले उक्त सूचना ढिला गरी प्राप्त गरेमा सो सूचना प्राप्त गरेको मितिमानै व्याज तथा थप दस्तुर बुझाउनु पर्ने अवस्था रहेको देखियो । जसले गर्दा करदातालाई सूचना नै नदिईकन व्याज तथा जरिवाना तिराउने अवस्था सृजना भई कानूनी प्रश्न उठ्न सक्ने भएकोले विभागले प्रणालीमा सूचना प्राप्त गरेको मिति राख्ने विकल्पको विकास गरी सो मिति पश्चात मात्र व्याज तथा थप दस्तुर गणना हुने गरी प्रणालीको विकास गर्नुपर्दछ ।

२९. **फरक क्षमता भएका नागरिकको पहुँचः** नेपालको संविधान तथा सार्वजनिक सेवा प्रवाह गर्ने सम्बन्धी विद्यमान नीतिगत तथा कानूनी व्यवस्था बमोजिम सार्वजनिक सेवामा सबै नागरिकको सहज र समान पहुँच कायम हुनुपर्दछ । राज्यले राहदानी, श्रम स्वीकृति, राष्ट्रिय परिचयपत्र, करचुक्ता प्रमाणपत्र लगायतका सेवाहरुमा सरल र सहज पहुँच कायम गर्नको लागि अनलाईन प्रणाली अवलम्बन गरी सेवा प्रवाह सूचना प्रविधि प्रणालीमार्फत गरिरहेका छन् । यसरी सेवा प्रवाहलाई अनलाइन प्रणालीमा रुपान्तरण गर्दा नेपालको वर्तमान समयमा सूचना प्रविधिको पहुँच भन्दा बाहिर रहेका, शारीरिक तथा मानसिक रुपमा फरक क्षमता भएका नागरिकहरुले समेत सो प्रणालीमा सहज र समान पहुँच प्राप्त गर्नको लागि नेपालमा निर्माण भएका केही वेभसाइटहरु त्यस किसिमबाट निर्माण भएको भन्ने मन्त्रालयबाट सूचना प्राप्त भएतापनि लेखापरीक्षण गरिएका कुनै पनि निकायहरुको सूचना प्रविधि प्रणाली एवं सो निकायहरुमा वैकल्पिक व्यवस्था रहेको देखिएन । तसर्थ राज्यले प्रदान गर्ने सार्वजनिक सेवामा सबै नागरिकको समान र सहज पहुँचकायम गर्न शारीरिक तथा मानसिक रुपमा फरक क्षमता भएका एवं सूचना प्रविधि प्रणालीमा पहुँचकायम नभएका नागरिकले समेत अतिरिक्त शुल्क तथा झन्झट विना सेवा प्राप्त गर्न सक्ने गरी सेवा प्रवाहको वैकल्पिक व्यवस्था गर्न सेवा प्रदायक निकायहरुले ध्यान दिनुपर्दछ ।

३०. **सेवा अवरुद्धः** अत्यावश्यक सेवा सञ्चालन ऐन, २०१३ मा अत्यावश्यक किसिमको सार्वजनिक सेवामा हडताल गर्न एवं सो सेवा अवरुद्ध गर्न नहुने व्यवस्था छ । सार्वजनिक सेवा सम्बन्धी अन्तराष्ट्रिय असल अभ्यासबमोजिम सार्वजनिक सेवालाई अवरोध विना निरन्तर रुपमा सेवा प्रवाह गर्नुपर्ने हुन्छ । सार्वजनिक सेवालाई अनलाईन माध्यमबाट प्रवाह गर्ने गरी सूचना प्रविधि प्रणाली सञ्चालन गरिरहेका निकायहरुको सेवा विद्युत, प्रणालीमा अत्याधिक चाप, डाटा सेन्टरमा इन्टरनेट प्रणालीमा आएको समस्या तथा नियमित मर्मत लगायतको कारणले अवरोध हुने गरेको छन् । तर सो समयमा सेवा प्रवाह गर्ने गरी ती निकायहरुले वैकल्पिक सूचना प्रविधि प्रणाली एवं प्रकृयाको ब्यवस्थापन गरेको देखिएन। जसबाट सार्वजनिक सेवा अवरोध भई सेवाग्राहीले अनेक झन्झट व्यहोर्नुपर्ने, सेवा प्राप्त गर्न लाग्ने लागत बढ्ने, एवं समग्र सार्वजनिक सेवा प्रतिनै नागरिकको अविश्वास कायम हुने जोखिम रहन्छ।

तालिका नं. १०

निकायहरुले सञ्चालन गरेको सेवा प्रवाह प्रणाली अवरुद्ध भएको विवरण

क.स.	निकाय	सञ्चालित प्रणाली	आर्थिक वर्षमा विभिन्न समयमा गरी सेवा प्रवाह प्रणाली अवरुद्ध भएको समय (घण्टामा)	कैफियत
१	नेपाल प्रहरी केन्द्रीय कार्यालय	अनलाइन प्रहरी चारित्रिक प्रमाणपत्र दर्ता प्रणाली (OPCRS)	२१ घण्टा	नियमित मर्मत तथा अन्य कारण
२	वैदेशिक रोजगार	अनलाइन श्रम	२०७८।४।१८ (५	GIDC मा विद्युत आपूर्ति लगायतको

	विभाग	स्वीकृती (FEMIS)	घण्टा)	समस्याको कारणले ।
३	यातायत व्यवस्था विभाग	अनलाइन सवारी चालक अनुमतिपत्र आवेदन प्रणाली	अवरुद्ध भएको लग नरहेकोले सो विवरण प्राप्त भएन ।	GIDC मा रहेको Database Server र विभागमा रहेको Application Server लाई प्रदेश कार्यालयमा जोड्ने कार्यको लागि तथा GIDC मा विद्युत आपूर्ति लगायतको समस्याको कारणले पटकपटक अवरुद्ध हुने गरेको ।
४	भूमि व्यवस्थापन तथा अभिलेखन विभाग	भू-अभिलेख सूचना व्यवस्थापन प्रणाली (LRIMS)	यकिन समयको सम्बन्धमा लग नरहेको।	सामान्यतया सर्भर डाउन नभएतापनि Network Connectivity मा समस्या हुदाँ केही समयको लागि कुनै कुनै क्षेत्रमा सेवा अवरुद्ध हुने गरेको ।
५	आन्तरिक राजस्व विभाग	एकीकृत कर प्रणाली (ITS)	सर्भर डाउन भएको यकिन लग नरहेको ।	सामान्यतया सर्भर डाउन नभएतापनि प्रणालीमा अधिक चाप परेको समयमा प्रणालीमा सुस्तता आई सेवा प्रवाह अवरुद्ध हुने गरेको।
६	स्वास्थ्य बीमा बोर्ड	स्वास्थ्य बीमा कार्यक्रम (Open Emis)	अवरुद्ध भएको लग नरहेकोले सो विवरण प्राप्त भएन ।	GIDC मा विद्युत आपूर्ति लगायतको समस्याको कारणले ।
७	शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय	शैक्षिक चारित्रिक प्रमाणपत्र (No Objection Letter)	अवरुद्ध भएको लग नरहेकोले सो विवरण प्राप्त भएन ।	
८	राहदानी विभाग	विद्युतीय राहदानी	अवरुद्ध भएको लग नरहेकोले सो विवरण प्राप्त भएन ।	प्रणालीमाथिको सम्पूर्ण पहुँचतथा परिमार्जन तथा सञ्चालन IDEMIA कम्पनिबाट हुने गरेकोले सामान्य समस्या उत्पन्न हुदाँसमेत सामाधान गर्न लामो समय लाग्ने गरेको । डाटा सेन्टरको विद्युत आपूर्ति लगायतको कारणले सेवा अवरुद्ध हुने गरेको । तथा प्रणालीमा दैनिक ३०० (हाल बढाएर २५००) पुऱ्याएको र सो भन्दा बढी आवेदनलाई प्रणालीले Block गर्ने हुँदा सर्भर डाउन भएको भन्ने गरिएको ।
९	राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग	राष्ट्रिय परिचयपत्र (NID)	अवरुद्ध भएको लग नरहेकोले सो विवरण प्राप्त भएन ।	केही पटक अवरुद्ध भएको भन्ने मात्र लग रहेको ।

तसर्थः सूचना प्रविधि मार्फत सार्वजनिक सेवा प्रवाह गरिरहेका निकायहरुले प्रणालीमा समस्या आएको समयमा सो समाधान नहुने अवस्था सम्मको लागि सेवा प्रवाहको वैकल्पिक व्यवस्था गर्नुपर्दछ । साथै सेवा अवरुद्ध भएको लग व्यवस्थित गरी यस्ता समस्याहरु न्यून गर्दै जानुपर्दछ ।

३१. **सेवाको संख्यात्मक गणना:** सरकारी निकायहरुबाट प्रकाशन हुने तथ्याङ्क एवं विवरणहरु सकेसम्म शुद्ध, विश्वसनिय र यथार्थमा आधारित हुनुपर्दछ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्पर्क मन्त्रालय रहने गरी वार्षिक बजेटको अनुसुची-१४ ले अनलाइन मार्फत सरकारी सेवा प्रवाह गर्ने कार्यक्रमको विभिन्न वर्षको लक्ष्यको अवस्था देखाएको छ । विगत ३ वर्षहरुको वार्षिक बजेटले देहायबमोजिमका संख्यामा

सेवाहरुलाई अनलाइन मार्फत प्रवाह गर्ने गरी लक्ष्य निर्धारण गरेको छ । सोहि लक्ष्यको आधारमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले प्रगति विवरण समेत सार्वजनिक गरेको छ । वार्षिक बजेटमा यस कार्यक्रमको रिपोर्टिङ्ग गर्दा अघिल्लो आर्थिक वर्षहरुको बजेटले राखेको लक्ष्यहरुको सोहि संख्या अर्को वर्षको बजेटको अनुसुचिको "अघिल्लो वर्षको लक्ष्य" महलमा सारी चालु वर्षको बजेटको लक्ष्य तोक्नुपर्नेमा सो महलमा सारेको विगत वर्षको लक्ष्यको संख्यानै अन्यथा भएकोले वास्तविक कतिवटा सेवाहरु अनलाइन माध्यमबाट प्रवाह गर्ने हो यकिन हुने देखिदैन् । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट विभिन्न ४५ वटा सेवाहरु अनलाइनमा प्रवाह भएको विवरण प्रकाशित गरेको छ । यि ४५ प्रकारका सेवाहरुले सेवाप्रवाहको पुरा चरणलाई समावेश नगरी कुनै एउटा चरणलाई मात्र संख्यात्मक गणना गरेको देखियो। उदाहरणको लागि एकीकृत कर प्रणाली तथा कर सेवाको विभिन्न चरणहरुमध्येका स्थायी लेखा नम्बर परिचयपत्र हेर्ने, TDS Statement हेर्ने चरणलाई २ प्रकारको सेवा भनि गणना गरेको देखियो । यसबाट सेवा प्रवाहको चरण लाई छुट्टा छुट्टै सेवा मानी गणना गर्ने मात्र भएको तर वास्तविक ४५ वटा सेवाहरु अनलाइनमा गइनसकेको देखियो । तसर्थः सरकारी निकायबाट प्रकासित हुने तथ्याङ्क तथा विवरणहरु यथार्थ र वास्तविकतामा आधारित हुने गरी रुजु गरेरमात्र प्रकाशन गर्नुपर्दछ ।

तालिका नं. ११

विभिन्न वर्षको बजेटमा यस कार्यक्रमको लक्ष्य सम्बन्धी विवरण

आर्थिक वर्ष	बजेटले राखेको सम्बन्धित वर्षको लक्ष्य	अघिल्लो वर्षको बजेटमा उल्लेख वास्तविक लक्ष्य	यस वर्षको बजेटको अनुसुचिमा "अघिल्लो वर्षको लक्ष्य" महलमा सारिएको संख्या	यस वर्षको बजेटको अनुसुचिमा "अघिल्लो वर्षको लक्ष्य" महलमा हुनुपर्ने संख्या
२०७५।७६	१५	१०	१०	१०
२०७६।७७	१३	१५	१०	१५
२०७७।७८	३५	१३	२२	१३
२०७८।७९	४२	३५	२२	३५

तालिका नं. १२

सेवाको गणनाको अवस्थाको केहि उदाहरणहरु (आर्थिक वर्ष २०७९।८०)

सेवाको किसिम	चरणहरुमध्ये गणना भएको चरण	संख्यात्मक गणना	कैफियत
एकीकृत कर प्रणाली	• प्यान दर्ता गर्ने • प्यान विवरण हेर्ने • TDSविवरण हेर्ने	तीन (३)	एउटा सेवाको विभिन्न चरणहरुलाइ ३ वटा सेवा गणना गरेको ।
कर्मचारी संञ्चय कोष	• परिचयपत्र हेर्ने • विवरण(Statement) हेर्ने	दुई (२)	एउटा सेवाको विभिन्न चरणहरुलाइ २ वटा सेवा गणना गरेको ।
नागरिक लगानी कोष	• परिचयपत्र हेर्ने • विवरण(Statement) हेर्ने	दुई (२)	एउटा सेवाको विभिन्न चरणहरुलाइ २ वटा सेवा गणना गरेको ।
गृह मन्त्रालय	• नागरिकताको विवरण हेर्ने • नागरिकता शुद्धिकरणको लागि अनुरोध गर्ने	दुई (२)	एउटा सेवाको विभिन्न चरणहरुलाइ २ वटा सेवा गणना गरेको ।
श्रम रोजगार तथा यातायात मन्त्रालय वाग्मति प्रदेश	• सवारी कर सम्बन्धी विवरण हेर्ने • व्यलु बुक नविकरण गर्ने	दुई (२)	एउटा सेवाको विभिन्न चरणहरुलाइ २ वटा सेवा गणना गरेको ।

३२. **अनलाईन सेवा सुचकाङ्क (Online Service Index):** संयुक्त राष्ट्रसंघको आर्थिक तथा सामाजिक विकास विभागले संस्थागत कार्यढाचा (Institutional Framework) लाई १० प्रतिशत, सेवा व्यवस्था (Service Provisions)लाई ४५ प्रतिशत, विषयवस्तु व्यवस्था (Contain Provisions) लाई ५ प्रतिशत, प्रविधिलाई (Technology) ५ प्रतिशत तथा विद्युतिय सहभागीतालाई (E-Participation) ३५ प्रतिशतभार रहने गरी प्रकाशन गरेको अनलाइन सेवा सुचकाङ्क,२०२२ मा नेपालको स्थान ०.४५९२ अकं सहित ११७ स्थानमा रहेको छ । यस किसिमको अकंले नेपाल अनलाइन सेवा प्रवाहमा मध्यम स्तरको तल्लो श्रेणी M2 मा रहेको छ । दक्षिण एशियाली मुलुकहरु मध्ये ०.७९३४ अकं सहित भारत सबैभन्दा अगाडी तथा ०.२७७० अकं सहित अफगानिस्तान सबैभन्दा पछाडि रहेको छ । अन्य मूलुकहरु बंगालादेश, भुटान, पाकिस्तान, श्रृलंका, माल्दिस को अकं क्रमश ०.६५२१, ०.५९९६, ०.५६५८, ०.५६४४, र ०.४८७३ रहेको देखिन्छ । यस अनुरुप नेपालको स्थान दक्षिण एसियामा सातौ स्थानमा रहेको छ । सन् २०२० मा प्रकाशित सोहि सूचकाङ्कमा नेपालको स्थान ०.४ अकं सहित १३४ रहेको थियो जुन दक्षिण एसियामा अन्तिम स्थान हो । यसरी हेर्दा सन् २०२० को तुलनामा नेपालको स्थानमा केहि सुधार आएको भएतापनि मध्यम स्तरमा रहनुले नेपालको अनलाईन सार्वजनिक सेवा पूर्ण रुपमा अन्तराष्ट्रिय मापदण्ड र गुणस्तरीय बन्न सकेको छैन् ।तसर्थः मन्त्रालयले अनलाइन सेवाको मापदण्ड निर्धारण गर्दा यी सुचकाङ्क तथा सुचक समेतलाई ध्यान दिनुपर्दछ ।

३३. **सफ्टवेयर वार्षिक मर्मत तथा सञ्चालन अवस्थाः** अनलाइन माध्यमबाट सेवा प्रवाह गर्ने निकायहरुमध्ये छनौट गरिएका निकायहरुले आफूले प्रदान गर्ने सेवाको लागि विभिन्न सूचना प्रविधिमा आधारित प्रणालीहरुको विकास गरी सञ्चालन गरेको देखियो । यसरी विकास गरी सञ्चालन गरेका देहायका प्रणालीहरु बाह्य परामर्शदाताबाट विकास गरी निकायहरुले सञ्चालन गरेको देखियो । सो प्रणाली सञ्चालनको लागि आर्थिक वर्ष २०७८।७९ मा गरेको वार्षिक मर्मत तथा सम्भार खर्च एवं परामर्शदाताको खरिदमा गरेको खर्च देहाय बमोजिम रहेको छ।

तालिका नं. १३

सफ्टवेयरको वार्षिक मर्मत तथा सञ्चालनको लागि गरेको खर्च विवरण

क्र.स.	निकायको नाम	प्रणालीको नाम	आर्थिक वर्ष २०७८।७९ मा सफ्टवेयरको मर्मतको लागि गरेको खर्च	कैफियत
१	नेपाल प्रहरी केन्द्रीय कार्यालय	अनलाइन प्रहरी चारित्रिक प्रमाणपत्र दर्ता प्रणाली (OPCRS)	• वार्षिक मर्मत तथा सम्भारको लागि रु.१२७०००० • विभिन्न सूचना प्रणालीको पूर्वाधार सर्पोर्ट र वारेण्टीको लागि रु. १ करोड २५ लाख • विभिन्न सूचना प्रविधि पूर्वाधारको स्तरोन्नति गर्नको लागि रु. १ करोड ४९ लाख ५० हजार ।	मर्मत तथा सम्भारको लागि प्रतिस्पर्धा नगरिएको । अन्य कार्यको लागि बोलपत्र बाट गरिएको ।
२	आन्तरिक राजस्व विभाग	एकीकृत कर प्रणाली (ITS)	• सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च रु.२ करोड ३८ लाख २ हजार ४ सय १५	यस आर्थिक वर्षमा बोलपत्र आवह्यान गरिएको ।
३	भूमि व्यवस्थापन तथा अभिलेख विभाग	भू-अभिलेख सूचना व्यवस्थापन प्रणाली (LRIMS)	• रु.७५४०३५२ वार्षिक सर्पोर्ट र मर्मतको लागि खर्च गरेको ।	विशेषज्ञ (करार) मा राखेको रु.९७८०००।- समेत

				समावेश भएको ।
४	राहदानी विभाग	विद्युतीय राहदानी	• राहदानी प्रिन्ट गर्ने टेमपेलेट सहित एकमुष्ट रुपमा IDEMIA कम्पनिसँग डिस्म्वर २१, २०२० मा ३ वर्षकोलागि गरिएको एकमुष्ट सम्झौता रकम US $ २११००००।०० (Procurement of Security, Testing Supply and Delivery, Installation, Testing and Commissioning of Equipment and personalization of EMRTDS) पासपोर्टको संख्याको आधारमा ३ वर्षको लागि मर्मत समेत हुने गरेको ।	मर्मत तथा सम्भारको छुट्टै रकम नखुलेको ।
५	राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग	राष्ट्रिय परिचयपत्र (NID)	• सूचना प्रविधि प्रणाली खरिद तथा विकासको लागि अन्तराष्ट्रिय वोलपत्रमार्फत गरिएको खरिदको लागि यस आर्थिक वर्षमा नेपाल सरकारको रु. १ अर्व ४० करोड ८५ लाख ४९ हजार ६ सय ४९ तथा IDA मार्फत सोधभर्ना हुने गरी रु. १ अर्व ४५ करोड ३० लाख २७ हजार ८ सय ६१ आपूर्तिकर्तालाई भुक्तानी गरिएको • वार्षिक मर्मत तथा सम्भारको लागि वोलपत्रको मूल्यमै समावेश गरेर खरिद सम्झौताको म्याद कायम भएसम्मको लागि रु. १३१९६५४७६ रकम समावेश भएको ।	
६	यातायत व्यवस्था विभाग	अनलाइन सवारी चालक अनुमतिपत्र आवेदन प्रणाली	• वार्षिक मर्मत तथा सम्भारको लागि रु. २४ लाख ८३ हजार १ सय ९८ • ICT प्रोजेक्टको लागि अन्तराष्ट्रिय बोलपत्रको भुक्तानी यस आर्थिक वर्षको भुक्तानी रु. ७ करोड ४२ लाख ८७ हजार ७ सय २	यस प्रोजेक्टको लागि रु. ७ करोड ३ लाखको एल.सी खोलिएको ।

यी विभिन्न निकायको सूचना प्रणालीको सम्बन्धमा देहाय बमोजिम व्यहोराहरु देखिएका छन्:

- निकायहरुले सञ्चालन गरेको सफ्टवेयर तथा प्रणालीहरुको लागि वार्षिक रुपमा ठूलो रकम प्रणालीको विकासकर्तालाई (Software Developer) लाई प्रणाली विकास गरेकै आधारमा रकम भुक्तानी गरेको छ ।
- सूचना प्रविधि प्रणालीलाई प्राविधिक उन्नती (Technological Advancement) को दृष्टिले दीर्घकालसम्म प्रयोग गर्न सकिने वा नसकिने सम्बन्धमा परीक्षण (Assessment) गरेका छैनन्।

साथै निकायहरुले कार्यालयका प्राविधिक कर्मचारीहरुको क्षमता विकास गर्नको लागि क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरेका छैनन् । निकायहरुको सूचना प्रविधि प्रणालीको बाह्य परामर्शदाता मार्फत सफ्टवेयरहरुको मर्मत सम्भारलाई नियमितामा आधारित बनाउँदा प्रणाली सञ्चालन खर्चमा उल्लेखनिय वृद्धि भएको छ भने प्रणालीको विकासको लागि स्थानीय प्राविधिकहरुको संलग्नता नहुँदा सञ्चालन र मर्मत समेत महङ्गो परामर्शदातामा निर्भर हुनु परेको छ।

प्रविधि माथीको निर्भरता दिन प्रतिदिन बढ्दै गएको तर प्रणाली परिवर्तन तथा परिवर्तन व्यवस्थापन सम्बन्धी नीति तथा रणनितिको अभावमा प्रणालीको सञ्चालन तथा मर्मत सम्भारको लागि बाह्य पक्षसँगको निर्भरता बढ्दै गएको छ । तसर्थः निकायहरुले प्रणाली सञ्चालनको दीर्घकालीन प्रभाव तथा

प्राविधिक आवश्यकताको प्रभावकारी विश्लेषण गर्दै कार्यालयका प्राविधिक कर्मचारीहरुको क्षमता विकासमा जोड दिदै मर्मत तथा सञ्चालन लगायत प्रणाली सञ्चालनमा बाह्य पक्षको निर्भरता कम गर्दै जानु पर्दछ ।

३४. **डिजिटल नेपाल फ्रेमवर्क, २०७६ को कार्यान्वयन स्थितको समिक्षा (अनलाइन सेवा प्रवाहसँग सम्बन्धित मात्र):** नेपाल सरकारले पूर्ण डिजिटल नेपाल बनाउने उद्देश्यका साथ लागु गरेको यस फ्रेमवर्कमा सेवा प्रवाहसँग सम्बन्धित सूचकहरुको कार्यान्वयन अवस्था निम्न रहेको पाइयो ।

तालिका नं. १३

डिजिटल नेपाल फ्रेमवर्क २०७६ को कार्यान्वयन अवस्था

क्र.स.	पहल/संकेत नं	सूचकको नाम तथा लक्ष्य	पुरा हुने समयवधि	वर्तमान अवस्था
१	१.०१	इन्टरनेट सेवाको पहुँच	तेस्रो वर्षसम्म	७३ प्रतिशत नागरिकमा मात्र इन्टरनेटको पहुँचपुगेको ।
२	१.०७	नागरिक सेवाको लागि नेपाल सरकारको एकीकृत पोर्टलको रुपमा मोवाइल एपको विकास गर्ने	२ वर्ष	नागरिक एप मार्फत ४५ प्रकारका सेवाहरु प्रदान भइरहेको ।
३	१.०९	कागजरहित सरकारी सेवा	५ वर्ष	विभिन्न ४५ प्रकारका सेवाहरु अनलाइनबाट आशिक रुपमा प्रदान भइरहेको ।
३	१.१२	प्रादेशिक डाटा केन्द्रको स्थापना	५ वर्ष	हालसम्म सरकारी स्तरबाट प्रदेशमा कुनै पनि डाटा केन्द्रको स्थापना नभएको ।
४	१.१४	बायोमेट्रिक राष्ट्रिय परिचयपत्र लागु गर्ने	३ वर्ष	हालसम्म १२५४८६७ नागरिकहरुलाई राष्ट्रिय परिचयपत्र वितरण भएको तर यसको प्रयोग हुन नसकेको ।
५	१.१५	डिजिटल हस्ताक्षरको प्रयोग गर्ने	३ वर्ष	हालसम्म करिव ८०००० हस्ताक्षर प्रयोग भएको ।
६	२.०५	डिजिटल भू-अभिलेख व्यवस्थापन गर्ने	५ वर्ष	मालपोत कार्यालयहरुमा भूमि सूचना अभिलेख व्यवस्थापन प्रणाली लागु भएको । अझै कार्यालयहरु बाकी रहेका । साथै सबै अभिलेख यस प्रणालीमा समावेश हुन नसकेको ।

३५. **नागरिकको प्रतिकृयाः** राहदानी विभागमा सेवा प्राप्त गर्न लाइनमा रहेका विभिन्न ८ सेवाग्राही समक्ष नागरिक संस्थाका प्रतिनिधिहरुले प्रश्नावली मार्फत सङ्कलन गरेको प्रतिकृयामा अधिकांश सेवाग्राहीले म्यानुअल प्रणाली भन्दा अनलाइन प्रणालीनै उपयुक्त रहेको, तर विभागमा लामो लाइन भएकोले सेवा प्राप्त गर्न कठिन भएको उल्लेख गरेको पाइयो । केहि सेवाग्राहीले कर्मचारीहरुको व्यवहार राम्रो नभएको, सेवा प्राप्त गर्नको लागि फर्म भर्न निकै लामो समय प्रतिक्षा गर्नु परेको उल्लेख गरेको देखियो। तसर्थः अनलाइन सेवा प्रदायक निकायहरुले यसतर्फ समेत ध्यान दिनुपर्दछ ।

परिच्छेद - ४
निष्कर्ष एवं सुझाव

सार्वजनिक सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित बनाउदै फेश लेस नागरिक सेवाको अवधारण बमोजिम राज्यले हालसम्म ४५ प्रकारका सार्वजनिक सेवाहरुलाई अनलाईन माध्यमबाट प्रदान गरिरहेको छ। श्रम स्वीकृति, एकीकृत कर प्रणाली, प्रहरी चारित्रिक प्रमाणपत्र लगायतका सेवाहरु पूर्णरुपमा अनलाइनबाट प्रवाह भईरहेको अवस्था छ । तथापी सार्वजनिक सेवा प्रवाह पूर्ण रुपमा अनलाइन तथा डिजिटल बन्न सकिरहेको छैन् ।

अनलाइन सार्वजनिक सेवालाई प्रभावकारी बनाउन राज्यले सूचना प्रविधिमा दख्खल राख्ने कर्मचारीको भर्नामा वृद्धि गर्दै समायानुकुल प्रशिक्षण तथा तालिम कार्यक्रम सञ्चालन गरी सूचना प्रविधि प्रणाली सञ्चालनमा आत्मनिर्भर बन्नतर्फ लाग्नुपर्ने देखिन्छ । सूचना तथा दुरसञ्चार पूर्वाधारको विकास निर्माणमा एकद्वार प्रणाली लागू गर्दै एकीकृत नियमनकारी भूमिका निर्वाह गर्न नीतिगत सुधार गर्नुपर्ने देखिन्छ भने अनलाइन सेवा प्रवाह गर्नको लागि पर्याप्त भौतिक, वित्तीय तथा मानविय पूर्वाधारको व्यवस्थापन गर्दै सेवा प्रवाहमा कायम रहेको कोटालाई मागमा आधारित बनाउदै देखिएको भिड, तथा सेवा प्राप्त गर्नलाग्ने समय कटौती गर्दै जानुपर्दछ । अनलाइन सेवा प्रवाह प्रणालीलाई नविनतम प्रविधिमा आधारित बनाउदै निरन्तर परिष्कृत बनाउन सरकारी, निजि तथा प्राज्ञिक क्षेत्रसँग निरन्तर सहकार्यमा जोड दिनुपर्दछ। सर्भर, हार्डवेयर तथा नेटेवर्किङ्ग उपकरणहरु अहिलेनै स्वदेशमा उत्पादन गर्न नसिकएपनि अनलाईन सार्वजनिक सेवाका सफ्टवेयर र उपकरणको हकमा स्वदेशी निजी क्षेत्रको उत्पादनलाई प्राथामिकता दिने सरकारी नीति बनाउन आवश्यक छ। अनलाईन सरकारी सेवामा भरपुर र समुचित प्रविधिको प्रयोगनै समृद्ध नेपाल तथा डिजिटल सरकारको मुख्य आधार हो ।

अनलाईन मार्फत प्रवाह भईरहेका सरकारी सेवाहरलाई सरल, सहज र नागरिकमैत्री बनाई सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता वृद्धि गर्न देहायका सुझावहरु प्रस्तुत गरिएको छः

- अनलाईन सेवा प्रवाह प्रणालीको न्यूनतम मापदण्ड तथा संरचनालाई मार्गदर्शित गर्ने उपयुक्त एकीकृत कानूनी तथा नीतिगत व्यवस्था गर्नुपर्ने,
- सबै नागरिक तथा सार्वजनिक निकायहरुमा आवश्यक पूर्वाधारको विकास तथा विस्तार गर्दै डिजिटल साक्षरता पहुचमा वृद्धि गरी डिजिटल हस्ताक्षरको प्रयोगमा जोड दिने,
- अनलाईन माध्यमबाट सेवा प्रवाह गर्ने प्रत्येक निकायहरुले सञ्चालनमा ल्याएको सूचना प्रविधि प्रणालीको सञ्चालन र व्यवस्थापनलाई प्रभावकारी बनाउन प्रणाली सञ्चालन नीति तयार गर्नुपर्ने एवं सोको अनुगमन एवं समन्वयको लागि सूचना प्रविधि निर्देशक समिति समेत गठन गर्नुपर्ने,
- नेपाल सरकारका विभिन्न निकायहरुमा सेवा प्रवाहको लागि आवश्यक पर्ने एउटै प्रकृतिको तथ्याङ्क सङ्कलन एवं भण्डारणको लागि एकीकृत प्रणाली विकास गरी सोबाट अन्य प्रणालीहरुमा तथ्याङ्क साझेदारी गर्ने व्यवस्था गर्नुपर्ने,
- निकायहरुले सञ्चालन गरेको सूचना प्रणाली विकास तथा सञ्चालन गर्न सक्ने सक्षम, सिपयुक्त र दक्ष जनशक्ति व्यवस्थापन गरी बाह्य पक्षसँगको निर्भरता एवं वार्षिक मर्मत तथा सञ्चालनको लागि भएको खर्चसमेत कम गर्दै जानु पर्ने साथै सोको लागि तालिम तथा क्षमता विकासका कार्यहरु समेत सञ्चालन गर्ने,

- राज्यले अनलाईन बाट प्रदान गर्ने सेवाहरुमा दैनिक अनुमानित माग बमोजिमको सेवा ब्यवस्थापन गर्न सक्ने गरि सूचना प्रविधि पूर्वाधार, वित्तीय पूर्वाधार तथा मानविय पूर्वाधारको व्यवस्था गरी कुनै कोटा वा अवरोध विनानै माग बमोजिमको सेवा प्रदान गरी भौतिक उपस्थिति समेतमा कटौती तथा दोहोरोपनाको अन्त्य गरी सेवाग्राहीको भौतिक उपस्थिति नचाहिने (Face Less) व्यवस्था एवं कागजविहिनताको अवस्था सृजना गर्नुपर्दछ,
- सार्वजनिक सेवामा फरक क्षमता भएका नागरिकको समेत पहुँचकायम गर्न निकायहरुले आफ्नो सेवा प्रवाह प्रणालीलाई समयानुकुल सुधार तथा परिमार्जन गर्दै जानुपर्ने,
- निकायहरुले प्रणालीमा समस्या आएको समयमा सो समाधान नहुने अवस्था सम्मको लागि सेवा प्रवाहको वैकल्पिक व्यवस्था गर्नुपर्दछ । साथै सेवा अवरुद्ध भएको लग व्यवस्थित गरी यस्ता समस्याहरु न्यून गर्दै जानुपर्दछ ।
- सेवाग्राहीको गुनासो तथा पृष्ठपोषण ब्यवस्थापनका लागि विद्युतीय सहायता कक्षको सञ्चालन गर्नुपर्दछ।

अनुसूची-१

नेपाल सरकारले अनलाइन मार्फत प्रवाह गर्न सुरुवात गरेका नागरिक एपमा समावेश भएका सेवाहरु

अर्थ मन्त्रालय/आन्तरिक राजस्व विभाग (IRD):
१. प्यान दर्ता गर्ने
२. स्थायी लेखा नम्बर परिचयपत्रमा रहेको विवरण हेर्ने
३. आफ्नो TDS statement हेर्ने
कर्मचारी संचयकोष (EPF):
४. आफ्नो सञ्चय कोषको विवरण/परिचयपत्र हेर्ने
५. आफ्नो सञ्चय कोषको (statement) योगदान हेर्ने
नागरिक लगानी कोष (CIT)
६. नागरिक लगानी कोषको विवरण/परिचयपत्र हेर्ने
७. नागरिक लगानी कोषको आफ्नो (statement) योगदान हेर्ने
सामाजिक सुरक्षा कोष (SSF)
८. सामाजिक सुरक्षा कोषको विवरण/परिचयपत्र हेर्ने
९. सामाजिक सुरक्षा कोषको आफ्नो (statement) योगदान हेर्ने
गृह मन्त्रालय (MOHA)
१०. आफ्नो नागरिकताको विवरण हेर्ने
११. एपबाटै नागरिकता शुद्दिकरणको लागि अनुरोध गर्ने
परराष्ट्र मन्त्रालय/राहदानी विभाग (DOP)
१२. आफ्नो राहदानीको विवरण हेर्ने
निर्वाचन आयोग (ECN)
१३. आफ्नो मतदाता नामावलीमा रहेको विवरण हेर्ने
उच्च माध्यमिक शिक्षा परिषद (HSEB)
१४. आफ्नो १०+२ को शैक्षिक विवरण हेर्ने
राष्ट्रिय परीक्षा बोर्ड (SEE)
१५. SLC को शैक्षिक विवरण हेर्ने
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, हेलो सरकार
१६. हेल्लो सरकारमा गुनासो दर्ता गर्ने
१७. आफूले गरेको तथा सार्वजनिक गुनासोहरू हेर्ने
नेपाल प्रहरी (Nepal Police)
१८. प्रहरी चारित्रिक प्रमाणपत्र एपबाटै अनुरोध गर्न सकिने
१९. प्रहरी चारित्रिक प्रमाणपत्र एपबाटै डाउनलोड गर्न सकिने
२०. नजिकैका प्रहरी स्टेशनहरु थाहा पाउन सकिने
स्वास्थ्य मन्त्रालय/स्वास्थ्य बिमा बोर्ड (HIB)
२१. स्वास्थ्य बिमा बोर्डको विवरण हेर्ने
२२. स्वास्थ्य बिमा बोर्ड परिचयपत्र नवीकरण तथा अनलाईन भुक्तानी
भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय
२३. मालपोतको जग्गा धनि पुर्जा सम्बन्धी विवरण हेर्ने
बैंक तथा वित्तीय संस्थाहरु
२४. QR Scan गरी बैंक खाता खोल्ने • Nepal Bank • Siddrtha Bank • Standard Chartered Bank • NIC ASIA Bank • Mega Bank • Citizens Bank
श्रम रोजगार तथा यातायात मन्त्रालय, बागमती प्रदेश (MOLET, Bagamati)
२५. आफ्नो सवारीको विवरण अद्यावधिक गरी कर सम्बन्धी विवरण हेर्ने
२६. सवारी साधन ब्लु बूक नविकरण (Blue Book Renew)
नेपाल राष्ट्र बैंक (NRB)
२७. विदेशी मुद्रा विनिमय दर (NRB forex exchange) हेर्ने।
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (MoHP)
२८. कोभिड १९ सम्बन्धि जानकारी हेर्न सकिने।
यातायात व्यवस्था विभाग (DOTM)
२९. सवारी चालक अनुमतिपत्र लिंक गर्न सकिने
३०. सवारीचालक अनुमतिपत्र मार्फत नागरिक एपमा भेरिफिकेसन गर्न सकिने
नेपाल विद्युत प्राधिकरण (NEA)
३१. नेपाल विद्युत प्राधिकरणको ग्राहक आईडी लिंक गर्न सकिने
३२. नेपाल विद्युत प्राधिकरणको Statement हेर्न सकिने
३३. नेपाल विद्युत प्राधिकरणमा गुनासो दर्ता गर्न सकिने
शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय (MOEST)
३४. No Objection Certificate का लागि आवेदन दिन सकिने
३५. No Objection Certificate को अनलाइन भुक्तानी
सूचना तथा प्रशारण विभाग (DOIT Nepal)
३६. पत्रकार परिचयपत्र लिंक गर्न सकिने
स्वास्थ्य सेवा विभाग (DOHS)
३७. Vaccine Pre-registration फारम भर्न सकिने
३८. Vaccine Certification आवेदन दिने
३९. QR Certificate डाउनलोड गर्न सकिने
४०. बुस्टर डोज भ्याक्सिन भेरिफिकेसनको QR Certificate प्राप्त गर्न सकिने
स्थानीय तहहरु
४१. ७५३ वटै स्थानीय तहको विवरण र वेबसाइटमा भएको Content हेर्न मिल्ने
श्रम रोजगार तथा सामाजिक सूरक्षा मन्त्रालय (PMEP)
४२. प्रधानमन्त्री रोजगार कार्यक्रमको लाभग्राही परिचयपत्र लिंक गर्न मिल्ने
४३. प्रधानमन्त्री रोजगार कार्यक्रमको आर्थिक वर्ष अनुसार आयोजनाहरुमा योगदान हेर्न मिल्ने
लोकसेवा आयोग (PSC)
४४. लोकसेवा आयोगमा आवेदन दिन सकिने
वैदेशिक रोजगार विभाग (DoFE)
४५. पूर्व श्रम स्वीकृतिको खोजि (Sticker Search) गर्ने

दूरसञ्चार पूर्वाधार व्यवस्थापन

परिच्छेद - १

परिचय

१. **पृष्ठभूमीः** नेपालमा वि.सं. १९७३ देखि ओपन वायर म्याग्नेटो प्रणालीबाट दूरसञ्चार सेवा प्रारम्भ भएकोमा वि.सं. १९७४ मा सर्वसाधारणले समेत प्रयोग गर्न सक्ने व्यवस्था गरिएको थियो । औपचारिक रुपमा टेलिफोन लाईन वितरणको शुरुवात मोहन आकास वाणीको नामवाट वि.सं.२००५ देखि भएकोमा विश्वमा दूरसञ्चारका क्षेत्रहरुमा भएका उल्लेखनीय प्रगति एवं दूरसञ्चार क्षेत्रको द्रुततर विकासको गतिसँगै नेपालमा पनि यस क्षेत्रको विकास र विस्तारमा तीव्रता आएको छ । यस क्षेत्रमा विकास भएका 5th generation mobile network (5G), Software-Defined Networking (SDN), Internet Protocol version 6 (IPv6) लगायतका नयाँ प्रविधिको विकाससंगै सार्वजनिक निकाय एवं निजी संस्थाहरुले जन-समुदायलाई पुर्याउने सेवाहरु सहज, सरल र छिटो छरितो वनाई उपयोग गर्न आवश्यक भएको छ । दूरसञ्चार सेवालाई गुणस्तरीय र सर्वसुलव बनाउन नेपाल दूरसञ्चार प्राधिकरणबाट ब्रोडब्याण्ड, अप्टिकल फाइवर लाईन विस्तार, सेटलाइट जडान लगायतका कार्य गर्न परियोजना सञ्चालित छन् । त्यस्तै सुशासन, विकास र सम्बृद्धिका लागि डिजिटल नेपाल फ्रेमवर्क, २०७६ कार्यान्वयन भैरहेको छ । वि.सं. २०७८ पौष मसान्तसम्मको दूरसञ्चार पूर्वाधार विकास क्षेत्रमा भएका प्रगति स्थिति देहायबमोजिम छनः

क. ब्रोडव्याण्ड इन्टरनेट सेवा पुगेको

स्थानीय तहः	७०८
अस्पतालः	४२४९
सामुदायिक विद्यालयः	५३१८
वडा कार्यालयः	५९३३

ख. फोरजी सेवाको पहुँच भएका स्थानीय तहको संख्याः ७३२

ग. अप्टिकल फाईबर (सुचना महामार्ग) निर्माणः १६४६ कि.मि.

घ. सामुदायिक विद्यालयमा सूचना प्रविधि प्रयोगशाला स्थापनाः ९३०

२. **नीतिगत व्यवस्थाः** दूरसञ्चार पूर्वाधार व्यवस्थापन सम्बन्धमा सञ्चार तथा सूचना, दूरसञ्चार, सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित नीतिहरु, आवधिक योजना, बार्षिक नीति तथा कार्यक्रममा भएका प्रमुख व्यहोरा देहाय बमोजिम छनः

२.१. नेपाल सरकारले दुरसञ्चार नीति, २०५६ लाई प्रतिस्थापन गरी दूरसञ्चार नीति,२०६० तर्जुमा गरेको छ । यस नीतिमा उल्लिखित उद्देश्य प्राप्तिका लागि १२ रणनीति तथा सो अन्तर्गत विभिन्न कार्यनीतिहरु तयार गरेको यस नीतिमा पूर्वाधार विकास सम्बन्धमा देहायवमोजिम व्यवस्था छः

- नेपालका ग्रामीण तथा शहरी क्षेत्रमा सर्वसाधारणको पहुँच दूरसञ्चार सेवामा पुर्याउन वसोवास भएका क्षेत्रमा वोलाउँदा सुनिने दूरीमा दूरसञ्चार सेवा उपलव्ध हुने व्यवस्था मिलाउने,
- नेपालका शहरी क्षेत्रमा माग अनुसार दूरसञ्चार सेवा उपलव्ध गराउने र व्यापारिक क्षेत्रमा व्यावसायिक दूरसञ्चार सेवा उपलव्ध गराउने व्यवस्था मिलाउने,

- शहरी क्षेत्रमा उपभोक्ताालाई विभिन्न सेवा प्रदायकवाट सेवा चयन गर्न पाउने अवसर प्रदान गरिने तथा ग्रामीण क्षेत्रमा पनि सोही अनुरुप सेवा चयन गर्न पाउने व्यवस्था क्रमशः विस्तार गर्दै लगिने,
- ग्रामीण क्षेत्रमा विकास तथा गरिवी निवारणको लागि उपयुक्त सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न पाउने व्यवस्था मिलाउने।

२.२. ब्रोडब्याण्ड नीति, २०७१ ले दूरसञ्चार पूर्वाधार विकास सम्बन्धमा देहायबमोजिम व्यवस्था गरेको छः

- अप्टिकल फाईवर पूर्वाधारलाई खूला पहुँच अवधारणा (Open Access Regime) अन्तरगत सञ्चालन गरिने, हाल विद्यमान अप्टिकल फाईवर संजाल समेतलाई यस अवधारणा अन्तरगत ल्याउन आवश्यक व्यवस्था मिलाइने र ब्रोडव्याण्ड लगायत दूरसञ्चार पूर्वाधार निर्माणमा ग्रामीण दूरसंचार विकास कोषको प्रयोग र सार्वजनिक निजी साझेदारी जस्ता उपाय अवलम्बन गरी लगानी प्रोत्साहित गरिने।
- अप्टिकल फाईवर लगायत दूरसंचारका अरु संजालहरुको निर्माण एवं आवश्यक रेखदेख तथा सुरक्षा प्रत्याभूत गर्न आवश्यक संस्थागत व्यवस्था मिलाइने।
- ब्रोडव्याण्ड पूर्वाधारको निर्माण एवं तिनको साझा तथा सह-प्रयोग प्रबर्द्धन गर्न निजी एवं सार्वजनिक सरोकारवालाहरु सम्मिलित एक संयन्त्र निर्माण गरिने । ब्रोडव्याड पूर्वाधार संजाल विस्तारमा लगानी प्रबर्द्धन गर्न आवश्यक कानूनी तथा नियामक व्यवस्था मिलाईने।
- पूर्वाधारको साझा तथा सह-प्रयोगलाई प्रोत्साहन गर्न तथा पूर्वाधारजन्य सहक्रियता (Infrastructural Synergy) सुनिश्चित गर्न निर्देशिका बनाई लागू गरिने।
- ब्रोडव्याड विस्तारमा विद्युत आपूर्ति संजालको प्रयोगलाई समेत विशेष प्राथमिकता प्रदान गरिने। विधुत प्रसारणका लागि निर्माण गरिने प्रसारण लाइनमा Optical Ground Wire (OPGW) राख्नु पर्ने बाध्यात्मक व्यवस्था गरिने।
- मूख्य पूर्वाधार (Backbone Infrastructure) संजाल निर्माणकर्ताहरुको लगानी प्राथमिकता भित्र नपर्ने क्षेत्रहरुमा ब्रोडव्याण्ड सेवा विस्तारका लागि लगानी आर्कषित गर्न सार्वजनिक निजी साझेदारी अवधारणलाई प्रोत्साहित गरिने । सम्भावित सार्वजनिक निजी लगानी प्रारुपका आयोजनाहरु सन् २०१५ सम्ममा पहिचान गरिने।
- नेपालमा TV Whitespace प्रविधिमा आधारित ईन्टरनेट पूर्वाधार संजाल विस्तार गर्न आवश्यक उपाय अवलम्बन गरिने । यस अनुरुप सन् २०१६ भित्र TVWS utilization Roadmap तयार गरिने ।
- अन्तर्राष्ट्रिय IP ट्रान्जिट लागत तथा अन्तर्राष्ट्रिय Bandwidth माथिको पर निर्भरतालाई कम गर्दै लगिने । यस सन्दर्भमा local content hosting तथा स्थानीय तथा क्षेत्रीय स्तरमा IPX स्थापना गर्ने प्रयासलाई प्रोत्साहन गरिने।

२.३. सूचना तथा सञ्चार नीति, २०७२ मा दूरसञ्चार पूर्वाधार विकास सम्बन्धमा देहायका व्यवस्था गरेको छः

- भौगोलिक परिस्थिति अनुकूल राष्ट्रव्यापी रुपमा ब्रोडब्याण्ड सञ्जाल विस्तार गरिने।

- दूरसञ्चार पूर्वाधार निर्माणमा दोहोरोपन हटाउन, विद्युत, सडक लगायतका भौतिक पूर्वाधार संगसंगै दूर सञ्चार पूर्वाधारको समेत साझा प्रयोग गर्न प्रोत्साहन गरिने।
- ग्रामीण दूरसञ्चार विकास कोषको प्रभावकारी परिचालन मार्फत ग्रामीण, सूचना तथा सञ्चार प्रविधिको पहुँच नपुगेका क्षेत्रमा पूर्वाधार विकास गरिने।
- तारहित व्याकवोन पूर्वाधार (Wireless Backbone) निर्माण गर्न पर्याप्त भू-सतही माईक्रोवेव फ्रिक्वेन्सी (Terrestrial Microwave Frequency) को उपलब्धता यथाशीघ्र सुनिश्चित गरिने।
- अन्तर्राष्ट्रिय आबद्धता (International Connectivity) मा व्यापक सुधार गर्न विशेष प्राथमिकता दिइने।
- प्राकृतिक विपत पश्चातको आवश्यकता मूल्याङ्कन प्रतिवेदनका आधारमा विनाशकारी भूकम्पका कारण र अन्य प्राकृतिक प्रकोपका कारण भत्किएका, बिग्रिएका सूचना सञ्चार प्रविधि र दूरसञ्चार सम्बन्धी पूर्वाधारहरुको पुनर्निर्माण एवं पुनर्स्थापना गरिने।
- विनाशकारी भूकम्पबाट भएका संरचनाहरुको पुनर्निर्माण एवं पुनर्स्थापनामा सूचना तथा सञ्चार प्रबिधिको उच्चतम प्रयोग गरिने।
- सूचना तथा सञ्चार प्रबिधिको विस्तारका लागि नेपालले आफ्नै भू-उपग्रह प्रक्षेपण गर्ने सम्बन्धमा आवश्यक कार्य गर्ने।

२.४. भू-उपग्रह नीति, २०७७ मा सन् २०२२ (२०७९ पौष १५) भित्र अन्तरिक्षमा आफ्नै भू-उपग्रह स्थापना गरी मुलुक भित्रबाटै यस सम्बन्धी विश्वशनीय सेवा उपलब्ध गराउने, दूर्गम र अति विकट भौगोलिक क्षेत्रका जनता समक्ष ब्रोडब्याण्ड ईन्टरनेट सेवा र प्रशारण सेवाको पँहुच सूनिश्चित गर्ने उल्लेख छ ।

२.५. पन्ध्रौं योजना (२०७६।७७-२०८०।८१) ले आमसञ्चार, दूरसञ्चार तथा सूचना प्रविधिमा सबै नागरिकको पहुँच तथा उच्चतम उपयोग सुनिश्चित गरी आमनागरिकको जीवनस्तरमा गुणात्मक परिवर्तन ल्याउने लक्ष्य पुरा गर्न दूरसञ्चार एवम् ब्रोडब्याण्ड सेवाको पहुँच देशभर पुर्याउने, डिजिटाइजेसन मार्फत् सामाजिक, आर्थिक र शासकीय व्यवस्थामा सुधार गर्ने रणनीति तथा देहाय वमोजिम कार्यनीति लिएको छः

- स्थानीय स्तरसम्म ब्रोडब्यान्ड सेवा विस्तार गरिने।
- भरपर्दो र गुणस्तरीय दूरसञ्चार सेवा (Seamless Connectivity) लाई सुनिश्चित गरिने।
- ग्रामीण दूरसञ्चार कोषलाई मूलभूतरुपमा दूरसञ्चार क्षेत्रको विकास र डिजिटल नेपालका कार्यक्रम वा परियोजना मात्र कार्यान्वयन गर्न परिचालन गरिने।
- दूरसञ्चार पूर्वाधारमा सह-प्रयोग तथा सदुपयोगको अवधारणालाई कार्यान्वयन गरिने।
- डिजिटल नेपाल फ्रेमवर्क कार्यान्वयन गरिने।
- डिजिटल नेपाल, सूचना महामार्ग, डाटा सेन्टर, इन्टरनेट एक्सचेन्ज सेन्टर, आधुनिक प्रविधिमा आधारित टेलिफोन, अनलाइन सेवा र विद्युतीय भुक्तानी (ई-पेमेन्ट गेट-वे) लगायतका सञ्चार तथा सूचना प्रविधिसम्बन्धी पूर्वाधार विकासमा जोड दिइने।
- राष्ट्रिय फ्रिक्वेन्सी निर्धारण योजना र रणनीति तयार गरी फ्रिक्वेन्सी वितरण प्रणाली व्यवस्थित र पारदर्शी बनाइने।

- सरकारी विद्युतीय प्रणालीलाई एकीकृत तथा अन्तरआबद्ध गरिने।
- साइबर सुरक्षा तथा गोपनीयता सम्बन्धी कार्य गर्न साईबर सुरक्षा अनुगमन केन्द्र स्थापना गरिने।
- डिजिटल डिभाइड कम गर्नको लागि डिजिटल साक्षरता र सचेतना अभिवृद्धिलाई अभियानको रुपमा सञ्चालन गरिने।
- नेपाललाई प्राप्त अर्बिटल स्लटको प्रयोग गरी नेपालको आफ्नै स्याटलाइट स्थापना गरिने ।

२.६. नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा दूरसञ्चार पूर्वाधार विकास सम्बन्धमा देहायका नीतिहरु उल्लेख गरिएका छनः-

क्र.सं.	आर्थिक वर्ष	व्यहोरा
१	२०७८।७९	• सूचना र सञ्चार प्रविधिको अधिकतम उपयोग गर्न डिजिटल नेपाल फ्रेमवर्क कार्यान्वयन गर्ने, • डिजिटल प्रविधिको उपयोग गरी सार्वजनिक सेवामा आमनागरिकको सरल र सहज पहुँच विस्तार गरिने तथा ज्ञान र सूचनामा आधारित डिजिटल अर्थतन्त्रको विकास गर्ने, • ग्रामीण दुरसञ्चार विकास कोष परिचालन गरी सबै स्थानीय तहका केन्द्र, वडा कार्यालय, स्वास्थ्य संस्था, सामुदायिक क्याम्पस र माध्यामिक विद्यालयमा ब्रोडव्याण्ड इन्टरनेट सेवा विस्तार गर्ने तथा आगामी दुई वर्षभित्र देशभर अप्टिकल फाईवर विछ्याई सूचना महामार्ग निर्माण सम्पन्न गर्ने, • सबै स्थानीय तहमा फोरजी सेवा विस्तार गर्ने तथा राष्ट्रिय साइवर सुरक्षा अनुगमन केन्द्रको संस्थागत सुदृढीकरण गरी वेभसाइट, एप्लिकेशन र सर्भरको साईवर सुरक्षा मजबुत तुल्याइने, • नेपालको आफ्नै भू-उपग्रह स्थापना गरी व्यावसायिक रुपमा सञ्चालन गर्न सम्भाव्यता अध्ययन गरिने।
२	२०७७।७८	• डिजिटल नेपाल फ्रेमवर्कको कार्यान्वयन डिजटल प्रविधिको माध्यमबाट अर्थतन्त्रमा आबद्ध हुदै त्यसबाट सिर्जना हुने आर्थिक अवसरको उपयोग गरिने, • सूचना तथा दूरसञ्चार र विद्यमान ब्रोडव्याण्ड नीति परिमार्जन गर्दा फाइबर टु होम प्रविधिबाट स्तरीय र भरपर्दो ब्रोडव्याण्ड इन्टरनेट सेवा २ वर्ष भित्र सबै स्थानमा पुर्याउने।
३	२०७६।७७	• सबै स्थानीय तहका वडा, स्वास्थ केन्द्र तथा सामुयिक माध्यमिक विद्यालयमा ब्रोडव्याण्ड इन्टरनेट विस्तार गर्ने , • दूरसञ्चार पूर्वाधारमा रहेको दोहोरो लगानी कम गर्न पूर्वाधारहरुको सहप्रयोग गर्ने, • नेपालको आफ्नै स्याटेलाइट स्थापना गर्ने कार्य शुरु गरिने।
४	२०७५।७६	• ग्रामीण दूरसञ्चार कोषमा रहेको रकम उपयोग गरी सबै स्थानीय तहसम्म अप्टिकल फाइबर बिछयाउने कार्य तिब्रताका साथ अघि बढाइने।
५	२०७४।७५	• राष्ट्रिय राजमार्ग तथा जिल्ला सदरमुकाम जोड्ने सडकहरुमा अप्टिकल फाइबर बिछयाई आगामि दुई वर्षभित्र सबै जिल्ला सदरमुकाम, नगरपालिका तथा गाउँपालिकाहरुलाई सूचना मार्गले जोडिने, • ब्रोडब्याण्ड इन्टरनेट सेवालाई वडास्तरसम्म विस्तार गरिने, • दूरसञ्चार सेवालाई थप व्यवस्थित र प्रतिष्पर्धी बनाउन दूरसञ्चार सेवा प्रदायकहरुबीच एक आपसमा गाभिन प्रोत्साहन गरिने।

३. **कानूनी व्यवस्था :** दूरसञ्चारका पूर्वाधारहरु सात मिटर भन्दा अग्ला टावर र व्याक बोनको रुपमा रहने अप्टिकल फाईवर, जग्गा भवन, टावर, विटिएस सेल्टर, उर्जा आपूर्ति(पावर सप्लाई), जेनेरेटर, ब्याट्री, एयर कण्डिसनर, अग्नी निरोधक, राईट अफ वे, पोल, डक्ट, ट्रेन्च जस्ता संरचना निर्माणमा हुने दोहोरो खर्च निरुत्साहित गर्न दूरसञ्चार पूर्वाधार निर्माण तथा सहप्रयोग सम्बन्धी आदेश, २०६९ जारी भएकोमा उक्त आदेश खारेज गरी दूरसञ्चार पूर्वाधार सम्बन्धी नियमावली, २०७४ जारी भएको छ । सञ्चार तथा

सूचना, दूरसञ्चार, सूचना तथा सञ्चार प्रविधि सम्बन्धमा भएका कानूनी प्रावधानहरू (ऐन, नियमावलीहरू, विनियमहरू, कार्यविधिहरू र मानकहरू/स्थापित स्तरहरू) देहाय बमोजिम छनः

- दूरसञ्चार ऐन, २०५३ र नियमावली,, २०५४
- सार्वजनिक खरिद ऐन, २०६३
- दूरसञ्चार पूर्वाधार सम्बन्धी नियमावली, २०७४
- नेपाल दूरसञ्चार प्राधिकरण खरिद विनियमावली, २०७३
- नेपाल दूरसञ्चार प्राधिकरण (ग्रामीण दूरसञ्चार विकास कोष) विनियमावली,,२०६८
- नेपाल दूरसञ्चार सेवाको गुणस्तर सम्बन्धी विनियमावली, २०७३
- नेपाल दुरसंञ्चार प्राधिकरण (उजुरी कारबाही सम्बन्धी कार्यविधि) विनियमावली, २०६८
- दूरसञ्चारका पूर्वाधार र सहप्रयोग सम्बन्धी निर्देशिका, २०७२ आदि ।

४. **संरचनागत व्यवस्थाः** दूरसञ्चारको पूर्वाधार सम्बन्धमा उच्चस्तरमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालय रहेको छ । नीतिगत एवं कानूनी व्यवस्थाको दायित्व यस मन्त्रालयमा रहेको छ ।दूरसञ्चार सम्बन्धी पूर्वाधार व्यवस्था गर्न मन्त्रालय अन्तर्गत सूचना प्रविधि विभाग, राष्ट्रिय सूचना प्रविधि केन्द्र स्थापना गरिएको छ भने क्षेत्रगत कार्यहरु सम्बन्धित मन्त्रालय र अन्तर्गतका निकायबाट समेत हुने गरेको छ । सेवाप्रदायको नियमनको कार्यको लागि दूरसञ्चार ऐन, २०५३ को दफा ३ अनुसार नेपाल दूरसञ्चार प्राधिकरणको स्थापना भएको छ । मन्त्रालयमा प्रशासन तथा योजना, सञ्चार, फ्रिक्वेन्सी ब्यवस्थापन र सूचना प्रविधि समेत ४ महाशाखामा सचिवदेखि टाइपिष्टसम्म ६३ पदको दरबन्दी रहेको छ । सूचना प्रविधि विभागमा विद्यूतीय शासन, प्रमाणीकरण र साइबर फोरेन्सिक खण्ड र पूर्वाधार विकास, अनुसन्धान, सुरक्षा र नियमन समेत ३ शाखामा सह सचिव देखि टाइपिष्टसम्म २७ दरबन्दी र राष्ट्रिय सूचना प्रविधि केन्द्रमा २० दरबन्दी रहेको छ । त्यस्तै नेपाल दूरसञ्चार प्राधिकारणमा अध्यक्ष समेत ५ सदस्यीय बोर्ड रहेको छ भने प्राविधिक कर्मचारीतर्फ वरिष्ठ निर्देशकदेखि सहायकसम्म ३० र प्रशासन तर्फ वरिष्ठ निर्देशक देखि सहायकसम्म ५१ समेत ८१ दरबन्दी रहेको छ । प्रविधि तथा पूर्वाधार विकास निर्देशनालय अन्तर्गत नियमन, पूर्वाधार तथा स्तरिकरण गरी ३ महाशाखा र मातहतमा ७ शाखा रहेका छन् । त्यस्तै प्रशासन तथा अनुमतिपत्र निर्देशनालय तर्फ प्रशासन, कानून तथा अनुमतिपत्र र उपभोक्ता हित संरक्षण समेत ३ महाशाखा तथा मातहतमा ७ शाखा र अनुगमन महाशाखामा २ शाखा रहेका छन्।

५. **कार्यक्रम** : दूरसञ्चार पूर्वाधार निर्माणको लागि सञ्चालन भइरहेका मूख्य कार्यक्रमहरु देहायबमोजिम छः

- **ऐन नियम तथा निर्देशिका तयारीः** प्रविधि तथा पूर्वाधार विकास कार्यक्रम सञ्चालनको लागि नेपाल दूरसञ्चार ऐन, २०५३, विनियमावली, २०५४, ग्रामीण दूरसञ्चार कोष विनियमावली, २०६८, दूरसञ्चार पूर्वाधार नियमावली, २०७४ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ । त्यसैगरी प्राधिकरण सञ्चालन मार्गदर्शन, २०७७, अन्तरआबद्धता निर्देशिका २०७६ तथा फ्रिक्वेन्सी वाँडफाँड नीति, २०७३ कार्यान्वयनमा रहेको छ । दूरसञ्चार सम्बन्धमा छरिएर रहेका नीतिहरु एकीकृत गर्ने तथा साइवर सुरक्षा सम्बन्धी कानूनहरु को मस्यौदा तर्जुमा भैरहेको छ ।
- **डिजीटल नेपाल कार्यक्रमः** सुशासन, विकास र सम्बृद्धिका लागि डिजिटल नेपाल भन्ने दूर दृष्टी, डिजिटल प्रविधिको उपयोगबाट सेवा प्रवाह, उत्पादन र उत्पादकत्वमा अभिबृद्धि गरी अर्थतन्त्रका बृहत्तर आयामहरुको रुपान्तरण गरी आधुनिकिरण गर्ने लक्ष्य र ज्ञानमा आधारित समाज र डिजिटल अर्थतन्त्रका आधार निर्माण गर्ने, डिजिटल प्रविधिको अधिकतम उपयोग गरी विकास र

सम्बृद्धिका लक्ष्यहरु हासिल गर्ने र आम नागरिकलाई प्रदान गरिने सार्वजनिक सेवा सरल र सहि रुपमा उपलब्ध गराउने उद्देश्य सहित मन्त्रिपरिषदबाट २०७६ कार्तिक ८ मा डिजिटल नेपाल फ्रेमवर्क, २०७६ स्वीकृत भएको छ । यस फ्रेमवर्कमा डिजिटल फाउण्डेसन, कृषि, स्वास्थ्य, शिक्षा, उर्जा, पर्यटन, वित्त, शहरी पूर्वाधार समेत ८ प्रमुख क्षेत्रहरु छनौट गरिएका छन् भने उक्त ८ क्षेत्र अन्तर्गत ८० डिजिटल पहल पहिचान गरी कार्ययोजना तयार गरी कार्यान्वयनको क्रममा रहेको छ।

- **सूचना प्रविधि महामार्गः** नेपाल दूरसञ्चार प्राधिकरणबाट ग्रामीण दूरसञ्चार कोष परिचालन गरी नेपालको मध्य पहाडी लोकमार्गको आसपासका जिल्ला सदरमुकाम, नगरपालिका उत्तर दक्षिण जोड्ने राजमार्ग तथा पूर्वपश्चिम राजमार्गमा अप्टिकल फाईवरको संञ्जाल बनाउन तथा सञ्चालन गर्न ३ खण्ड (पाँचथर जिल्लाको चिवाभन्ज्याङदेखि धादिङ र गोरखा जिल्लाको आरुघाटसम्मको खण्ड, गोरखाको आरुघाटदेखि पश्चिम गण्डकी र लुम्बीनी प्रदेशमा पर्ने खण्ड र कर्णाली र सुदूरपश्चिमाञ्चल प्रदेशको खण्ड) मा विभाजन गरी कार्य अगाडि बढाईएको छ।
- **ब्रोडब्याण्ड सेवा विस्तारः** ब्रोडब्याण्ड एक्सेस नेटवर्क परियोजना(इन्टरनेट) का लागि काठमाण्डौ उपत्यका बाहेक ७४ जिल्लाका सबैनगरपालिका, गाउँपालिका, वडा कार्यालय र तोकिएका शैक्षिक संस्था, स्वास्थ्य संस्थामा स्थानीय माग धान्न सक्ने गरी ब्रोडब्याण्ड (इन्टरनेट) सेवा उपलब्ध गराउन १८ वटा प्याकेज बनाइ कार्य भइरहेको र भूकम्पबाट अति प्रभावित ११ जिल्लाका नगरपालिका, गांउपालिका, वडा कार्यालय, शैक्षिक र स्वास्थ्य संस्थामा ब्रोडब्याण्ड सेवा उपलब्ध गराउने कार्य नेपाल दूरसञ्चार प्राधिकरणबाट भैरहेको छ।
- **नियन्त्रण प्रणाली स्थापनाः** सञ्चार तथा सूचना प्रविधिमा हुने नयाँ नयाँ प्रविधिको विकाससंगै यसमा हुने साईवर अपराध लगायत अवैध तथा गैरकानूनी कार्यहरु बढ्दो छ । नेपाल दूरसंचार प्राधिकरणले दूरसंचार क्षेत्रमा हुने गैर कानूनी कार्यहरु रोक्न नेपाल दूरसञ्चार प्राधिकरणबाट मोबाईल डिभाईस म्यानेजमेन्ट सिष्टम स्थापना गरेको छ ।त्यस्तै ट्राफिक मोनिटरिङ्ग एण्ड फ्रड कल्ट्रोल सिष्टम जडानको क्रममा रहेको छ भने सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट साईवर सुरक्षा प्रणालीको स्थापना सम्बन्धमा आवश्यक नीतिहरु तर्जुमा गर्ने कार्यहरु भैरहेको छ ।

६. **वार्षिक बजेट तथा खर्चः** नेपाल सरकारको दूरसञ्चार पूर्वाधार नीति तथा विकास कार्यक्रमको लागि नेपाल दूरसञ्चार प्राधिकरणको गत ५ बर्षको विनियोजन र खर्चको स्थिति देहाय वमोजिम रहेको छः

(रु. हजारमा)

आर्थिक बर्ष	बजेट	खर्च	खर्च प्रतिशत
२०७४।७५	१७६३७८४२	४०३६६४	२.२९
२०७५।७६	१२४९५२७५	८०३४४६	६.४३
२०७६।७७	१७०८०५६५	२८३४१११	१६.५९
२०७७।७८	१४५४११०५	४९९४३५०	३४.३५
२०७८।७९	१५१००३७८	४५३०११४	३०.००

स्रोतः वार्षिक प्रतिवेदन, २०७९

७. **विषय छनौटको औचित्यः** विश्वमा दूरसञ्चार क्षेत्रको द्रुततर विकासको गतिसँगै नेपालमा पनि यस क्षेत्रको विकास र विस्तारमा तीव्रता आएको छ । हाल आर्थिक रुपमा गरिने क्रियाकलाप र आम सञ्चार

माध्यमको रुपमा दूरसञ्चारको प्रयोग बढ्दै गइरहेको छ । सरकारी वा निजी क्षेत्रका धेरै सेवाहरु दूरसञ्चार सम्बन्धी पूर्वाधारको उपयोग गरी प्रदान गरिन्छ । तसर्थ यो क्षेत्र आम नागरिकको दैनिक दिनचर्याको एक अत्यावश्यक अंग बनिसकेको छ । गुणस्तरीय दूरसञ्चार सेवा प्रदान गर्न सोही अनुरुपको उपयुक्त र गुणस्तरीय पूर्वाधारको आवश्यकता पर्दछ । दूरसञ्चार सेवा उपलब्ध गराउने कार्य सेवा प्रदायकबाट हुने गरेको छ । दूरसञ्चारको पूर्वाधार निर्माणको कार्य अनुमति प्राप्त व्यक्तिले गर्ने र सेवा प्रदायकबाट निर्माण भएका संरचना समेत सह प्रयोग गर्ने सम्बन्धमा दूरसञ्चार पूर्वाधार सम्बन्धी नियमावली, २०७४, ब्रोडव्याण्ड नीति, २०७१, सूचना तथा सञ्चार प्रविधि नीति, २०७२, आर्थिक बर्ष २०७६।७७ को बजेट वक्तव्य लगायतमा उल्लेख छ । त्यस्तै सूचना तथा सञ्चार प्रविधि नीति २०७२ मा अप्टिकल फाईवर लाईन तथा ब्रोडब्याण्ड सेवा विस्तार, सूचना तथा सञ्चार प्रविधि विस्तारको लागि नेपालले आफ्नै भू-उपग्रह प्रक्षेपण गर्ने सम्बन्धमा आवश्यक कार्य गर्ने उल्लेख छ । भू-उपग्रह नीति, २०७७ तर्जुमा र पन्धौं योजना (२०७६।७७-२०८०।८१) मा आर्थिक बर्ष २०७६।७७ मा प्रारम्भ गरी २०८०।८१ सम्ममा रु.१ खर्ब ७ अर्ब ५० करोडको लागतमा डिजिटल नेपाल फ्रेमवर्क कार्यान्वयन गरिने उल्लेख छ । दूरसञ्चार पूर्वाधार सम्बन्धमा विभिन्न नीति, योजना तथा कार्यक्रममा उल्लेख भएका विषयहरुको कार्यान्वयन तथा व्यवस्थापन सम्बन्धमा संचार माध्यममा समेत चासो हुने गरेको देखिएकोले दूरसञ्चारको पूर्वाधार सम्बन्धमा भएका नीतिगत व्यवस्था, यसको कार्यान्वय र व्यवस्थापन सम्बन्धमा अध्ययन गरी सुझाव सहितको प्रतिवेदन दिन यो विषयको छनौट गरिएको हो।

परिच्छेद - २
लेखापरीक्षणको उद्देश्य, क्षेत्र एवं पद्धति

८. **लेखापरीक्षणको उद्देश्यः** सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र अन्तर्गतका निकाय र नेपाल दूरसञ्चार प्राधिकरण तथा सेवा प्रदायकबाट निर्माण भइरहेका दूर सञ्चार सम्बन्धी पूर्वाधार निर्माण कार्यको मितव्ययीता, कार्यदक्षता र प्रभावकारिताको अध्ययन गरी पूर्वाधार निमार्ण कार्यको विश्लेषणात्मक अध्ययन गरी सुझाब सहितको प्रतिवेदन पेश गर्नु लेखापरीक्षणको मुख्य उद्देश्य रहको छ। यसको साथै सहायक उद्देश्यहरु निम्नानुसार रहेका छन् :

- नीतिगत एवं कानूनी व्यवस्थाको कार्यान्वयन अवस्था मूल्याङ्कन गर्नु,
- सञ्चालित योजना तथा कार्यक्रमको कार्यान्वयन अवस्था मूल्याङ्कन गर्नु,
- सेवाप्रदायकबाट निर्मित संरचनाको व्यवस्थापनको स्थिति मूल्याङ्कन गर्नु,
- जनशक्ति व्यवस्थापनको स्थिति मूल्याङ्कन गर्नु,
- अनुगमन तथा मूल्याङ्कनको प्रभावकारिता मूल्याङ्कन गर्नु आदि।

९. **लेखापरिक्षणको क्षेत्रः** सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र अन्तर्गतका निकाय र नेपाल दूरसञ्चार प्राधिकरण तथा सेवाप्रदायकबाट निर्माण भइरहेका पूर्वाधार निर्माण कार्यको कार्य सञ्चालनको सम्बन्धमा २०७४।७५ देखि २०७८।७९ सम्म र कुनै योजनाको लेखापरीक्षणको अवधिसम्मको प्राप्त प्रगति समेतलाई प्रतिवेदनमा समेटिएको छ । साथै दूरसञ्चार सम्बन्धी नीति तथा कार्यक्रमहरुको कार्यान्वयन समेत लेखापरीक्षणको दायरामा समेटिएको छ ।

१०. **लेखापरिक्षणको पद्धतिः** लेखापरीक्षण कार्यमा नेपाल सरकार लेखापरीक्षण मानदण्ड, २०७७ लेखापरीक्षण समिक्षा पत्र, लेखापरीक्षण योजना, महालेखपारीक्षक तथा कार्यालयको निर्देशन, कार्यमूलक लेखापरीक्षण

निर्देशिका २०६९, छलफल, प्रश्नावली, प्राथमिक तथा दोश्रो स्रोतको तथ्याङ्क विधिको आधारमा लेखापरीक्षण कार्यान्वयन, लेखापरीक्षण प्रतिवेदन र पृष्ठपोषणको चरण रहको छ । लेखापरीक्षणको उद्देश्यका लागि पर्याप्त र उचित प्रमाण सङ्कलन गर्न नियन्त्रणको परीक्षण, विश्लेषणात्मक कार्यविधि र विस्तृत विवरणको परीक्षणविधि अवलम्बन गरिनेछ । लेखापरीक्षणसँग सम्बन्धित कार्य सम्पादन समेटिएको वार्षिक प्रतिवेदन, प्रमाण कागजात, तथ्याङ्क, सूचनाको परीक्षण र भिडान, निरीक्षण गणना, सम्बन्धित पक्षसँग सोधपुछ र छलफल, विश्लेषण आदि गरिएको छ ।

समग्रमा प्रक्रियामूलक र नतिजामूलक विधि उपयोग गरी लेखापरीक्षण गरिएको छ । लेखापरीक्षण आधारको रुपमा विषयसँग सम्बन्धित नीतिगत तथा कानूनी व्यवस्थामा उल्लेख भएका विषयहरुलाई लिईएको छ । साथै उपलब्ध भएसम्म विषयसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय असल अभ्यासहरुलाई आवश्यकता अनुसार अपनाइएको छ । साथै लेखापरीक्षणका आधारहरु बारे दूरसञ्चार प्राधिकरणका पदाधिकारीसँग छलफल समेत गरिएको छ । लेखापरीक्षणको दौरानमा र लेखापरीक्षण सम्पन्न भएपश्चात व्यवस्थापनसँग देखिएका व्यहोरा उपर छलफल गरी सम्बन्धित निकायको प्रतिकृयाको आधारमा प्रतिवेदन तयार गरिएको छ ।

११. **लेखापरीक्षण सिमितताः** लेखापरीक्षणका लागि उपलव्ध स्रोत साधन र समयको सीमा, नियन्त्रण जोखिमको मात्रा तथा लागत लाभको दृष्टिकोणबाट सम्पूर्ण क्रियाकलापलाई लेखापरीक्षणको दायरामा समेटन नसकिने र व्यवहारिक पनि नहुने हुँदा लेखापरीक्षण योजना मुताबिक सारभूत विषयको छनौट गरी लेखापरीक्षण गरिने निकायबाट लेखापरीक्षणार्थ उपलव्ध हुने विवरण, तथ्याङ्क, सूचना, लेखापरीक्षण कार्यमा संलग्न जनशक्तिको ज्ञान, सीप र अनुभवको आधारमा यो प्रतिवेदन तयार गरिएको छ ।

परिच्छेद - ३
लेखापरीक्षणबाट देखिएका व्यहोरा

सकारात्मक पक्षः दूरसञ्चार पूर्वाधार निर्माण व्यवस्थापनका लागि नेपाल दूरसञ्चार प्राधिकरणले दूरसञ्चार सेवा प्रदायको लागि नियमकको रुपमा कार्य गरिरहेको छ । दूरसञ्चार, ब्रोडव्याण्ड, सूचना तथा सञ्चार एंव भू-उपग्रह सम्बन्धी नीति तर्जुमा, दूरसञ्चार सेवा विस्तारको लागि ब्रोडव्याण्ड सेवा, सूचना महामार्ग कार्यान्वयन, फाइभ जि सेवाको परीक्षण, दूरसञ्चार तथा सूचना प्रविधिमा वहुसंख्यक नागरिकको पहुँच, डिजिटल नेपाल फ्रेमवर्क तर्जुमा आदि दूरसञ्चार पूर्वाधार सम्बन्धमा सवल पक्ष देखिएका छन् । तथापी यस सम्बन्धमा तर्जूमा गरिएका नीति तथा कार्यक्रम कार्यान्वयनमा देहाय बमोजिम देखिएको छः

१२. **ग्रामीण दूरसञ्चार विकास कोषः** दूरसञ्चार ऐन, २०५३ को दफा ३०(४) मा ग्रामीण क्षेत्रमा दूरसंचार सेवाको विकास, विस्तार र सञ्चालनका लागि प्राधिकरणले कोष खडा गर्ने उल्लेख छ । त्यस्तै उपदफा ५ अनुसार कोषको रकम नेपाल सरकारको दूरसञ्चार सम्बन्धी नीतिको अधिनमा रही सेवा प्रदायक मार्फत ग्रामीण क्षेत्रमा दूरसञ्चार सेवाको विकास, विस्तार र सञ्चालनका लागि प्रयोग गरिने उल्लेख छ । ग्रामीण दूरसञ्चार विकास कोषमा आर्थिक वर्ष २०७८।७९ को अन्त्यमा रु.८ अर्व १५ करोड १४ लाख मौज्दात रहेको छ । ग्रामीण दूरसञ्चार विकास कोषबाट कार्यान्वयनमा रहेका ब्रोडव्याण्ड परियोजनामा रु.५ अर्व ६७ करोड ४७ लाखमा सम्झौता गरी २०७९ पौषसम्म ५ अर्व २९ करोड ८८ लाख भुक्तानी गरेको र व्याकवोन (सुचना महामार्ग) परियोजनाको लागि रु.९ अर्व ८९ करोड १७ लाखमा सम्झौता गरी रु.२ अर्व ९ करोड ३९ लाख भुक्तानी भएको छ ।

(रु. हजारमा)

आर्थिक बर्ष	खर्च रकम	कोषबाट भएका मूख्य कार्यहरु
२०७४।७५	१,९२,८५१	ब्रोडव्याण्ड नेटवर्क निर्माण परियोजना
२०७५।७६	४,१७,९८९	ब्रोडव्याण्ड नेटवर्क निर्माण परियोजना
२०७६।७७	१७,३३,९५,४८	ब्रोडव्याण्ड नेटवर्क निर्माण परियोजना (यसमध्ये रु. १६ अर्व अर्थ मन्त्रालयको सञ्चित खातामा जम्मा गरिएको)
२०७७।७८	१,३०,५८,३२	यसमध्ये रु.१५ करोड २० हजार नेपाल टेलिकमलाई Backbone project बापत भुक्तानी गरिएको र बाँकी रकम ब्रोडव्याण्ड नेटवर्क निर्माण परियोजना कार्यान्वयनमा रहेको ।
२०७८।७९	३,४५,०१,७५	उल्लिखित मध्ये ब्रोडव्याण्ड परियोजनाका लागि रु.२ अर्व ३५ करोड ४३ लाख ७५ हजार खर्च भएको र व्याक बोन परियोजनाका लागि रु.९४ करोड ८३ लाख ३५ हजार खर्च भएको, ६६ जिल्लाका सामुदायिक विद्यालयमा ब्रोडव्याण्ड इन्टर्नेट जडान गर्ने कार्यका लागि रु.१३ करोड ६९ लाख ५० हजार खर्च भएको तथा भुकम्प प्रभावित ८ जिल्लाका तोकिए बमोजिमका स्थानमा ब्रोडव्याण्ड इन्टरनेट सेवा जडान तथा सञ्चालन गर्न रु.१ करोड ५ लाख १५ हजार खर्च भएको र बाँकी परियोजना कार्यान्वयनमा रहेको ।
जम्मा	**२२,७०६,३९५**	

१२.१. दूरसञ्चार ऐन, २०५३ को दफा ३०(४) मा ग्रामीण क्षेत्रमा दूरसंचार सेवाको विकास, विस्तार र सञ्चालनका लागि प्राधिकरणले कोष स्थापना गर्ने तथा दफा ३०(५) मा नेपाल सरकारको दूरसञ्चार सम्बन्धी नीतिको अधीनमा रही ग्रामीण क्षेत्रमा दूरसञ्चार सेवाको विकास, विस्तार र सञ्चालनका लागि प्रयोग गर्ने उल्लेख छ । त्यस्तै सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ मा ग्रामीण दूरसञ्चार विकास कोष समेतको परिचालनद्वारा ग्रामीण तथा शहरी क्षेत्रहरुमा दूर सञ्चार विस्तार गर्न आवश्यक व्यवस्था मिलाईने तथा नेपाल दूरसञ्चार प्राधिकरण (ग्रामीण दूरसञ्चार विकास कोष) विनियमावली, २०६८ मा महानगरपालिका र उप-महानगरपालिका क्षेत्र समेटेको छ । दूरसञ्चार ऐन, २०५३ तर्जुमा हुँदाको अवस्थामा ग्रामीण दूरसञ्चार कोषको प्रयोग ग्रामीण क्षेत्रमा दूरसंचार सेवाको विकास, विस्तार र सञ्चालन गर्नको लागि स्थापना भएको उल्लेख भएकोमा नेपाल सरकारले जारी गरेको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ तथा नेपाल दूरसञ्चार प्रधिकरणले जारी गरेको ग्रामीण दूरसञ्चार विकास कोषको परिचालन विनियमावली, २०६८ मा कोषको प्रयोग शहरी क्षेत्र महानगरपालिका र उप-महानगरपालिकाको क्षेत्रलाई समेत समेटेकोले कार्यक्षेत्र सम्बन्धमा एकरुपता देखिदैन । यस सम्बन्धमा कार्यक्षेत्र सम्बन्धमा स्पष्ट नीतिगत व्यवस्था गरी सोहि अनुसार ऐन, नियम तथा विनियम तयार गरी कोषको परिचालन हुनु पर्दछ ।

१२.२. ग्रामीण दूरसञ्चार कोष स्थापनाको मनसाय सेवा नपुगेमा ग्रामीण क्षेत्रमा सेवा पुर्याउने रहेको देखिन्छ। नेपाल दूरसञ्चार प्राधिकरणले सेवा प्रदायकहरुले भौतिक संरचना निर्माण गरी सेवा प्रदान गरिरहेका शहरी क्षेत्रमा समेत इन्टरनेट सेवा पुर्याउन सेवा प्रदायकलाई अनुदान दिएको देखियो । दूरसञ्चार सेवा प्रदायकलाई भौतिक संरचना निर्माण गर्न अनुदान उपलव्ध गराउने सम्बन्धमा स्पष्ट नीति, ऐन, कानून नभएको अवस्थामा कोषको रकम विनियमावलीवाट अनुदान उपलव्ध गराउनु उचित देखिदैन। अतः

सरकारी तथा निजी क्षेत्रको लगानीमा निर्माण हुने संरचनाको सम्बन्धमा कानूनी व्यवस्था गरी आवश्यक लगानी गर्ने र यसको सञ्चालनको लागि आवश्यक संयन्त्र निर्माण गर्नुपर्दछ ।

दूरसञ्चार नीति, २०६०, सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ र दूरसञ्चार ऐन, २०५३ मा ग्रामीण दूरसञ्चार कोषको रकम खर्च गर्ने सम्बन्धमा व्यवस्था छ । उल्लिखित नीति तथा ऐनमा दूरसञ्चार सेवा प्रदायकलाई भौतिक संरचना निर्माण गर्न अनुदान दिने व्यवस्था छैन । अनुदान सम्बन्धमा देखिएका थप व्यहोरा निम्न छनः-

१२.२.१. नेपालमा दूरसञ्चार सेवाको प्रयोग सेवा प्रदायकहरु मार्फत व्यावसायिक स्वरुपमा सञ्चालन भइरहेको छ । सेवा प्रदायकले आफुले उपलव्ध गराउने सेवाको लागि आबश्यकता अनुसार भौतिक संरचना निर्माण गर्ने र सेवाग्राहीसँग शुल्क लिने गरेको देखिन्छ । सेवा प्रदान गर्ने गरी स्थापना भएका व्यवसायी सेवा प्रदायकलाई संरचना निर्माण गर्न अनुदान उपलव्ध गराउँदा कोषमा व्ययभार परेको अवस्था देखियो ।

१२.३. दूरसञ्चार पुर्वाधार सम्बन्धी नियमावली, २०७४ मा भएको व्यवस्था अनुसार दूरसञ्चार सम्बन्धी पूर्वाधार वनाउन आवेदन माग गरी तोकिएको सेवा प्रदायकलाई अनुमति दिने व्यवस्था छ । यसरी आवेदन माग गर्दा पूर्वाधार निर्माण गर्ने आवेदकले वजारको माग, सञ्चालन हुने सेवा अवधि, प्राप्त गर्ने लिज एवं रोयल्टी लगायतका राजश्वका आधारहरुमा सार्वजनिक सम्पत्तिको प्रयोग गर्न सक्ने गरी लगानी योजना तर्जुमा गर्दछ । तर प्राधिकरणले यो विकल्पको विश्लेषण नगरी सेवा प्रदायलाई पूर्वाधार निर्माणमा देहायका अनुदान दिएको देखियो ।

(रु.हजारमा)

क्र.सं.	आर्थिक वर्ष	नेपाल टेलिकम	मर्केन्टाइल	सुविसु	वर्डलिङ्क	भायनेट	जम्मा
१.	२०७८।७९	९५४३४५	०	७७०२०३	७४४००	२२१९५	१८२११४३
२.	२०७७।७८	२८००७१	३५१७८०	०	१२४६५४	१८२१९४	९३८६९९
३.	२०७६।७७	७५४३१	७७८२६	५००४७०	४१२९०५	७८०८३	११४४७१५
४.	२०७५।७६	०	८८८४७	३२९१४१	०	०	४१७९८८
५.	२०७४।७५	०	१३०७२६	६२१२४	०	०	१९२८५०
	जम्मा	**१३०९८४७**	**६४९१७९**	**१६६१९३८**	**६११९५९**	**२८२४७२**	**४५१५३९५**

सेवा प्रदायकलाई नै पूर्वाधार निर्माणको कार्य दिएकोमा अनुदानबाट निर्माण भएका पूर्वाधारको शुल्क निर्धारण सम्बन्धी विनियमावली जारी भएको भए पनि पूर्वाधार लगानीमा दिएको अनुदानको फाइदा तत् तत् संस्थाले लिएको, निजी क्षेत्रले लगानी गर्न इच्छुक नरहने ग्रामीण क्षेत्रको पूर्वाधारमा पाउने सहुलियत एवं अनुदान व्यावसायिक सम्भाव्य देखिएका महामार्गमा पनि प्रयोग गरेको अवस्थामा आम नागरिकले प्राप्त गर्ने सेवाको लागतमा आएको न्यूनता सम्बन्धमा अध्ययन भएको छैन।

दूरसञ्चार पूर्वाधार सेवा प्रदायक छनौट गरी सो संस्थावाट पूर्वाधार निर्माण गराई सेवा प्रदायकलाई लिजमा लगाउदा उक्त संस्थाको आय वृद्धि हुने, नेपाल दूरसञ्चार प्राधिकरणले गरेको लगानीको प्रतिफल क्रमशः प्राप्त हुँदै जाने र समग्र रुपमा सेवा प्रदायकले प्रतिस्पर्धात्मक तरिकाले पूर्वाधार प्रयोग गर्न पाई राज्यले करको माध्यमले स्रोत सङ्कलन गर्न सक्ने विकल्पमा विश्लेषण भएको छैन ।

यसरी निजी व्यावसायीलाई अनुदान दिएर वनाएको पूर्वाधारवाट प्राप्त हुने प्रतिफलको असर मूल्य निर्धारण लगायतमा परेको विषयमा विश्लेषण गरेर आवश्यक नीति तय गर्नु पर्दछ ।

१३. **अप्टिकल फाइवर नेटवर्क (सूचना महामार्ग):** सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ को बुँदा नं. १२.११.१ मा ग्रामीण दूरसञ्चार कोषको अधिकतम परिचालन गरी देशव्यापी रुपमा फाईवर अप्टिकल तथा तार विहिन प्रविधिमा आधारित व्याकवोन पूर्वाधार विकास गरिने तथा पन्ध्रौं योजनामा उल्लिखित डिजिटाईजेसन मार्फत सामाजिक, आर्थिक र शासकीय व्यवस्थामा सुधार गर्ने रणनीति कार्यान्वयन गर्न सूचना महामार्ग सम्बन्धी पूर्वाधार निर्माणमा जोड दिने कार्यनीति समावेश रहेको छ। त्यस्तै आर्थिक बर्ष २०७४।७५, २०७५।७६ र २०७८।७९ को बजेट वक्तव्यमा देशभर अप्टिकल फाईवर बिछ्याई सूचना महामार्ग निर्माण गरिने उल्लेख छ । यस अन्तर्गत देशका सबै जिल्लाका सदरमुकाममा अप्टिकल फाईवर लाइन जडान गर्न नेपाल दूरसञ्चार प्राधिकरणले ग्रामीण दूरसञ्चार विकास कोषको रकम परिचालन गरी मध्यपहाडी लोकमार्गमा पाँचथर जिल्लाको चिवाभञ्ज्याङ्ग देखि बैतडी जिल्लाको झुलाघाटसम्म मूख्य लाईन र मूख्यलाइनबाट सहायक लाइन मार्फत जिल्ला सदरमुकाम जोड्न र कोर राउटर इक्विपमेन्ट जडान गर्न वि.सं. २०७३।६।१२ देखि ३ प्याकेजमा परियोजनाको कार्य प्रारम्भ गरेको छ । सूचना महामार्ग (Backbone Network) परियोजना निर्माण तथा सञ्चालन गर्न प्रतिष्पर्धाको माध्यमबाट छनौट भएका सेवा प्रदायकसँग रु. ९ अर्ब ८९ करोड १७ लाखमा सम्झौता भएकोमा २०७९ पौष मसान्तसम्म रु. २ अर्ब ९ करोड ३९ लाख भुक्तानी भएकोमा निम्नानुसार कार्य प्रगति भएको छ ।

प्याकेज नम्बर	लागत अनुमान रु.लाखमा	निर्माण गर्नुपर्ने कामको विवरण			हाल सम्मको प्रगति		
		फाइवर लाइन (कि.मि.मा)	कोर राउटर इक्विपमेन्ट (गोटामा)	डि.डब्लू.डि.एम. सिष्टम् (थानमा)	फाइवर लाइन (कि.मि.मा)	कोर राउटर इक्विपमेन्ट (गोटामा)	डि.डब्लू.डि.एम. सिष्टम् (थानमा)
१	४८७३६	२१७९	४८	२८(२जगेडा)	१३२६	४७	२७
२	३००००	२१६०	७३	२१	०	०	०
३	३७०००	१९९२	५६	२८	३२०	४६	२३
जम्मा	**११५७३६**	**६३३१**	**१७७**	**७७**	**१६४६**	**९३**	**५०**

परियोजना कार्यान्वयन सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छनः

१३.१. परियोजनाको पहिलो प्याकेज अन्तर्गत मध्यपहाडी लोकमार्गको पाँचथर जिल्लाको चिवाभञ्ज्याङ्गदेखि गोरखा जिल्लाको आरुघाटसम्म मूख्य लाईन र कोशी प्रदेश, मधेश प्रदेश र वागमती प्रदेशका जिल्ला सदरमुकामसम्म सहायकलाइन मार्फत २ हजार १७९ किलोमिटर फाइवर लाइन विछ्याउन, डि.डब्लु. डि.एम. सिष्टम २८ थान र कोर राउटर इक्विपमेन्ट ४८ वटा जडान गर्न नेपाल दूरसञ्चार कम्पनी लिमिटेडले निर्माण व्यवसायी छनौट गरेको दुई वर्षभित्र कार्यसम्पन्न गर्ने गरी नेपाल दूरसञ्चार कम्पनी लिमिटेडसँग २०७३ असोज १२ मा रु.४ अर्ब ८७ करोड ३६ लाखको सम्झौता भएको छ । नेपाल दूरसञ्चार कम्पनी लिमिटेडले २०७५ चैत्र ६ मा निर्माण व्यवसायीसँग २ बर्ष भित्र सम्पन्न गर्ने गरी रु.३ अर्ब ७ करोड ७५ लाखको सम्झौता गरेकोमा हालसम्म कोर राउटर र डि.डब्लू.डि.एम. सिष्टमको कार्य सम्पन्न भएको, फाइवर लाइन विछ्याउने कार्य १३२६ किलोमिटर (६०.८५) प्रतिशत सम्पन्न भएको छ भने माइक्रोवेभ लिङ्कको जडान कार्य शूरु भएको छैन । सडक बिभागबाट सडक खन्न स्वीकृति प्राप्त नभएको कारणले क्षेत्र परिवर्तन भएको फिदिम-ताप्लेजुङ्ग खण्डको लागि सम्झौता संशोधनको कार्य भइरहेको छ ।

१३.२. परियोजनाको दोस्रो प्याकेज अन्तर्गत गण्डकी र लुम्विनी प्रदेशका जिल्ला सदरमुकामसम्म सहायकलाइन मार्फत २ हजार १६० किलोमिटर फाइवर लाइन विछ्याउन, डि.डब्लु.डि.एम सिष्टम २१ वटा र कोर

राउटर इक्विपमेन्ट ७३ जडान गर्न युनाइटेड टेलिकम लिमिटेडसँग २०७४।१।२५ मा रु.२ अर्ब १ करोडको खरिद सम्झौता भएकोमा सेवा प्रदायकले काम शुरु नगरेकोले नेपाल दूर सञ्चार प्राधिकरणले म्याद थप नगरी सम्झौता अन्त्य गरेको छ । प्राधिकरणको यस निर्णय विरुद्ध परेको रिटमा २०७६।१।२९ मा अदालतबाट अन्तरिम आदेश जारी भई हाल बिचाराधीन अवस्थामा रहेको छ । सेवा प्रदायकले यस प्याकेज अन्तर्गतका कार्यहरु शुरु नगरेकोले प्रगति शुन्य छ ।

१३.३. परियोजनाको तेस्रो प्याकेज अन्तर्गत बर्दिया जिल्लाको राजापुर देखि बैतडी जिल्लाको झुलाघाटसम्म मूख्य लाईन र कर्णाली र सूदूर पश्चिम प्रदेशका जिल्ला सदरमुकाम सम्म सहायक लाइन समेत १ हजार ९९२ किलोमिटर फाइवर लाइन विछ्याउन, डि.डब्लु.डि.एम सिष्टम २८ वटा र ५६ कोर राउटर इक्विपमेन्ट जडान गर्न स्मार्ट टेलिकमसँग १८ जुलाई २०१७(२०७४ श्रावण ३) मा रु. ३ अर्ब ९४ लाखमा सम्पन्न गर्ने गरी सम्झौता भएकोमा तोके अनुसार कार्य नभएकोले मिति २०७६।७।१ मा प्राधिकरणले सम्झौता रद्द गरी नेपाल दूरसञ्चार कम्पनी लिमिटेडसँग निजले निर्माण व्यवसायी/आपूर्तिकर्ता छनौट गरेको मितिबाट दुई बर्षभित्र कार्य सम्पन्न गर्ने गरी २०७६ फाल्गुण १८ मा रु.३ अर्ब ७० करोडको संझौता गरेको छ । नेपाल दूरसञ्चार कम्पनी लिमिटेडले २०७६ फाल्गुण १८ मा निर्माण व्यवसायी छनौट गरी दुइ बर्षभित्र सम्पन्न गर्ने गरी रु. ३ अर्ब ८१ लाखको सम्झौता गरेकोमा हालसम्म फाइवर लाइन विछ्याउने कार्य ३२० किलोमिटर र ४६ वटा कोर राउटर जडान कार्य सम्पन्न भएको छ। सेवा प्रदायकले तोकिएको म्याद भित्र लक्ष्यको तुलनामा १६.४६ प्रतिशत मात्र कार्य गरेको छ ।

कूल ६३३१ किलोमिटर फाईवर लाइन बिछ्याउने परियोजनाको लक्ष्य रहेकोमा हालसम्म १६४६ किलोमिटर (२५.५६ प्रतिशत) लाईन विछ्याएको छ ।यस सम्बन्धमा मध्यपहाडी लोकमार्गको निर्माणकार्य सम्पन्न नभएकोले फाईवर लाईन विछ्याउने कार्यमा अपेक्षित प्रगति हुन नसकेको नेपाल दूरसञ्चार प्राधिकरणको भनाई रहेको छ । लाईन विच्छ्याउने कार्य पुरा नभएको अवस्थामा ९३ वटा कोर राउटर जडान गरेको देखिन्छ । प्राविधिक रुपमा लाईन विच्छ्याए पश्चात मात्र राउटरको उपयोग हुने भएकोले प्रक्रियागत रुपमा क्रियाकलापहरु सञ्चालन गरेको पाइएन । नीतिगत ब्यवस्थापन सहित आर्थिक वर्ष २०७४।७५ को बजेट वक्तव्य देखि नै प्राथमिकतामा राख्दै आवधिक योजनामा समेत महत्वका साथ उल्लेख भएको यस कार्यमा अपेक्षा वमोजिम कार्य प्रगति हुन नसक्दा गुणस्तरीय दूरसञ्चार सेवा सर्वसुलभ नहुनुका साथै मुलुकलाई डिजिटल फ्रेमवर्क अनुसार विकास गरी प्रविधि विकासको लाभ सर्वसाधारणलाई प्रविधिमैत्री छिटो र पारदर्शी सेवा दिन विलम्व भएको छ । दूरसञ्चार प्राधिकरणले सेवा प्रदायकको अनुगमन तथा सञ्चालित पक्ष र निकायहरुसँग समन्वय गरी कार्यतालिका वमोजिम परियोजना सम्पन्न गर्नुपर्ने देखिन्छ ।

१४. **ब्रोडव्याण्ड इन्टरनेट सेवाः** ब्रोडव्याण्ड नीति, २०७१ अनुसार माग भए बमोजिम सुरक्षित, सर्वसुलभ तथा भरपर्दो ब्रोव्याण्ड सेवा नेपालका शहरी एवं ग्रामीण क्षेत्रहरुमा पुर्याउने र शिक्षा, स्वास्थ्य,कृषि लगायत सरकारी, सामाजिक एवं व्यापारिक क्षेत्रमा ब्रोडव्याण्ड सेवाको प्रभावकारी प्रयोग अभिबृद्धि गर्दै राष्ट्रको समग्र सामाजिक आर्थिक विकासमा टेवा पुर्य्याउने उद्देश्य रहेको छ । सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ को बुँदा ११·११ अनुसार भौगोलिक परिस्थति अनुकूल राष्ट्रव्यापि रुपमा ब्रोडव्याण्ड सञ्जाल विस्तार गरिने र रणनीतिको बुँदा १२·२·४ मा ब्रोडब्याण्ड नेटवर्क तथा सेवालाई ग्रामीण दूरसञ्चार कोष समेतको परिचालनद्वारा ग्रामीण तथा शहरी क्षेत्रहरुमा विस्तार गर्न आवश्यक व्यवस्था मिलाईने उल्लेख छ। यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छनः

१४.१. नेपाल दूरसञ्चार प्राधिकरणले ग्रामीण दूरसञ्चार विकास कोष परिचालन गरी तोकिएका ७०८ स्थानीय तह, ५९३३ वडा कार्यालय, ५३१८ माध्यमिक विद्यालय, ४२४९ स्वास्थ कार्यालय समेत १६२०८ साइटमा ५१२ के.भी.पी. क्षमताको ब्रोडब्याण्ड सेवा पुर्याउन १८ प्याकेज तयार गरी वि.सं. २०७३।१२।१८ देखि कार्य प्रारम्भ गरेकोमा रु. ५ अर्ब ११ करोड ३६ लाखको लागतमा ब्रोडब्याण्ड इन्टरनेट लाइन जडान गरेको नेपाल दूरसञ्चार प्राधिकरणको २०७९ पौषको प्रतिवेदनमा उल्लेख छ । सम्पन्न भएका १८ परियोजनाहरु मध्ये २०७९ पौष मसान्तसम्म १० परियोजनाको तेस्रो चरणको अनुगमन तथा प्रमाणिकरणको कार्य बाँकी रहेको उल्लेख छ । सम्पन्न भएका परियोजनाका इकाईहरुमा वढी क्षमतामा इन्टरनेट सेवा आवश्यक परेमा ब्रोडव्याण्ड परियोजनावाट थप दस्तुर लिई उपलव्ध गराउने, ब्रोड व्याण्ड सेवा प्रदायकवाटै छुट्टै इन्टरनेट सेवा नलिने तथा व्याकअपको व्यवस्था गरी सोहि सेवा प्रदायकबाट दोहोरो खर्च नहुने गरी लिन पाउने सम्बन्धी रणनीति अवलम्वन गरेको देखिएन । नेपाल दूरसञ्चार प्राधिकरणबाट निर्माण भएका परियोजना सेवाग्राहीले थप सुविधा लिन चाहेमा दोहोरो खर्च नगरी थप सेवा लिन सक्ने व्यवस्था गर्नुपर्दछ ।

१४.२. ग्रामीण दूरसञ्चार विकास कोष परिचालन गरी सञ्चालित परियोजना मध्ये भुकम्पबाट अति प्रभावित ८ जिल्लाहरु(काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, दोलखा, सिन्धुली, रामेछाप र ओखलढुङ्गा) का सवै स्थानीय तहको कार्यालयहरु, वडा कार्यालयहरु, सामुदायिक माध्यामिक विद्यालयहरु, सामुदायिक स्वास्थ्य संस्थाहरु र सम्पूर्ण आधारभूत विद्यालयहरु समेत करिव ४,२५१ स्थानहरुमा कम्तिमा २० एम.वि.पि.एस. क्षमताको नन डेडिकेटेड ब्रोडव्याण्ड सेवा उपलव्ध गराउने कार्यक्रम रहेको छ । यसका लागि २ वर्षसम्मको लागि महसुल बापतको रकम उपलव्ध गराउने कार्यको लागि ७६ गाउँपालिका तथा नगरपालिकाहरु मध्ये २०७९ पौष मसान्तसम्म ७३ सँग समझदारीपत्रमा हस्ताक्षर भै क्षमता अभिवृद्धि कार्यक्रम अन्तर्गत कोषवाट रु.६ करोड १ लाख खर्च भई १४५१ स्थानमा मात्र ब्रोडव्याण्ड इन्टरनेट सेवा जडान कार्य सम्पन्न गरेको छ ।

साथै भूकम्प अति प्रभावित ८ र काठमाडौं उपत्यका वाहेकका ६६ जिल्लाहरुका सम्पूर्ण सामुदायिक आधारभूत विद्यालयहरुमा कम्तिमा २० एम.वि.पि.एस. क्षमताको नन डेडिकेटेड ब्रोडव्याण्ड इन्टरनेट सेवा जडान तथा सञ्चालन गर्न कार्यक्रम अघि वढेकोमा २०७९ पौष मसान्तसम्म कूल ६५६ मध्ये ३३४ स्थानीय तहसँग मात्र समझदारी गरी क्षमता विस्तारमा रु.१२ करोड ५१ लाख खर्च गरी १८७२ सामुदायिक आधारभूत विद्यालयहरुमा ब्रोडब्याण्ड सेवा जडान कार्य सम्पन्न गरेको छ ।

१४.३. राष्ट्रिय योजना आयोगवाट २०७६ असारमा ग्रामीण दूरसञ्चार कार्यक्रमको आन्तरिक मूल्याङ्कन प्रतिवेदन, २०७९ मा ब्रोडव्याण्ड सेवा उपलव्ध गराउन सहज हुने गरी ब्याकबोन अप्टिकल फाइवर विस्तार नभएको, विद्युत प्राधिकरण, सडक, वन लगायत अन्तर निकाय समन्वय नभएको, ललितपुरका ग्रामीण भेग नसमेटिएको र केही कार्यालय तथा संस्था छुट भएको जस्ता समन्वयात्मक समस्या रहेको उल्लेख छ । साथै ब्रोडव्याण्ड सेवा उपलव्ध भएका ठाउँमा उपकरण हराएको, विग्रिएको, निजी प्रयोजनमा भएको, सम्झौता अनुसार निशुल्क सेवा अवधि समाप्त भएको, अनुमान गरिएको भन्दा कम साइट संख्या पाइएको तथा वढी क्षमताको इन्टरनेट आवश्यक भएको जस्ता स्थलगत रुपमा देखिएका समस्या उल्लेख छ । उल्लिखित समस्याका व्यहोराले सेवा प्रवाहको प्रभावकारीतामा कमि ल्याएको अवस्था छ । उल्लिखित प्रकृतिका समस्या आगामी दिनमा आउन नदिनको लागि स्थानीय तह, सम्बन्धित सेवा प्रदायक र

सेवाग्राहीसँग छलफल तथा समन्वय गरी प्रतिवेदनका सुझावका आधारमा उपयुक्त रणनीति अवलम्वन गर्नु पर्ने देखिन्छ ।

१४.४. ब्रोडव्याण्ड नीति, २०७१ मा मूख्य पूर्वाधार)Backbone Infrastructure) सञ्जाल निर्माणकर्ताहरुको लगानी प्राथमिकता भित्र नपर्ने क्षेत्रहरुमा ब्रोडव्याण्ड सेवा विस्तारका लागि लगानी आकर्षित गर्न सार्वजनिक निजी साझेदारी अवधारणालाई प्रोत्साहन गरिने र संभावित सार्वजनिक निजी लगानी प्रारुपका आयोजनाहरु सन् २०१५ सम्म परिचालन गरिने उल्लेख छ । प्राधिकरणले उक्त नीति कार्यान्वयन गर्न संयुक्त लगानीका आयोजना पहिचान गरी सोको आधारमा संरचना निर्माण गर्नु पर्नेमा सेवा प्रदायकलाई अनुदान उपलव्ध गराएको उचित देखिएन ।नीतिमा उल्लेख भए अनुसार संयुक्त लगानीका आयोजना पहिचान गरी निर्माण तथा कार्यान्वयन गर्नु पर्दछ ।

१५. **भू-उपग्रह स्थापनाः** सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ को बुँदा नं.११.११.८ मा नेपालले आफ्नै भू-उपग्रह प्रक्षेपण गर्ने सम्बन्धमा आवश्यक कार्य गर्ने तथा पन्ध्रौं आवधिक योजनामा नेपाललाई प्राप्त अर्विल स्टलको प्रयोग गरी नेपालको आफ्नै स्याटलाईट स्थापना गरिने उल्लेख छ । त्यस्तै २०७७ असार ३ मा जारी भू-उपग्रह नीति, २०७७ मा सन् २०२२ (२०७९ पौष १५) भित्र अन्तरिक्षमा आफ्नै भू-उपग्रह स्थापना गरी ब्रोडव्याण्ड इन्टरनेट सेवा र प्रशारण सेवाको पहुँच सुनिश्चित गर्ने, राष्ट्रिय सुरक्षा, विपद ब्यवस्थापन तथा नेभिगेशन सेवाको लागि विश्वसनीय र प्रभावकारी सञ्चार संयन्त्र व्यवस्था गर्ने तथा सन् २०२४ सम्म कूल गार्हस्थ उत्पादनमा डिजिटल क्षेत्रको योगदान उल्लेख्य वृद्धि गर्ने लक्ष्य अनुरुप आर्थिक वर्ष २०७८।७९ मा नेपालको आफ्नै भू-उपग्रह स्थापना गरी व्यवसायिक रुपमा सञ्चालन गर्न सम्भाव्यता अध्ययन गरिने उल्लेख छ । प्राधिकरणले परामर्शदाता मार्फत भू-उपग्रह स्थापना तथा सञ्चालनको लागि आवश्यक पर्ने नीति, ऐन तथा कानून, सञ्चालन प्रक्रिया, सुरक्षा व्यवस्था आदि सम्बन्धमा अध्ययन गर्न आर्थिक वर्ष २०७८।७९ मा सम्झौता गरेकोमा परामर्शदाताबाट "Assessment of Market and Position (Deliverable 2)" को प्रतिवेदन प्राप्त भएको तर पूर्ण प्रतिवेदन प्राप्त भएको छैन । भू-उपग्रह नीति, २०७७ ले सन् २०२२ (२०७९ पौष १५) भित्र अन्तरिक्षमा आफ्नै भू-उपग्रह स्थापना गर्ने लक्ष्य लिएकोमा उक्त अवधि समाप्त भइसकेको र भू-उपग्रह स्थापना सम्बन्धी प्रारम्भिक चरणको कार्यमात्र शुरु भएको छ । भू-उपग्रह स्थापनाबाट प्राप्त हुने लाभ लिन नीतिमा उल्लेख भएबमोजिम समयमै भू-उपग्रह स्थापना हुनु पर्दछ ।

१६. **भौतिक पूर्वाधारको निर्माण तथा सहप्रयोगः** दूरसञ्चार पूर्वाधार निर्माणमा दोहोरोपन हटाउन, विद्युत, सडक लगायतका भौतिक पूर्वाधार सँगसँगै दूरसञ्चार समेतको साझा प्रयोग गर्ने सम्बन्धमा विषयगत नीति तथा कानूनी व्यवस्था गरेको छ । दूरसञ्चार सम्बन्धी भौतिक संरचनाको निर्माण तथा सह-प्रयोग सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छनः

१६.१. दूरसञ्चार सम्बन्धी पूर्वाधार सेवा र दूरसञ्चार सेवा प्रदायक सम्बन्धमा छुट्टा छुट्टै निकायवाट कार्य हुनु पर्ने सैद्धान्तिक मान्यता अनुरुप दूरसञ्चार पूर्वाधार निर्माण गरी सहप्रयोगका लागि छुट्टै अनुमति प्राप्त सँस्थावाट गराउन वि.सं २०६९ मा आदेश जारी भएको र सोलाई खारेज गरी परिमार्जित दूरसञ्चार पूर्वाधार सम्बन्धी नियमावली, २०७४ जारी भएको छ । तर १० वर्ष अघि जारी भएको आदेश र ५ वर्ष अघि तर्जुमा भएको नियमावलीको मर्म तथा भावना अनुरुप दूरसञ्चार सम्बन्धी पूर्वाधार सेवा प्रदायकबाट निर्माण कार्य गर्ने गराउने र सोको सह प्रयोग गर्ने कार्य हालसम्म पनि हुन सकेको छैन। सो अनुरुप नगरी साविकका दूरसञ्चार सेवा प्रदायकहरुबाट पूर्वाधार निर्माण गर्ने गराउने कार्यहरु भएका छन् ।

१६.२. दूरसञ्चार पूर्वाधार निर्माण तथा सहप्रयोग सम्बन्धी आदेश २०६९ मा ठूला पूर्वाधारको निर्माणको स्वीकृत दिन तथा पूर्वाधारको सहप्रयोग सम्बन्धी नीति तर्जुमा गर्न सूचना तथा सञ्चार मन्त्री/राज्यमन्त्रीको अध्यक्षता दूरसञ्चार पूर्वाधार प्रबर्द्धन समिति गठन हुने व्यवस्था भए पनि उक्त गठन आदेश अनुसार काम भएको देखिएन । गठन आदेश अनुसार तोकिएका कुनै कार्य नभएको अवस्थामा गठन आदेश जारी जारी भएको ५ बर्ष पछि २०७४।६।२५ मा उक्त गठन आदेश खारेज भई दूरसञ्चार पूर्वाधार सम्बन्धी नियमावली, २०७४ जारी भएको छ ।

१६.३. दूरसञ्चार पूर्वाधार सम्बन्धी नियमावली, २०७४ को नियम ४ मा नेपाल दूरसञ्चार प्राधिकरणले राष्ट्रिय स्तरको दैनिक समाचारपत्रमा कम्तिमा पैतीस दिनको अवधि तोकी दूरसञ्चार पूर्वाधार सेवाको अनुमति प्राप्त गर्न चाहने व्यक्तिको आवेदन माग गरी सूचना प्रकाशित गर्नु पर्ने, उक्त अवधि भित्र कुनै आवेदन दर्ता हुन नआएमा वा एउटा मात्र आवेदन दर्ता भएमा पन्ध्र दिनको म्याद दिई पुनः सूचना प्रकाशन गर्नु पर्ने उल्लेख भए अनुसार नेपाल दूरसंचार प्राधिकरणले २०७४।७।१७ मा दूरसञ्चार पूर्वाधार तयार गर्नको लागि अनुमति प्रदान गर्न गोरखापत्रमा सूचना प्रकाशित गरी आवेदन माग गरेकोमा ५ वटा आवेदन प्राप्त भएको र प्राप्त आवेदनको मूल्याङ्कन गर्न प्राधिकरणका बरिष्ठ निर्देशकको संयोजकत्वमा ५ सदस्यीय समिति गठन गरेको थियो । उक्त समितिले ३ आवेदक छनौट गरी आवेदकबाट थप कागजात माग गर्न, निवेदनको समयावधि बढाउन र बैंक ग्यारेन्टीको म्याद थप गर्न सिफारिस गरेकोमा मूल्याङ्कन समितिले दिएको प्रतिवेदन तथा छनौट भएका आवेदकको फाईल अध्ययन गरी राय पेश गर्न प्राधिकरणको २०७४।१२।२ को बैठकबाट ३ सदस्यीय उप समिति गठन गरेको देखियो । उक्त समितिले मूल्याङ्कन समितिले माग गरेका कागजात संलग्न नभएकोले माग गर्नु पर्ने भनी प्रतिवेदन दिएकोमा प्राधिकरणको २०७४।१२।२७ को बोर्ड बैठकले उप समितिले दिएको प्रतिवेदन कार्यान्वयन गर्न व्यवस्थापनलाई निर्देशन दिएकोमा व्यवस्थापनले उक्त निर्देशन बमोजिम २०७५।१।५ मा निर्णयको लागि बोर्डमा पेश गरेकोमा २०७९।१०।६ मा आवेदकहरुवाट माग भए बमोजिमका विवरण प्राप्त भए नभएकोले आधिकारिकता सहित पुनः पेश गर्न व्यवस्थापनलाई निर्देशन दिने निर्णय गरेकोले हालसम्म सेवा प्रदायक छनौट हुन सकेको देखिएन । कार्यान्वयनमा रहेका नियमावलीको प्रावधान बमोजिम कार्य गर्ने गराउने र नियमावलीको प्रभावकारी कार्यान्वयन गरेमा मात्र लक्षित परिणाम हासिल हुने भएकोले सो कार्यान्वयन गर्ने निकायहरुले समेत पहल पर्ने देखिन्छ ।

१६.४. दूरसञ्चार सम्बन्धी पूर्वाधार नियमावली, २०७४ को नियम ३(२) मा अनुमति प्राप्त व्यक्तिले दूरसञ्चार पूर्वाधार निर्माण गर्न शुरु गरेको मितिदेखि सेवा प्रदायकलाई ठूला पूर्वाधार निर्माण गर्न अनुमति नदिने उल्लेख भएकोमा दूरसञ्चार पूर्वाधार निर्माण तथा सहप्रयोग सम्बन्धी आदेश २०६९ र दूरसञ्चार पूर्वाधार सम्बन्धी नियमावली, २०७४ लागु भैरहेको अवधिमा दूरसञ्चार पूर्वाधार तयार गर्नको लागि अनुमति प्रदान गर्ने प्रकृयाको टुंगो नलगाई ब्रोड ब्यण्ड इन्टरनेट सेवा नपुगेका सबै जिल्लाका सदरमुकामसम्म ६३४९ किलोमिटर फाईवर लाईन विछ्याउने र स्थानीय तह, वडा कार्यालय, स्वास्थ संस्था तथा विद्यालय समेत १६२०८ स्थानमा ब्रोडब्याण्ड इन्टरनेट लाइन जडान गर्ने कार्य दूरसञ्चार सेवा प्रदायकबाट गराएको देखियो । यस सम्बन्धमा ब्रोड ब्यण्ड इन्टरनेट सेवालाई नियमावलीले ठूला पूर्वाधारमा नसमेटेकोले सेवा प्रदायकबाट निर्माण गरिएको नेपाल दूरसञ्चार प्रधिकरणको भनाई रहेको छ । दूरसञ्चार सम्बन्धी प्रमुख भौतिक संरचना समेत दूरसञ्चार पूर्वाधार सेवा प्रदायकको कार्यक्षेत्रमा समेटेको नदेखिएकोले दूरसञ्चार पूर्वाधारमा समावेश हुने र सेवा प्रदायकबाट निर्माण तथा सञ्चालन हुन सक्ने क्षेत्र यकिन गरी सोहि बमोजिम नियमावलीमा व्यवस्था हुनु पर्दछ ।

१६.५. ब्रोडब्याण्ड नीति,२०७१ को बुँदा नं.११.२.३ मा ब्रोडव्याण्ड पूर्वाधारको निर्माण तथा तिनको सह-प्रयोग गर्न निजी एवं सार्वजनिक सरोकारवालाहरु सम्मिलित एक संयन्त्र निर्माण गरिने उल्लेख छ । सेवा प्रदायकले आफ्नै लगानीमा निर्माण गरेका तथा ग्रामीण दूरसञ्चार विकास कोष प्रयोग गरी सेवा प्रदायकबाट निर्माण भएका संरचनाहरु हाल निर्माणकर्ता सेवा प्रदायक कै स्वामित्वमा रही निजवाटै मर्मत, रेखदेख तथा सञ्चालन हुने गरेकोले नीतिमा उल्लेख भए अनुसार संयन्त्र निर्माण भएको देखिएन । सरकारी तथा विभिन्न सेवा प्रदायकले आफ्नो लगानीमा निर्माण गर्ने संरचनाको सहप्रयोगमा हुने समस्या समाधान गर्न नीतिमा उल्लेख भए बमोजिम संयन्त्र निर्माण हुनु पर्दछ ।

१६.६. सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ को बुँदा नं. १२.११.८. मा सक्रिय तथा निष्क्रिय पूर्वाधार (Active & Passive Infrastructure) को साझा प्रयोग प्रबर्द्धन गर्न आवश्यक नियामक व्यवस्था तथा निर्देशिकाहरु तर्जुमा गरी लागू गरिने उल्लेख छ । दूरसञ्चार ऐन,२०५३ को दफा ३१ मा अनुमति प्राप्त व्यक्तिले आफुले विकास गरेको दूरसञ्चार प्रणाली अर्को अनुमति प्राप्त व्यक्तिले विकास गरेको दूरसञ्चार प्रणालीसँग आपसमा मञ्जुरी भए बमोजिमको शर्त बन्देज वा त्यसरी मन्जुर हुन नसकेको अवस्थामा प्राधिकरणले निर्धारण गरेको शर्त बन्देजको आधारमा परस्पर जोड्न र प्रयोग गर्न पाउने व्यवस्था छ । दूरसञ्चार पूर्वाधार सम्बन्धी नियमावली, २०७४ ले दूरसञ्चार सेवामा प्रयोगहुने गैरविद्युतीय पूर्वाधार मात्र सह प्रयोग गर्न सकिने र बेस ट्रान्समिसन स्टेसन, नोड वि, इनोड वि, रेडियो स्पेक्ट्रम, फिडर केवल, रेडियो एक्सेस नेटवर्क, माइक्रोवेभ रेडियो उपकरण, विलिङ्ग प्लेटफर्म, स्वीचिङ्ग प्रणाली, राउटर, बेस स्टेशन कन्ट्रोलर, रेडियो नेटवर्क कन्ट्रोलर, जस्ता विद्युतीय पूर्वाधारहरु सहप्रयोग गर्न नसकिने व्यवस्था गरेको छ । त्यस्तै सोहि नियमावलीको नियम १७(२) मा पूर्वाधारको लागत, नेपाल सरकारलाई प्राप्त हुने राजस्व वा उपभोक्ताको हितका दृष्टिले उपयुक्त देखिएमा प्राधिकरणको सिफारिसमा आवश्यक सेवा, शर्त तथा कार्यविधि तोकी मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सक्रिय पूर्वाधारको समेत सहप्रयोग हुन सक्ने गरी आवश्यक व्यवस्था गर्न सक्ने उल्लेख छ । सूचना तथा सञ्चार प्रविधि नीति,२०७२ ले सक्रीय तथा निष्क्रिय पूर्वाधारको साझा प्रयोग प्रबर्द्धन गर्न आवश्यक नियामक व्यवस्था तथा निर्देशिकाहरु तर्जुमा गरी लागू गरिने व्यवस्था गरेको, दूरसञ्चार ऐन, २०५३ को दफा ३१ मा अनुमति प्राप्त व्यक्तिले आफुले विकास गरेको दूरसञ्चार प्रणाली अर्को अनुमति प्राप्त व्यक्तिले विकास गरेको दूरसञ्चार प्रणालीसंग आपसमा मञ्जुरी भए बमोजिमको शर्त बन्देजको अधिनमा सहप्रयोग गर्न सक्ने व्यवस्था गरेको र दूरसञ्चार पूर्वाधार सम्बन्धी नियमावली, २०७४ ले समेत सक्रिय पूर्वाधारको समेत सहप्रयोग हुन सक्ने गरी आवश्यक व्यवस्था गरेकोमा सक्रिय पूर्वाधारको सहप्रयोग गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गरेको देखिएन । निष्क्रिय पूर्वाधारको सहप्रयोग गर्दा निर्माण गर्नु पर्ने संरचनाको थप लागत तथा सक्रिय पूर्वाधारको सहप्रयोग गर्दा सुरक्षा सम्बन्धमा हुन सक्ने जोखिम विश्लेषण र अन्तर्राष्ट्रिय अभ्यास समेत अध्ययन गरी आवश्यकता अनुसार दूरसञ्चार सम्बन्धी सक्रिय पूर्वाधारको समेत सहप्रयोग गर्न आवश्यक व्यवस्था गर्न उचित हुने देखिन्छ ।

१७. **युटिलिटी करिडोरः** सञ्चार, विद्युत लगायतका प्रसारणसँग सम्बन्धित लाईनहरु सम्बन्धित स्थानसम्म एउटै संरचनाबाट लैजान युटिलिटी करिडोर निर्माण गर्ने अन्तर्राष्ट्रिय असल अभ्यास छ । त्यस्तै सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ को बुँदा नं.१२.११.५ मा सडक, विद्युत तथा रेल्वे पूर्वाधारका परियोजनाहरु डिजाइनमा सरोकारवालाहरुसँगको सहकार्यमा सूचना तथा सञ्चार प्रबिधि पूर्वाधारको प्रावधान समेत समावेश गरिने उल्लेख छ । हाल सडक तथा रेलमार्ग निर्माण गर्ने गराउने जिम्मेवारी प्राप्त निकाय भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट सार्वजनिक सडक ऐन, २०३१ मा संशोधन गर्ने सन्दर्भमा राय

सुझावको लागि ऐनको मस्यौदा नेपाल दूरसञ्चार प्राधिकरणमा प्राप्त भएकोमा युटिलिटि करिडोर सम्बन्धी व्यहोरा समावेश गर्न पहल भएको देखियो । त्यस्तै नेपाल दूरसञ्चार प्राधिकरणले मूल्य अभिवृद्धि कर वाहेक अमेरिकी डलर १,८८,७०० मा के पि एम जि परामर्श दातावाट "Develop standards for laying out aerial/underground cable for metro backhaul and distribution network and design pilot projects" सम्पन्न गरी प्रतिवेदन प्राप्त गरेकोमा सम्वद्ध निकायसँग कार्यान्वयन गर्न सम्झौता भएको छैन ।

युटिलिटि करिडोरको अभावमा इन्टरनेट तथा टेलिफोनका तारहरु अव्यवस्थित रहेका छन्। अव्यवस्थित तारको कारण पोलमा विद्युत सर्ट हुने, सवारी साधनद्वारा तारहरु चुडिने, यात्रुको आवागमनमा कठिनाई हुने जस्ता समस्या देखिएका छन् । नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ मा सञ्चार तथा सूचना, दूरसञ्चार, सूचना तथा सञ्चार प्रविधि सम्बन्धी नीति, कानून, मापदण्ड कार्यान्वयन तथा नियमनको जिम्मेवारी सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको रहेको छ भने सडक तथा रेलमार्ग निर्माण गर्ने गराउने जिम्मेवारी भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा रहेको छ । सूचना तथा सञ्चार प्रविधि सम्बन्धी नीतिमा उल्लेख भएका तर सञ्चार तथा सूचना प्रविधि मन्त्रालय बाहेक अन्य मन्त्रालयबाट कार्यान्वयन गर्नु पर्ने विषयहरु कार्यान्वयन गर्न मन्त्रालयबाट आवश्यक पहल, अन्तरनिकाय समन्वय तथा नीति कार्यान्वयको अनुगमन नहुँदा नीति तर्जुमा भएको ६ बर्ष व्यतित हुँदा समेत नीतिमा उल्लेख भएको विषय प्रभावकारी रुपमा कार्यान्वयन भएको छैन । एउटै भौतिक संरचनाबाट सञ्चालन हुन सक्ने दूरसञ्चार, विद्युत लगायतका सेवाको लागि अलग अलग संरचना निर्माण गर्दा स्रोत साधनको दोहोरो खर्च हुने, शहरी सौन्दर्य कायम गर्न कठिनाई हुने र सेवा प्रवाहमा समेत असर पर्ने भएकोले युटिलिटि करिडोर निर्माण गरी सञ्चालन गर्नुपर्दछ ।

१८. **हरित दूरसञ्चार** — नेपाल दूर सञ्चार प्राधिकरणले अप्रिल २०२२ मा हरित दूरसञ्चार सम्बन्धी रेगुलेटरी फ्रेमवर्क तयार गर्न परामर्शदाता मार्फत अध्ययन-परामर्श गरेको र नेपालको पूर्वाधार विकासमा हरित दूरसञ्चारलाई प्रोत्साहन गर्ने गरी नीतिगत व्यवस्था गर्न कार्यप्रारम्भ गरेको छ । तथापी विश्वव्यापी जलवायू परिवर्तनको असर न्यूनिकरणमा नेपालको समेत योगदान वढाउन कम कार्वन उत्सर्जन तथा कम उर्जा खपत हुने र नेपालको सन्दर्भमा उपयुक्त हुने दूरसञ्चार पुर्वाधार र सोमा प्रयोग हुने नेटवर्क प्रणालिको प्रविधि अवलम्वन गर्न समेत प्राधिकरणले आवश्यक अध्ययन गर्नुपर्ने देखिन्छ । दूरसञ्चार नेटवर्कलाई प्रोग्रामेवल बनाई पूर्वाधारका उपकरणहरुले उत्सर्जन गर्ने कार्वन फुटप्रिन्टलाई कम गर्न नयाँ प्रबिधिहरु जस्तैः Software-Defined Networking (SDN), Internet Protocol version 6 (IPv6), Open Base Transceiver Station (OpenBTS is a software-based GSM access point), Open Cellular आदिको प्रयोगलाई प्रोत्साहन गर्न उपयुक्त कदम चाल्नु पर्ने देखिन्छ ।

१९. **स्वास्थ्य सुरक्षाः** सूचना तथा सञ्चार प्रविधि नीति,२०७२ को बुँदा नं.१२.१५.१. मा नेपालमा विद्युत चुम्बकीय क्षेत्रको न्यूनतम विन्दू (EMF Threshold) को निर्धारण विश्व स्वास्थ्य संगठन (World Health Organization/International Commission on Non-Ionizing Radiation Protection (WHO/ICNIRP)) द्वारा जारी निर्देशिकाको आधारमा गरिने र यसका अतिरिक्त रेडियो फ्रिक्वेन्सीबाट सम्भावित जोखिमको व्यवस्थापन सम्बन्धी नीति निर्माण गरिने उल्लेख छ । त्यस्तै सोही नीतिको बुँदा नं.१२.१२.२ मा (EMF) जोखिम न्यूनीकरण गर्न स्वेच्छिक तथा बाध्यकारी दुबै उपाय अवलम्बन गरिने उल्लेख छ । हालसम्म उल्लिखित नीतिगत व्यवस्थालाई कार्यान्वयन गर्नको लागि कानूनी व्यवस्था भएको देखिदैन । विद्युतीय चुम्वकीय क्षेत्र तथा रेडियो फ्रिक्वेन्सीवाट हुनसक्ने सम्भावित जोखिमलाई न्यूनिकरण गर्न आवश्यक कानूनी व्यवस्था गर्नु पर्दछ ।

२०. **भौतिक पूर्वाधारको अभिलेखिकरण -** दूरसञ्चार पूर्वाधार सम्बन्धी नियमावली, २०७४ को नियम २५ मा दूरसञ्चार सेवा प्रदान गर्ने सेवा प्रदायक र दूरसञ्चार सम्बन्धी पूर्वाधार निर्माण गर्न ईजाजत प्राप्त व्यक्तिले निर्माण गरेका भौतिक संरचनाको विवरण प्रत्येक आर्थिक बर्ष समाप्त भएको तीन महिनाभित्र नेपाल दूरसञ्चार प्राधिकरण समक्ष पेश गर्नु पर्ने व्यवस्था छ ।त्यस्तै दूरसञ्चार टावर निर्माण तथा सञ्चालन सम्बन्धी नियमावली, २०७६ को विनियम ३(७)मा प्राधिकरणले देशभर वा कुनै भागमा उपलब्ध दूरसञ्चार पूर्वाधारको सञ्चालको रुपमा रहेका टावरको विवरण सङ्कलन गरी एकीकृत रुपमा राख्ने व्यवस्था गर्नुपर्ने उल्लेख छ । त्यस्तै दूरसञ्चार ऐन, २०५३ को दफा ३३ मा जम्मा पूँजीको पचास प्रतिशत भन्दा बढी विदेशी व्यक्ति वा संगठित संस्थाको लगानी भएको दूरसञ्चार सेवासंग सम्बन्धित जग्गा, भवन, उपकरण तथा संरचना अनुमतिपत्रको अवधि समाप्त भएपछि नेपाल सरकारको स्वामित्व हुने उल्लेख छ । दूरसञ्चार सम्बन्धी पूर्वाधारको अभिलेखिकरण सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छनः

२०.१. सेवाप्रदायकबाट निर्माण भएका भौतिक संरचनाको विवरण लिने र सोको एकीकृत अभिलेख राख्ने सम्बन्धमा आवश्यक कार्य भएको देखिएन । दूरसञ्चार पूर्वाधारको अभिलेख नभएमा अनुमति प्रदान गरिएको भन्दा फरक तथा बढी संरचना निर्माण नभएको सुनिश्चित गर्न, नियमित मर्मत सम्भार गर्न, सेवा नपुगेका वा पूर्वाधार अपर्याप्त भएको क्षेत्र यकिन गर्न, अनुमति अवधि समाप्त भए पछि सो को मूल्याङ्कन गर्न, तथा अनुगमन गर्न कठिनाई हुने भएकोले दूरसञ्चार क्षेत्रमा निर्माण भएका पूर्वाधारको अभिलेख अद्यावधिक हुनु पर्दछ ।

२०.२. दूरसञ्चारको नीतिगत व्यवस्थापन गर्ने कार्य सूचना तथा सञ्चार मन्त्रालयबाट हुने गरेको छ भने सेवा प्रदायकलाई अनुमति दिने तथा नियमन गर्ने कार्य नेपाल दूरसञ्चार प्राधिकरणबाट हुने गरेको छ । दूरसञ्चार सम्बन्धी पूर्वाधारका कार्य नियामक निकाय, नेपाल दूरसञ्चार प्राधिकरण र सूचना तथा सञ्चार मन्त्रालय अन्तर्गतका निकायबाट समेत हुने गरेको छ । विभिन्न निकायबाट निर्माण भएका संरचनाको एकीकृत अभिलेख राख्ने सम्बन्धमा नीतिगत तथा कानूनी व्यवस्था भएको देखिएन । दूरसञ्चारमा हुने दोहोरो लगानी निरुत्साहित गर्न र सेवाको गुणस्तर कायम गर्न निश्चित निकायलाई अभिलेखिकरणको जिम्मेवारी तोकी दूरसंचार ईन्भेन्ट्री तयार गर्नु पर्दछ ।

२१. **नियन्त्रण प्रणाली स्थापनाः** नेपाल दूरसञ्चार प्राधिकरणले दूरसञ्चार सेवाको दूरुपयोग तथा अवैध मोवाईलको प्रयोगवाट हुनसक्ने अपराधिक गतिविधि तथा सुरक्षा चुनौतिलाई नियन्त्रण गर्न मोबाइल उपकरण व्यवस्थापन प्रणाली (Mobile Device Management System- MDMS), दूरसञ्चार ट्राफिक अनुगमन र जालसाजी नियन्त्रण प्रणाली (Telecommunication's Traffic Monitoring and Fraud Control System), दूरसञ्चार सेवाको गुणस्तर प्रणाली स्थापना तथा साईवर सुरक्षा प्रणालीको स्थापना सम्बन्धमा आवश्यक कानूनी तथा संरचनागत व्यवस्थापकीय कार्यहरु गरिरहेको छ । दूरसञ्चार सेवा प्रभावकारी नभएको भनी विभिन्न आवाज उठ्ने गरेको तथा नेपाल प्रहरीको वार्षिक प्रतिवेदन, २०७९ अनुसार आर्थिक वर्ष २०७८।७९ मा विद्युतीय कसूर तथा साइवर अपराधका १३८ मुद्दा दर्ता भएको देखिन्छ । प्राधिकरणले अवलम्वन गरेको नियन्त्रण प्रणाली सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छनः

२१.१. आर्थिक बर्ष २०७८।७९ को बजेट बक्तव्यमा अपराधिक गतिविधि तथा अवैध मोवाईलको प्रयोगमा नियन्त्रण गर्न आगामी श्रावण १ गते देखि मोबाइल उपकरण व्यवस्थापन प्रणाली (Mobile Device Management System- MDMS) सञ्चालनमा ल्याउने व्यहोरा उल्लेख छ । मोबाइल उपकरण व्यवस्थापन प्रणालीको डिजाइन, आवश्यक सामान आपुर्ति, जडान, परीक्षण, कमिसनिङ्ग र अपरेसन समेतको कार्य गर्न

५ वर्ष सपोर्ट सेवा सहित अन्तर्राष्ट्रिय परामर्शतासँग सम्झौता मिति देखि ६ महिना भित्र सम्पन्न गर्ने गरी २०७६ असार १९ (जुलाई ४, २०१९) मा २०८० अषाढ मसान्त(जुलाई १६, २०२३)सम्म म्याद थप भएको छ । लेखापरीक्षणमा प्राप्त प्रतिवेदन अनुसार २०७९ माघ १९ सम्म प्रणालीमा ६ वटा मोड्यूल रहेकोमा हाल ईम्पोर्टर मोड्यूल र भन्सार मोड्यूल सञ्चालनमा रहेको, २०७९ भाद्र ३० सम्म सञ्चालनमा रहेका सबै मोवाइल उपकरण प्रणालीमा स्वतः दर्ता हुने व्यवस्था गरेको, मोवाइल सेवा प्रदायकको प्रणालीलाई एप्लिकेशन प्रोग्राम इन्टरफेश (ए.पि.आई.) वाट आवद्दता गरेको, विनियमावली, २०७५ संसोधनको लागि सुझाव सङ्कलन गरिरहेको उल्लेख छ । प्राधिकरणको ब्यवस्थापन सूचना प्रणालीको २०७९ कार्तिकको प्रतिवेदन अनुसार नेपाल टेलिकमको जि.एस.एम. सेवा २ करोड ५ लाख ५४ हजार र सि.डि.एम.ए. सेवा ३ लाख २० हजार समेत २ करोड ८ लाख ७४ हजार, एन सेलको जि.एस.एम. सेवा १ करोड ३५ लाख र स्मार्ट टेलिकमको जि.एस.एम. सेवा २४ लाख १४ हजार समेत कूल ३ करोड ६७ लाख ८८ हजार प्रयोगकर्ता रहेका छन् । मोबाइल डिभाइस प्रणालीमा २०७९ माघ १९ सम्म ६ करोड ९५ लाख ६६ हजार आइ.एम.इ.आई. नम्वर दर्ता भएकामध्ये विधिवत रुपमा आयात भएका आइ.एम.इ.आई. सँख्या २१ लाख १ हजार रहेका छन भने ग्रे मार्केटवाट आयातित आइ.एम.इ.आई. ४९ लाख ३७ हजार रहेका छन ।

यो प्रणाली लागु भए पश्चात नेपाल भित्रिएका कुनै पनि मोबाइलहरु यो प्रणालीमा दर्ता भई स्विकति प्राप्त पछिमात्र मोबाइल सञ्चालनमा आउन सक्ने हुनाले मोबाइल सेटको अनाधिकृत प्रयोगलाइ यस प्रणालीले दुरुत्साहन गर्नेछ । मोबाइल उपकरण ब्यवस्थापन प्रणाली मिति २०७९ पौष १५ को सार्वजनिक सूचना अनुसार वन्द रहेको छ । तर स्विकृती लिने प्रकृया (विषेशगरि बिदेशबाट ब्यक्तिगत तवरले ल्याइने मोबाइलहरुमा) झनझटिलो र समय लाग्ने रहेको देखियो । वन्द भएको प्रणाली सञ्चालन र प्रक्रियामा सरलीकरण गरी सेवालाई प्रभावकारी वनाउनु पर्दछ ।

२१.२. दूरसञ्चार प्राधिकरणले जडान गरेको सेवा प्रदायकको सेवाको गुणस्तर कायम गर्ने सम्बन्धमा सेवा गुणस्तर विनियमावली, २०७३ तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कल तथा डेटा लगायत सेवाको गूणस्तर मापन र दूरसञ्चार क्षेत्रमा हुने जालसाजी नियन्त्रण तथा न्यूनीकरण गर्ने उद्देश्यले जडान गरेको दूरसञ्चार ट्राफिक अनुगमन र जालसाजी नियन्त्रण प्रणाली कार्यान्वयनको अवस्थामा रहेको छ । सोही अनुसार दूरसञ्चार ट्राफिक अनुगमन र जालसाजी नियन्त्रण प्रणाली)TERAMOCS: Telecommunication's Traffic Monitoring and Fraud Control System(डिजाइन, विकास, जडान र ब्यवस्थापनको लागि २०७४ फागुन २ को सूचना अनुसार आशयपत्र स्वीकृत भएका मध्येवाट प्रस्ताव माग भएकोमा २०७६ वैशाख २९ मा खरिद प्रकृया रद्द भई सर्वोच्च अदालतवाट भएको आदेश अनुसार २०७८ माघ २४ मा विदेशी आपुर्तकसँग मूल्य अभिवृद्धिकर वाहेक अमेरिकी डलर २,३७,७०,००० मा २०८० अषाढ मसान्तसम्म सम्पन्न गर्नेगरी सम्झौता भएको छ । प्रणालीको डिजाइन, विकास, जडान र ब्यवस्थापनको लागि सम्झौता भन्दा करिव ४ वर्ष अघी पेश भएको प्रस्ताव अनुसार कार्य गर्ने गरी कानूनी प्रकृया मार्फत सम्झौता भएको देखिन्छ ।

प्राधिकरणका अनुसार हाल परामर्शदाताबाट परियोजनाको लागि आवश्यक हार्डवेयर उपकरण डेलिभर गरेको, सहायक प्रणाली हेटौडा र राष्ट्रिय सुचना प्रविधि केन्द्रमा जडान सम्पन्न गरेको तथा अपरेटर साइटमा आवश्यक उपकरण जडान गर्न रिक्वारमेन्ट एनालाईसिसको कार्य भईरहेको जनाएको छ ।

प्रभावकारी दुरसञ्चार सेवा उपलव्ध गराउन तथा विभिन्न प्रकारका अपराधहरु न्युनिकरण गर्न नविनतम प्रविधिमा आधारित हुने गरी नीतिगत तथा कानूनी व्यवस्था सहित प्रणाली सञ्चालनमा ल्याउनु पर्दछ ।

दूरसञ्चार सेवा दूरुप्रयोग गरी तथा अवैध मोवाईलको प्रयोगवाट हुनसक्ने अपराधिक गतिविधि तथा सुरक्षा चुनौतिलाई नियन्त्रण गर्न कुनै पनि मोबाइल नेपालको सेवा-प्रदायको नेटवर्क सम्पर्कमा आउने वित्तिकै वा फोन सेटमा प्रथम पटक सिम कार्ड राख्ने बित्तिकै स्वचालित एप्लिकेशन मार्फत ग्राहकको विवरण नियमन संस्थाले सजिलै सङ्कलन गरी द्रुतप्रणाली मार्फत स्विकृत गर्ने व्यवस्था सहित परामर्श दातासँग भएको सम्झौता अनुसार समयमा कार्यसम्पन्न गराई मोबाइल उपकरण ब्यवस्थापन प्रणालीको उद्देश्य अनुरुप प्रभावकारी रुपमा कार्यान्वयन हुनुपर्दछ ।

२२. **साइवर सुरक्षाः** पन्ध्रौं आवधिक योजना (२०७६/०७७-८०/८१) को कार्यनीतिमा साइबर सुरक्षा तथा गोपनीयता सम्बन्धी कार्य गर्न साईबर सुरक्षा अनुगमन केन्द्र स्थापना गरिने र आर्थिक बर्ष २०७८।७९ को बजेट वक्तव्यमा राष्ट्रिय साइवर सुरक्षा अनुगमन केन्द्रको संस्थागत सुदृढीकरण गरी वेभसाइट, एप्लिकेशन र सर्भरको साईवर सुरक्षा मजबुत तुल्याइने उल्लेख छ । विद्युतीय तथ्याङ्क आदान प्रदानको माध्यमवाट वा कुनै विद्युतीय सञ्चार माध्यमवाट हुने कारोबारलाई भरपर्दो र सुरक्षित वनाउन, विद्युतिय अभिलेखलाई गैरकानूनी रुपमा प्रयोग तथा परिवर्तन गर्ने कार्यलाई नियन्त्रण गर्न कानूनी व्यवस्थाको रुपमा विद्युतीय कारोबार ऐन, २०६३ र नियमावली, २०६४ तथा नीतिगत रुपमा साइवर सुरक्षा नीति, २०७३ कार्यान्वयनमा रहेका छन् । नेपाल दूरसञ्चार प्राधिकरणले नेपाल दूरसञ्चार ऐन, २०५३ को दफा ६२ अनुसार सूरक्षित दूरसञ्चार सेवा उपयोग गर्ने वातावरण तयार गर्न साइवर सुरक्षा सम्बन्धी विनियमावली, २०७७ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । संस्थागत रुपमा नेपाल सरकारबाट मिति २०७५।०२।२७ को निर्णय तथा २०७७।०६।१९ मा नेपाल प्रहरी नियमावली, २०७१ को आठौं संशोधन भई साइबर अपराध सचेतना, साइबर सुरक्षा र साइबर अपराध अनुसन्धान कार्य साइबर ब्यूरोवाट भइरहेको छ । साइबर ब्यूरोले विभिन्न अनुसन्धानमा विद्युतीय कारोबार ऐन, २०६३ र नियमावली, २०६४ प्रयोग गरी अनुसन्धान तहकिकात गर्ने गरेको देखिन्छ । आवधिक योजना तथा बजेट वक्तव्यमा उल्लेख भएअनुसार सूचना प्रविधि आकस्मिक सहायता समूह सञ्चालन तथा ब्यवस्थापन निर्देशिका, २०७५ तयार गरी राष्ट्रिय साइवर सुरक्षा अनुगमन केन्द्र सञ्चालनमा रहेको छ । विद्यमान कानूनमा रहेका कमि कमजोरी हटाई साइवर सुरक्षामा मुलुकलाई सवल र सक्षम वनाउन आवश्यक कानूनी, संस्थागत तथा संरचनागत व्यवस्था गर्न राष्ट्रिय साइवर सुरक्षा नीतिको मस्यौदा तयार गर्ने क्रममा रहेको देखियो । त्यस्तै नेपाल दूरसञ्चार प्राधिकरणबाट छुट्टै साइवर सुरक्षा आयोगको परिकल्पना भएको साइवर सुरक्षा ऐन, २०७९ को मस्यौदा तयार गरी सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पेश गरेकोमा संसदमा पेश भएको छैन । साथै विद्युतीय कारोबार ऐन, २०६३ तथा राष्ट्रिय सूचना प्रविधि विकास समिति गठन आदेश, २०५८ र नियमावली, २०६४ खारेज भई सूचना प्रविधि सम्बन्धी ऐन, २०७५ संसदमा पेश भएकोमा हालसम्म कानूनी रुप प्राप्त भएको छैन । कानून निर्माण प्रकृयामा लामो समय लाग्दा कानूनले परिकल्पना गरेको उद्देश्य प्राप्तिमा कठिनाई हुने भएकोले समयमै आवश्यकता अनुसार नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था गरी कार्यान्वयन गर्नुपर्दछ ।

२३. **जनशक्ति व्यवस्थापनः** दूरसञ्चार सेवा प्रदायको नियमन गर्न स्थापना भएको नेपाल दूरसञ्चर प्राधिकरणको दरबन्दी संरचना अनुसार प्राविधिकतर्फ वरिष्ठ निर्देशक (प्राविधिक/प्रशासन) २, निर्देशक ३, उपनिर्देशक ८ र सहायक निर्देशक १८ समेत कूल ३० पदको दरबन्दी रहेको छ । प्रशासनतर्फ निर्देशक ३,

उपनिर्देशक १०, सहायक निर्देशक १८ र सहायक १९ समेत ५१ पदको दरबन्दी रहेको छ । दूरसञ्चचार सेवा तथा सेवा प्रदायकको नियामक निकायको रुपमा रहेको प्राधिकरणमा प्राविधिक जनशक्ति र प्रशासनिक जनशक्तिको अनुपात १:१.७० रहेको छ । सेवा प्रदान हुने विषयसँग सम्बन्धित हुनेगरी उपयुक्त जनशक्ति सर्वेक्षण हुन आवश्यक देखिन्छ ।

२४. **इलेक्ट्रोनिक फोहोर व्यवस्थापनः** नेपालको संविधान अनुसार प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा वाँच्न पाउने र स्वच्छ खानेपानी तथा सरसफाईमा पहुँचको हक रहेको, आवधिक योजनामा वातावरणीय स्वच्छता कायम गराउने उद्देश्य रहेको तथा नेपालले आन्तरिकिकरण गरी कार्यान्वयन गरिरहेको दिगो विकास लक्ष्यमा आरोग्यता तथा कल्याण प्रवर्धन (लक्ष्य ३) तथा सवैका लागि सफा पानी र सरसफाईमा पहुँच सुनिश्चितता (लक्ष्य ६) जस्ता लक्ष्य समेटिएको छ । त्यस्तै नेपाल सरकारले मिति २०७९।१।२२ मा फोहोरमैलाको प्रकृति र परिमाण अनुसार सेवाशुल्क तथा फोहोर गर्नेले तिर्ने सिद्धान्त अवलम्वन गरी फोहोरमैलाको दिगो ब्यवस्थापनद्वारा नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा वाँच्न पाउने हक सुनिश्चित गर्ने लक्ष्य सहित फोहोरमैला ब्यवस्थापन राष्ट्रिय नीति, २०७९ जारी गरेको छ । नेपालमा वढ्दै गैरहेको विद्युतीय र इलेक्ट्रोनिक उपकरणको प्रयोगले इलेक्ट्रोनिक फोहोर (E-waste) ब्यवस्थापन चुनौतिपुर्ण वन्दै गैररहेको छ । नेपालमा इलेक्ट्रोनिक फोहोर ब्यवस्थापन सम्बन्धमा छुट्टै ऐन, नियमावली, मापदण्ड तथा कार्यविधि तयार भएको छैन । नेपाल दूरसञ्चार प्राधिकरणले यसमा आवश्यक हुने नीतिगत, कानूनी तथा संरचनात्मक व्यवस्थाको अध्ययनको लागि आर्थिक वर्ष २०७८।७९ मा परामर्शदातासंग सम्झौता गरेकोमा अन्तिम प्रतिवेदन प्राप्त भई सम्बन्धित पक्षसँग छलफलको क्रममा रहेको देखियो । इलेक्ट्रोनिक फोहोर ब्यवस्थापन सम्बन्धमा आवश्यक अनुसन्धान गरी समयमा नै इलेक्ट्रोनिक फोहोरवाट हुन सक्ने मानवीय स्वास्थ्य जोखिमलाई न्यूनीकरण गर्न नीतिगत, कानूनी तथा संरचनात्मक व्यवस्था गर्नु पर्दछ ।

२५. **नीति कार्यान्वयन अनुगमनः** नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम सञ्चार तथा सूचना,दूरसञ्चार, सूचना तथा सञ्चार प्रविधि सम्बन्धी नीति, कानून, मापदण्ड कार्यान्वयन तथा नियमनको जिम्मेवारी सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको रहेको छ । सूचना तथा संञ्चार प्रविधि नीति, २०७२ को बुँदा नं.१६ मा उक्त नीतिलाई समग्र तालिका सहितको कार्यतालिका बनाई कार्यान्वयन गरिने र नीति कार्यान्वयनको अनुगमन गर्न अनुगमन तथा मूल्याङ्कन प्रारुप तयार गरिने उल्लेख छ ।उक्त नीति अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी नीतिमा उल्लेख भएको निर्देशक समितिको हुने उल्लेख छ । सूचना तथा संञ्चार प्रविधि नीति,२०७२ मा गत विगत बर्षहरुमानै कार्यान्वयन हुनुपर्ने विषयहरु समेत उल्लेख भएको देखियो । उदाहरणको लागि उक्त नीतिको लक्ष्यमा सन् २०१७ (२०७४ पौष १६) सम्ममा सरकारी प्रशारण क्षेत्रलाई डिजीटल प्रणालीमा रुपान्तरण गरिने र सन् २०२०(२०७७ पौष १६) भित्र समग्र नेपालको स्थान दोस्रो चौथाईमा पुर्याइने, ७५ प्रतिशत नेपालीलाई डिजिटल साक्षर बनाईने, ९० प्रतिशत जनतामा ब्रोडब्याण्ड सेवाको पहुँच सूनिश्चित गरिने, कूल ग्राहस्थ उत्पादनमा सूचना एवं सञ्चार प्रविधिको योगदान कम्तिमा २.५ प्रतिशत पुर्याइने लगायतका व्यहोरा उल्लेख छन् । नीति कार्यान्वयन गर्ने निश्चित अवधि नीतिमानै तोकी अनुगमन संयन्त्र समेत व्यवस्था भएकोमा नीति कार्यान्वनको परीक्षण तथा अनुगमन भएको देखिएन । नीति कार्यान्वयन सम्बन्धमा अनुगमन गरी नीति अद्यावधिक गर्नुपर्दछ ।

सञ्चार तथा सूचना, दूरसञ्चार, सूचना तथा सञ्चार प्रविधि सम्बन्धमा दूरसञ्चार नीति, २०६०, ब्रोडब्याण्ड नीति, २०७१, सूचना तथा सञ्चार प्रविधि नीति, २०७२, भू-उपग्रह नीति, २०७७ तर्जुमा भएका

छन् । उल्लिखित नीतिहरुमा एकै प्रकृतिका विषयहरु समावेश भएको देखियो । विभिन्न नीतिहरु बीचमा तादम्यता कायम राख्न र दोहोरोपन हटाउन नीतिहरुलाई समयसापेक्ष अद्यावधिक गर्दै एकीकृत गर्नु उपयुक्त देखिन्छ ।

२६. **अन्तरआबद्धता प्रणालीः** नेपाल दूर सञ्चार प्राधिकरणले इन्टर्नेट प्रोटोकलमा आधारित अन्तरआबद्धतालाई समेत प्रोत्साहन हुनेगरि मिति २०७८।१०।१० मा अन्तरआवद्दता निर्देशिका, २०७६ अध्याबधिक गरेको छ । नेपालमा हालसम्म पनि दूरसञ्चार सेवा परम्परागत दूरसञ्चार नेटवर्क टाइम डिभिजन मल्टिप्लेक्सिङ)TDM) प्रविधिमा आधारित रहेको छ । संसारभरको दूरसञ्चार सेवा टाइम डिभिजन मल्टिप्लेक्सिङ)TDM(प्रविधिवाट न्यूनतम लागत तथा गुणस्तरिय सेवा भएको इन्टरनेट प्रोटोकलमा आधारित (IP based Network) नेटवर्क प्रविधिमा परिणत हुदै गैरहेको अवस्था रहेको छ । नेपालमा समेत इन्टरनेट प्रोटोकलमा आधारित (IP based Network) नेटवर्क प्रयोग गरी सेवामा प्रभावकारीता वृद्धि गर्न सेवा प्रदायकलाई सो अनुसारका पुर्वाधार स्तरोन्नतिको लागि प्रोत्साहन गर्नुपर्ने देखिन्छ ।

२७. **अन्तर्राष्ट्रिय आवद्धताः** सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ को दूरसंचार पूर्वाधार नीति बुँदा नं ११.११.५. मा अन्तर्राष्ट्रिय आवद्धतामा व्यापक सुधार गर्न विशेष प्राथमिकता दिईने उल्लेख छ । सोहि नीतिको दूरसंचार पूर्वाधार रणनीतिमा क्षेत्रीय तथा अन्तर्राष्ट्रिय आबद्धता सहित सार्वजनिक निजी साझेदारी तथा अन्य ब्यवस्था मार्फत द्रुततर गतिको भरपर्दो दूरसञ्चार व्याकवोन पूर्वाधार निर्माण गरिने र दक्षिण एसिया उपक्षेत्रीय आर्थिक सहयोग (SASEC) तथा एशियाली सूचना राजमार्ग (Asian Information Superhighway) लगायतका क्षेत्रीय तथा अन्तर्राष्ट्रिय दूरसञ्चार विकास परियोजनाहरुमा नेपालको अर्थपूर्ण सहभागिता तथा ती आयोजनाहरुको नेपालको तर्फबाट प्रभावकारी कार्यान्वयन गरिने उल्लेख छ । नेपालमा नेटवर्क र दूरसञ्चार सेवा प्रदायकहरुले बिभिन्न अन्तर्राष्ट्रिय आधिकारिक ट्रान्जिट नेटवर्क सेवा प्रदायकहरुसँग सम्झौता गरी प्राधिकरणको अनुमतिमा इन्टरनेट व्याण्डविथ र टेलिकम ट्राफिक इन्टरनेशनल लङ्ग डिस्टेन्स)International Long Distance (ILD)) मार्फत भित्र्याईरहेको अवस्था छ । सेवा प्रदायकले इन्टरनेट व्याण्डविथ र टेलिकम ट्राफिक प्राप्त गर्ने विधि, प्रक्रिया तथा पद्धति सम्बन्धमा स्पष्ट कानूनी व्यवस्था गर्न उचित हुने देखिन्छ ।

२८. **उत्तर दक्षिण सूचना महामार्गः** नेपालको आन्तरिक दूरसञ्चार पूर्वाधारहरुलाई भारत र चीनका पूर्वाधारहरुसँग जडान गरी नेपाललाई अन्तर्राष्ट्रिय पारवहनको रुपमा प्रयोग गर्ने सम्भावनाको अध्ययन गरी उत्तर-दक्षिण सम्पर्क सञ्जालको स्थापना र कार्यान्वयन गर्न प्राधिकरणले गरेको अध्ययन प्रतिवेदन अनुसार नेपाल-भारत सम्पर्क स्थापना गर्न ४ सम्भावित स्थानहरु (बिराटनगर-जोगवनी, बिरगंज-रक्सौल, भैरहवा-सुनौल र नेपालगंज-रुपडिया) र नेपाल-चिन सम्पर्क स्थापना गर्न ४ सम्भावित स्थानहरु (तातोपानी-खासा, रसुवागढी-केरुङ्, कोराला-ढोङ्गासेन, र हिल्सा बोराङ्ग) रहेका छन । साथै प्रतिवेदनले देशभित्र ADSS/DWD: फाइवरहरुको प्रशस्त सञ्जाल स्थापना गर्नुपर्ने, पहिले नै निर्माण गरिएका फाइवर नेटवर्कहरुमा फाइवर ब्लोन गरी आवश्यक मात्रामा थप फाइवर नेटवर्क स्थापना गर्नु पर्ने कुरा सुझाएको देखिन्छ । अध्ययन प्रतिवेदनमा सम्बन्धित देश र अन्तर्राष्ट्रिय नियम कानून अनुसार उत्तर तथा दक्षिण समुन्द्र जोड्ने सूचना महामार्ग स्थापना गर्न सहज रहे नरहेको, दूरसञ्चार प्राधिकरणले ग्रामीण दूरसञ्चार विकास कोषको प्रयोग गरी हाल निर्माण गरिरहेको दूरसञ्चार पूर्वाधारहरु र सेवाप्रदायकहरुले पहिले देखि स्थापना गरी सञ्चालनमा ल्याएका पूर्वाधारहरु अन्तर्राष्ट्रिय ट्रान्जिट नेटवर्क वनाउन उपयुक्त भए नभएको

तथा ट्रान्जिट नेटवर्कको लागि गुणस्तर लगायत अन्य अन्तराष्ट्रिय मापदण्ड पुरा भए-नभएको जस्ता विषय समावेश भएको देखिएन। उल्लिखित विषय सम्बन्धमा थप स्पष्ट गरी कार्यान्वयन गर्नु पर्दछ ।

२९. **फाइभ जि नेटवर्क प्रयोगः** उच्च क्षमताको फाइभ जि नेटवर्क (5G Network) बाट प्रवाह हुने सेवाहरु लागु गर्न संसारभरका सेवाप्रदायकहरुले आफ्नो थ्रि जि/फोर जि/एलटिई नेटवर्कलाई फाइभ जि नेटवर्कमा स्तरोन्नति गर्न शुरु गरिसकेको अवस्था छ । नेपाल लगायतका विकासशील देशहरुले पनि फाइभ जि नेटवर्क सेवा लागू गर्न पाइलट परीक्षणहरु शुरु गरेको अवस्थामा प्राधिकरणले पनि मिति २०७८।८।६ मा नेपाल दूरसञ्चार कम्पनी लिमिटेडलाई २५००-२५६० (६०) MHz को फ्रिक्वेन्सी व्याण्ड उपलब्ध गराई एक बर्षको लागि फाइभ जि नेटवर्कको पाइलट परीक्षण अनुमति दिएको छ । नेपाल दूरसञ्चार कम्पनी लिमिटेडले पाइलट परीक्षण गरी प्रतिवेदन पेश नगरेको प्राधिकरणले जनाएको छ । सेवाप्रादायकहरुले द्रुतगतिमा फाइभ जि नेटवर्कमा आधारित सेवा प्रवाह गर्नका लागि हालको थ्रि जि/फोर जि/एलटिई नेटवर्कलाई फाइभ जि नेटवर्कमा माइग्रसन गर्नुपर्ने हुनाले, फाइभ जि नेटवर्कमा स्तरोन्नति रोडम्याप वा नियमनकारी ढाँचा तयार गरी आवश्यक नियमन तथा संयोजन गर्नुपर्ने देखिन्छ ।

३०. **दूरसञ्चार सेवाको पहुँचः** दूरसञ्चार प्राधिकरणको २०७९ साल मंसिर महिनाको एम.आइ.एस. प्रतिवेदन अनुसार सब्सक्राइवरको आधारमा मोवाइल ब्रोडव्याण्ड सेवा (३जी, ४जी, र इ-भिडियो) को कभरेज लगभग ७२ प्रतिशत मात्र देखिन्छ। निम्नानुसार चित्रवाट ३ जी सेवाको सेवा समेत सन्तोषजनक नदेखिनुका साथै ४ जि सेवा दुर्गम पहाडी भेगमा पुगेको देखिदैन । प्राधिकरणले सेवा नपुगेका र निम्न गुणस्तरको सेवा रहेका ठाउँहरु पहिचान गरी पूर्वाधार थप्ने योजना अनुसार ४३७ टावरहरु पहिचान गरेको र तिन प्याकेजमा टावर निर्माणको योजना तयार गरेको परामर्शदाताको प्रतिवेदनमा उल्लेख छ। परामर्शदाताले तयार गरेको प्रतिवेदन अनुसार सेवा प्रदायकले पहिलेनै टावर निर्माण गरेको स्थानलाई समेत समावेश गरेको छ । निर्माण भइसकेका पूर्वाधारहरु सहप्रयोग हुनसक्ने अवस्था समेत पहिचान गरी दूरसञ्चार सेवा विस्तार गर्नु पर्दछ ।



३१. **पूर्वाधार सञ्जाल नेटवर्क निर्माणः** दूरसञ्चार सम्बन्धी पूर्वाधार नियमावली, २०७४ को नियम २४ मा नेपाल दूरसञ्चार प्राधिकरणले देशभर वा कुनै भागमा उपलब्ध दूरसञ्चार पूर्वाधारको सञ्जाल(नेटवर्क) को विवरण सङ्कलन गरी एउटै सञ्जालमा आवद्ध गराउन आवश्यक व्यवस्था गर्ने व्यहोरा उल्लेख छ। दूरसञ्चार प्राधिकरणले देशभरिमा सेवा प्रदायकबाट निर्मित र ग्रामीण दूरसञ्चार विकास कोष अन्तर्गत निर्माणाधिन पूर्वाधारहरुको अध्यावधिक विवरण राख्का लागि भौगोलिक सूचना प्रणालीमा आधारित सफ्टवेयर (GIS Based Software) प्रणाली लागु गरेको छ । हालसम्म निर्माण भएका दुरसञ्चार पूर्वाधारहरु उक्त प्रणालीमा पूर्ण अद्यावधिक भएको देखिदैन । दूरसञ्चार पूर्वाधारहरुको जियोस्पेशियल म्यापिङ सहितको बिस्तृत विवरण भौगोलिक सूचना प्रणालीमा आधारित सफ्टवेयर अध्यावधिक नभएकोले पूर्वाधारहरुको सञ्चालन अवस्था, त्यसलाई चाहिने आवश्यक मर्मत-सम्भारको विवरण, पूर्वाधारको सह-प्रयोग सम्भावना, अनुगमन-

मूल्याङ्कन, सेवा नपुगेका वा पूर्वाधार पर्याप्त नभएको क्षेत्र यकिन गर्न तथा नँया प्रविधी प्रयोग सम्बन्धी रणनीति तय गर्न सहज भएको देखिदैन । भौगोलिक सूचना प्रणालीमा आधारित सफ्टवेयर (GIS Based Software) प्रणाली पूर्णरुपमा अद्यावधिक गराई सोको प्रयोग दूरसञ्चार क्षेत्रको विकासमा हुने सुनिश्चितता गर्नुपर्दछ ।

३२. **डिजिटल नेपाल फ्रेमवर्कः** पन्धौं योजना (२०७६।७७-२०८०।८१) मा आर्थिक बर्ष २०७६।७७ मा प्रारम्भ गरी २०८०।८१ मा रु.१ खर्व ७ अर्ब ५० करोडको लागतमा डिजिटल नेपाल फ्रेमवर्क कार्यान्वयन गरिने उल्लेख भए अनुसार "सुशासन, विकास र सम्बृद्धिका लागि डिजिटल नेपाल" भन्ने दूर दृष्टी, डिजिटल प्रविधिको उपयोगबाट सेवा प्रवाह, उत्पादन र उत्पादकत्वमा अभिबृद्धि गरी अर्थतन्त्रका बृहत्तर आयामहरुको रुपान्तरण गरी आधुनिकिरण गर्ने लक्ष्य र ज्ञानमा आधारित समाज र डिजिटल अर्थतन्त्रका आधार निर्माण गर्ने, डिजिटल प्रविधिको अधिकतम उपयोग गरी विकास र सम्बृद्धिका लक्ष्यहरु हासिल गर्ने र आम नागरिकलाई प्रदान गरिने सार्वजनिक सेवा सरल र सहि रुपमा उपलब्ध गराउने उद्देश्य सहित नेपाल सरकार मन्त्रिपरिषदबाट २०७६ कार्तिक ८ मा डिजिटल नेपाल प्रेमवर्क, २०७६ स्वीकृत भएको छ । यस फ्रेमवर्कको कार्य प्रणालीलाई मस्यौदा, समावेशीकरण, सुझाव सहितको रोडम्याप, फ्रेमवर्क प्रतिपादनको कार्यप्रणाली, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन समेत ६ चरणमा विभाजन गरेको छ । यस फ्रेमवर्कमा डिजिटल फाउण्डेसन, कृषि, स्वास्थ्य, शिक्षा, उर्जा, पर्यटन, वित्त, शहरी पूर्वाधार समेत ८ प्रमुख क्षेत्रहरु छनौट गरिएका छन् । उक्त ८ क्षेत्र अन्तर्गत ८० डिजटल पहल पहिचान गरी कार्ययोजना तयार गरिएको छ । डिजिटल नेपाल फ्रेमवर्क, २०७६ कार्यक्रम कार्यक्रम कार्यान्वयन सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छनः

३२.१. डिजिटल नेपाल फ्रेमवर्कले ८० वटा डिजिटल पहल पहिचान गरी सो कार्यान्वयन गर्न प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशसान मन्त्रालय, गृह मन्त्रालय लगायतका मन्त्रालय र मातहत विभाग तथा कार्यालयहरु, नेपाल दूर सञ्चार प्राधिकरण, नेपाल विद्युत प्राधिकरण, पर्यटन बोर्ड लगायतका संस्था तथा बोर्डहरु, स्थानीय तहहरु लगायतलाई प्रमुख तथा सहयोगी निकायहरु तोकेको छ । जिम्मेवारी तोकिएका निकायले निर्वाह गर्नु पर्ने खास खास कार्यहरु, प्रतिवेदन गर्नुपर्ने समयावधि र ढाँचा, प्राप्त विवरण, सूचना र प्रतिवेदनलाई एकीकृत गर्ने र सो उपर थप कारवाही गर्ने सम्बन्धमा निश्चित विधि र प्रकृया तोकिएको देखिएन । हालसम्म ८० डिजिटल पहलमध्ये ५४ वटाको प्रगति विवरण प्राप्त भएकोमा वित्तीय प्रगतिलाई भौतिक प्रगतिसँग समन्वय गरी प्रतिवेदन तयार भएको छैन। मन्त्रालयगत रुपमा सम्पन्न भएको कार्यको वित्तीय र भौतिक प्रगति तथा बाँकी कार्य समेत देखिने गरी प्रतिवेदन गर्नु पर्दछ ।

३२.२. डिजिटल नेपाल फ्रेमवर्क, २०७६ को बुँदा नं. ४.१.४ मा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक पर्ने दैनिक व्यवस्थापकीय तथा विषयगत विज्ञता प्रदान गर्ने कार्यको लागि आवश्यक संयन्त्र निर्माण गर्ने उल्लेख भएकोमा संयन्त्रको स्पष्ट ढाँचा निर्माण गरी संयन्त्र स्थापना भएको देखिएन । संयन्त्रको अभावमा विभिन्न निकायबाट भएका कार्यहरु फ्रेमवर्कले परिकल्पना गरे अनुसार भए नभएको यकिन गर्न, कार्यप्रगति प्रतिवेदन तयार गर्न र तोकिएको समयमा कार्यक्रम सम्पन्न गर्न गर्नु पर्ने सहजिकरण, अनुगमन लगायतका कार्य गर्न कठिनाई हुने भएकोले फ्रेमवर्कमा उल्लेख भएबमोजिम आवश्यक संयन्त्र निर्माण हुनुपर्दछ ।

३२.३. डिजिटल नेपाल फ्रेमवर्क, २०७६ को बुँदा नं. ४.७ मा डिजिटल नेपाल फ्रेमवर्कले पहिचान गरेका ८० वटै पहलको सम्पादन प्रत्येक निकायले आफ्नो नियमित बजेटबाट गर्नुपर्ने उल्लेख छ । डिजिटल नेपाल फ्रेमवर्क कार्यान्वनको फ्रेमवर्क अन्तर्गतका पहलको कार्यान्वयनको जिम्मेवारी पाएका निकायले आफ्नो बार्षिक बजेट तथा कार्यक्रमबाट गरेका खर्चहरुको विवरण सूचना प्रविधि सञ्चार मन्त्रालयमा पठाउने नगरेकोले यसमा भएको सम्पूर्ण खर्च खुल्ने अवस्था देखिएन । साथै यो कार्यक्रम कार्यान्वयनको लागि परियोजना लागत १८० मिलियन अमेरिकी डलरको डिजिटल नेपाल एक्सेलेरेशन प्रोजेक्ट)Digital Nepal Acceleration Project-DNA) कार्यान्वयन गर्न १४० मिलियन अमेरिकी डलर अन्तराष्ट्रिय विकास कोष (IDA) वाट र ४० मिलियन अमेरिकी डलर नेपाल सरकार (नेपाल दूरसञ्चार प्राधिकरण)ले व्यहोर्ने गरी २०७९ असोज २ मा सम्झौता भई कार्यान्वयनमा रहेको छ । पन्धौं योजनामा डिजिटल नेपालको लागत रु.१ खर्व ७ अर्ब ५० करोडको हुने उल्लेख भएको र क्षेत्रगत रुपमा समेत कार्यान्वयनमा रहेको अवस्थामा लागतको आधार स्पष्ट भएको छैन । एकीकृत खर्च विवरणको अभावमा कार्यक्रमको वित्तीय अवस्था मूल्याङ्कन गर्न नसकिने भएकोले यस कार्यक्रम अन्तर्गतका सम्पूर्ण बजेटको अलग बजेट कोड निर्धारण गरी वित्तीय व्यवस्थापन गर्नु उचित देखिन्छ।

३३. **स्मार्ट सिटि निर्माणः** सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ को बुँदा नं. ११.११.८ मा स्मार्ट सिटिको अवधारणा लागु गरिने उल्लेख छ । त्यस्तै बुँदा नं. १२.११.१० मा स्मार्ट सिटिको अवधारणा क्रमशः कार्यान्वयन गर्दै लगिने र यसका लागि शुरुमा केही स्मार्ट सिटिहरु पहिचान गरी स्मार्ट सिटिका रुपमा विकशित गरिने र सोहि अनुभवका आधारमा अन्य शहरहरुलाई पनि समयबद्ध रुपमा स्मार्ट सिटिका रुपमा विकास गरिने उल्लेख छ । नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ मा सञ्चार तथा सूचना,दूरसञ्चार, सूचना तथा सञ्चार प्रविधि सम्बन्धी नीति, कानून, मापदण्ड कार्यान्वयन तथा नियमनको जिम्मेवारी सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको रहेको छ भने शहरी विकासको जिम्मेवारी शहरी विकास मन्त्रालयको रहेको छ । नीति कार्यान्वयन गर्ने गराउने तथा सोको अनुगमन गर्ने जिम्मेवारी तोकिएको, सूचना प्रविधि मन्त्रालयमा स्मार्ट सिटी निर्माण सम्बन्धमा कुनै विवरण रहेको पाइएन । शहरी विकास मन्त्रालयबाट प्राप्त विवरण अनुसार १६ सहरमा स्मार्ट सिटि अवधारणा लागु भएको छ । उल्लिखित स्मार्ट सिटीको विस्तृत परियोजना प्रतिवेदन अनुसार पूर्वाधार निर्माण कार्य सञ्चालन गर्न आर्थिक वर्ष २०७७।७८ मा रु. ५ अर्ब ६ लाख र आर्थिक वर्ष २०७८।७९ मा रु.६ अर्ब ५२ करोड खर्च भएको अवस्था छ । स्मार्ट सिटी निर्माण गर्न विस्तृत परियोजना प्रतिवेदन अध्ययन अनुसार रु.२० देखि ४० अर्ब लागत अनुमान रहेको छ । स्मार्ट सिटी सम्बन्धमा साझा वुझाई नहुने, पर्याप्त बजेट विनियोजन नहुने, स्मार्ट सिटीको सुचक लगायत अध्यावधिक गरी शहरी विकास सम्बन्धी राष्ट्रिय नीति तयार नभएको कारण कार्यान्वयन प्रभावकारी भएको देखिदैन । प्रयाप्त नीतिगत, कानूनी, बजेट तथा लगानी व्यवस्थापन, अन्तरनिकायगत समन्वय लगायतका विषयमा सुधार गरी स्मार्ट सिटीको योजना प्रभावकारी रुपमा कार्यान्वयन हुनुपर्दछ ।

३४. **दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी व्यवस्थापनः** दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी सम्बन्धी नीति, २०६९ को दफा ८ ले तत्कालीन समयमा फ्रिक्वेन्सी हेरफेर (Frequency Re-Framing) गर्न सकिने ब्याण्डहरुको बारेमा उल्लेख गरेको छ । हाम्रो देशको भौगलिक अबस्थालाई मध्यनजर गरी उपयुक्त प्रविधिको अनुशन्धान गरी फ्रिक्वेन्सीको उच्चतम प्रयोगलाई प्राथमिकातामा राख्नुपर्ने देखिन्छ । फाइभ जि. नेटवर्क सेवा प्रदान गर्ने क्रममा रहेकोले प्राधिकरणले सोका लागि उपलब्ध गराउन सकिने फ्रिक्वेन्सी व्याण्ड (Frequency Band) का बारेमा अध्ययन गरिरहेको देखिन्छ । नेपालका सबै एनालगमा

आधारित टेलिभिजनहरु डिजिटल टेलिभिजनमा परिणत भैसकेकाले दुर्गम क्षेत्रहरुमा फाइभ जि. लगायत वाइफाई सेवा उपलब्ध गराउन टिभि ह्वाइट स्पेश (TV Whitespace) का फ्रिक्वेन्सी ब्याण्ड प्रयोग हुन सक्ने हुँदा फ्रिक्वेन्सी हेरफेर (RE-Farming) को पुनर्अध्ययन गरी नयाँ प्रविधिलाई आवश्यक पर्ने स्पेक्ट्रम ब्यवस्थापन गर्न सकिने देखिएकोले सो सम्बन्धमा ध्यान पुर्याउनु पर्दछ।

परिच्छेद - ४
निष्कर्ष तथा सुझाव

नेपालमा वि.सं.१९७३ देखि ओपन वायर म्याग्नेटो सिस्टमवाट प्रारम्भ भएकोको दूरसञ्चार सेवा औपचारिक रुपमा मोहन आकाशवाणीको नामबाट वि.सं.२००५ देखि सुरुवात भएको देखिन्छ। विश्वमा दूरसञ्चारका क्षेत्रहरुमा भएका प्रगति एवं द्रुततर विकासको गतिसँगै नेपालको दूरसञ्चार क्षेत्रमा नीतिगत तथा कानूनी व्यवस्था गरी गुणस्तरीय र नविनतम प्रविधिमा आधारित सेवामा नागरिकको पहुँच क्रमसः वृद्धि भइरहेको छ । दूरसञ्चार क्षेत्रको विकासको लागि महत्वपुर्ण अवयवको रुपमा रहेको व्याकवोन र ब्रोडव्याण्ड सेवाको उपलव्धता, डिजिटल नेपाल फ्रेमवर्कको कार्यान्वयन, मितव्ययी, गुणस्तरिय र प्रभावकारी दूरसञ्चार सेवा, नविनतम प्रविधिको कार्यान्वयन लगायत पक्षको कार्यान्वयन आम नागरिकले महसुस गर्न सक्ने अवस्थामा पुग्न सकेको छैन । विश्व परिवेशमा देखिएका नविनतम प्रविधिको प्रयोगलाई बढाउन व्याकवोन र ब्रोडव्याण्ड सेवाको विस्तार, डिजिटल नेपाल फ्रेमवर्कको कार्यान्वयन, सुरक्षित र सुलभ व्याण्डविथ र टेलिकम ट्राफिक प्राप्ति तथा नविनतम प्रविधिमा आधारित दूरसञ्चार पूर्वाधार निर्माण गरी सर्वशुलभ, गुणस्तरिय र प्रभावकारी दूरसञ्चार सेवा उपलव्ध हुनुपर्दछ ।

हाम्रो लेखापरीक्षणको आधारमा दूरसञ्चार पूर्वाधार ब्यवस्थापन सम्बन्धमा आगामी दिनमा गर्नुपर्ने सुधार देहायबमोजिम छन् ।

- ग्रामीण दूरसञ्चार विकास कोषको कार्यक्षेत्र सम्बन्धमा स्पष्ट नीतिगत व्यवस्था गरी सोहि अनुसार ऐन, नियम तथा विनियम तयार गरी कोषको परिचालन हुनुपर्दछ ।
- दूरसञ्चार विकास कोषको रकमबाट अनुदानको माध्यमबाट निर्माण हुने भौतिक संरचनाको स्वामित्व, सञ्चालन तथा ब्यवस्थापन सम्बन्धमा स्पष्ट नीतिगत तथा कानूनी व्यवस्था गर्नुपर्दछ।
- सूचना महामार्गको निर्माण कार्य समयमै सम्पन्न गरी गुणस्तरीय र सर्वसुलभ दूरसञ्चार सेवा उपलब्ध गराउनु पर्दछ ।
- ब्रोडब्याण्ड परियोजना सममयमा सम्पन्न गर्ने र नेपाल दूरसञ्चार प्राधिकरणबाट निर्माण भएका परियोजना सेवाग्राहीले थप सुविधा लिन चाहेमा दोहोरो खर्च नगरी थप सेवा लिन सक्ने व्यवस्था गर्नुपर्दछ । ब्रोडव्याण्ड सेवा उपलव्ध भएका स्थानमा देखिएका समस्या समाधान गर्न र आगामी दिनमा समस्या आउन नदिनको लागि स्थानीय तह, सम्बन्धित सेवा प्रदायक र सेवाग्राहीसँग छलफल तथा समन्वय गर्नुपर्दछ । ब्रोडव्याण्ड इन्टरनेट सार्वजनिक निजी लगानी प्रारुपका आयोजनाहरु परिचालन गरिनुपर्दछ ।
- भू.उपग्रह नीति, २०७७ मा उल्लेख भएबमोजिम राष्ट्रिय सुरक्षा, विपद् ब्यवस्थापन तथा नेभिगेशन सेवाको लागि विश्वसनीय र प्रभाकारी सञ्चार संयन्त्र व्यवस्था गर्न र नेपाललाई प्राप्त अर्बिटल स्टलको प्रयोग गर्न भू-उपग्रह निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।
- दूरसञ्चार पूर्वाधार सेवाप्रदायक र दूरसञ्चार सेवा प्रदायकबाट गरिने कार्यमा दोहोरोपन हटाउने नीति तथा कानूनको व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

- निश्क्रिय पूर्वाधारको सहप्रयोग गर्दा निर्माण गर्नुपर्ने संरचनाको थप लागत तथा सक्रिय पूर्वाधारको सहप्रयोग गर्दा सुरक्षा सम्बन्धमा हुन सक्ने जोखिम विश्लेषण र अन्तर्राष्ट्रिय अभ्यास समेत अध्ययन गरी आवश्यकता अनुसार दूरसञ्चार सम्बन्धी सक्रिय पूर्वाधारको समेत सहप्रयोग गर्न आवश्यक व्यवस्था गर्नुपर्दछ ।
- दूरसञ्चार, विद्युत लगायतका सेवाको लागि अलग अलग संरचना निर्माण गर्दा हुने दोहोरो खर्च निरुत्साहित गर्न, शहरी सौन्दर्य कायम गर्न र सेवा प्रवाहलाई प्रभावकारी बनाउन युटिलिटि करिडोर निर्माण गर्नुपर्दछ।
- विद्युतीय तथा चुम्वकीय क्षेत्र तथा रेडियो फ्रिक्वेन्सीवाट हुनसक्ने सम्भावित जोखिमलाई न्यूनिकरण गर्न आवश्यक कानूनी व्यवस्था गर्नुपर्दछ । साथै जलवायु परिवर्तनको असर न्यूनिकरणमा नेपालको योगदान बढाउन कम कार्वन उत्सर्जन तथा कम उर्जा खपत हुने नेपालको सन्दर्भमा उपयुक्त दूरसञ्चार पुर्वाधार र सोमा प्रयोग हुने नेटवर्क प्रविधिको आवश्यक अध्ययन गर्नुपर्ने देखिन्छ ।
- इलेक्ट्रोनिक फोहोरवाट हुन सक्ने मानविय स्वास्थ्य जोखिमलाई न्यूनीकरण गर्न आवश्यक व्यवस्था गर्नुपर्दछ ।
- अनुमति प्रदान गरिए बमोजिमको संरचना निर्माण भएको सुनिश्चित गर्न, नियमित मर्मत सम्भार गर्न, सेवा नपुगेका वा पूर्वाधार अपर्याप्त भएको क्षेत्र यकिन गर्न, अनुमति अवधि समाप्त भए पछि सो को मूल्याङ्कन तथा अनुगमन गर्न तथा दूरसञ्चारमा हुने दोहोरो लगानी निरुत्साहित गर्न र सेवाको गुणस्तर कायम गर्न दूरसञ्चार पूर्वाधारको ईन्भेन्ट्री तयार गर्नुपर्दछ ।
- निर्माण सम्पन्न हुन बाँकी नियन्त्रण प्रणाली सम्पन्न गर्न तदारुकता अपनाउने, निर्माण भई सञ्चालनमा अवरोध उत्पन्न भएका नियन्त्रण प्रणालीका समस्या समाधान गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।
- साइवर सुरक्षा सम्बन्धी प्रक्रियागत, नीतिगत तथा कानूनी व्यवस्था निर्माण प्रक्रियाको टुङ्गो लगाई कार्यान्वयन गर्नुपर्दछ ।
- दूरसञ्चार सम्बन्धी नीतिहरु कार्यान्वयनको अवस्था अनुगमन गरी एकै प्रकृतीका विषयहरु समावेश भएका विभिन्न नीतिहरु वीचमा तादम्यता कायम राख्न र दोहोरोपन हटाउन नीतिहरुलाई समयसापेक्ष अद्यावधिक गर्दै एकीकृत गर्नुपर्दछ ।
- अन्तर्राष्ट्रिय आवद्धता सम्बन्धी कानूनी व्यवस्था गरी कार्यान्वयन गर्नुपर्दछ । उत्तर दक्षिण सूचना महामार्ग निर्माणको सम्बन्धमा परामर्शदाताले पेश गरेको प्रतिवेदनको थप अध्ययन गरी कार्यान्वयन गर्नुपर्दछ ।
- दूरसञ्चार सेवा नपुगेका क्षेत्रको पहिचान गरी सेवा पुर्याउने र नविन प्रविधिमा आधारित फाइभ जि नेटवर्क लगायतका सेवाको विस्तार गर्नुपर्दछ ।
- डिजिटल नेपाल फ्रेमवर्कको कार्यान्वयनमा देखिएका कमि कमजोरी हटाई कार्यान्वयन गर्नुपर्दछ ।

बहुपक्षीय वातावरणीय सम्झौताको कार्यान्वयन

परिच्छेद - १

परिचय

१. **पृष्ठभूमि** - संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको व्यवस्था गरी यसको व्यवस्थापनलाई राज्यले उच्च प्राथमिकतामा राखेको छ । वातावरण एक वहुआयामिक एवं अन्तरसम्बन्धित विषय हो । वातावरण संरक्षणको निमित्त कुनै एक देशको एकल पहलले मात्र सम्भव नहुने भएको कारण विश्वभरीका मुलुकहरुले वातावरण संरक्षणको निमित्त विभिन्न कदम चाल्न अन्तर्राष्ट्रिय रुपमा प्रतिबद्धताहरु गर्ने गरेका छन् । दिगो विकास लक्ष्य २०३० ले समेत वातावरण संरक्षणलाई प्राथमिकतामा राखी लक्ष्य एवं सूचकहरु तयार गरेको छ । उक्त लक्ष्य प्राप्त गर्न अन्तर्राष्ट्रियस्तरमा गरिएका प्रतिबद्धताहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने अवस्था रहेको छ । अन्तर्राष्ट्रियस्तरमा वातावरण सम्बन्धी विषयलाई समकालीन विषयका रुपमा हेरी द्विपक्षीय तथा बहुपक्षीय वातावरणीय सम्मेलनहरुको आयोजना, सन्धी सम्झौताहरुको तर्जुमा र सोको प्रभावकारी कार्यान्वयन गरी यस विषयलाई विश्वब्यापीरुपमा अगाडि बढाइएको छ । हालसम्म विश्वब्यापीरुपमा करीब २०० भन्दा बढी बहुपक्षीय वातावरणीय सम्झौताहरु भएकोमा नेपालले सन् २०१८ सम्म १३३ वटा यस्ता सम्झौताहरुमा हस्ताक्षर गरी आफूलाई पक्ष राष्ट्रकोरुपमा प्रस्तुत गरेको छ । यस्ता बहुपक्षीय सम्झौताहरुको कार्यान्वयनमा संयुक्त राष्ट्रसंघीय निकाय र सोसँग आबद्ध अन्य अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संघसंस्थाहरु निरन्तररुपमा क्रियाशील रहेका छन् । नेपालको सन्दर्भमा वन तथा वातावरण मन्त्रालय र सो मातहतको संरचनाहरुले यस विषयको सम्पर्क मन्त्रालय तथा कार्यान्वयन निकायकोरुपमा रही कार्यसम्पादन गर्दै आएका छन् ।

२. **कानूनी तथा नीतिगत व्यवस्था**

२.१. **नेपालको संविधान २०७२ मा वातावरण सम्बन्धमा संवैधानिक रुपमा उल्लेख भएका प्रमुख प्रावधानहरु देहायअनुसार रहेका छन्:**

- धारा ५१(ख) राजनीतिक तथा शासन व्यवस्थासम्बन्धी नीतिमा नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धी तथा सम्झौताहरुको कार्यान्वयन गर्ने व्यवस्था रहेको ।
- धारा ५१(छ) मा प्राकृतिक स्रोतको संरक्षण, सम्बर्द्धन र उपयोग सम्बन्धी नीति रहेको । जसमा राष्ट्रिय हित अनुकूलन तथा अन्तरपुस्ता समन्याय, नवीकरणीय उर्जाको उत्पादन तथा विकास लगायतका विषयहरु रहेका ।
- धारा ५१(ठ) मा पर्यावरण अनुकूल पर्यटन उद्योगको विकास गर्ने नीति रहेको ।
- अनुसूची-५ अनुसार अन्तर्राष्ट्रिय सन्धि तथा सम्झौता, आणविक उर्जा, वायुमण्डल र अन्तरीक्ष सम्बन्धी, खानी उत्खनन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वातावरण व्यवस्थापन, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा सिमसार क्षेत्र, राष्ट्रिय वन नीति, कार्बन सेवा लगायतका विषयहरु संघको अधिकारसूचीमा समावेश गरिएको ।

२.२. **विषयसँग सम्बन्धित कानूनी व्यवस्थाहरु** - वातावरणसँग प्रत्यक्ष वा अप्रत्यक्षरुपले सम्बन्धित कानून तथा नियमहरु देहाय अनुसार रहेका छन् :

- वन ऐन, २०७६ तथा नियमावली, २०७९
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा नियमावली, २०३०
- संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ तथा नियमावली, २०७६
- प्रकृति संरक्षण कोष ऐन, २०३९ तथा नियमावली, २०४१
- भू तथा जलाधार संरक्षण ऐन, २०३९ तथा नियमावली, २०४२
- जलस्रोत ऐन, २०४९
- संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५२
- मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५३
- सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन, २०६४
- सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- वातावरण संरक्षण ऐन, २०७६ तथा नियमावली, २०७७
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र आर्थिक कार्यविधि नियमावली, २०७७

२.३. **नीतिगत व्यवस्थाहरुः** वातावरणीय पक्षको व्यवस्थापनको लागी गरिएका नीतिगत व्यवस्थाहरु देहाय बमोजिम रहेका छन् :

- जलविद्युत विकास नीति, २०५८
- राष्ट्रिय कृषि नीति, २०६१
- जडिबुटी एवं गैरकाष्ठ वन पैदावर नीति, २०६१
- जैविक प्रविधि नीति, २०६३
- कृषि जैविक विविधता नीति, २०६३
- ग्रामीण उर्जा नीति, २०६३
- जलवायु परिवर्तन नीति, २०६७
- राष्ट्रिय सीमसार नीति, २०६९
- नवीकरणीय उर्जा अनुदान नीति, २०६९
- जलउत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२
- राष्ट्रिय भू-उपयोग नीति, २०७२
- राष्ट्रिय वन नीति, २०७५
- बजेट तर्जुमा दिग्दर्शन, २०७५
- राष्ट्रिय वातावरण नीति, २०७६
- फोहोरमैला व्यवस्थापन राष्ट्रिय नीत, २०७९

- जलवायु परिवर्तन सम्बन्धी लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्ययोजना (२०७७-२०८७)
- १५ औं पञ्चवर्षीय योजना २०७६।७७ देखि २०८०।८१

परिच्छेद - २

लेखापरीक्षणको उद्देश्य, क्षेत्र एवं पद्धती

३. लेखापरीक्षणको उद्देश्य, क्षेत्र एवम् पद्धती र औचित्य

३.१. **उद्देश्य -** नेपाल पक्ष भएका बहुपक्षीय वातावरणीय सम्झौताको अभिलेखीकरण, सिर्जित दायित्वलाई नीतिगत, कानूनी, संरचनागत र सञ्चालनगत व्यवस्थाहरु मार्फत कार्यान्वयन भए नभएको सम्बन्धमा मूल्याङ्कन गरी सुधारका क्षेत्रहरु समेटिएको लेखापरीक्षण प्रतिवेदन दिनु यस वातावरणीय लेखापरीक्षणको प्रमुख उद्देश्य हो । यसका सहायक उद्देश्यहरु निम्नबमोजिम रहेका छन् :

- बहुपक्षीय वातावरणीय सम्झौताको अभिलेख व्यवस्थित रहे नरहेको, सिर्जित दायित्व पहिचान गर्ने, पहिचान भएका दायित्वलाई कार्यान्वयन गर्न नीतिगत तथा कानूनी व्यवस्था गरी सञ्चालनगत व्यवस्थाहरु रहे नरहेको मूल्याङ्कन गर्नु,
- कार्यान्वयन गर्ने निकायहरुको कार्यान्वयन सक्षमता, स्रोत व्यवस्थापनको अवस्था र लागत सहभागिताका सम्बन्धमा विश्लेषण गर्नु,
- सम्झौताको परिपालनाको सम्बन्धमा देखिएका समस्या सम्बन्धमा अध्ययन गर्नु ।

३.२. **लेखापरीक्षणको क्षेत्र -** यस विषयको लेखापरीक्षणको लागि समग्र वातावरणीय पक्षको अभिलेख समन्वय र व्यवस्थापन सन्दर्भमा वन तथा वातावरण मन्त्रालय सम्पर्क मन्त्रालयको रुपमा रहेको हुँदा नेपाल सरकार कार्य विभाजन नियमावलीमा उल्लिखित कार्यविभाजन अनुसार मन्त्रालयको संगठन संरचना र मातहत निकायहरु यस लेखापरीक्षणको क्षेत्रका रुपमा राखिएको छ । नेपालले हस्ताक्षर गरेका हालसम्मका बहुपक्षीय वातावरणीय सम्झौताहरुमध्ये छनौट भएका जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धि, जैविक विविधता महासन्धि, सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिका प्रजातिको अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी महासन्धि र रामसार महासन्धि सम्झौताहरुको कार्यान्वयन अवस्था बारे अध्ययन गरिएको छ।

३.३. **लेखापरीक्षण पद्धती र विधि -** यस विषयको लेखापरीक्षणका लागि प्रक्रियामूलक र नतिजामूलक दुवै पद्धती अवलम्बन गरिएको छ । बहुपक्षीय सन्धि तथा सम्झौताहरुको कार्यान्वयन नेपाल सरकार र सो मातहतका जिम्मेवार निकाय तथा तहगत संघीय ईकाइहरुवाट तर्जुमा र कार्यान्वयन गरिएका कार्यविधि तथा मापदण्डको आधारमा हुने भएकोले सोही अनुरुप भए नभएको सम्बन्धमा प्रकृयामूलक पद्धती अवलम्बन गरिएको छ । वातावरण सम्वद्ध यस्ता सम्झौताहरुको कार्यान्वयनले वातावरणको दिगो संरक्षण गरी स्वस्थ जीवनयापनका लागि सहजता र पर्यावरणीय अनुकूलता प्रदान गर्दछ । यस्तो पारीस्थितिक प्रणालीको संरक्षण गरी सहज जीवनयापनको व्यवस्थापन गर्ने लक्ष्य हासिल गर्नु भएकोले सोही अनुरुपको नतिजा हासिल भए नभएको मूल्याङ्कन गर्न नतिजामूलक पद्धती अवलम्बन गरिएको छ ।

लेखापरीक्षण ऐन, २०७५, सरकारी लेखापरीक्षण मानदण्ड २०७७, कार्यमूलक लेखापरीक्षण मार्गदर्शन, २०६९ र महालेखापरीक्षकको कार्यालयको वार्षिक लेखापरीक्षण योजनाले निर्दिष्ट गरेबमोजिम

कार्यमूलक लेखापरीक्षण मानदण्डको आधारमा विषयसँग सम्बन्धित उपलब्ध सूचना तथ्याङ्क तथा प्रगतिको तुलनात्मक अध्ययन मूल्याङ्कन र विश्लेषण गरिएको छ । यसका लागि सम्बन्धित निकाय तथा व्यक्तिबाट प्रश्नावली मार्फत सूचना सङ्कलन गर्ने, सरोकार समूहसँग छलफल गर्ने लगायतका बिधिहरुबाट प्राथमिक सूचना सङ्कलन गर्नुका अतिरिक्त बिभिन्न निकायका काम कारबाही सम्बन्धी प्रगति प्रतिवेदन, अध्ययन प्रतिवेदन लगायतका द्वितीय सूचना तथा तथ्याङ्कलाई प्रयोग गरिएको छ ।

सम्बन्धित कानून, नीति, निर्देशिकाहरुको प्रावधानहरु, अन्तर्राष्ट्रिय असल अभ्यासहरु, सम्झौता गरिएका वातावरणीय सम्झौताका प्रावधान तथा ईन्टोसाईद्वारा जारी वातावरणीय लेखापरीक्षण मार्गदर्शनहरुको प्रावधानलाई आवश्यकता अनुसार लेखापरीक्षण आधारको रुपमा लिईएको छ । यी आधारबाट सम्बन्धित निकायका पदाधिकारीहरुसँग छलफल भएको छ ।

३.४. **विषय छनौटको औचित्य -** नेपाल सरकारको दीर्घकालीन सोच, दिगो विकास लक्ष्यको मार्गचित्र र पन्ध्रौ योजनाको लक्ष्य हासिल हुने गरी नेपाल पक्ष भएका बहुपक्षीय वातावरणीय सम्झौताको कार्यान्वयन अवस्थाको वारेमा अध्ययन गर्नु आवश्यक देखिएको छ । पन्ध्रौ योजनामा यस योजनाका लक्ष्यहरु हासिल गर्न करिव रु.९२ खर्व र दिगो विकासका लक्ष्यहरु हासिल गर्नका लागि नेपालले वार्षिक करिव रु.२० खर्ब ५० अर्व लगानी गर्नुपर्ने तथा सोको अधिकांश हिस्सा सार्वजनिक क्षेत्रले लगानी गर्नुपर्ने अवस्था उल्लेख छ । दिगो विकासका लक्ष्य हासिल गर्न वार्षिक कूल करिव रु.५ खर्ब ८५ अर्व नपुग हुने अवस्था दिगो विकास लक्ष्यको आवश्यकता पहिचान, वित्तीय खर्चको आँकलन र ब्यवस्थापन रणनीतिले देखाएको छ । यसरी नेपाल अतिकम विकसित मुलुकको रुपमा रहेको अवस्थामा यसले आर्थिक सामाजिक तथा पूर्वाधार विकासलाई अगाडि बढाउनुका साथसाथै पछिल्ला वर्षहरुमा भोग्नुपरेको जलवायु परिवर्तन, वातावरण प्रदूषण, जैविक विविधता संरक्षण र वाताबरणीय ह्रास लगायतका विषयहरु ज्वलन्त रुपमा उठिरहेको र दिगो विकासको अवधारणा आजको आवश्यकता भएकोले नेपालले यस विषयमा गरेको अन्तर्राष्ट्रिय प्रतिबद्धता तथा सोको कार्यान्वयनका लागि गरेको प्रयास तथा अवलम्बन गरेको र गर्ने भावी कार्यदिशाका सम्बन्धमा अध्ययन गर्न आवश्यक देखिएकोले सो विषयलाई कार्यमूलक लेखापरीक्षणको लागि छनौट गरिएको हो ।

३.५. **लेखापरीक्षणको सीमाः** नेपाल पक्ष भई गरेका १३४ भन्दा बढी बहुपक्षीय वातावरणीय सम्झौता मध्ये ४ सम्झौताको कार्यान्वयन स्थितिको विश्लेषण एवं मूल्याङ्कन गरिएको छ । लेखापरीक्षण प्रश्नावली र द्वितीय स्रोतबाट सूचना सङ्कलन गरिएको छ । प्राप्त सूचनाको विश्वनियता, सूचना विश्लेषण क्षमता, समयसीमा, संलग्न जनशक्तीको संख्या तथा विषयगत ज्ञान, कार्यालयबाट लेखापरीक्षणमा प्रयोग गरिएको स्रोत साधन आदि लेखापरीक्षणका सीमा हुन ।

परिच्छेद - ३

लेखापरीक्षणबाट देखिएका ब्यहोरा

- **सकारात्मक पक्षहरु —** नेपालले बहुपक्षीय वातावरणीय सम्झौताहरुको कार्यान्वयनको निमित्त विभिन्न प्रयास गरेको पाइन्छ । नेपाल पक्ष भएका सन्धिको केन्द्रीय अभिलेखिकरण गर्ने जिम्मेवारी कानून, न्याय तथा संसदीय ब्यवस्था मन्त्रालयको रहेको छ । वन तथा वातावरण मन्त्रालयले समन्वयकारी भुमिका निर्वाह गर्दै आएको छ । सम्झौता कार्यान्वयनको निमित्त जिम्मेवार पदाधिकारी एवं निकाय तोकिएको छ । सम्झौतासँग सम्बन्धित केही ऐन, नियम, नीति,

रणनीति एवं कार्यक्रमहरु तयार भई लागू भएका छन् । विगत देखिका पञ्च बर्षिय योजनामा समेत सम्झौता कार्यान्वयनका रणनीति एवं कार्यनीति तयार भई सो बमोजिम बजेट व्यवस्था गरी कार्यक्रम सञ्चालन भएका छन् । जलवायु संकेतमा बजेट बिनियोजन गर्ने गरिएको छ । सम्झौता कार्यान्वयनको लागि समुदाय परिचालन भई जनसहभागिता सुनिश्चित गरिएको छ ।

- **सुधार गर्नुपर्ने विषयहरु -** बहुपक्षीय वातावरणीय सम्झौताहरुको कार्यान्वयन सम्बन्धमा नेपाल सरकार वन तथा वातावरण मन्त्रालय र सो मातहतका निकायहरुले तर्जुमा गरेका नीति तथा कार्यक्रम अनुरुप आवश्यकता अनुरुपका कार्यको थालनी भएपनि समन्वयात्मक रुपमा सबै क्षेत्र समेटेर गर्नुपर्ने कामबाट अपेक्षित नतिजा प्राप्त भएको छैन । विभिन्न नीति, नियम, ऐन तथा कानून, आवधिक योजना, मन्त्रालयको वार्षिक योजना तथा प्रगतिको अध्ययन, स्थलगत भ्रमण तथा सर्वेक्षण, मन्त्रालय तथा विभिन्न आबद्ध सरोकारवालासँग छलफल समेतका आधारमा लेखापरीक्षणबाट देखिएका मुख्य मुख्य ब्यहोराहरु देहायबमोजिम उल्लेख गरिएको छ :

४. **अभिलेख व्यवस्थापन -** नेपालको संविधानको अनुसूची-५ बमोजिम अन्तर्राष्ट्रिय सन्धि तथा सम्झौता, आणविक उर्जा, वायुमण्डल र अन्तरीक्ष सम्बन्धी, खानी उत्खनन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वातावरण व्यवस्थापन, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा सीमसार क्षेत्र, राष्ट्रिय वन नीति, कार्बनसेवा लगायतका विषयहरु संघको अधिकारको सूचीमा समावेश गरिएको छ । सो बमोजिम अन्तर्राष्ट्रिय सन्धि सम्झौताको अभिलेख संघीय सरकारले राख्नुपर्दछ । अन्तर्राष्ट्रिय वातावरणीय एजेन्सीको वेवसाइटको[२] विवरणबमोजिम नेपालले हालसम्म १४३ वटा (संसोधन समेत) वातावरण सम्बन्धी बहुपक्षीय सम्झौता गरेको देखिन्छ । तर वन तथा वातावरण मन्त्रालयबाट प्राप्त विवरणमा १३३ वटा (संसोधन समेत) मात्र सम्झौता भएको उल्लेख भएको देखिन्छ भने एक वटा सम्झौता मात्र मन्त्रालयको वेभसाईटमा राखेको छ । यस सम्बन्धमा नेपाल पक्ष भई गरेको वातावरणीय सम्झौताहरुको विवरण माग भएकोमा ६१ वटा सम्झौता मात्र कार्यान्वयनका लागि नेपाल सरकारको तर्फबाट सम्पर्क तथा समन्वय गर्न जिम्मेवार व्यक्ति तथा शाखा/महाशाखा/विभागको रुपमा जिम्मेवारी तोकिएको विवरण प्राप्त भएको छ। बाँकी अन्य सम्झौताको अवस्थाको बारेमा जानकारी प्राप्त हुन सकेन ।

४.१. वन तथा वातावरण मन्त्रालयको २०७७।७८ को बार्षिक प्रतिवेदनमा द्विपक्षीय तथा बहुपक्षीय वातावरणीय सम्झौताको दस्तावेजीकरण गर्न र अन्तर्राष्ट्रिय मञ्चमा नेपालको तर्फबाट आवाज उठाउन पहल गर्न परराष्ट्र मन्त्रालयलाई लेखि पठाएको ब्यहोरा उल्लेख छ । यसरी बहुपक्षीय वातावरणीय सम्झौताहरुको सम्बन्धमा मन्त्रालय आफैं र परराष्ट्र मन्त्रालयलाई पठाएको ब्यहोरा उल्लेख छ । यसरी बहुपक्षीय वातावरणीय सम्झौताहरुको सम्बन्धमा मन्त्रालय आफैं र परराष्ट्र मन्त्रालयसँगको समन्वयमा भए गरेको कार्यहरुको अभिलेख राख्ने र प्रतिवेदन गर्ने कार्य प्रभावकारी रुपमा हुन सकेको देखिंदैन ।

४.२. यसरी नेपाल पक्ष राष्ट्र भएका सम्झौताको अभिलेख अद्यावधिक नहुनुमा सम्झौताको जिम्मेवारी एवं कार्यान्वयन अवस्थाको बस्तुनिष्ठ मूल्याङ्कन गर्न सकिने आधारहरु सहितको संगठनात्मक संरचना नहुनु, सरुवा बढुवा हुँदा कार्यसम्पादन अवस्थाको विवरण साविकवालाले हस्तान्तरण गर्ने प्रभावकारी व्यवस्था नहुँदा संस्थागत स्मरणको कमी जस्ता प्रमुख कारण रहेका छन् । त्यस्ता सम्झौताबाट नेपालले गर्नुपर्ने क्रियाकलापहरु समेटेर नीतिगत, कानूनी, संरचनागत र सञ्चालनगत व्यवस्थाहरु गर्नुपर्नेमा सो बमोजिम

[२] https://iea.uoregon.edu/country-members/Nepal

सम्झौताहरु समेटि उपयुक्त व्यवस्था भएको देखिएन ।अभिलेख व्यवस्थित नहुँदा अन्तर्राष्ट्रिय सम्झौता कार्यान्वयन प्रभावकारी नहुने र अन्तर्राष्ट्रियस्तरमा मुलुकको छविमा असर पुग्ने अवस्था रहन्छ । तसर्थ अभिलेख व्यवस्थापनमा सम्बन्धित पक्षले विशेष ध्यान पुर्याउनु पर्दछ।

४.३. नेपालले सन् २००२ मार्च २ मा जैविक सुरक्षा सम्बन्धी प्रोटोकल सन् २०१३ अक्टोबर १० मा मर्करी सम्बन्धी मिनामाता महासन्धी र सन् २०१६ अक्टोबर १६ मा ओजोन तहसँग सम्बन्धित मन्ट्रियल प्रोटोकलको किगाली संसोधनमा हस्ताक्षर गरेकोमा हालसम्म उपयुक्त तहबाट अनुमोदन भएको देखिंदैन । हस्ताक्षर भएका सम्झौताहरु अनुमोदन गरी कार्यान्वयन गर्न पहल गर्नुपर्दछ ।

५. **जिम्मेवारी -** सम्झौताबाट सिर्जित हुने दायित्व पहिचान गरी आवश्यक जिम्मेवारी निर्वाह गर्न तथा सम्झौताको प्रभावकारी कार्यान्वयनको लागि जिम्मेवार शाखा/महाशाखा/विभाग एवं व्यक्ति तोकिनु पर्दछ। यसरी जिम्मेवार निकाय एवं व्यक्ति तोक्दा निश्चित आधार, कार्यविधि एवं मापदण्ड बनाई सोहीबमोजिम तोकिनु पर्दछ । मन्त्रालयबाट प्राप्त विवरण अनुसार ६१ सम्झौताको मात्र जिम्मेवार शाखा/महाशाखा/ विभाग एवं व्यक्ति तोकिएको पाइएको छ । जिम्मेवारी तोकिदा आधार, कार्यविधि एवं मापदण्ड बनाई सो बमोजिम तोकिने गरेको पाइएन । आधार, कार्यविधि एवं मापदण्ड बेगर जिम्मेवारी तोकिनाले कार्यान्वयन पक्ष प्रभावकारी हुन नसकी सम्झौताबाट सृजित दायित्व पुरा गर्नमा कठिनाई पुग्ने देखिन्छ । त्यसकारण उपयुक्त कार्यविधि एवं मापदण्ड बनाई सोही बमोजिम उपयुक्त संगठनात्मक संरचना मार्फत जिम्मेवारी तोक्ने पद्धतीको विकास गर्नुपर्दछ ।

५.१. **समन्वयः** वातावरण विषय एक अन्तरसम्बन्धित विषय भएको हुनाले वातावरणीय सम्झौता कार्यान्वयनको लागि जिम्मेवार निकाय एवं व्यक्तिबीच उचित समन्वय हुनुपर्दछ । संयुक्त राष्ट्र संघ वातावरण कार्यक्रमको सम्झौता कार्यान्वयन सम्बन्धी निर्देशिकाको खण्ड(ई) को बुँदा नं.२५ मा सम्झौता कार्यान्वयनको लागी सरकारका विभिन्न तह र निकायहरुबीच समन्वय हुनु पर्ने कुरा उल्लेख छ । वातावरण सम्बन्धी सन् २०१८ सम्म गरिएको १३३ भन्दा बढी सम्झौतामध्ये कार्यान्वयनको निमित्त ६१ सम्झौताको मात्र जिम्मेवार शाखा/महाशाखा/विभाग र व्यक्ति तोकिएको विवरण प्राप्त भएको छ । माथि उल्लेख भएका बाँकी संझौताहरुको लागि नीति, कानून निर्माण आयोजना व्यवस्थापन एवं कार्यान्वयन र नतिजा विश्लेषण एउटै मन्त्रालय माताहतबाट कार्यान्वयन गर्ने अवस्था नरहँदा क्षेत्रगत जिम्मेवारी तोकी ति निकाय र संलग्न सरोकारवालाबीच समन्वयात्मक ढंगले कार्यसम्पादन भएको पाइएन । यसरी समन्वय हुन नसक्नुमा छोटो समयमा जिम्मेवारी हेरफेर भई रहनु, समन्वयको संस्कारको कमी र समन्वय अनिवार्य कानूनी दायित्व नहुनु जस्ता कारणहरु रहेका छन् । कार्यसम्पादनमा समन्वय हुन नसक्दा अपेक्षित उपलब्धी हासिल हुन सक्दैन । तसर्थ समन्वयलाई अनिवार्य कानूनी दायित्वमा समावेश गर्दै समन्वयको संस्कार विकास गर्नु पर्दछ ।

६. **पारदर्शीताः** अन्तर्राष्ट्रियस्तरमा वातावरणीय सन्धि सम्झौताहरु गर्नुपूर्व पर्याप्त गृहकार्य गर्ने, सम्बद्ध सबै सरोकारवालासँग छलफल गरी प्राप्त सुझाव समेत विचार गरी पारदर्शी रुपमा गर्नुपर्दछ । वातावरण सम्बन्धी बिभिन्न सम्झौता तथा सम्झौता सम्बन्धी छलफलमा भाग लिनको निमित्त सम्बन्धित कर्मचारी एवं पदाधिकारीहरु बिभिन्न मञ्चमा जाने गरेकोमा सो मञ्चमा भए गरेका प्रतिबद्धता र सोबाट प्राप्त हुने प्रतिफल सम्बन्धी सम्पूर्ण सूचना एवं जानकारी नेपाल सरकारका सरोकारवाला निकाय एवं आम रुपमा संचार भएको पाइएन । यसरी पारदर्शी ढंगले काम हुन नसक्नुमा संचार रणनीतिको अभाव र सम्बन्धित जिम्मेवार व्यक्तिहरुले यसमा पर्याप्त महत्व नदिनु जस्ता कारण रहेको देखिन्छ । पारदर्शी ढंगले

कार्यसम्पादन नहुँदा सरोकारवाला सरकारले गरेको सन्धी, सम्झौताप्रति अपनत्व नदेखिने र सार्वजनिक जवाफदेहितामा समेत प्रभावकारिता नआउने अवस्था देखा पर्दछ । तसर्थ विभिन्न छलफल, गोष्ठी एवं संचार माध्यमबाट सम्झौतामा ब्यक्त प्रतिबद्धता र सोबाट प्राप्त उपलब्धिका सम्बन्धमा सर्वसाधारण एवं सम्बन्धित निकायमा जानकारी गराउने प्रणालीको विकास गर्नुपर्दछ ।

७. **जनचेतनाः** संयुक्त राष्ट्र संघीय वातावरण कार्यक्रमको सम्झौता कार्यान्वयन सम्बन्धी निर्देशिकाको खण्ड(ई) को बुँदा नं.३१ मा जनचेतना सम्बन्धी ब्यवस्था रहेको छ । जस अनुसार सरकारले सम्झौताबाट सृजित दायित्व एवं प्रतिबद्धताका सम्बन्धमा र सम्झौता कार्यान्वयनका उपाय र कार्यान्वयनमा जनसहभागीता सम्बन्धी प्रावधानहरुको सम्बन्धमा जनचेतना सम्बन्धी कार्यक्रम सञ्चालन गर्नु पर्दछ । सरकारले गरेका जलवायु परिवर्तन, जैविक विविधता, सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिका प्रजातिको अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी लगायतका सम्झौताको कार्यान्वयन गर्ने क्रममा सीमित मात्रामा जनचेतना एवं जनसहभागीता रहेको पाइयो । सीमित स्रोत साधनको कारण सबै सम्झौता कार्यान्वयनमा जनसहभागीता एवं जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्न नसकिएको छलफलका क्रममा जानकारी प्राप्त भयो । जनचेतना एवं जनसहभागीता सुनिश्चित नहुँदा सम्झौता कार्यान्वयन र सोको उद्देश्य प्राप्तिमा कठिनाई उत्पन्न हुन सक्दछ । तसर्थ निर्देशिकामा तोकिए बमोजिम सम्झौता सम्बन्धी जनचेतामूलक कार्यक्रम सञ्चालन गर्नु पर्दछ ।

८. **प्रगति प्रतिवेदनः** सरकारका काम कारबाही सम्बन्धमा जानकारी प्राप्त गर्ने अधिकार ब्यवस्थापिका संसदको हो । यस सम्बन्धमा मन्त्रालयले गरेका काम कारबाहीको प्रतिवेदन संसदलाई गराउनु सरकारको दायित्व हो । बजेटसँगै संसदमा प्रस्तुत हुने मन्त्रालयगत प्रगति विवरणमा वातावरण सम्बन्धी बहुपक्षीय सम्झौताको कार्यान्वयनसँग सम्बन्धित सम्पुर्ण सुचना विवरणहरु समावेश गरी पेश गर्नु पर्नेमा जलवायु परिवर्तन, जैविक विविधता, सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिका प्रजातिको अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी सम्झौतासँग सम्बन्धित कार्यक्रमहरु कार्यान्वयन सम्बन्धी प्रगति मात्र उल्लेख गरी पेश गरेको पाइयो । यस विषयमा संसदलाई जानकारी गराउने एवं प्रतिवेदन गर्ने सम्बन्धी नीति एवं कानूनको अभावका कारण सो हुन नसकेको छलफलका क्रममा जानकारी प्राप्त भयो । वातावरण एवं अन्य बहुपक्षीय संझौताको कार्यान्वयन अवस्था पेश गर्नुपर्ने संसदमा प्रतिवेदन नगरिँदा जननिर्वाचित प्रतिनिधीहरुमा सरकारको काम कारवाही र अन्तर्राष्ट्रिय प्रतिबद्धता तथा सोको कार्यान्वयन अवस्था बारे जानकारी नभई प्रभावकारी रुपमा सम्झौता कार्यान्वयनमा सहजता नआउने हुँदा यथाशीघ्र कानून बनाई प्रतिवेदन गर्ने प्रणालीको विकास गर्नु पर्दछ ।

९. **क्षमता अभिवृद्धि तथा जनशक्ति विकासः** जुनसुकै सम्झौता कार्यान्वयन, कार्यक्रम सञ्चालन र उपलब्धी प्राप्तिको निमित्त क्षमता अभिवृद्धी, जनशक्ती विकास एवं उत्तराधिकारी योजना अपरिहार्य रहन्छ । सम्झौता कार्यान्वयनसंग सम्बन्धित क्षमता अभिवृद्धी, जनशक्ती विकास एवं उत्तराधिकारी योजना बनाई सम्झौता कार्यान्वयन गर्ने गरेको पाइएन । सम्झौता कार्यान्वयनको निमित्त तोकिएको जिम्मेवार ब्यक्ति (Focal Person) मात्र विभिन्न अन्तर्राष्ट्रियस्तरमा हुने छलफल, सेमिनार र गोष्ठि कोप (COP) र मोप (MOPs) मा भाग लिन जाने र निजको सरुवा एवं अवकास भइ गएमा सम्झौता कार्यान्वयन अवस्था बारेमा भए गरेका कार्यहरु बारे औपचारिक रुपमा बहाल हुन आउनेलाई हस्तान्तरण गर्ने उपयुक्त विधि र प्रक्रिया रहेको देखिएन । क्षमता अभिवृद्धि आवश्यकता पहिचान सो आधारमा कार्यक्रम सञ्चालन, जनशक्ति विकास एवं उत्तराधिकारी योजना सम्बन्धि नीतिको अभावका कारण यस किसिमको समस्या भोग्नु परेको अवस्था

देखिन्छ । जसको कारण सम्झौता कार्यान्वयनमा ढिलाई हुने सम्भावना रहन्छ । तसर्थ क्षमता अभिवृद्धि कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने एवं उत्तराधिकारी योजना सम्बन्धि नीति बनाई लागू गर्नुपर्दछ ।

१०. **स्रोत व्यवस्थापनः** दिगो रुपमा सम्झौता कार्यान्वयनको निमित्त स्रोत व्यवस्थापन महत्वपूर्ण पक्ष हो। नेपाल एक अतिकम विकसित मुलुक भएको र स्रोतको निमित्त बैदेशिक सहायतामा भर पर्नु परेको र प्रतिबद्धता बमोजिम स्रोत प्राप्त गर्न नसकेको कारण दिगो एवं प्रभावकारी रुपमा सम्झौता कार्यान्वयन हुन नसकेको अवस्था रहेको छलफलका क्रममा जानकारी प्राप्त भयो । तर के कती स्रोत के कस्ता कार्यक्रमको लागी आवश्यक पर्ने सम्बन्धमा यकिन तथ्याङ्क समेत उपलब्ध नरहेको अवस्था छ । स्रोत प्राप्ति सम्बन्धी दिर्घकालीन रणनीतिको अभावका कारण स्रोत व्यवस्थापनमा कमजोरी रहन गएको देखिन्छ। पर्याप्त मात्रामा स्रोत व्यवस्थापन हुन नसक्दा सम्झौता कार्यान्वयन हुन नसक्ने अवस्था रहन सक्दछ । तसर्थ विभिन्न अध्ययन र अनुसन्धानको माध्यमबाट स्रोत व्यवस्थापन सम्बन्धी दीर्घकालीन रणनीति तयार गर्नुपर्दछ ।

११. **क्षेत्रीय सहयोगः** वातावरण एक अन्तरसम्बन्धित विषय भएकोले यसमा पर्ने नकारात्मक प्रभाव न्यूनीकरणको निमित्त क्षेत्रीय समन्वय एवं सहयोगको आवश्यकता पर्दछ । वातावरणमा पर्ने प्रभाव कुनै एक देशमा मात्र सीमित नभई अन्तरदेशीय रुपमा यसका तत्कालिन एवं दीर्घकालीन असर एवं प्रभावहरु हुने हुनाले यो एक साझा विषयको रुपमा रहेको छ । भारत एवं चीन जस्ता बार्षिक कार्बन उत्सर्जन र आर्थिक वृद्धि समेत बढी हुने मुलुकको बीचमा भौगोलिक अवस्थिति रहेको कारण नेपालले ब्यहोरेको वातावरणीय क्षतिको सम्बन्धमा अध्ययन, मूल्याङ्कन एवं विश्लेषण गरी क्षतिपूर्ति प्राप्त गर्ने तर्फ यथेष्ट क्षेत्रीय समन्वय एवं सहयोग हुन सकेको छैन । यस किसिमका मुद्दाहरु क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मञ्चहरुमा उठान गरी राष्ट्रले कार्बन उत्सर्जन न्यूनीकरणमा पुर्याएको योगदान बापत अन्तर्राष्ट्रिय संयन्त्रबाट भुक्तानी पाउन आवश्यक पहल गर्नुपर्ने देखिन्छ । मित्रराष्ट्र एवं अन्य क्षेत्रिय संगठनहरुमा सहयोग एवं समन्वयका लागि बिशेष पहल गर्न जरुरी देखिएको छ।

सम्झौता कार्यान्वयनः नेपाल पक्ष भई गरेका बहुपक्षीय वातावरणीय सम्झौताहरुमध्ये जलवायु परिवर्तन सम्बन्धि संयुक्त राष्ट्र संघीय महासन्धि, सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिका प्रजातिको अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी महासन्धि, रामसार महासन्धि र जैविक विवधता महासन्धीको परिपालनाको अवस्था मुल्यांकन एवं विष्लेषण गर्दा देखिएका ब्यहोरा देहायबमोजिम रहेका छन्

१२. **जलवायु परितवर्तन सम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धिः** नेपालले संयुक्त राष्ट्र संघीय जलवायु परिवर्तन सम्बन्धी प्रारूप महासन्धि)UNFCCC) मा सन् १९९२ जून १२ मा हस्ताक्षर गरी सन् १९९४ मई २ मा अनुमोदन गरेको हो । यस सम्बन्धी ब्यहोरा देहायबमोजिम रहेका छन् :

१२.१. महासन्धिको धारा ४ को उपधारा (१) को खण्ड (एफ) बमोजिम अर्थतन्त्र, जनस्वास्थ्य र वातावरणमा पर्ने नकारात्मक असरलाई कम गर्न सामाजिक, आर्थिक एवं वातावरणीय नीति तथा कार्यक्रमहरुमा जलवायु परिवर्तनको पक्षहरु समावेश गरिनु पर्ने, खण्ड (जी) मा जलवायु परिवर्तनका कारण उत्पन्न हुने अनिश्चितता कम वा निवारण गर्नको निमित्त वैज्ञानिक प्राविधिक, आर्थिक, सामाजिक र अन्य अनुसन्धान कार्य, प्रणालीबद्ध अवलोकन र जलवायु प्रणालीसँग सम्बन्धित तथ्याङ्क अभिलेखिकरण गर्ने कार्य उल्लेख छ। सन् २०१६ मा नेपालले पहिलो र सन् २०२० मा दोस्रो राष्ट्रिय निर्धारित योगदान)Nationally Determined Contributions - NDC) महासन्धिको सचिवालयमा पेश गरेको छ। जस अनुसार दाताबाट सहायता प्राप्त भएको अवस्थामा २०३० सम्ममा १५००० मेगावाटसम्म स्वच्छ उर्जा (Clean Energy)

उत्पादन गर्ने र सहायता प्राप्त नभएमा ५००० मेगावाट उर्जा उत्पादन गर्ने लक्ष्य राखेको छ ।निर्धारित लक्ष्य प्राप्त गर्न आवश्यक पर्ने स्रोतको व्यवस्थापन गर्न खास रणनीति तयार गरेको देखिन्छ । उक्त रणनीतिहरुको कार्यान्वयन अवस्थाको बारेमा कुनै प्रगति प्रतिवेदन तयार भएको पाइएन, जसबाट कार्यान्वयन अवस्थाको विश्लेषण तथा मूल्याङ्कन हुन सकेको छैन ।

१२.२. सन् २०३० सम्म यातायात क्षेत्रबाट हुने कार्बन उत्सर्जन न्यूनीकरणको लागी कुल व्यक्तिगत सवारी साधन बिक्रीको ९० प्रतिशत बिक्री विद्युतीय सवारी साधन हुने, २०० किलोमीटर विद्युतीय रेल विस्तार गर्ने, खाना पकाउने ग्याँसबाट हुने कार्बन उत्सर्जन न्यूनीकरणको लागि २५ प्रतिशत घरधुरीले विद्युतीय चुलो प्रयोग गरेको हुने, सन् २०२५ सम्ममा ग्रामीण क्षेत्रमा ५ लाख सुधारिएको चुलो, २ लाख घरधुरीमा बायोग्याँस प्लान्ट र २०० वटा ठुला ग्याँस प्लान्ट जडान गरी प्रयोग हुने र वन क्षेत्र व्यवस्थापनको लागि सन् २०३० सम्ममा ४५ प्रतिशत भू-भाग वन क्षेत्रले ओगटेको हुने आदि लक्ष्य तोकेको छ । नेट जिरो उत्सर्जनको निमित्त तयार पारिएको दिर्घकालीन रणनीतिमा समेत जलवायु परिवर्तनको जोखिम नियन्त्रणको निमित्त राष्ट्रिय निर्धारित योगदानसग तादाम्यता रहने गरी लक्ष्य निर्धारणका आधार प्रस्तुत गरेको छैन। बस्तुनिष्ठ ढङ्गबाट लक्ष्य तयार नगर्दा तोकिएको लक्ष्य र अपेक्षित नतिजाबीचको सम्बन्ध विश्लेषण गरेर अगाडि बढ्न सक्ने अवस्था रहँदैन । जलवायु परिवर्तनसंग सम्बन्धित नीतिहरुसमेत विभिन्न क्षेत्रसँग अन्तरसम्बन्धित रहेको र नीतिहरु छरिएर रहेको छ । वातावरणीय, सामाजिक एवं सुशासन (Environment, Social and Governance- ESG) संग सम्बन्धित नीतिमा बैंक तथा वित्तीय संस्थाहरुमा लागू हुने गरी वातावरणीय तथा सामाजिक जोखिम व्यवस्थापन सम्बन्धी निर्देशिका तयार गरी नेपाल राष्ट्र बैंकले लागू गरेको छ । यसरी यातायात क्षेत्र, औद्योगिक क्षेत्र एवं अन्य क्षेत्रमा समेत नीति तथा कार्यक्रम बनाई लागू गर्नुपर्नेमा सो बमोजिम भएको पाइएन । वातावरणीय, सामाजिक एवं सुशासनसंग सम्बन्धित नीतिहरु तयार भई लागु नहुनुमा सबै पक्षको प्रतिवद्धता एवं स्रोत साधन, लगानी आदिको अभाव हुनु मुख्य कारणको रुपमा रहेका छन् ।

१२.३. यसरी उपयुक्त नीति बनाई लागु नगर्नाले भविष्यमा बाह्य लगानी भित्र्याउन एवं अन्तर्राष्ट्रिय क्लाईमेट कोषबाट लगानी एवं सहायता प्राप्त गर्न समेत कठिनाई पुग्न जाने देखिन्छ । जलवायु परिवर्तन सम्बन्धी अध्ययन अनुसन्धान गरी प्रतिवेदनहरु प्रकासन भएको सम्बन्धमा जानकारी प्राप्त भए तापनी कार्बन उत्सर्जन गर्ने एवं खपत गर्ने हरित प्रविधि प्रबर्द्धनमा सघाउ पुग्ने किसिमका अनुसन्धानहरु कम मात्रामा हुने गरेको पाईयो । यसरी क्षेत्रगत रुपमा अनुसन्धान कम हुनुमा दक्ष जनशक्ती, स्रोतको अभाव र न्युनीकरण भन्दा अनुकूलनमा राज्यका नीतिहरु बढी केन्द्रीत रहनु जस्ता प्रमुख कारणको रुपमा रहेको पाइएको छ । हरित प्रविधि प्रबर्द्धन गर्ने उद्देश्यले अनुसन्धान र तथ्यांक विश्लेषण नहुँदा प्रदुषण नियन्त्रण कार्यमा प्रभाव पर्ने र राष्ट्रिय निर्धारित योगदानमा उल्लेखित लक्ष्यहरु प्राप्त गर्न कठिनाई हुने देखिन्छ । जलवायु सम्बन्धी अनुसन्धान कार्यमा नेपाल सरकारको तर्फबाट कुनै रकम परिचालन नगरी संयुक्त राष्ट्रसंघ वातावरण कार्यक्रमको तर्फबाट रकम प्राप्त गरी अनुसन्धान गर्ने गरेको कार्यालयबाट छलफलका क्रममा जानकारी प्राप्त भयो । यसरी आधारभूत तथ्यांक सङ्कलन र अनुसन्धान कार्य राज्यको प्राथमिकतामा नपर्नुमा स्पष्ट रणनीतिको अभाव प्रमुख कारणको रुपमा रहेको छ । नेपाल सरकारले अनुसन्धान कार्यलाई बजेट व्यवस्था नगर्नाले अनुसन्धान कार्यमा अपनत्वको कमी हुन गई अनुसन्धानबाट प्राप्त नतिजा लागु नहुन सक्ने अवस्था रहने हुन सक्दछ ।

उचित स्रोत साधनको प्रयोग गरी यथार्थपरक लक्ष्यहरु निर्धारण गरि प्रतिबद्धता पुरा गर्ने तर्फ ध्यान पुर्याउनु पर्दछ । सबै क्षेत्रमा वातावरणीय, सामाजिक एवं सुशासनसंग सम्बन्धित नीति र निर्देशिका बनाई लागु गराउनु पर्दछ । अनुसन्धान कार्यमा आवश्यकता अनुसार कार्यक्रम स्वीकृत बजेट विनियोजन र खर्च गर्ने परिपाटीको थालनी गर्नुपर्दछ । प्रविधि क्षेत्रको अनुसन्धान कार्यलाई प्राथमिकतामा राख्ने तर्फ समेत ध्यान पुर्याउनु पर्दछ ।

१३. **जलवायु परिवर्तन वित्तीय ब्यवस्थापनः** नेपाल सरकारले जलवायु परिवर्तन बजेट कोड तयार गरि सोही बमोजिम जलवायु बजेट तयार गरि लागु गर्ने गरेको छ । जस सम्बन्धमा निम्नानुसार देखिएको छः

१३.१. मध्यमकालीन खर्च संरचनामा जलवायु सम्बन्धी परियोजनाहरुको लागत, स्रोत एवं अपुग रकम सम्बन्धमा उल्लेख भए तापनि सरकारले प्रस्तुत गर्ने व्यय अनुमानमा सो सम्बन्धमा कुनै ब्याख्या गर्ने गरेको पाइएन। सरकारको वित्तीय रणनीतिहरुले बृहत आर्थिक सूचकहरुसँग सम्बन्धित लक्ष्यलाई प्राथमिकतामा राख्ने गरेको जसमा जलवायुसँग सम्बन्धित लक्ष्यहरु समावेश हुने गरेको पाइएन ।

१३.२. जलवायु परिवर्तन बजेट संकेत प्रयोगमा ल्याएको भएतापनि सम्बन्धित बजेट र खर्चलाई वातावरणीय दृष्टिकोणबाट अनुगमन गर्न प्रयोग गरिएका वातावरणीय संकेत-१९९२, रियो संकेत, वातावरणीय परिवर्तन न्युनीकरण संकेत-१९९८, जैविक विविधता संकेत-१९९८, जलवायु परिवर्तन अनुकुलन संकेत-२०१०, जस्ता पहिचान संकेतहरुको प्रयोग हुन सकेको छैन ।

१३.३. जलवायु सम्बन्धी जोखिमहरु समेटिएको वित्तीय जोखिम प्रतिवेदन तयार गरी प्रकाशन गर्ने ब्यवस्था रहेको छैन।साथै निकायहरुले जलवायु जोखिमहरु पहिचान गर्ने, मुल्यांकन गर्ने, र तीनको प्रतिवेदन गर्ने ढाँचा तयार गरेको छैन ।

१३.४. यसरी जलवायु बजेट कार्यान्वयन प्रभावकारी नहुनुमा कमजोर कार्यान्वयन संयन्त्र एवं कार्यपद्दती, मध्यकालीन खर्च संरचना एवं बजेटबीच तादाम्यता नहुनु, प्राथमिकता निर्धारण प्रणाली यथार्थपरक एवं आवश्यकताको आधारमा नगरिनु आदि जस्ता प्रमुख कारणहरु रहेका छन् । यसरी बजेटमा जलवायु सम्बन्धी लक्ष्य किटान नगरिने र जलवायु परिवर्तन परियोजनाको यथेष्ट ब्याख्या नगर्नाले जलवायु बजेट कार्यान्वयनमा असर पुग्न जाने र दिगो विकास लक्ष्य हासिल गर्नमा कठिनाई उत्पन्न हुन पुग्दछ ।

मध्यमकालिन खर्च संरचना र बजेटबीच उचित तादाम्यता कायम राख्दै बजेटमा जलवायु सम्बन्धी परियोजनाको स्पष्ट ब्याख्या सहित रणनैतिक लक्ष्यहरु किटान गरिनु पर्दछ ।साथै जलवायु सम्बन्धी परियोजनाको स्पष्ट व्याख्या सहित रणनैतिक लक्ष्यहरु किटान गरिनु पर्दछ ।

१४. **जलवायु उत्तरदायी खरिद कार्यः** जलवायु परिवर्तनबाट हुन सक्ने सम्भावित क्षति एवं प्रकोप नियन्त्रणको निमित्त गरिने खरिद प्रकृया समेत जलवायु उत्तरदायी हुनुपर्दछ । जस सम्बन्धमा निम्नानुसार देखिएको छः

१४.१. सरकारी कार्यालय एवं निकायहरुले जलवायु परिवर्तनसँग सम्बन्धित खरिदको लागी खरिद ऐन तथा नियमावलीमा भएका खरिद विधि एवं प्रकृयाहरुको सामान्य एवं विशेष प्रावधानहरुको पालना गरि खरिद गर्ने गरेको छ । यसका निमित्त कुनै छुट्टै विधि एवं प्रकृया तोकिएको छैन ।बोलपत्र सम्बन्धी स्टयाण्डर्ड विडिङ्ग डकुमेन्टमा समेत जलवायु परिवर्तनसँग सम्बन्धित कुनै छुट्टै स्पेसिफिकेशन एवं मापदण्ड तयार गर्ने गरेको पाइएन । जलवायु उत्तरदायी खरिद कार्यको सम्बन्धमा छुट्टै प्रतिवेदन प्रणाली नरहेको अवस्था छ।

१४.२. ऐन तथा नियमावलीमा जलवायु सम्बन्धी खरिद कार्य र प्रतिवेदन कार्यको सम्बन्धमा छुट्टै व्यवस्था नभएको कारण जलवायु उत्तरदायी खरिद कार्य कार्यान्वयन हुन नसकेको देखिन्छ । जलवायु उत्तरदायी खरिद कार्य सम्बन्धी छुटै कानूनी व्यवस्था नहुँदा जलवायु परिवर्तन सम्बन्धी कार्यक्रमहरुको अनुगमन तथा मुल्याङ्कन कार्यमा प्रभाव पर्ने देखिन्छ ।

जलवायु उत्तरदायी खरिद कार्यलाई संस्थागत गर्नको निमित्त आवश्यक कानूनी तथा नीतिगत व्यवस्था गरिनु पर्दछ ।

१५. **सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिका प्रजातिको अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी महासन्धि, १९७३ :** सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिका प्रजातिको अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी महासन्धी, १९७३ को कार्यान्वयन गर्ने सम्बन्धमा नेपालले संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण गर्न बनेको ऐन, २०७३ र नियमावली समेत तयार गरी लागू गरेको छ । जसबाट सन्धिको व्यवस्थाको परिपालनाको निमित्त बनेको ऐनको कार्यान्वयनस्थितिको सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम रहेको छः

१५.१. ऐनको दफा ११ मा वन्यजन्तु वा वनस्पतिको अस्तित्वउपर जोखिम हुन नहुने कुरा उल्लेख भए बमोजिम सोही दफाको उपदफा २ मा सङ्कटापन्न वन्यजन्तु वा वनस्पति वा सोको नमूनाको कारोबार गर्न अनुमतिपत्र प्रदान गरेपछि त्यस्तो अनुमतिपत्र प्राप्त व्यक्ति, संस्था वा निकायले त्यस्तो वन्यजन्तु वा वनस्पतिको प्रयोग गरेको छ छैन सोको व्यवस्थापन गर्न अख्तियारी दिएको निकायले नियमित अनुगमन वा निगरानी गर्ने, ऐनको दफा १३ मा सङ्कटापन्न बन्यजन्तु वा वनस्पतिको प्रजाति दर्ता गराउनु पर्ने, ऐनको दफा १४ मा पैठारी गरिएको सङ्कटापन्न बन्यजन्तु वा वनस्पति वा सोको नमूना दर्ता गराउनु पर्ने, ऐनको दफा २२ बमोजिम जफत भएका मालवस्तुको विवरण र दफा ३० बमोजिम व्यवस्थापन हुनुपर्ने र ऐनको परिच्छेद ५ मा कसुर र सजाय सम्बन्धी व्यवस्था रहेको छ ।

१५.२. व्यवस्थापन निकायबाट प्राप्त विवरण बमोजिम वनस्पतीतर्फको व्यवस्थापन निकाय वन तथा भू-संरक्षण विभागले आर्थिक बर्ष २०७६।७७ र २०७७।७८ मा शुन्य, २०७८।७९ मा २ पटक मात्र अनुगमन गरेको छ । वन्यजन्तुतर्फ राष्ट्रिय निकुञ्ज विभागबाट अनुगमन सम्बन्धी विवरण प्राप्त नभएको अवस्था छ। दुवै व्यवस्थापन निकायमा अनुगमन सम्बन्धी मापदण्ड रहेको पाइएन । यसरी प्रभावकारी अनुगमन नहुनुमा व्यवस्थापन पक्षले अनुगमनलाई उचित रुपमा महत्व नदिनु प्रमुख कारणको रुपमा रहेको छ । ऐनमा उल्लेखित व्यवस्था बमोजिम दुवै व्यवस्थापन निकायबाट सङ्कटापन्न बन्यजन्तु र वनस्पतिको प्रजाति दर्ता नभएको विवरण प्राप्त भएको छ । राष्ट्रिय निकुञ्ज बिभागबाट प्राप्त विवरण बमोजिम आर्थिक बर्ष २०७६।७७, २०७७।७८ मा शुन्य कसुर सजाय र २०७८।७९ मा हात्ती ओसार पसारमा ५ व्यक्ति संलग्न रहेको एक कसुर गरेको विवरण प्राप्त भएको छ । त्यसैगरी वन तथा भू-संरक्षण बिभागमा कसुर र सजाय सम्बन्धी बिवरण नरहेको जानकारी प्राप्त भएको छ । यस ऐन बमोजिम कसुर गरी सजाय पाएको अद्यावधिक विवरण सम्बन्धित व्यवस्थापन निकायमा रहनु पर्नेमा रहेको पाइएन ।

१५.३. यसरी जिम्मेवार व्यक्तिले आफ्नो जिम्मेवारी पुरा गर्न ध्यान नदिएको र सुपरिवेक्षण गर्ने निकायले समेत नियमित सुपरिवेक्षण नगर्ने प्रमुख कारणको रुपमा रहेको छ । कसुर सजाय सम्बन्धी विवरण अद्यावधिक नहुँदा भविष्यमा नीति निर्माण कार्य यथार्थपरक हुन नसक्ने अवस्था रहन्छ । ऐनमा उल्लेखित व्यवस्था बमोजिम दुवै व्यवस्थापन निकायबाट सङ्कटापन्न बन्यजन्तु वा वनस्पति वा सोको नमुना दर्ता नभएको विवरण प्राप्त भएको छ । यसो हुनुमा हालसम्म कुनै पैठारी नभएर हो वा पैठारी भएको तर दर्ता नभएको हो स्पष्ट विवरण खुलेको छैन । ऐनमा उल्लेखित व्यवस्था बमोजिम वन तथा भू-संरक्षण विभागबाट रक्त

चन्दन बरामद भएको तर सोको ब्यवस्थापन हुन नसकेको जानकारी प्राप्त भएको छ भने राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट मालसामान जफत सम्बन्धी विवरण प्राप्त भएन । बरामद भएको रक्तचन्दन ऐन बमोजिम भारतले फिर्ता लैजानु पर्नेमा आंशिक रुपमा फिर्ता लगेको र केही प्रकृयागत कारणवश फिर्ता लैजान ढिलाई भएको जानकारी वन तथा भुसंरक्षण विभागबाट प्राप्त भएको छ । तर राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट कुनै कारण खुलेको छैन । यसरी जफत भएका मालसामानको ब्यवस्थापन नहुनु र अभिलेख समेत चुस्त दुरुस्त नरहँदा प्रशासनिक जवाफदेहीता कमजोर हुन सक्ने अवस्था रहन्छ ।

प्रजाती दर्ता गराउने कार्यको बस्तुनिष्ठ मूल्याङ्कन गरी दर्ता प्रक्रियालाई अघि बढाउने, अभिलेख अद्यावधिक राख्ने र कानून कार्यान्वयन सम्बन्धमा तालुक निकायले अनुगमन गरी प्रकृयागत जटिलता र अभिलेख ब्यवस्थापनमा रहेका समस्या समाधान गर्न ध्यान पुर्याउनु पर्ने देखिएको छ ।

१६. **रामसार महासन्धिः** यस सम्बन्धी ब्यहोरा देहायबमोजिम रहेका छन् :

१६.१. महासन्धीको धारा ३ को उपधारा १ मा सीमसार क्षेत्र संरक्षणको लागी प्रत्येक पक्षराष्ट्रले सो सम्बन्धी योजना तर्जुमा एवं कार्यान्वयन गर्नुपर्ने ब्यवस्था रहेको छ । सिमसार क्षेत्रहरुको संरक्षण, पुनर्स्थापना तथा सिमसार क्षेत्रको एकीकृत ब्यवस्थापनका साथै सहभागितामूलक, पारदर्शी र जवाफदेही ब्यवस्थापन तथा दिगो तथा बुद्धिमता उपयोग गर्ने नीति लिई तर्जुमा भएको राष्ट्रिय राष्ट्रिय सिमसार नीति, २०६९ कार्यान्वयनमा रहेको छ । राष्ट्रिय सिमसार नीति, २०६९ मा केन्द्रीय स्तरमा राष्ट्रिय सिमसार समिति तथा जिल्ला सिमसार समिति रहने व्यवस्था रहेको छ पन्ध्रौं योजना (२०७६।७७-२०८०।८१) मा तालतलैया संरक्षण र विकास गरी पर्यटन प्रबर्द्धनसित आवद्ध गर्ने कार्यनीति लिएको छ । राष्ट्रिय वन नीति, २०७५ ले सिमसार क्षेत्रको संरक्षण, ब्यवस्थापन र दिगो उपयोग गर्ने नीति अंगिकार गरेको छ । पन्ध्रौं योजना (२०७६।७७-२०८०।८१) मा तालतलैया संरक्षण र विकास गरी पर्यटन प्रबर्द्ध सित आवद्ध गर्ने कार्यनीति लिएको छ । राष्ट्रिय ताल संरक्षण विकास समिति (गठन) आदेश, २०६३ बमोजिम वन तथा वातावरण मन्त्रालय मातहत राष्ट्रिय ताल संरक्षण विकास समिति गठन भई सो समितिले सिमसार क्षेत्रको संरक्षण तथा विकास सम्बन्धी नीति तर्जुमाको विषयमा परामर्श, समन्वय, कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने गर्दछ ।राष्ट्रिय रामसार रणनीति तथा कार्ययोजना (सन् २०१८-२४) ले रामसार क्षेत्रको संरक्षण, बुद्धिमता उपयोग तथा तीनै तहको सरकारलाई संलग्न बनाउने रणनीति लिएको छ । राष्ट्रिय सिमसार नीति, २०६९ तथा राष्ट्रिय रामसार रणनीति तथा कार्ययोजना (सन् २०१८-२०२४) अनुरुप रामसारमा सूचीकृत सिमसार क्षेत्रहरुको ब्यवस्थापन योजना (Site Management Plan) हरु तयार भई कार्यान्वयनमा रहेको छ । त्यस्तै संरक्षित क्षेत्र कार्यालयहरुको ब्यवस्थापन योजना कार्यान्वयनले समेत सिमसार क्षेत्रलाई समावेश गरेको हुन्छ । राष्ट्रिय जैविक विविधता रणनीति तथा कार्ययोजना (सन् २०१४-२०२०) ले समेत सिमसार क्षेत्रलाई जैविक विविधताको छुट्टै विषयमा समावेश गरी कार्ययोजना तर्जुमा गरेको छ। साथै सो कार्ययोजनाले राष्ट्रिय सिमसार नीतिको कार्यान्वयनमा जोड दिने उल्लेख गरेको छ । संरक्षित क्षेत्र कार्यालयहरुको ब्यवस्थापन योजना तर्जुमा हुँदा राष्ट्रिय जैविक विविधता रणनीति तथा कार्ययोजना (सन् २०१४-२०२०), नेपाल सरकारको पन्ध्रौं योजना लगायतलाई समेत आधार लिने गरिएको छ भने ब्यवस्थापन योजनाको आवधिक मूल्याङ्कन हुने व्यवस्था रहेको छ । यस सम्बन्धमा निम्नानुसार देखिएको छः

१६.२. राष्ट्रिय सीमसार नीति, २०६९, वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ र सीमसार क्षेत्र संरक्षणको लागी व्यवस्थापन योजना तयार गरी लागू गरेको भएतापनि उक्त नीति, ऐन र योजना बमोजिम पर्याप्त काम कारबाही भए गरेको सम्बन्धमा सम्बन्धित निकायबाट अनुगमन एवं कार्यान्वयन गरेको पाइएन । उदाहरणको लागि सम्मानित सर्वोच्च अदालतबाट प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय समेतलाई विपक्षी बनाई २०६३।५।११ मा भएको उत्प्रेषणमा "आयोजना सञ्चालन गर्दा त्यसबाट वातावरणमा पर्ने प्रभावको मूल्याङ्कन (ETA) गर्नुपर्ने गरी वातावरण संरक्षण ऐनले गरेको व्यवस्था बमोजिम नहरको पानी तालमा राख्ने र बढी भएमा Outlet बाट लैजाने भनी गर्न लागिएको कार्यका सम्बन्धमा वातावरणमा पर्ने प्रभावको मूल्याङ्कन समेत भए गरेको नपाइनाले वीसहजारी तालको दक्षिण किनारामा खनिएको खाल्टो र त्यहाँ गर्न लागिएका अन्य योजनाहरू कार्यान्वयन गर्दा वातावरण संरक्षण ऐन, २०५३ को दफा ३, ४ र ५ तथा सीमसार नीति २०५९ र रामसार महासन्धि १९७१ र जैविक विविधता महासन्धि १९९२ अनुकूल काम भएको छ भनी मान्न नमिल्ने "निर्णय भएको पाइएको छ । यसरी विगतमा भएको उदाहरणलाई विश्लेषण गर्दा सरकार आफैले कार्यान्वयन गर्ने योजनामा समेत रामसार महासन्धीमा व्यक्त प्रतिबद्धता कार्यान्वयन हुने गरेको पाइएन। यसो हुनुमा विद्यमान नीति र कानूनको पालना गर्नेतर्फ सम्बन्धित निकायले तदारुकता नदेखाउनु जस्ता प्रमुख कारणको रुपमा रहेको छ ।

सम्झौतामा उल्लेखित शर्तहरु कार्यान्वयन नहुँदा प्राकृतिक स्रोत साधनको संरक्षणमा चुनौति देखा पर्ने भएकोले यस सम्बन्धमा सघन अनुगमन गर्नुपर्ने देखिएको छ ।

जैविक विविधता महासन्धिः

१७. महासन्धीको धारा ८ मा पक्षराष्ट्रहरुले पारिस्थितिकीय प्रणाली, प्राकृतिक आवास र प्रजातिलाई खतरामा पार्ने वा पार्न सक्ने बाह्य मिचाहा प्रजातिको नियन्त्रण र उन्मुलनको प्रयत्न गर्नुपर्ने र धारा १६ मा जैविक विवधता तथा सोको दिगो उपयोग एवं आनुवंशिक स्रोतको प्रयोगका लागी वातावरणलाई हानि नहुने गरी पक्षराष्ट्रहरुमा जैविक प्रविधितर्फको पहुँच तथा हस्तान्तरण हुनुपर्ने व्यवस्था छ । यस सम्बन्धमा निम्नानुसार देखिएको छ :

१७.१. नेपालले खासगरी भारत, चीन र भुटानसँग जैविक विविधताको संरक्षणको सिलसिलामा सहकार्य गर्दै आएको छ । नेपाल र चीनवीच सन् २०१० मा जैविक विविधता संरक्षण सम्बन्धमा सूचना, सहयोग आदान प्रदान गर्न, वैज्ञानिक सहकार्य, आदि गर्न Memorandum of Understanding मा हस्ताक्षर भएको थियो । सन् २०१९ मा सगरमाथा क्षेत्रको जैविक विविधता, वातावरण, जलवायू परिवर्तन लगायतको क्षेत्रमा सहकार्य गर्न नेपाल र चीन वीच Memorandum of Understanding मा हस्ताक्षर भई कार्यान्वयन भईरहेको छ । वन तथा वातावरण मन्त्रालय अन्तर्गतका विभागहरुले विभिन्न पक्षराष्ट्रहरुमा रहेका संस्थाहरुसँग Memorandum of Understanding गरी प्राविधिक तथा वैज्ञानिक सहकार्य गर्दै आएको अवस्था छ । नेपालले विभिन्न सार्क क्षेत्रका देशहरु लगायत सदस्य रहेका अन्तरसरकारी क्षेत्रीय संस्थाहरुको सदस्य भई सो मार्फत विभिन्न पक्षराष्ट्रहरुसँग जैविक विविधता संरक्षण, वन्यजन्तु अपराध नियन्त्रण, पर्वतीय क्षेत्र, वातावरण आदि क्षेत्रमा सहकार्य गर्दै आएको छ । त्यस किसिमका नेपाल सदस्य रहेका अन्तरसरकारी क्षेत्रीय संस्थाहरुमा ICIMOD (International Centre for Integrated Mountain Development), SAWEN (South Asia Wildlife Enforcement Network) र SACEP (South Asia Co-operative Environment Programme) पर्दछन् ।यस महासन्धि कार्यान्वयनको सिलसिलामा तयार गरी

महासन्धिको सचिवालयमा समेत पेश गरिएका राष्ट्रिय जैविक विविधता रणनीति (२००२) र राष्ट्रिय जैविक विविधता रणनीति तथा कार्ययोजना (२०१४ र २०२०) ले महासन्धिका उद्देश्यहरुलाई क्षेत्रीय तथा अन्तर क्षेत्रीय योजना, कार्यक्रमहरु र नीतिहरुमा एकीकरण गर्न रणनीति तथा कार्यक्रम निर्दिष्ट गरेको पाईन्छ । उल्लेखित रणनीति दस्तावेजहरुमा वन तथा वातावरण मन्त्रालयका मन्त्री अध्यक्ष रहने राष्ट्रिय जैविक विविधता समन्वय समिति गरिएको जसमा वन, कृषि, उर्जा, अर्थ, उद्योग, कानून लगायतका क्षेत्रका सरकारी निकाय, नीजि क्षेत्र, समुदायमा आधारित संघ संस्था, विकास साझेदार आदिको प्रतिनिधित्व रहने व्यवस्था रहेको छ । यस समिति मार्फत अन्तर क्षेत्रीय योजना, कार्यक्रमहरु र नीतिहरुमा जैविक विविधता संरक्षणको विषय मूलप्रवाहीकरण गरिएको छ । जैविक विविधता वन तथा वातावरण मन्त्रालय र कृषि तथा पशुपंक्षी विकास मन्त्रालयमा प्रभावकारी रुपमा मूलप्रवाहीकरण गरिए तापनि सिंचाई, उर्जा, भौतिक पूर्वाधार आदिको क्षेत्रमा पर्याप्त रुपमा मूलप्रवाहीकरण हुन बाँकी नै छ ।

१७.२. नेपालमा खासगरी बाह्य मिचाहा प्रजातिहरुको पहिचान, वितरणको नक्सांकन, प्राथमिकिकरण आदि हुनुका साथै संवेदनशील क्षेत्रबाट हटाउने कार्य, विस्तार हुन नदिने, जनचेतना अभिवृद्धि गर्ने, नियन्त्रित डढेलो लगाउने, बाह्य मिचाहा प्रजातिको प्रयोग गरी वायोब्रिकेट बनाउने, जैविक मल बनाउने, ईन्धनको रुपमा प्रयोग गर्ने लगायतका कार्यहरु भईआएका छन् । तथापि ती प्रयासहरु स्रोत साधन, ज्ञान, सूचना, समन्वय आदिको कमीको कारण अपर्याप्त रहेको जानकारी प्रश्नावलीको माध्यमबाट प्राप्त भयो । त्यसैगरी महासन्धिका अन्य पक्षराष्ट्रमा रहेका प्रविधि माथिको पँहुच तथा पक्षराष्ट्रहरुबीच प्रविधि हस्तान्तरण सम्बन्धी विषयमा विदेशी सरकार, संघ वा संस्थासँग सम्झौता गरी आवश्यक सहकार्य गरी नेपालले अपेक्षित लाभ हासिल गर्न सकेको छैन । यसको मुल कारण कानूनी संरचनाको अभाव रहेको जवाफ प्राप्त भएको छ । उदाहरणको रुपमा अनुवंशिक स्रोतहरुबाट प्राप्त हुने लाभको बाँडफाँट सम्बन्धी कानूनको मस्यौदा तयार भए पनि संसदबाट पारित नभएको अवस्था रहेको छ । यसरी सहकार्यमा कमी हुनुमा अन्तरनिकाय समन्वयको अभाव लगायतका कारण रहेको पाईयो । जसबाट जैविक विविधताको दिगो उपयोगमा कमी हुन गई वातावरणमा नकारात्मक प्रभाव पर्न सक्ने अवस्था देखिन्छ ।

बाह्य मिचाहा प्रजातिको नियन्त्रण कार्यमा कमी हुँदा जैविक विविधता संरक्षणमा समस्या उत्पन्न हुने हुँदा उचित स्रोत साधनको व्यवस्थापन गरी समन्वयात्मक ढंगबाट बाह्य मिचाहा प्रजातिको नियन्त्रण गर्नुपर्दछ । तसर्थ यथाशीघ्र आवश्यक कानूनहरु निर्माण गरी प्रविधिमा पहुँच एवं हस्तान्तरणलाई सुनिश्चितता गरिनु पर्दछ ।

परिच्छेद - ४

निष्कर्ष तथा सुझाव

नेपालको संविधान, ऐन, कानूनमा रहेको अन्तर्राष्ट्रिय संधि सम्झौता कार्यान्वयन सम्बन्धी व्यवस्था, राष्ट्रिय अन्तर्राष्ट्रिय रुपमा गरिएका प्रतिबद्धता, सम्झौतासँग सम्बन्धित नीति, नियम तथा कार्यक्रम, सम्झौता कार्यान्वयनमा संलग्न जनशक्ती आदि बहुपक्षीय सम्झौता कार्यान्वयनका सबल पक्षका रुपमा रहेका छन् भने कमजोर कार्यान्वयन संयन्त्र, स्रोतको अभाव, समन्वयको अभाव र कर्मचारीको कमजोर मनोबल आदि कमजोरीको रुपमा देखिएको छ । त्यसैगरी अन्तर्राष्ट्रिय विकास साझेदार एवं संघ, संस्थाले वातावरण विषयलाई महत्व दिई विभिन्न प्रकारका सहयोगको निमित्त तत्परता देखाउनु, वातावरण क्षेत्रमा भएको नयाँ प्रविधिको विकास, संघीयताको माध्यमबाट सरकारको ग्रामीण भेगमा सहज पहुँच र अन्तराष्ट्रियस्तरमा खडा भएका विभिन्न वातावरण सम्बन्धी कोषहरुलाई अवसरका रुपमा सदुपयोग गर्न सके आर्थिक, सामाजिक एवं प्रशासनिक क्षेत्रबाट उत्पन्न चुनौतिको सहज रुपमा

सामना गर्न सकिने वातावरण बन्ने कुरामा आवस्त रहन सकिन्छ । तसर्थ माथि उल्लेखित विषयको अतिरिक्त नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा गरेको प्रतिबद्धताका आधारमा वहुपक्षिय वातावरणीय संझौताको कार्यान्वयन गर्नु पर्दछ ।

बहुपक्षीय वातावरणीय सम्झौता प्रभावकारी कार्यान्वयनको निमित्त देहायबमोजिमका सुझावहरु प्रस्तुत गरिएको छः

- सम्झौता कार्यान्वयनका निमित्त आवश्यक ऐन, नियम, नीतिमा आवश्यक परिमार्जन सुधार गरी कार्ययोजना बनाई लागु गर्ने,
- सम्झौताको अभिलेख चुस्त, दुरुस्त रुपमा राख्नुपर्ने र जिम्मेवारी तोकिँदा स्पष्ट मापदण्ड एवं कार्यविधि तयार गरी तोक्ने प्रणालीको विकास गर्ने,
- सम्झौता कार्यान्वयनको लागी स्रोत साधनको उचित व्यवस्था गरी अन्तरनिकाय समन्वयलाई प्राथमिकतामा राख्ने,
- सम्झौताको प्रभावकारी कार्यान्वयनको लागी जनशक्ती विकास तथा क्षमता अभिवृद्धीलाई जोड दिई जनसहभागिता सुनिश्चित गर्ने,
- क्षेत्रिय सहयोग एवं समन्वयको माध्यमबाट सम्झौता कार्यान्वयनलाई प्रभावकारी बनाउने,
- सम्झौता कार्यान्वयनको निरन्तर अनुगमन गरि नियमित प्रतिवेदन गर्ने प्रणालीको विकास गर्ने,
- पक्ष राष्ट्र भए बापत अन्तर्राष्ट्रिय मञ्चहरुमा नेपालले जनाएको सहभागिता उठाएका मुद्दाहरु र भएका निर्णयहरु सम्बन्धमा सहभागी हुने व्यक्तिले औपचारिक रुपमा प्रतिवेदन गर्ने र सोको उपयुक्त अभिलेख गर्ने व्यवस्था गर्ने ।

अनुसूची -१

नेपालले पक्ष राष्ट्र भई हस्ताक्षर गरेका बहुपक्षीय सम्झौताहरुको सूची

(स्रोतः वन तथा वातावरण मन्त्रालय)

क्र. सं.	Agreement Signature	Agreement Name	Signatures	Ratifications (or similar)	Entry into force
१.	1/25/1924	International Agreement For The Creation Of An International Office For Dealing With Contagious Diseases Of Animals (IEA ID# 2602)		3/12/1998	3/12/1998
२.	6/17/1925	Protocol For The Prohibition Of The Use In War Of Asphyxiating, Poisonous Or Other Gases, And Of Bacteriological Methods Of Warfare (IEA ID# 2603)		5/9/1969	5/9/1969
३.	10/16/1945	Constitution Of The Food And Agriculture Organization Of The United Nations (IEA ID# 2617)			11/21/1951
४.	2/26/1948	Agreement For The Establishment Of The Indo-Pacific Fisheries Commission (IEA ID# 2624)			3/23/1978
५.	12/6/1951	International Plant Protection Convention (IEA ID# 2636)		8/12/1965	8/12/1965
६.	10/14/1955	Amendment To The Agreement For The Establishment Of The Indo-Pacific Fisheries Council (IEA ID# 2661)			3/23/1978
७.	2/27/1956	Plant Protection Agreement For The Asia And Pacific Region (IEA ID# 2663)		8/12/1965	8/12/1965
८.	4/29/1958	Convention On The Continental Shelf (IEA ID# 2672)	4/29/1958		
९.	4/29/1958	Optional Protocol Of Signature Concerning The Compulsory Settlement Of Disputes Arising Out Of The United Nations Conference On The Law Of The Sea (IEA ID# 2673)		4/29/1958	10/27/1963
१०.	4/29/1958	Convention On The High Seas (IEA ID# 2674)	4/29/1958	12/28/1962	1/27/1963
११.	4/29/1958	Convention On Fishing And Conservation Of The Living Resources Of The High Seas (IEA ID# 2675)	4/29/1958		
१२.	12/22/1958	Amendments To The Agreement For The Establishment Of The Indo-Pacific Fisheries Council (IEA ID# 2679)			3/23/1978
१३.	1/20/1961	Amendments To The Agreement For The Establishment Of The Indo-Pacific Fisheries Council (IEA ID# 2697)			3/23/1978
१४.	8/5/1963	Treaty Banning Nuclear Weapon Tests In The Atmosphere, In Outer Space And Under Water (IEA ID# 2726)	8/26/1963	10/7/1964	10/7/1964
१५.	11/3/1967	Amendments To The Plant Protection Agreement For The Asia And Pacific Region (extending geographic scope - Art.1a) (IEA ID# 2762)	11/3/1967	6/4/1969	8/16/1969
१६.	2/2/1971	Convention On Wetlands Of International Importance Especially As Waterfowl Habitat (IEA ID# 2793)		12/17/1987	4/17/1988

१७.	4/10/1972	Convention On The Prohibition Of The Development, Production And Stockpiling Of Bacteriological (Biological) And Toxin Weapons, And On Their Destruction (IEA ID# 2807)	4/10/1972	11/4/2016	11/4/2016
१८.	11/23/1972	Convention For The Protection Of The World Cultural And Natural Heritage (IEA ID# 2812)		6/20/1978	9/20/1978
१९.	3/3/1973	Convention On International Trade In Endangered Species Of Wild Fauna And Flora (IEA ID# 2814)		6/18/1975	9/16/1975
२०.	6/22/1973	Agreement For The Establishment Of A Regional Animal Production And Health Commission For Asia And The Pacific (IEA ID# 2820)		12/29/1975	12/29/1975
२१.	11/6/1976	Amendments To Appendices I and II To The Convention On International Trade In Endangered Species Of Wild Fauna And Flora (COP-1, 1976) (IEA ID# 2859)			2/4/1977
२२.	11/11/1977	Amendments To The Agreement For The Establishment Of The Asia-Pacific Fishery Commission (IEA ID# 4282)			3/23/1978
२३.	12/5/1978	Amendments To The Agreement For The Establishment Of A Regional Animal Production And Health Commission For Asia And The Pacific (Articles III, IX and XIV) (IEA ID# 2889)			12/5/1978
२४.	3/30/1979	Amendments To Appendices I and II To The Convention On International Trade In Endangered Species Of Wild Fauna And Flora (COP-2, 1979) (IEA ID# 2897)			6/28/1979
२५.	3/30/1979	Amendments To Appendices III To The Convention On International Trade In Endangered Species Of Wild Fauna And Flora (COP-2, 1979) (IEA ID# 2898)			6/28/1979
२६.	6/22/1979	Bonn Amendment of Article XI To The Convention On International Trade In Endangered Species Of Wild Fauna And Flora (IEA ID# 2895)		10/21/1982	4/13/1987
२७.	6/22/1979	Amendments To The Plant Protection Agreement For The Asia And Pacific Region (adopting a new title) (IEA ID# 2894)			2/16/1983
२८.	11/8/1979	Amendments To The Agreement For The Establishment Of A Regional Animal Production And Health Commission For Asia And The Pacific (Articles II, VII, VIII, XI, XV, XVI and XX) (IEA ID# 2903)			11/8/1979
२९.	11/28/1979	International Plant Protection Convention (1979 Revised Text) (IEA ID# 2905)			5/8/2006
३०.	2/25/1981	Articles Of Association Of The South Asia Cooperative Environment Programme (IEA ID# 2925)		3/24/1994	3/24/1994
३१.	3/8/1981	Amendments To Appendices I and II To The Convention On International Trade In Endangered Species Of Wild Fauna And Flora (COP-3, 1981) (IEA ID# 4595)			6/6/1981

३२.	12/3/1982	Protocol To Amend The Convention On Wetlands Of International Importance Especially As Waterfowl Habitat (IEA ID# 2946)			4/17/1988
३३.	12/10/1982	United Nations Convention On The Law Of The Sea (IEA ID# 2947)	12/10/1982	11/2/1998	12/2/1998
३४.	4/30/1983	Amendments To Appendices I and II To The Convention On International Trade In Endangered Species Of Wild Fauna And Flora (COP-4, 1983) (IEA ID# 4596)			7/29/1983
३५.	11/3/1983	Amendments To The Plant Protection Agreement For The Asia And Pacific Region (including the People's Republic of China in the definition of the Region - Art.1a) (IEA ID# 2964)			5/23/1990
३६.	11/18/1983	International Tropical Timber Agreement (IEA ID# 2965)		7/3/1990	7/3/1990
३७.	3/22/1985	Convention For The Protection Of The Ozone Layer (IEA ID# 2982)		7/6/1994	10/4/1994
३८.	5/3/1985	Amendments To Appendices I and II To The Convention On International Trade In Endangered Species Of Wild Fauna And Flora (COP-5, 1985) (IEA ID# 4597)			8/1/1985
३९.	11/28/1986	Amendments To The Agreement For The Establishment Of A Regional Animal Production And Health Commission For Asia And The Pacific (Title, Article I and V) (IEA ID# 3008)			11/28/1986
४०.	7/24/1987	Amendments To Appendices I and II To The Convention On International Trade In Endangered Species Of Wild Fauna And Flora (COP-6, 1987) (IEA ID# 4598)			10/22/1987
४१.	9/16/1987	Montreal Protocol On Substances That Deplete The Ozone Layer (IEA ID# 3021)		7/6/1994	10/4/1994
४२.	1/8/1988	Agreement On The Network Of Aquaculture Centres In Asia And The Pacific (IEA ID# 3030)	1/8/1988	1/4/1990	1/11/1990
४३.	3/22/1989	Convention On The Control Of Transboundary Movements Of Hazardous Wastes And Their Disposal (IEA ID# 3042)		10/15/1996	1/13/1997
४४.	5/24/1989	Council Decision To Extend The International Tropical Timber Agreement For A Period Of Two Years (IEA ID# 3044)			7/3/1990
४५.	10/20/1989	Amendments To Appendices I and II To The Convention On International Trade In Endangered Species Of Wild Fauna And Flora (COP-7, 1989) (IEA ID# 4599)			1/18/1990
४६.	6/29/1990	Adjustment To The Montreal Protocol On Substances That Deplete The Ozone Layer (IEA ID# 4007)			10/6/1994
४७.	6/29/1990	Amendment To The Montreal Protocol On Substances That Deplete The Ozone Layer (IEA ID# 3071)		7/6/1994	10/4/1994
४८.	9/7/1990	Agreement On The Organization For Indian Ocean Marine Affairs Cooperation (IEA ID# 3075)	9/7/1990		

४९.	6/6/1991	Council Decision To Extend The International Tropical Timber Agreement For A Period Of Two Years (IEA ID# 3093)			6/6/1991
५०.	10/9/1991	Agreement on the Establishment of the International Plant Genetic Resources Institute (IEA ID# 4609)		8/4/2010	9/23/2011
५१.	3/13/1992	Amendments To Appendices I and II To The Convention On International Trade In Endangered Species Of Wild Fauna And Flora (COP-8, 1992) (IEA ID# 4600)			6/11/1992
५२.	5/9/1992	United Nations Framework Convention On Climate Change (IEA ID# 3126)	6/12/1992	5/2/1994	7/31/1994
५३.	6/5/1992	Convention On Biological Diversity (IEA ID# 3128)	6/12/1992	11/23/1993	2/21/1994
५४.	11/25/1992	Adjustments to Annex A of The Montreal Protocol On Substances That Deplete The Ozone Layer agreed to at the Fourth Meeting of the Parties (IEA ID# 4300)			10/6/1994
५५.	11/25/1992	Adjustments to Annex B of The Montreal Protocol On Substances That Deplete The Ozone Layer agreed to at the Fourth Meeting of the Parties (IEA ID# 4301)			10/6/1994
५६.	11/25/1992	Amendment To The Montreal Protocol On Substances That Deplete The Ozone Layer (IEA ID# 3144)		5/18/2012	8/16/2012
५७.	12/11/1992	Amendment to the Agreement On The Network Of Aquaculture Centres In Asia And The Pacific (IEA ID# 4494)			1/10/1993
५८.	1/13/1993	Convention On The Prohibition Of The Development, Production, Stockpiling And Use Of Chemical Weapons And On Their Destruction (IEA ID# 3149)	1/19/1993	11/18/1997	11/18/1997
५९.	12/4/1993	Amendments To The Agreement For The Establishment Of The Indo-Pacific Fisheries Council (IEA ID# 4358)			11/24/1994
६०.	1/26/1994	International Tropical Timber Agreement (IEA ID# 3176)			5/23/1997
६१.	4/15/1994	Agreement Establishing The World Trade Organization (IEA ID# 3178)			4/23/2004
६२.	4/15/1994	World Trade Organization Agreement on the Application of Sanitary and Phytosanitary Measures (IEA ID# 4580)			4/23/2004
६३.	6/17/1994	Convention To Combat Desertification in Those Countries Experiencing Serious Drought And/or Desertification, particularly in Africa (IEA ID# 3188)	10/12/1995	10/15/1996	1/13/1997
६४.	7/28/1994	Agreement Relating to The Implementation of Part XI of The United Nations Convention on The Law of The Sea (IEA ID# 3193)		11/2/1998	12/2/1998
६५.	11/18/1994	Amendments To Appendices I and II To the Convention on International Trade in Endangered Species of Wild Fauna and Flora (COP-9. 1994) (IEA ID# 4601)			2/16/1995
६६.	12/7/1995	Adjustments to Annex A of The Montreal Protocol on Substances That Deplete the Ozone Layer agreed to at the Seventh Meeting of the Parties (IEA ID# 4302)			8/5/1996

६७.	12/7/1995	Adjustments to Annex B of The Montreal Protocol on Substances That Deplete the Ozone Layer agreed to at the Seventh Meeting of the Parties (IEA ID# 4303)			8/5/1996
६८.	12/7/1995	Adjustments to Annexes C and E of The Montreal Protocol on Substances That Deplete the Ozone Layer agreed to at the Seventh Meeting of the Parties (IEA ID# 4304)			8/5/1996
६९.	8/24/1996	Amendments To the Agreement for The Establishment of The Asia-Pacific Fishery Commission (IEA ID# 4357)			6/7/1997
७०.	9/10/1996	Comprehensive Nuclear Test Ban Treaty (IEA ID# 3249)	10/8/1996		
७१.	9/24/1996	Protocol To the Comprehensive Nuclear Test Ban Treaty (IEA ID# 3251)	10/8/1996		
७२.	6/20/1997	Amendments To Appendices I and II To the Convention on International Trade in Endangered Species of Wild Fauna and Flora (COP-10, 1997) (IEA ID# 4602)			9/18/1997
७३.	9/17/1997	Amendment To the Montreal Protocol on Substances That Deplete the Ozone Layer (IEA ID# 3267)		5/18/2012	8/16/2012
७४.	9/17/1997	Adjustments to Annex A of The Montreal Protocol on Substances That Deplete the Ozone Layer agreed to at the Ninth Meeting of the Parties (IEA ID# 4305)			6/4/1998
७५.	9/17/1997	Adjustments to Annex B of The Montreal Protocol on Substances That Deplete the Ozone Layer agreed to at the Ninth Meeting of the Parties (IEA ID# 4306)			6/4/1998
७६.	9/17/1997	Adjustments to Annex E of The Montreal Protocol on Substances That Deplete the Ozone Layer agreed to at the Ninth Meeting of the Parties (IEA ID# 4307)			6/4/1998
७७.	11/17/1997	International Plant Protection Convention (1997 Revised Text) (IEA ID# 3272)		5/8/2006	5/8/2006
७८.	12/11/1997	Amendment to the list in Annex I to the United Nations Framework Convention on Climate Change (deleting Czechoslovakia and adding Croatia, the Czech Republic, Liechtenstein, Monaco, Slovakia and Slovenia) (IEA ID# 4859)			8/13/1998
७९.	12/11/1997	Protocol To the United Nations Framework Convention on Climate Change (IEA ID# 3273)		9/16/2005	12/15/2005
८०.	2/27/1998	Amendment to Annex I and Adoption of additional Annexes VIII and IX To the Convention on The Control of Transboundary Movements of Hazardous Wastes and Their Disposal (IEA ID# 4352)			11/6/1998
८१.	9/10/1998	Convention On the Prior Informed Consent Procedure for Certain Hazardous Chemicals and Pesticides in International Trade (IEA ID# 3289)		2/9/2007	5/10/2007
८२.	12/3/1999	Amendment To the Montreal Protocol on Substances That Deplete the Ozone Layer		5/18/2012	8/16/2012

		(IEA ID# 3312)			
८३.	12/3/1999	Adjustments to Annex A of The Montreal Protocol on Substances That Deplete the Ozone Layer agreed to at the Eleventh Meeting of the Parties (IEA ID# 4308)			7/28/2000
८४.	12/3/1999	Adjustments to Annex B of The Montreal Protocol On Substances That Deplete The Ozone Layer agreed to at the Eleventh Meeting of the Parties (IEA ID# 4309)			7/28/2000
८५.	12/3/1999	Adjustments to Annex E of The Montreal Protocol On Substances That Deplete The Ozone Layer agreed to at the Eleventh Meeting of the Parties (IEA ID# 4310)			7/28/2000
८६.	1/29/2000	Cartagena Protocol on Biosafety to the Convention On Biological Diversity (IEA ID# 3314)	3/2/2001		
८७.	4/20/2000	Amendments To Appendices I and II To The Convention On International Trade In Endangered Species Of Wild Fauna And Flora (COP-11, 2000) (IEA ID# 4603)			7/19/2000
८८.	5/30/2000	Council Decision To Extend The International Tropical Timber Agreement For A Period of three years with effect from 1 January 2001, i.e, until 31 December 2003 (IEA ID# 4207)			1/1/2001
८९.	12/22/2000	Amendment Adding Annex V to the Convention To Combat Desertification In Those Countries Experiencing Serious Drought And/Or Desertification, Particularly In Africa (IEA ID# 4849)			9/6/2001
९०.	5/22/2001	Convention On Persistent Organic Pollutants (IEA ID# 3341)	4/5/2002	3/6/2007	6/4/2007
९१.	11/3/2001	International Treaty On Plant Genetic Resources For Food And Agriculture (IEA ID# 3346)		10/19/2009	1/17/2010
९२.	11/9/2001	Amendment to the list in Annex II to the United Nations Framework Convention on Climate Change (deleting Turkey) (IEA ID# 4641)			6/28/2002
९३.	11/4/2002	Council Decision To Extend The International Tropical Timber Agreement For A Period of three years with effect from 1 January 2004, i.e, until 31 December 2006 (IEA ID# 4208)			1/1/2004
९४.	11/15/2002	Amendments To Appendices I and II To The Convention On International Trade In Endangered Species Of Wild Fauna And Flora (COP-12, 2002) (IEA ID# 4604)			2/13/2003
९५.	12/9/2002	Amendments to Annexex XIII and IX to The Convention On The Control Of Transboundary Movements Of Hazardous Wastes And Their Disposal (IEA ID# 5009)			11/20/2003
९६.	5/21/2003	World Health Organization Framework Convention On Tobacco Control (IEA ID# 4439)	12/3/2003	11/7/2006	2/5/2007
९७.	8/29/2004	Amendments to Annexex XIII and IX to The Convention On The Control Of			10/8/2005

		Transboundary Movements Of Hazardous Wastes And Their Disposal (IEA ID# 5010)			
९८.	9/24/2004	Amendments to Annex III of the Convention On The Prior Informed Consent Procedure For Certain Hazardous Chemicals And Pesticides In International Trade (IEA ID# 4437)			5/10/2007
९९.	9/24/2004	Addition of Annex VI to the Convention On The Prior Informed Consent Procedure For Certain Hazardous Chemicals And Pesticides In International Trade (IEA ID# 4436)			5/10/2007
१००.	10/14/2004	Amendments To Appendices I and II To The Convention On International Trade In Endangered Species Of Wild Fauna And Flora (COP-13, 2004) (IEA ID# 4605)			1/12/2005
१०१.	5/6/2005	Amendment to Add Annex G to the Stockholm Convention on Persistent Organic Pollutants (Arbitration and Conciliation Procedures for Settlement of Disputes) (IEA ID# 4585)			6/4/2007
१०२.	11/11/2006	Council Decision To Extend The International Tropical Timber Agreement until the provisional or definitive entry into force of the successor Agreement (IEA ID# 4843)			1/1/2007
१०३.	7/15/2007	Amendments To Appendices I and II To The Convention On International Trade In Endangered Species Of Wild Fauna And Flora (COP-14, 2007) (IEA ID# 4590)			10/13/2007
१०४.	9/21/2007	Adjustments to Annex C of The Montreal Protocol On Substances That Deplete The Ozone Layer (hydrochlorofluorocarbons) (IEA ID# 4490)			5/14/2008
१०५.	10/31/2008	Amendments to Annex III of the Convention On The Prior Informed Consent Procedure For Certain Hazardous Chemicals And Pesticides In International Trade (listing of tributyltin) (IEA ID# 4947)			2/1/2009
१०६.	1/26/2009	Statute of the International Renewable Energy Agency (IEA ID# 4558)	1/26/2009	11/14/2017	12/14/2017
१०७.	5/8/2009	Amendments to Annexes A, B and C to the Stockholm Convention on Persistent Organic Pollutants (IEA ID# 4563)			8/26/2010
१०८.	12/19/2009	Amendment to the list in Annex I to the United Nations Framework Convention on Climate Change (adding Malta) (IEA ID# 4635)			10/26/2010
१०९.	3/25/2010	Amendments To Appendices I and II To The Convention On International Trade In Endangered Species Of Wild Fauna And Flora (COP-15, 2010) (IEA ID# 4614)			6/23/2010
११०.	10/29/2010	Nagoya Protocol on Access to Genetic Resources and the Fair and Equitable Sharing of Benefits Arising from their Utilization to the Convention on Biological Diversity (IEA ID# 4638)		12/28/2018	3/28/2019

१११.	4/29/2011	Amendments to Annex A to the Stockholm Convention on Persistent Organic Pollutants (listing technical endosulfan) (IEA ID# 4966)			10/27/2012
११२.	6/24/2011	Amendments to Annex III of the Convention On The Prior Informed Consent Procedure For Certain Hazardous Chemicals And Pesticides In International Trade (IEA ID# 4948)			10/24/2011
११३.	12/11/2011	Amendment to the list in Annex I to the United Nations Framework Convention on Climate Change (adding Cyprus) (IEA ID# 4858)			1/1/2013
११४.	3/14/2013	Amendments To Appendices I and II To The Convention On International Trade In Endangered Species Of Wild Fauna And Flora (COP-16, 2013) (IEA ID# 4936)			6/12/2013
११५.	5/10/2013	Amendments to Annex IX to The Convention On The Control Of Transboundary Movements Of Hazardous Wastes And Their Disposal (IEA ID# 5004)			5/27/2014
११६.	5/10/2013	Amendments to Annex A to the Stockholm Convention on Persistent Organic Pollutants (listing hexabromocyclododecane) (IEA ID# 5032)			11/26/2014
११७.	5/10/2013	Amendments to Annex III of the Convention On The Prior Informed Consent Procedure For Certain Hazardous Chemicals And Pesticides In International Trade (listing of azinphos-methyl in Annex III) (IEA ID# 5000)			8/10/2013
११८.	5/10/2013	Amendments to Annex III of the Convention On The Prior Informed Consent Procedure For Certain Hazardous Chemicals And Pesticides In International Trade (listing of commercial pentabromodiphenyl ether) (IEA ID# 5001)			8/10/2013
११९.	5/10/2013	Amendments to Annex III of the Convention On The Prior Informed Consent Procedure For Certain Hazardous Chemicals And Pesticides In International Trade (listing of commercial octabromodiphenyl ether) (IEA ID# 5002)			8/10/2013
१२०.	5/10/2013	Amendments to Annex III of the Convention On The Prior Informed Consent Procedure For Certain Hazardous Chemicals And Pesticides In International Trade (listing of perfluorooctane sulfonic acid, perfluorooctane sulfonates, perfluorooctane sulfonamides and perfluorooctane sulfonyls) (IEA ID# 5003)			8/10/2013
१२१.	10/10/2013	Minamata Convention on Mercury (IEA ID# 4971)	10/10/2013		
१२२.	5/15/2015	Amendments To Annexes A And C to the Stockholm Convention On Persistent Organic Pollutants (listing hexachlorobutadiene, pentachlorophenol and its salts and esters, and polychlorinated			12/15/2016

		naphthalenes) (IEA ID# 5055)			
१२३.	5/15/2015	Amendments to Annex III of the Convention On The Prior Informed Consent Procedure For Certain Hazardous Chemicals And Pesticides In International Trade (listing of Methamidophos) (IEA ID# 9055)			9/15/2015
१२४.	12/12/2015	Paris Agreement under the United Nations Framework Convention on Climate Change (IEA ID# 5046)	4/22/2016	10/5/2016	11/4/2016
१२५.	10/4/2016	Amendments to Appendices I And II To The Convention On International Trade In Endangered Species Of Wild Fauna and Flora (IEA ID# 8822)			4/4/2017
१२६.	5/5/2017	2017 Amendments to Annex III of the Convention On The Prior Informed Consent Procedure For Certain Hazardous Chemicals And Pesticides In International Trade (listing of carbofuran, trichlorfon, short-chain chlorinated paraffins, and tributyltin) (IEA ID# 8839)			9/15/2017
१२७.	5/5/2017	Amendments to Annexes A and C to the Stockholm Convention on Persistent Organic Pollutants (listing of decabromodiphenyl ether, short-chain chlorinated paraffins, hexachlorobutadiene) (IEA ID# 8937)			12/18/2018
१२८.	7/7/2017	Treaty on the Prohibition of Nuclear Weapons (IEA ID# 8507)	9/20/2017		
१२९.	11/9/2018	Adjustments to the Montreal Protocol on Substances that Deplete the Ozone Layer relating to the controlled substances in Annex C, Group I, for parties not operating under paragraph 1 of Article 5 (IEA ID# 8856)			6/21/2019
१३०.	5/10/2019	Amendments to Annexes II, VIII and IX to the Convention On The Control Of Transboundary Movements Of Hazardous Wastes And Their Disposal (IEA ID# 8810)			3/24/2020
१३१.	5/10/2019	Amendments to Annexes A and B to the Stockholm Convention on Persistent Organic Pollutants (listing of perflurooctane sulfonic acid, perfluorooctane sulfonyl fluoride, dicofol, and perfluorooctanoic acid, and PFOA-related compounds) (IEA ID# 8938)			12/3/2020
१३२.	5/10/2019	Annex VII of the Rotterdam Convention on the Prior Informed Consent Procedure for Certain Hazardous Chemicals and Pesticides in International Trade (Procedures and mechanisms on compliance) (IEA ID# 9057)			11/6/2020
१३३.	8/19/2019	Amendments to Annex III of the Convention On The Prior Informed Consent Procedure For Certain Hazardous Chemicals And Pesticides In International Trade (listing of Hexabromocyclododecane and Phorate) (IEA ID# 9056)			9/19/2019

अनुसूची -२

(स्रोतः वन तथा वातावरण मन्त्रालय)

नेपालले बहुपक्षीय वातावरणीय सम्झौताहरु गरेपश्चात कार्यान्वयन तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिनिधित्व गर्ने सवालमा सदस्यता प्राप्त गरेका अन्तराष्ट्रिय संघ, संस्थाको सूची तपसिलबमोजिम रहेको छ।

क्र.सं.	संस्थाको नाम	छोटकरी नाम
१.	Asia Disaster reduction centre	ADRC
२.	Asian Productivity organization	APO
३.	Biological weapon convention	BWC
४.	Regional Network for the Development of Agriculture Cooperative in Asia and pacific	NEDAC
५.	Convention Of Biological Diversity	CBD
६.	RAMSAR Convention on Wetland	RAMSAR
७.	Drug Advisory programmme	DAP
८.	Food and Agriculture Organization	FAO
९.	Bay of Bengal Initiative For Multi Sectoral Technical and Economic cooperations	BIMSTEC
१०.	Global Tiger Forum	GTF
११.	International Commisssion On Irrigation and Drainage	ICID
१२.	International Fund For Agricultural Development	IFAD
१३.	International Meritine Organization	IMO
१४.	International Seabed organization	ISA
१५.	International Tribunal for the Law of Sea	ITLOS
१६.	International Tropical Timber Organization	ITTO
१७.	IUCN- The World conservation Union	IUCN
१८.	NPT conference	NPT
१९.	Network of Aquaculture Centre in Asia Pacific -NACA	NACA
२०.	Organization For the Prohibition of Chemical Weapons	OPCW
२१.	Organization For the International legal metrology	OIML
२२.	Asia Pacific Metrology Programme	APMP
२३.	Regional Network for the Development of Agriculture Cooperation in Asia and Pacific	NEDAC
२४.	SAARC Agricultural Information Centre	
२५.	SAARC Metrological Research centre	SMRC
२६.	South Asia Cooperative Environment programme	SACEP
२७.	Comprehensive Nuclear Test Ban Treaty	CTBT
२८.	UN convention to Combat Desertification	UNCCD
२९.	UN Fund for Population Activities	UNFPA
३०.	United Nations Development Programme	UNDP
३१.	United Nations Education Scientific and Cultural Organization	UNESCO
३२.	United Nations Environmental Programme	UNEP
३३.	United Nations Framework Convention on Climate Change	UNFCC
३४.	United Nations Industrial Development Organization	UNIDO
३५.	World Customs Organizations	WCO
३६.	World Energy Council	WEC
३७.	World Health Organization	WHO
३८.	World Heritage Fund	WHF
३९.	World Metrological Organization	WMO

४०.	World Tourism organization	WTO
४१.	World Trade Organization	WTO
४२.	FAO Nepal	FAO
४३.	International Network for Bamboo and Ratton	INBAR
४४.	SAARC Energy Centre	SEC
४५.	SAARC Forestry Centre	SFC
४६.	SAARC Disaster Management Centre	SDMC
४७.	International Tea Committee	ITC
४८.	Certain Conventional Weapons	CCW
४९..	International Organization For Migration	IOM
५०.	SAARC Costal Zone	SCZ
५१.	International Atomic Energy Agency	IAEA
५२.	UN Ottawa Convention on Landmines	OCL
५३.	ICIMOD	ICIMOD
५४.	International Coffee Organization	ICO

व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा ब्यवस्थापन सूचना प्रणाली

परिचय

१. **पृष्ठभूमी** : लोक कल्याणकारी राज्यले आफ्नो क्षमता अनुसार सुरक्षित र मर्यादित जीवनयापनका लागि नागरिकलाई सामाजिक सुरक्षाको प्रत्याभूति गरेको हुन्छ । नागरिक पहिचानको मुख्य आधारको रुपमा जन्म दर्ता एवं नेपाली नागरिकताको प्रमाणपत्रलाई विगत लामो समयदेखि लिइँदै आएको छ। नागरिकका जैविक तथा वैयक्तिक तथ्याङ्क खुल्ने विवरण सङ्कलन, भण्डारण तथा परिचयपत्र वितरण गर्ने उद्धेश्यले २०७५ आश्विन २८ को निर्णयबाट गृह मन्त्रालय अन्तर्गतको राष्ट्रिय परिचयपत्र ब्यवस्थापन केन्द्र र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गतको केन्द्रीय पञ्जीकरण विभाग एकीकरण गरी गृह मन्त्रालय अन्तर्गत राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको स्थापना भएको हो । यस विभागबाट सम्पादन गरिने प्रमुख कार्यहरुमा राष्ट्रिय परिचयपत्र, पञ्जीकरण र सामाजिक सुरक्षा सम्बन्धी कार्यहरु पर्दछन्। विभागले राज्यका सबै नागरिकको जीवनमा जन्मदेखि मृत्युसम्मको अवधि भित्र घट्ने घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाई-सराई) हरुलाई स्थानीय पञ्जीकाधिकारी समक्ष दर्ता गराउने, उनीहरुको सही पहिचान हुने गरी अभिलेखीकरण गर्ने तथा घटना दर्ताको प्रमाणपत्र विद्युतीय प्रणाली मार्फत उपलव्ध गराउने गरेको छ । नागरिकका जीवनमा घट्ने सबै किसिमका घटनाहरुसँग सम्बन्धित तथ्याङ्कहरुलाई विद्युतीय प्रणाली मार्फत व्यवस्थित गरी राज्यबाट प्राप्त हुने सेवा सुविधा एवं विकास निर्माणमा सबै नागरिकको सहभागितालाई सूनिश्चित गर्ने र सुशासन प्रबर्द्धनमा सघाउ पुऱ्याउने यसको प्रमुख उद्देश्य रहेको छ।

व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा ब्यवस्थापन प्रणाली (VERSP-MIS) घटना तथा सामाजिक सुरक्षा सम्बन्धी सम्पूर्ण कार्यहरुको सञ्चालन, ब्यवस्थापन तथा सुधारको लागि निर्माण गरिएको व्वस्थापन सूचना प्रणाली (Management Information System) हो। यस प्रणाली मार्फत व्यक्तिगत घटना दर्ता सम्बन्धी सूचना फाराम दर्ता, प्रमाणपत्र जारी, दर्ता किताब प्रिन्ट, प्रतिलिपी जारी, प्रतिवेदन र सामाजिक सुरक्षा सम्बन्धी लाभग्राहीको निवेदन दर्ता, लगत कट्टा, दर्ता नवीकरण, फर्वाड फिड/रिभर्श फिड (VERSP-MIS र Banking System) बीच हिसाब मिलानको व्यवस्था गरिएको छ । यस प्रणालीमा अन्य प्रणाली जस्तै अनलाईन पोर्टल (सेवाग्राहीले अनलाइन मार्फत व्यक्तिगत घटना दर्ताको सूचना दिने प्रणाली), जन्म प्रतिवेदन प्रणाली (स्वास्थ्य सँस्थामा जन्म भएका शिशुहरुको जन्म दर्ता सम्बन्धी विवरण प्रणालीमा नोटिफिकेशन (Notification) आउने र सेवा एकाइमा भएका कार्यहरुको अनलाईन मार्फत पनि सेवा प्रवाह गर्ने व्यवस्था रहेको छ । साथै प्रणाली मार्फत विभिन्न किसिमका मासिक तथा वार्षिक प्रतिवेदन जारी गरिन्छ।

२. **निकायको परिचय** : व्यक्तिगत घटना दर्ता "जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने)ऐन, २०३३" पश्चात वि.सं.२०३४ बैशाख १ गतेदेखि १० जिल्लाबाट शुरु गरी १७ चरणमा विस्तार गरिंदै २०४७ बैशाख १ बाट देशभर लागू भएको हो । राज्यमा बसोबास गर्ने प्रत्येक व्यक्तिका महत्वपूर्ण व्यक्तिगत घटनाहरु जन्म, मृत्यु, विवाह, बसाईसराई र सम्बन्ध विछछेदलाई आधिकारिक रुपमा रेकर्ड राख्ने, भण्डारण गर्ने, उपयोग तथा वितरणसम्बन्धी कार्यहरु गर्न मिति २०७५।६।२८ मा विभागको स्थापना भएको हो।

सरकारले देशैभरि छरिएर रहेका विभिन्न वर्ग एवं क्षेत्रसँग सम्बन्धित लाभग्राही समुदाय (बृद्ध, दलित, अपाङ्ग, लोपोन्मुख, विधवा, एकल महिला र दलित तथा पिछडिएका क्षेत्रका बालबालिका लगायतका

राज्यले संरक्षण गर्नुपर्ने र राज्यको सुविधाबाट बञ्चित रहन सक्ने) लाई सामाजिक सुरक्षा भत्ता मार्फत प्रत्यक्ष रुपमा सहयोग गरिरहेको छ र यस कार्यक्रमको सम्पूर्ण जिम्मेवारी विभागले सम्हाल्दै आएको छ।

यस किसिमको सामाजिक सुरक्षाको शुरुवात पहिलो पटक २०५१ साल साउन महिनादेखि नगद प्रवाह कार्यक्रम मार्फत भएको थियो । जस अन्तर्गत गृह मन्त्रालयले बृद्धभत्ताका रुपमा ७० वर्षमाथिका नागरिकहरुलाई रु.१०० को दरले नमुनाको रुपमा २० जिल्लाबाट शुरु गरी गरी देशभर वितरण गर्न थालेको हो । आ.व. २०५२।५३ बाट भने यस कार्यक्रमलाई सामाजिक सुरक्षाको रुपमा सम्बोधन गरी जेष्ठ नागरिक लगायत विधवा र अपाङ्गता भएका नागरिकहरुलाई समेत नियमित रुपमा प्रदान गर्दै आएको छ । पछिल्लो समयमा यस कार्यक्रमलाई सरल, पारदर्शी एवं सुरक्षित बनाई प्रभावकारीरुपमा व्यवस्थापन गर्नको लागि अनलाइन प्रणाली र बैंकिङ्ग प्रणालीमार्फत वितरण गर्ने कार्य अघि बढाईएको छ। सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले सबै स्थानीय तहहरुले सम्पूर्ण लाभग्राहीहरुको विवरण MIS Online मा प्रविष्ट गर्नुपर्ने, कानूनबमोजिम नाम दर्ता, लगत कट्टा र नविकरण गर्नुपर्ने तथा बैंकको पहुँच भएका सबै स्थानीय तहले अनिवार्य रुपमा बैंक मार्फत वितरण गर्नुपर्ने व्यवस्था गरेको छ । हालसम्म ३५ लाखभन्दा बढी लाभग्राहीहरु अनलाइनमा आबद्ध भैसकेका छन् । विभागले घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता कार्यक्रमलाई सूचना तथा सञ्चार प्रविधिमा आधारित बनाई व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा ब्यवस्थापन सूचना प्रणाली (VERSP-MIS) कार्यान्वयनमा ल्याएको छ।

३. **प्रणालीको परिचय :** नेपालले UNESCAP सँग गरेको प्रतिबद्धता अनुसार सन् २०२४ सम्म सबै नेपाली नागरिकहरुको जन्म दर्ता शतप्रतिशत पुऱ्याउनु पर्ने र अन्य व्यक्तिगत घटना दर्तामा समेत उल्लेख्य बृद्धि गर्नुपर्ने भएकोले सोही लक्ष्य हाँसिल गर्न विभागले स्थानीय तह मार्फत व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रमलाई Online प्रविधिमा आधारित गराएको छ । यस कार्यको लागि २०७२।१२।१३ गतेदेखि व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा ब्यवस्थापन सूचना प्रणाली (VERSP-MIS) प्रयोगमा ल्याएको छ । यस प्रणालीमा प्रत्येक व्यक्तिका महत्वपूर्ण व्यक्तिगत घटनाहरु जन्म, मृत्यु, विवाह, बसाईसराई र सम्बन्ध विच्छेदलाई आधिकारिक रुपमा रेकर्ड राख्ने, भण्डारण गर्ने, उपयोग तथा वितरणसम्बन्धी कार्यहरु गर्ने, सबै स्थानीय तहहरुले सम्पूर्ण लाभग्राहीहरुको विवरणहरु MIS Online मा प्रविष्ट गर्ने, कानूनबमोजिम नाम दर्ता, लगत कट्टा र नविकरण गर्ने तथा बैंकको पहुँच भएका स्थानीय तहले अनिवार्य रुपमा बैंक मार्फत सामाजिक सुरक्षा भत्ता रकम यस प्रणाली मार्फत उपलब्ध गराउने व्यवस्था रहेको छ । यस प्रणालीमा व्यक्तिगत घटना दर्ता सम्बन्धी सूचना फाराम दर्ता, प्रमाणपत्र जारी, दर्ता किताब प्रिण्ट, प्रतिलिपी जारी, संशोधन, प्रतिवेदन र सामाजिक सुरक्षा सम्बन्धी लाभग्राहीको निवेदन दर्ता, लगत कट्टा, दर्ता नवीकरण, फर्वार्ड फिड, रिवर्श फिड (VERSP-MIS र Banking System) बीच हिसाब मिलान तथा आवश्यकतानुसारका प्रतिवेदन जारी हुने व्यवस्था गरिएको छ।

प्रत्येक वडा कार्यालयलाई विभाग र सरकारी एकीकृत डाटा केन्द्रसँग Intranet Link मार्फत कनेक्ट (Connect) गरी सबै कार्यालयको डाटा केन्द्रमा रहेको एउटै सर्भरमा भण्डारण हुने व्यवस्था गरिएको छ । प्रणालीको विभागमा रहेको Primary Server मा Realtime डाटा व्याकअप हुने व्यवस्था गरिएको छ भने यसको Failover Server सरकारी एकीकृत डाटा केन्द्र, सिंहदरबारमा राखिएको छ। प्रत्येक वडा कार्यालय तथा पालिकाको डाटाको लागि छुट्टाछुट्टै कार्यालय कोड प्रयोग गर्ने र सोही कोडको आधारमा तोकिएको प्रयोगकर्तालाई मात्र पहुँच हुने व्यवस्था गरिएको छ । कार्यालयका कर्मचारीले ईन्ट्रानेट कनेक्टिभिटी (VPN) र सेवाग्राहीले ईन्टरनेटको माध्यमवाट प्रणालीमा पहुँच प्राप्त गर्न सक्दछन्।

सर्भर तथा डाटावेशसँग सम्बन्धित सबै प्राविधिक कार्य विभागमा मात्र केन्द्रीकृत हुने गरी देश भरिका स्थानीय तहबाट प्राप्त विवरण सर्भरमा केन्द्रीकृतरुमा भण्डारण हुने र प्रणालीमा आवद्ध भएका कार्यालयमा दर्ता, लगत कट्टा भएका दैनिक विवरण विभागबाटै हेर्न सकिने व्यवस्था रहेको छ।

४. **नीतिगत व्यवस्था** : व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा ब्यवस्थापन सूचना प्रणाली सम्बन्धमा भएका नीतिगत तथा कानूनी व्यवस्थाहरु देहायबमोजिम रहेका छन्:

५. **पन्ध्रौं आवधिक योजना (२०७६।७७-२०८०।२०८१)** : यस योजनामा राष्ट्रिय परिचयपत्र तथा व्यक्तिगत घटना दर्ता कार्यक्रमलाई महत्व प्रदान गर्दै रुपान्तरणकारी आयोजना (Game Changer Program) को रुपमा लिइएको छ। जन्म, विवाह, बसाई-सराई र मृत्यु जस्ता व्यक्तिगत घटनाको दर्ता प्रणालीलाई प्रोत्साहन गर्नु, स्थानीय तहमा राखिने तथ्याङ्कलाई राष्ट्रिय मूल सञ्जालसँग आबद्ध गर्ने, व्यक्तिगत घटना दर्ताको विवरणका आधारमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने समूहको पहिचान र अद्यावधिक अभिलेख राख्ने, बहुउपयोग राष्ट्रिय परिचयपत्र ब्यवस्थापन प्रणाली र सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता ब्यवस्थापन सूचना प्रणालीका बीचमा अन्तर-आबद्धता कायम गरी बहुआयामिक तथ्याङ्क स्रोतको विकास गर्ने प्रमुख कार्यक्रमहरु रहेका छन्।

६. **सूचना तथा सञ्चार प्रविधि नीति, २०७२** : यसमा सूचना तथा सञ्चार प्रविधिलाई सबैको पहुँच र क्रयशक्ति योग्य बनाउने; नीति मार्फत दिगो, फराकिलो र समावेशी आर्थिक सामाजिक विकास गर्ने; सूचना तथा सञ्चार प्रविधि पूर्वाधारको विकास र विस्तार गर्ने; सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा मानव संशाधनको विकास गर्ने र सूचना तथा सञ्चार प्रविधि मार्फत मानव संसाधन विकासका अवसरहरु सृजना गर्ने; सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट सुशासन प्रबर्द्धन गर्ने नीति लिएको छ।

आ.व.२०७६।७७ को बजेट वक्तव्यमा दुई वर्षभित्र सबै नेपाली नागरिकलाई राष्ट्रिय परिचयपत्र उपलब्ध गराईने तथा वैयक्तिक सूचना प्रणालीलाई भरपर्दो र व्यवस्थित बनाई व्यक्तिगत घटना दर्तालाई विद्युतीय प्रणालीमा आबद्ध गरी वडास्तरसम्म विस्तार गरिनेछ भनी उल्लेख गरिएको थियो । साथै राष्ट्रिय परिचयपत्रलाई तदारुकताका साथ वितरण गर्ने, परिचयपत्रलाई सबै प्रकारका सेवा प्रवाहमा क्रमशः आबद्ध गर्दै लगिने नीति सरकारले लिएको छ ।

७. **कानूनी व्यवस्थाहरु** : विद्युतीय प्रणालीको माध्यमबाट व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा ब्यवस्थापन सूचना प्रविधिको परीक्षण सम्बन्धी कार्यहरु व्यवस्थित गर्न देहायबमोजिम कानूनी व्यवस्था गरिएका छन् :

- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६,
- सामाजिक सुरक्षा ऐन, २०७५,
- विद्युतीय कारोबार ऐन, २०६३,
- सार्वजनिक खरिद ऐन, २०६३,
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७,
- विद्युतीय कारोबार नियमावली, २०६४,
- सार्वजनिक खरिद नियमावली, २०६४,
- सामाजिक सुरक्षा नियमावली, २०७६,
- ब्रोडब्याण्ड नीति, २०७१,

- सूचना तथा सञ्चार प्रविधि नीति, २०७२,
- व्यक्तिगत घटना दर्ता तथा तथ्याङ्क व्यवस्थापन रणनीति, २०७६,
- सरकारी निकायको वेवसाईट निर्माण तथा व्यवस्थापन सम्बन्धी निर्देशिका, २०६८,
- नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१,
- डिजिटल डाटाको वितरण, प्रयोग र नियमन निर्देशिका, २०६९,
- सूचना भण्डारण केन्द्र (डाटा सेन्टर) सञ्चालन निर्देशिका, २०७४,
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना सञ्चालन निर्देशिका, २०७४ (दोश्रो संशोधन २०७६)।

८. **सँगठन संरचना र जनशक्ति** : यो प्रणालीको सञ्चालन राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग र यस मातहतमा ६२२५ स्थानीय पञ्जीधिकारीको कार्यालयहरूमा गरिएको छ । प्रणालीको व्यवस्थापनको लागि विभागमा सूचना प्रविधि शाखा, प्रणाली विकास, प्रशोधन, छपाई शाखा र विद्युतीय सेवा समन्वय शाखा रहेको र प्रणाली सञ्चालनमा रहेका ६२२५ कार्यालयहरूमा छुट्टै सूचना प्रविधि फाँट वा शाखाको व्यबस्था गरिएको छैन । विभागमा सूचना प्रविधि निर्देशक पद-१, कम्प्युटर इञ्जिनियर पद-३, कम्प्युटर अधिकृत पद-२ मध्ये १ रिक्त, कम्प्युटर अपरेटर पद-५ मध्ये २ रिक्त रहेको, कम्प्युटर टेक्निसियन-१२ करारमा रहेको छ । सेवा करार अन्तर्गत ९०९ र SSSPCR आयोजना अन्तर्गत २०२४ करारमा कर्मचारी नियुक्ति गरी कामकाज गरिएको पाइयो । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको सँगठन संरचना तथा जनशक्तिको अवस्था देहायबमोजिम रहेको छ :



९. **कार्यक्रम र प्रगति :** विभागको आर्थिक वर्ष २०७८।७९ को सूचना प्रविधि प्रणाली सम्बन्धी कार्यक्रमको लक्ष्य तथा प्रगतिको अवस्था देहायबमोजिम रहेको छ :

सि.नं.	कार्यक्रम	बजेट (रु हजारमा)	खर्च	वित्तीय	वित्तीय प्रगति	भौतिक प्रगति
१	राष्ट्रिय परिचयपत्र तथा व्यक्तिगत घटना दर्ता	६१०	३२७	५३.६७	७४.५१	७७
२	राष्ट्रिय परिचयपत्र तथा व्यक्तिगत घटना दर्ता	३९००	३०३३	७७.७७		
३	सामाजिक सुरक्षा कार्यक्रम	९८०२४	९६०५८		९७.९९	१००

१०. **सूचना प्रविधि लेखापरीक्षणको औचित्यता :** लेखापरीक्षण ऐन, २०७५ को दफा ५ मा महालेखापरीक्षकले सूचना प्रविधि लेखापरीक्षण गर्न सक्ने व्यवस्था गरेको छ । मुलुकभरका नीजी तथा सार्वजनिक जग्गाको लगत, जग्गाको कारोबार र राजस्व सङ्कलनमा सूचना प्रविधिको प्रयोग भईरहेको अवस्थामा सूचनाको विश्वसनियता, एप्लिकेशन प्रणालीको उपयुक्तता तथा सुरक्षा, प्रविधिको उपयोग, सूचना प्रविधि पूर्वाधार, जनशक्ति व्यवस्थापन, सफ्टवेयरको प्रभावकारीता लगायत डाटा, सूचना प्रणालीको गोप्यता, सूचनाको निष्पक्षता आदि विषयहरुमा स्वतन्त्र परीक्षण गर्न सान्दर्भिक रहेकोले यो लेखापरीक्षण गरिएको थियो।

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

११. **लेखापरीक्षणको उद्देश्य :** राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग, स्थानीय तह, स्वास्थ्य सँस्था, बैंक लगायतका प्रणाली सञ्चालन गर्ने निकायहरुमा प्रयोग भएको सूचना प्रविधि प्रणाली (VERSP-MIS) को पूर्वाधार, सफ्टवेयरको उपयुक्तता, पर्याप्तता, सुरक्षा जोखिम, नियन्त्रण व्यवस्था, सूचना तथा तथ्याङ्कको विश्वसनियता लगायतका समग्र पक्षको विस्तृत परीक्षण एवं मूल्याङ्कन गरी सम्भावित जोखिम पहिचान गर्ने र सोको न्यूनीकरणका लागि आवश्यक उपायहरु सुझाउनु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको थियो।

१२. **लेखापरीक्षणको क्षेत्र :** लेखापरीक्षणको उद्देश्य प्राप्तिका लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग तथा मातहतका निकायहरुमा कार्यान्वयनमा ल्याईएको व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणालीको देहायका क्षेत्रलाई लेखापरीक्षणमा समेटिएको थियो :

- एप्लिकेशन प्रणालीको उपयुक्तता (Appropriateness of System),
- प्रविधिको प्रयोग (Use of Technology),
- सूचना प्रविधि पूर्वाधार (IT Infrastructure),
- जनशक्ति व्यवस्थापन (Human Resource Management),
- सूचना प्रणालीको गोप्यता (Confidentiality of Information System),
- सफ्टवेयरको प्रभावकारिता (Effectiveness of Software),
- उपयोग प्रणालीको दक्षता (Efficiency of Utilized System),

लेखापरीक्षणमा बिशेष गरी प्रणाली विकास भए देखि लेखापरीक्षण अवधि सम्मका सूचना र तथ्याङ्कहरु समेटिएको छ।

१३. **लेखापरीक्षण पद्धति :** यो लेखापरीक्षणमा सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय सँगठन (ईन्टोसाई) ले जारी गरेको मानदण्ड एवंम् निर्देशिका र कार्यालयले जारी गरेको सरकारी लेखापरीक्षण मानदण्ड र

सम्बन्धित लेखापरीक्षण मार्गदर्शनमा उल्लिखित विधि र पद्धति अनुरुप सूचना प्रविधि लेखापरीक्षण सञ्चालन गरिएको छ।

लेखापरीक्षण ऐन, २०७५ को दफा ५(१) मा महालेखापरीक्षकले छनौटको आधारमा लेखापरीक्षण गर्न सक्ने व्यवस्था रहेको र सोही ऐनमा आर्थिक कारोबार र सोसँग सम्बन्धित कृयाकलापको एक-एक गरी बा बीच-बीचमा छड्के गरी वा केही प्रतिशत मात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरीका, क्षेत्र र अवधि तोकी अन्तिम लेखापरीक्षण गर्ने, त्यसबाट प्राप्त तथ्य दर्शाउने व्यवस्था छ । लेखापरीक्षण गर्दा विषयसँग सम्बन्धित रहेर नतिजामूलक, समस्यामूलक तथा प्रकृयामूलक पद्धति अवलम्बन गरी सम्बन्धित सफ्टवेयर र प्रणाली परीक्षण गर्ने, व्यवस्थापनसँग छलफल, प्रश्नावली तथा अन्तर्वार्ता, सरोकारवालासँग छलफल गरी आवश्यक सूचना, विवरण तथा जानकारी प्राप्त गरिएको छ। यसरी प्राप्त तथ्याङ्क तथा सूचना प्रणालीको प्रमुख कार्य सम्पादन सूचकहरुको सेरोफेरोमा कार्य सम्पादनमा देखिएका समस्या तथा चुनौतीको विश्लेषण एवंम मूल्यांकन गरी सोही आधारमा सुधारको क्षेत्रहरु पहिल्याउन, मूल्याङ्कन गरेका विषयमा सुधार ल्याउन गर्नुपर्ने कामका सम्बन्धमा सुभाव प्रस्तुत गरिएको छ।

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग र मातहतका ६७४३ वडा कार्यालयहरु मध्ये ६२२५ वटा कार्यालयहरुमा प्रणाली लागू गरिएको छ । लेखापरीक्षणका क्रममा समयको अनुकूलता अनुसार राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग तथा मातहत कार्यालय अन्तर्गत उपत्यका भित्रका ललितपुर महानगरपालिका, वडा कार्यालय (काठमाण्डौ र ललितपुर), स्वास्थ्य संस्था र काभ्रेपलाञ्चोक जिल्लाको नगरपालिका र वडा कार्यालयहरुमा स्थलगत निरिक्षण गरी प्रणाली कार्यान्वयनको अवस्था बारे परीक्षण एवं अवलोकन गरिएको थियो । लेखापरीक्षण समापन गर्नु अगाडि परीक्षणबाट देखिएका प्रमुख व्यहोरा उपर ब्यवस्थापनसँग २०७९।१२।२२ मा बहिर्गमन बैठक गरिएको थियो ।

१४. **लेखापरीक्षणका सीमाहरु :** लेखापरीक्षणका अन्तरनिहीत जोखिम, नमूना छनौट, कारोबार र प्रणालीको जटिलता, समयको कमी, समयमै सूचना प्राप्त नहुने लगायतका विषयहरु लेखापरीक्षणका सीमाका रुपमा रहेका छन् ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

नेपाल सरकारले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग र मातहतका कार्यालयबाट प्रदान गरिने सेवा सुविधालाई सूचना प्रविधिको माध्यमबाट प्रदान गर्न केन्द्रिकृत तथा वेबमा आधारित व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा ब्यवस्थापन सूचना प्रणाली (Vital Event Registration & Social Protection Management Information System, VERSP-MIS) सञ्चालनमा ल्याएको छ । ईन्टरनेट र ईन्ट्रानेट मार्फत मातहतका कार्यालय र सेवाग्राहीलाई अनलाईन सेवा प्रदान गर्ने उद्देश्यका साथ यो प्रणाली हालसम्म ६२२५ वटा वडा कार्यालयहरुमा प्रयोग भईरहेको छ ।

❖ प्रणालीमा देखिएका सकारात्मक पक्षहरु

- आम नागरिकको संविधान प्रदत्त अधिकारको सुनिश्चित हुने गरी व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रमलाई आधुनिक सूचना तथा सञ्चार प्रविधिको माध्यमबाट

सरल, सहज र प्रभावकारी रुपमा सञ्चालन तथा ब्यवस्थापन गरी देशभरका सबै स्थानीय तहमा लागू गरिएको छ । हाल प्रणालीभन्दा बाहिरबाट घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी कुनै पनि काम कारवाही हुने गरेको छैन।

- यस प्रणालीलाई विभागको प्रमुख उद्देश्य र क्षेत्राधिकार बमोजिम आन्तरिक परामर्शदातावाट विकास गरी सञ्चालनमा ल्याईएको छ।
- राज्यबाट प्रदान गरिने अन्य सेवा सुविधालाई थप मजबुद एवं प्रभावकारी बनाउन तथा परीक्षण गर्न यस प्रणालीले सहज बनाएको छ ।

❖ **प्रणालीमा थप सुधार गर्नुपर्ने पक्षहरुको सम्बन्धमा देखिएका व्यहोराहरु**

१५. **सूचना प्रविधि ब्यवस्थापन :** राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग र मातहतका स्थानीय निकायहरुले सञ्चालन गरिरहेको व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा ब्यवस्थापन सूचना प्रणालीलाई सुव्यवस्थित रुपमा सञ्चालन गर्नुपर्दछ । यस प्रणालीलाई सुरक्षित र प्रभावकारी रुपमा सञ्चालन तथा ब्यवस्थापन गर्नको लागि विभाग र मातहतका निकायहरुमा सूचना प्रविधिसँग सम्बन्धित नवीनतम सुधारका आवश्यकताहरुको पहिचान गर्न स्पष्ट विधि र प्रकृया, सूचना प्रविधि रणनीतिक योजना, प्रविधिको माध्यमबाट सम्पादन गरिने कार्यहरु परिभाषित गर्ने, सूचना प्रविधि नीति तथा कार्यविधिहरु लागु गर्ने तथा वर्तमान र भविष्यका आवश्यकतालाई सम्बोधन गर्ने जनशक्ति विकास योजना (Human Resource Development Plan) र समय समयमा जोखिम विश्लेषण गर्ने कार्य हुन बाँकी रहेको छ । तर VERSP-MIS सूचना प्रविधि प्रणालीलाई व्यवस्थित रुपमा सञ्चालन गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग र स्थानीय तहले उपरोक्त बमोजिमका व्यवस्था गर्न सकेको देखिँदैन। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन् ।

१५.१ प्रणालीलाई सुधार गर्न सूचना प्रविधि सम्बन्धी अल्पकालिन तथा दीर्घकालीन रणनीतिक योजना तयार गर्नुका साथै सूचना प्रविधि पूर्वाधारमा लगानी गर्न वा आवश्यक पर्ने उपकरण, सफ्टवेयर, डाटावेश, नेटवर्क, सूचना प्रविधि जनशक्ति आदिको आवश्यकता पहिचान गरी सुधारसँग सम्बन्धित सबै विषयहरु प्राथमिकीकरण गर्नुपर्नेमा प्रणालीलाई व्यवस्थित गर्न सूचना प्रविधि रणनितिक योजना तयार गरेको पाइएन। विभागसँग स्वीकृत नीति, रणनितिक योजना तथा कार्यविधिहरु नहुँदा सूचना प्रविधि प्रणालीसँग सम्बन्धित हार्डवेयर, सफ्टवेयर, नेटवर्क, डाटा सेन्टर, जनशक्ति ब्यवस्थापन लगायतका पूर्वाधारहरुको प्रभावकारी रुपमा ब्यवस्थापन एवं सञ्चालन गर्ने सम्बन्धमा स्पष्ट कार्यदिशाको अभावले यस प्रणालीको नीति, योजना र उद्देश्य बीच सामन्जस्यताको कमी हुने र दिगो विकास कायम गर्न कठिन हुने देखिन्छ। विभागको व्यवसायिक आवश्यकता पूर्ति गर्नको लागि वर्तमान र भविष्यका आवश्यकताहरु सम्बोधन गर्ने सूचना प्रविधि जनशक्ति ब्यवस्थापन योजना तयार गर्ने काम हुन बाँकी रहेको छ। सूचना प्रविधि जनशक्तिको दरबन्दी अनुसार पदपूर्ति सुनिश्चित गर्न जनशक्ति ब्यवस्थापन योजना तर्जुमा गरिएको पाइएन। विभागको सूचना प्रविधि शाखामा कम्प्युटर अधिकृत-२ को स्वीकृत दरबन्दी रहेकोमा १ अधिकृत र कम्प्युटर अपरेटर-५ मध्ये २ अपरेटरको स्थायी पदपूर्ति नभएको र गाउँपालिका तथा नगरपालिकामा विवरण दर्ता अपरेटर-१०६६ मध्ये ३८३ स्थायी पदपूर्ति नभएको पाईयो। सेवा एकाईमा (स्थानीय तह र अन्तर्गतका वडा कार्यालयहरु) कार्यरत MIS Operator र Field Assistant को दरबन्दी-१०००/१००० मध्ये लेखापरीक्षणको क्रममा केही वडा कार्यालय (जस्तैः बनेपाको १३ नं. वडा कार्यालय) मा रिक्त रहेको पाइयो। दक्ष जनशक्तिको दरबन्दी अनुसार पूर्ति नभएको कारण कार्यालयमा करारमा कर्मचारी भर्ना

गरी कामकाज गरेको पाइयो। विभाग र मातहतका निकायले प्रयोग गर्दै आएको VERSP-MIS प्रणालीलाई नवीनतम प्रविधिको विकास र विस्तारका आधारमा सुधार गर्दै जानुपर्दछ।

१५.२ विभागको २०७४।१२।१ को निर्णयानुसार प्रणाली सञ्चालनको लागि नगरपालिका/गाँउपालिका र वडा कार्यालय स्तरीय प्रयोगकर्ताको व्यवस्था गरिएको छ। सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना सञ्चालन निर्देशिका, २०७४ मा आयोजनामा कार्यरत रहने जनशक्तिको कार्य विभाजन गरिएको छ। तर विभागद्वारा प्रणालीको Main System Administrator, Local System Administrator, Assistant System Administrator आदि प्रयोगकर्ता सम्बन्धमा नीति तयार गरिएका छैनन्। सँगठनको कार्य प्रकृति, सांगठनिक संरचना, पदको प्रकृति अनुसार स्पष्ट रुपमा किटान गरी कार्य विभाजन गरेर सोही अनुसार कार्य विवरण समेत तयार गर्ने कार्य बाँकी रहेको छ । विभाग र कार्यालयमा सूचना प्रविधि कर्मचारी नियुक्ति गरिँदा नै कार्य विभाजन अनुसार विषय विज्ञताको व्यवस्था गर्नुपर्नेमा सो बमोजिम स्पष्ट रुपमा कामको बाँडफाँड समेत भएको पाइएन। उदाहरणको लागि विभागमा कम्प्युटर इन्जिनियर-३ र कम्प्यूटर अधिकृत-२ गरी जम्मा दरबन्दी ५ रहेकोमा System Administrator, Data Center Expert, Network Administrator, Database Administrator जस्ता उच्च प्राविधिक विषयहरुमा कुन इन्जिनियर वा अधिकृत जिम्मेवार हुने भनी किटान गरिएको छैन । साथै, कुनै एक कर्मचारीले नै नेटवर्क, सेक्युरिटि, डाटावेश, एप्लिकेशन लगायतका कार्यहरु समेत गरेको पाइयो । यसरी स्पष्ट कार्य विभाजन नहुँदा र एकै कर्मचारीले धेरै प्रकृतिको काम गर्नुप र्दा न्यून विषय विज्ञताको कारणले अभिलेखको सुरक्षा चुनौती बढ्ने, पहुँचमा नियन्त्रण नहुने तथा स्रोत साधनको दुरुपयोग समेत हुने जस्ता जोखिम रहन सक्दछन्।

विभागले सूचना प्रविधिमा नवीनतम सुधारका आवश्यकताहरूलाई पूरा गर्न र सूचना प्रविधि प्रणालीसँग सम्बन्धित सबै किसिमका साधन स्रोतहरूको सुरक्षित प्रयोगको लागि सूचना प्रविधि सम्बन्धी छुट्टै रणनीतिक योजना तर्जुमा गरी आवश्यकताको पहिचान गर्नुपर्दछ । विभागको व्यवसायिक आवश्यकता पूर्ति गर्नको लागि वर्तमान र भविश्यका आवश्यकताहरु सम्बोधन गर्ने सूचना प्रविधि जनशक्ति व्यवस्थापन योजना तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

१५.३ सूचना प्रविधिमा दक्षता हाँसिल गरेका जनशक्ति अन्यत्र सरुवा भई गएमा वा अवकाश भएमा निजको कार्यभार सम्हाल्ने गरी जनशक्ति तयार (Succession Plan) गर्ने तथा कार्यालयबाट अन्यत्र सरुवा भई जाने अनुपात (Employee Turnover Ratio) कम गर्न र कार्यालयमा जनशक्ति टिकाई राख्र (Employee Retention) समेत कुनै संयन्त्र तयार गरी लागु गरेको पाइएन । प्रणालीको सम्पूर्ण सञ्चालन तथा व्यवस्थापन जिम्मेवारी पूर्णरुपमा तेश्रो पक्षसँग रहेको पाईयो । कर्मचारी दरबन्दी अनुसार पदपूर्ति नहुँदा अत्याधिक कामको बोझले त्रुटी हुन सक्ने तथा सेवाको गुणस्तरमा समेत कमी आउन सक्दछ । व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा जस्तो राज्यका आम नागरिकसँग जोडिएको महत्वपूर्ण जिम्मेवारी र दायित्वलाई आत्मसाथ गर्ने यस प्रणालीको सञ्चालन, व्यवस्थापन तथा विकास, विस्तार र प्रबर्द्धनको लागि कम्तिमा पनि एउटा छुट्टै प्राविधिक महाशाखा हुन आवश्यक देखिन्छ । विभागको कार्यक्षेत्र तथा कार्य प्रकृति प्राविधिक किसिमको भएकोले प्राविधिकतर्फ आवश्यक पर्ने सूचना प्रविधिको दरबन्दी अध्यावधिक गर्न, दरबन्दी अनुसारको पदपूर्ती सुनिश्चित गर्न तथा जनशक्ति टिकाईराख्र (Manpower Retention) विभागले जनशक्ति व्यवस्थापन योजना तर्जुमा गरी लागू गर्नुपर्दछ।

१६. **जोखिम विश्लेषण र न्यूनीकरण** : सरकारी निकायले सूचना प्रविधिको माध्यमबाट सेवा प्रवाह गर्दा आफ्नो व्यवसायसँग सम्बन्धित सबै किसिमका कानून, नीति, नियम एवं विधि प्रकृयाहरुको पूर्णरुपमा पालना

भएको छ भन्ने सम्बन्धमा विश्वस्त हुनका लागि उपयुक्त संयन्त्रहरु मार्फत परीक्षण गर्नुपर्दछ। तर सूचना प्रविधि सम्बन्धी जोखिमहरुको स्वतन्त्ररुपमा विश्लेषण र मूल्यांकन गरी सोको प्रतिवेदन व्यवस्थापन समक्ष पेश गर्ने गरेको पाइएन। सूचना प्रविधि सम्बन्धी कानून, नीति, नियमको अनुपालना भए/नभएको सम्बन्धमा छुट्टै गुणस्तर आश्वस्तता परीक्षण गर्ने गरेको पाइएन। यसले गर्दा सूचना प्रविधि प्रणालीका विभिन्न किसिमका सम्भावित जोखिमहरुको सामना गर्नुपर्ने अवस्था देहाय बमोजिम रहेको छः

१६.१ कम्प्युटर सर्भर रुममा मापदण्ड अनुसारको पावर, कुलिङ्ग र अग्नि निवारक यन्त्रको व्यवस्था नहुँदा उपकरणहरु छिट्टै बिग्रने तथा आगलागीबाट क्षति हुने जोखिम रहन्छ । साथै निरन्तर रुपमा विद्युत प्रवाहको लागि भरपर्दो वैकल्पिक व्यवस्था (पावर व्याकअप) नभएको अवस्थामा जूनसुकै बेला हुन सक्ने विद्युत विच्छेदले सेवा बन्द हुनजान्छ । प्रणाली सुरक्षाका लागि भरपर्दो भौतिक पूर्वाधार, लग रेकर्ड प्रणाली, फायरवाल तथा एन्टि-मालवेयरको प्रयोग र पहुँचमा नियन्त्रण नभएमा डाटा ह्याकिङ, फेरबदल तथा नष्ट हुनसक्ने जोखिम रहन्छ । विभागको सर्भर कक्षलाई मापदण्ड अनुसार व्यवस्थापन गरेको पाइएन । सर्भर र्‍याकलाई भूईमै राखिएको, कोठाभित्र अनावश्यक कार्टुन, पानीका बोतल रहेको, अग्नी निवारक यन्त्र नरहेको, तारलाई सही तरिकाले वायरिङ्ग तथा र्‍याक भित्रका केवललाई नामाकरण (Labeling) गरेको पाइएन ।

१६.२ विभागले प्रणाली सञ्चालन र डाटा भण्डारणको लागि प्राइमरी सर्भर विभाग परिसरमा र फेलओभर सर्भर सरकारी एकीकृत डाटा केन्द्र, सिंहदरबारमा राखेको छ भने डिजाष्टर रिकभरी सर्भर हेटौंडामा रहेको छ । विभागले हेटौंडा स्थित डिजाष्टर रिकभरी केन्द्रमा रिकभरी सर्भरको व्यवस्था गरेता पनि उक्त केन्द्र प्रणालीको डिजाष्टर रिकभरी केन्द्रको रुपमा विकास भैनसकेको र Realtime Synchronization समेत नभएकोले सम्भावित दैवी प्रकोपबाट कुनै क्षति हुन गएमा डाटा पूर्णरुपमा रिकभर हुन नसक्ने जोखिम देखिएको छ।

१६.३ विभागले प्रयोगमा ल्याएको व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणालीमा सामाजिक सुरक्षा भत्ता अन्तर्गत कतिपय अवस्थामा एकै लाभग्राहीले दोहोरो सुविधा लिने गरेको देखिएको र यस प्रकारको दुरुपयोगलाई प्रणालीबाटै पत्ता लगाई रोक्ने र भविष्यमा हुनसक्ने दोहोरोपना हटाउने व्यवस्था गर्न बाँकी रहेको छ।

१६.४ विभागले प्रणालीको भिएपिटि (VAPT) परीक्षण अन्तरिक परामर्शदाताबाट गरेको तर तेश्रो पक्षबाट कुनै सुरक्षा परीक्षण (Security Audit) तथा गुणस्तर आश्वस्तता सम्बन्धी प्राविधिक जाँच गराएको पाइएन । साथै उक्त परीक्षणबाट प्राप्त रिपोर्टको सम्बन्धमा जोखिम विश्लेषण तथा न्यूनीकरण सम्बन्धी कुनै पहल गरेको पाइएन।

१६.५ विभागको २०७८।४।३ को पत्रबाट प्रणालीलाई आवश्यक १२ कोर (Cores) को ओराकल (Oracle) डाटावेश सरकारी एकीकृत डाटा सेन्टर (GIDC) सँग माग गरी प्राप्त भएकोमा सोको लाईसेन्स, सब्सक्रिप्शन अवधि, स्वामित्व हस्तान्तरण जस्ता विषयमा विभागले GIDC सँग सम्झौता गरी सेवा निरन्तरताको सम्बन्धमा आश्वस्त हुन कुनै पहल गरेको पाइएन ।

विभागले प्रणाली सञ्चालनको जोखिमहरु पहिचान र न्यूनीकरणको लागि नियमित रुपमा दक्ष प्राविधिकबाट समग्र सूचना प्रणालीको सिष्टम, सुरक्षण, गुणस्तर आश्वस्तता प्राविधिक जाँच गराउने, समग्र

प्रणालीको सिस्टम अडिट गराउने, डाटा सर्भर राख्ने स्थान तथा सम्बेदनशील उपकरणहरुको नियमित चेकजाँच समेत गराउनु पर्दछ ।

१७. **पहुँच नियन्त्रण :** व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणालीको सञ्चालन र व्यवस्थापन गर्ने राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग र प्रणालीको कार्यान्वयन गर्ने स्थानीय तहका पालिका तथा वडा कार्यालयहरुमा आम नगारिकको व्यक्तिगत अभिलेख दर्ता हुने भएकाले वैयक्तिक सम्पत्तिको गोपनियता लागि प्रणाली र अभिलेखको उच्चतम साईबर सुरक्षा र सो सम्बन्धी भौतिक पूर्वाधार तथा पहुँचमा समेत उच्चतम नियन्त्रण हुनुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिमका रहेका छन्:

१७.१ विभागको आफ्नै भवनमा रहेको डाटा सेन्टरमा सिंगल इन्ट्रि बहु-आयामिक प्रमाणीकरण)Single Entry Multi Factor Authentication(युक्त विद्युतीय गेटपासको व्यवस्था रहेको तर आगन्तुक पुस्तिका नरहेको पाईयो । जसबाट कुन समयमा कुन व्यक्तिले कति समय प्रवेश गरेको भन्ने रेकर्ड रहेको पाइएन । डाटा सेन्टर र कार्ड पर्सनलाइजेशन कक्ष (Card Personalization) को प्रवेश एकैद्वारबाट हुने गरेकोले पनि पहुँच नियन्त्रण प्रभावकारी रुपमा भएको पाइएन। डाटा सेन्टरमा प्रवेश गर्ने आगन्तुकलाई अनिवार्य रूपमा आफ्नो विवरण रजिष्टरमा प्रविष्टि गरेपश्चात मात्र प्रवेश दिनुपर्ने, आगन्तुकहरुको कार्यालय भ्रमणलाई पनि विद्युतीय माध्यमबाट व्यवस्थापन गर्नुपर्नेमा पहुँच नियन्त्रणलाई बलियो रुपमा कायम गरेको पाइएन। बलियो पहुँच नियन्त्रण नभएको कारण अनधिकृत व्यक्तिको प्रणालीमा पहुँच हुन सक्ने वा आधिकारिक व्यक्तिले पनि आवश्यक भन्दा बढी पहुँच पाउने हुनाले तथ्याङ्कको गोपनीयता जोखिममा पर्ने अवस्था छ।

१७.२ विभागले **सि.सि.टि.भि. भिडियो** (सिसिटिभी फुटेज) महानिर्देशक कक्ष र सूचना प्रविधि शाखाको कार्यकक्ष बाटै हेर्न सकिने व्यवस्था गरेको पाईयो। सि.सि.टी.भी. (Closed Circuit TV) जडान तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७२ (संशोधन सहित) को दफा ३क. को बुँदा नं.३ र ५ मा व्यवस्था भए अनुसार कम्तिमा ९० दिनसम्म भण्डारण गर्नुपर्नेमा जडान भएको उपकरणको क्षमता अनुसार कम समय मात्रै भण्डारण गरेको पाइयो ।

विभागमा बहु-आयामिक प्रमाणीकरण)Multi Factor Authentication(युक्त विद्युतीय प्रणालीको अवलम्बन गर्नुका साथै आगन्तुकहरूको लगलाई व्यवस्थित गर्न आवश्यकता अनुसार पहुँच नियन्त्रण सम्बन्धी स्पष्ट नीति एवं कार्यबिधि बनाई सोहिबमोजिम समग्र प्रणालीको भौतिक सुरक्षा तथा नियन्त्रण गर्नुपर्दछ ।

१८. **सर्भर कक्ष सञ्चालन तथा व्यवस्थापन :** सूचना प्रविधि प्रणाली कार्यान्वयन गर्ने निकायहरुमा सर्भरको जडान र व्यवस्थापनले ठूलो महत्व राख्दछ । विभागमा व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन प्रणालीको सञ्चालन गर्न सर्भर, स्टोरेज, स्वीच, राउटर, फायरवाल, युपिएस, व्याट्री जस्ता उपकरणहरु व्यवस्थित तरीकाले जडान गरेको हुनुपर्दछ । साथै समग्र उपकरणहरुको चौविसै घण्टा निगरानी समेत हुनुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहायबमोजिम रहेका छन्:

१८.१ विभागको भवनमा रहेको डाटा सेन्टर वा सर्भर कक्षको व्यवस्था गरिएको भएतापनि सर्भर तथा उपकरणहरु व्यवस्थित रुपमा राखेको पाइएन । सर्भर कक्षमा विद्युत प्रवाह, कुलिङ्ग सिस्टम, सर्भर र्‍याक, वायरिङ्ग आदिको उचित व्यवस्था भएको पाइएन । सर्भर कक्षमा अग्नि नियन्त्रण प्रणाली, तारलाई व्यवस्थित रुपमा वायरिङ्ग तथा मुसा धपाउने तथा धुवाँ पत्ता लगाउने यन्त्र नरहेको तथा चौविसै घण्टा

निगरानी प्रणाली तथा कुनै घटना घटेमा सूचना दिने प्रणाली व्यवस्था गरेको तर सो प्रणालीको लाईसेन्स अवधि समाप्त भएको पाईयो। सर्भर कक्षमा धुलो भएको, अनावश्यक कार्टुन, पानीका बोटल रहेको पाइयो। सर्भरलाई कुलिङ्ग गर्ने व्यवस्था नरहेको र सर्भर च्याकलाई सिधै भुईमा राखिएको अवस्था छ । सर्भर कक्षमा सर्भर तथा उपकरणहरुको उचित व्यबस्थापन नहुँदा जुनसकै समयमा दुर्घटना भई प्रणालीमा क्षति हुन सक्ने जोखिम देखिएको छ।

१८.२ सर्भर कक्ष वा डाटा सेन्टर भित्र रहेका उपकरणहरुको ब्यवस्थापन तथा सञ्चालन सम्बन्धमा अटो मनिटरिङ्ग गर्न राखिएको सफ्टवेयर प्रणाली (Nexus Monitoring System) को लाईसेन्स अवधि समाप्त भईसकेको पाईयो।

प्रणालीमा तथा सर्भर कक्ष सञ्चालनका लागि न्यूनतम मापदण्डको पालना गरी व्यवस्थित र वातानुकुलित बनाई राख्नुपर्दछ । समग्र प्रणालीको निरन्तर चेकजाँच तथा निगरानी गरी सूचना दिने र सतर्क गराउने मोनिटरिङ्ग सिस्टमलाई अद्यावधिक रुपमा जडान गर्नुपर्दछ ।

१९. **ईन्टरनेट सेवा र कनेक्टिभिटि :** निकायहरुले सञ्चालन गरेको वेवमा आधारित सूचना प्रविधि प्रणालीबाट निरन्तर रुपमा सेवा प्रवाह गर्नको लागि भरपर्दो ईन्टरनेट सेवाप्रदायकबाट ईन्टरनेट सेवा लिनुपर्दछ । सूचना प्रविधि प्रणालीको प्रकृति, डाटाको भोल्युम तथा प्रयोगकर्ताको संख्या अनुसारको भार मिलान हुने गरी ब्याण्डविथ क्षमताको समेत तालमेल हुनुपर्दछ । विभागको प्राईमरी सर्भर आफ्नै भवनमा र फेलओभर सर्भर सरकारी एकीकृत डाटा सेन्टर, सिंहदरबारमा रहेको र रिकभरी सर्भर डाटा रिकभरी सेन्टर, हेटौंडामा रहेको छ, जसलाई डार्क फाईवर र अपटिकल फाईवर मार्फत जोडिएको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहायबमोजिम रहेका छन्:

१९.१ लेखापरीक्षणको क्रममा स्थालगत निरीक्षण गरिएका वडा कार्यालयहरु मध्ये का.म.न.पा.३१ नं. वडा कार्यालय, वानेश्वरमा २०७९।९।१७ मा दिनको १:०६ बजेको समयमा सेवा अवरुद्ध रहेको पाईयो। लेखापरीक्षणको क्रममा बनेपा नगरपालिकामा पनि बेला बेलामा समस्या आई प्रणाली सञ्चालनमा छोटो अवधिको लागि बाधा पुग्ने गरेको पाईयो । त्यसैगरी ललितपुर महानगरपालिका, काठमाण्डौं मेडिकल कलेजमा स्थलगत भ्रमण गर्दा प्रणाली बेलाबेलामा अबरुद्ध हुने गरेको भनाई रहेको पाईयो । साथै विभागले इन्टरनेट सेवा प्रदायकसँग सेवा अबरुद्ध भएको सम्बन्धमा अपटाइम र डाउनटाईम रिपोर्ट लिने गरेको पाइएन ।

१९.२ विभागले ईन्टरनेट सेवाप्रदायकसँग गरिएको सम्झौतामा नेटवर्क डाउनटाईम रिपोर्ट लिने-दिने बुँदा कही उल्लेख गरेको देखिएन । के-कति कारणले सेवा ठप्प भएको भन्ने सम्बन्धमा विभिन्न कार्यालयहरुले विभागको सर्भर डाउन भएका कारण सेवा अबरुद्ध भएको भन्ने गरेको तर विभागले भने यस सम्बन्धमा ठोस कारण नजनाई अध्ययन भैरहेको मात्र बताएको छ । लेखापरीक्षणको क्रममा विभागमा दुईवटा इन्टरनेट सेवाप्रदायकबाट सेवा लिएको, पालिका, वडा कार्यालयहरुले पनि इन्टरनेट सेवा लिएको र सम्झौतामा सेवाको अप-टाईम (up-time) र डाउन-टाईम (down-time) सम्बन्धमा केही उल्लेख नगरिएको कारण सेवाप्रदायकबाट अविच्छिन्न सेवा प्रवाह भएको सम्बन्धमा आश्वस्त हुन सकिएन । विभागले सञ्चालन गरेको यस प्रणाली पटक पटक अबरुद्ध रहेको पाइयो। (२०७८।९।२२, २०७९।१०।१४ गते र २०७९।१०।२६ गते) । सरकारी एकीकृत डाटा केन्द्र र विद्युत आपूर्ति अबरुद्ध जस्ता मुख्य कारणबाट सेवा अवरुद्ध हुने गरेको देखिन्छ । विभागले डाटा सेन्टर सञ्चालन गर्ने निकाय र विद्युत

आपूर्तिकर्तासँग सेवा प्रवाह सम्बन्धी सम्झौता (Service Level Agreement) पनि नगरेको तथा सेवा अबरुद्ध भएको सम्बन्धमा अपटाइम र डाउनटाईम रिपोर्ट लिने गरेको समेत पाइएन ।

विभाग तथा मातहतका कार्यालयमा सञ्चालनमा रहेको प्रणालीको प्रकृति, डाटाको भोल्युम तथा प्रयोगकर्ताको संख्या अनुरुप ईन्टरनेट क्षमताको भार मिलान गरी सेवाप्रदायक कम्पनीसँग सम्झौता गर्नुपर्दछ । विभाग र मातहत कार्यालय बीच अनवरत सेवा प्रावह र कार्यालयहरुको कनेक्टिभिटिको नियमित अनुगमन तथा परीक्षणको व्यवस्था हुनुपर्दछ । डाटा सेन्टर तथा रिकभरी सेन्टर सञ्चालन गर्ने निकायसँग सेवाको गुणस्तर सम्बन्धमा क्षतिपूर्ती सहितको सम्झौता गर्नुपर्दछ ।

२०. **पुरानो दर्ता किताबको डिजिटाईजेशन र अभिलेखिकरण :** आम नागरिकलाई सूचना प्रविधि मार्फत गुणस्तरीय सेवा प्रदान गर्ने सरकारी निकायले नवीनतम प्रविधिको प्रयोग गर्दै प्रणाली सञ्चालन गर्नुपर्दछ । प्रणालीमा आम जनताको पहुँच र भण्डारण क्षमतालाई समेत विस्तार गर्दै जानुपर्दछ । प्रणालीले भण्डारण गर्ने विवरण, कागजात, ध्वनी, संकेत, फोटोलाई डिजिटल रुपमा अभिलेख तयार गरी राख्नुपर्दछ । यसरी डिजिटाईजेशन पद्धति मार्फत गरिने सेवा प्रवाहले समग्र प्रणाली र आम जनताको पहुँचलाई छिटो छरितो र पारदर्शी बनाउन सहयोग गर्दछ । सम्बन्धित स्थानीय तहबाटै पुराना दर्ता किताब डिजिटाईजेशन गर्ने व्यवस्थाले भविष्यमा कागजात ब्यवस्थापनलाई सहयोग पुग्ने देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहायबमोजिम रहेका छन्:

२०.१ लेखापरीक्षणको क्रममा विभागले आफू मातहत रहेका वि.स.२०३४ साल देखि २०५७ सालसम्मका पुराना दर्ता किताब (अनुमानित ५५ लाख) लाई अभिलेखिकरण (Scanning) गर्ने कार्यको लागि परामर्शदाता श्री सफ्टेक फाउण्डेशन प्रा.लि.सँग २०७६।६।१२ मा भएको सम्झौता बमोजिम करीब ५२ लाख डाटाको स्क्यानीङ सम्पन्न गरिएको छ । सम्झौता अनुसार मिति २०७९ असार मसान्तसम्म सो कार्य सम्पन्न गर्ने उल्लेख भएकोमा मिति २०७९।१०।१६ मा कार्य सम्पन्न भएको भनि प्रतिवेदन पेश गरेको पाईयो तर विभागले उक्त तथ्याङ्क परीक्षण गर्दा त्रुटी (errors) रहेकोले पुनः कार्य सम्पन्न गर्न पत्राचार गरेको छ। साथै उक्त अभिलेखिकरण गरिएका डाटालाई मुख्य प्रणालीसँग हाल सम्म एकीकृत (Integration) गरिएको छैन ।

२०.२ बनेपा नगरपालिकाले आफू मातहत रहेको पुरानो व्यक्तिगत घटना दर्ता किताबलाई Scan गरी सकेको पाइयो । तर उक्त डाटालाई मुख्य प्रणालीमा एकीकृत (Integration) गरेको पाइएन ।

विभाग तथा मातहतका कार्यालयहरुमा रहेको पुरानो दर्ता किताब तथा श्रेस्तालाई पूर्णरुपमा डिजिटाइजेशन गर्ने व्यवस्था मिलाउनु पर्दछ । ठेक्का सम्झौता बमोजिम भइरहेको डिजिटाईजेशन कार्यको नियमित अनुगमन तथा गुणस्तरवारे शुद्धता जाँच गरी मुख्य प्रणालीमा एकीकृत (Integration) गर्नुपर्दछ ।

२१. **डाटा इन्टिग्रेशन :** कुनैपनि निकायले सञ्चालन गरेको सूचना प्रविधि प्रणालीलाई व्यवस्थित, भरपर्दो र प्रविधियुक्त बनाउन प्रणालीको क्षमता बृद्धि तथा अन्य निकायको प्रणालीसँग अन्तर.आवद्धता कायम राख्नु पर्दछ । प्रणाली सञ्चालन हुनु पूर्वका तथ्याङ्क, अभिलेख आदिलाई समेत प्रणालीमा आवद्धता हुने किसिमले प्रणालीको विकास गरी सञ्चालन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्:

२१.१ नेपाल सरकारबाट राजपत्रमा प्रकाशित भएको सूचना बमोजिम आर्थिक रुपमा विपन्न, अति अशक्त, रेखदेख गर्ने कोही नभएका एकल महिला (विवाह नगरेका वा सम्बन्ध विच्छेद) लाई प्रदान गरिने भत्ता र नगरपालिकाको कार्यविधि अनुसार जटिल रोग उपचारका लागि प्रदान गरिने सामाजिक सुरक्षा बापतको

रकम (जून प्रत्येक पालिकाहरुमा फरक फरक हुनसक्छ) र लाभग्राहीको विवरण यस प्रणालीमा आवद्ध गरिएको छैन् । स्थानीय तहहरुमा यस किसिमका नयाँ विषयहरु (Scheme) बढ्दै जाँदा राष्ट्रिय अर्थतन्त्रसँग सम्बन्धित योजना निर्माणमा निकै ठूलो अर्थ राख्ने सामाजिक सुरक्षासँग सम्बन्धित तथ्याङ्कको यथार्थ विवरण लिन हुन कठिन हुने देखिन्छ । जस्तैः बनेपा नगरपालिकाले जटील रोग लागेका वृद्ध नागरिकलाई राष्ट्रिय रुपमा घोषणा गरिएको रु.४००० को सट्टामा रु.५००० दिने गरेको छ भने ललितपुर नगरपालिकाले स्थायी बसोबास र ७६ बर्ष पुगेका जेष्ठ नागरिकलाई रु.४००० बाहेक बार्षिक रुपमा रु.१०,००० दिने गरेको छ। यस किसिमको डाटा तथा सूचना प्रणालीमा आउने गरेको छैन ।

सामाजिक सुरक्षासँग सम्बन्धित जूनसुकै स्थानीय सरकारले प्रदान गर्ने सबै किसिमका भत्ताहरुको विवरण प्रणालीमा आवद्ध हुनुपर्दछ । जसले गर्दा तथ्याङ्कमा एकरुपता कायम गर्न तथा दोहोरोपना (लगत कट्टा नगरिकन स्थानीय भत्ता समेत प्रदान गर्ने) हुन नदिन सहज हुनसक्दछ ।

२२. **प्रणाली विकास र अद्यावधिक अभिलेख ब्यवस्थापन :** सरकारी निकायहरुमा आम नागरिकलाई प्रदान गर्ने सेवा सुविधालाई छिटो, छरितो र व्यवस्थित बनाउन पछिल्ला दिनहरुमा सूचना प्रविधिको प्रयोग बढ्दो रुपमा रहेको छ । विश्वव्यापी रुपमा भईरहेको नवीनतम प्रविधिको विकास तथा विस्तार अनुरुप विभिन्न निकायहरुले सञ्चालन गरेको सूचना प्रविधि प्रणालीलाई समय-सापेक्षरुपमा आत्मसात गर्दै जानुपर्दछ । मितिः २०७२।१२।१३ देखि VERSP-MIS प्रणालीलाई वेब (Web) मा आधारित प्रणालीको रुपमा विकास गरी सञ्चालनमा ल्याईएको छ । यसका साथै आ.व. २०७४।७५ (सन् २०१८) देखि विश्व बैंङ्कको सहयोगमा Strengthening Systems for Social Protection and Civil Registration Projects (SSSPCR) कार्यक्रम अन्तर्गत प्रणालीको सञ्चालन, ब्यवस्थापन तथा विकास र विस्तार भइरहेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहायबमोजिम छन्:

२२.१ प्रणाली विकास पूर्वका महत्वपूर्ण प्रतिवेदनहरु (System Documents) (जस्तैः Functional Requirement Specifications (FRS), System Requirement Specifications (SRS), Business Continuity Plan (BCP) आदि) लिखित तथा प्रमाणित रुपमा तयार गरेको पाइएन।

२२.२ प्रणाली विकास गरी शुरु गरिएको अवस्था देखि हालसम्म प्रणालीको विकास क्रममा आईपुग्दा भएको प्रणालीको भर्सन परिवर्तन, प्रणाली विकासक्रम अनुसार सोर्स कोडको ब्यवस्थापन (Source Code), राज्य पुर्नःसंरचना पश्चात भएको प्रणाली परिवर्तन सम्बन्धी प्रतिवेदन समेत तयार गरेको पाइएन।

२२.३ प्रणाली सञ्चालन, ब्यवस्थापन र प्रयोगकर्ताको भूमिका, अधिकार, कार्यविवरण सम्बन्धमा हुने विस्तृत प्रतिवेदन लिखित रुपमा तयार गरी राखेको पाइएन।

२२.४ प्रणालीको अन्य निकायसँगको प्रणाली-प्रणाली बीच कायम हुने आबद्धतालाई के कसरी र कुन माध्यम (Gateway Interface, API etc.) बाट Connect/Integrate गर्न सकिन्छ सो सम्बन्धमा अध्ययन गरी तयार गरेको लिखित तथा प्रमाणित कागजात रहेको पाइएन।

प्रणाली सञ्चालनमा आउनु पूर्व आवश्यक पर्ने डकुमेन्ट, प्रतिवेदन आदि लिखित तथा प्रमाणित रुपमा नराखिएमा भविष्यमा आईपर्ने कुनै पनि दुर्घटनाबाट हुने जोखिम उच्च रहने र प्रणाली सञ्चालनमा समेत बाधा पुग्न सक्ने देखिन्छ। साथै प्रणालीको प्राविधिक रुपमा गर्नुपर्ने ब्यवस्थापन, सञ्चालन तथा अद्यावधिक सम्बन्धी कार्य निकै जटील हुन जाने भएकोले निश्चित व्यक्ति वा कम्पनी/फर्मसँग सँस्था

पूर्णरुपमा निर्भर हुनुपर्दछ। प्रणाली सञ्चालन पश्चात हुनसक्ने जोखिमको पहिचान गरी सोको न्यूनीकरण गर्न उपरोक्त बमोजिमका प्रतिवेदनहरु तयार गरी व्यवस्थित रुपमा राख्नुपर्दछ।

२३. **प्रणालीको परर्निभरता :** सरकारी निकायले सञ्चालन गर्ने सूचना प्रविधि प्रणालीको विकास तथा व्यवस्थापन सम्भव भएसम्म आफ्नै जनशक्तिबाट गर्नुपर्दछ । सँगठनकै वा स्वदेशी जनशक्तिबाट उत्पादित सूचना प्रविधि प्रणालीलाई भविष्यमा गरिनुपर्ने अद्यावधिक, सेवा विस्तार, क्षमता बृद्धि लगायतका कार्य गर्न सहज र कम खर्चिलो हुने गर्दछ । विभागले २०७२।१२।१३ बाट सञ्चालनमा ल्याएको यस प्रणालीको विकास, व्यवस्थापन तथा सञ्चालन वाह्य परामर्शदाताबाट गरेको पाईयो। यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम रहेका छन्:

२३.१ विभागले सञ्चालनमा ल्याएको यस प्रणाली शुरुदेखि नै निश्चित परामर्शदाता (Individual Consultant) बाट विकास तथा सञ्चालन गरेको पाईयो र हालसम्म पनि सोही परामर्शदाताहरुबाट मात्रै प्रणालीको सम्पूर्ण सञ्चालन तथा व्यवस्थापन गर्ने गरिएको छ । उक्त परामर्शदाता टोलीसँग कोर डाटामा पहुँच (Core Data Access) सहितको सञ्चालन, व्यवस्थापन, अद्यावधिक र प्रतिवेदन प्रशोधन गर्ने लगायतका सम्पूर्ण अधिकार सम्झौता मार्फत नै दिएको देखिन्छ । प्रणाली एवं डाटामा सरकारी ईन्जिनियर एवं प्राविधिकको कुनै महत्वपूर्ण भूमिका रहेको देखिएन । प्रणालीमा आईपर्ने साधारणदेखि जटिल समस्या समाधानको लागि विभाग उक्त टोलिमा पूर्णरुपमा निर्भर रहनुपर्ने देखियो।

२३.२ विभागको स्वीकृत सूचना प्रविधि दरबन्दीमा रहेका जनशक्तिलाई प्रणालीको सञ्चालन तथा व्यवस्थापनमा लगाउन आवश्यक पर्ने क्षमता अभिवृद्धि लगायतका अन्य कार्यहरु गर्न विभागले उचित पहल गरेको पाइएन। विभागका सूचना प्रविधि कर्मचारी र परामर्शदाता एकै टोली (Team) मा रहेर काम गर्ने गरेको समेत पाइएन । दक्ष जनशक्तिको सरुवा/बढुवा जस्ता कारणले हाल भएका र नयाँ आएका जनशक्तिलाई प्रणालीको सञ्चालन तथा अद्यावधिक गर्ने विषयमा तालिम सहित जिम्मेवार तथा उत्तरदायी बनाउनुपर्दछ। प्रणालीको सम्पूर्ण सञ्चालन तथा व्यवस्थापन कार्य परामर्श टोलीले नै गर्ने गरेकोले विभागको दरबन्दीमा रहेका जनशक्तिलाई ज्ञान हस्तान्तरण (Technology Transfer) गर्ने सम्बन्धी कुनै कार्यक्रम रहेको पाइएन।

२३.३ विभागको उद्देश्य तथा कार्य प्रकृति, चाप, आवश्यकताका आधारमा विषयगत दक्ष सूचना प्रविधि जनशक्ति कम रहेको पाईयो । परामर्शदाताबाट हुने सम्पूर्ण काम विभागले आफ्नै सूचना प्रविधि जनशक्तिबाट सञ्चालन हुने गरी कार्यदिश बमोजिम जनशक्तिलाई जिम्मेवार बनाउनुपर्दछ।

२३.४ प्रणाली सञ्चालनमा आउनु अगाडी देखि हालसम्म आईपुग्दा प्रयोगमा आएका हार्डवेयर तथा सफ्टवेयर, एप्लिकेशन, डाटावेश तथा नेटर्वकको सञ्चालन तथा व्यवस्थापन नक्शा, प्रतिवेदन, सोर्स कोड लगातयका विवरणहरु लिखित एवं प्रमाणित रुपमा तयार नभएको पाइयो।

तेस्रो पक्षको अत्यधिक परनिर्भरताले कुनैपनि बखत आईपर्ने दुर्घटनाबाट प्रणाली निरन्तरतामा वाधा पुग्ने जोखिम रहन्छ। विभागमा नियुक्त विज्ञ जनशक्तिबाट सीप हस्तान्तरण (Technology Transfer) गराई आफ्नै दक्ष जनशक्ति तयार गर्नुपर्दछ । विभागले लामो समयदेखि सञ्चालनमा ल्याएको प्रणालीलाई आफ्नै जनशक्तिबाट सञ्चालन तथा व्यवस्थापन गर्न सक्ने गरी कामको थालनी गर्नुपर्दछ।

२४. **दोहोरो सुविधा :** नेपालको संविधानको धारा ४३ मा आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा

लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुने व्यवस्था लागु गरे बमोजिम आर्थिक वर्ष २०५१।५२ बजेटबाट नागरिकलाई सामाजिक सुरक्षा भत्ता कार्यक्रमको थालनी गरेको हो।

यसलाई संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा पनि समेटिएको छ । संविधानले नै सामाजिक सुरक्षालाई मौलिक हकको रूपमा अंगिकार गरेकोले राज्यका विभिन्न वर्ग, क्षेत्र, लिंग र जातिलाई लक्षित गरी १० प्रकारका सामाजिक सुरक्षा भत्ता मासिक रुपमा प्रदान गर्दै आएको छ। यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम रहेका छन् :

२४.१ विभागबाट प्राप्त तथ्याङ्क बमोजिम यस आर्थिक वर्षसम्म सामाजिक सुरक्षा भत्ता लिने सबै किसिमका लाभग्राहीको संख्या ३६ लाख १४ हजार ८५ रहेको र सो बापत आ.व. २०७८।७९ मा रु. ९६ अरब ५ करोड ९२ लाख रकम खर्च भएको पाईयो। कतिपय स्थानीय तहले आफ्नै निर्णय बमोजिम केही अन्य थप भत्ता समेत वितरण गर्ने गरेकोले सोको विवरण यस प्रणालीमा समावेश भएको छैन।

२४.२ सरकारको विभिन्न आ.व.मा बजेट वक्तव्य मार्फत व्यवस्था गरेको सामाजिक सुरक्षा भत्ता रकम, उमेद हद र लाभान्वित हुने वर्गको विवरणलाई प्रणालीमा समावेश गरी अध्यावधिक गर्ने गरिएको छ। हालसम्म करिब २४६६ व्यक्तिले दोहोरो रकम (पेन्शन पाउनेले समेत लिने गरेको) सुविधा बापत लिएको पाईएको र सो रकम असूल उपर समेत गरेको पाईयो । उदाहरणको लागि निवृत्तभरण लिने व्यक्तिले अन्य भत्ता, उमेर ढाँटी भत्ता लिने जस्ता कार्यलाई प्रणालीबाटै पत्ता लगाउने र रोक्ने व्यवस्था प्रणालीमा रहेको पाइएन। प्रणालीको सञ्चालन तीन निकायले (संघ, स्थानीय तह र बैंङ्क) ले गर्ने गरिएको छ । प्रणालीले नै दोहोरो सुविधा लिन वाञ्छित हुने पद्धति लागू गरेमा वार्षिक रुपमा सरकारको सञ्चित कोषमा रहेको रकम सम्बन्धित कार्यमा नै खर्च भएको सुनिश्चित हुने अवस्था रहन्छ।

स्थानीय निकायहरुले आफ्नो कार्यविधि बमोजिम दिने विभिन्न किसिमका भत्ता रकम र संघीय सरकारद्वारा वितरण हुने भत्ता रकमलाई एकरुपता र दोहोरोपन नपर्ने किसिमबाट प्रणालीको प्रयोग मार्फत वितरण गर्नुपर्दछ ।

२५. **API इन्टिगेशन** : नेपाल सरकारका विभिन्न निकायद्वारा सञ्चालित सफ्टवेयर एप्लिकेशन्स, अनलाइन एवं अफलाइन प्रणाली तथा मोबाइल एप्स् लगायतको बीचमा डाटा आदान प्रदान गर्न इन्टरफेस (Interface) को आवश्यकता पर्दछ । उक्त इन्टरफेस सुरक्षित र भरपर्दो हुनुपर्दछ । VERSP-MIS प्रणालीबाट डाटा एवं सूचना आदान-प्रदान गर्न हालसम्म २ वटा निकाय (CMIS र SSRP पोर्टल मार्फत बैंङ्क) का साथै सामाजिक सुरक्षा भत्ता वितरण गर्ने बाणिज्य बैंकहरु र विभिन्न स्वास्थ्य संस्थासँग API (Application Program Interface) को माध्यमबाट डाटा आदान प्रदान गरिएको छ । साथै थप केही प्रणालीहरु (अध्यागमन, तथ्याङ्क विभाग, महालेखा नियन्त्रक कार्यालय) सँग इन्टिग्रेशन गर्ने कार्य समेत अगाडि बढाईएको छ । यस किसिमको प्रणाली मार्फत सिधै डाटा आदान प्रदान गर्दा अपनाउनुपर्ने सुरक्षासँग सम्बन्धित विषयहरु जस्तैः Authentication, Authorization, Encryption, Monitoring and Control तथा Audit Trail सँग सम्बन्धित नीति तथा कार्यविधि लागू नगरी तत्कालिन आवश्यकता सम्बोधन हुने किसिमले (Ad-Hoc Manner) API ईन्टरफेस प्रदान गरेको पाईयो । जसले गर्दा API को माध्यमबाट हुने सूचना आदान प्रदानको विस्तृत लग, निगरानी तथा अवलोकन गर्न नसकिने हुँदा API को गलत प्रयोग हुने उच्च जोखिम रहन्छ ।

विभागले विभिन्न सफ्टवेयर, एप्लिकेशन, प्रणालीलाई डाटा एवं सूचना आदान प्रदानको लागि ईन्टरफेस उपलव्ध गराउँदा सुरक्षासँग सम्बन्धित नीति तथा कार्यविधि र मापदण्ड अनिवार्यरुपमा तयार गरी लागू गर्नुपर्दछ।

२६. **प्रणाली तथा तथ्याङ्कको सुरक्षा :** विभाग तथा मातहतका निकायहरुमा सञ्चालनमा रहेको सूचना प्रविधि प्रणालीलाई भाइरस, ह्याकिङ्ग, पाईरेसी, फिसिङ्ग, मालवेयर जस्ता बाह्य तत्वबाट हुने आक्रमणको जोखिमलाई पहिचान गरी न्यूनिकरण गर्न र सुरक्षा प्रदान गर्न उपयुक्त एन्टि-मालवेयर, एन्टि-भाइरस, इन्टरनेट सेक्युरिटी, नेटवर्क सेक्युरिटी, फायरवाल, साइबर सेक्युरिटी जस्ता हार्डवेयर, सफ्टवेयर एवं अन्य सावधानीहरुको उचित प्रयोग गर्नु पर्दछ । साथै अनधिकृत व्यक्ति तथा प्रयोगकर्ताबाट हुनसक्ने डाटाको प्रयोग, फेरबदल, मेटाउने जस्ता जोखिमलाई न्यूनीकरण गर्न पहुँच नियन्त्रणको प्रभावकारी व्यवस्थाको साथै प्रणाली सुरक्षालाई मजबुद बनाउन बहु-आयामिक प्रमाणिकरणको लागि बायोमेट्रिक, कार्ड रिडर, रिमोट लक, लगबुक, डोरलक आदिको व्यवस्था हुन सकेको छैन । विभागमा **Kaspersky Antivirus** प्रयोग गरेको तर फायरवाल, एन्टि-मालवेयर, इन्टरनेट सेक्युरिटी, नेटवर्क सेक्युरिटी लगायतका उपकरण तथा सफ्टवेयरको प्रयोग तथा पहुँच नियन्त्रण सम्बन्धमा कुनै स्पष्ट नीति तयार गरी लागू गरेको पाइएन । जसले गर्दा विभागले सञ्चालन गरेको प्रणाली पूर्ण रुपमा सुरक्षित छ भन्ने कुरामा आश्वस्त हुन सकिने अवस्था रहेन ।

विभागले प्रणालीलाई वाह्य अवरोध तथा बाधाहरुबाट सुरक्षा प्रदान गर्नको लागि कम्प्युटर, सर्भर, नेटवर्क तथा ईन्टरनेट समेतलाई सुरक्षा प्रदान गर्न सक्ने User Access Control, MAC Binding, IP Address Tracking लगायका विशेषता भएको तथा स्वचालित रुपमा अपडेट हुने एन्टी-मालवेयर प्रयोग गर्नुपर्दछ । साथै पहुँच नियन्त्रण र सुरक्षाका अन्य विधि प्रक्रियालाई कडाइका साथ लागू गरी प्रणाली सुरक्षाको आश्वस्तता प्रदान गर्नुपर्दछ ।

२७. **पासवर्ड:** निकायद्वारा सञ्चालित प्रणालीलाई प्रयोगकर्ताको तह र पहुँच अनुसार सिस्टम एड्मिनिस्ट्रेटर, एड्मिनिस्ट्रेटर, तथा सामान्य प्रयोगकर्ता अनुसारका सुरक्षित पासवर्ड उपलब्ध गराएर सो अनुसारको कार्य विभाजन तथा प्रणाली लग-इनको अधिकार प्रदान गर्नुपर्दछ । प्रणाली सुरक्षाको पासवर्ड तयार गर्दा ह्याकरहरु तथा अन्य वाह्य पक्षले सजिलै अनुमान गर्न नसकिने गरी अक्षर, चिन्ह तथा अङ्कको संयोजनबाट पासवर्डलाई जटिल बनाउने गरी अँफैले वा अन्य निकायले तयार भएको पासवर्ड नीति लागू गरेर सरोकारवाला समक्ष समयमै सञ्चार गर्नुपर्दछ । विभाग तथा मातहत कार्यालयमा प्रणालीको पहुँच नियन्त्रणका लागि पासवर्ड प्रदान गर्ने सम्बन्धमा कुनै नीति लागू गरेको पाइएन । स्थानीय निकायमा पासवर्ड व्यवस्थापनको जिम्मेवारी सोही निकायलाई नै दिईएको पाईयो । ती निकायहरुमा पनि पासवर्ड नीति बनाई लागू गरेको पाइएन। नयाँ प्रयोगकर्ता बनाउँदा, प्रयोगकर्ताले लग-ईनका लागि पासवर्ड प्रविष्ट गर्नुपर्दा वा अद्यावधि गर्दा समेत प्रयोगकर्ताको मोबाईलमा कन्फर्मेशनको लागि भरिफिकेशन कोड आउनुपर्ने प्रावधान रहेको पाईयो जसले गर्दा अनधिकृत पहुँच नियन्त्रणमा सघाउ पुग्ने देखिन्छ । प्रयोगकर्ताले पहिलो पटक सिष्टममा लग इन गर्दा, पासवर्ड परिवर्तन गर्न अनुरोध गरिएको तर अनिवार्य गरिएको पाइएन । विशेषाधिकार प्राप्त युजरलाई समेत बहुआयामिक प्रमाणिकरण (Multi-Factor Authentication) अनिवार्य गरेको पाइएन ।

सूचना प्रविधि प्रणालीलाई अधिकार प्राप्त प्रयोगकर्ताको मात्र पहुँच हुने गरी मजबुद किसिमको पासवर्ड टेक्स्ट र बहुआयामिक प्रमाणिकरण (Multi-Factor Authentication) सहितको सुरक्षित पासवर्ड नियन्त्रण नीति बनाई लागू गर्नुपर्दछ।

२८. **सेवाको आउटसोर्सिङ र गोपनियता :** सरकारी एवं सार्वजनिक निकायले वाह्य पक्षबाट कुनै काम वा सेवा लिनुपर्दा आउटसोर्सिङ सम्बन्धी नीतिको व्यवस्था गर्नुपर्दछ । आउटसोर्सिङ गरिने वाह्य निकायसँग कामको प्रकृति, गुणस्तर, मापदण्ड तथा शर्त सहितको करार सम्झौता गर्नुका साथै सेवाप्रदायकद्वारा दिइएको सेवाहरूको अनुगमन गर्ने व्यवस्था हुनुपर्दछ । सेवाको प्रकृति, डाटा सुरक्षा, गोपनीयता र पहुँच अधिकारहरू सम्झौतामा समावेश हुनुपर्दछ । सेवाको आउटसोर्सिङ तथा गोपनियता सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

२८.१ विभागले कुनै पनि आउटसोर्स नीति तयार नगरेको तथा सेवाप्रदायकसँग भएको सम्झौतामा उल्लेखित Key Performance Indicator (KPI) को समेत अनुगमन गरेको पाइएन । जस्तैः गत आ.ब. २०७८।०७९ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत २०७८।१०।१२ को निर्णयानुसार ९० दिनभित्र द्वए द्वलबथिकष्क सम्बन्धी कार्य सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भएकोमा हालसम्म पनि कुनै प्रतिवेदन (Inception, Midterm, Final) प्राप्त नहुनुका साथै म्याद थपका सम्बन्धमा समेत कुनै निर्णय गरेको पाइएन।

२८.२ व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणालीको GAP Analysis परामर्श सेवा खरिद (ठेक्का-NP-DoNIDR-207128-CS-QCBS) गर्न २०७८।१०।१२ को निर्णय बमोजिम श्री Dryice Solutions Pvt. Ltd. सँग ९० दिनभित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको थियो । परामर्शदाताबाट १३ April २०२२ (३० चैत्र २०७८) मा सम्झौता थप गर्न पत्राचार गरेकोमा हालसम्म उक्त कार्यको म्याद थप पनि नगरिएको र सम्झौता रद्ध पनि नगरिएको अवस्था देखिन्छ । सो परामर्शदाताबाट प्रणालीको Improvement Plan समेत तयार गर्ने सम्झौता रहेकोमा लेखापरीक्षणको क्रममा सो प्लान तयार भएको पाइएन ।

२८.३ विभागको SSSPCR Project अन्तर्गत नियुक्त गरिएको परामर्शदातासँगको सम्झौताको बुँदा नं. ७ मा करारको अवधि र करार अन्त्य भएको दुई वर्षसम्म गोपनियता/जानकारी प्रकट गर्न बन्देज लगाइएको भन्ने उल्लेख गरिएको छ । यस किसिमको व्यवस्थाले सम्झौताको म्याद समाप्त भएको दुई वर्षपछि गोपनीयता भङ्ग हुने जोखिम कायमै रहेको पाइयो। परामर्शदतासँगको कार्यदिशको बुँदा नं.६ को "C" मा "Prepare Technical Document of Overall MIS System" भनी उल्लेख गरिएको तर यस किसिमको Comprehensive Document तयार गरेको पाइएन ।

२८.४ प्रणाली सञ्चालन तथा व्यवस्थापनको प्रमुख जिम्मेवारी दिने गरी छनौट गरिएका अधिकांश परामर्शदाता कुनै कम्पनी वा फर्मसँग आवद्ध नभई व्यक्तिगत रुपमा नियुक्त गरेको पाइयो । सफ्टवेयर जस्तो प्राविधिक विषयमा यस किसिमको व्यक्तिगत सम्झौता (Individual Contract) गर्दा भविष्यमा उक्त व्यक्तिले जूनसुकै बेला सेवा छोडेर जान सक्ने र सो अवस्थामा उसले गर्दै आएको कार्य जिम्मेवारी तुरुन्त अरु कोहीले लिन नसक्ने जोखिम हुँदा सोको बारेमा अपनाउनुपर्ने जनशक्ति योजना (Succession Plan) को सम्बन्धमा सजग रहेको पाइएन ।

विभागले अत्यावश्यक महशुस गरेको र आफ्नै जनशक्तिबाट सम्पादन गर्न सम्भव हुन नसक्ने कामको लागि मात्र आउटसोर्सिङ्ग गर्ने तथा प्रणाली सञ्चालनका लागि आवश्यक सिष्टम, डाटाबेश, नेटवर्क,

सपोर्ट मध्ये कुन विषयमा कुन हदसम्म आउटसोर्सिङ्ग गर्ने हो सो सम्बन्धमा विस्तृत अध्ययन गरी सोको सम्बन्धमा आवश्यक नीति लागू गर्नुपर्दछ। सुशासनका राष्ट्रिय एवं अन्तर्राष्ट्रिय मूल्य मान्यता तथा अभ्यास (Best Practices) का आधारमा अति सम्बेदनशील डाटा तथा सूचनामा पहुँच हुनेगरी Core Business Function लाई आउटसोर्सिङ्ग गर्नुहुँदैन । आउटसोर्सिङ्ग गरिएका कामहरु सम्झौताबमोजिम भए नभएको बारे परीक्षण गर्ने र डाटा एवं सूचनाको गोपनीयता तथा सुरक्षा जोखिमलाई सम्वोधन हुनेगरी सम्झौताका शर्तहरु पालना हुनुपर्दछ ।

२९. **जन्म दर्ता ब्यवस्थापन प्रणाली :** सूचना प्रविधिमा आधारित प्रणाली मार्फत गरिने काम कारबाही, तथ्याङ्क, अभिलेख लगायतका विषयहरु भरपर्दो, विश्वसनीय, पारदर्शी र जवाफदेही बनाउन प्रणालीमा प्रविष्ट गरिने अभिलेखलाई सुरक्षित र अद्यावधिक रुपमा भण्डारण गर्नुपर्दछ । स्वास्थ्य संस्थामा जन्मने बच्चाहरुको जन्म दर्ताको लागि विभागले विकास गरेको जन्म दर्ता ब्यवस्थापन प्रणालीको प्रयोग गरिएको छ । हालसम्म देशका करीब २४ अस्पताल तथा स्वास्थ्य संस्था मध्ये उपत्यकाभित्र केबल एक स्वास्थ्य संस्थामा (काठमाण्डौ मेडिकल कलेज, सिनामंगल) मात्र यस प्रणालीको प्रयोग भएको पाईयो । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन् ।

२९.१ राज्य पुर्नसंरचना पश्चात कायम भएको परिवर्तित वडा तथा पालिकाको विवरण पहिलेको विवरणसँग धेरै हदसम्म फरक परेको अवस्था छ । प्रणालीमा डाटा प्रविष्ट गर्दा पहिल्यै जारी भएका नागरिकतामा रहेको ठेगाना हालको ठेगानामा स्वाचालित रुपमा परिवर्तन हुने व्यवस्था नभएकोले व्यक्तिको विवरण ईन्ट्री गर्न समस्या परेको देखियो। साथै यसको लागि परिवर्तन गर्न मिल्ने छुट्टै कुनै मोड्युल (Module) पनि प्रणालीमा रहेको पाइएन।

२९.२ स्वास्थ्य संस्थामा बच्चा जन्म भई आमा वा बाबु फरार वा पत्ता नलागेको अवस्थामा कसरी बाबु-आमाको नाम-नामेशी प्रविष्ट गर्ने भन्ने विषयमा कुनै व्यवस्था नभएकोले यस किसिमको जन्मदर्ता प्रमाणपत्र प्रणाली मार्फत जारी गर्न सकेको पाइएन । यस सम्बन्धमा माथिल्लो तहबाट नै नीतिगत निर्णय हुन आवश्यक देखिन्छ।

२९.३ अस्पताल तथा स्वास्थ्य संस्थाले प्रयोग गर्ने प्रणालीमा कुनैपनि विवरण थपघट वा परिवर्तन गर्ने अधिकार सम्बन्धित संस्थामा रहेको तर सोको समय सीमा नतोकिएको कारण तथ्याङ्कको एकरुपता (Integrity) कायम नहुने जोखिम देखिन्छ । उदाहरणको लागि अस्पतालले पेश गरेको जन्मदर्ता सम्बन्धी विवरण अनुसार वडा कार्यालयले जन्मदर्ता प्रमाणपत्र जारी गरे पश्चात समेत स्वास्थ्य संस्थामा विवरण सच्याउन मिल्ने देखियो । यस सम्बन्धमा कसरी र कहिले सम्म तथ्याङ्क संशोधन गर्न पाउने हो सोको बारेमा स्पष्ट नीति हुनुपर्दछ।

प्रणालीमा प्रविष्ट भएको सम्पूर्ण अभिलेख पारदर्शी, भरपर्दो र जवाफदेही हुनुपर्दछ । प्रणालीमा भण्डारण भएको अभिलेख सुरक्षित र अद्यावधिक हुनुका साथै एकरुपता (Integrity) कायम भएको हुनुपर्दछ। यस सम्बन्धमा उपयुक्त नीति वा कार्यविधि तयार गरी लागू गर्नुपर्दछ । साथै यस प्रणालीलाई प्रसुती सेवा दिने देशभरीका अस्पताल एवं स्वास्थ्य संस्थाहरुमा विस्तार गर्दै लग्नुपर्दछ।

३०. **प्राविधिक जनशक्तिको क्षमता अभिवृद्धि :** हाल प्रयोगमा रहेका सफ्टवेयर एप्लिकेशन्स तथा हार्डवेयर उपकरणहरु सञ्चालन सम्बन्धी दक्षता अभिवृद्धि गरी सूचना प्रविधिको क्षेत्रमा भएका नविनतम विकासहरुमा समेत अभ्यस्त गराउन क्षमता विकासका कार्यक्रमहरु नियमित रुपमा सञ्चालन गर्नुपर्दछ। विभाग र

स्थानीय निकायहरुमा कार्यरत स्थायी तथा करार सेवाका जम्मा १९९४ जना कर्मचारीहरु सूचना प्रविधि जनशक्तिको रुपमा कार्यरत रहेकोमा गत २०७८।७९ मा प्राविधिक र अप्राविधिक गरी जम्मा १५०६ कर्मचारीले मात्र क्षमता अभिवृद्धि तालिमको अवसर प्राप्त गरेको पाईयो र सो बापत रु.१ करोड ८ लाख ७६ हजार खर्च गरिएको छ । बजेट कार्यक्रम अनुसार विभागले तालिम सञ्चालन गरे तापनि प्रणालीमा प्रत्यक्षरुपमा संलग्न कर्मचारीले अवसर पाउने गरी क्षमता विकासलाई प्राथमिकता दिईएको पाइएन ।

सञ्चालन गरिएका क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम समेत उद्देश्य बमोजिम प्रभावकारी हुन नसकेको तथा तालिमको अवसर प्राप्त गरेका कर्मचारी पनि तालीम पश्चात अन्यत्र सरुवा भै जाने गरेको पाईयो । स्थानीय तहका धेरैजसो सूचना प्रविधि सम्बन्धी प्राविधिक कर्मचारीहरु (IT Engineer/Officer, MIS Operator, Field Assistant) सेवा करारमा रहेका र कतिपयलाई सूचना प्रविधिका यन्त्र उपकरण, ईन्टरनेट तथा नेटवर्किङ्ग, विद्युत प्रवाह सम्बन्धी पर्याप्त ज्ञान नहुँदा सानो तिनो समस्या आईपर्दा समेत कार्यालय भित्रैका कर्मचारीबाट तत्काल समाधान हुन नसकी सेवा सम्झौता अनुसारका सेवाप्रदायसँग भरपर्नुपर्ने अवस्था रहेको पाईयो । कर्मचारीहरुको क्षमता विकासका लागि डाटावेश, सिष्टम, नेटवर्क एडमिनिष्ट्रेसन तथा डाटा सेन्टर सम्बन्धी तालिम एवं सर्टिफिकेसन कोर्सहरुमा सहभागी गराई क्षमता अभिवृद्धिका कार्यक्रमहरु (भर्चुअल समेत) सञ्चालन गरेर नविनतम प्रविधिसँग अभ्यस्त र अद्यावधिक गराउनुपर्दछ । कर्मचारीहरुको क्षमता विकासका लागि निरन्तर रुपमा तालिमको व्यवस्था नगर्दा सूचना प्रविधिको क्षेत्रमा भएका नविनतम विषयहरुको जानकारी नहुनाले सेवा प्रवाह समेत प्रभावकारी हुन सक्दैन।

विभागले नयाँ तथा कार्यरत प्राविधिक जनशक्तिको सीप विकासको लागि अल्पकालिन तथा दीर्घकालीन योजना तयार गरी क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्नुपर्दछ । यस किसिमका कार्यक्रम औपचारिकतामा मात्र सीमित नगराई निर्दिष्ट उद्देश्य प्राप्त हुने गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ।

३१. **उपकरण परीक्षण, जडान तथा जिन्सी व्यवस्थापन :** निकायमा खरिद गरेर ल्याएका, अनुदानमा प्राप्त भएका, अन्यत्रबाट मर्मत सम्भार गरी ल्याएका वा अन्य कुनै तरिकाबाट प्राप्त भएका सूचना प्रविधिसँग सम्बन्धित यन्त्र उपकरण तथा एप्लिकेशन सोझै जडान नगरी मूख्य प्रणालीभन्दा बाहिर परीक्षण गर्ने संयन्त्र तयार गरी परीक्षण पश्चात मात्र कुनै किसिमको जोखिम नभएको सम्बन्धमा विश्वस्त भएपछि जडान गर्नुपर्दछ। परीक्षण गर्दा प्राप्त नतिजाका आधारमा ती उपकरणको प्रयोग विधि तथा प्रयोग तरिका, लाइसेन्स अवधि, वारेन्टी तथा ग्यारेन्टी अवधि, उपकरण उपलब्धता अवधि, फेज आउट अवधि, प्रयोग अवधि जस्ता विषयको समेत एकीन गर्नुपर्दछ । विभागले Public Assests Management System, PAMS को प्रयोग गरेको तर प्रणालीको लागि प्रयोग गरिएका यन्त्र उपकरण तथा सफ्टवेयरसँग सम्बन्धित प्राविधिक विषयहरु जस्तैः लाईसेन्स, वारेण्टी, ग्यारेण्टी, फेज आउट, सब्स्क्रिप्शन सम्बन्धी प्रावधानहरु प्रष्टसँग खुल्ने गरी छुट्टै IT Equipment Inventory को व्यवस्था गरेको पाइएन ।

यस किसिमको व्यवस्थाले उपकरण तथा सफ्टवेयरको वर्तमान अवस्था (Current Status) थाहा हुनुका साथै उपकरणको प्रतिस्थापन गर्ने समय (Hardware Replacement), लाईसेन्सको नवीकरण, सब्स्क्रिप्शन, ब्याट्री तथा UPS को सर्भिसिङ लगायतका विषयमा समयमै जानकारी हुने र सो को कारणले हुन जाने क्षती तथा अनावश्यक खर्चलाई बचाउन सकिन्छ ।

विभागले यन्त्र उपकरण तथा सफ्टवेयरलाई तोकिएको विधि तथा मापदण्ड अपनाएर परीक्षण गरे पश्चात सोको प्रतिवेदनका आधारमा प्रणालीमा जडान गर्नुपर्दछ । साथै हार्डवेयर तथा सफ्टवेयरको वर्तमान

अवस्था, लाईसेन्सको नवीकरण, सब्स्क्रिप्शन, ब्याट्री तथा UPS को सर्भिसिङ लगायतका विषयमा विवरण खुल्ने गरी IT Equipment Inventory तयार गर्नुपर्दछ ।

३२. **सूचना प्रविधि सुरक्षा परीक्षण :** सरकारी निकायले सञ्चालनमा ल्याएका सूचना प्रविधि प्रणाली एवं डाटालाई सुरक्षित, विश्वसनीय बनाई एक आपसमा अन्तर–आबद्ध हुने गरी सञ्चालन तथा व्यवस्थापन गर्न उपयुक्त र भरपर्दो परीक्षण संयन्त्रको कार्यान्वयन गर्नुपर्दछ । सार्वजनिक निकायमा सञ्चालनमा रहेका प्रणालीको सुरक्षा परीक्षण गरी सम्भावित जोखिमबाट हुन सक्ने क्षतिलाई न्यूनीकरण गर्दै लग्नुपर्दछ । मान्यता प्राप्त स्वतन्त्र संस्थाबाट (Independent Third Party, जस्तैः सूचना प्रविधि विभाग वा यस सम्बन्धी कार्य गर्ने संघ सँस्था) प्रणालीको सेक्युरिटी अडिट, सिष्टम अडिट, भिएपिटि (VAPT) लगायतका परीक्षण गर्नुपर्दछ र परीक्षण प्रतिवेदनले औंल्याएका कमी कमजोरी र सुरक्षा चुनौती (Gaps, Issues and Challenges) लाई समयमै पहिचान गरी समाधानका उपायहरु अवलम्बन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिमका रहेका छन्:

३२.१ विभागले आफ्नो सूचना प्रविधि प्रणाली, यसको लागि जडान गरिएका यन्त्र उपकरण लगायतका पूर्वाधार तथा प्रणालीसँग सम्बन्धित ऐन, नियम, नीति, निर्देशिका, कार्यविधीको स्वतन्त्र सँस्थाबाट सुरक्षा परीक्षण गराएको पाइएन । कुनैपनि प्रणाली तथा उपकरणहरुको सुरक्षण परीक्षण नगर्दा सरकारी निकायका सूचना प्रविधि प्रणालीलाई सुरक्षित र भरपर्दो बनाउन तथा साइबर सुरक्षाका चुनौतीहरुको सामना गर्न कठिन हुने गर्दछ ।

३२.२ विभागले २०७३।१२।२७ मा VERSP-MIS प्रणाली र २०७६।३।३० र २०७८।६।५ मा दुई पटक सामाजिक सुरक्षा प्रणालीको भर्सन (Version) अपग्रेड गर्दा, समय समयमा प्रणालीमा सुविधाहरु (Features) थपघट गर्दा तथा Oracle डाटाबेशको भर्सन अपग्रेड गर्दा मान्यता प्राप्त संस्थाबाट आन्तरिक एवम् बाह्य परीक्षण गराएको पाइएन ।

विभागले माथि उल्लेखित विषयहरुमा स्वतन्त्र तेस्रो पक्ष (Independent Third Party) बाट निश्चित समयमा तथा कुनै परिवर्तन गर्नुपरेमा (विशेष गरी प्रणाली वा डाटावेशलाई नयाँ संस्करण (Version) मा विकास गर्दा (Upgrade) गर्दा तथा कुनै नयाँ सुविधा (Feature) थप गर्दा) सुरक्षा परीक्षण गराई प्रतिवेदनले औंल्याएका कमी कमजोरी र सुरक्षा चुनौती (Gaps, Issues and Challenges) लाई समयमै पहिचान गरी समाधानका उपायहरु अवलम्बन गर्नुपर्दछ ।

३३. **प्रणालीको विकास, परिमार्जन, सञ्चालन तथा सम्भार :** सार्वजनिक निकायले सञ्चालनमा ल्याएका सूचना प्रविधि प्रणालीलाई प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्न एक व्यवस्थापकीय संयन्त्र निर्माण गरी लागू गर्नुपर्दछ । सम्बन्धित निकायलाई प्रणालीमा आवश्यकता अनुरुप थपघट गर्ने, परिमार्जन गर्ने तथा गुणस्तरीय र प्रभावकारी बनाई सञ्चालन, व्यवस्थापन तथा मर्मत सम्भार गर्ने पूर्ण स्वतन्त्रता हुनुपर्दछ।

प्रणालीलाई आवश्यकता अनुरुप केही प्रकृयागत परिमार्जन, थपघट तथा अन्य केही परिवर्तन गर्न कुनै ठोस प्रकृतिको परिवर्तन व्यवस्थापन (Change and Patch Management) प्रकृया अवलम्बन गरेको पाइएन । प्रणालीमा बेला बेलामा गर्नुपर्ने नियमित तथा आकस्मिक परिवर्तन तथा स्तरोन्नती सम्बन्धी नीति रहेको पाइएन, ततकालिन आवश्यकतालाई सम्बोधन गर्ने (Ad-Hoc) गरी गरेको पाईयो । विभागद्वारा गरिने परिवर्तन तथा थपघट व्यवस्थापन सम्बन्धमा पालिकाहरुलाई समय मै जानकारी प्राप्त नहुने र

कर्मचारी अँफै अन्योलमा पर्ने गरेको पाईयो । विभागले VERSP-MIS प्रणालीको सोर्स कोड (Source Code) विभागको Development Server ---- Global Information Tracker (GIT)--- मा ब्यवस्थापन गरेको पाइयो तर उक्त सर्भर पनि परामर्शदाताकै नियन्त्रण (Control) मा रहेकोले Source Code को सुरक्षाको सम्बन्धमा आश्वस्त हुन सकिएन ।

तर सो प्रणाली आधिकारिक सपोर्ट र वारेन्टी विनाको (Community) भर्सनमा भएको देखियो र कुनैपनि बखत केही कारणले GIT मा समस्या आएमा सपोर्ट लिन सक्ने अवस्था नभएको पाइयो। प्रणालीमा गरिनुपर्ने कुनै विकास तथा अपडेटको लागि Git प्रयोग गरे तापनि GIT प्रयोग गर्ने भन्ने कुनै औपचारिक निर्णय भएको पाइएन।

सार्वजनिक निकायले आफ्नो सूचना प्रविधि प्रणाली एवं पूर्वाधारलाई कहिले, कसले र कसरी थप विकास, परिमार्जन, गुणस्तर बृद्धि तथा मर्मत सम्भार गर्ने भन्ने सम्बन्धमा उपयुक्त परिवर्तन तथा थपघट ब्यवस्थापन र स्तरोन्नती नीति बनाई लागू गर्नुपर्दछ।

३४. **लिलाम विक्री र मिन्हा :** विभागमा सूचना प्रविधि उपकरणमा भण्डारण गरिएको सूचना लिलाम बिक्री गर्नुपूर्व डाटा नष्ट गर्ने नीति अवलम्बन गरेको पाइएन । विभागले उपलब्ध गराएको आ.व.२०७८।७९ को भौतिक पूर्वाधारको अवस्था मूल्याङ्कन अनुसूची अनुसार डेक्सटप कम्प्युटर थान-४८, ल्यापटप थान-५२, कम्प्युटर थान-२ मिन्हा गर्नुपर्ने भनी उल्लेख गरिएको छ । यस किसिमका उपकरणरुमा लामो समयसम्म सूचना भण्डारण गर्ने हार्ड डिस्क, सिडी, म्याग्नेटिक टेप, म्याग्नेटिक डिस्क, माईक्रो फिल्म, चिप्स, मेमोरी कार्ड, फ्ल्यास स्टोरेज, फ्लपी डिस्क, जिप डिस्क, अप्टिकल डिस्क, डिभिडि, म्याग्नेटो अप्टिकल डिस्क, सिम कार्ड, पेन ड्राईभ जस्ता डिभाईसहरु रहेका हुन्छन् । सूचना प्रविधि सम्बन्धी यन्त्र उपकरणहरु लिलाम बिक्री वा मिन्हा गर्दा डाटा भण्डारण गर्ने डिभाईसहरु पनि संगै लिलाम हुने र भण्डारण भएका सूचनाहरु पनि लिलाम सँगसँगै बाहिर जाने भएकाले अति सम्वेदनशील र गोप्य सरकारी सूचना बाहिरिने र दुरुपयोग हुनसक्ने जोखिम रहन्छ।

सूचना प्रविधि यन्त्र तथा उपकरणहरुको लिलाम विक्री गर्नुपूर्व भण्डारण गरिएका सूचनाको वैकल्पिक सुरक्षित व्यवस्था गरेर लिलाम बिक्री तथा मिन्हा गर्नुपूर्व डाटा भण्डारण गरिने उपकरणलाई पूर्णरुपमा रिकभरी नहुने गरी नष्ट गर्नुपर्दछ।

३५. **अनुगमन, मूल्याङ्कन र निगरानी :** सरकारी निकायले सूचना तथा सञ्चार प्रविधिको माध्यमबाट आम नागरिकलाई प्रदान गर्ने सेवा सुविधा सरल, सहज तथा भरपर्दो हुनुपर्दछ । यसरी प्रदान गरिएको सेवा सुविधाबाट सेवाग्राही सन्तुष्ट रहे नरहेको सम्बन्धमा अध्ययन, अनुगमन गरी भविष्यमा गरिनुपर्ने सुधारका क्षेत्रहरुको पहिचान गरी आवश्यक कार्य गर्नुपर्दछ । यसका लागि विभाग तथा कार्यालयहरुमा प्रयोगमा रहेको प्रणालीको नियमित अनुगमन, मूल्याङ्कन तथा निगरानी गर्नुपर्दछ । साथै प्रणाली मार्फत हुने दैनिक कार्य सम्पादनमा कुनै समस्या नपरोस भन्ने उद्देश्यले प्रयोगकर्ता निकायहरुले समेत निरन्तर रुपमा निगरानी गर्ने व्यवस्था हुनुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहायबमोजिमका रहेका छन्:

३५.१ विभागका प्राविधिकहरुबाट कार्यालयसँग विभिन्न माध्यम मार्फत नियमित सम्पर्कमा रही वा स्थलगत निरिक्षण गरी प्रणालीको सञ्चालन तथा ब्यवस्थापनमा देखिएका कमी कमजोरी तथा चुनौतीहरुको (जस्तैः Slow Server Response, Server Down) प्रभावकारी रुपमा अनुगमन, मूल्याङ्कन गरी समस्याको हल गर्ने गरेको पाइएन ।

३५.२ कुनै पनि सफ्टवेयर प्रणालीको विकास गर्दा नै प्रणाली सञ्चालनका सम्पूर्ण क्रियाकलापहरु जस्तैः अपरेटिङ्ग सिष्टम, एप्लिकेशन, प्रयोगकर्ताका क्रियाकलाप लगायतका कम्प्युटरमा हुने प्रत्येक घटनाहरुको स्वचालित रुपमा निगरानी गरी (Tracking) लेखापरीक्षणको लागि महत्वपूर्ण सूचना तथा डाटा उपलब्ध गराउने अडिट ट्रेल समावेश भएको हुनुपर्दछ । प्रणालीमा हुने सबै किसिमका Transactions लाई स्वचालित रुपमा रेकर्ड राख्ने अडिट ट्रेल नहुँदा जूनसुकै बेला अनुसन्धान)Investigation(गर्नु परेको खण्डमा अत्यावश्यक सूचना प्राप्त नहुने देखिन्छ । अडिट ट्रेलले महत्वपूर्ण कारोबारको सम्पादन, ओभरराईड र प्रमाणीकरणका लगहरू क्याप्चर गर्नुपर्दछ । त्यस्तै अनाधिकृत गतिविधिको निगरानी गर्न समेत अडिट ट्रेलको नियमित समीक्षा हुनुपर्दछ। विभागको प्रणालीले अडिट ट्रेल जारि गर्ने गरेको तर सोको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने गरेको पाइएन। साथै उक्त अडिट ट्रेल पनि परामर्शदाताकै नियन्त्रणमा रहेको पाईयो ।

विभागले वार्षिक कार्यक्रम तर्जुमा गरी प्राविधिक जनशक्तिहरुबाट सूचना प्रविधि प्रणालीको छुट्टै अनुगमन हुने व्यवस्था गर्नुपर्दछ र प्रतिवेदनको आधारमा सुधारको लागि उपयुक्त संयन्त्र बनाउनु पर्दछ । साथै व्यवस्थापकीय तहवाट अडिट ट्रेलको नियमित मूल्याङ्कन तथा समीक्षा गर्नुपर्दछ।

निष्कर्ष

नेपाल सरकारले प्रदान गर्ने व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी सेवाहरुलाई सरल, सहज, सुरक्षित तथा व्यवस्थित बनाउने उद्देश्यले सबै स्थानीय तह र अन्तर्गतका (गाउँपालिका, नगरपालिका) वडा कार्यालयहरुमा व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा ब्यवस्थापन सूचना प्रणाली Vital Events Record & Social Protection-Management Information System (VERSP-MIS) सञ्चालनमा रहेको छ ।

२०७२।१२।१६ गतेबाट शुभारम्भ भएको यो प्रणाली हाल ७५३ वटै स्थानीय निकायहरुमा सञ्चालनमा रहेको छ। यस प्रणालीबाट व्यक्तिको घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाई-सराई, सम्बन्ध बिच्छेद), संशोधन, लगत कट्टा, प्रमाणीकरण, सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको विवरण, लगत कट्टा लगायतका सेवाहरु प्रदान गर्ने गरिएको छ । नेपाल सरकारले जारी गरेको व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा नीति, तथा निर्देशिका लगायतका अन्य कानूनी व्यवस्थाको परिधिमा रही प्रणाली सञ्चालित छ ।

प्रणालीको पूर्वाधार ब्यवस्थापन, सूचना प्रविधिजन्य सम्पत्तिको सुरक्षा, प्रणालीको निरन्तरता, नियन्त्रण व्यवस्था, सूचना तथा तथ्याङ्कको गोपनीयता, प्रचलित कानून परिपालनाको परीक्षण एवम् मूल्याङ्कन गरी प्रणालीको समग्र ब्यवस्थापन तथा सञ्चालनमा रहेका जोखिम न्यूनीकरण गर्न अपनाउनुपर्ने उपायहरु दर्शाउने यस लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ । लेखापरीक्षणको क्रममा यस प्रणालीको प्रमुख जिम्मेवार निकायको रुपमा रहेको राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग र केही स्थानीय तहको समेत स्थलगत निरीक्षण गरिएको थियो ।

लेखापरीक्षणको क्रममा देखिएका व्यहोराहरुलाई दफागत रुपमा प्रस्तुत गरी प्रणाली सञ्चालनका जोखिम पहिचान तथा न्यूनीकरणका उपाय, सूचना तथा तथ्याङ्कको सुरक्षित भण्डारण, गोपनीयता, पहुँच नियन्त्रका उपाय, उपकरणहरुको सुरक्षा, ईन्टरनेट कनेक्टिभिटि, नेटवर्किङ, प्राविधिक जनशक्ति ब्यवस्थापन तथा प्रणालीसँग सम्बन्धित अन्य विषयहरुको अध्ययन एवं विश्लेषणका आधारमा प्रत्येक व्यहोरामा सुझाब समेत प्रस्तुत गरिएको छ। उपरोक्त सुझाबहरूको कार्यान्वयनबाट प्रणालीको समग्र पक्षको ब्यवस्थापन तथा सञ्चालन प्रभावकारी हुने देखिन्छ । साथै प्रणाली एवं डाटाको सुरक्षाको प्रत्याभूती हुने र कार्यदक्षता तथा प्रभावकारीता अभिवृद्धि हुने कुरामा महत्वपूर्ण योगदान पुग्ने देखिन्छ ।

अनुसूची — १

कार्यमूलक लेखापरीक्षण गरिएका विषयहरुको विवरण

क्र.स.	कार्यमूलक लेखापरीक्षणको विषय	सम्बन्धित निकाय	सम्बन्धित मन्त्रालय
१.	सार्वजनिक ऋण व्यवस्थापन	सार्वजनिक ऋण व्यवस्थापन कार्यालय र महालेखा नियन्त्रक कार्यालय	अर्थ मन्त्रालय
२.	सार्वजनिक खर्च व्यवस्थापन	विभिन्न निकायहरु	अर्थ मन्त्रालय र अन्य विभिन्न मन्त्रालय
३.	आयोजना छनौट, प्राथमिकिकरण र विनियोजन	अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोग	अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोग
४.	निर्णय तहमा महिला सहभागिता	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र राष्ट्रिय योजना आयोग	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र राष्ट्रिय योजना आयोग
५.	सरकारी सेवालाई अनलाइन मार्फत प्रवाह गर्ने कार्यक्रम	सार्वजनिक सेवा प्रवाह गर्ने सरकारी निकायबाट क्षेत्र निर्धारण	सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
६.	दूरसञ्चार पूर्वाधार व्यवस्थापन	सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, नेपाल दूर सञ्चार प्राधिकरण	सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
वातावरणीय लेखापरीक्षण			
७.	बहुपक्षीय वातावरणीय सम्झौताको कार्यान्वयन	दिगो विकास लक्ष्य १५.१ सँग सम्बन्धित निकायहरु	वन तथा वातावरण मन्त्रालय
सूचना प्रविधि लेखापरीक्षण			
८.	व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली	राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभाग	गृह मन्त्रालय

अनुसूची - २

कार्यमूलक लेखापरीक्षण गरिएका विषय र संलग्न जनशक्तिको विवरण

क्र.स.	कार्यमूलक लेखापरीक्षणको विषय	टोली प्रमुख	टोली सदस्य	सुपरीवेक्षक
१.	सार्वजनिक ऋण व्यवस्थापन	निर्देशक श्री कृष्णप्रसाद ज्ञवाली	लेखापरीक्षण अधिकारी श्री क्षेत्र बहादुर थापा	नायव महालेखापरीक्षक श्री चन्द्रकान्त भण्डारी
२.	सार्वजनिक खर्च व्यवस्थापन	निर्देशक श्री उमेश सुवेदी	लेखापरीक्षण अधिकारी श्री शंकर लामिछाने लेखापरीक्षण अधिकारी श्री राजिव पोखरेल	
३.	आयोजना छनौट, प्राथमिकिकरण र विनियोजन	निर्देशक श्री कमलराज अर्याल	लेखापरीक्षण अधिकारी श्री ठाकुर पण्डित लेखापरीक्षण अधिकारी श्री कमल श्रेष्ठ	
४.	निर्णय तहमा महिला सहभागिता	निर्देशक श्री रामचन्द्र ओझा	लेखापरीक्षण अधिकारी श्री अशोक अर्याल	
५.	सरकारी सेवालाई अनलाइन मार्फत प्रवाह गर्ने कार्यक्रम	निर्देशक श्री रामचन्द्र ओझा	लेखापरीक्षण अधिकारी श्री अशोक अर्याल	
६.	दूरसञ्चार पूर्वाधार व्यवस्थापन	निर्देशक श्री कृष्णप्रसाद ज्ञवाली	लेखापरीक्षण अधिकारी श्री क्षेत्र बहादुर थापा	
वातावरणीय लेखापरीक्षण				
७.	बहुपक्षीय वातावरणीय सम्झौताको कार्यान्वयन	निर्देशक श्री उमेश सुवेदी	लेखापरीक्षण अधिकारी श्री शंकर लामिछाने लेखापरीक्षण अधिकारी श्री राजिव पोखरेल	
सूचना प्रविधि लेखापरीक्षण				
८.	व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली	निर्देशक श्री रमेश सुवेदी (सूचना प्रविधि)	कम्प्युटर अधिकृत श्री दिपक पौडेल कम्प्युटर अधिकृत् श्री सुवास अधिकारी	